# नेपालको इतिहास

त्रि.वि.को तीन वर्षीय स्नातक तह
(बी.ए. संस्कृति, बी.ए. इतिहास तथा बी.एड. इतिहास शिक्षा)
को पाठ्यक्रम अनुसार तयार पारिएको पुस्तक

डा. पेशल दाहाल

MK
एम.के. पब्लिशर्स एण्ड डिष्ट्रीब्यूटर्स

रवि शाक्य, इखाछेँ, यल

त्रि.वि.को तीन वर्षीय स्नातक तह
(बी.ए. संस्कृति, बी.ए. इतिहास तथा बी.एड्. इतिहास शिक्षा)
को पाठ्यक्रम अनुसार तयार पारिएको पुस्तक

# नेपालको इतिहास

लेखक
डा. पेशल दाहाल

प्रकाशक
एम. के. पब्लिशर्स एण्ड डिस्ट्रिब्यूटर्स
भोटाहिटी, काठमाडौं

*प्रकाशक*
**एम.के. पब्लिशर्स एण्ड डिस्ट्रिब्यूटर्स**
भोटाहिटी, काठमाडौं
**फोन : २४९८३६**

**संस्करण २०५७**

सर्वाधिकार- लेखकाधीन

**मूल्य : रू. ११०।-**

मुद्रक : हिसि अफसेट प्रिन्टर्स प्रा. लि, जमल,
काठमाडौं, फोन : २२६४१६

मेरा साना दुषले आर्ज्याको मुलुक होइन,
सबै जातको फूलबारी हो, सबैलाई चेतना भया ।

**(श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको दिव्य उपदेशबाट)**

# प्राक्कथन

साधारणतया इतिहास भन्नाले 'विगत समयमा भएका घटनाहरूको तथ्य सङ्कलन तथा तिनको विवेचना गर्ने विद्या' बुझिन्छ । तर इतिहासलाई सीमित अर्थमा प्रयोग गरेर साधारण रूपमा मात्र यसलाई परिभाषित गर्न सकिँदैन । इतिहासको अर्थ ज्यादै गहन छ र यसको क्षेत्र असीम छ । आदिम युगदेखि लिएर वर्तमान समयसम्मको मानव-सभ्यता र संस्कृतिको अध्ययनमा इतिहासको महत्त्व समान हुन्छ । यसले प्राचीन वस्तुहरू, मानिसहरूको रहनसहन, राजनीतिक, आर्थिक, सामाजिक, धार्मिक तथा सांस्कृतिक परिपाटीको विस्तृत विवरण उपलब्ध गराउनुका साथै विगत समयमा भएका दोषहरूतिर पनि औंल्याउँछ । यसले गर्दा विकासको निम्ति आज कुन मार्ग अपनाउनुपर्ने हो त्यसबारे निर्णय लिन सजिलो हुन्छ । इतिहासले बितेका कुराको आधारमा वर्तमानमा रही भविष्यको लागि आफ्नो विचार व्यक्त गर्दछ । इतिहास कथा वा कल्पना होइन । इतिहासबाट हामीले सिक्ने कुराहरू धेरै छन् । हाम्रो मूल्याङ्कन गर्ने आधार नै इतिहास हो । यसर्थ हरेक व्यक्तिको निम्ति इतिहासको अध्ययन अपरिहार्य आवश्यकता हो । आफ्नो तथा आफ्नो राष्ट्रको बिगतबारे जानकारी नराखीकन अन्य कुनै पनि क्षेत्रमा विज्ञ बन्न सकिँदैन । यिनै तथ्यलाई ध्यानमा राखी प्रस्तुत पुस्तक विस्तृत रूपमा परिमार्जित गरेर तयार गरिएको हो ।

प्रस्तुत पुस्तक तयार गर्ने क्रममा धेरै विद्वान्‌हरूका प्रकाशित ग्रन्थहरू तथा सामग्रीहरूको सहयोग लिइएको छ । उहाँहरू सबैप्रति कृतज्ञता-ज्ञापन गरेको छु । आदरणीय गुरु डा. रामनिवास पाण्डेय, डा. प्रेमकुमार खत्री, डा. धनवज्र बज्राचार्य, श्री ज्ञानमणि नेपाल तथा हितैषी मित्र डा. तीर्थप्रसाद मिश्रको प्रेरणा र विषयगत सरसल्लाह मेरो लागि ठूलो मार्गदर्शन बनेको छ । प्रस्तुत पुस्तकमा उल्लेख भएका कतिपय बिचारहरू उहाँहरूबीच भएको छलफलले मलाई निष्कर्षमा पुग्न सहयोग गरेको छ । त्यस्तै मेरी सहधर्मिणी कमलाले पाण्डुलिपि साफी गर्नेकार्य गरेकी छन् । उनलाई मेरो हार्द धन्यवाद छ । यस संस्करणको छपाइकार्यमा विशेष सहयोग साथ छिटो र छरितो छपाइको लागि काम गर्ने हिसि प्रेस जमल र यो संस्करण प्रकाशित गर्ने एम.के. पब्लिशर्स, काठमाडौंलाई पनि मेरो धन्यवाद छ ।

**- पेशल दाहाल**

# विषय-सूची

| | विषय | पाना |
|---|---|---|
| १. | **नेपालको इतिहासको स्रोतहरू**<br>पुरातात्त्विक स्रोतहरू- १, विदेशीहरूको वर्णन- ५, साहित्यिक स्रोतहरू- ६, अलिखित स्रोतहरू- ८ | १-८ |
| २. | **नेपालको इतिहासमा भौगोलिक प्रभाव** | ९-१२ |
| ३. | **नेपालको प्रागितिहास**<br>परिचय- १३, रामपिथेकस पूर्वको युग- १४, रामापिथेकस- १५, प्राचीन ढुङ्गेयुग- १५, नवीन ढुङ्गेयुग- १९ | १३-२३ |
| ४. | **नेपालको प्राचीन इतिहास**<br>नेपाल नामको प्राचीनता- २४, नेपाल नामकरणको आधार- २४, नेपाल उपत्यकाको उत्पत्ति - २६, गोपालवंशी शासकहरू- २८, महिषपालवंशी शासकहरू- ३०, विदेहराज्य- ३०, कपिलवस्तु राज्य- ३३, किरातकाल- ३७ | २४-४१ |
| ५. | **लिच्छविकाल**<br>लिच्छवि-राज्यव्यवस्थाको स्थापना- ४२, आरम्भिक लिच्छवि शासकहरू- ४३, मानदेव- ४५, वसन्तदेव- ४९, शिवदेव प्रथम- ५०, अंशुवर्मा- ५२, भृकुटी- ५६, आभीर गुप्तहरूको भूमिका- ५७, नरेन्द्रदेव- ६०, शिवदेव द्वितीय- ६२, जयदेव द्वितीय- ६४, | ४२-६५ |
| ६. | **लिच्छविकालीन शासन व्यवस्था** | ६६-६८ |
| ७. | **लिच्छविकालीन सामाजिक व्यवस्था**<br>लिच्छविकालको सामाजिक बनोट- ६९, समाजमा स्त्रीहरूको स्थान- ७३, शिक्षा व्यवस्था- ७५, ई.पू.को युगमा नेपालमा शिक्षा- ७७, लिच्छविकालीन नेपालको शैक्षिक अवस्था- ७८, चाडपर्वहरू- ८१, मनोरञ्जनका साधनहरू- ८३, वेशभूषा र खानपान- ८४, दानधर्मादि कार्य- ८५ | ६९-८७ |

८. **लिच्छविकालीन आर्थिक अवस्था** ८८-९२
कृषि- ८८, पशुपालन- ८९, उद्योगधन्दा- ८९, व्यापार व्यवसाय- ९०, करप्रणाली- ९१

९. **लिच्छविकालीन कला र वास्तुकला** ९३-१०३
लिच्छविकालीन कला- ९३, लिच्छविकालीन वास्तुकला- ९६

१०. **लिच्छविकालीन नेपालको विदेश सम्बन्ध** १०४-१०८
नेपाल तिब्बत चीन सम्बन्ध- १०४, भारतसितको सम्बन्ध- १०६

११. **पूर्व-मध्यकाल** १०९-११४
नेपाल संवत्- १०९, गुणकामदेव- ११२, शिवदेव (सिंहदेव)- ११२, आनन्ददेव- ११४

१२. **सिम्रौनगढको कर्णाटक राज्य** ११५-१२१
नान्यदेव- ११५, हरिसिंहदेव- ११७, कर्णाटकहरूको देन- १२०

१३. **कर्णाली-प्रदेशको खसमल्ल राज्य** १२२-१२७
संक्षिप्त राजनीतिक इतिहास- १२२, खसमल्ल राज्यका उपलब्धिहरू- १२४, खसराज्यको पतन- १२६

१४. **उपत्यकामा मल्लवंशको स्थापना** १२८-१४६
मल्लहरूको उत्पत्ति- १२८, अरि मल्ल- १३०, अभय मल्ल- १३१, जयस्थिति मल्लको उदयपूर्वको नेपालको अवस्था- १३३, जयस्थिति मल्ल- १३५, यक्ष मल्ल- १४०, मल्ल राज्यको विभाजन- १४४

१५. **कान्तिपुरको इतिहास** १४७-१७८
रत्नमल्ल- १४७, महेन्द्र मल्ल- १५०, शिवसिंह मल्ल- १५२, लक्ष्मीनरसिंह मल्ल- १५४, प्रताप मल्ल- १५५, नृपेन्द्र मल्ल तथा पार्थिवेन्द्र मल्ल- १६२, भूपालेन्द्र मल्ल- १६५, भास्कर मल्ल- १६९, जगज्जय मल्ल- १७१, जयप्रकाश मल्ल- १७२

१६. **ललितपुरको इतिहास** १७९-१९५
सिद्धिनरसिंह मल्ल- १८०, श्रीनिवास मल्ल- १८३, योगनरेन्द्र मल्ल- १८७, योगनरेन्द्र मल्लपछिको ललितपुरको अवस्था- १९०, योगमतीको भूमिका- १९०, ६ प्रधानहरूको भूमिका- १९२

१७. **भक्तपुरको इतिहास** १९६–२१४

राय मल्ल- १९६, जगज्ज्योति मल्ल- १९८, नरेश मल्ल- १९९, जगत्प्रकाश मल्ल- २००, जितामित्र मल्ल- २०३, भूपतीन्द्र मल्ल- २०६, रणजित् मल्ल- २०९

१८. **मल्लहरूको पतन** २१५–२१९

उपत्यकाको विभाजन र मल्लहरूको आपसी बेमेल- २१५, मल्ल-दरबारभित्रको आन्तरिक कलह- २१६, रणजित् मल्लको अदूरदर्शिता- २१६, ललितपुरका प्रधानहरूको मनोमानी- २१७, जयप्रकाश मल्लको रिस तथा शङ्कालु स्वभाव- २१७, आर्थिक नाकाबन्दी- २१८, पृथ्वीनारायण शाहको क्षमता र कूटनीति- २१९

१९. **मल्लहरूको शासन-प्रणाली** २२०–२२४

राजा- २२०, मन्त्रीपरिषत्- २२०, जिल्ला शासन- २२१, पञ्चायत-व्यवस्था- २२१, टोल-टोलको व्यवस्था- २२२, न्यायव्यवस्था- २२२, विदेश सम्बन्ध- २२३

२०. **मध्यकालीन सामाजिक अवस्था** २२५–२४१

सामाजिक बनोट- २२५, समाजमा नारीहरूको स्थान- २२७, सतीप्रथा- २२८, खानपान र पहिरन- २२९, आस्था र विश्वास- २३०, चाडपर्वहरू- २३०, मनोरञ्जनका साधन- २३३, शिक्षा व्यवस्था- २३४, शैक्षिक केन्द्रहरूको रूपमा काठमाडौं उपत्यका- २३६, १९१० को मुलुकी ऐन र तत्कालीन सामाजिक परिस्थिति- २४०

२१. **मध्यकालीन आर्थिक व्यवस्था** २४२–२५८

कृषि- २४२, पशुपालन व्यवसाय- २४३, उद्योगधन्दा- २४४, व्यापार व्यवसाय- २४५, ज्याला मजदूरी- २४६, मध्यकालीन करप्रणाली- २४८, बाँधा र झारा श्रम व्यवस्था- २५३, नेपालमा दासप्रथा- २५६

२२. **मध्यकालीन नेपाली कला र वास्तुकला** २५९–२७६

मध्यकालीन कला- २५९, मूर्तिकला- २५९, धातुकला- २६०, काष्ठकला- २६१, चित्रकला- २६३, मध्यकालीन वास्तुकला- २६५, मन्दिर बास्तुकला- २६५, स्तूप वास्तुकला- २६७, विहार वास्तुकला- २६९, दरबार वास्तुकला- २७०

२३. **बाइसी चौबीसी राज्यहरू** २७७-२८८

उत्थान र पतन- २७७, बाइसी चौबीसी क्षेत्रको सामाजिक अवस्था- २८२, आर्थिक अवस्था- २८५

२४. **शाह-राजवंश** २८९-२९४

शाह-राजवंशको परिचय- २८९, गोरखा राज्यको स्थापना र द्रब्य शाह- २८९, राम शाह- २९१

२५. **आधुनिक काल** २९५-३१६

नेपालको एकीकरण- २९५, श्री ५ पृथ्वीनारायण शाह र एकीकरणको अभियान- २९५, राजेन्द्रलक्ष्मी र एकीकरणको अभियान- ३०६, बहादुर शाह र एकीकरणको अभियान- ३०८, रणबहादुर शाह तथा भीमसेन थापा र एकीकरणको अभियान- ३११, नेपाल-अङ्ग्रेज युद्ध- ३१३, सुगौलीसन्धिका धाराहरू- ३१५

२६. **राणा शासनको उदय र पतन** ३१७-३२७

राणाहरूका उदयका कारणहरू- ३१७, राणा शासनका पतनका कारणहरू- ३२३

२७. **नेपालको इतिहासमा श्री ५ त्रिभुवनको देन** ३२८-३३०

२८. **सहायक ग्रन्थसूची** ३३१

# नेपालको इतिहासका स्रोतहरू

विगत समयमा भएका घटनाहरूको तथ्य-सङ्कलन तथा तिनीहरूको विवेचना नै इतिहास हो । निश्चित प्रमाण वा आधारविना इतिहास तयार पार्न सकिँदैन । यस्ता आधार वा स्रोतहरू विभिन्न प्रकारका हुन्छन् । प्राप्त यिनै स्रोतहरूको राम्रोसँग अध्ययन मनन गरेर मात्र इतिहासकारले विगत समयको सही चित्र प्रस्तुत गर्ने गर्दछ । त्यसैले त्यस्ता स्रोतहरूबारे जानकारी लिनु आवश्यक हुन्छ । नेपालको इतिहासको अध्ययन गर्न सकिने विभिन्न स्रोतहरू छन् र ती सबैलाई निम्नलिखित रूपमा विभाजित गरी अध्ययन गर्न सकिन्छ –

## पुरातात्त्विक स्रोतहरू (Archaeological Sources)

नेपालको इतिहासको अध्ययनको निम्ति पुरातात्त्विक स्रोतको विशेष महत्त्व छ । साहित्यिकग्रन्थहरू र अरू खालका स्रोतहरू कहिलेकाहीं गलत तथा अल्मल्याउने खालका हुन्छन् । यस्ता स्रोतहरूमा पछि थपघट गरेर तथ्यलाई बङ्ग्याइएको पनि हुन सक्छ, तर पुरातात्त्विक स्रोतमा यस्तो हेरफेर हुने सम्भावना कमै हुन्छ । पुरातात्त्विक स्रोतअन्तर्गत अभिलेखहरू, मुद्राहरू, प्राचीन स्मारक-भवनहरू, मूर्तिहरू र चित्रकला आदि पर्दछन् ।

(क) **अभिलेख** (Inscription) – कुनै पनि देशको इतिहास र संस्कृतिको अध्ययनका निम्ति अभिलेख महत्त्वपूर्ण स्रोत मानिन्छ । यस्ता अभिलेखहरू प्रस्तर, तामा, सुन, काठ, चाँदी आदिका पाताहरूमा कुँदिएका हुन्छन् । यिनीहरूलाई शिलापत्र, ताम्रपत्र, सुवर्णपत्र, काष्ठपत्र रजतपत्र भन्दछन् । यस्ता अभिलेखहरूको अध्ययनबाट नेपालको विगत समयको राजनीतिक, धार्मिक, आर्थिक, सामाजिक आदि सबै विषयमा जानकारी पाउन सकिन्छ ।

नेपालमा इसापूर्व तेस्रो शताब्दीदेखिकै शिलालेखहरू प्राप्त भएका छन् । भारतीय मौर्य सम्राट् अशोकले इ.पू. २४५ मा निग्लिहवामा तथा लुम्बिनीमा राखेको अशोकस्तम्भ-लेख नै नेपालमा प्राप्त प्राचीन शिलालेखहरू हुन् । यी दुवै लेखहरू ब्राह्मी लिपिमा छन् र यी दुवै अभिलेखहरूले कनकमुनि बुद्ध र गौतम बुद्धको जन्म नेपालमा नै भएको किटान गरेका छन् । लुम्बिनीमा प्राप्त एउटै शिलालेखले गौतम बुद्धको जन्मस्थलबारे उठेको विवादलाई टुङ्ग्याएको छ ।

हालै काठमाडौं मालीगाउँमा राजाको एक सालिकमा अङ्कित अभिलेख प्राप्त भएको छ । त्यसमा "संवत् २०७ श्री परमदेवाङ्ग महाराजस्य जयवर्म्मण:" भन्ने उल्लेख भएको छ । यसबाट नेपाली शासकहरूबाट राखिएको पहिलो अभिलेख यही ठहर्दछ । तर सो लेखमा भएको संवत्बारे भने स्पष्ट भन्न सकिएको छैन । जे भए पनि यो अभिलेख मानदेवभन्दा अगाडिको भने पक्कै हो ।

पाँचौं शताब्दीदेखि प्रशस्त मात्रामा अभिलेखहरू प्राप्त भएका छन् । शकसंवत् ३८१ को पशुपति-अभिलेख अर्को प्राचीन अभिलेख हो, तर त्यसमा राजाको नाम मेटिएको छ । त्यसपछिको संवत् ३८६ (वि.सं. ५२१) को चाँगुनारायणको अभिलेख भने प्राचीन कालको ज्यादै महत्त्वपूर्ण अभिलेख हो । यस अभिलेखबाट राजा मानदेव र उनका बाबुबाजेको तीन पुस्तासम्मको इतिहास जान्न सकिन्छ । राजा मानदेवको विषयमा त विस्तृत रूपले यसै अभिलेखबाट जान्न सकिन्छ । मानदेवका बाबु धर्मदेवको आकस्मिक मृत्यु भएको, राजा मानदेवले पूर्व र पश्चिमका विद्रोही सामन्तहरूलाई दबाएको तथा राजा मानदेव र उनकी आमा राज्यवतीद्वारा गरिएका धार्मिक कार्यहरू आदिबारे विस्तृत रूपले यसै अभिलेखबाट जान्न सकिन्छ । यो चाँगु अभिलेख र त्यसबेलाका अरू अभिलेखबाट त्यसबेला सतीप्रथा समाजमा भए पनि अनिवार्य थिएन भन्ने बुझिन्छ । मानदेवको मुद्रामा अङ्कित भएको 'श्री भोगिनी' मानदेवकी इष्टदेवी हुन् कि भन्ने अनुमान गरिएको थियो । तर वि.सं. ५६२ को मानदेवकी छोरी विजयवतीको पशुपति सूर्यघाटको अभिलेखबाट भोगिनी मानदेवकी रानी भएको बुझिन्छ । यही सूर्यघाटको अभिलेखमा विजयवतीलाई 'किसिम-किसिमका कलामा सिपालु भएकी' भनिएको हुँदा त्यसबेला उच्च परिवारका नारीहरूलाई शिक्षा दिने व्यवस्था समेत भएको बुझिन्छ । मानदेवपछि वसन्तदेव, शिवदेव, अंशुवर्मा, उदयदेव, नरेन्द्रदेव, जयदेव द्वितीय आदि विभिन्न लिच्छवि राजाहरूका थुप्रै अभिलेखहरू पाइएका छन्, ती सबैबाट प्राचीन कालका विविध पक्षमा जानकारी पाउन सकिन्छ । शिवदेव प्रथमका अभिलेखहरूबाट उनको शासन-व्यवस्थामा अंशुवर्माको महत्त्वपूर्ण भूमिका भएको थाहा हुन्छ । शिवदेव जुनसुकै कार्य पनि अंशुवर्माको सल्लाहविना गर्दैनथे । शिवदेवले पछि शासनभार नै अंशुवर्मालाई जिम्मा लगाएका थिए । अंशुवर्माले १६ वर्षसम्म एक्लै शासन गरेको कुरा उनकै अभिलेखहरूबाट बुझिन्छ । अंशुवर्मापछि पनि लिच्छविकालका निकै अभिलेख पाइएका छन् । जिष्णु गुप्त लिच्छवि शासक नभए तापनि उनको समेत अभिलेख पाइएको हुँदा उनको त्यसबेला ठूलो महत्त्व भएको बुझिन्छ । जिष्णु गुप्त लिच्छवि शासकलाई दबाएर आफू शक्तिशाली बनेका थिए । पछि नरेन्द्रदेवले गुप्तहरूलाई हराई फेरि राज्य हातमा लगाएका थिए ।

यस युगको अर्को महत्त्वपूर्ण अभिलेख जयदेव द्वितीयको संवत् १५७ (वि.सं. ७९०) को पशुपतिको अभिलेख हो । यसमा लिच्छवि राजाहरूको वंशावली दिइएको छ । जयदेव द्वितीयले आफ्नो अभिलेखमा लिच्छविवंशको गौरव बढाउने राजाहरूका नामको मात्र उल्लेख गरेका छन् । गुप्तहरूको अधीनमा परेर शासन गर्ने राजाहरूका नामको उल्लेख गरेका छैनन् ।

लिच्छविकालका अभिलेखहरू काठमाडौं वरपर बाहेक पलान्चोक, नाला, साँगा, खोपासी, टोखा, लेले, टिस्टुङ आदि ठाउँहरूमा पनि पाइएका छन् । यसबाट हिजोआज यी ठाउँहरू त्यति विकसित नभए पनि प्राचीन कालमा महत्त्वपूर्ण बस्ती भएका क्षेत्र थिए भन्ने बुझ्न सकिन्छ । यसको अतिरिक्त त्यस बेलाको राजभाषा संस्कृत भएको तथा संवत्हरू शुरूमा शकसंवत् र अंशुवर्माको समयदेखि मानदेव-संवत् चलनमा भएको कुरा पनि अभिलेखहरूबाटै बुझ्न सकिन्छ । शकसंवत्मा १३५ जोडेर विक्रम-संवत् बन्छ भने मानदेव-संवत्मा ६३३ जोडेर विक्रम संवत् बनाउन सकिन्छ ।

# नेपालको इतिहासका स्रोतहरू

नेपाल-संवत् शुरू भएको समय (इ. ८८०) देखि पृथ्वीनारायण शाहले उपत्यकामा विजय नगरुन्जेलसम्मको झन्डै ९०० वर्षको समय नेपालको इतिहासमा मध्यकालको रूपमा अङ्कितछ । यो मध्यकालको समय पूर्व मध्यकाल र उत्तर मध्यकाल गरी दुई भागमा विभक्त छ । आरम्भदेखि जयस्थिति मल्लको उदयपूर्वको समय पूर्व मध्यकाल (Early Medieval Period) र जयस्थिति मल्लको समयदेखि पृथ्वीनारायण शाहको उपत्यका विजयसम्मको इतिहास उत्तर मध्यकाल (Later Medieval period) मानिन्छ ।

पूर्व मध्यकालका अभिलेखहरू त्यति बढी सङ्ख्यामा पाउन सकिएका छैनन् । त्यसैले कतिपय विद्वान्हरूले यस समयमा नेपालमा विदेशीहरूको प्रभुत्व कायम भएको अडकलबाजी पनि गरेका छन् । तर नेपालमा कहिल्यै विदेशीहरूको प्रभुत्व कायम भएको छैन । वास्तवमा त्यतिबेलाका अभिलेखहरू नपाइनुका विभिन्न कारणहरू होलान् । एउटा मुख्य कारण के देखिन्छ भने 'चिर कालसम्म आफूले राखेका प्रमाणहरू रहिरहून्' भन्ने अभिप्रायले शिलापत्रको सट्टा धातुका पाताहरूमा अभिलेख राख्ने प्रचलनको आरम्भ मध्यकालको शुरूतिर भयो । तर यसको परिणाम भने राम्रो निस्केन । ढुङ्गाको महत्त्व त्यति नहुने हुँदा प्राचीनकालमा शिलापत्रहरू यत्रतत्र रहि नै रहे, तर धातुको आर्थिक महत्त्व बढ्दै गएकोले तिनलाई गाल्ने प्रवृत्ति ज्यादा बढ्न गयो । फलस्वरूप पूर्व मध्यकालका सुवर्णपत्र र रजतपत्र त गायबै भए, ताम्रापत्र भने थुप्रै फाटफुट देखिएका छन् । कतिपय यस्ता स्रोत त विदेशीहरूको हातमा बिक्री पनि भए होलान् । फेरि यस्ता स्रोतहरू कतिपय मन्दिर-विहारभित्र भण्डारमा रहेका होलान्, जुन प्रकाशित हुन बाँकी नै छन् । तर पछिल्लो मध्यकालका भने थुप्रै ताम्रपत्र, शिलापत्रहरू प्राप्त छन् । प्रत्येक मन्दिर, दरबार, पुराना पाटीपौवाहरू, धारा आदिमा अभिलेखहरू राखिएका छन्। यस युगको कर्नाली-प्रदेशको दुल्लुस्तम्भ-अभिलेख (वि.सं. १४१४) निकै महत्त्वपूर्ण मानिन्छन् । यसमा कर्नाली-प्रदेशमा शासन गर्ने खस मल्ल राजाहरूको वंशावली अङ्कित छ ।,त्यस्तै, नेपालमा मुसलमानी आक्रमण भएको कुरा वि.सं. १४१६ को पाटन पिंबहालको अभिलेख तथा वि.सं. १४२९ को स्वयम्भूको अभिलेखबाट जानिन्छ । मल्लकालमा काठमाडौं उपत्यकामा नेपाल-संवत् चल्तीमा भएको तथा नेपालभाषा (नेवारी भाषा) राजभाषाको रूपमा रहेको कुरा अभिलेखबाटै बुझ्न सकिन्छ । यसरी इतिहास र संस्कृतिको अध्ययनमा अभिलेख महत्त्वपूर्ण स्रोतको रूपमा लिइन्छ ।

यसरी नेपालको प्राचीन तथा मध्यकालको इतिहास र संस्कृतिको अध्ययनमा अभिलेखको भूमिका महत्त्वपूर्ण रहेको छ । अभिलेखहरूले नै प्राचीन नेपालका धर्म तथा धार्मिक सम्प्रदायहरू, पर्व र जात्राहरूबारे वर्णन गरेका छन् । शिक्षाको प्रचार-प्रसार, गुठीको व्यवस्था जस्ता लौकिक संस्कृतिमा पनि अभिलेखहरूले पर्याप्त प्रकाश पारेका छन् । लिच्छविकालको त्यति लामो इतिहास, त्यसबेलाका नेपालीहरूको सामाजिक, आर्थिक र धार्मिक अवस्थाको जानकारी दिने एक मात्र स्रोतमा तात्कालिक अभिलेख नै पर्दछन् । यसरी त्यति धेरै मात्रामा अभिलेख नपाइएको भए हामी त्यस बेलाको अवस्थाबारे बुझ्न असमर्थ हुने थियौं । अभिलेख नपाइएकै कारणबाट लिच्छविकालभन्दा अगाडिको इतिहासलाई हामीले अन्धकारमय युग नाम दिएका हौं । यसर्थ अभिलेख इतिहास र संस्कृतिको अध्ययनको महत्त्वपूर्ण स्रोत मानिएको हो ।

अभिलेखहरूको अध्ययन जति महत्त्वपूर्ण मानिन्छ त्यत्ति नै कठिन यसको खोजी र व्याख्या गर्नमा मानिन्छ । वास्तवमा छरिएर रहेका प्राचीन अभिलेखहरू पत्ता लगाउनै त गाह्रो हुन्छ, त्यसमाथि असुरक्षित अवस्थामा रहेका हुनाले पाइएकै अभिलेख पनि प्रायः खिइएका र खण्डित हुन्छन् । यसो हुनाले पाइएका अभिलेखको पाठ पढ्ने काम त्यत्तिकै परिश्रमसाध्य हुन्छ । पाठ पढेपछि तिनको अनुवाद प्रचलित भाषामा गर्ने र ती अभिलेखबाट तात्कालिक इतिहासमा प्रकाश पार्ने काम पनि सजिलो हुँदैन । यसको लागि निकै अध्ययन, चिन्तन र मननको आवश्यकता पर्छ । यसर्थ यस्ता अभिलेखहरूको महत्त्व बुझेर त्यसको संरक्षण गर्ने काममा सबैले चासो देखाउनु जरूरी हुन्छ ।

**(ख) मुद्रा** (Coins) – इतिहास र संस्कृतिको अध्ययनको निम्ति अर्को महत्त्वपूर्ण स्रोत मुद्रा मानिन्छ । नेपालमा पाँचौ शताब्दीदेखिकै विभिन्न मुद्राहरू पाइएका छन् । जस्तै - मानाङ्क, गुणाङ्क, अंशुवर्माका मुद्राहरू, जिष्णु गुप्तका मुद्राहरू, वैश्रवण मुद्रा, वृषमुद्रा, पशुपति-मुद्रा आदि । यीमध्ये राजा मानदेवले चलाएको मानाङ्क मुद्रा सबैभन्दा पुरानो मानिन्छ । मानाङ्क मुद्रामा 'श्री भोगिनी' लेखेर राजाले रानीलाई समेत विशेष महत्त्व दिएको बुझिन्छ । गुणाङ्क मुद्रा नामको आधारमा गुणदेवको हो भन्न सकिए पनि यसबारे स्पष्ट केही भन्न सकिंदैन । अंशुवर्माका मुद्राहरूमा कुनैमा उनको नाम अंशुवर्मा, कुनैमा श्र्यंशु तथा कुनैमा महाराजाधिराज समेत लेखेर अंशुवर्माले आफ्नो महत्त्व स्पष्ट पारेका छन् । अंशुवर्मा शासनमा विस्तारै-विस्तारै शक्तिशाली हुँदै आएका थिए । त्यसैको सङ्केत उनका मुद्राहरूले दिएका छन् । लिच्छवीकालमा यसरी महाराजाधिराज समेत लेख्ने उनी एक मात्र राजा देखिन्छन् । यसै युगमा जिष्णु गुप्तको समेत मुद्रा पाइएको हुँदा लिच्छवि-शासन-व्यवस्थामा उनको भूमिका महत्त्वपूर्ण भएको बुझिन्छ । उनी राजसल्लाहकार वा सामन्त मात्र थिए तापनि राजाको नामै उल्लेखनगरी आफ्नो नाममा उनले मुद्रा निकालेको हुँदा त्यसबेलाका लिच्छवि शासक जिष्णु गुप्तको अधीनमा भएको स्पष्ट हुन्छ । लिच्छवि कालका अरू मुद्राहरू (वैश्रवण, वृष, पशुपति आदि) कस-कसले निकालेका हुन् स्पष्ट छैन, तर 'पशुपति' भनेर उल्लेख गरिएको हुँदा त्यसबेला पशुपतिनाथप्रति भक्ति प्रकट गर्ने राजकीय परिपाटी राम्रोसँग बुझ्न सकिन्छ । मुद्राहरूमा प्रयुक्त विभिन्न चिन्हहरूबाट त्यस बेलाको कला, धर्म संस्कृति आदिबारे पनि राम्रोसँग ज्ञान पाउन सकिन्छ ।

पूर्व मध्यकालका पनि केही मुद्राहरू हाल उपलब्ध छन् । वि.सं. ११३५ तिर शासन गर्ने शिवदेवले शिवका मुद्रा निकालेको कुरा गोपालराज-वंशावलीमा लेखिएको छ । त्यसबेला चलेका मुद्राहरूमा विशेष गरेर शिवका, द्रम्म, द्रम्मशिवका आदि उल्लेखनीय छन् ।

पछिल्लो मल्लकालमा आएर दोलखाका इन्द्रसिंहदेवले पहिलोपल्ट चाँदीका मुद्रा निकाले । यसको २० वर्षपछि कान्तिपुरका महेन्द्र मल्लले चाँदीका मुद्रा निकाले जुन महेन्द्रमल्ली भनेर प्रख्यात भयो । यसको अतिरिक्त विभिन्न किसिमका मुद्राहरू मल्लकालमा निकालिएको पाइन्छ । इ.एच. वाल्स भन्ने विद्वान्ले मल्लकालका मुद्राहरूको अध्ययन गरेर यी मुद्रा बङ्गालको मध्यकालका मुद्रा जस्तै भएको चर्चा गरेका छन् । यसबाट तात्कालिक नेपालको बङ्गालसँग विशेष सम्बन्ध भएको बुझ्न सकिन्छ । प्रताप मल्लले आफ्ना मुद्रामा जहाँगीर, 'शानइलाही' जस्ता अरबी शब्दको उल्लेख गरेर आफूलाई

भारतका मुगल राजाहरू समान भएको मानेका छन् । पाटनका राजाहरूले आफ्ना मुद्राहरूमा लोकनाथ, करूणामय आदि लेखेर मच्छिन्द्रनाथप्रति आफ्नो भक्ति देखाएका छन् भने कान्तिपुरका शासकहरूले तलेजु र कुमारीप्रति आफ्नो भक्ति प्रकट गर्न तलेजुमाजु, कुमारीमाजु आदि उल्लेख गरेका छन् । रानीको नाममा छुट्टै मुद्रा निकाल्ने तथा मुद्राहरूमा आफ्नो नामको साथमा मन्त्रीको समेत नाम राख्ने अनौठो प्रचलन मल्लकालमा देखिन्छ । भक्तपुरका राजा जगत्प्रकाश मल्लले मन्त्री चन्द्रशेखरको नाम र आफ्नो नाम मिसाएर 'जगच्चन्द्र' मुद्रामा अङ्कित गराएका छन् भने कान्तिपुरका राजा भूपालेन्द्र मल्ले मन्त्री लक्ष्मीनारायणको नाम अङ्कित गरेका छन् । यसरी मुद्राहरूबाट विभिन्न रूपले नेपालको प्राचीन तथा मल्लकालको इतिहास र संस्कृतिबारे बुझ्न सकिन्छ ।

**(ग) कलानमूनाहरू** (Art Objects) – पुरात्त्विक स्रोतअन्तर्गत पुराना भग्नावशेषहरू मूर्तिकला चित्रकला तथा विभिन्न पुरातात्त्विक उत्खननबाट प्राप्त विभिन्न कलानमूनाहरूबाट पनि प्राचीन सभ्यताबारे जान्न सकिन्छ । यस्ता सामग्रीहरूबाट राजनीतिक इतिहासभन्दा धार्मिक, सामाजिक तथा सांस्कृतिक गतिविधिबारे बढी बुझ्न सकिन्छ । नेपालका विभिन्न स्थलहरू कपिलवस्तु र वरपरका क्षेत्र, लुम्बिनी, विराटनगरको भेडियारी तथा काठमाडौं उपत्यकाका विभिन्न क्षेत्रहरूमा भएका पुरातात्त्विक उत्खननबाट विभिन्न कलानमूनाहरू प्राप्त भएका छन् । त्यस्तै प्राचीन कालदेखिका विभिन्न मूर्तिहरू तथा मन्दिरहरू पनि यत्रतत्र देख्न सकिन्छन् । दशौं शताब्दीदेखिका विभिन्न चित्रकलाका नमूनाहरू पनि उपलब्ध भएका छन् । यी सबैको अध्ययनबाट नेपालको अत्यन्तै प्राचीन युगदेखिकै सांस्कृतिक गतिविधिबारे जानकारी पाउन सकिन्छ । पुरातात्त्विक सर्वेक्षणको सन्दर्भमा विभिन्न प्राचीन मानवले प्रयोग गरेका प्राचीन प्रस्तर-हतियारहरू तथा मानव-अवशेषहरू समेत प्राप्त भएका छन् । यी सबैको अध्ययनबाट नेपाल प्रागैतिहासिक युगदेखि नै मानवक्रीडा-स्थल भएको तथ्य स्पष्ट भएको छ । यसर्थ ऐतिहासिक अध्ययनको निम्ति कलानमूनाहरूको पनि ठूलो महत्त्व छ ।

## विदेशीहरूको वर्णन (External Accounts)

नेपालमा बेलाबेलामा आएका विदेशी यात्रीहरू तथा अन्य बाह्य स्रोतहरूले समेत नेपालबारे विभिन्न रूपले वर्णन गरेका छन् । यस्ता स्रोतहरूबाट पनि नेपालको इतिहास तथा संस्कृतिबारे अधययन गर्न सकिन्छ । यस्ता बाह्य स्रोतहरूलाई (क) भारतीय स्रोत, (ख) चिनियाँ स्रोत तथा (ग) यूरोपियन स्रोत भनेर विभाजन गर्न सकिन्छ ।

**(क) भारतीय स्रोत** – यसअन्तर्गत जैन ग्रन्थ आवश्यक सूत्र, कौटिल्यको अर्थशास्त्र, समुद्र गुप्तको इलाहावादको अभिलेख (प्रयाग-प्रशस्ति), काश्मीरी कवि कल्हणको राजतरङ्गिणी आदि विशेष उल्लेखनीय छन् । जैन ग्रन्थ आवश्यक सूत्रले लिच्छविहरू अजातशत्रुको आक्रमणपछि वैशालीबाट भागेर नेपाल पसेको चर्चा गरेको छ भने कौटिल्यको अर्थशास्त्रले नेपालको व्यापार-विस्तारबारे उल्लेख गरेको छ । नेपालका कम्बलहरू त्यसबेला पटनामा निकै महत्त्वपूर्ण मानिन्थे भन्ने कुरा कौटिल्यको अर्थशास्त्रबाटै जान्न सकिन्छ । भारतका गुप्त सम्राट् समुद्र गुप्तले आफ्नो इलाहावादको अभिलेखमा नेपाललाई छिमेकी राज्य भनेर नेपाल त्यसैबेला-देखि (तेस्रो-चौथो शताब्दीतिर)

स्वतन्त्र राज्य भएको मानेको छ । त्यस्तै, काश्मीरी कवि कल्हणले आफ्नो राजतरङ्गिणी नामक ग्रन्थमा आठौं शताब्दीतिरका काश्मीरी शासक जयापीड विनयादित्य र पश्चिमी नेपालतिर शासन गर्ने अरमुडी नामक राजाबीच युद्ध भएको र सो युद्धमा नेपालकै विजय भएको कुराको उल्लेख गरेका छन् । यो युद्धसम्बन्धी चर्चा अन्य स्रोतहरूबाट जान्न सकिएको छैन ।

**(ख) चिनियाँ स्रोत** – नेपालको ऐतिहासिक अध्ययनमा चिनियाँहरूको वर्णन झन् महत्त्वपूर्ण देखिन्छ । ह्वेन्साङ्ग (युवान् चाङ), वाङ युन्चे आदिले प्राचीन नेपालको वर्णन गरेका छन् । चीनको ताङ वृत्तान्त (ताङ वंशको इतिहास) बाट नेपालमा उदयदेव राजा भएपछि जिष्णु गुप्त र ध्रुवदेव आदिले उनलाई पदच्युत गरेको, नरेन्द्रदेव भागेर तिब्बत गएको तथा पछि तिब्बतको सहायता लिएर फेरि उनले राज्य फिर्ता लिएको आदिबारे बुझ्न सकिन्छ । यसै स्रोतअनुसार चिनियाँ राजदूत वाङ युन्चे भारत जाँदा उनीमाथि आक्रमण भएको तथा उनले भागेर आई नेपाल तथा तिब्बतको सहयोग लिएर भारतको शासक अरूणाश्वलाई पक्रेर तिब्बत लगेको आदि विवरण जान्न सकिन्छ । वाङ युन्चेकै वर्णनको आधारमा कैलाशकूट भवनको भव्यताबारे जान्न सकिएको हो । साथै शिवदेव द्वितीयको पालामा नेपाल-तिब्बतबीच युद्ध भएको र सो युद्धमा तिब्बती शासक मारिएको घटना पनि तिब्बती स्रोतहरूले वर्णन गरेका छन् ।

**(ग) यूरोपियन स्रोत** – यसभित्र धर्म-प्रचारक पादरीहरू तथा अन्य विद्वान्हरू-को वर्णन पर्दछन् । मध्यकालमा क्रिश्चियन धर्मको प्रचार गर्ने विभिन्न पादरीहरू नेपालको बाटो गरी तिब्बत-भारत आउने-जाने गर्दथे । फादर डेसिडेरी, फादर लोरो, फादर मार्क तथा फादर ग्रोवरको नाम यस सन्दर्भमा विशेष उल्लेखनीय छ । यिनीहरूले विभिन्न रूपले तात्कालिक नेपालको स्थितिबारे वर्णन गरेका छन् । यी सबैबाट मध्यकालीन नेपालको बारेमा निकै कुरा थाहा पाउन सकिन्छ । विदेशीहरूको नेपाल आउने प्रक्रिया आधुनिक कालमा पनि कायमै भयो । सेसिल वेन्डाल, पर्सिभल ल्यान्डन, लुसियानो पेढेक, सिल्भाँ लेभी, कर्कप्याट्रिक, ह्यामिल्टन आदिका नेपालसम्बन्धी वर्णनबाट आधुनिक कालका विविध पक्षबारे जानकारी पाउन सकिन्छ ।

## साहित्यिक स्रोतहरू (Literary Sources)

नेपालको इतिहासको अध्ययनको लागि साहित्यिक स्रोतको पनि ठूलो महत्त्व छ । साहित्यिक स्रोतमा वंशावली, पुराण तथा अन्य विभिन्न हस्तलिखित ग्रन्थहरूलाई लिइन्छ ।

**(क) वंशावली** (Chronicles) – सामान्य अर्थमा वंशावली भन्नाले कसैको वंशको बारेमा गरिएको वर्णन बुझिन्छ । कुनै राजवंशीको वंशावली भए त्यसबाट विभिन्न समयमा शासन गर्ने राजाहरूको कार्य-विवरणबारे जानकारी पाउन सकिन्छ । त्यसैले वंशावलीको महत्त्व पनि कम हुँदैन । नेपालमा प्राप्त यस्ता वंशावलीहरूलाई मुख्य रूपले दुई भागमा विभाजन गरिएको छ – **(क) प्राचीन वंशावली** र **(२) आधुनिक वंशावली** । प्राचीन वंशावलीको रूपमा गोपालराज-वंशावलीलाई लिइन्छ । यो जयस्थिति मल्लको पालामा तयार पारिएको हो र यसलाई सर्वप्रथम सेसिल वेन्डालले खोजेर प्रकाशित गरेका

हुन् । यो वंशावली निकै महत्त्वपूर्ण मानिन्छ । यस वंशावलीले प्राचीन कालमा नेपालमा शासन गर्ने गोपाल, महिषपाल, किरात आदि राजवंशहरूको वर्णन गरेको छ । अन्य स्रोतहरूबाट यी राजवंशबारे जान्न सकिँदैन ।

आधुनिक वंशावलीहरू धेरैपछि नेपाली भाषामा लेखिएका हुन् । त्यसैले यिनीहरू भाषा-वंशावली नामले चिनिन्छन् । यस्ता वंशावलीहरू विभिन्न स्वदेशी तथा विदेशी विद्वान्हरूले खोजेर प्रकाशित गरेका छन्, तर यस्ता वंशावलीहरू भने त्यति भरपर्दा मानिँदैनन् ।

**(ख) पुराणहरू** – विभिन्न समयमा लेखिएका पुराणहरूबाट पनि नेपालको इतिहासको अध्ययन गर्न सकिन्छ । पुराणहरूमा स्कन्दपुराण, पशुपति-पुराण, वराह-पुराण, स्वयम्भू-पुराण, नेपाल-माहात्म्य आदि उल्लेखनीय छन् । पशुपति-पुराण तथा स्कन्द पुराणको हिमवत्खण्डमा लिच्छविहरूले किरातलाई हराई नेपालमा शासन गर्न थालेको कुरा उल्लिखित छ । हिमवत्खण्डले त वैशालीका लिच्छविहरू भनेर नेपालका लिच्छविहरूको पुरानो थलोबारे स्पष्ट उल्लेख गरेको छ जुन अन्य स्रोतहरूमा उल्लिखित भएको पाइँदैन । अरू पुराणहरूले पनि केही न केही रूपमा प्राचीन नेपालको वर्णन गरेका छन्, तर यी स्रोतहरू राम्रोसँग छानबिन नगरी स्वीकार गर्न भने सकिँदैन । यिनीहरूका कतिपय वर्णन दन्त्य कथा जस्ता पनि छन् ।

**(ग) पुष्पिकावाक्य** (Manuscript Colophons) – प्राचीन कालदेखि नै आफूलाई आवश्यक पर्ने धार्मिक पुस्तक तथा अन्य कुनै पनि प्रकारका पुस्तकहरू आफै सारेर तथा कसैलाई सार्न लगाएर घर-घरमा राख्ने चलन थियो । नेपालमा प्राचीन कालको कुनै ग्रन्थ पाइएको छैन, तर मध्यकालको आरम्भदेखि नै यस्ता थुप्रै ग्रन्थहरू उपलब्ध भएका छन् । यसरी सारिएका पुस्तकहरूमा पुस्तकको अन्तमा सो ग्रन्थ सार्ने व्यक्तिको नाम, सारेको वर्ष, सो समयमा शासन गर्ने राजाको नाम तथा तत्कालै कुनै महत्त्वपूर्ण घटना घटेको भए त्यसको समेत उल्लेख त्यहाँ गरिएको हुन्थ्यो । यस्ता पुस्तकको अन्तमा जोडिएका वाक्यहरूलाई पुष्पिकावाक्य भन्ने चलन छ । यस्ता वाक्यहरूबाट पनि नेपालको इतिहासका विभिन्न पक्षबारे जानकारी पाउन सकिन्छ । उदाहरणको रूपमा ने.सं. २६८ (वि.सं. १२०४) मा लेखिएको अष्टसाहस्रिका प्रज्ञापारमिता नामक ग्रन्थमा यस्तो उल्लेख भएको छ – "ने.सं. २६८ पौष शुक्ल पूर्णिमा सोमबार श्री आनन्ददेव राजाले जम्मै पृथ्वीलाई पालना गरिरहनुभएको वेलामा यो प्रज्ञापारमिता लेखियो ।" यस्तै वि.सं. १८२० तिर लेखिएको 'रामायण' ग्रन्थको पुष्पिकावाक्यमा यस्तो उल्लेख गरिएको छ – "ने.सं. ८८३ (वि.सं. १८२०) आषाढ महिनामा यो रामायणकथा लेखेको वर्ष गोरखाका राजा पृथ्वीनारायण शाहले नेपाल उपत्यकाबाहेक सबैतिर राज्य गरी सबैतिर छेकी, अलिकता कपास, अलिकता नूनसम्म पनि भित्र पस्न दिएन र नेपाल उपत्यकामा नून खानै नसकिने भयो, खुर्सानीसमेत १ दामको ६/७ वटा मात्र पाइयो, किन्नै नसकिने भयो । कपास भने १ मोहरको १ तोला मात्र पाइने हुँदा सबैका लुगा झुत्रा-झुत्रा भए ... यस्तो बेलामा यो किताब लेखियो ।"*

---

* हेमराज शाक्य र तुलसी राम वैद्य, मेडिइभल नेपाल, पृ. ५० ।

**(घ) ठ्यासफू** – पट्ट्याएर पत्रपत्र पारिएको कागजमा दैनिक डायरी जस्तो गरी घटनाहरू टिपिएका मध्यकालका सामग्रीहरू पनि निकै पाइएका छन् । यस्ता सामग्रीहरूलाई ठ्यासफू भन्ने चलन छ । यस्ता ठ्यासफूहरूले तात्कालिक इतिहासका महत्त्वपूर्ण घटनाहरूलाई पनि उद्घाटित गरेका छन् । काजी भीम मल्ल र प्रताप मल्ल मिलेर लक्ष्मीनरसिंह मल्ललाई राजच्युत गरेर थुनेको, योगनरेन्द्र मल्लपछिको ललितपुरको घटना तथा अन्य विविध कुराहरू (भूकम्प, हैजा, महामारीआदि समेत) को जानकारी ठ्यासफूबाटै पाउन सकिन्छ । राजनीतिक मात्र नभएर आर्थिक, सामाजिक, सांस्कृतिक आदि विषयमा समेत ठ्यासफूले प्रकाश पार्दछ ।

देशभित्रका मात्र नभएर देशबाहिरका महत्त्वपूर्ण घटना पनि यहाँ टिप्ने चलन रहेको देखिन्छ ।उदाहरणको रूपमा ने.सं. ७८५ आश्विनमा बनारसमा हिन्दू-मुस्लिमदङ्गा भएर धेरै मान्छे हताहत भएको तथा मुगल सम्राट्ले काशीको विश्वनाथ मन्दिर भत्काएको आदि घटनाहरू पनि नेपालका ठ्यासफूहरूमा टिपिएका छन् ।

**(ङ) ऐतिहासिक चिट्ठीपत्रहरू** – मध्यकाल तथा आधुनिक कालका विभिन्न सरकारी कागजपत्रहरू, आर्थिक कारोवारका तमसुकहरू, दुई देशबीच भएका सन्धि-सम्झौता आदिसम्बन्धी लेखापढी तथा चिठ्ठीपत्रहरू आदिबाट पनि इतिहासका विविध पक्षबारे जानकारी पाउन सकिन्छ । विशेष गरेर आधुनिक कालको इतिहास तयार पार्दा हाल यस्ता चिठ्ठीपत्रहरू बढी मात्रामा प्रयोग गर्ने गरिएको छ । यस्ता ऐतिहासिक कागजपत्रहरू अभिलेखालयहरूमा सङ्ग्रहीत गरेर राखिएका हुन्छन् ।

## अलिखित स्रोतहरू (Oral Traditions)

नेपालको इतिहास र संस्कृतिको अध्ययनमा अलिखित स्रोतहरूको पनि ठूलो महत्त्व छ । इतिहासमा घटेका कतिपय घटनाहरू सुनी-सुनाइ वा भनाईबाट नै जीवित रहेका हुन्छन् । कतिपय प्राचीन कालका, मध्यकालका घटनाहरूसमेत सुनी-सुनाइ कै माध्यमबाट जानकारी पाउन सकिने हुन्छ । नेपालका चाडपर्वहरू, जातिहरूको प्राचीन इतिहास तथा सामाजिक जीवनका कतिपय पक्षहरूको जानकारी समाजमा परम्परागत रूपमा चलिआएका विश्वासहरूको आधारमा मात्र गर्न सकिन्छ ।

राणाकालको अन्तिम समयतिरको घटनाका सम्बन्धमा त्यसबेलाका भुक्तभोगीहरू-बाट तथा त्यसपछिका घटनाहरू पनि अन्तर्वार्ताको क्रमबाट प्रत्यक्षदर्शीहरूबाट जानकारी पाउन सकिन्छ । शासनमा संलग्न भएका व्यक्तिहरूले आफूले देखे-सुनेका घटनारू आफ्ना छोरा-नातिहरूलाई बताएका हुन्छन् र धेरै पछि गएर अलिखित रूपमा रहेका यस्ता स्रोतहरूको प्रयोग गरेर पुरानो घटनाहरूको बारेमा जानकारी पाउन सकिन्छ । इतिहास सम्बन्धी अध्ययनका निमित्त यस्ता स्रोतहरू भरपर्दा भने हुँदैनन् । अन्य स्रोत पाउञ्जेलसम्म यस्तो प्रकारको स्रोत प्रयोग गर्न उपयुक्त हुँदैन ।

यसरी उपर्युक्त विभिन्न स्रोतहरूको आधारमा नै नेपालको इतिहासको अध्ययन गर्न सकिन्छ ।

# नेपालको इतिहासमा भौगोलिक प्रभाव

इतिहास र भूगोल दुई भिन्न-भिन्न विषय भए पनि यी दुईको अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । कुनै पनि राष्ट्रको उन्नतिको कुरो होस् वा मानव-सभ्यता र संस्कृतिकै निर्माण वा आधुनिकीकरणको कुरो होस्, त्यस राष्ट्रको भौगोलिक बनावटले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । प्राचीन तथा मध्यकालीन विश्वको इतिहासको अध्ययन गरेको खण्डमा त भौगोलिक अवस्थाकै कारणले कतिपय राज्यहरू सम्पन्न वा विपन्न भएको समेत जान्न सकिन्छ । यसर्थ इतिहासका विद्यार्थीहरूले कुनै पनि देशको इतिहासको अध्ययन गर्नुपूर्व उक्त देशको भौगोलिक बनोटको जानकारी लिनु आवश्यक हुन्छ; किनकि भौगोलिक स्थितिले नै गर्दा इतिहासमा अनेक मोडहरू देखा परेका हुन्छन् ।

नेपाल मूलतः एक पहाडी मुलुक हो । देशको ८३ प्रतिशत भाग पहाडै पहाडले ढाकिएकोछ । जम्मा १७ प्रतिशत भाग मात्र तराईको समथर मैदान पर्दछ । धरातलको हिसाबले यस देशलाई हिमाली प्रदेश, पहाडी प्रदेश र तराई प्रदेश गरी तीन खण्डमा विभाजित गर्न सकिन्छ । पूर्व-पश्चिम लम्बाइ ५५० मील र उत्तर-दक्षिण चौडाइ ८० मीलदेखि १५० मीलसम्म भएको यो देश झन्डै खुँडाको आकार लिएर बनेको छ । उत्तरतिर चीन र बाँकी तीन दिशातिर भारतद्वारा घेरिएको एक भूपरिवेष्टित देशको रूपमा रहनुपरेकोले नेपालमा प्राचीन समयदेखि नै अनेक परिवर्तनहरू भए भने केही स्थायी नीतिहरू अवलम्बन गर्न नेपाल बाध्य भएको छ । भौगोलिक स्थितिले गर्दा नेपालको इतिहासमा परेका प्रमुख प्रभावहरूलाई तल वर्णन गरिएको छ –

## (क) शरणार्थीहरूको सुरक्षास्थलको रूपमा परेको प्रभाव

हिमालको काखमा अवस्थित पहाडी मुलुक भएको कारणले नेपाल इतिहासको आरम्भदेखि नै उत्तर र दक्षिणतिर आउने शरणार्थीहरूको सुरक्षास्थल बन्न पुगेको छ । काठमाडौं उपत्यकामा बस्तीविकास गर्ने तथा नेपालमा राज्यव्यवस्था आरम्भ गर्ने गोपाल + महिषपाल जातिदेखि लिएर किरात, लिच्छवि, मल्ल, शाक्य आदि सबै वर्गहरू सुरक्षाको निम्ति नेपाल पसेका थिए । मध्यकालको आरम्भतिर भारतमा भएको मुसलमानी आक्रमणले गर्दा त्यहाँका हिन्दूवर्गहरू नेपालका विभिन्न भागमा आएर बसोबास गर्न थाले । आधुनिक युगमा पनि यो परम्परा कायमै भएको देखिन्छ । यसरी भौगोलिक बनावटको कारणले यो देश इतिहासकोआरम्भदेखि नै शरणार्थीहरूको सुरक्षास्थल बन्न पुगेको छ भने यी शरणार्थीहरूको आगमनबाट देशको इतिहास र संस्कृतिमा नै अनेक प्रभावहरू पर्न गए । लिच्छविहरूले यहाँ आएर राज्यस्थापना गरी आर्य-संस्कृतिको वीजारोपण र विकास गरे भने एघारौं-बाह्रौं शताब्दीतिर नेपाल पसेका हिन्दूहरूले नेपाली हिन्दूहरूको जीवनशैलीमै परिवर्तन ल्याए । त्यस्तै, अनेक प्रकारका मानिसहरूको केन्द्र भएको कारणले काठमाडौं उपत्यकाको संस्कृति नै अलग ढङ्गले विकसित हुन पुग्यो ।

## (ख) शासन-प्रणालीमा परेको प्रभाव

नेपालको भौगोलिक बनोटको कारणले यहाँको प्राचीन कालदेखिकै शासन-प्रवणालीमा पनि ठूलो प्रभाव परेको छ । पहाडी धरातल भएको कारणले तथा आवागमनमा परेको असुविधाको कारणले केन्द्रीय शासन र प्रान्तीय शासन गरी नेपालको शासन-प्रणाली प्राचीनकालदेखि नै दुई ढङ्गले चलेको थियो । राजा मानदेवकै अभिलेखबाट पनि यो कुरा स्पष्ट हुन्छ । टाढा-टाढा, केन्द्रले सोझै शासन गर्न नसक्ने प्रान्तहरूको रेखदेख गर्न सामन्तहरू नियुक्त गरिएका हुन्थे । यिनीहरू केन्द्रलाई कर बुझाएर आफ्नो क्षेत्रको सम्पूर्ण प्रशासनको सञ्चालन गर्थे । तर यी सामन्तहरू केन्द्रमा कमजोरी देखिने बित्तिकै विद्रोह गरेर आफू स्वतन्त्र हुने चेष्टा पनि गर्थे । नेपालको प्राचीन तथा मध्यकालीन इतिहासमा यस्ता थुप्रै घटनाहरू घटेका छन् । यस्तै केन्द्रीय तथा प्रान्तीय शासन-प्रणाली भएको कारणले पूर्व-मध्यकालदेखि नेपाल अनेक राज्यहरूमा विभाजित हुन पुगेको हो । पहाडी धरातल भएको तथा नदीनाला, बाढी, भेल आदिबाट हुने आवागमनको असुविधाको कारणले केन्द्रले दृष्टि पुऱ्याउन नसक्ता नै अनेक राज्य-रजौटाहरू जन्मन पुगेका हुन् ।

## (ग) प्राकृतिक संरक्षणको प्रभाव

नेपालको भूबनौटकै आधारमा कति फाइदा तथा बेफ़ाइदा भएका छन् । नेपालको ज्यादै ठूलो उपलब्धि के होभने उत्तरको विशाल हिमालय तथा मध्यक्षेत्रमा भएका महाभारत र चुरेपर्वत शृङ्खलाकोकारणले नेपालले प्राचीन समयदेखि नै कहिल्यै विदेशी आक्रमणको सामना गर्नुपरेन । यी पहाडी टाकुराहरू नेपालका किल्लाका पर्खाल बनेर रहे । प्राचीन कालदेखि नै नेपालको उत्तर तथा दक्षिणतर्फ विशाल शक्तिसम्पन्न साम्राज्य आदि शक्तिको उदय बेला-बखतमा हुने गर्थ्यो । उनीहरू युद्ध सञ्चालन गरेर आफ्नो विशाल साम्राज्यको निर्माण पनि गर्दथे, तर नेपालले पाएको भू-आकृतिक संरक्षणको कारणले उनीहरूले नेपाललाई कहिल्यै परास्त गर्न सकेनन् । केही फाटफुट बाह्य आक्रमण नभएका त होइनन् । आठौं शताब्दीतिर काश्मीरका शासक जयापीडले पश्चिमी नेपालमा आक्रमण गरेका थिए, तर प्राकृतिक स्रोतकै प्रयोग गरेर त्यहाँका स्थानीय शासक अरमुडीले उनलाई परास्त गरे । चौधौं शताब्दीमा त्यहाँ आक्रमण गर्ने बङ्गालका सुल्तान शमसुद्दीन पनि एक हप्ताभन्दा बढी समयसम्म यहाँ टिक्न सकेनन् । कप्तान किन्लोकको नेतृत्वमा जयप्रकाश मल्लको सहयोगार्थ आएको विशाल अङ्ग्रेज फौजले पनि नेपाली भू-आकृतिको स्थितिबाट अनभिज्ञ भएको कारणले हार खानुपऱ्यो । त्यस्तै, विशाल साम्राज्यको निर्माण गरेर बसेको साम्राज्यवादी अङ्ग्रेज शक्तिसमेत नेपालमाथि आइलागन सकेन । त्यसर्थ प्राचीन कालदेखि नै आफ्नो स्वतन्त्रता जोगाइराख्ने ज्यादैकम मुलुकहरूमा नेपाल पनि पर्दछ । नेपाललाई यस कार्यको निम्ति यसको भू-प्राकृतिक बनोट नै सहयोगी तत्त्व बन्न पुगेको हो ।

## (घ) गुरिल्लायुद्ध कलामा परेको प्रभाव

गुरिल्ला (Guerrilla) भन्नाले लुकेर लड्ने टोली अर्थात् आक्रामक शत्रुको विरोधमा लड्ने लुकेको असैनिक योद्धाभन्ने अर्थ लाग्दछ । नेपाल नदीनाला र पर्वतले

घेरिएको देश भएको हुँदा यहाँका बासिन्दाहरूले गुरिल्ला युद्ध-कलामा प्राचीन कालदेखि नै निपुणता प्राप्त गरेका थिए । आठौं शताब्दीतिर यहाँ आक्रमण गर्ने जयापीडलाई नेपालीहरूले गुरिल्ला-रणनीतिबाट परास्त गरेका थिए । जयापीडलाई नेपालीहरूले सीधै आक्रमण नगरेर कालीगण्डकी नदीको पानी थुनेर पर्खिरहे । जयापीडको फौज जसै नदीको बीचमा पुगेको थियो, नेपालीहरूले नदीको थुनिएको पानी खोलिदिए । यसरी काश्मीरी फौजको तहसनहस भयो । यसको अतिरिक्त गुरगिन खाँसँगको युद्ध होस् वा कप्तान किन्लोकसँगको युद्ध होस्, नेपालीहरूले गुरिल्ला रणनीतिद्वारा आक्रमण गरेर विजय प्राप्त गरेका हुन् । बहादुर शाहको समयमा भएको नेपाल-चीन युद्धमा पनि नेपालीहरूले गुरिल्ला रणनीतिको प्रयोग गरेका थिए ।

## (ङ) वैदेशिक सम्बन्धमा परेको प्रभाव

नेपालको भौगोलिक स्थितिले गर्दा नेपालको वैदेशिक सम्बन्धसम्बन्धी नीतिमा पनि ठूलो प्रभाव परेको छ । प्राचीन समयदेखि नै नेपाल उत्तर चीनको तिब्बत र दक्षिणको भारतजस्ता विशाल शक्तिशाली राष्ट्रहरूको बीचमा चेप्टिएर दुई ढुङ्गाको तरुलजस्तो भएर रहेको छ । यी दुवै छिमेकी राष्ट्रहरूको शासन-प्रणाली, सामाजिक मान्यता तथा रीतिरिवाजहरू भिन्न-भिन्न छन् । वर्तमान समयमा त यी दुवै छिमेकी मुलुकहरू सिद्धान्तगत रूपमा नै अलग-अलग ढङ्गको विश्वास राख्तछन् । दुवैतिरलाई मिल्ने किसिमले स्थिति सम्हाल्न सकिएन भने आफू अँचेटिने सम्भावना नेपाललाई भई नै रहन्छ । यसर्थ नेपालले यस्तो वैदेशिक नीतिको अनुसरण गर्नुपर्ने भयो, जसले गर्दा दुवै शक्तिशाली मुलुकहरूको बीचमा आफ्नो अस्तित्व कायम गर्न सकियोस् । लिच्छविकालका शासक अंशुवर्माले पहिलोपल्ट यो कुरा महसूस गरे । दुवैतिरका शक्तिशाली शासकहरूसँग सम्बन्ध कायम गरेर नेपाललाई स्वतन्त्र राख्न चाहिंदो व्यवस्था उनले मिलाएका थिए । यसो हुँदा अरू राजाको सामुन्ने शिर झुकाउनु पर्ने अवस्था नेपाललाई भएन । अनन्यानरपतिसकरानतिपर अर्थात् अरू राजालाई हात जोडी ढोग्न अघि नसर्ने भनेर अंशुवर्माले स्पष्ट उल्लेख नै गरेका छन् । यस किसिमको नीति नेपालले सधैं कायमै राख्नुपर्ने भयो । पृथ्वीनारायण शाहले आफ्नो दिव्य उपदेशमा नेपाललाई 'दुई ढुङ्गाबीचको तरुल' तथा "जाइकटक नगर्नू झिकिकटक गर्नु" (अरूले आक्रमण गरे मात्र भिड्नु आफै निहुँ नखोज्नु) भन्नुपर्नाको मुख्य कारण पनि नेपालको भौगोलिक स्थिति नै हो । यिनै ऐतिहासिक मोडहरू र भौगोलिक स्थितिको आधारमा नेपालले वर्तमान समयमा आफ्नो वैदेशिक सम्बन्ध असंलग्न नीतिको आधारमा कायम गर्नुपरेको हो ।

## (च) सामाजिक बनोटमा परेको प्रभाव

नेपालको भौगोलिक स्थितिको अध्ययन गर्दा मुलुकको कुल क्षेत्रफलमध्ये १५% हिमाली प्रदेश, ६८% पहाडी प्रदेश र १७% तराई प्रदेश रहेको छ । विश्वको सर्वोच्च हिमशृङ्खला र महाभारत पर्वत तथा चुरे शृङ्खलाबीच अवस्थित भित्री मैदान तथा तराईका फाँटहरू समेत गरी विविध भू-आकृति भएको देश नेपाल हो । यस किसिमको भू-आकृति भएको कारणले नेपालको सामाजिक संरचनामा पनि ठूलो प्रभाव परेको छ । यी अलग-

अलग क्षेत्रमा बस्ने अलग-अलग रीतिस्थिति, चालचलन भएका अनेक समूह र जातिले मिलेर विशाल नेपाली समाज बन्न सकेको छ । एउटै क्षेत्र वा प्रदेशमा बस्ने नेपालीहरूमा अनगिन्ती सांस्कृतिक विभिन्नता पाउन सकिन्छ । यही भौगोलिक विभिन्नता भएको कारणले नै उत्तर तथा दक्षिणतिरबाट मङ्गोलमूलका तथा आर्यमूलका अनेक थरी मानिसहरूले यहाँ आएर आफू सुहाउँदो क्षेत्रमा बसोबास गर्न सकेका हुन् ।

## (छ) आर्थिक स्थितिमा परेको प्रभाव

नेपालको भू-आकृतिले गर्दा नेपालको आर्थिक स्थितिमा ज्यादै ठूलो प्रभाव परेको छ । चारैतिरबाट जमीनले मात्र घेरिएको हुँदा नेपाल एक भूपरिवेष्टित देश हो । प्राचीन तथा मध्यकालमा समुद्री व्यापारको त्यत्तिको महत्त्व थिएन । त्यसैले त्यतिवेला आफ्नै ढङ्गले आर्थिक विकास गरिएको थियो । कृषि-उत्पादन, उद्योगधन्दा, व्यापार आदि आफ्नो ढङ्गले चलेका थिए । सातौं शताब्दीदेखि त नेपाल अन्तर्राष्ट्रिय व्यापारमार्गको रूपमा पनि विकसित भएको थियो । मध्यकालमा काठमाडौं उपत्यकाले यसै व्यापार मार्गको फाइदा उठाएर उपत्यकालाई सम्पन्न गराएको थियो । तर यो स्थिति निश्चित समयको लागि मात्र कायम हुन सक्यो । यातायातको असुविधाले गर्दा कृषि तथा अन्य उत्पादनको वितरण सुमचित ढङ्गले हुन सकेन, न कुनै वेज्ञानिक पद्धतिको नै प्रयोग गर्न सकियो । वर्तमान समयसम्म पनि लगभग यही स्थिति कायमै छ । पहाडी प्रदेशमा उत्पादन हुने नगदे वालीहरू (स्याउ, अलैंची आदि) को समुचित वितरण हुन नसकेर अझै हामी भारततिरबाट यस्ता वस्तुहरू मगाइरहेका छौं । तर वर्तमान समयमा यस्ता उत्पादनहरू साधारण मानिन्छन् । विश्वका अनेक मुलकुहरूसँग व्यापार कायम गर्नसक्नु आजको परिप्रेक्ष्यमा अत्यन्तै आवश्यक मानिन्छ । आफ्नो देशको उत्पादन बढी पैसा पाइने मुलुकमा लगेर बेच्ने तथा आफूलाई आवश्यक पर्ने वस्तु सस्तो पाइने ठाउँबाट किन्न सक्ने स्थिति हुनुपर्दछ । त्यसैले समुद्री मार्गको आवश्यकता अपरिहार्य बनेको छ । तर नेपालको भूपरिवेष्टित स्थितिले गर्दा नेपालले केवल एउटा मुलुकसँग मात्र भर पर्नुपरेको छ । यहाँका उद्योगधन्दाहरूको सञ्चालन गर्न आवश्यक कच्चा पदार्थहरूदेखि लिएर अन्य आवश्यक सामानहरू समेत नेपालले राम्रोसँग जुटाउन नसक्नुको प्रमुख कारण भूपरिवेष्टित भौगोलिक स्थिति नै हो । यसर्थ नेपाल आर्थिक दृष्टिकोणले सधैं कमजोर बन्न पुगेको छ ।

यसरी उपर्युक्त विभिन्न रूपमा नेपालको इतिहासमा भौगोलिक प्रभाव परेको छ । भू-बनोटको आधारमा कतिपय क्षेत्रमा नेपाललाई फाइदा भएको छ भने कतिपय क्षेत्रमा हानि । प्राचीन तथा मध्यकालमा साम्राज्य-विस्तार गर्ने परम्परामा नेपाल आफ्नो भू-आकृतिकै फाइदा लिएर आफ्नो स्वतन्त्रता कायम गर्न समर्थ भएको थियो भने वर्तमान युगमा आर्थिक विकास गरेर आत्मनिर्भर बन्ने परम्परामा भने यही भू-आकृतिको कारणले असफल बन्न पुगेको छ ।

# नेपालको प्रागितिहास

## परिचय

मानव उत्पत्ति, उसको क्रम-विकास तथा उसले विगत समयमा गरेका विविध क्रियाकलापहरूको तथ्य-सङ्कलन एवं तिनको विवेचना नै इतिहास हो । मानव उत्पत्ति तथा उसको सभ्यताको विकासको अवधिलाई अध्ययनको सुविधाको हिसाबले तीन खण्डमा विभाजित गरिएको छ– प्रागितिहास (Pre-history), आद्य इतिहास (Proto-history) र इतिहास (History) ।

मानव सभ्यताको प्रारम्भिक चरण, जहाँ मान्छे आफ्नो वानर (Ape) गुण छाडेर मानव गुण लिने प्रयत्नमा थियो तथा जुन युगको अध्ययनका निमित्त लिखित प्रमाणहरू उपलब्ध छैनन्, सो युग नै प्रागैतिहासिक युग (Prehistoric Period) भनिन्छ । यस युगमा मानव सभ्यताको लाखौं वर्षको समय पर्दछ । तत्कालीन मानिसले प्रयोग गरेका प्राचीन हतियारहरू तथा मानव अवशेषहरू नै यस युगको अध्ययनका महत्त्वपूर्ण स्रोत हुन् ।

उन्नाइसौं शताब्दीको अन्त्यतिर मात्र प्रागैतिहासिक पुरातत्त्व इतिहासभन्दा पृथक विषयका रूपमा विकसित भएको हो । त्योभन्दा अगाडि प्रागैतिहासिक मान्छेको अस्तित्व स्वीकार गरिएको थिएन । त्यसैले यो विषयको महत्त्व पनि बुझ्न सकिएको थिएन । पछिमात्र मानव संस्कृतिको विस्तृत अध्ययन गर्ने विषयका रूपमा यसलाई लिइयो । वास्तवमा प्रागैतिहासिक पुरातत्त्वको अध्ययनले अतीतको मानवीय गतिविधिहरूको विस्तृत विवरण प्रस्तुत गर्नेमात्र नभएर प्रागैतिहासिक संस्कृतिको पहिचान, वर्गीकरण, वातावरणको ज्ञान, संस्कृति र वातावरणबीचको सम्बन्ध, आदिम प्रविधि (Technology) तथा समयअनुसार त्यसमा भएको परिवर्तन आदि बारे पनि विस्तृत जानकारी दिन्छ । मानव जीवनको सम्पूर्ण अवधिमध्ये केवल ०.१ प्रतिशत समयको मात्र लिखित विवरण प्राप्त हुने हुँदा सोभन्दा अगाडिको घटनाक्रम जान्न पनि प्रागैतिहासिक पुरातत्त्वको आधार लिनुपर्दछ । प्रागितिहासकार (Prehistorian) ले भूगर्भ, कन्दरा, ओडार, गुफा, समुद्र, जङ्गल वा फाँटहरूमा छोपिएर वा भग्न भएर रहेका अवशेषहरूको सङ्ग्रह र अध्ययन गरेर तत्कालीन सांस्कृतिक विशेषताहरूलाई बुझ्ने कोसिस गर्दछ ।

प्रागितिहासलाई पनि अध्ययनको सुविधाका निमित्त मानिसले गरेको क्रम-विकासको आधारमा विभिन्न युगमा विभाजित गरिएको छ । विशेषत: प्राक्मानवको मुख्य संस्कृति वा सभ्यता पाषाण (ढुङ्गे) हतियारमा नै सीमित भएको हुँदा युगको नामकरण पनि सोही आधारमा गरिएको छ; जस्तै– पूर्व पाषाण (Paleolithic), मध्य पाषाण (Mesolithic), नव पाषाण (Neolithic) आदि । तल यी सबैको क्रमश: वर्णन गरिएको छ ।

## रामापिथेकसपूर्वको युग (Pre-Ramapithecus Age)

अरबौं वर्षपूर्व सूर्य अत्यन्त ठूलो र अति तातो तरल पदार्थ (ग्याँस) को पुञ्ज थियो । कुनै समयमा कुनै नक्षत्र संयोगवश सूर्यको समीपमा आउँदा सूर्य प्रवाहित हुनपुग्यो र यसबाट केही चोइटाहरू उछिट्टिएर बाहिर निस्किए । यिनै छुट्टिएका चोइटाहरू नै पछि ग्रह वा अग्निकण भनिएका हुन् । पृथ्वी पनि सूर्यबाट छुट्टिएको एउटा सानो चोइटा हो । सूर्यबाट अलग भएपछि पृथ्वी क्रमशः सेलाउँदैगयो र तरल पदार्थ जम्दैजाँदा गोलो आकारमा परिणत भयो । सूर्यबाट टुक्रिएका सबै ग्रहहरू सूर्यलाई केन्द्रबिन्दु बनाएर घुमिरहेका हुन्छन् । पृथ्वी पनि सूर्यको वरिपरि निश्चित समयमा घुमिरहने हुँदा र यसको आकार पनि गोलो भएको हुँदा पृथ्वीको सम्पूर्ण भागमा एकै पटक सूर्यको प्रकाश पर्न नसक्ने भयो । फलस्वरूप, पृथ्वीमा दिन र रातको सृष्टि हुनपुग्यो । यसरी पृथ्वीले आफ्नो निश्चित आकार लिएको समय आजभन्दा चार अरब पचास करोड वर्षअगाीड मानिन्छ । पृथ्वी सेलाउँदैजाँदा यहाँ अनेक परिवर्तन भएर पहाड, पर्वत बन्ने, समुद्री मार्ग बदलिने, हिम-प्रवाह हुने तथा प्राणीहरूको जन्म र विनाश हुने गरेको देखिन्छ । यस्तै परिवर्तनस्वरूप साढे तेह्र करोड वर्षअगाडि हाम्रो देशका हिमशृङ्खलाहरू देखिनपुगेका हुन् । यसरी करोडौं वर्षको अन्तरालमा आएर पृथ्वी आजको रूपमा आइपुगेको हो । पृथ्वीको विकासका विभिन्न आयामहरूलाई हेरेर नै भूगर्भवेत्ताहरूले विभिन्न युगको नामकरण गरेका हुन् ।

पृथ्वी क्रमशः सेलाउँदै गएपछि यसमा वनस्पति र अन्य जीवहरू देखिंदैगए । बत्तीस करोड वषअगाडि देखिएको जलचर माछा सम्भवत संसारको प्रथम रक्तजीव हो । माछापछि जलथल दुवै क्षेत्रमा बस्ने कछुवाजस्ता प्राणीहरू देखिए । उन्नाइस करोड वर्षअगाडि स्तनधारी जन्तु (Mammals) पृथ्वीमा देखापरेका हुन् । जति समय बित्तैगयो, पृथ्वीमा तरह-तरहका प्राणीहरू पनि देखिंदैगए । यिनै प्राणीहरूका बीचमा आजका मानिसको पुर्खाको खोजी गर्नु परेको छ ।

मान्छे स्तनधारी जन्तुको शाखा मृगवर्गमा पर्ने एक प्राणी हो । लोखर्के, मलसाँप्रो आदि यसका दूरतम नातेदार र वनमान्छे निकटतम नातेदार हुन् । यसकारण, मान्छेको खोजी भनेको लोखर्के आदिदेखि लिएर हाम्रा साझे पुर्खाको खोजी हो, जसका लागि झन्डै सवा ६ करोड वर्षपूर्व योसेन (Eocene) युगसम्म पुग्नुपर्ने हुन्छ । तर अनुहार र बानीमा समेत मान्छेसँग मिल्ने वानरादि अनुगण तीन करोड ६० लाख वर्ष यताका भएका हुँदा ओलिगोसेन (Oligocene) युगपूर्व मान्छेको पुर्खा खोजिरहनु पर्दैन । वानरगणमा पनि पुच्छ र अपुच्छको विभाजन गर्दा मानिस अपुच्छ (Ape) गणमा पर्ने र अपुच्छमा पनि रूखमा बस्ने र जमीनमा बस्ने दुई वर्गमा विभाजित गरेर हेर्दा विकासको दृष्टिले मान्छेका लागि बाँदरभन्दा निकटतम नातेदार वनमान्छे (Orangutum), चिम्पान्जी (Chimpanzee) र गुरिल्ला (Gorilla) जस्ता झन्डै दुई करोड वर्षअगाडि देखापरेका प्राणी ठहरिन्छन् । यी प्राणीमा भएका मानवीय गुणको आधारमा यिनलाई नरवानरगण (Anthropoid Group) तथा मानव गुण भएका (Humanoid form) भनिन्छ ।

मान्छेको प्राचीनतम पुर्खाको खोजीको सन्दर्भमा आजसम्मको अन्वेषणको आधारमा एक करोड पचास लाख वर्षअगाडिको मानिएको केन्यामा प्राप्त प्रोप्लियोपिथेकस

(Propliopithecus) नै सर्वप्राचीन नमुना मानिएको छ । यस वर्गमा पर्ने नरवानरका अवशेषहरू मिस्र, भारत, पाकिस्तान तथा चुरेमा पनि पाइएका छन् । मिस्रमा प्राप्त रूपलाई फैयुम वानर (फैयुम भन्ने ठाउँमा पाइएकोले) अथवा एजिप्टो पिथेकस (Aegypto pithecus) भनिन्छ । अन्य नरवानरहरू प्लियोपिथेकस (Pliyopithecus) वा ड्रियोपिथेकस (Dryopithecus) का नामले चिनिन्छन् । तर यहाँसम्म आउँदा पनि यी प्राणीहरू मानवानुगणभन्दा बढी वानरानुगण नै देखिन्छन् । त्यसैले यहाँसम्मको युगलाई मानवपूर्व युग (Pre-human period) भन्ने गरिएको छ । यसपछि देखिएका प्राणीहरू भने क्रमशः मानवानुगुणतिर लम्केका देखिन्छन् । यस्तो सर्वप्राचीन नमुना रामापिथेकस नै हो ।

## रामापिथेकस (Ramapithecus)

मान्छेको स्वरूप लिन प्रयत्नशील सर्वप्राचीन प्राणी रामापिथेकस हो । यसको खोजी इ. १९३० तिर जी. ई. लेबिसले भारतको सिवालिक पर्वतमा गरेका हुन् । त्यहाँ उत्खनन गर्दा उनले मानिस कै जस्तो गरेर धनुषाकार च्यापुमा टाँसिएर रहेका केही बङ्गरा फेलापारे । यसरी यसको तालु (मुखभित्रको माथिल्लो भागको च्यापु) मानिससँग मिल्ने देखिएको हुँदा यो प्राणीलाई मानवकै पूर्वरूप हुनसक्ने विचार प्रकट गरियो । लेविस महोदयले यस प्राणीलाई रामापिथेकस नामकरण गरे र यसको समय ८० लाख वर्षअगाडि मानियो । तर आरम्भमा विद्वान्हरूले रामापिथेकसलाई मानव समूहमा राख्न चाहेनन् । यसको प्रमुख कारण के हो भने यस प्राणीका अन्य अस्थिअवशेष नपाइएर केवल दाँतमात्र पाइएका छन् । धेरैपछि आएर अरू पनि केही प्रमाणहरू भेटिएपछि मात्र रामापिथेकसले मानवानुगुण (Hominide) मा मान्यता पायो ।

रामापिथेकसको प्राप्तिको झन्डै २५ वर्षपछाडि अफ्रिकाको केन्यामा यस्तै अर्को अवशेष पाइयो । यसको खोजी गर्ने एल्.एस्. लिके (Leakey) र उनकी पत्नी मेरी थिए । सुरुमा यो दम्पतीले यसको नाम केन्यापिथेकस (Kenyapithecus) राखे पनि पछि गएर रामापिथेकस समूहमा नै यसको पनि गणना गर्न थालियो । यसको समय भने एक करोड चालीस लाख वर्षअगाडि मानिएको छ । यसरी हेर्दा केन्यामा प्राप्त रामापिथेकस सबैभन्दा जेठो मानिन आएको छ । यस्तै, २०३७ सालमा नेपालमा पनि बुटवलको तिनाउ खोलानजिकैको ठाउँमा रामवानरको एक करोड दस लाख वर्षअगाडिको दाँत पाइयो । यसलाई पाउने पहिलो श्रेय डा. जे.एच्. हट्चिन्सनलाई छ ।

प्राप्त सबै उदाहरणहरूको अध्ययन गर्दा यो रामापिथेकस वनमान्छेभन्दा केही भिन्न भएर थोरै भए पनि मान्छेसँग समानता राख्ने वनमान्छे भएको, मुखाकृति सानो भएको, दुवै खुट्टाको भरले हिंड्नसक्ने तथा विशेषमात्रामा चुरेसँग मिल्ने हावापानी र वातावरण मन पराउँथ्यो भन्ने बुझिन्छ ।

## प्राचीन ढुङ्गेयुग (Paleolithic Age)

प्राचीन ढुङ्गेयुग प्रागैतिहासिक सभ्यताको सर्वप्राचीन युग हो । यसै युगदेखि पृथ्वीमा मान्छेको अस्तित्व देखापर्न थालेको हो । लगभग २०-२५ लाख वर्ष पहिलेदेखि शुरु

भएको यो सभ्यता आजभन्दा झण्डै १२ हजार वर्ष अगाडिसम्म कायम रहेको मानिन्छ। यसरी लामो समयसम्म अर्थात् मानिसको उदय भएदेखि पूर्ण विकसित आधुनिक मान्छेको रूप ग्रहण नगरुञ्जेलसम्मको युग प्राचीन ढुङ्गेयुग मानिन्छ।

यो युगको अध्ययनको मुख्य स्रोत भनेको तत्कालीन मानिसले प्रयोग गरेका ढुङ्गे हतियार नै हुन्। यो युगको आरम्भका हतियारहरू केही भद्दा र प्राकृतिक बनोट जस्ता छन्। वास्तवमा यो युगको शुरुको मान्छेले हतियार चलाउन शुरु गरेको भए पनि ऊ स्वयं हतियार बनाउन जान्दैनथ्यो। त्यसैले यो मान्छे संयोगवश आफै टुटफुट भएका ढुङ्गामा अथवा आफैले फोरे पनि केही भद्दा खालका ढुङ्गाको धारबाट आफ्नो काम चलाउँथ्यो। यो युगको मान्छे केवल शिकारमा मात्र सीमित नभएर फलफुल र जङ्गली कन्दमूल पनि उस्तै प्रकारले लिने हुँदा उसले हतियारमा विकास गर्न सकेन।

केही पछि आएर भने हतियार निर्माणपद्धति निकै विकसित भएर गयो। अब आएर ढुङ्गाको बाहिरी भाग फलक (Flake) को हाते बन्चरो (Hand axe), एक छेउमा धार भएका (Side-scrapers), चुच्चो परेको (awls), तथा दुवैतिर धार भएका विभिन्न प्रकारका हतियार पनि प्राप्त छन्। प्राप्त हतियारहरू कडा ढुङ्गाका छन् र विशेष गरेर ढुङ्गाको बाहिरी भागका मात्र बनेका छन्। यस्ता हतियारलाई Flake tools भनिन्छ। हतियारको निर्माण-प्रक्रियामा आरम्भमा दुई ढुङ्गा ठोकेर बनाउने (Block on Block) प्रविधि अपनाइन्थ्यो भने पछि आएर हतियार बनाइने वस्तुलाई जमीनमा राखेर माथिबाट मुङ्ग्राले हिर्काउने प्रविधि (Stone hammer technique तथा Wooden hammer technique) अपनाइएको देखिन्छ।

यो युगको शुरुतिर हावापानी हितकर नै देखिन्छ। त्यसैले मानिस विश्वका विभिन्न भागमा छरिएर आफ्नो संस्कृतिको विकास गर्न सक्षम भएको थियो। त्यस युगमा पाइने माछा, घोडा, हरिण, खरायो, मुसा आदि विभिन्न प्रकारका जनावरहरूको मासु खाएर धेरै लामो समयसम्म यस युगको मान्छेले आफ्नो संस्कृतिको विकास गऱ्यो। पछिल्लो युगतिर आएर मान्छे सुरक्षाको निमित्त गुफा कन्दरातिर परिवारका साथमा पनि बस्न थाल्यो। जनावरको छाला ओढेर जाडोबाट बच्नेकोसिस गर्दथ्यो। अझ डार्विनको विचारअनुसार त यो युगको मान्छे छालाको कपडा नै बनाएर लगाउने गर्दथ्यो। आगोको प्रचलन पनि यस युगमा भयो। प्राचीन ढुङ्गेयुगको मध्यतिर विकसित भएको संस्कृति भने जर्मनीको राइन (Rhine) नदीको पूर्वपट्टिबाट विकसित हुँदैगएर युरोप, एसिया र अफ्रिकाका अधिकांश देशहरूमा जहाँजहाँ घना जङ्गल तथा गुफा कन्दराहरू थिए, फैलिंदै गएको बुझिन्छ।

यस युगका हतियारहरू मुख्य रूपले Flake Industries (ढुङ्गाको चोइटा-फलकका हतियारहरू) भित्र नै पर्दथे। तर यी हतियारहरू ज्यादै परिष्कृत छन्। रेट्ने, खुर्किने, काट्ने वा गिंड्ने, कोतर्ने र छेड्ने काम लिन सकिने विविध प्रकारका हतियारहरू यस युगमा बने। प्रस्तरका अतिरिक्त हाड तथा जनावरहरूका सिङ आदिको दरो छाला भएको गैंडा जस्तो जनावर मार्नसकिने विशेष प्रकारका भाला तथा चक्कुजस्ता हतियार पनि यस युगमा बनेका छन्।

यस युगमा छोटा-छोटा रौं भएका जनावरहरूका साथै बाघ, चितुवा, गैंडा, घोडा, वनघोडा, हिउँमृग (reindeer) प्रशस्तै देखिन्थे । हिउँमृग यस युगका मान्छेको प्रमुख मनपसन्द खान्की थियो । यस युगको मान्छेलाई जङ्गली जनावरहरूको भय भने सधैं नै भइरहन्थ्यो ।

युरोप र अफ्रिका मात्र नभएर अफगानिस्तान, इरान, इराक र पाकिस्तानमा पनि यो संस्कृतिका अवशेषहरू पाइएका छन् । र युरोपको प्रागैतिहासिक इतिहासको अध्ययन गर्दा के स्पष्ट हुन्छ भने यस युगमा आएर फेरी हिमयुग शुरु भयो र हिउँ र चिसोबाट बच्न यो मान्छे उत्तरतिरबाट क्रमशः पश्चिम अफ्रिकातिर झर्न थाल्यो । तर निश्चित स्थलमा पुग्न नपाउँदै अन्त्य भएर गयो । यसरी यसको नाश हुने अन्य कारणहरू पनि छन्, जस्तो डरलाग्दा-डरलाग्दा शक्तिशाली जनावरहरू देखिनु तथा आफूभन्दा शक्तिशाली मान्छे होमो सेपिएन्सको उदय हुनु । तर भारतीय संस्कृतिको अध्ययनगर्दा भने हिमयुगले यहाँ खास असर पारेको देखिँदैन । त्यसैले यहाँ निरन्तर मानवको किवासक्रम चलि नै रह्यो ।

प्राचीन ढुङ्गेयुगको अन्त्यतिर भने मानिस निकै विकसित भइसकेको देखिन्छ ।

यस युगको मान्छेले आफ्नो जीविका निमित्त विविध रूपका हतियारको निर्माण गऱ्यो । काट्ने, खन्ने, ताछ्ने, टाढाबाटै जनावरलाई मार्नसकिने तथा गैंडा, बाघजस्ता डरलाग्दा जनावरहरूसँग पनि युद्ध गर्नसकिने ढुङ्गा, काठ, हाडका हतियार यस युगमा बने । हाडको बाहिरी भाग ताछेरसमेत हतियार बनाइएको पाइन्छ । माछा मार्ने बल्छी समेत यसै युगमा मदलेन मानवले आविष्कार गरेको मानिन्छ ।

यस युगको मान्छेको उदय भएपछि भने मौसमको मार खानु परेन । हिमयुग समाप्त भएकोले निर्धक्कसँग यो मान्छेले विकास गऱ्यो । गुफा कन्दरामा नै जीविका चलाउने भए पनि यो परिवारका साथमा केही सभ्य रूपमा बस्दथ्यो । सियोजस्तो प्वालसमेत परेका केही औजार पाइएका हुँदा छालाका लुगासमेत यसले लगाउन थालेको बुझिन्छ । यसले सिउने धागोका रूपमा पशुका आन्द्रा वा नसाको प्रयोग गर्थ्यो होला भन्ने अनुमान विद्वान्हरूले गरेका छन् ।

कलाको विकास पनि यस युगमा भयो । युरोपका विभिन्न गुफाहरूमा भएको अध्ययनबाट यस युगको मान्छे रातो, खैरो, पहेंलो र कालो रङ्गसँग परिचित भइसकेको बुझिन्छ । ती गुफाका सबै भित्ताहरूमा अनेक किसिमका भित्तेचित्रहरू अङ्कित भएका छन् । गुफा सभ्यतामा निकै प्रसिद्ध स्पेनको अल्तामीरा गुफामा त २८० मीटर परसम्म अँध्यारोमा पनि चित्रहरू देखिन्छ । यसबाट यो मान्छेले उज्यालोको प्रयोग गर्न जानेको बुझिन्छ । चित्रहरूमा पनि कतै प्राकृतिक दृश्य कोर्न प्रयत्न भएको, कतै आफ्नो शिकार गर्ने जनावरलाई भगाउँदै मार्दै गरेको तथा कतै स्पष्ट बुझ्न नसकिने आकारप्रकार दिइएको पाइन्छ । यसबाट यो मान्छे शिकार गर्नुअघि निश्चित योजना बनाउने गर्दो रहेछ भन्ने बुझिन्छ ।

चित्रकलाका साथै प्रस्तरमूर्ति रूपका केही नमुनाहरू पनि प्राप्त भएका छन् । यसबाट हेर्दा यो मानिसमा केही मात्रामा अदृश्य शक्तिको डर जागेको अथवा धार्मिक

भावनाप्रति झुकाउ शुरु भएको अनुमान गरिएको छ । आफूले प्रयोग गर्ने हतियारहरूमा पनि यो युगको मान्छेले विभिन्न आकारप्रकारको चित्रण गर्ने गर्दथ्यो ।

मृतकहरूको दाहसंस्कार पनि यस युगमा व्यवस्थित रूपले गरिन्थ्यो । यसले मृतकहरूलाई रङ्गाएर गाढ्ने गरेको बुझिन्छ । यसै युगको अन्त्यतिर त अस्थिको अवशेष ठूलो मृण्मय पात्रमा राखेर गाडेको पनि भेटिन्छ ।

पशुहरूलाई घरमा ल्याएर पाल्न पनि यसै युगको मान्छेले आरम्भ गर्‍यो । यस्तो पशुसम्भवतः पहिले कुकुर नै थियो । कुकुरको तीव्र घ्राण शक्ति यस मानवका लागि वरदान सिद्ध भयो । त्यसैले शिकारका लागि कुकुरको प्रयोग यसै युगमा यही मान्छेले प्रारम्भ गरेको बुझिन्छ ।

यस किसिमले प्राचीन ढुङ्गे युगको संस्कृतिको अध्ययन गर्दा यसको मूल विशेषता के देखिन्छ भने मानवको उत्पत्ति, विकास तथा सभ्यताको आधुनिकीकरण हुँदैगएको थियो । तैपनि केही मूलभूत कुराहरू छन्– मान्छे पूर्ण रूपले प्रस्तर संस्कृतिमा नै सीमित रह्यो, गुफाकन्दरामा नै जीविका बितायो, शिकार गर्दथ्यो, फलफूल र कन्दमूलसंग्रह गर्दथ्यो, तर आफै उत्पादन गर्ने सीप भने यसले विकसित गर्न सकेको थिएन ।

नेपालमा पनि प्राचीन ढुङ्गेयुगको संस्कृति विकसित भएको प्रमाणित भएको छ । रामपिथेकसको समेत अवशेष यहाँ भेटिएको तथ्यले नेपाल प्राचीन समयदेखिनै मानव बसोबासको क्षेत्र भएको स्पष्ट भएको छ । अझ प्राचीन ढुङ्गे युगको आरम्भतिरकै हतियार यहाँ पाइनुले त यसको थप प्रमाण मिलेको छ ।

प्रा. रामनिवास पाण्डेयको खोजीबाट वर्दिया जिल्लाको दानव तालको छेउमा प्राचीन ढुङ्गे उपकरण पाइएको छ । यो उपकरणलाई प्राक्चेलियन शैलीको हतियार मानिएको छ । सर्वप्रथम फ्रान्सको चेलेस भन्ने ठाउँमा यस शैलीका उपकरण प्राप्त भएकोले यही ठाउँविशेषको आधारमा चेलिएन र त्योभन्दा केही अगाडिको शैलीलाई प्राक्चेलियन भन्ने गरिएको हो । यो युगको मान्छेलाई पनि चेलियन मानव भनियो । यस मानवका उपकरणसँग मिल्ने उपकरण वा ढुङ्गाका हतियार संसारको जुनसुकै ठाउँमा पाइए पनि त्यसको नाम भने प्राक्चेलियन र चेलियन राख्ने परम्परा बस्यो । बर्दियामा प्राप्त हतियार तथा यस शैलीका अन्यत्र प्राप्त हतियारहरू सबै सादा प्रकारका छन् । त्यस बेलाको मानव स्वयं हतयार बनाउन जान्दैनथ्यो । संयोगवश आफैं टुटफुट भएका वा आफैले फोरे पनि केही भद्दा खालका ढुङ्गाका धारबाट आफ्नो काम चलाउने गर्दथ्यो । यसको समय ५ लाख वर्षअगाडि मानिएको छ । यो समय पिथेकान्थ्रोपस होमो इरेक्टसको समकालीन मानिन्छ । यसबाट हेर्दा नेपाल प्राक्मानवको बसोबास भएको प्राचीन क्षेत्र बुझिन्छ ।

सोभियत सङ्घको लेनिनग्राद विश्वविद्यालय पुरातत्त्व संस्थानका प्रागैतिहासिक पुरातत्त्वविद् डा. एनातोली याकोब्लभ शेटेन्कोको अन्वेषणबाट काठमाडौंको बूढानीलकण्ठको दक्षिण-पूर्वतिर धोबीखोलामा प्राचीन पाषाण हतियारहरू प्राप्त भएका छन् । यहाँ प्राप्त हतियारहरू बिना पालिसका चोट दिएर वा ताछेर (flaked or chipped) बनाइएका छन् । युरोपको प्रागितिहासमा यो समय Middle Paleolithic Age अन्तर्गत पर्दछ ।

यूरोपीय प्रागितिहासको अध्ययन गर्दा यस युगको मान्छेले रेट्ने, खुर्कने, काट्ने, गिंड्ने, ताछ्ने, कोतर्ने र छेड्ने काम लिन सकिने हाड, जनावरका सिङ तथा सेलका विभिन्न प्रकारका हतियारहरू बनाउन जानेको बुझिन्छ । यसर्थ यस युगका हतियारहरू नेपालमा पनि पाइनुले प्रागितिहासको अध्ययनमा ठूलो महत्त्व राख्तछ ।

बूढानीलकण्ठको दक्षिण-पूर्व धोबीखोलामा प्राप्त यो ढुङ्गे हतियारलाई डा. एनातोली याकोब्लेभले तीन भागमा बाँडेका छन् ।

१) गोबी नमुनाका धार भएका

२) दुई-धारे (प्रिजम्याटिक) र

३) तीन-चुच्चे ।

यी तीनै किसिमहरू विश्वमा अन्यत्र विख्यात किसिमहरू हुन् । हामीले यहाँ उल्लेख गरेको गोबी नमुनाका ढुङ्गे हतियारहरू मङ्गोलियाको गोबी भन्ने क्षेत्रबाट सुरु भएर सुदूरपूर्व एसिया हुँदैअमेरिकासम्म पुगेको पाइएको छ । अन्य दुई प्रकारका हतियारहरू भने युरोपमा विशेष चल्तीमा थिए । यसका नमुनाहरू भारतको काश्मीर र पाकिस्तानमा पनि प्राप्त भएका छन् । यसर्थ यो शैलीका निर्माताहरू युरोपबाट पश्चिम काश्मीर हुँदै नेपाल पसेको अनुमान गरिएको छ । काठमाडौं उपत्यकामा यी उपकरणहरू उपलब्ध हुनुबाट यहाँको प्राचीनता अझ स्पष्ट भएको छ । तर यी दुवै हतियारहरू केही भद्दा किसिमका छन् । वास्तवमा सभ्यताको आरम्भमा मानवले लाखौं वर्ष जङ्गली फलफूल, कन्दमूल र जनावरको शिकार गरेर जङ्गली जीवन बिताउनु परेको थियो । यसै जीवनयापनको सन्दर्भमा मानवले सबैभन्दा पहिले ढुङ्गे हतियारहरूको खोजी गऱ्यो भने पछि क्रमशः आफैं पनि यस्ता हतियारहरूको निर्माण गर्नथाल्यो । त्यसैले आरम्भिक चरणका यी हतियारहरू केही भद्दा स्वरूपका देखिएका हुन् । नव पाषाणयुगमा आएपछि भने हतियारको निर्माण प्रक्रियामा मानिसले निकै प्रगति गरेको देखिन्छ ।

## नवीन ढुङ्गेयुग (Neolithic Age)

'ढुङ्गे युग' (Stone age) भन्ने बित्तिकै मानिसले आफ्नो विकासक्रममा बिताएको एउटा लामो समयको बोध हुन्छ । यो लामो समयमा मानवले ढुङ्गोमात्र आफ्नो हतियारका रूपमा विशेष रूपले प्रयोग गर्ने गरेको हुँदा यसलाई ढुङ्गे युग भनिएको हो । यो ढुङ्गे युगभरि पनि मानिस एकै किसिमले रहेको थिएन । मानिस पूर्ण सभ्य हुने प्रयत्नमा निरन्तर लागि नै रहेको थियो । त्यसैले सन् १८६५ मा सर जोन लुब्बोक (Sir John Lubbock) ले सर्वप्रथम मानिसले प्रयोग गरेको औजारहरूको आधारमा सम्पूर्ण ढुङ्गे युगलाई प्राचीन ढुङ्गे युग (Paleolithic Age) र नवीन ढुङ्गे युग वा नव पाषाणकाल (Neolithic Age) गरी दुई श्रेणीमा विभक्त गरिदिए । उनको यो विभाजनले मानव विकासको एक लामो पाषाणकालीन समयलाई दुई श्रेणीमा विभाजित गऱ्यो । यस विभाजनले मानिसले गरेको क्रमिक विकासलाई पनि स्पष्ट पारेको छ । प्राचीन ढुङ्गे युगको मान्छे न्यून कुराको खोजी गर्न र न्यून आवश्यकतामात्र पूरा गर्न सक्ने बर्बर अवस्थामा नै थियो । नव पाषाणयुगको मान्छे यसको तुलनामा विकासको धेरै अगाडि आइपुगेको थियो । कृषिको सुरुवात, पशुपालन, माटाका भाँडाकुँडाहरूको निर्माण तथा स्थायी

बसोबासको सुरुवातसमेत यस युगको मान्छेले गरिसकेको हुँदा यस युगलाई मानव सभ्यताको विकासको एक उच्च अवस्था मान्नुपर्दछ ।

नव पाषाणयुगीन मानव विश्वका विभिन्न क्षेत्रमा फैलिएर रहेको थियो । नेपालको विभिन्न क्षेत्रको अध्ययनबाट यस क्षेत्रमा पनि नव पाषाणकालीन सभ्यता विकसित भएको बुझिन्छ । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका अनेक ठाउँहरूबाट नेपालमा नव पाषाणकालीन औजारहरू प्राप्त भएका छन् । दाङ उपत्यका, दोलखाको चरिकोट, ललितपुरको लुभु, नवलपरासीको कोटटाँडी, काभ्रेपलाञ्चोक, पाल्पा, झापा, सँखुवासभा तथा मोरङका विभिन्न क्षेत्रहरूबाट नव पाषाणकालीन ढुङ्गे हतियारहरू उपलब्ध भएका छन् । यस्ता केही हतियारहरूलाई आजकल मानिसहरू अज्ञानतावश बज्रढुङ्गो भन्दछन्, जो खजुरो वा अजिङ्गर भएको ठाउँमा आकाशबाट खस्तछ भन्ने विश्वास गर्दछन् ।

नेपालमा प्राप्त नव पाषाणकालीन औजारहरू विभिन्न स्वरूपका छन् । यी हतियारहरू, रातो, कालो वा फुस्रो रङका कडा ढुङ्गाबाट बनेका छन् । यी औजार हेर्दा आकर्षक, सुडौल तथा पालिसदार देखिन्छन् । प्रायः सबै हतियारहरू चिल्लो रूपमा बनाइएका छन् । नव पाषाणयुगको प्रमुख विशेषता यही नै हो । प्राप्त भएका हतियारहरू कुनै खन्ने काममा प्रयोग गरिने, कुनै काट्ने काममा, कुनै हिंस्रक जनावरबाट बचाउने, कुनै शिकारका लागि तथा कुनै कृषि प्रयोजनका निमित्त समेत उपयोगी भएको बुझिएको छ । फसल लगाउने तथा काट्ने काममा समेत प्रयोग गर्न सकिने प्रस्तर हतियारहरूको निर्माण गर्नु यस युगको अर्को महत्त्वपूर्ण विशेषता हो । यी हतियारहरू ज्यादैसाना र ज्यादै ठूला पनि छन् । पाल्पामा प्राप्त एक हतियार केवल ३.७ से.मि. मात्र लम्बाइ तथा ०.५ से.मि. मात्रै चौडाइ भएको ज्यादै सूक्ष्म आकारमा छभने चरिकोटमा प्राप्त एक हतियार १३.१ से.मि. लम्बाइ तथा २.७ से.मि. चौडाइ भएको पनि छ । यसरी अनेक धार, आकार र रूपरङ्गका नव पाषाण हतियार प्राप्त भएका छन् । यस युगमा बनेका सम्पूर्ण भागमा पालिस गरिएका साना औजारहरू हतियारका लागि भन्दा पनि धार्मिक कार्यका लागि प्रयोग गरिएको अनुमान विद्वान्हरूले गरेका छन् । प्राप्त नेपाली नव पाषाणकालीन हतियारहरूको अध्ययनबाट यिनीहरूको निर्माण प्रविधि स्पष्ट हुन सक्तैन, अपितु विश्वमा प्रचलित प्रविधिको नै यहाँ प्रयोग हुने गरेको विश्वास गरिएको छ ।

यसरी नेपाल आरम्भदेखि नै मानव बसोबास भएको क्षेत्रका रूपमा चिनिन्छ । प्राचीन पाषाणयुग र त्योभन्दा पनि पहिले रामापिथेकसको समयतिर पश्चिम नेपाल मानव विकासको महत्त्वपूर्णक्षेत्र बनेको थियो भने नव पाषाणयुगमा सम्पूर्ण नेपालमा मानव बस्तीहरू विकसित भएका थिए ।

नवीन ढुङ्गे युगका मुख्य विशेषताहरू निम्न बमोजिम छन्–

**कृषिको आविष्कार–** नव पाषाणयुगको ज्यादै ठूलो उपलब्धि कृषिको आविष्कार थियो । लगभग आजभन्दा ९ हजार वर्षपहिले खेतीपातीको व्यवसाय सुरु भएको विश्वास गरिन्छ । विभिन्न क्षेत्रको उत्खननबाट गहुँ र जौका बीउहरू बढी मात्रामा उपलब्ध भएका हुँदा यस युगको मुख्य खान्की यस्तै पदार्थ भएको बुझिन्छ । इजिप्टको फायुम क्षेत्र तथा भारतको मध्य प्रदेशबाट गहुँ र जौकोअवशेष पाइयो भने पश्चिम एशियाको केही

ठाउँबाट धान पनि पाइएको छ । फलफूलको उदाहरण त विभिन्नठाउँमा पाइएको छ । विभिन्न फलफूल, सगपात, मटर, सिमी, नरिवल, काँक्रो आदि त्यसबेला निकै मात्रामा उब्जाइन्थ्यो ।

कृषिको आविष्कार कसरी हुनगयो भन्ने बारेमा विभिन्न विचारहरू व्यक्त भएका छन् । यस्ता सबै विचारहरूलाई दुई प्रमुख तर्कका रूपमा वर्णन गर्न सकिन्छ । एक थरी विचारअनुसार त्यस बेला एकातिर जनसंख्याको बढ्दो चाप, अर्कातिर शिकार गरिने पशुहरूको कमी, जङ्गली फलफूलको कमी आदि अनेक कारणले मानिस जीवन-मरणको सङ्घर्षमा थियो । परिणामस्वरूप, कृषिको आविष्कार हुनगयो । यो वास्तवमा त्यस युगको मानिसको तीक्ष्ण बुद्धिको चमत्कार नै थियो । यसको विपरीत, केही समाजशास्त्रीहरू यसलाई कुनै नवीन चमत्कार नमानेर मानिसको विकासको स्वाभाविक परिणाम मान्दछन् । मानिसले आफ्नो क्रमिक विकासको सन्दर्भमा आफ्नो आवश्यकताअनुरूप नै अन्न वा फलफूलको उत्पादन गरेको हो र कुनै क्रान्तिस्वरूप यसको थालनी भएको होइन भन्ने धारणा यी विद्वान्हरूको छ । वास्तविकता के देखिन्छ भने शिकार युगमा हुँदा नै मानिसले केही विरुवाहरूलाई प्रयोगात्मक रूपमा निश्चित ठाउँमा रोपेर तिनलाई आफ्नो आवश्यकताअनुकूल बनाएको थियो । केही पशुहरूलाई पनि उसले पाल्तु बनाएको थियो । नव पाषाणयुगमा आएपछि प्राचीन औजारहरू परिष्कृत रूपमा बन्नथाले । फलतः यस युगमा धारिला, चिल्ला र बलिया औजारहरूको निर्माणले जमिन खन्नु र बीउ रोपी त्यसको हेरचाह गर्नु, निश्चित वासस्थान बनाउनु, जमिन र नदीनालाको नियन्त्रण गर्नुजस्ता कार्यहरूमा सरलता हुँदै गयो । फलतः मानिसले अन्नका बिरुवाको प्रयोगात्मक उत्पादनबाट सही अर्थमा कृषिकार्यको अवस्थामा आफ्नो सभ्यतालाई पुऱ्याउन सक्यो । वास्तवमा यो एक फड्कोमात्र नभएर ठूलो क्रान्ति नै थियो । सर्वप्रथम भू-मध्यसागरीय क्षेत्र, चीनको ह्वाङ-हो नदी र ल्याटिन अमेरिकाको एण्डीस पहाडी क्षेत्रबाट स्वतन्त्र रूपमा यस्तो कृषिक्रान्तिको थालनी र विस्तार भएपछि कृषि सभ्यता विश्वव्यापी भएको मानिन्छ ।

**बसोबासमा स्थायित्व–** कृषि उत्पादनले पारेको एउटा ठूलो प्रभाव स्थायी बसोबासको हो । खेतीपातीका निमित्त निश्चित भूभागमा आफ्नो आधिपत्य जमाएपछि त्यसैको रेखदेख, संरक्षण तथा विस्तार गर्नमा नै मानिस तल्लीन रहनथाल्यो । त्यसैले मानिस अब यायावरी जीवन छाडेर स्थायी रूपमा बसोबास गर्नथाल्यो । सुरुसुरुमा गुफा संस्कृति छाडेर खुला मैदानमा झुपडी बनाएर मानिसले जीविका चलाउनथाल्यो । यद्यपि मेसोलिथिक युगमा मानिसले झुपडी बनाएर बस्न थालेको वर्णन पनि गरिएको छ, तर त्यो नियोलिथिक युग आरम्भ हुने बेलामा विकसित भएको हुँदा यो नियोलिथिक संस्कृति भित्रैपर्दछ । बिस्तारै-बिस्तारै मानिसले पक्की घर बनाउन पनि सिक्दैगयो । इँटको निर्माण यसै युगमा भएको विश्वास गरिन्छ । इँट र ढुङ्गाका पक्की घर बनाउने परम्परा यस युगको अन्त्यतिर सुरु भएको मान्ने चलन छ ।

**पशुपालनको विकास–** कृषिका साथै पशुपालनको विकास पनि यस युगको ठूलो देन हो । यद्यपि मेसोलिथिक युगको वर्णन गर्दा केही पशुहरू पाल्तु रूपमा राख्ने गरेको उल्लेख गरिएको पाइन्छ । भारतीय केही उदाहरणको आधारमा नै विद्वान्हरूले यो

अडकल गरेका हुन् । युरोपको संस्कृतिमा भने त्यस किसिमको स्पष्ट प्रमाण पाइएको थिएन । वास्तवमा मौसममा क्रमशः आएको परिवर्तनले बर्सात कम हुँदैगएर सुक्खा पार्नथालेको थियो । त्यसैले मानिसहरूले नदी किनारतिर घर बनाएर गाई, बोका, बाखा, सुँगुरजस्ता सोझा जनावरलाई पक्रेर पाल्तु बनाउनथाले । दस-एघार हजार वर्षपहिले सुँगुर, बोका, बाखा, पाँचहजार वर्षपहिले बिरालो, गधा, उँट, घोडा तथा तीन हजार वर्षपहिले भैंसी, कुखुरा आदि पाल्न थालिएको मानिन्छ । यी जनावरहरूलाई आवश्यक परेको बेलामा तत्कालै खाद्यपदार्थका रूपमा प्रयोग गर्न सजिलो पर्ने हुनाले पशुपालन प्रणालीको विकास भएको हो । आजभन्दा १० हजार वर्षपहिले नै पशुपालन व्यवसायको विकास भइसकेको विश्वास गरिन्छ ।

**नवीन हतियारहरूको निर्माण–** यस युगमा आएपछि नयाँनयाँ चम्किला तथा धारिला हतियार बन्नथाले । खेती कार्य आरम्भ भएको हुँदा खन्ने, काट्ने, छेड्ने, ताछ्ने आदि विभिन्न प्रयोजनका निमित्त प्रयोग गर्न सकिने बन्चरो तथा यस्तै प्रकारका अन्य हतियार बन्यो । ढुङ्गाको हलो (Plough) पनि यस युगमा बनाइयो । हतियारहरूमा विभिन्न चित्र कोर्नु तथा रङ्गाउनु यस युगको विशेषता हो । कतिपय विद्वान्हरूले दक्षिणी भारतका केही नमुनाहरूको आधारमा धातुका हतियारहरू पनि यस युगमा बनेको मानेका छन् । तर यो पूर्ण रूपमा स्वीकार्य छैन । धातुको प्रचलन ४ हजार इ.पू. अगाडि भएको पाइएको छैन ।

**भाँडाबर्तनको निर्माण–** कृषिको आविष्कार भएपछि सोसँग सम्बन्धित अनेक चीजबीजको आवश्यकता बढ्नथाल्यो । फलतः राखनधरनका लागि यस युगमा ढुङ्गाका तथा माटाका बर्तनहरू पनि बनाउन थालियो । सुरुमा ढुङ्गाकै वर्तन बनाउने गरिएकोमा त्यसमा ज्यादा समय लाग्ने र सो कठिन पनि हुने हुँदा त्यस बेलाका विशेषज्ञहरूले माटाको सरल रूप प्रयोग गरे । युरोपमा त भाँडा बनाउने चक्रकै विकास भएको थियो । अमेरिकालगायत अन्य क्षेत्रहरूमा भने यस्ता मृण्मय बर्तनहरू हातले नै बनाउने गरिन्थ्यो । यस युगको केही पछिल्लो कालतिर आएर त माटोका भाँडाहरू आगोमा पकाउने, तिनमा पालिस गर्ने तथा बुरुसको सहायताले चित्रसमेत बनाउने गरिएको देखिन्छ ।

**वस्त्र उद्योग–** नव पाषाणयुगभन्दा अगाडि वस्त्र उद्योगको प्रचलन थिएन । त्यस युगको मानव जङ्गल, गुफा, कन्दरामा बस्तथ्यो । त्यस बेला चिसोबाट बच्न संभवतया मानिसले भेडा, बाखाजस्ता जनावरकोछ्याला ओढ्ने गर्दथ्यो । यस युगमा आएपछि भने यस क्षेत्रमा ठूलो क्रान्ति नै भयो । कपासको उत्पादन, चर्खाको प्रचलन, सुरुमा छ्यालाका पोशाक र पछि गएर कपासकै समेत वस्त्र निर्माण यस युगका महत्त्वपूर्ण उपलब्धि हुन् । वस्त्र व्यवसाय पहिले स्वतन्त्र रूपले युरोपमा विकसित भयो र पछि अमेरिकामा विकसित भयो ।

**धार्मिक विश्वास–** धार्मिक विचारधाराले पनि यस युगमा निकै प्रश्रय पाउन थालेको थियो । वास्तवम होमोसापियन्सकै समयदेखि मान्छेले अदृश्य शक्तिको पूजा गर्न थालेको थियो । मिस्र, इरान, सिरिया आदि क्षेत्रहरूबाट यस युगका केही नारी प्रस्तर

मूर्तिहरू पाइएका छन् । मान्छे मरेपछि गाड्ने वा जलाउने चलन थियो । गाड्दाखेरी मान्छेको साथमा उसले प्रयोग गरेका उपकरणहरू राख्ने गरिन्थ्यो ।

**राजनैतिक विकास–** यस युगमा आएपछि मानिसमा केही राजनैतिक चेतना आउनथालेको पाइन्छ । वास्तवमा मानिस कृषि व्यवसायमा संलग्न भएर समूहका रूपमा रहनथालेपछि समूहको नाइके वा सरदार मान्ने चलन त्यसबेला आइसकेको थियो । कतिपय विद्वान्ले त राजतन्त्र नै यस बेला आरम्भ भइसकेको मानेका छन् । तर त्यति विकसित अवस्थामा भने यो युग थिएन । समूहको नाइके (सरदार) तथा अन्य शक्तिशाली व्यक्तिले आफ्नो बलको प्रयोग गरेर अरूलाई दबाउने तथा आफ्नो मनोमानी गर्ने चलन भने त्यसबेला देखिएको हुनसक्छ । यस्तै रूपले पछि क्रमशः राज्य, शासकजस्ता राजनैतिक एकाइहरूको विकास भएको हो ।

यसरी उपर्युक्त विभिन्न रूपले नव पाषाणयुगको विकास भएको पाइन्छ । नव पाषाणयुगको अन्त्य हुनेबित्तिकै धातुको खोजी, शहरी सभ्यताको विकास तथा व्यापार, राज्यव्यवस्था आदि आरम्भ हुन्छ । त्यसैले यो युग समाप्त हुनेबित्तिकै पाषाणयुग मात्र समाप्त नभएर प्रागितिहासको युग पनि समाप्त भएको मानिन्छ ।

# नेपालको प्राचीन इतिहास

## नेपाल नामको प्राचीनता

नेपाल एक अत्यन्तै प्राचीन देश हो भन्ने कुरा विभिन्न धर्मशास्त्रहरू तथा पुराणहरूमा उल्लेख भएका प्रसङ्गहरूबाट जान्न सकिन्छ। सभ्यताको आरम्भिक चरणदेखि नै यो देश 'नेपाल' नामले चिनिंदै आएको छ। इतिहासकारहरूले अढाइ-तीन हजार वर्ष अगाडिदेखि नै यस देशले नेपाल नाम ग्रहण गरिसकेको र नेपाली शासकहरूले यही नामले यस क्षेत्रको गरिमा बढाएको मानेका छन्। यस देशको नाम 'नेपाल' को पहिलो उल्लेख भने **अथर्वपरिशिष्ट**मा पाइन्छ। यद्यपि अथर्वपरिशिष्टको समय निश्चितगर्न सकिएको छैन, तथापि इसापूर्व ८००-६०० को बीचमा कुनै बेला यसको निर्माण भएको मान्ने चलन छ। यसमा **नेपालं कामरूपं विदेहोदुम्बरं तथा तथावन्त्याः कैकयश्च उत्तरपूर्वे हते हयन्यात्** भनेर नेपाललाई कामरूप, विदेहउदुम्बर,अवन्ती र कैकय देशहरूसँगैराखी चर्चा गरिएको छ। **मूलसर्वास्तिवाद विनय–सङ्ग्रह** नामको बौद्ध ग्रन्थमा पनि नेपालको चर्चा परेको छ। यसमा भगवान् बुद्धको समयमै उनका चेलाहरू बेपारीहरूका साथ नेपाल पसेको घटना लेखिएको छ। महाभारत वनपर्वमा नेपाललाई विषय (जिल्ला)को रूपमा वर्णन गरिएको छ भने जैन ग्रन्थ आवश्यक सूत्रले तथा कौटिल्यको अर्थशास्त्र (इ.पू. चौथो शताब्दी) ले पनि नेपालको उल्लेख गरेको छ। त्यस्तै, भारतीय गुप्त सम्राट् समुद्रगुप्तले आफ्नो इलाहावाद अभिलेखमा नेपालको उल्लेख 'छिमेकी राज्य' को रूपमा गरेका छन् भने त्यसपछिका प्रायः सबै स्रोतहरूले नेपालको उल्लेख स्वतन्त्र राज्यको रूपमा गरेकै छन्। नेपालका शिलालेखहरूमा भने वि.सं. ५६९ को टिस्टुङ अभिलेखमा पहिलोपल्ट नेपाल शब्दको उल्लेख परेको छ। यसरी के देखिन्छ भने अत्यन्तै प्राचीन समयदेखि नै यस मुलुकको नाम 'नेपाल' रहिआएको स्पष्ट छ।

## 'नेपाल' नामकरणको आधार

नेपालको उल्लेख प्राचीन समयदेखि नै भएको स्पष्ट भए पनि के आधारमा यो नेपाल नाम रहन गएको हो भन्ने सम्बन्धमा भने विवाद पाइन्छ। विभिन्न पक्षबाट विद्वान्हरूले यसको व्युत्पत्ति केलाउने चेष्टा गरेका छन्। कसैले भाषागत आधारमा यसको उत्पत्ति देखाउने गरेका छन् भने कसैले व्यक्ति वा जातिको नामबाट यसदेशको नाम नेपाल रहन गएको मानेका छन्। यी सबै सिद्धान्तहरूको संक्षेपमा तल चर्चा गरिएको छ।

**भाषागत आधार** – भाषागत आधारमा नेपाल शब्दको व्युत्पत्ति केलाउनेहरूले तिब्बती, नेवारी, किराती, संस्कृत र लेप्चाभाषाहरूमा नेपाल शब्दको अर्थ खोज्ने प्रयत्न

गरेका छन् । तिब्बती भाषामा नेपालको अर्थ खोज्ने विद्वान् सेसिल वेन्डाल हुन् । तिब्बती भाषामा ने को अर्थ घर पालको अर्थ ऊन हुने हुँदा र यस देशमा प्राचीन समयमा ऊनको उत्पादन निकै हुने हुँदा तिब्बतीहरूले 'ऊनको घर' भन्न नेपाल शब्द प्रयोग गरेको तर्क वेन्डालले गरेका छन् । त्यस्तै, नेवारी भाषामा नेपाललाई नेपा: मात्र भनिने प्रचलनलाई लिएर ने को अर्थ मध्य र पा को अर्थदेश अर्थात् हिमशृङ्खलाको मध्यभागमा रहेको देश मध्यदेश बुझाउन यो नेपाल शब्दको प्रयोग भएको भन्ने तर्क पनि दिइएको छ । त्यस्तै, किरात भाषाको ङ्येतपा शब्दकै रूपान्तर नेपाल मान्ने तर्क पनि उठाइएको छ भने लेप्चा भाषामा पवित्र देश वा गुफा (ने = पवित्र, पाल = देश वा गुफा) भन्ने अर्थमा नेपाल शब्दको प्रयोग भएको मान्ने चलन पनि देखिन्छ । संस्कृत भाषामा भने यो शब्दको अर्कै अर्थ बताइएको छ । संस्कृत भाषामा निप भनेको उपत्यका र आल भनेको घर हुने हुँदा यो देशको नाम नेपाल रहन गएको तर्क पनि उठाइएको छ । यसरी भाषागत आधारमा नेपाल शब्दको व्युत्पत्ति केलाउने प्रयत्न विभिन्न रूपमा गरिएको भए पनि कुनै पनि तर्क ठोस प्रमाणमा आधारित छैनन् ।

**जातिगत आधार** – जातिगत आधारमा नेपालको व्याख्या गर्नेहरूले मुख्य रूपले अनार्य जाति तथा नीप जातिसँग नेपाल नामको सम्बन्ध देखाएका छन् । नेवारबाटै नेपाल बनेको मान्नेहरूले मूल न्यार्वा शब्दबाट नवार हुँदै नेपाल बनेको तर्क उठाएका छन् । श्री कमलप्रकाश मल्लले भने अनार्य आभीर जातिकै एक समूहको नामबाट नेपाल नाम रहन गएको भन्नुभएको छ । हाम्रा धार्मिक ग्रन्थहरूले भने ने नाम गरेका ऋषिले पालना गरेको हुँदा यस देशको नाम नेपाल रहनगएको मानेका छन् । तर ने नाम भएका ऋषिको उल्लेख अन्यत्र कतै नपाइएकोले यो तर्क स्वीकार्य छैन ।

नेपाल नामकरणको सम्बन्धमा श्री ज्ञानमणि नेपालले गर्नुभएको व्याख्या निकै महत्त्वपूर्ण मानिन्छ । उहाँको विचार अनुसार नेपालमा बस्ती आवाद गरेर सर्वप्रथम यहाँ राज्यव्यवस्थाको स्थापना गर्ने नीप जातिहरूकै नामबाट यो देशको नाम नेपाल रहन गएको हो । उपत्यकाको पानी बाहिर गएर बस्तीयोग्य भएपछि पशुपालन गरी जीविका चलाउने वर्गहरू दक्षिणतिरबाट यतातिर आकर्षित हुन थाले । यिनीहरूमा नीप गणजातिका मानिसहरू पनि थिए । यी नीपहरू भारतबाट पहाडै-पहाडको बाटो नेपाल पसी गण्डकी भेकतर्फबाट काठमाडौं उपत्यकामा पसेको मानिन्छ । यो नेप जाति नै यहाँका गोपाल वंशका शासक हुन् । गोपालराज वंशावली तथा विभिन्न संस्कृत ग्रन्थहरूमा गोपाललाई नेप भनिएको छ । प्राचीन भारतीय स्रोतहरू तथा हाम्रो यहाँ प्राप्त मध्यकालीन स्रोतहरूले पनि नीप जातिलाई आभीर अर्थात् पशुपालन गरी जीविका चलाउने वर्गकै रूपमा वर्णन गरेको छ । यही नीप वा नेप मा आल प्रत्यय लागेर नेपाल बनेको हो । *

यसरी नेपाल नामकरणको सम्बन्धमा देखिएका तर्कहरूको अध्ययन गर्दा श्री ज्ञानमणि नेपालको तर्क बढी प्रामाणिक देखिन्छ । वास्तवमा नीप जाति नै यहाँ शासन शुरू गर्ने गोपालवंशी हुन् भन्ने तथ्य प्रमाणित गरेर श्री नेपालले यो नामकरणको समस्या

---

* ज्ञानमणि नेपाल, नेपाल-निरुक्त, पृष्ठ १३-१७ ।

टुङ्ग्याएका छन् । कुनै जातिविशेषको नाममा आल प्रत्यय लागेर ठाउँको नाउँ बन्ने पुरानो चलन हो । त्यस्तै वंशावलीमा समेत नेप उल्लेख भएको र नीप गणजातिहरू यतातिर बसाइँ सर्दै आएको स्पष्ट बुझिएकोले तथा अत्यन्तै प्राचीन स्रोतमा समेत यस देशको नाम नेपाल देखिन गएकोले नीप वा नेपबाट (नेप+आल) नेपाल बन्न गएको स्पष्ट हुन जान्छ । यसर्थ नेपाल नामकरण कुनै व्यक्तिविशेषसँग सम्बद्ध नभएर तात्कालिक नेपालीहरूको समूहगत प्रतिनिधित्व गर्ने नाम भएको बुझिन्छ ।

## नेपाल उपत्यकाको उत्पत्ति

नेपाल एक अत्यन्तै प्राचीन देश हो । विभिन्न धर्मशास्त्रहरू तथा पुराणहरूले नेपाललाई अत्यन्तै प्राचीन भूमिको रूपमा वर्णन गरेका छन् । करीब १३ करोड वर्षअगाडि बनेका यहाँका पर्वत-शृङ्खलाहरू र उपत्यकाहरूमा पछि आएर प्राणी विशेषको आकर्षण विशेष रूपमा बढ्दै गएको बुझिन्छ । एकातिर प्राचीन शास्त्रहरूमा सृष्टिको बिहानीको रूपमा यो भू-भाग चित्रित गरिएको छ भने अर्कोतिर पुरातात्त्विक साक्ष्यहरूले समेत यसको पुष्टि गरेका छन् । पश्चिमी नेपालको बुटवल क्षेत्रमा पाइएको रामापिथेकस मानवको अवशेषले एक करोड वर्षभन्दा अगाडिदेखि नै नेपालमा मानवको बसोबास शुरू भइसकेको तथ्य स्पष्ट भएको छ । पछाडि प्राप्त पाषाणका अनेक हतियारहरूबाट पनि नेपालमा यत्रतत्र प्रागैतिहासिक मानिसको बसोबासभएको स्पष्ट हुन गएको छ । बाग्मती, विष्णुमती, नारायणी, कोशी आदि नदीका फाँटहरू तथा उपत्यका, बर्दिया, दोलखा, काठमाडौं उपत्यकाका विभिन्न क्षेत्रहरू, नवलपरासी, काभ्रेपलान्चोक, मोरङ, झापा, पाल्पा आदि अनेक क्षेत्रहरूमा प्रागैतिहासिक मानवको बसोबास भएको स्पष्ट प्रमाण पाइएको छ । यसरी विकसित भएको नेपाली सभ्यताको केन्द्र भने पछाडि आएर काठमाडौं उपत्यका (नेपाल उपत्यका) बन्न गयो ।

नेपाल उपत्यकाको उत्पत्तिको सम्बन्धमा स्पष्ट बोल्न सकिने आधार केही पाइएको छैन । वास्तवमा नेपालको प्राचीन इतिहास (लिच्छविकालभन्दा अघिको इतिहास) नै भरपर्दो स्रोतहरूको अभावमा स्पष्ट गर्न सकिएको छैन । वंशावली र पुराणहरूको आधारमा मात्र यस युगको इतिहासको अध्ययन गर्न सकिन्छ । वंशावली तथा पुराणहरूले भने नेपाल उपत्यकाको उत्पत्तिको सम्बन्धमा अनेक रोचक कथाको वर्णन गरेका छन् । यस्ता स्रोतहरूले उल्लेख गरेअनुसार प्राचीन समयमा काठमाडौं उपत्यका घना जङ्गलले ढाकिएको थियो र यसको बीच भागमा विशाल सरोबर थियो । सो सरोवरमा नागहरूको निवासभएकोले यसलाई नागदह भनिन्थ्यो । यहाँ बेलाबखतमा विभिन्न तपस्वीहरू आउने गर्दथे । यस सन्दर्भमा विपश्वी बुद्धदेखि नेमुनिसम्म थुप्रै नामहरू वंशावलीहरूले दिएका छन् ।

**विपश्वी बुद्ध** – नेपाल उपत्यकामा आउने प्रथम महात्मा विपश्वी बुद्ध थिए । यिनी आफ्नो स्थायी निवास बन्धुमती नगरबाट सत्ययुगमा नै यहाँ आएका थिए । यहाँ आएर उनी नागार्जुन पर्वतमा बसे र केही समयपछि चैत्र शुक्ल पूर्णिमाको दिन नागदहको बीचमा कमलफूलको बीज रोपे । त्यसपछि यहाँ भविष्यमा हुने सबै वृत्तान्तबारे आफ्ना चेलाहरूलाई सम्झाएर आफ्नो पुरानो आश्रममा फर्केका थिए । हिजोआज पनि चैत्र शुक्ल

पूर्णिमाको दिन नागार्जुन पर्वतमा मेला लाग्दछ र त्यो विपश्वी बुद्धकै सम्झनामा लागेको मेला हो भन्ने विश्वास गरिन्छ ।

**शिखी बुद्ध** – विपश्वी बुद्धले रोपेको बीजबाट छ महीनापछि आश्विन शुक्ल पूर्णिमाको दिन एक अलौकिक फूल उत्पन्न भयो र त्यस फूलको बीचभागमा ज्योतिर्मय भगवान् स्वयम्भू प्रकट भए । यसरी मर्त्यलोकमा स्वयम्भू भगवान्को आगमनको खबर सुनेर अरुणपुरबाट शिखी बुद्ध यहाँ आएर स्वयम्भूको आराधना गर्दागर्दै केही कालपछि भगवान्मा नै मिल्न गए । उनी आएर बसेको पर्वतलाई ध्यानोच्च पर्वत भन्दछन् र वर्तमान समयमा यसलाई चम्पादेवी पर्वत मानी हरेक वर्ष माघ १ गते त्यहाँ लाग्ने मेलालाई शिखी बुद्धको संस्मरणमा लगाइएको मेला मान्ने चलन छ ।

**विश्वभू बुद्ध** – यिनी अनुपमनगरबाट त्रेतायुगमा यहाँ आएका थिए । यिनी नेपाल उपत्यकामा आएर धेरै फूल भएको पर्वत छानेर आफ्नो आश्रम बनाई बसे । यहाँ बस्ता उनले भगवान् स्वयम्भूको पूजामा एक लक्ष फूल अर्पण गरेका हुँदा उनी बसेको पहाड फुल्लोच्च नामले प्रसिद्ध भयो । यही पहाड हिजोआज फूलचौकी कहिएको हो भन्ने विश्वास गरिन्छ । विश्वभू बुद्धले नै पहिलोपल्ट उपत्यकाको पानी बाहिर जाने मार्गबारे आफ्ना चेलाहरूलाई अवगत गराएका थिए ।

**मञ्जुश्री बोधिसत्त्व** – विश्वभू बुद्ध फर्केको केही वर्षपछि त्रेतायुगमा नै यहाँ चीनबाट मञ्जुश्री बोधिसत्त्वको आगमन भयो । यी मञ्जुश्री बोधिसत्त्वको बारेमा वंशावलीहरूले थुप्रै वर्णन गरेका छन् । उनले यहाँ आएर स्वयम्भूको दर्शन पाएपछि उपत्यकाको पानी बाहिर पठाउने विचार गरे । सरोवरको सम्पूर्ण भौगोलिक अध्ययन गरेर उनले कटुवाल नामक स्थानबाट उपत्यकाको पानी जाने बाटो बनाई स्वयम्भूदेखि गुह्येश्वरीसम्मको एक विशाल शहरको निर्माण गराए । त्यसपछि उनले धर्माकरनामक व्यक्तिलाई नेपालका पहिला राजा बनाए । मञ्जुश्री फर्केपछि उनका चेलाहरूले यस शहरको नाम नै 'मञ्जुपत्तन' राखे । मञ्जुश्रीको नाम भने हिजोआज पनि निकै प्रतिष्ठित छ । हिजोआज श्रीपञ्चमीको दिन स्वयम्भूस्थित मञ्जुश्री चैत्यमा मेला नै लाग्दछ ।

**क्रकुच्छन्द बुद्ध** – मञ्जुश्री बोधिसत्त्वको फिर्ती भएपछि क्रकुच्छन्द बुद्ध स्वयम्भू ज्योतिको दर्शनार्थ यहाँ आए । उनी यहाँ आएको बेलामा काठमाडौंमा पानीको अभाव देखेर गुह्येश्वरीसँग प्रार्थना गरे । सो प्रार्थना सुनेर गुह्येशवरीले शिवपुरीबाट बाग्मती पैदा गरिन् भनेर वंशावलीहरूले उल्लेख गरेका छन् । यी क्रकुच्छन्द बुद्धले नेपालका राजा धर्मकार निःसन्तान भएकाले उनीपछि धर्मपाललाई यहाँको राजा बनाएको कुरा पनि वंशावलीमा उल्लिखित छ ।

राजा धर्मपालपछि उनैका वंशज सुधन्वाले त्रेतायुगको अन्तसम्म नेपाल उपत्यकामा शासन गरे । पछि उनी सीताको स्वयंवरमा जनकपुर जाँदा जनकका भाइ कुशध्वजद्वारा मारिएको कथा वंशावलीमा वर्णित छ । त्यसपछि केही समय नेपाल मिथिलाको नियन्त्रणमा रह्यो ।

द्वापरयुगको अन्ततिर गौड देशका राजा प्रचण्डदेव स्वयम्भू र गुह्येश्वरीको दर्शनार्थ नेपाल आएको बेलामा स्वयम्भूको समीपमा वसुपुर, अग्निपुर, वायुपुर, नागपुर र

शान्तिपुर नामका पाँच कुटीहरूको निर्माण गरेको तथा कलियुग आएको थाहा पाई कलियुगी मानव स्वयम्भू ज्योतिको दर्शन गर्न असमर्थ रहनेछन् भन्ने विश्वासमा उनले स्वयम्भू ज्योतिलाई पत्थरले ढाकी त्यसमाथि एक चैत्य खडा गरेको कथा वंशावलीमा वर्णित छ। सो समयमा उपत्यकाको राजगद्दी खाली भएको हुँदा उनै प्रचण्डदेवका छोरा शक्तिदेवले यहाँ आफ्नो नियन्त्रण कायम गरे। वंशावलीहरूले उनीपछि गुणकामदेव, शक्तिदेव तथा सिंहल आदिले यहाँको राजपाट सम्हालेको कुराको उल्लेख गरेका छन्।

एकथरी वंशावलीहरूले उपत्यकाको उत्पत्ति सम्बन्धमा थप रोचक कथाको वर्णन गरेका छन्। दानासुरनामक राक्षसले उपत्यकालाई पुनः जलमग्न बनाएर दुःख दिइरहेको हुँदा द्वारिकाबाट कृष्णभगवान् आएर राक्षस मारी चोभार नामक स्थानबाट जल निकालेर यसलाई बस्तीयोग्य बनाए। उनको साथमा आएका गोपालहरूको यहाँ बसोबास भयो र नेपालमा राज्यव्यवस्थाको स्थापना भयो। यस सम्बन्धमा गोपाल-राजवंशावलीमा यस्तो उल्लेख भएको छ –

"कलियुग लागेपछि, हिमालय पहाडको काखमा रहेको घना जङ्गल भएको भूमण्डल नेपाल उपत्यकामा प्रधान श्रीभृङ्गारेश्वर भट्टारकको प्रादुर्भाव भयो। त्यसपछि गौतम आदि ऋषिगण आई रहन लागे। अनि गौतमेश्वर आदि देवताको प्रतिष्ठा भयो। त्यसबीच श्रीभृङ्गारेश्वर भट्टारक श्लेषमान्तक वनमा विहार गरिरहेको बेलामा गोपाल भए।"

प्राचीन तपस्वीहरूमध्ये नेपालका वंशावली र पौराणिक साहित्यमा विशेष सन्मान पाएक व्यक्ति भने नेमुनि छन्। विभिन्न यस्ता स्रोतहरूले नेपालका पालनकर्ता राज्य व्यवस्थाका संस्थापक तथा नेपाल नाम प्रारम्भ गर्ने महान् तपस्वीको रूपमा नेमुनिको चित्रण गरेका छन्। वंशावलीमा "श्रीपशुपतिनाथ र श्रीवज्रयोगिनीबाट अबदेखि यस क्षेत्रको पालना तिमीले गर्नू, तिमीले पालना गरिने हुनाले यसक्षेत्रको नाम नेपाल हुनेछ भन्ने वरदान नेमुनिले पाएका हुनाले यस देशको नाम नेपाल प्रसिद्ध भयो" भन्ने कथाको वर्णन भएको छ।

वंशावलीहरूमा उल्लेख भएका यस किसिमका कथालाई स्वीकार गर्ने स्रोत हामीसँग उपलब्ध छैन, तर काठमाडौं उपत्यका आरम्भमा पानीको दह भएको र यसको पानी बाहिर गएपछि नै यो बस्नयोग्य भएको तथ्य भने भूगर्भशास्त्रीहरूले पनि स्वीकार गरेका छन्। कतिपय प्रागितिहासकारहरूले प्राचीन समयमा यस क्षेत्रको वरिपरि नाग जातिका मानिसहरूको बसोबास भएको र उनीहरूले नै पशुपतिको मन्दिर स्थापित गरेको अनुमान गरेका छन्। कालान्तरमा सो मन्दिर भत्केर पुरिन गयो। पछि यहाँको पानी बाहिर गएर यो बस्तीयोग्य भएपछि विभिन्न क्षेत्रका मानिसहरू यहाँ आएर बसोबास गर्न थाले र यस क्षेत्रको शहर तथा राज्यव्यवस्था बिस्तारै विकसित हुँदै गयो।

## गोपालवंशी शासकहरू

नेपालमा राजनीतिक व्यवस्थाको शुरुवात भएको समयको निर्क्योल गर्न सकिएको छैन। विभिन्न वंशावलीहरूले विभिन्न रूपले प्राचीन नेपालको राज्य-व्यवस्थाबारे वर्णन गरेका छन्। तर प्रायः सबै यस्ता स्रोतहरूले नेपालको प्रथम राजवंशको रूपमा भने

गोपालवंशलाई लिएका छन् । गोपाल भन्नाले गाईको पालन गर्ने समुदाय बुझिन्छ । यसर्थ यी गोपालवंशीहरू भारततिरबाट यहाँ आएका हुन् भन्ने बुझ्न सकिन्छ । काठमाडौं उपत्यकाबाट पानी बगेर बाहिर गएपछि यो ठाउँ बस्तीयोग्य भयो र पछि पशुपालन गरी जीविका चलाउने वर्गहरू दक्षिणतिरबाट यतातिर आकर्षित हुनथाले । यिनीहरूमा गोपालन गरी जीविका चलाउने नीप जातिका मानिसहरू पनि थिए । यी नीपहरू भारतबाट पहाडै-पहाडको बाटो गरी गण्डकी भेकतर्फबाट नेपाल उपत्यकामा पसेको मानिन्छ । यिनीहरूलाई नै वंशावलीहरूले गोपालवंशी भनेर सम्बोधन गरेको हो ।

बाहिरबाट आएका यी गोपालवंशीहरूले कसरी यहाँ आफ्नो अधिकार कायम गर्न सके, यस सम्बन्धमा कुनै स्रोतले पनि केही जानकारी दिएका छैनन् । तर वंशावलीमा कृष्णको दानासुरसँग भएको युद्धको कथा भने यहाँ स्मरणीय छ । दक्षिणतिरबाट उपत्यका पसेका ग्वालाहरूको यहाँका आदिवासी नागजातिहरूसँग केही सङ्घर्ष भएको हुन सक्तछ । यी ग्वालाहरू युद्धकलामा निपुण भएका र उपत्यकाका आदिवासीभन्दा केही शक्तिशाली समेत भएका हुँदा यिनीहरूले यहाँका बासिन्दालाई हटाएर नेपालमा पहिलोपल्ट राज्यव्यवस्थाको स्थापना गरेका हुन् । वंशावलीहरूमा दिइएको कथाअनुसार यिनीहरूकी एउटी बहुट्टी नाम गरेकी गाईले सँधै बाग्मतीको तीरमा एक ठाउँमा गएर दूध चढाउने गर्दथिन् । यसको पत्तो पाएर सो समूहका सरदारले त्यहाँ खनी हेर्दा पशुपतिको ज्योतिर्लिङ्ग उत्पन्न भयो र त्यसैको तेजले सरदार भस्म भए । पछि टेकु दोभानमा तपस्या गरेर बसेका नेमुनिले यिनै सरदारका छोरा भूमि गुप्तलाई नेपालको राजा बनाए । गोपाल-राजवंशावलीअनुसार गोपालवंशमा आठजना राजाले राज्य गरे । यस वंशका पहिला राजा भूमि गुप्त थिए र त्यसपछि क्रमशः जय गुप्त, धर्म गुप्त, हर्ष गुप्त, भीम गुप्त, मणि गुप्त, विष्णु गुप्त र जित गुप्तले शासन गरे । लगभग ५०० वर्ष यस वंशले नेपालमा शासन गऱ्यो । यस वंशले इसापूर्व एक हजार वर्षअगाडि यहाँ शासन गरेको अनुमान गरिएको छ ।

यस युगको मुख्य व्यवसाय पशुपालन थियो । काठमाडौं उपत्यकाको मलिलो माटो हराभरा भएको हुँदा पशुपालन-व्यवसाय लोकप्रिय बन्न गएको हो । हालको कीर्तिपुर, थानकोट, बलम्बु, टिस्टुङ, पालुङ्ग आदि क्षेत्रहरूमा यस युगका मानिसहरूको बस्ती भएको बुझिन्छ । साथै त्यस युगमा नेपालको सिमाना पूर्व दूधकोशीदेखि पश्चिम त्रिशूली गङ्गासम्म तथा उत्तर गोसाइँकुण्डदेखि दक्षिण चितलाङसम्म फैलिएको थियो ।

पशुपतिनाथको स्थापना यसै युगमा भएको थियो । प्राचीन समयमा नै यी पशुपालन गर्ने वर्गहरूले शिवको पशुपतिरूप यहाँ स्थापित गरेको बुझिन्छ । गोपाल-राजवंशावलीले पनि नेप नाम भएका गोपालकी बहुट्टी नाम भएकी कैली गाईले बाग्मतीको तीरमा गई दूध चढाउने गरेकीले त्यहाँ खनेर हेर्दा श्री पशुपतिको प्रादुर्भाव भएको कुराको उल्लेख गरेको छ ।

गोपालवंशीहरूको ज्यादै ठूलो महत्त्व नेपाल देशको नामकरणसँग गाँसिएको छ । हामीले माथि उल्लेख गरेअनुसार यी गोपालवंशीहरू वास्तविक रूपमा नीप गणजातिका मानिसहरू थिए । यी नै नीपको नामबाटै 'नेपाल' नाम रहन गएको हो । इतिहासकार श्री ज्ञानमणि नेपालको विचारमा नीपबाट नैप हुँदै आलप्रत्यय जोडिएर नेपाल बन्न गएको

हो । यद्यपि नेपाल नाम रहन जाने कारणमा अरू थुप्रै कुराहरूको पनि वर्णन गरिएको छ तर अधिकांश विद्वान्हरू नीपबाटै नेपाल बन्न गएको कुरामा विश्वास गर्न थालेका छन् । नीपहरूसँग यस देशको जहिले सम्बन्ध भयो त्यस बेलादेखि यसको यश बाहिरी देशमा फैलेकोले नेपालमा सभ्यताको सूत्रपात गर्ने यिनै नीप वा गोपालहरू थिए ।

यसरी नेपालमा बस्ती आवाद गर्ने, राज्यव्यवस्थाको शुरुवात गर्ने, पशुपतिनाथको स्थापना गर्ने तथा नेपालकै नामकरणसँग सम्बद्ध भएका हुँदा गोपालवंशीहरू नेपालको इतिहासमा उल्लेखनीय भूमिका राख्तछन् ।

## महिषपालवंशी शासकहरू

गोपाल-राजवंशावलीले गोपालवंशी शासक जित गुप्तलाई जिती महिषपाल वंशका राजाले राज्य गरेको कुराको उल्लेख गरेको छ । कतिपय भाषा-वंशावलीहरूले भने गोपालवंशी अन्तिम शासक नि:सन्तान भएका हुँदा भारतबाट आएका आभीरहरूले शासन शुरू गरेको उल्लेख गरेका छन् । यिनीहरूमा वरसिंह, जयसिंह र भुवनसिंह तीनजनाले मात्र एकसय वर्षभन्दा केही बढी समयसम्म शासन गरेको बुझिन्छ । यी महिषपाल-वंशीहरू को हुन् ? कसरी नेपालमा राज्य हत्याउन सफल भए भन्नेबारे केही भन्न सकिएको छैन । 'महिषपाल' शब्दको आधारमा हेर्दा भने यिनीहरू भैंसी पाली जीविका चलाउने वर्गका मानिस देखिन्छन् । यस सम्बन्धमा कर्कप्याट्रिकको वंशावलीले भने 'यी महिषपाल शासकहरू राजपूत खानदानका ग्वालाहरूका राजा थिए र सिमरौनगढ र जनकपुरको बीचको तराईमा सशस्त्र सैनिकहरू साथमा राखी बस्तथे, गोपालवंशी यक्ष गुप्त नि:सन्तान भएको समाचार पाएर यिनीहरू नेपालतर्फ आएका हुन्' भन्ने उल्लेख गरेको छ ।

कतिपय इतिहासकारहरूले गोपाल-राजवंशावलीमा यसरी दुई अलग-अलग राजवंशको चर्चा भएको भए पनि वास्तवमा यिनीहरू एउटै आभीरवंशका हुन् भनी मानेका छन् । गाई पाल्ने (गोपाल) र भैंसी पाल्ने (महिषपाल) पेशाको मात्र भिन्नता हो । वास्तवमा त्यसवेला सङ्गठित राजनीतिक परिपाटी नभएको हुँदा एउटै वंशका अलग-अलग पेशा गर्ने वर्गहरूबीच शासनको निमित्त भएको झगडालाई नै अलग राजवंश मानिएको हुन सक्तछ ।

महिषपालवंशी अन्तिम शासक भुवनसिंहको समयमा किरातहरूले पूर्वतिरबाट आएर आक्रमण गरी नेपालमा आफ्नो अधिकार कायम गरे ।

# विदेहराज्य

नेपालको प्राचीन इतिहास-लेखनको क्रममा तराईको विदेह (मिथिला) राज्यको उल्लेख गरिएन भने इतिहास-लेखनमा पूर्णता हुँदैन । विदेह राज्य सनातन धर्म र आध्यात्मिक चिन्तनको दृष्टिकोणले ज्यादै महत्त्वपूर्ण मनिन्छ । त्यसैले यस राज्यको वर्णन प्राचीन विभिन्न साहित्यहरूमा विस्तृत रूपले भएको देख्न सकिन्छ । विदेहराज्यको पूर्ण विकास वैदिक युगको उत्तरार्धतिर भएको हुँदा सर्वप्रथम वैदिक सभ्यताबारे नै जानकारी लिनु प्रासङ्गिक ठहर्ला ।

वैदिक सभ्यता भन्नाले प्राचीन वैदिक साहित्यमा प्रतिविम्वित सभ्यता बुभ्नु पर्दछ । प्राचीन वैदिक साहित्य भन्नाले ऋग्वेद, सामवेद, यजुर्वेद र अथर्ववेद यी चार वेदहरू, चार उपवेदहरू एवं यिनै वेदहरूको आधारमा लेखिएका विभिन्न ब्राम्हण साहित्यहरू, स्मृतिग्रन्थहरू, आरण्यक तथा उपनिषत्‌हरू बुभ्नुपर्दछ । यी ग्रन्थहरू विभिन्न समयमा तयार पारिएका हुन् । यिनको निश्चित समयको विषयमा अनेक विवादहरू पाइन्छन् । अपितु रचनाहरूको स्तरलाई हेरेर वैदिक साहित्यको विशाल भण्डारलाई दुई भागमा बाँडिएको छ – पूर्व वैदिककाल (Early Vedic Age) र उत्तर वैदिककाल (Later Vedic Age) । सामान्यतया ऋग्वेदमा वर्णित समाजलाई पूर्व वैदिक सभ्यता र अन्य वेदहरू, ब्राम्हण साहित्यहरू र उपनिषत्‌हरूमा वर्णित समाज उत्तर वैदिक सभ्यताको नामले चिनिन्छ । यी दुवै सभ्यताको निश्चित समयको निर्क्योल पनि गर्न सकिएको छैन तापनि सर्वमान्य विचारमा ऋग्वेदको समय इ.पू. १५०० देखि इ.पू. १००० सम्म मानिन्छ । यसको समय निर्धारण गर्दा पुरातात्त्विक साक्ष्यलाई पनि ध्यानमा राखिएको छ । उत्तरी भारतमा फलामको प्रयोगको समय इ.पू. १००० भन्दा प्राचीन मानिंदैन । ऋग्वेदमा पनि फलामको उल्लखे नभएको हुँदा यो प्राचीन वैदिक सभ्यता इ.पू. १००० भन्दा अघि र सिन्धुघाटीको सभ्यताभन्दा पछि विकसित भएको मानिन्छ । ऋग्वेदमा १० मण्डल र १०५८ सूक्त छन् र भाषा संस्कृत छ । ऋग्वेदका मन्त्रहरूलाई सूक्त वा ऋचा भन्ने चलन छ । यिनै विभिन्न मन्त्र वा सूक्तहरूमा वर्णन भएको प्रसङ्गको आधारमा प्राचीन वैदिक सभ्यताका विविध पक्षबारे अध्ययन गर्न सकिन्छ ।

ऋग्वैदिक युगपछिको अर्थात् इ.पू. १०००-५०० सम्मको समयलाई उत्तर वैदिक सभ्यता भनिन्छ । यजुर्वेद, सामवेद, अथर्ववेद, विभिन्न ब्राम्हण-साहित्यहरू, उपनिषत्‌हरू र तत्सम्बन्धी अन्य ग्रन्थहरूमा वर्णित सभ्यता नै उत्तर वैदिक सभ्यताको नामले चिनिन्छ । यी ग्रन्थहरूको अधययन गर्दा आर्यहरूले उत्तर-पश्चिम भारतमा बिस्तारै-बिस्तारै पूर्व तथा दक्षिणतिर लाग्दै गएर कुरु, पाञ्चाल, कोसल, मगध, विदेह आदि अनेक राज्यहरूको स्थापना गरेको बुभिन्छ । कुरुक्षेत्र तथा गङ्गा र यमुनाको तटवर्तीक्षेत्र मध्यदेश अब आर्य संस्कृतिको केन्द्रको रूपमा विकसित हुन थाल्यो । आर्यहरू पनि घुमन्ते जीवन छोडेर स्थायी सङ्गठित रूपमा रहन थालेका थिए । फलस्वरूप अनेक क्षेत्रमा विकास हुन थाल्यो ।

विदेह राज्यको विकास यही उत्तर वैदिक युगमा आर्यहरू फैलँदै जाँदा भएको हो । विदेहको उल्लेख ऋग्वेदमा नभएको हुँदा पनि यसको विकास पछिल्लो वैदिक युगमा नै भएको बुभिएको छ । शतपथब्राम्हण नामक ब्राम्हण साहित्यमा उल्लेख भएअनुसार विदेह माथवले आफ्नो पुरोहित गौतम रहुगणका साथ सरस्वतीतटवर्ती प्रदेशबाट सदानीरा (गण्डक) तरेर विदेह पुगी राज्यस्थापना गरेको बुभिन्छ । तर यस सम्बन्धी र यसपछिका घटनाहरूको विस्तृत विवरण पाइएको छैन । कुनै ग्रन्थले भने यस वंशका शासक मिथिको नामबाट मिथिलानगरको निर्माण भएको हो । यहाँका शासकहरूमा जनकको उल्लेख विशेष मात्रामा भएको छ । रामायण र विष्णपुराणमा उल्लेख गरिएअनुसार शिरध्वज जनकले मिथिलाका एक शासक सुधन्वालाई मारेर आफ्ना भाइलाई शासक बनाए । यिनै शिरध्वज जनकका सन्तान नै औपनिषद जनक हुन् । कतिपय अन्य स्रोतहरूले हस्तिनापुरलाई यमुनानदीको बाढीले ध्वस्त गरेको लगत्तैपछि नै जनकको

विदेहमा उदय भएको मानेका छन् । जे भए पनि विदेहको इतिहासमा राजा जनकको शासनकाल भने निकै महत्त्वपूर्ण मानिन्छ । यिनको राजधानी मिथिला थियो । त्यसैले सो क्षेत्र मिथिलाप्रदेश नामले पनि चिनिन्छ । राजा जनक अयोध्याका शासक दशरथ र वैशालीका शासक प्रमातिका समसामयिक थिए । जनककी छोरी सीताको दशरथका छोरा रामसँग भएको विवाहप्रसङ्ग त बहुचर्चित घटना नै हो ।

ज्ञान-विज्ञान तथा दर्शनको क्षेत्रमा राजा जनकले खेलेको भूमिका ज्यादै उल्लेखनीय छ । उनको दरबारमा दार्शनिक विद्वान्हरूको जमघट भइ नै रहन्थ्यो । यस युगको महत्त्वपूर्ण उपलब्धि बौद्धिक विकासलाई नै मान्नुपर्छ । लेखनकलाको राम्रो विकास भइसकेको हुँदा शैक्षिक जागरण पनि देखापर्‍यो । प्राचीन वैदिक ग्रन्थ ऋग्वेदका सूक्तहरूको व्यवस्थित अध्ययन गरियो । साथै धर्मको व्यावहारिक आवश्यकताको महसूस पनि गरियो । फलस्वरूप अनेक वेदाङ्ग उपनिषत्, ब्राम्हण-साहित्यहरू र दर्शनहरू तयार भए । एकातिर व्याकरण, शिक्षा, कर्मकाण्ड, शब्द-विज्ञान, ज्योतिष आदि शिक्षाका अङ्गहरूको निर्माण भयो भने अर्कातिर ब्रम्ह के हो ? आत्मा के हो ? परमात्मा के हो ? आदिबारे छलफल र विचार-विमर्श हुन थाल्यो । ज्ञानको अभिप्राप्ति नै चरम शान्तिको साधक मानियो । यसरी छलफल गर्ने राजा जनकका दरबारका दार्शनिकहरूमा याज्ञवल्क्यको नाम अग्रणी रहेको छ भने श्वेतकेतु, उद्दालक, आरुणि, सत्यकाम, गार्पी अीद पनि सुप्रसिद्ध थिए । विभिन्न उपनिषत्हरूमा उल्लिखित यी विद्वान्हरूबीच भएका छलफलको विवरणबाट तात्कालिक मिथिला वैदिक संस्कृतिको महत्त्वपूर्ण केन्द्र भएको स्पष्ट बुझ्न सकिन्छ । यिनै राजा जनकको नामबाट जनकपुर नामकरण भएको मान्ने गरिएको छ । यी जनकको समयमा विदेहको सीमाना पूर्वमा कोशी नदी, पश्चिममा गण्डकी नदी, उत्तर हिमालय र दक्षिण गङ्गासम्म फैलेको थियो ।

महाभारतमा पनि विदेहको प्रसङ्ग आएको छ । कृष्ण, भीमसेन, अर्जुनले मिथिलाको भ्रमण गरेको तथा त्यहाँ बहुलाश्वको शासन कायम भएको प्रसङ्ग महाभारतमा परेको छ । पाण्डु, कर्ण, भीमसेन आदिले बारम्बार विदेहमा आक्रमण गरेको र त्यसबाट रुष्ट भएको विदेहले महाभारतको युद्धमा कौरवको पक्ष लिएको चर्चा पनि महाभारतमा परेको छ । भनिन्छ –सो युद्धमा विदेहनरेश पनि मारिएका थिए ।

विभिन्न बौद्ध ग्रन्थहरूमा भएका उल्लेखअनुसार त्यसबेला विदेहराज्यमा दश हजार गाउँहरू थिए । यहाँ विभिन्न क्षेत्रका व्यापारीहरू आफ्ना सामानहरू बिक्री गर्न आउँने गर्दथे । मिथिलाका चार दिशामा बनेका चार द्वारहरूका छेउमा ठूला-ठूला वाणिज्यक्षेत्र थिए । त्यहाँ ६० हजार कार्षापण मुद्रा सधैं दानमा जान्थ्यो । विदेह-राजकुमारीहरू ज्यादै शीलगुणका हुन्थे । त्यसैले टाढा-टाढाका राजाहरू पनि उनीहरूसँग विवाह गर्न चाहन्थे । अजातशत्रुकै आमा वासवी वैदेही थिइन् । अजातशत्रुले विम्विसारलाई थुन्दा यिनैले खाना पुर्‍याएर बचाएकी थिइन् । जैन धर्मका संस्थापक महावीरकी आमा त्रिशलालाई पनि कतिपय ठाउँमा वैदेही भनिएको छ । बुद्धको समयमा त्यहाँ सुमित्रनामक शासक शासन गरिरहेका थिए । त्यसताका विदेह तरवार बनाउन विशेष प्रसिद्ध थियो र विदेहका राजकुमारहरू तक्षशिला अध्ययन गर्ने गर्दथे ।

कौटिल्यले उल्लेख गरेअनुसार जनकवंशका अन्तिम शासक कराल जनक थिए । उनी पछि त्यहाँ राजतन्त्रको परम्पराको अन्त भएर गणतन्त्रात्मक शासन परिपाटीको

शुरुआत भयो । पछि इ.पू. छैटौं शताब्दीतिर मगधका शासक अजातशत्रुले आक्रमण गरी त्यस भेकका सबै गणतन्त्रात्मक राज्यहरूको उन्मूलन गरेपछि विदेह पनि मगधराज्यमा समाविष्ट भयो । त्यसपछि विदेहले लामो समयसम्म स्वतन्त्र अस्तित्व कायम गर्न सकेन, तर विशाल नेपालको अङ्गको रूपमा भने कायम हुँदै गयो । सातौं शताब्दीमा भारतमा हर्षवर्धनको मृत्यु भएपछि मिथिलातिर अरुणाश्वको अधिकार कायम भएको देखिन्छ । यिनले चिनियाँ राजदूत वाङह्वेन्त्सेलाई आक्रमण गरेपछि नेपाली र आसामी फौजले अरुणाश्वमाथि आक्रमण गऱ्यो र अरुणाश्व तिब्बत लगिए । त्यसपछि सो क्षेत्रमा नेपालको केन्द्रीय नियन्त्रण पनि हराउँदै गयो र कहिले बङ्गला त कहिले मगधको नियन्त्रणमा रहँदै गयो । इ. १०९७ देखि भने फेरि अर्को शक्तिको उदय सो ठाउँमा हुन गयो । कर्णाटवंशी नान्यदेवले सिमरौनगढलाई राजधानी बनाएर मिथिलामा आफ्नो अधिकार कायम गरे । यस सम्बन्धी वर्णन मध्यकालको इतिहासको वर्णनको सन्दर्भमा गरिनेछ ।

यसरी प्राचीन कालमा ज्यादै ख्याति पाएको मिथिलाको सम्झना हाम्रो जनकपुरले हाल पनि जगेर्ना गरेकै छ । यहाँ भएका विभिन्न वैष्णव मन्दिरहरू, कुण्डहरू तथा आख्यानहरूले प्राचीन जनककालको विदेहको सम्झना गराउँदछन् । यद्यपि जनकपुर क्षेत्रको पुरातात्त्विक उत्खनन र अनुसन्धान गरिनु बाँकी नै छ, तथापि यसको सांस्कृतिक महत्त्व भने सदा-सर्वदा महत्त्वपूर्ण बन्दै गइरहेको छ ।

# कपिलवस्तु राज्य

इसापूर्व छैटौं शताब्दीतिर जुन समयमा काठमाडौं उपत्यकामा किरातहरू शासन गरिरहेका थिए, त्यसैबेला नेपालको तराईक्षेत्रमा केही महत्त्वपूर्ण गणतन्त्रात्मक राज्यहरू स्थापित थिए । यी गणराज्यहरूमध्ये कपिलवस्तुको गणराज्य विशेष उल्लेखनीय छ । यो राज्य हिजोआजको लुम्बिनी अञ्चल कपिलवस्तु जिल्लाको तिलौराकोटमा स्थापित थियो । सिद्धार्थ गौतमको मातृभूमि भएको कारणले तथा उनले आफ्नो जीवनको २९ वर्ष यसै ठाउँमा बिताएको कारणले गर्दा यो क्षेत्र प्राचीन समयदेखि नै महत्त्वपूर्ण मानिएको छ ।

## कपिलवस्तुको उत्थान

शाक्यहरूको उत्पत्ति तथा कपिलवस्तुको स्थापनाको सम्बन्धमा बौद्ध ग्रन्थ दिग्घनिकायमा उल्लेख भएअनुसार प्राचीन समयमा कोसल राज्यका प्रमुख ओकाकले कान्छी रानीका छोराहरूलाई राज्य दिन जेठी रानीपट्टिका ४ छोरा र ५ छोरीलाई दरबारबाट निकालिदिएका थिए । ती राजकुमार, राजकुमारीहरू त्यहाँबाट उत्तरतिर लाग्दा बाटामा तपस्या गरी बसेका कपिल मुनिसँग भेट भयो र उनैको सल्लाहले शकवृक्षको जङ्गल फाँडी बस्तीयोग्य बनाए । पछि वरपरको मानिसहरू पनि त्यहाँ आएर बस्न थालेपछि यसले नगरको रूप लियो । राज्यबाट निष्कासित राजकुमार-राजकुमारीहरू पनि दाजु-बहिनी नै विवाह गरेर बस्न थाले । जेठी राजकुमारी भने राजमाताको रूपमा रहन थालिन् । शकवृक्ष फाँडेर बसेका हुँदा उनीहरू शाक्य कहलिए भने कपिलमुनिको नामबाट कपिलवस्तु नामकरण हुन गयो । विभिन्न बौद्ध ग्रन्थहरूले उल्लेख गरेअनुसार कपिलवस्तु भागीरथी नदीको तीरमा हिमालयको नजिकै थियो । यस क्षेत्रलाई त्यस बेलाको प्रसिद्ध

दक्षिणी राजपथद्वारा एकातिर पावा, कुशीनगर, वैशाली तथा राजगृहसँग जोडिएको थियो भने अर्कोतिर सेतव्या, श्रावस्ती, साकेत तथा कोशाम्बीसँग पनि जोडिएको थियो । कपिलवस्तु र लिच्छविहरूको राज्य वैशालीलाई त सोझो बाटोद्वारा नै जोडिएको थियो ।

कपिलवस्तुमा शुद्धोधन शासक नहुन्जेलसम्मको प्रारम्भिक इतिहास त्यति स्पष्ट छैन र त्यस समयमा यस राज्यको खास विकास पनि भएको बुझिँदैन । शुद्धोधनको समयमा आएर भने राजनीतिक, आर्थिक, सामाजिक एवं सांस्कृतिक क्षेत्रमा कपिलवस्तुले निकै उन्नति गऱ्यो । यस बेलासम्ममा कपिलवस्तु पूर्व रोहिणी नदी, पश्चिम राप्ती नदी, उत्तर हिमालय पहाडको छेउ तथा दक्षिण पावा कुशीनगरसम्म फैलिएको महानगर थियो । यस राज्यभित्र कपिलवस्तु बाहेक चातुमा, खोमदुस्सा, मेतलुप, सामगाम, सासुमार, शिलावती र शक्कर आदि शहरहरू पनि शाक्य गणराज्यभित्र पर्दथे । लगभग १० लाख मानिसहरू कपिलवस्तु राज्यमा बस्तथे ।

राजधानी रहेको कपिलवस्तु नगर चारैतिरबाट पर्खाल र खाई वा नहर (Moat) ले घेरिएको थियो । वास्तवमा प्राचीन तथा मध्यकालीन नगरहरूको मुख्य विशेषता नै गढ (किल्ला) को रूपमा रहनु हो । युद्ध आक्रमणका विविध प्रकारलाई ध्यानमा राख्दै त्यस युगका शासकहरू आफ्नो दरबार वा राजधानी नगरलाई विशेष मजबूत बनाएर सुरक्षासाथ बस्ने गर्थे । त्यस युगमा शहरको चारैतिर वृक्ष, पानी भरिएको खाई र ठूलाठूला पर्खाल लगाएर शहरलाई घेरिएको हुन्थ्यो । खाईभित्र त सर्पजस्ता हिंस्रक जनावर पनि छोडिएका हुन्थे । शहरबाट बाहिर आवतजावत गर्न ठाउँ-ठाउँमा ढोका बनाएका हुन्थे । कपिलवस्तु शहरका यस्ता चारवटा नगरद्वारहरू थिए । बाहिरबाट शत्रुको आक्रमण हुने बित्तिकै शहरका सारा ढोका बन्दगरिन्थे । ठूलो बल नपुऱ्याई शहरभित्र पस्न सकिँदैनथ्यो । कपिलवस्तु नगर उपर्युक्त सबै प्राचीन नगर-विशेषताहरूले सुशोभित थियो । अझ यसको अग्लो पर्खालको चारैतिर बत्ती बाल्न सकिने व्यवस्था पनि गरिएको थियो ।

शुद्धोधनको समयमा त्यहाँ ८० हजार कुल (परिवार) तथा ५ लाख जनसंख्या थियो । शाक्यसङ्घको एक सभा थियो, जसमा ५०० सदस्यहरू थिए । यसको अधिवेशन संस्थागारमा हुन्थ्यो । यो हल विभिन्न स्तम्भहरूद्वारा निर्मित थियो । यस सभाले शासन र न्याय व्यवस्था दुवै हेर्दथ्यो । त्यहाँ बहुमतको कदर गरिन्थ्यो । यस सभाको प्रमुखलाई राजा भन्दथे, जसको छनोट निर्वाचन प्रक्रियाद्वारा हुन्थ्यो । शुद्धोधन यस्तै राजा थिए ।

कपिलवस्तु शिक्षा तथा सामाजिक उन्नतिको केन्द्र पनि थियो । बुद्धलाई वाल्यकालमा अनेक विद्या तथा शिल्पकलाको शिक्षा कपिलवस्तुमा नै दिइएको थियो । बाबुहरू आफ्ना छोरीहरूको विवाह शिक्षित युवकसँग नै गर्थे । एवं सिद्धार्थ गौतमले यशोधरासँग विवाह गर्दा ५०० शाक्य कुमारहरूसँग हतियारको कौशल-प्रदर्शनमा भाग लिनुपरेको थियो ।

## कपिलवस्तुको पतन

जसरी कपिलवस्तुको उत्थान चरम सीमामा पुगेको थियो, यसको पतन भने ज्यादै नराम्रोसँग भयो । कपिलवस्तुको छिमेकी राज्य कोसलमा बुद्धको समयमा प्रसेनजित् राज्य गर्दैथिए । यिनी शक्तिशाली भएका हुँदा शाक्यहरूले राम्रो सम्बन्ध कायम गरेका

थिए । यी दुवै राज्यहरूबीच रोहिणी नदी बग्दथ्यो र पानीको बाँडफाँडको कारणले बेला-बेलामा मनोमालिन्य भने बढी नै रहन्थ्यो । एकपल्ट प्रसेनजित्ले शाक्य राजकुमारी विवाह गर्न चाहे, तर शाक्यहरूले भुक्याएर नोकर्नीपट्टिबाट जन्मेकी कन्या विवाह गरिदिएका थिए । पछि ती कन्याबाट जन्मेका राजकुमार विरुद्धकले यस्तो अपमान सहन नसकेर बुद्धको जीवनको उत्तरार्धतिर पानीको भगडाको निहुँमा कपिलवस्तु राज्यमाथि आक्रमण गरे । बुद्ध कपिलवस्तुकै आसपासमा भएका हुँदा उनले तीनपटकसम्मका आक्रमणहरूमा विरुद्धकलाई रोके, तर चौथो पटक रोक्न सकेनन् । फलतः विरुद्धकले कपिलवस्तु शहरमा आगो लगाउने तथा भेटेजति सबैलाई मार्ने गरेर ७७ हजारजति मानिसको संहार गरे । यसरी कपिलवस्तुको अन्त्य विरुद्धकबाट हुन गयो ।

विरुद्धकले कपिलवस्तुको विनाश गरेको इ.पू. ५०० तिर मानिन्छ । सो भयानक आक्रमणपछि सो क्षेत्र उजाड हुँदै गयो । मानिसहरू त्यस क्षेत्रमा जान छोडे र त्यसले क्रमशः जङ्गलको रूप लिन थाल्यो । भन्डै अढाइ सय वर्षपछि भारतीय मौर्य सम्राट् अशोक नै यस क्षेत्रको भ्रमणगर्ने प्रथम शासक थिए । युद्धसंहार-व्यवस्थाबाट विरक्त भएर उनी बौद्ध धर्मको प्रचार-प्रसारमा लागेपछि बौद्ध धर्मसम्बन्धी स्थलको भ्रमण गर्ने सिलसिलामा यहाँ आएका थिए । इ.पू. २४५ तिर उनी यस क्षेत्रमा आएको बुभिन्छ । यहाँ आएर उनले निग्लिहवा, लुम्बिनी आदि क्षेत्रमा स्तम्भ तथा अभिलेख समेत राख्न लगाएका थिए । अशोकपछि लामो समयसम्म यसको उल्लेख पाइँदैन । इ. ४०३ तिर फाहियान तथा इ. ६३६ डिसेम्बरतिर युवाङ चाङ (प्रचलित उच्चारण ह्वेन त्साङ) आदि चिनियाँ यात्रीहरूले पनि सो क्षेत्रको भ्रमण गरेका थिए । फाहियानले कपिलवस्तुलाई बीरान भग्नावशेषको रूपमा वर्णन गरेका छन् । उनले त्यहाँ केही परिवार तथा भिक्षुहरूलाई पनि भेटेका थिए । सातौं शताब्दीमा यस क्षेत्रको भ्रमण गर्ने युवाङ चाङले पनि कपिलवस्तुलाई बीरान नै देखेका थिए, तर उनले जुन विस्तृत वर्णन कपिलवस्तुको गरेका छन्, यसबाट पछाडि कपिलवस्तुको क्षेत्र पहिल्याउन मद्दत पुग्यो । युवाङ चाङपछि त्यस क्षेत्रको भ्रमण गर्ने प्रतिष्ठित व्यक्तिमा कर्नाली प्रदेशका रिपु मल्ल थिए । उनले त्यस क्षेत्रमा भएको अशोकस्तम्भमा आफ्नो नाम समेत अङ्कित गराएका छन् ।

रिपु मल्ल पछाडि यो क्षेत्रको उल्लेख कतै पाइँदैन । भारतमा मुसलमानको दबदबा शुरू भएको र नेपालमा पनि अनेक राज्य-रजौटाहरू देखिन थालेकोले सो क्षेत्रको महत्त्व हराउँदै जानथाल्यो । आरम्भदेखि नै जङ्गलको रूपमा विकसित हुन थालेको सो क्षेत्र अब त पूर्ण रूपले लुप्त नै भएर जान थाल्यो । फलस्वरूप मानिसहरूले कुनै समयमा कपिलवस्तु जस्तो सुन्दर नगर बनेको थियो भन्ने कुरा पनि आख्यानको रूपमा फाटफुट किताबहरूमा मात्र पढ्न थाले । निश्चित ठाउँ नै हराएर गयो र मानिसहरूमा कपिलवस्तु कुन ठाउँमा थियो भन्ने बारे विवाद उत्पन्न हुनथाल्यो । कोही भारतको गोरखपुर जिल्लातिर त कोही बस्ती जिल्लातिर प्राचीन कपिलवस्तुको खोजी गर्न थाले । असली कपिलवस्तु भने तिलौराकोट नामधारण गरेर जमीनमुनि हराएर गएको थियो ।

## कपिलवस्तुको खोजी र पहिचान

उन्नाइसौं शताब्दीको आरम्भदेखि नै विश्वमा पुरातत्त्व महत्त्वपूर्ण विषयको रूपमा लिन थालिएको थियो । विश्वका हरेक क्षेत्रमा प्राचीन इतिहास र सभ्यताको अन्वेषण हुन

थालेको थियो । भारतको अङ्ग्रेज सरकारले पनि यसमा विशेष चाख लिन थाल्यो । नेपालको तराई क्षेत्रमा अशोकस्तम्भ फेला परेको खबर सुनेपछि भारत सरकारले डा. फुहररलाई त्यसतर्फ खोजी गर्न पठायो र डा. फुहररले निग्लिहवामा दुई टुक्रा भएको अशोकस्तम्भ फेला पारे । सो स्तम्भमा यस्तो लेखिएको छ – "दूरदर्शी राजाले आफ्नो शासनको चौधौं वर्षमा दोस्रोपल्ट कनकमुनि बुद्धको स्तूपको आकार बढाएर ठूलो बनाए र आफ्नो शासनको बीसौं वर्षमा आफै आएर यसको पूजा गरेर एक शिलास्तम्भ खडा गरे ।" यस कथनबाट निग्लिहवामा प्राप्त स्तूप हाल प्राप्त नमूनाहरूमा सर्वप्राचीन भएको मानिन्छ; किनभने सम्राट् अशोकभन्दा पहिले नै सो स्तूप बनेको र अशोकले त त्यसको आकार मात्र बढाएका थिए । यस प्राप्तिले कपिलवस्तु यतै कतै हुनुपर्छ भन्ने धारणा पनि स्पष्ट हुनथाल्यो । डा. फुहररपछि भारतीय पुरातत्त्वविद्को रूपमा यहाँ अनुसन्धान गर्न आउने पी.सी. मुखर्जीले पनि १८९९ मा तिरौराकोटको सानो उत्खनन गरेर 'तिलौराकोट नै एकमात्र यस्तो प्राचीन बौद्ध स्थल हो, जसले बौद्ध ग्रन्थहरूमा गरिएको वर्णनअनुरूपको कपिलवस्तु हुन सक्ने गुण बोकेको छ" भन्ने निष्कर्ष निकाले । यस कथनलाई भी.ए. स्मिथ तथा अरू विशिष्ट विद्वान्हरूले स्वीकार गरे । यसरी कपिलवस्तु नेपालभित्रै पर्छ भन्ने निश्चित भयो । लुम्बिनीको अशोकस्तम्भ, चिनियाँ यात्रीहरूको वर्णन तथा विभिन्न बौद्ध ग्रन्थहरूमा गरिएको वर्णनको आधारमा वर्तमान तिलौराकोट नै प्राचीन कपिलवस्तु हो भन्ने तथ्य स्पष्ट भयो ।

सन् १९६२ मा नेपाल-भारतको संयुक्त दलले भारतीय पुरातत्त्वविद् श्रीमती देवला मित्रको नेतृत्वमा तथा सन् १९६५ मा नेपालको पुरातत्त्व-विभाग एक्लै र १९६६-६७ मा जापानको रिसो विश्वविद्यालय (Risso University) को संयुक्त आयोजनामा कपिलवस्तुको उत्खनन गरियो । यहाँ भएका उत्खननहरू र तिनको वैज्ञानिक विश्लेषण गर्ने नेपाली पुरातत्त्वविद्हरूमा अग्रपङ्क्तिमा डा. रामनिवास पाण्डेय, श्री बाबुकृष्ण रिजाल तथा तारानन्द मिश्रको नाम लिन सकिन्छ ।

## कपिलवस्तुको भ्रम

तिलौराकोटको उत्खनन नहुन्जेलसम्म कपिलवस्तु कहाँ हुन सक्दछ भन्नेबारे निर्क्योल गर्न सकिएको थिएन । त्यसैले कोही भारतको गोरखपुर जिल्लामा कतै यो हुनुपर्दछ भन्दथे भने कोही बस्ती जिल्लामा कपिलवस्नु खोजिरहेका थिए । पछि नेपालको तिलौराकोट वरपर तथा लुम्बिनीमा पाइएका अशोक स्तम्भहरू तथा तिलौराकोटमा भएका प्रारम्भिक उत्खननले नै वर्तमान तिरौराकोट नै प्राचीन कपिलवस्तु भएको स्पष्ट भयो । नेपाल तथा भारतका सम्पूर्ण पुरातत्त्वविद्हरूले यस तथ्यलाई स्वीकार गरे । तर केही वर्षअगाडिदेखि फेरि एक थरी भारतीयहरू भारतमा नै कपिलवस्तुको खोजी गर्न थालेका छन् । यस समूहका नेता कृष्णमुरारी श्रीवास्तव हुन् । उनले भारतको उत्तर-प्रदेशको एक ठाउँ पिपरहवालाई कपिलवस्तु मानेर प्रचार-प्रसार गर्न थालेका छन् । श्रीवास्तवले खास ठोस तर्क दिन सकेका छैनन् । त्यसैले अन्य सबै भारतीय पुरातत्त्वविद्हरूले श्रीवास्तवको विचारको खण्डन गरेका छन् । तर पनि अधिकांश भारतीयहरू कपिलवस्तु भारतमा नै भएको विश्वासमा छन् । श्रीवास्तवले न भागीरथी नदी देखाउन सकेका छन्, न

पिपरहवाको छेउबाट हिमालय, न उनले त्यहाँ बस्ती बसाइका प्रमाणहरू नै पाएका छन्, न नगर बुझाउने चिन्ह नै । यी सबै वस्तुहरू भने तिलौराकोटले पूरा गर्न सक्छ । यसर्थ तिलौराकोट नै कपिलवस्तु हो भन्ने कुरा स्पष्ट हुन्छ ।

यति भए तापनि हामी हाम्रा सांस्कृतिक सम्पदाहरूको संरक्षण गर्ने कार्यमा निकै पछाडि भएको तथ्य अस्वीकार गर्न भने सकिंदैन । तिलौराकोट पुग्नसमेत लुम्बिनीबाट पक्की सडक बनाउन सकिएको छैन । पिपरहवा क्षेत्रमा गेस्ट हाउसको निर्माण, पक्की सडक, रेलवे स्टेशन, बस स्टेशन आदिको निर्माण गरेर सर्वत्र पिपरहवा नै कपिलवस्तु हो भन्ने कुरा प्रचार गरिंदै छ, जब कि वास्तविक तिलौराकोट भने जङ्गलकै बीचमा वृक्षहरूले घेरिएको छ । यसतर्फ समयमा नै सोचिनु जरूरी हुन्छ ।

# किरातकाल

नेपालमा लिच्छविहरूभन्दा अगाडि तथा आभीर जातिभन्दा पछाडि किरातहरूले लामो समयसम्म शासन गरेको कुरा विभिन्न साहित्यिक स्रोतहरूले वर्णन गरेका छन् । किरातहरू अन्यन्तै प्राचीन जाति हुन् । विभिन्न वैदिक ग्रन्थहरू रामायण, महाभारत तथा अन्य विभिन्न स्रोतहरूले किरातहरूबारे उल्लेख गरेका छन्, तर यो जातिको उत्पत्ति, नेपालमा राज्य-स्थापना आदिबारे भने अनेक विवादहरू पाइन्छन् ।

**वंश-परिचय** – किरातहरू को हुन् र उनीहरूको मूल थलो कहाँ हो भन्ने विषयमा ठूलो विवाद उत्पन्न भएको छ । एकथरी विचार के देखिन्छ भने भूमध्ये सागरीय क्षेत्रमा बोलिने मोबाएट भाषाको किरियाट (किल्ला वा शहर शब्दमा प्रयोग गरिने) शब्दबाट किरात भनेको हो र यो जाति इ.पू. २४०० तिर आफ्नो प्राचीन स्थल बेबिलोन छाडेर मेसोपेटामियातिर लागेका थिए । अर्को थरी विचारअनुसार 'किरात' संस्कृत शब्द मानिएको छ, जसको अर्थ हुन्छ - 'सिमानामा बस्ने' । यस अर्थबाट के स्पष्ट हुन्छ भने प्राचीन युगमा आर्यहरूको राज्य-सिमानाको क्षेत्रमा बस्ने जातिहरू नै कालान्तरमा किरात-जातिविशेषको रूपमा प्रसिद्ध भए । एकथरी विद्वान्हरूले किरातलाई मङ्गोल जातका मानेर तिनको मूल वासस्थल तिब्बत र त्यसअघि चीनको कुनै प्रान्त मानेका छन् । यिनीहरू चीन तिब्बतबाट आसाम उत्री त्यताबाट पूर्वी नेपालतिर पसेको पनि मान्ने चलन छ । साथै किरातहरूको मूल थलो कसैले अफ्रिका महादेश, कसैले पर्सियाको उत्तरी मैदान, कसैले बेबिलोन, कसैले असिरिया, सुमेर वा मिश्र मानेका छन् । तर अर्को थरी विचारमा भने किरातहरू बाहिरबाट आएका नभएर यहींका आदिवासी जाति हुन् भन्ने धारणा पनि पाइन्छ । यजुर्वेदमा गुहाभ्यः किरातं भनेर किरातलाई गुफामा बस्ने जातिको रूपमा पनि वर्णन गरेको छ ।

किरातहरू आर्य हुन् कि अनार्य भन्नेबारे समेत विवाद उठेको पाइन्छ । आर्यहरूसँग किरातहरूको आचरण नमिल्ने हुनाले अमरकोश तथा अन्य केही आर्यग्रन्थहरूमा किरातहरूको गणना म्लेच्छ जातिमा भएको छ । तर महाभारत र मनुस्मृतिमा भने किरातलाई क्षत्रिय हुन् तर कर्मचाहिं शूद्रको गर्छन् भनेको छ । यिनीहरू शैवधर्मावलम्बी भएको कारणले यिनीहरूलाई आर्य नै भन्ने चलन पनि नदेखिएको छैन, तर अधिकांशको विचारमा भने किरातलाई मङ्गोल समूहका जाति मानेर यिनीहरू बाहिरबाटै भारतीय

उपमहाद्वीपमा प्रवेश गरी इ.पू. एक हजार पाँचसय वर्ष पहिले नै नेपाल उपत्यकामा पसेको मान्ने चलन छ ।

**किरातराज्यको स्थापना** – नेपालमा किरातहरूको राज्यस्थापनाबारे अनेक विचारहरू व्यक्त गरिएका पाइन्छन् । गोपाल-राजवंशावली, प्रचलित भाषा-वंशावली, विभिन्न पुराणहरू आदिमा नेपालमा किरातहरूले लामो समयसम्म शासन गरेको कुराको उल्लेख गरेको छ । तर कतिपय विद्वान्हरू भने लिच्छविपूर्व नेपालमा किरातहरूको अस्तित्वलाई स्वीकार्ने पक्षमा छैनन् । यसको प्रमुख आधार के भने किरातकालका अभिलेख, मुद्रा आदि केही पनि पुरातात्त्विक साधन पाउन सकिएको छैन । त्यसैले किरातयुगलाई ऐतिहासिक युग नमानेर पुराणहरूमा मात्र वर्णन गरिएको कपोलकल्पित पौराणिक युग मात्रै मान्ने चलन एक थरी विद्वान्हरूले चलाएका हुन् । तर वर्तमान समयसम्मको अध्ययनले के स्पष्ट पार्दै आइरहेको छ भने किरातहरूले नेपालमा एउटा सङ्गठित राज्य-व्यवस्थाको स्थापना गरेका थिए । लिच्छविकालीन अभिलेखहरूमा प्रसङ्गवश देखापरेका वर्णनहरूबाट समेत किरात-राज्यव्यवस्थाको सङ्केत दिएका छन् । लिच्छविकालीन अभिलेखहरूमा विभिन्न खोलनाला, डाँडा, पहाड, कुलो, खेत, बस्ती तथा अड्डाहरूकै नामसमेत किरातभाषाका शब्दबाट बनेका छन् । जस्तै : खोपासीलाई बुझाउने शब्द **कुर्पासी,** साँगालाई बुझाउने शब्द **शङ्गा,** चाँगुलाई बुझाउने शब्द **चङ्गु**, टेकुलाई बुझाउने शब्द **तेङखु, खोप्रिङ** (भक्तपुर), तेस्तुङ (टिस्टुङ), **तिलमक** (नहर) आदि सबै किरात भाषाका शब्द हुन् । यति मात्र नभएर लिच्छवियुगका प्रसिद्ध केन्द्रीय स्तरका अड्डाहरू मापचोक, लिङ्गल, कुथेर, शूल्ली आदि समेत किरातभाषाबाट बनेका छन् । यी कथनबाट के स्पष्ट हुन्छ भने यस्ता अड्डाहरूको स्थापना किरातकालमा नै भइसकेको थियो । अझ अंशुवर्माको समयको हनुमान्ढोका अभिलेखमा त पुरानो दरबारको जीर्णोद्धार हेरचाहको क्रममा किरात शब्दको नै उल्लेख गरेको छ । यस तथ्यबाट पनि किरातकालीन राज्यव्यवस्थाको प्रामाणिकता हुन सक्छ ।

नेपालमा इसापूर्वतिरको समय दिइएका केही मूर्तिहरू हाल उपलब्ध छन् । यिनीहरूको घुँगुरिएको कपाल, चिम्से आँखा, चौडा निधार, थ्याप्चो नाक आदि मङ्गोल मुखाकृति भएको आधारमा पनि यी मूर्तिहरू किरातकालमा बनेका हुँदा नै यस किसिमको आकार-प्रकारमा बनेका हुन् भन्ने धारणा पाइन्छ । यस किसिमको एक उल्लेखनीय मूर्ति पशुपतिको विरूपाक्षको मूर्ति हो ।

यस किसिमका धारणाहरूबाट के स्पष्ट हुन्छ भने नेपालमा किरातहरूले एक सङ्गठित शासन-प्रणालीको स्थापना गरेका थिए र यिनीहरूको शासनयुग ऐतिहासिक युग सरह नै मान्य छ ।

## प्रसिद्ध किरात शासकहरू

विभिन्न स्रोतहरूले २७ देखि लिएर ३२ जनासम्म किरात शासकहरूले नेपालमा शासन गरेको उल्लेख गरेका छन् । गोपाल-राजवंशावलीअनुसार भने ३२ जना किरात शासकहरूले शासन गरेका छन् । तल केही प्रसिद्ध किरात शासकहरूको परिचय दिइएको छ ।

**यलम्बर** – किरातराज्यका संस्थापक यलम्बर थिए । यिनी ज्यादै वीर थिए । यिनले महिषपाल आभीर वंशका शासक भुवनसिंहलाई हराएर किरात राज्यव्यवस्थाको स्थापना गरेका थिए । यिनलाई कतै-कतै यलुङ्ग पनि भनेको छ । यिनकै नामबाट पाटन शहरको पुरानो शुरू नाम यल रहन गएको मानिन्छ । यलम्बरको काठमाडौंमा ऐतिहासिक तथा धार्मिकदृष्टिको पनि महत्त्वपूर्ण स्थान रहेको छ । उनलाई काठमाडौं उपत्यकाको प्रसिद्ध जात्रा इन्द्रजात्रासँग समेत सम्बद्ध गराइएको छ । इन्द्रजात्रामा इन्द्रचोकमा प्रदर्शन गरिने आकाश भैरवको शिरलाई यलम्वरको मूर्ति मानेर पुज्ने चलन छ । नेपालका स्रोतहरूमा यलम्बरलाई महादेवको अंश भएका भनेर उल्लेख गरेको पनि पाइन्छ ।

**हुमति** – यिनी छैटौं किराती राजा थिए । यिनलाई गोपाल राजवंशावलीमा हुँति भनेर उल्लेख गरिएको छ । डेनियल राइटले छपाएको वंशावलीमा यिनलाई महाभारतको युद्धकालका भनी बखान गरेको छ । यिनको समयमा किरातरूप महादेव र अर्जुनको युद्ध भएको प्रसङ्ग वर्णन गरिएको छ । यस किसिमका कथाहरू केवल आख्यानका रूपमा मात्र स्वीकार गर्न सकिन्छन् ।

**जितेदास्ती** – किरात राजा जितेदास्ती अर्का उल्लेखनीय शासक हुन् । यिनलाई भाषा-वंशावलीहरूले सातौं क्रममा राखेको छ भने गोपाल-राजवंशावलीले केही पछिल्लो क्रममा उल्लेख गरेको छ । यिनको समयमा गौतम बुद्ध काठमाडौं आएको चर्चा गरिएको छ । तर गौतम बुद्ध स्वयम् भने उपत्यका आएका थिएनन् । उनका चेला आनन्द मात्र नेपाल उपत्यकामा अएर बौद्ध धर्मको प्रचार गरेका थिए ।

**स्थुंको** – केही वंशावलीहरूले किराँत राजा स्थुंकोको समयमा मौर्य सम्राट् अशोक नेपाल आएको उल्लेख गरेका छन्, तर वंशावलीको यो भनाइ सत्य देखिंदैन । अशोक लुम्बिनी, कपिलवस्तुमा मात्र आएका थिए । काठमाडौं उपत्यकामा आएको कुरा भने प्रमाणित छैन । अशोकले धर्मप्रचार गर्न विभिन्न मुलुकहरूमा मानिस पठाएका थिए । यहाँ पनि कोही उनका मानिस पठाइएको हुन सक्छ ।

## किरात-सभ्यता

किरातकालमा नेपालको विविध रूपले विकास भएको थियो । यद्यपि अभिलेखीय प्रमाण उपलब्ध हुन सकेका छैनन्, तथापि नेपालको प्रशासनिक ढाँचा पहिलोपल्ट किरातयुगमा नै स्थापित भएको बुझिन्छ । कुथेर, शूल्ल, मापचोक, लिङ्गल, पिटल्जा आदि अड्डाहरू किरातकालमा नै स्थापित भइसकेका थिए । त्यसबेलाको शासन-प्रणाली राजतन्त्रत्मक व्यवस्थामा आधारित थियो ।

नेपालको बाह्य सम्पर्क तथा व्यापार-विस्तारमा पनि किरातयुगको महत्त्वपूर्ण देन छ । नेपालमा किरातहरूको शासन हुँदा भारतमा मगध-साम्राज्यको युग थियो । लामो समयसम्मको नेपालको किरातकालमा भारतको मगधराज्यमा विम्बिसार, अजातशत्रुका अतिरिक्त नन्दवंशी राजाहरू तथा मौर्यहरूले शासन गरेका थिए । नेपालले त्यसबेला ती सबै राजवंशसँग राम्रो सम्बन्ध कायम गरेको थियो । कौटिल्यले उल्लेख गरेअनुसार नेपालको व्यापार मगधको राजधानी पाटलीपुत्रमा निकै चलेको थियो । नेपालमा बनेका

विभिन्न कम्बलहरूको मगधको बजारामा निकै माग हुन्थ्यो । उनको व्यापारमा पनि नेपाल त्यसबेला निकै प्रख्यात थियो ।

किरातकालमा कला, वास्तुकलाको विकास पनि निकै भएको थियो । किरातकालमा बनेका भनिएका कतिपय मूर्तिहरू काठमाडौं उपत्यकामा उपलब्ध छन् । त्यस्तै, यस कालमा निर्मित अशोकस्तूपहरू अद्यापि देख्न सकिन्छन् । अशोकको समयमा यहाँ बौद्धधर्मको प्रचार गर्न आएका उनका मानिसहरूले नै यी स्तूपहरूको निर्माण गराएका हुन् । भारतमा बनेका अशोकशैलीका स्तूपहरू जस्तै यी स्तूपहरू भएका हुँदा यिनलाई अशोकस्तूप भनिएको हो । यसका अतिरिक्त पाटन (यल) शहरको निर्माण तथा काठमाडौंमा बस्तीविस्तार किरात युगमा नै भएको हो ।

किरातहरू मूल रूपले शैव धर्मावलम्बी थिए; तापनि अन्य धर्मको विकास पनि यस युगमा भएको थियो । स्वयम् बुद्धका चेला आनन्द तथा पछि अशोकका मानिसहरू समेत यहाँ बौद्ध धर्मको प्रचार गर्न आएको घटनाबाट उक्त तथ्यको पुष्टि हुन्छ ।

किरातहरूकै समयमा विभिन्न हिन्दू-धर्मावलम्बीहरूले शरणार्थीको रूपमा यहाँ प्रवेश गरेका थिए । यिनमा शाक्य, मल्ल, कोलीय, लिच्छवि आदि प्रमुख थिए । यिनीहरूको राम्रो बसोबासको व्यवस्था किरातहरूले गरिदिएका थिए । यसरी विविध रूपले किरात-सभ्यता विकसित अवस्थामा पुगेको थियो ।

## किरातहरूको पतन

बत्तीसजना किरात शासकहरूले झन्डै एक हजार वर्षसम्म नेपालमा शासन गरेपछि लिच्छविहरूले उनीहरूलाई हटाई शासनमा आफ्नो अधिकार कायम गरे । किरातहरूको पतन कसरी भयो भन्ने विषयमा स्पष्ट केही भन्न सकिएको छैन । पशुपति-पुराणमा 'किरातहरूलाई सम्झाई-बुझाई लिच्छविहरूले राज्य आफ्नो हातमा लिए' भन्ने वर्णन परेको छ, तर आधुनिक विद्वान्हरू त्यत्रो वर्षको राज्यभोग किरातहरूले त्यसै छोडेको मान्ने पक्षमा छैनन् । एक थरी भाषा-वंशावलीमा उल्लेख भएअनुसार पश्चिमतिरबाट आएका राजपूतहरूले किरात दरबारमा आक्रमण गरेर किरात राजालाई धपाएका थिए । यी धपिने राजाको नाम कतै पटुक, कतै गलिज, कतै गस्ती दिइएको छ भने गोपाल-राजवंशावलीले अन्तिम किरात राजाको नाम खिगु दिएको छ । एक थरी विद्वान्हरू के तर्क गर्छन् भने पाटनको च्यासल टोलमा ८०० जना किरातहरूको हत्या गरिएको थियो । च्यासल शब्दको अर्थ ८०० हुने हुँदा यो तर्क निकालिएको हो। त्यस्तै, किरात राजा पटुकको हत्या भएको हुँदा नै क्वाबहाल नजिकको एक ठाउँको नाम पटुको द्वँ रहन गएको पनि भनिन्छ ।* एक थरी वंशावलीमा के उल्लेख भएको छ भने किरातहरूले क्वाबहालमा पसेका हिन्दू पुरुषहरूको हत्या गर्ने तथा स्त्रीहरूसित अनुचित व्यवहार गर्ने कार्य गर्न थालेपछि जन-आक्रोश बढ्न गयो र किरातहरू ज्यान जोगाएर भागे ।

---

* धुस्वाँ सायमि, दि लोटस एन्ड दि फ्लेम, पृष्ठ १८ ।

यस किसिमका तर्कहरूमा कत्तिको सत्यता छ यो त स्पष्ट गर्न बाँकी नै छ । तर पनि बाहिरबाट यहाँ आएर बसेका राजवंशकै कतिपय जातिहरूले किरात-सभ्यता, संस्कृति आफूसँग नमिल्ने भएकाले बिस्तारै-बिस्तारै सङ्गठन गरेर किरातहरू विरुद्ध जन-आन्दोलन मच्चाएको हुन सक्तछ । यसरी महत्त्वाकांक्षा देखाउने शासकहरूमा लिच्छविहरू नै अग्रसर देखिए । लिच्छविहरूद्वारा पराजित भएपछि किरातहरू पूर्वतर्फ लागे । वि.सं. ५२१ तिर यिनीहरू तामाकोशी र अरुण नदीको बीचको भूभागमा बसेका थिए । त्यहाँ उनीहरूको सानो राज्य थियो, तर उनीहरू विशाल नेपालकै एक अङ्गको रूपमा रहेका थिए । लिच्छवि राजाहरूकै अधीनमा उनीहरू रहेका थिए । वि.सं. ५२१ भन्दा केही समयपूर्व लिच्छवि राजा धर्मदेवको अकस्मात् मृत्यु भएर केन्द्रमा राजा मानदेव गद्दीनसीन भएको बेलामा यी किरातहरूले स्वतन्त्र हुने चेष्टा गरी विद्रोह गरेका थिए । तर मानदेवले विशाल फौजका साथमा यिनीहरूको क्षेत्रमा आक्रमण गर्दा यिनीहरूले आत्मसमर्पण गरी मानदेवकै आधिपत्य स्वीकार गरेका थिए ।

# लिच्छविकाल

## लिच्छवि-राज्यव्यवस्थाको स्थापना

नेपालमा किरातहरूपछि शासन गर्ने लिच्छविहरू थिए । नेपालको इतिहासमा लिच्छवि-शासनकाल विविध रूपले महत्त्वपूर्ण मानिन्छ । वास्तवमा सही अर्थमा नेपालको इतिहासमा ऐतिहासिक युग नै लिच्छविहरूको शासनकाल आरम्भ भएपछि शुरू भएको हो । पहिलोपल्ट अभिलेख राख्ने, मुद्रा निकाल्ने आदिदेखि लिएर नेपालको राजनीतिक व्यवस्था, भाषा, साहित्य, कला, वास्तुकला तथा बाह्य जगत्सँगको सम्पर्क आदि सबै क्षेत्रको विकासमा लिच्छवियुगको भूमिका उल्लेखनीय छ । लिच्छविहरूले गरेको चौतर्फी विकासकै आधारमा लिच्छवियुग नेपालको इतिहासमा स्वर्णयुगको रूपमा अङ्कित गरिएको छ । तर इतिहासमा यति महत्त्वपूर्ण स्थान ओगटेर बसेका लिच्छविहरूको उत्पत्ति, नेपालमा उनीहरूको आगमन, राज्यप्राप्ति, प्रथम लिच्छवि शासक आदिबारे अनेक विवादहरू पाइन्छन् ।

लिच्छविहरू को थिए भन्नेबारे थुप्रै विचारहरू व्यक्त भएका छन् । कसैले उनीहरूलाई तिब्बती मूलका मानेका छन् भने कसैले इरानी मूलका तथा कसैले यू-चि मूलका पनि मानेका छन् । लिच्छविहरूबारे निकै अध्ययन भइसकेका छन् । प्राप्त प्रमाणहरूको आधारमा लिच्छविहरू सूर्यवंशी क्षत्रिय भएको स्पष्ट हुन आउँछ । अतः लिच्छविहरूको उत्पत्तिबारे अब कुनै विवाद रहेको छैन । यसर्थ यसबारे बढी चर्चा गर्नु आवश्यक देखिँदैन ।

नेपालमा आउनुभन्दा पहिले लिच्छविहरूको वैशाली (हालको भारतको मुजफ्फरपुर जिल्ला अन्तर्गत बसाढ भन्ने ठाउँ) मा गणतन्त्रात्मक राज्य थियो । तिनताक भारतमा राजतन्त्रअन्तर्गत चलेका राज्यहरू र जनतन्त्रअन्तर्गत चलेका राज्यहरूबीच प्रतिस्पर्धाजस्तै चलेको थियो । यी दुवै प्रकारका राज्यहरू सधैं एक-अर्कालाई दबाउन प्रयत्नशील रहन्थे । यस्तैमा, राजतन्त्रात्मक राज्यहरूको शक्ति बढ्दै गयो । गणतन्त्रात्मक राज्यहरूको क्रमशः लोप हुँदै गयो । यसरी राज्य गुमाउने जातिहरूमा वैशालीका लिच्छविहरू, कपिलवस्तुका शाक्यहरू, कुशीनगरका मल्लहरू तथा रामग्रामका कोलियहरू पनि थिए । यिनीहरू सबैले शरणार्थीको रूपमा नेपालको पहाडी भागतिर प्रवेश गरे । त्यसबेला नेपालमा किरातहरूको शासन कायम थियो । यी सबै समूहलाई किरातहरूले आफ्नो राज्यक्षेत्रमा बसोबास गर्ने व्यवस्था मिलाइ दिए । यी जातिहरूमध्ये लिच्छविहरू विजिगीषु (नयाँ-नयाँ प्रदेशहरू जित्ने अभिलाषा राख्ने) स्वभावका थिए । यहाँ रहँदा बस्ता यिनीहरूले कुनै उपायले किरातहरूलाई हटाएर नेपालमा शासन-व्यवस्था कायम गरे ।

लिच्छविहरूले कसरी किरातीहरूलाई हटाउन सके, कुन समयको यो घटना हो तथा यहाँ राज्यस्थापना गर्ने प्रथम लिच्छवि शासक को थिए आदिको सम्बन्धमा निश्चित रूपमा केही भन्न सकिएको छैन । लिच्छवि-शासन-व्यवस्थाको स्थापनाको समय इसाको तेस्रो शताब्दीदेखि इसापूर्व तेस्रो शताब्दीसम्मको समय दिने गरिएको छ । कुनै पनि प्रमाणले यस सम्बन्धमा स्पष्ट जानकारी भने दिएका छैनन् । सामान्य अध्ययनको रूपमा इस्वी शताब्दीको आरम्भको साथसाथै यहाँ लिच्छविहरूको शासन शुरू भएको मान्ने गरिएको छ । त्यस्तै, यहाँ शासन गर्ने प्रथम शासक जयदेव प्रथम थिए कि भन्ने अनुमान गरिएको छ । वि.सं. ७९० मा राखिएको पशुपतिको अभिलेखमा जयदेवलाई विजयी राजाको रूपमा वर्णन गरिएको हुँदा नै यिनी नेपालमा प्रथम लिच्छवि शासक थिए कि भन्ने अनुमान गरिएको हो ।

राज्यको स्थापना गर्दा लिच्छविहरूको यहाँका शासकवर्गसँग निकै ठूलो युद्ध भएको अडकल गर्न थालिएको छ । यससम्बन्धी विभिन्न चर्चाहरू गरिएका छन् । पाटनको च्यासल टोलमा आठ सय किरातहरू मारिएको र त्यसैको सम्झनामा सो क्षेत्रको नाम नै च्यासल (नेवारीमा आठसय भन्ने अर्थमा प्रयोग गरिने) टोल रहेको पनि भनिन्छ । तर यसको सत्यता भने प्रमाणित भएको छैन । तर एउटा तथ्य चाहिं के भने वास्तवमा किरातहरूको रीतिस्थितिभन्दा भिन्न रहन-सहन भएका वर्गहरू अत्यधिक मात्रामा नेपाल आएर बसोबास गर्न थालेको थिए । त्यसैले तात्कालिक शासकवर्गको विरोधमा एउटा संयुक्त मोर्चा नै खडा भयो । यसको नेतृत्व लिच्छविहरूले गरे । सो सङ्घर्षमा किरातहरूको हार भयो र उनीहरू पूर्वतिर लागेपछि नेपालमा लिच्छवि-शासन-व्यवस्थाको सूत्रपात भयो । यसर्थ सजिलैसित राज्य हात लाग्न नसकेको हुँदा नै जयदेव प्रथमलाई 'विजयी' भनेर सम्वोधन गरिएको हो । यो पनि एउटा अनुमान मात्र हो । यस युगको ऐतिहासिकतालाई पुष्टि दिने आधारहरूको खोजी गर्नुबाँकी नै छ ।

## आरम्भिक लिच्छवि शासकहरू

नेपालका आरम्भिक लिच्छवि शासकहरूबारे जानकारी दिने एउटै मात्र आधिकारिक प्रमाण जयदेव द्वितीयको संवत् १५७ (वि.सं. ७९०) को पशुपति अभिलेख हो । तर यस अभिलेखमा पनि जयदेव द्वितीयले आफ्नो वंशगौरवको बखान गर्ने प्रयत्न मात्र गरेका छन् । यस अभिलेखमा लिच्छविहरूको वंशावलीको वर्णन गर्दा न आफ्नो सम्बन्ध वैशालीसँग देखाइएको छ, न नेपालमा राज्यस्थापना गर्ने राजाको नाम किटान गरेर नै बताइएको छ । आफ्नो वंशवृक्षलाई ब्रम्हा, सूर्य, दशरथ आदिसँग जोडेर वर्णन आरम्भ गरिएको छ । उठानको यो वर्णन पुराणको आधारमा गरिएको हुँदा यहाँ विशेष उपयोगी छैन । दशरथको उल्लेख गरिसकेपछि सोही वंशमा ८ पुस्तापछि लिच्छवि राजा भएको र उनैको नामबाट लिच्छविवंश चलेको वर्णन उक्त अभिलेखमा गरिएको छ । यिनै लिच्छविको १२ पुस्तापछि सुपुष्प भन्ने राजा भए भनेर पनि वर्णन गरिएकोछ । सुपुष्प र उनीपछि हुने राजाहरूको संक्षिप्त चर्चा तल गरिएको छ ।

**सुपुष्प** – लिच्छवि भन्ने राजाको बाह्र पुस्तापछि कामदेवजस्तै राम्रा सुपुष्प भन्ने राजा भए भन्ने वर्णन जयदेव द्वितीयको पशुपतिको अभिलेखमा परेको छ । यी सुपुष्पको

ऐतिहासिक महत्त्व स्पष्ट गर्न सकिएको छैन । जयदेव प्रथमभन्दा २३ पुस्ताअगाडिका यी राजा भएका हुँदा नेपालसँग यिनको सम्बन्ध थिएन कि जस्तो लाग्छ । तर इ.पू. तेस्रो शताब्दीमा नै नेपालमा लिच्छवि-शासन शुरू भएको मान्नेहरूले भने सुपुष्पलाई नै नेपालका प्रथम लिच्छवि राजा मानेको छ । गोपाल-राजवंशावलीले समेत सुपुष्पलाई नेपालमा वर्णव्यवस्था लागु गरेर राज्यको सारा मर्यादा बाँधे, न्यायपूर्वक प्रजाको पालना गरे तथा पशुपतिनाथको मन्दिर बनाए' भनेर उल्लेख गरेको छ । यिनले एक सुन्दर शहर बसालेको वर्णन पनि गोपाल-राजवंशावलीले गरेको छ ।

**जयदेव प्रथम–** सुपुष्पको तेइस पुस्तापछि जयदेव राजा भए भन्ने वर्णन पशुपतिको अभिलेखमा परेको छ । यी जयदेवको वर्णन गर्दा प्रख्यात तथा विजयी राजा भनेर सम्मान व्यक्त गरिएको छ । प्रसिद्ध लिच्छवि राजा मानदेवभन्दा १६ पुस्ता पहिलेका यिनी भएको हुँदा यिनको लगभग समय इसाको आरम्भतिर मानिन्छ । त्यसैले इस्वी शताब्दीको आरम्भतिर मात्र नेपालमा लिच्छवि-शासन शुरू भएको मान्नेहरूले जयदेव प्रथमलाई नै प्रथमलिच्छवि-शासक मानेका छन् । अगाडिका २३ राजा र पछाडिका १२ राजाहरूको उल्लेख नै नगरी यी जयदेवलाई 'विजयी' विशेषणसाथ वर्णन गरिएको हुँदा यिनको केही न केही महत्त्व त अवश्य नै छ । अरू प्रमाणहरू पाएपछि मात्र केही भन्न सकिएला ।

**हरिदत्त –** जयदेव प्रथमभन्दा पछाडि वृषदेवभन्दा अगाडिका बाह्र राजाहरूको वर्णन पशुपतिको अभिलेखमा गरिएको छैन । तर गोपाल-राजवंशावली र अन्य केही वंशावलीहरूले भने उल्लेख गरेका छन् । सबै राजाहरूको चर्चा त त्यति गर्न सकिँदैन, तर हरिदत्त राजाको भने ठूलो धार्मिक महत्त्व छ । नेपाल उपत्यकाका प्रसिद्ध चार नारायणहरूको स्थापना यिनै राजा हरिदत्तले गरेको कुराको उल्लेख गोपाल-राजवंशावलीले गरेको छ । पछिल्लो समयका लिच्छविकालीन अभिलेखहरूले पनि यसको सङ्केत दिएका छन् ।

बीचका बाह्र राजाको नामको उल्लेख जयदेव द्वितीयले किन गरेनन्, यो विचारणीय प्रश्न छ । वास्तवमा यसको पनि विशेष कारण थियो । भारतमा गुप्त-साम्राज्यको स्थापना भएपछि नेपालमा पनि त्यसको प्रभाव पर्न गयो । झन् समुद्रगुप्तले त्यहाँ बलियो साम्राज्य खडा गरेपछि त त्यसको असर नेपालमा पनि पऱ्यो । नेपालले आत्मरक्षाको लागि करको रूपमा केही आर्थिक रकम समुद्र गुप्तलाई बुझाउनु परेको थियो । यस कुराको सङ्केत समुद्र गुप्तको प्रयागको अभिलेखमा दिइएको छ । यसरी नेपाली शासकहरू भारतीय गुप्त राज्यको छिमेकी देश भएर पनि गुप्तहरूलाई कर तिरेर बसेका हुँदा त्यस बेलाका स्रोतहरूले उनीहरूको चर्चा गर्नु आवश्यक ठानेनन् । जयदेवपछि १२ राजालाई छोडेर वृषदेवको उल्लेख भने आदरसाथ गरिएको छ ।

**वृषदेव –** वृषदेव प्रसिद्ध लिच्छवि राजा मानदेवका जिजुबाजे थिए । यिनलाई उत्तम राजा भनेर सम्वोधन गरिएको छ । वास्तवमा वृषदेवभन्दा अगाडिका लिच्छवि शासकहरू भारतीय गुप्त साम्राज्यको अधीनमा थिए । उनीहरू यस अवस्थाबाट मुक्त हुन खोजिरहेका थिए । यस्तैमा उता समुद्र गुप्तको देहावसान भएपछि त्यहाँ गडबड शुरू

भयो । यही मौकामा नेपालले पनि आफूलाई स्वतन्त्र घोषित गऱ्यो । यसरी नेपाललाई गुप्तहरूबाट स्वतन्त्र गराउने श्रेय वृषदेवलाई नै छ ।

वृषदेव बौद्ध धर्ममा विशेष आस्था राख्दथे । यिनलाई सुगतशासन-पक्षपाती भनेर नै सम्बोधन गरिएको छ । विभिन्न वंशावलीहरूले स्वयम्भूको चैत्य, चाबहिलको चैत्य आदि धेरै बौद्ध चैत्यहरू वृषदेवको पालामा बनेको उल्लेख गरेको छ । यसरी हेर्दा 'स्वयम्भू' को स्थापना चौथो शताब्दीमा यिनै वृषदेवबाट भएको अनुमान हुन्छ ।

**शङ्करदेव** – वृषदेवका धेरै छोराहरू थिए, तिनीहरूलाई राम्ररी तालीम दिइएको थियो । तिनीहरू शूरवीर थिए । वृषदेवको मृत्युपछि शङ्करदेव राजा भए । आफ्ना बाबु वृषदेवले स्वतन्त्र पारेको देशलाई यिनले समृद्ध बनाए । आफ्नो पराक्रमले गर्दा यिनले निकै यश कमाए ।

**धर्मदेव** – शङ्करदेवपछि उनैका छोरा धर्मदेव लिच्छवि-राजगद्दीमा विराजमान भए । यिनले पनि शासनभारको राम्ररी सञ्चालन गरे । यिनी शस्त्र-विद्यामा निकै निपुण थिए । छोरा मानदेवलाई स्वयं धर्मदेवले नै शस्त्रविद्या सिकाएका थिए । यी राजा धार्मिक प्रवृत्तिका पनि थिए । विशेष गरेर आफ्नो समय पूजापाठमा व्यतीत गर्दथे । यिनले यज्ञ-यागादि पनि धेरै गरेका थिए ।

राजा धर्मदेवको मृत्यु अकस्मात् भएको थियो । तर कसरी उनी मरे भन्नेबारे कतै उल्लेख भएको छैन । वंशावलीहरूले भने स्वयम् राजा मानदेवले नै अज्ञानतावश राजाको वध गरे भन्ने उल्लेख गरेका छन् । तर यस्तो संवेदनशील विषयमा स्पष्ट प्रमाण उपलब्ध नहुन्जेल केही उल्लेख गर्न सकिँदैन । जे होस्, धर्मदेवको मृत्यु अकस्मात् भएको थियो भन्ने चाहिं स्पष्ट छ ।

यसरी पाँचौं शताब्दीको मध्यसम्मको इतिहासको यहाँ उल्लेख गरियो । यो समयसम्मको नेपालको इतिहास वास्तवमा भरपर्दो स्रोतहरूको अभावमा त्यति स्पष्ट छैन । फाटफुट पाइएका वर्णनहरूको आधारमा मात्र यो युगको वर्णन गरिन्छ । धर्मदेवका छोरा मानदेवको समयदेखि भने नेपालको ऐतिहासिक युग शुरू हुन्छ ।

## मानदेव

नेपालको इतिहासमा लिच्छवि राजा मानदेवको नाम विशेष उल्लेखनीय छ । यिनी महान् विजेता, प्रजापालक, कलाप्रेमी तथा प्रथम ऐतिहासिक राजाको रूपमा इतिहासमा अङ्कित छन् । यिनको संवत् ३८६ (वि.सं. ५२१) को चाँगुनारायणको शिलालेखबाट राजा मानदेवको विषयमा विस्तृत रूपले थाहा पाउन सकिन्छ ।

मानदेव कलिलै उमेरका छँदा उनका बाबुधर्मदेवको अकस्मात् मृत्यु भएको थियो । उनकी आमा राज्यवती आफ्ना पति धर्मदेवसँग सती जान खोजिन्, तर राजा मानदेवले आमालाई सम्झाई-बुझाई सती जानबाट रोके । राज्यवती पनि छोराको अनुरोध स्वीकार गरेर छोरालाई राजकाजमा सहयोग र सल्लाह दिएर बस्न थालिन् । मानदेवले ४१ वर्षभन्दा बढी समयसम्म नेपालको शासन गरेर देशको चौतर्फी विकास गरेका थिए ।

त्यसैले इतिहासमा उनी उल्लेखनीय बनेका छन् । उनको मृत्यु भने वि.सं. ५६२ तिर भएको थियो ।

## मानदेवको विजय

मानदेवको विजयसम्बन्धी वर्णन उनको वि.सं. ५२१ को चाँगुनारायणको अभिलेखमा विस्तृत रूपले भएको छ । त्यस बेलाको शासन-प्रणालीअनुसार राजधानी र त्यसको वरपरका क्षेत्रहरूमा केन्द्रले रेखदेख पुऱ्याउँथ्यो र राजधानीभन्दा टाढाटाढाका क्षेत्रहरूमा भने स्थानीय शासकको रूपमा सामन्तहरू नियुक्त गरिएका हुन्थे । यी सामन्तहरू राजाको अधीनमा हुन्थे; तापनि केन्द्रमा केही कमजोरी देखिने बित्तिकै आफू स्वतन्त्र हुने चेष्टा गर्दथे । यस्तै समस्याको सामना राजा मानदेवले पनि गर्नुपऱ्यो । राजा धर्मदेवको अकस्मात् मृत्यु भएको र मानदेव पनि कलिलै उमेरका भएका हुँदा वरपरका सामन्त शासकहरूले स्वतन्त्र हुने चेष्टा गरे । तर मानदेव कमजोर प्रकृतिका थिएनन् । आवश्यक शस्त्रशास्त्रसम्बन्धी शिक्षा हासिल गरिसकेका थिए । त्यसैले मानदेवले यी सामन्तहरूलाई दबाउने निश्चय गरे । यस काममा मानदेवका मामाले पूरा मद्दत गरे । पूर्व तामाकोशी र अरूण नदीको बीचको भाग त्यसबेला किरातहरूको अधीनमा थियो । राजा मानदेव आमा राज्यवतीको आज्ञा लिएर पहिले त्यतैतिर लागे । मानदेवको फौजको अगाडि यी किरातहरूको केही लागेन । उनीहरूले चाँडै नै मानदेवको आधिपत्य स्वीकार गरेका हुँदा राजा मानदेव पनि उनीहरूलाई पहिलेको जस्तै सामन्त पद थामिदिएर पश्चिमतर्फ लागे । पश्चिम गण्डकीपारि मल्लपुरीका सामन्तहरूलाई पनि मानदेवले बोलाएर कुराकानीद्वारा स्थिति मिलाउन चाहे, तर यहाँका सामन्तहरू मानदेवसँग मिल्न चाहेनन् । त्यसैले झोक्किएर मानदेवले युद्धद्वारा नै मल्लपुरीका सामन्तलाई दबाउने चेष्टा गरे । त्यसबेला गण्डकी नदीमा ठूलो बाढी आइरहेको थियो । गण्डकी तर्नु सजिलो थिएन; तापनि मानदेवले आँट गरेर मामाको मातहतमा केही फौज पठाई मल्लपुरी घेर्न लगाए । पछि आफू पनि ठूलो फौजसाथ गण्डकी तरी मल्लपुरीमा आक्रमण गर्न पुगे । उनले आफ्ना मामालाई पठाएको खबरमा "कस्सिएका सयौं घोडा र हात्तीहरूको साथमा नदी तरेर म तपाईको फौजको पछि आउनेछु" भनेका छन् । यसरी हात्ती, घोडा, पैदल आदि विभिन्न सेना भएको मानदेवको विशाल फौजको अगाडि मल्लपुरीका सामन्तहरूको केही लागेन र उनीहरूले मादेवको प्रभुत्व स्वीकार गर्न करै लाग्यो । यसबाट मानदेव कुशल सेनानायक भएको स्पष्ट हुन्छ ।

यसरी पूर्व र पश्चिमका सामन्तहरूलाई दबाई राजधानी फर्केपछि मानदेवले आमा राज्यवतीका साथ चाँगुनारायणमा पूजा गरी दान-धर्म गरे र आफ्नो विजय-वर्णन भएको गरुडस्तम्भ राख्न लगाए । यही गरुडस्तम्भ चाँगुनारायणको शिलालेख भनेर चिनिन्छ ।

## मानदेवका अन्य उपलब्धिहरू

**कुशल प्रजापालक –** वीर योद्धा मात्र नभई राजा मानदेव कुशल प्रजापालक पनि थिए । वि.सं. ५३४ को देउपाटनको एउटा अभिलेखमा, "सम्यक्पालयत: प्रजा:" = राम्ररी प्रजाहरूको पालन गरिरहेका भन्ने उल्लेख भएको छ । केलटोलको एक अभिलेखमा

त स्पष्ट रूपले "शुद्धात्मा प्रकृतेः पितेव दयते श्रीमानदेवो नृपः" अर्थात् "राजा मानदेव दुनियाँलाई बाबुजस्तै माया गर्नुहुन्छ' भन्ने उल्लेख छ। सोही अभिलेखमा 'रैतीहरूको सुख होस् भन्नाखातिर धारापानीको व्यवस्था गरेको' उल्लेख भएको छ। वि.सं. ५२१ को चाँगुको अभिलेखमा नै मानदेवलाई 'रैतीको माया गर्ने, गरीब र अनाथका मित्र' तथा 'लोकको व्यवस्था राम्ररी थाहा पाउने' भनेर सम्बोधन गरिएको छ।

**धर्म तथा कला** – मानदेव धार्मिक सहिष्णु राजा थिए। उनको समयमा विभिन्न धर्म तथा सम्प्रदायहरूले प्रश्रय पाएका थिए। राजा स्वयम् वैष्णव धर्मका अनुयायी थिए। चाँगुनारायणमा स्थापना गराएको गरुडस्तम्भ तथा दोलाद्रिका हरिको स्तुतिबाट यो कुरा स्पष्ट हुन्छ। आमा राज्यवतीको नाउँमा पनि उनले दुइटा वैष्णव मन्दिरहरू बनाएका थिए। उनका रानीहरू तथा छोरीहरू भने शैव धर्मप्रति आस्था राख्तथे। स्वयम् राजा मानदेवले पनि बूढानीलकण्ठमा शिवलिङ्गको स्थापना तथा अन्य केही शैव मन्दिरहरू बनाउने कार्य पनि गरेका थिए। यिनले मानेश्वर, धारामानेश्वर, प्रवर्द्धमानेश्वर नाउँका शैव मन्दिरको स्थापना गरेका थिए। राजा मानदेवले भिक्षु-भिक्षुणी बस्नको निम्ति पाटनमा एक बौद्ध विहार पनि बनाउन लगाएका थिए। सो विहारलाई मानविहार भनिन्थ्यो। यी सबै कुराबाट राजा मानदेव सबै धर्मलाई समान दृष्टिले हेर्दथे भन्ने बुझिन्छ। यिनको समयमा बनेका त्रिविक्रम वामनका मूर्तिहरू, विष्णुविक्रान्तमूर्ति, गरुडस्तम्भ तथा विभिन्न मन्दिरहरूको निर्माण, बौद्ध विहारको स्थापना आदिबाट यिनको कला तथा वास्तुकलाप्रतिको प्रेम पनि स्पष्ट हुन्छ। यिनले मानगृह दरबार पनि बनाएका थिए, जसमा बसेर उनीपछि १५० वर्षसम्म पनि लिच्छवि शासकहरू राज्य-सञ्चालन गरिरहेका थिए।

मानदेवले बनाएको मानगृह दरबार कहाँ थियो, त्यो त थाहा पाउन सकिएको छैन, तर यसको आकृति र बनावट शैलीबारे भने पछिल्लो युगमा लेखिएका वंशावलीहरूबाट केही बुझ्न सकिन्छ। यो मानगृह दरबार साततले, सात चोक भएको थियो र दरबार इलाकापूरै चारैतिरबाट पर्खालले घेरिएको थियो। भित्रपट्टि दुइटा ठूला ठूला पोखरी र मन्दिर पनि बनाइएको थियो। यसरी मानदेवले निकै भव्य देखिने दरबार बनाएको प्रतीत हुन्छ।

यी सबैको अतिरिक्त राजा मानदेवकै पालामा कुनै जयलम्भ भन्ने व्यक्तिले पशुपतिमा जयेश्वर महादेवको स्थापना गरेको थियो भने पलान्चोक भगवतीको स्थापना मानदेवकै समयमा वि.सं. ५६० तिर विजयस्वामिनी भन्नेले गरेकी थिइन्।

**भाषा तथा साहित्य** – मानदेव भाषा साहित्यको उन्नतिमा पनि विशेष ख्याल राख्ने गर्दथे। केलटोलको अभिलेखबाट उनी वेद तथा अन्य विभिन्न धर्मशास्त्रहरूको अध्ययनमा विशेष रूचि राख्तथे भन्ने बुझिन्छ। वि.सं. ५६२ को उनकी छोरी विजयवतीको पशुपति सूर्यघाटको अभिलेखबाट नारीशिक्षा पनि समाजमा थियो भन्ने देखिन्छ। उनलाई सो अभिलेखमा विभिन्न विषयमा निपुण भएकी भनिएको छ। त्यसबेलाका अभिलेखहरूको अध्ययन गर्दा उच्चकोटिका विद्वान्हरू त्यसबेला भएको बुझिन्छ। त्यसबेला राष्ट्रभाषा संस्कृत थियो।

**मुद्रा-निष्कासन** – टक चलाउने पहिला राजाको रूपमा पनि मानदेवको नाउँ महत्त्वपूर्ण रहेको छ। यिनले अग्र भागमा श्री मानाङ्क र पृष्ठभागमा श्री भोगिनी लेखिएको तामाको मुद्रा प्रचलनमा ल्याएका थिए। श्री मानाङ्क लेखमुनि सिंहको मूति र श्री भोगिनी लेख मुनि देवीको मूर्ति अङ्कित गरिएको छ। यो टकको अग्रभागमा सिंह बनाएर मानदेवले आफूलाई सिंहजस्तै पराक्रमी भन्न खोजेको बुझिन्छ।

**नेपालको अखण्डता**– नेपाललाई खण्डित हुनबाट बचाउने कार्य गरेर पनि मानदेव इतिहासमा अमर भएका छन्। धर्मदेवको अकस्मात् मृत्युले गर्दा स्वतन्त्र हुन खोजेका पूर्वतिरका र पश्चिमतिरका सामन्त राजाहरूलाई मानदेवले कज्याएरका थिए। मानदेवको यस कार्यबाट प्राचीन कालमा पनि नेपालको सीमा-विस्तार निकै भएको बुझिन्छ। मानदेवले कज्याएका सामन्तहरू पछि पनि उठ्न सकेनन् र पछि हुने लिच्छवि शासकहरूले नेपालको अखण्डता कायमै राख्न सके। पछि मध्यकालमा गएर मात्र नेपाल ५० भन्दा बढी टुक्रामा बाँडिन पुगेको हो।

**मानदेवले प्रयोग गरेको संवत्**– मानदेवको सबभन्दा पहिलो अभिलेख चाँगुनारायणको अभिलेख हो। त्यसमा संवत् ३८६ अङ्कित गरिएको छ। त्यसपछि १४० वर्षसम्म यही संवत् प्राचीन नेपालमा चलनचल्तीमा थियो। अंशुवर्माको उदय भएपछि भने उनले यो संवत् छोडेर अर्कै संवत् प्रचलन गरेका थिए। यो मानदेवका अभिलेखमा देखिएको संवत्को परिचय दिने सन्दर्भमा विभिन्न विद्वान्हरूले यसलाई विक्रम-संवत्, गुप्तसंवत्, लिच्छवि-संवत्, शकसंवत् आदि मानेर वर्णन गरेका छन्। तर बाबुराम आचार्य, नयराज पन्त आदि विद्वान्हरूले पूर्ण परीक्षण गरेर यो संवत्लाई शकसंवत् भएको प्रमाणित गरेका छन्। उहाँहरूले भनेजस्तै शकसंवत् मानेको खण्डमा सबै घटनाक्रमहरू ठीक-ठीक मिल्न आएका छन्। नेपालमा प्राप्त प्राचीन एक ज्योतिषग्रन्थ 'सुमतितन्त्र' मा पनि यो संवत् शकसंवत् मानिएको छ। अत: मानदेवले प्राचीन भारतमा चलेको संवत् शकसंवत् नै नेपालमा चलाएको बुझिन्छ। यो संवत् प्राचीन भारतका शासक कनिष्कले वि.सं. १३५ (इ.सं. ७८) मा शुरू गरेका थिए। यसबाट मानदेवको चाँगुनारायण अभिलेखको संवत् ३८६ लाई वि.सं. बनाउँदा ३८६ + १३५ = ५२१ हुने भयो।

**मानदेवको व्यक्तित्व** – तत्कालीन अभिलेखहरूबाट मानदेवको उत्कृष्ट व्यक्तित्व भएको बुझ्न सकिन्छ। उनको चाँगुनारायणको अभिलेखमा उनलाई "पराक्रमी, धैर्यवान्, सहनशील, लोकको व्यवहार राम्ररी थाहा पाउने, शत्रुको घमन्ड तोड्ने, पुष्ट काँध भएका, फुलेको नील कमलको पातको जोडालाग्दो आँखा भएका, साक्षात् औतार लिएका कामदेवजस्ता, मुसुक्क हाँसी कुरा गर्ने" भनेर वर्णन गरिएको छ।

**मानदेवको परिवार** – राजा मानदेवको परिवारमा भोगिनी, गुणवती र क्षेमसुन्दरी तीन रानीहरू थिए। उनका एक छोरा महीदेव र छोरी विजयवतीको नाम पनि अभिलेखहरूबाट थाहा पाइन्छ।

यसरी उपर्युक्त विविध कारणहरूले गर्दा राजा मानदेवको ठूलो ऐतिहासिक महत्त्व रहेको छ। पहिलोपल्ट अभिलेख निकाल्ने, मुद्रा निकाल्ने, कला तथा वास्तुकलाको स्थापना

गर्ने, नेपालको अखण्डता कायम राखी राजनीतिक, प्रशासनिक, भाषा तथा साहित्यको क्षेत्रमा पनि व्यवथित परिपाटी यिनैका पालदेखि बसेको देखिएकोले यिनी नेपालको इतिहासमा प्रथम ऐतिहासिक राजाको रूपमा चिनिन्छन् ।

## वसन्तदेव

मानदेवको मृत्यु भएपछि उनैका छोरा महीदेव राजा भएका थिए, तर उनले लगभग १ वर्ष जति मात्र शासनगर्न पाए । उनको अल्पायुमा नै मृत्यु भएपछि वि.सं. ५६३ को मध्यतिर वसन्तदेव लिच्छवि राजगद्दीमा बसेका थिए । राजा हुँदा यी वसन्तदेव कलिलै उमेरका भएको प्रतीत हुन्छ । संवत् ४२८ (वि.सं. ५६३) को थानकोटको आदिनारायणको अभिलेख वसन्तदेवको अभिलेख हो ।

राजा वसन्तदेव आफ्ना बाजे मानदेवले बनाएको मानगृह दरबारमा बसी शासन सञ्चालन गर्थे । अभिलेखहरूमा यिनको नाउँसाथ भट्टारकमहाराज, वप्पपादानुद्यात (बाबुको पाउको अनुग्रह पाएका), परमदैवत (ठूला देवतास्वरूप भएका) आदि उपाधि लेखिएका छन् । साथै उनको समयका विभिन्न अभिलेखहरूमा प्रजावत्सल राजाको रूपमा उनको वर्णन गरिएको छ । ललितपुरको च्यासलटोल नजिकैको खपिंतेको अभिलेखमा 'वसन्तदेवले राम्ररी शासन गरिरहनुभएको बेलामा' लेखिएको छ भने बलम्बुको खाद्याँको अभिलेखमा "प्रजानां श्रेयसे' अर्थात् 'प्रजाहरूको कल्याणको लागि' भन्ने वाक्य परेको छ । त्यहाँ उनले प्रजाहरूको कल्याणको लागि कुनै देवमन्दिर तथा ढुङ्गेधारा बनाएको बुझिन्छ । किसिपिंडीको वि.सं. ५८४ को अभिलेखबाट उनले सो क्षेत्रका वासिन्दाहरूको भलाइको निमित्त केही कर माफी गरिदिएको तथा 'सरकारी अफिसरहरूले दुःख नदिनू' भन्ने बन्देज बाँधेको बुझ्न सकिन्छ । यसरी वसन्तदेव निकै प्रजावत्सल देखिन्छन् । जयदेव द्वितीयले आफ्नो पशुपतिको अभिलेखमा वसन्तदेवको प्रशंसा यसरी गरेका छन् - "वसन्त ऋतुझैं लोकका प्यारा भएका, शत्रुसँगको कलहलाई शान्त पारेका, कज्याइएका सामन्तहरूले ढोगिएका वसन्तदेव ।" यी कथनहरूबाट पनि वसन्तदेव बलिया तथा प्रभावशाली शासकको रूपमा चम्केका देखिएका छन् ।

तर वसन्तदेव एउटा स्वतन्त्र शासकको रूपमा भने त्यति शक्तिशाली तथा प्रभावशाली थिएनन्, जति यी अभिलेखहरूमा उनलाई बखान गरिएको छ । वास्तवमा वसन्तदेव कलिलै उमेरमा राजा भएका हुँदा आरम्भदेखि नै उनी उनका सामन्त-महासामन्तहरूको नियन्त्रणमा परेका थिए । उनको समयमा गुप्तखलकहरूले शासनमा निकै शक्ति जमाए । वसन्तदेवको शुरूकै अभिलेखमा दूतकको रूपमा याज्ञिक विरोचन गुप्त देखिएका छन् । दूतकको काम राजाका आदेशहरू जनतासमक्ष पुऱ्याउनु हुन्थ्यो । राजाको अत्यन्तै विश्वास प्राप्त व्यक्ति मात्र दूतक हुन सक्दथ्यो । विरोचन गुप्तपछि देखिएका रवि गुप्त त झन् शक्तिशाली बनेका थिए । उनी त दूतक मात्र नभएर सर्वदण्डनायक (सुरक्षा-प्रमुख, प्रहरी-प्रमुख) तथा महाप्रतिहार (न्यायप्रमुख) जस्ता पदहरू पनि सम्हालेर बसेका थिए । पछिपछि त रवि गुप्तको शक्ति झन्झन् बढ्दै गएको देखिन्छ । अन्तिम समयमा आएर रवि गुप्त शक्तिशाली सरकारी अधिकारी मात्र नरहेर राजाका सहायक शासककै रूपमा देखिएका छन् । 'सर्वदण्डनायक, महाप्रतिहार रवि

गुप्तले हाम्रा हजूरमा बिन्ती चढाएका हुँदा सो ठीक छ भनी निगाह गरिएको हो' भनेर राजाले उल्लेख गराएका छन् । यसैबाट रवि गुप्तको भूमिका स्पष्ट हुन्छ । वि.सं. ५८७ को पशुपति आर्यघाटको अभिलेखमा त ब्राम्हण पुण्यगोमीले राजाको उल्लेखै नगरी 'सर्वदण्डनायकको पाउको अनुग्रह पाएको' भनेर आफूलाई लेखाएका छन् ।

वसन्तदेवकै समयमा क्रमलिल नाम गरेका अर्का व्यक्ति पनि शासनमा सक्रिय थिए । यिनलाई 'महाराज महासामन्त' भनिएको छ । यिनको पनि तत्कालीन शासनमा निकै हैकम जमेको थियो । राजा केही कार्य गर्दा यिनै दुईजनाको सरसल्लाहले मात्र गर्दथे । तर यिनको स्पष्ट परिचय भने पाउन सकिएको छैन ।

यसरी वसन्तदेव स्वतन्त्र शासक थिएनन्, रवि गुप्त तथा क्रमलिलका कठपुतलीजस्ता मात्र थिए । उनको अन्त पनि यस्तै सामन्तहरूको षडयन्त्रबाट भएको थियो कि भन्ने अनुमान गरिएको छ । यति भए पनि वसन्तदेवको समय विविध दृष्टिकोणले महत्त्वपूर्ण नै छ । नेपालको पहिलो सनद (राजाज्ञा) शिलापत्र यिनैको पालाको संवत् ४२८ (वि.सं. ५६३) को थानकोटको अभिलेख हो । सो अभिलेखबाट र अन्य विभिन्न अभिलेखहरूबाट विर्ता प्रथाको उदयको बारेमा जान्न सकिन्छ भने विभिन्न प्रशासनिक र अन्य अड्डाहरूबारे पनि वसन्तदेवकै अभिलेखहरूबाट जान्न सकिन्छ । 'नेपाल' शब्दको उल्लेख भएको प्रथम नेपाली शिलालेख पनि वसन्तदेवकै वि.सं. ५६९ को टिस्टुङ अभिलेख हो ।

वसन्तदेवको समयमा भएको एउटा महत्त्वपूर्ण कार्य प्रशासनिक विकेन्द्रीकरणको थालनी हो । तिनताक जग्गा रजिस्ट्रेशनको कार्य कुथेरनामक अड्डा र पञ्चापराध (चोरी गर्नु, अर्काकी स्वास्नी हर्नु, ज्यान मार्नु, राजद्रोह गर्नु तथा यस्ता अपराध गर्नेहरूलाई सहयोग गर्नु) को मुद्दा शोल्ल अड्डाले हेर्थ्यो । वसन्तदेवले यसमा केही सुधार गर्ने प्रयास गरेको देखिन्छ । यो अधिकार उनले ग्रामपाञ्चालीलाई नै दिएका थिए । यसरी जनताले टाढाटाढा गएर सरकारी अड्डामा धाउनु नपरोस् भन्ने भावना त्यसबेला लिएको बुझिन्छ ।

यसरी विविध रूपमा वसन्तदेवको महत्त्व इतिहासमा रहेको छ । यिनको शासनकाल वि.सं. ५८९ सम्म मात्र कायम रहेको देखिएकोले यिनले २६ वर्षसम्म नेपालको शासन-सञ्चालन गरेको बुझिन्छ ।

## शिवदेव प्रथम

वसन्तदेवपछि १२ राजाहरूलाई छोडेर शिवदेवराजा भएका थिए । यी शिवदेव प्रथम वि.सं. ६४७ भन्दा अगाडि राजगद्दीमा बसेका थिए । उनी त्यस्तो बेलामा राजा भएका थिए, जुन बेलामा आभीर गुप्तहरूले लिच्छवि राजाहरूलाई गद्दीको शोभा बनाएर शासनमा आफ्नो अधिकार कायम गरेका थिए ! वास्तवमा मानदेवको मृत्यु भएको लगत्तैपछिदेखि नै केन्द्रमा कमजोरी देखा पर्‍यो र आभीर गुप्तहरू सक्रिय हुन थाले । उनीहरूले लिच्छवि राजाहरूलाई कठपुतली बनाएर राज्यव्यवस्थामा आफ्नो हैकम जमाएका थिए । शिवदेव राजा हुने बेलामा भौम गुप्त नामका शक्तिशाली सामन्त शासनमा सक्रिय थिए । शिवदेवले भने भौम गुप्तको प्रभावमा धेरै वर्ष रहनुपरेन । राजा भएको केही वर्षपछि नै भौम गुप्तलाई हटाई शिवदेवले एकलौटी शासन कायम गरे ।

उनलाई यस काममा उनका भानिज अंशुवर्माले मद्दत गरेका थिए । यसरी शिवदेवले गुप्तहरूलाई हटाएर शासनमा आफ्नो अधिकार कायम गरी लिच्छविहरूको गौरव बढाएको हुँदा नै उनी इतिहासमा उल्लेखनीय बन्न पुगेका छन् ।

शिवदेवले शासनको आरम्भदेखि नै लिच्छविकुलको झन्डास्वरूप भएको, चन्द्रमाको जस्तो सफा कीर्ति फैलेका, बाबुको पाउको अनुग्रह पाएका, भट्टारक महाराज आदि प्रशस्ति लिने गरेको बुझिन्छ । यसबाट हेर्दा शिवदेव निकै महत्त्वपूर्ण शासक देखिन्छन् । तर शिवदेवलाई आरम्भदेखि नै शासनमा सहयोग गर्ने अंशुवर्मा थिए । शिवदेवले आफ्ना अधिकांश शिलालेखहरूमा अंशुवर्माको सल्लाह सहयोग लिएको उल्लेख गरेका छन् । उनको समयमा भएका सम्पूर्ण कार्यहरूमा 'मलाई अंशुवर्माले बिन्ती गरेको हुँदा मैले यो काम गरेको हुँ' भन्ने कुरा शिवदेवले उल्लेख गरेका छन् ।

**प्रजावत्सल** – शिवदेव प्रजावत्सल राजा देखिन्छन् । उनको पालका अधिकांश अभिलेखहरू जनतालाई कर माफी गरिदिएका तथा अन्य सहुलियतको व्यवस्था सम्बन्धीमात्र छन् । शिवदेवभन्दा अगाडि जनताहरू वनमा गएर घाँसपात ल्याउँदा कुट्ने पिट्ने गरी सताइन्थे । वि.सं. ६५४ को सतुंगलको अभिलेखद्वारा शिवदेवले यसमा रोक लगाइदिए । चाँगु अभिलेखअनुसार जङ्गलबाट निषेध गरिएका काठबाहेक अरू काठपात बेच्न पाउने व्यवस्था पनि मिलाए । साथै सरकारी कर्मचारीहरूले ठाउँ-कुठाउँमा जनताहरूलाई दुःख दिएको कुरा बुझेर शिवदेवले धेरै ठाउँहरूमा विशेष उद्देश्यबाहेक अरू बेला कर्मचारीहरूले पस्न नपाउने, तोकिएको व्यक्तिबाहेक अरू कसैले पनि प्रशासनिक काम-कारवाई गर्न नपाउने आदि व्यवस्था पनि उनले मिलाएका थिए । चाँगुनारायण क्षेत्रमा त सिपाहीहरूलाई समेत पस्न निषेध गरेको बुझिन्छ ।

**शासन-व्यवस्थामा सुधार** – शिवदेव प्रथमको समयमा शासन-व्यवस्थामा पनि केही सुधार भएको पाइन्छ । यद्यपि यो सबै सुधारको श्रेय अंशुवर्मालाई नै जानुपर्ने हो; किनभने 'अंशुवर्माले बिन्ती गरेकोले मैले उनको कुरा राख्न यो कार्य गरेको हुँ' भनेर राजाले लेखका छन् । तर शिवदेवकै समयमा यी कार्य भएकाले यहाँ वर्णन गरिएको हो । त्यसबेला भएको प्रमुख प्रशासनिक सुधार अधिकारको विकेन्द्रीकरण हो । विकासको दृष्टिकोणले ग्राम, तल, द्रङ्ग गरी विभिन्न तहमा विभाजित भएको बस्तीका पाञ्चालीहरूलाई केही प्रशासनिक अधिकार दिई स्वायत्त शासनमा विशेष जोड दिन खोजिएको बुझिन्छ । जग्गाको किनबेच गर्दा त्यसको रजिस्ट्रेशन गराउने काम पहिले कुथेर अधिकरणले गर्थ्यो भने अब आएर जनतालाई सुविधा होस् भन्नाको खातिर यो अधिकार ग्रामपाञ्चालीलाई नै सुम्पिएको थियो । यसको शुरुआत वसन्तदेवकै पालामा भएको भए पनि त्यति सफल हुन सकेको थिएन । त्यसैगरी पञ्चापराध (१) चोरी गर्नु, (२) हत्या गर्नु, (३) अर्काकी स्वास्नी हरण गर्नु, (४) राजद्रोह गर्नु तथा (५) त्यस्तो अपराध गर्नेहरूलाई सहयोग गर्नु जस्ता ठूला-ठूला अपराधसम्बन्धी मुद्दामामिला पहिले शोल्ल अधिकरणले हेर्दथ्यो भने अब आएर सो पनि ग्रामपाञ्चालीले नै हेर्न पाउने भयो । तर यसरी शासन-व्यवस्थामा सुधार गर्दा सबै ठाउँमा एकैचोटि एकै किसिमले प्रशासन अधिकार सुम्पिएको भने थिएन । तत्-तत् ठाउँका जनताको प्रशासन चलाउने क्षमता हेरी तदनुसार नै अधिकारको विकेन्द्रीकरण गरिएको देखिन्छ ।

**आर्थिक व्यवस्थामा सुधार** – शिवदेव प्रथमको पालामा भएका महत्त्वपूर्ण आर्थिक सुधारमध्ये कर-प्रणालीमा भएको नयाँ व्यवस्था महत्त्वपूर्ण मानिन्छ । त्यसबेला करको व्यवस्था गर्दा स्थायी र अस्थायी गरी २ भाग गरिएको थियो । स्थायी कर भन्नाले भाग (कृषिमा), भोग (पशुपालनमा) र कर (वाणिज्य व्यवस्थामा) लागेका कर थिए । यी सबैलाई मिलाएर त्रिकर भनिन्थ्यो र यो त्रिकर माफी दिइँदैनथ्यो । तर अन्य ठाउँ र उब्जा हेरी लगाइएका करहरू भने अस्थायी थिए र यिनलाई जनताको स्थिति हेरी माफी दिइन्थ्यो । शिवदेवको पालमा लसुन, प्याज आदिको करमा माफी गरिदिएको प्रसङ्ग यहाँ स्मरणीय छ । साथै, मत्स्यपालन व्यवसायमा प्रोत्साहन दिन पनि सो व्यवसायमा लगाइएको कर निकै कम गरिएको थियो ।

**सामाजिक व्यवस्थामा सुधार** – लिच्छविकालीन समाजमा भएको एउटा महत्त्वपूर्ण पक्ष गोष्ठीप्रथा हो । जुनसुकै सामाजिक कार्य पनि मिलेर गर्ने भावना त्यसबेला थियो । यस्ता गोष्ठीहरू धर्म, शिक्षा, स्वास्थ्यदेखि लिएर सरसफाइ, खानेपानी, कुलो-नहर तथा चाडपर्व-मनोरञ्जनसमेतको व्यवथा गर्ने गर्दथे । यस्ता सामाजिक कार्यहरूको सञ्चालनको निम्ति विभिन्न व्यक्तिहरूले जग्गा दान गरेका हुन्थे । राजा शिवदेवले यस्ता विभिन्न व्यक्तिहरूबाट विभिन्न कार्यको लागि दान गरेका जग्गाहरूको राम्रो स्थितिबन्देज गरेका थिए । कसैले यस्तो दान गरेका जग्गाहरूको हिनामिना गरेमा दण्ड गर्ने व्यवस्था थियो ।

यसरी शिवदेवले अंशुवर्माकै सल्लाहले भएपनि केहीं सामाजिक सुधारका कार्यहरू गरेका थिए । त्यसैले उनका अभिलेखहरूमा उनलाई 'अनेक ठूला गुणहरू भएका', 'पूर्णिमाको जूनजस्तो सफा यश फैलेर दशै दिशा ढाकेका', 'श्रुत, नय, विनय, शौर्य, धैर्य र वीर्य यी ६ गुणको समूहका आधार' जस्ता विशेषणहरूले सम्बोधन गरिएको छ । तर यसरी अनेक थरी विशेषण उनलाई लगाइए पनि उनका सन्तानहरूको दृष्टिमा भने शिवदेव गौरवशाली ठहरिएका थिएनन् । जयदेव द्वितीयले आफ्नो पशुपतिको अभिलेखमा उनको उल्लेखै गरेका छैनन् । वास्तवमा भौम गुप्तजस्तो व्यक्तिलाई पन्छाई लिच्छवि-शासनलाई मजबूत पारेको कारणले शिवदेवको महत्त्वपूर्ण स्थान हुनपर्ने हो, तर आफ्नो बुद्धिबर्कतबाट शिवदेवले यो कार्य नगरेको हुँदा लिच्छविकुलको दृष्टिले शिवदेव गौरवशाली व्यक्ति ठहरिएनन् । भौम गुप्त गए, अंशुवर्मा आए त्यति मत्रै अन्तर हो, प्रवृत्तिमा अन्तर भएको थिएन ।

शिवदेवले वि.सं. ६६२ सम्म मात्र शासनमा केही सक्रियता देखाएका थिए । त्यसपछि भने उनी शासनभार अंशुवर्मालाई जिम्मा लगाएर धर्म-कर्ममा लागेको बुझिन्छ । पछि त उनी बौद्ध भिक्षु नै बनेर विहारमा नै बस्न थाले । उनले शिवदेव-विहार नै बनाएका थिए । यो विहार हालको बौद्धनाथ स्तूप छेउमा थियो । बौद्धनाथ स्तूप पनि शुरूमा शिवदेवले नै बनाएको बुझिन्छ ।

## अंशुवर्मा

प्राचीन नेपालको इतिहासमा अंशुवर्मा बहुमुखी प्रतिभाशाली शासकका रूपमा चिनिन्छन् । लिच्छविवंशका गद्दीका हकदार नभए पनि आफ्ना मामा शिवदेवको सामन्तको

रूपमा देखा परेर पछि उनका उत्तराधिकारी समेत बन्न पुगेका अंशुवर्माले जुन रूपले राष्ट्रको चौमुखी विकास गरे, त्यसबाट इतिहासमा उनी ज्यादै महत्त्वपूर्ण बन्नपुगेका छन्।

**अंशुवर्माको उदय** – अंशुवर्माको उदय नेपालको इतिहासमा एउटा महत्त्वपूर्ण घटना थियो। वास्तवमा उनी लिच्छवि-राजवंशका गद्दीका हकदार थिएनन्। उनी शुरूमा शिवदेवका सामन्तका रूपमा देखा परेका थिए। शिवदेव राजा भएताका भौम गुप्त नामक शक्तिशाली व्यक्ति शासनमा हैकम जमाएर बसेको थियो। शिवदेव त देखावटी शासक मात्र थिए। लामो समयदेखि लिच्छवि राजाहरूलाई नै आफ्नो दबाउमा राखेर शासन गरिरहेका हुँदा भौम गुप्तलाई पन्छ्याउन त्यति सजिलो थिएन। त्यसैले शिवदेवले आफ्नै भानिज अंशुवर्माको सहयोग लिए। अंशुवर्मा चतुर व्यक्ति थिए। उनैको बुद्धिमत्ताले गर्दा भौम गुप्तलाई शासनबाट पन्छ्याउन सकियो। तर उनी एकैचाटि अगाडि देखा परेनन्। पहिले शिवदेवलाई नै अघि सारी भौम गुप्तबाट शक्ति खोस्न लगाए, अनि स्थिति अनुकूल भएपछि मात्र अंशुवर्मा अगाडि सरे। अंशुवर्माले शिवदेवलाई शुरूदेखि नै सहयोग गरेका हुँदा अभिलेखहरूमा पनि शिवदेवले अंशुवर्माको गुणगान गरेका छन्। शिवदेवका अभिलेखहरूमा अंशुवर्मालाई 'सर्वत्र कीर्ति फैलेका, सारा सामन्तहरूले ढोगिएका, आफ्नै पराक्रमले शत्रुलाई दबाएका चन्द्रमाजस्तो उज्यालो मुख भएका' आदि अनेक विशेषणहरू लगाएर प्रशंसा गरिएको छ। शिवदेव जुनसुकै कार्य गर्दा पनि अंशुवर्माको सल्लाह लिएर मात्र गर्दथे। उनको समयमा भएका सम्पूर्ण कार्यहरूमा "मलाई अंशुवर्माले बिन्ती गरेको हुँदा मैले यो काम गरेको हुँ" भन्ने कुरा शिवदेवले उल्लेख गरेका छन्। यसरी 'श्री सामन्त' मात्रै पद लिएर पनि अंशुवर्मा महत्त्वपूर्ण देखिन्छन्। पछि क्रमशः शिवदेव शासनबाट अलग्गिन थाले। शिवदेव राजगद्दीमा रहे पनि सम्पूर्ण राजकाज अंशुवर्माबाटै सञ्चालित हुन थाल्यो। वि.सं. ६६१ सम्म यही प्रक्रिया चल्यो। यसै समयताका राजा शिवदेव बौद्ध भिक्षु बनेर दरबार छोडी विहारमा बस्नथालेपछि वि.सं. ६६२ देखि भने अंशुवर्माले स्वतन्त्र शासकको रूपमा नेपालको शासन हेर्न थाले।

अंशुवर्माको शासनमा उदय एकैचाटि नभएर क्रमशः हुँदैगएको थियो भन्ने कुरा उनका मुद्राहरूबाट पनि जान्न सकिन्छ। उनका शुरूका मुद्राहरूमा श्री अंशु, श्र्यंशुजस्ता पदवीहरू मात्र परेका छन्। उनको अन्तिम समयतिर आएर मात्र उनले आफूलाई महाराजाधिराज उल्लेख गरेका छँन्। महाराजाधिराज पदवी लिने प्रथम नेपाली शासक अंशुवर्मा नै थिए।

अंशुवर्माको उदय नेपालको इतिहासमा एउटा महत्त्वपूर्ण घटना थियो। वास्तवमा उनको उदय तत्कालीन एक आवश्यकता पनि थियो। भौम गुप्तजस्ता शासनमा हैकम जमाएर बसेका सामन्तलाई पन्छ्याएर देशमा व्यवस्थित परिपाटी कायम गर्नु थियो भने बाह्य शक्तिबाट देशलाई बचाइराख्नु पनि त्यत्तिकै आवश्यक थियो। अंशुवर्माको समयताका दक्षिण-भारतमा हर्षवर्धन तथा उत्तर तिब्बतमा स्रङचङ गम्पोजस्ता शक्तिशाली शासकहरू आ-आफ्ना राज्य-विस्तार गर्ने क्रममा लागेका थिए। दुवैको आँखा नेपालमाथि पनि परेको थियो। यस्तो अवस्थामा अंशुवर्माजस्तो चतुर व्यक्तिको उदय हुनु आवश्यक थियो र अंशुवर्माले यसमा सफलता पनि पाए। उनी आफ्नो कुशल कूटनीतिले देशलाई

स्वतन्त्र बनाइराख्न सफल भए । त्यसैले उनले आफूलाई "अरू राजालाई ढोग्न अघि नसर्ने, संसारका सबै राजाहरूलाई उछिन्ने" आदि भनाउने गरेका थिए ।

**कुशल प्रजापालक** – अंशुवर्मा सधैं प्रजाको हितमा लागिरहन्थे । 'कसरी मेरा प्रजाहरू सुखी होलान्' भनेर उनी सधैं चिन्तन गरिरहन्थे । हाँडीगाउँको अभिलेखमा उनलाई 'मन लगाएर प्रजाको हितका काममा लागिरहेका' भनिएको छ भने साँगाको एक अभिलेखमा उनलाई 'सधैं प्रजाहरूको हितको खोजीमा लागिरहने (प्रजाहितसमानतत्पर)' भनिएको छ । उनी न्याय दिंदा विभिन्न धर्मशास्त्रहरूको अध्ययन गरेर त्यसैको आधारमा मात्र दिने गर्दथे । उनका अभिलेखहरूमा उनलाई 'रातोदिन अनेक शास्त्रको अध्ययनबाट खराब दृष्टिकोण हटिसकेको हुनाले न्याय-निसाफको कामको बन्देज बाँध्नु नै ठूलो उत्सव सम्झने' समेत भनिएको छ ।

**साहित्यको विकास** – साहित्यको उन्नतिमा पनि अंशुवर्माको देन ठूलो छ । उनी स्वयं विद्याको अधययनमा लागिरहन्थे । उनले 'शब्दविद्या' नामक ग्रन्थ लेखेको कुरा चिनियाँयात्री युवान चाङ (हुवेन साङ) ले उल्लेख गरेका छन् । "श्रीकलहाभिमानी" भनेर उनले आफूलाई लक्ष्मीसँग झगडा गर्न घमन्ड गर्ने अर्थात् सरस्वतीको दाँजोमा राखेका छन् । प्रसिद्ध चान्द्र व्याकरणका रचयिता सामन्त चन्द्रवर्मा गोमी उनको दरबारमा थिए ।

**कला र वास्तुकलाको विकास** – कला र वास्तुकलाको विकासमा पनि अंशुवर्माको देन उल्लेखनीय छ । अंशुवर्माले बनाएको कैलाशकूट भवनको ख्याति चारैतिर फैलेको थियो । साँगाको अभिलेखमा 'पृथ्वीतलको टीकाजस्तो भएको' भनेर कैलाशकूट भवनको वर्णन गर्दै 'मानिसहरू आँखा झिम्म नगरी यसलाई हेरिरहन्थे' भनिएको छ । चिनियाँ ताङ वृत्तान्तमा कैलाशकूट भवनको वर्णन यसरी गरिएको छ - "दरबारको बीचमा साततले, तामाको छाना भएको बुर्जा रहेको छ । यसका दलिन, डँडाली, कठबार, खम्बा आदि सबै सुन्दर किम्मती पत्थरले बनेका छन् । बुर्जाका चार सुरमा तामाका नल लागेका छन् । नलका तलतिर सुनौला मकर (गोही) छन् । मकरका मुखबाट जोडले पानी निस्कन्छ । बुर्जामाथि हालिएको पानी नलबाट तल झर्छ । त्यो पानी छहराजस्तो भई सुनौला मकरको मुखबाट निस्कन्छ ।" अंशुवर्मापछि लामो समयसम्म कैलाशकूट भवनको ख्याति त्यत्तिकैरहेको थियो, तर यस्तो भव्य दरबार कहाँ बनेको थियो, ठम्याउन सकिएको छैन ।

**धार्मिक सहिष्णुता** – अंशुवर्मा मूलरूपले शिवका भक्त देखिन्छन् । उनी आफूलाई 'भगवत्पशुपतिभट्टारकपादानुगृहित' अर्थात् भगवान् पशुपतिको पाउको अनुग्रह पाएका भनेर लेख्ने गर्दथे । उनले अरू धर्मलाई पनि समान दृष्टिकोणले हेर्ने गरेका थिए । उनको हाँडीगाउँको अभिलेख अनुसार शैव, वैष्णव र बौद्ध सम्प्रदायका मन्दिरहरूलाई बराबर आर्थिक दान गरेको बुझिन्छ । बौद्ध विहार बनाउने तथा बौद्ध भिक्षुहरूको सुविधाको लागि धारो बनाउनेजस्ता कार्यहरू पनि उनले गरेका थिए । उनले बनाएको विहारलाई 'राजविहार' भनिन्थ्यो ।

**आर्थिक विकास** – अंशुवर्मा एक कुशल अर्थशास्त्री थिए । उनको उदय भएपछि नेपालको अर्थव्यवस्थामा निकै सुधार भएको थियो । उनको पालामा खेतीको

निम्ति कुलो (तिलमक) बनाइदिने तथा पशुपालन व्यवसायलाई प्रोत्साहन दिन कर समेत मिनाहा गरिएको थियो । उनले आफ्नो नामबाट विभिन्न प्रकारका मुद्राहरू पनि निकालेका थिए । यसको अतिरिक्त उनको समयमा नेपालको व्यापार-व्यवस्थामा पनि निकै सुधार भएको थियो । भारतसँगको व्यापार त प्राचीनकालदेखि नै चलिरहेको थियो । फलाम, तामाका भाँडाबर्तनहरू, ऊन, कस्तूरी, मृगको छाला आदि वस्तुहरू प्राचीन समयदेखि नै भारतको बजारमा खूब बिक्री हुन्थे । यी सामान बाहेक अरू सामानको निकासीमा विशेष सहुलियत दिएर अंशुवर्माले बढीसे बढी नेपाली सामान विदेश पठाउने उद्देश्य लिएका थिए । उनको समयमा आएर पहिलोपल्ट तिब्बतसँग पनि व्यापार सम्पर्क कायम भयो । यो नयाँ सम्पर्क कायम भएपछि हिमाली क्षेत्रका भन्ज्याङहरूबाट नयाँ बाटोहरू खुले र चीन-तिब्बतको दक्षिणतिरको व्यापार नेपालको बाटो भएर हुन थाल्यो । यसरी नेपाल अब अन्तर्राष्ट्रिय व्यापार केन्द्र पनि बन्न पुग्यो ।

**नयाँ संवत्‌को स्थापना** – अंशुवर्माका अभिलेखहरूमा नयाँ संवत्‌को प्रयोग भएको देखिन्छ । यसलाई मानदेव-संवत् भनिन्छ । प्राचीन ज्योतिषग्रन्थ सुमतितन्त्रमा उल्लेख भएअनुसार यो संवत् वि.सं. ६३३ देखि चलेको देखिन्छ । यसलाई मानदेव-संवत् भनिएको आधारमा कतिपय इतिहासकारहरूले त उनै प्रसिद्ध लिच्छवि राजा मानदेव प्रथमले नै सो संवत् चलाएको अनुमान गरेका छन् । तर यो संवत् जन्म हुँदा मानदेव प्रथमको मृत्यु भएको ८१ वर्ष भइसकेको थियो । यसकारण संवत्-प्रवर्तक यी मानदेव प्रथम नभएर यिनैका सन्तान अर्का कुनै मानदेव द्वितीय हुनुपर्दछ ।

**सफल परराष्ट्र नीति** – अंशुवर्माको उदय नेपालको इतिहासमा विविध रूपले महत्त्वपूर्ण छ । त्यस युगको सबैभन्दा ठूलो उपलब्धि नेपालको शासन-व्यवस्थामा सुधार, जनहित कार्यलाई प्रोत्साहन, आर्थिक उन्नति आदि गर्नुका साथै अंशुवर्माले सफल परराष्ट्र नीतिको सञ्चालन पनि गरेको देखिएको छ ।

प्राचीन समयदेखि नै नेपालराज्यको अवस्था दुई ढुङ्गाको बीचको तरुलको जस्तो रहेको छ । दुवैतिरलाई मिल्ने किसिमले स्थिति सम्हाल्न सकिएन भने आफू अँचेटिने सम्भावना नेपाललाई भइरहन्छ । अंशुवर्माको समयताका पनि नेपाल दुई शक्तिशाली राज्यको बीचमा रहेको थियो । दक्षिण भारततिर हर्षवर्द्धन र उत्तरतिर तिब्बतमा स्रङचङ गम्पो राज्य बढाउन लगेका थिए । त्यस्तो अवस्थामा नेपाललाई स्वतन्त्र राख्न भित्रबाट नेपाललाई मजबूतपार्नुका साथै परराष्ट्र-नीतिको सञ्चालन सफलतापूर्वक गर्नु आवश्यक थियो र अंशुवर्माले पनि नेपाललाई स्वतन्त्र राख्न चाहिंदो व्यवस्था मिलाएका थिए । उनले भारत तथा चीन-तिब्बतसँग समान रूपले सम्बन्ध कायम गरेका थिए ।

अंशुवर्माले तिब्बतसँग सन्धि गर्दा आफ्नी छोरी भृकुटी तिब्बती शासक स्रङ्चङ गम्पोलाई दिएको वर्णन वंशावलीहरूमा भएको छ । तिब्बती वंशावलीहरूले स्रङचङ गम्पो राजा भएपछि उनले आफ्ना एक मन्त्रीलाई पठाई अंशुवर्मासँग भृकुटीको हात मागेको र भृकुटी पनि अक्षोभ्य बुद्धको मूर्ति लिएर तिब्बत गएकी' वर्णन गरेका छन् । कतिपय विदेशी इतिहासकारले त अंशुवर्माले तिब्बतको डरबाट नै आफ्नी छोरी भृकुटी स्रङचङ् गम्पोलाई दिएको उल्लेख गरेका छन् । यस विषयमा विस्तृत अनुसन्धान हुन बाँकी नै छ । भृकुटीको विषय एउटा विवादको विषय बनेको छ । कसैले त उनलाई अंशुवर्माकी

छोरी नभएर उदयदेवकी छोरी मानेका छन् । जे होस्, नेपाल-तिब्बत सम्बन्धले गर्दा दुबै देशहरूलाई धेरै फाइदा भयो । तिब्बतमा बौद्ध धर्मको प्रचार यसै माध्यमबाट भएको हो । यही सम्बन्धको कारणले गर्दा पछि अंशुवर्माको निधनपछि नेपाली राजा नरेन्द्रदेवलाई सङ्कट पर्दा तिब्बतले नै सहयोग गरेको थियो । नेपाल अन्तर्राष्ट्रिय व्यापारको केन्द्र बन्न पुग्यो भने तिब्बती सामान दक्षिणपूर्वका बजारहरूमा सजिलैसित पुग्न थाले ।

कतिपय विदेशी इतिहासकारहरूले अंशुवर्माको समयमा नेपाल, तिब्बत वा भारतको अधीनमा थियो भन्ने विचार गरेका छन् । तर नेपाल कहिल्यै अर्काको अधीनमा थिएन । यो त खालि नेपाललाई सानो देखाउन रचिएको कथा मात्र हो । त्यस बेलाका प्रमाणहरूको राम्रोसँग अध्ययन गर्ने हो भने अंशुवर्माले दुवै शक्तिहरू (तिब्बत तथा भारत) सँग राम्रोसँग मित्रता गाँसेर नेपाललाई स्वतन्त्र राख्न चाहिंदो व्यवस्था मिलाएको कुरा स्पष्ट हुन्छ । यस कुरालाई स्पष्ट पार्न उनले आफ्ना अभिलेखहरूमा आफूलाई 'अरू राजालाई ढोग्न अघि नसर्ने, संसारका सबै राजाहरूलाई उछिन्ने' आदि भनाउने गरेका थिए । यसरी अंशुवर्माले आफ्नो स्वतन्त्रतालाई स्फूर्तिसाथ घोषणा गरेका छन् । अंशुवर्माको मृत्यु भएको केही वर्षपछाडि आएका चिनियाँ यात्री युआन चाङ (हुवेनत्साङ) ले अंशुवर्मालाई एक प्रतापी राजा थिए भनेर उल्लेख गरेका छन् । यदि अंशुवर्मा विदेशी शक्तिको अधीनमा भएका भए चिनियाँ यात्रीले यस्तो अवश्यै लेख्ने थिएनन् । अतः अंशुवर्माले दुवै शक्तिहरूसँग तटस्थ रहेर असंलग्न वैदेशिक नीतिको अनुसरण गरेको बुझिन्छ ।

यसरी अंशुवर्मा बहुमुखी प्रतिभाशाली शासक थिए । वास्तवमा अंशुवर्मा महान् थिए । आफू शासक भए पनि लिच्छवि राजाहरू बस्ने दरबारमा नबसेर छुट्टै दरबार बनाएर उनी बसे । सधैं उनले आफूलाई सामन्त महासामन्त मात्र लेखिराखे । उनले आफ्ना छोरालाई युवराज नबनाएर लिच्छवि राजकुमारलाई नै युवराज बनाए । यसरी झन्डै ३१ वर्षसम्म राज्य-प्रशासनमा संलग्न रहेर वि.सं. ६७८ जेठतिर अंशुवर्माको देहावसान भयो ।

## भृकुटी

नेपालको इतिहासको अध्ययनमा देखिएका विवादास्पद विषयहरूमा भृकुटीसम्बन्धी विवाद निकै चर्चित रहेको छ । तिब्बतका अधिकांश वंशावलीहरूमा 'नेपालकी राजकुमारी भृकुटीसँग भोटका राजा स्रोङचनगम्पोको विवाह भएको थियो र यी राजारानीले भोट देशमा बुद्धधर्म संघको प्रचार प्रसार गरे' भन्ने उल्लेखित छ । यी स्रोतहरूले भृकुटीलाई 'ठिचुङ लाची' भनेर उल्लेख गरेका छन् ।

नेपालका कुनै पनि स्रोतहरूले भृकुटीसम्बन्धी चर्चा गरेका छैनन् । अभिलेख मात्र नभएर वंशावली, पुराण जनश्रुति आदि कतै पनि भृकुटीसम्बन्धी उल्लेख परेको छैन । त्यसैले भृकुटीको समस्या समाधान हुनुको सट्टा झन जटिल बन्दै गएको छ । समस्या एउटा मात्र नभएर भृकुटीको बाबु को हुन्, विवाहको समय कुन हो आदि सबै प्रश्नहरूको उत्तर खोज्न सकिएको छैन ।

भृकुटीका बाबुका सम्बन्धमा कतै शिवदेव प्रथम, कतै अंशुवर्मा तथा कतै उदयदेव समेत उल्लेख गरिएको छ। तिब्बती एक जनश्रुतिमा भृकुटीका बाबुको नाम 'देवल्हा' दिइएको छ र यो तिब्बती शब्द देवल्हाको नेपाली अर्थ शिवदेव हुनसक्ने भएको हुँदा भृकुटी शिवदेव प्रथमकी छोरी हुनसक्छिन भन्ने तर्क ज्ञानमणि नेपालले गर्नुभएको छ। केही तिब्बती वंशावलीहरूमा भने भृकुटीका बाबुको नाम होसेरगोचा लेखिएको छ। यो होसेरगोचा को नेपाली रूपान्तर ज्योतिवर्मा, प्रभावर्मा, किरणवर्मा, उदयवर्मा, अंशुवर्मा आदि अनेक गरिएको छ। प्राचीन नेपालको इतिहासमा ज्योतिवर्मा, प्रभावर्मा, किरणवर्मा जस्ता नामधारी राजाहरू नभएको हुँदा अंशुवर्मा वा उदयदेव नै भृकुटीका बाबु हुनसक्ने विश्वास केही विद्वान्हरूले गरेका छन्। भृकुटी कुनै रजौटाकी छोरी पनि हुन सक्दछिन भन्ने विचार मेरी स्लसरको रहेको छ।

भृकुटीलाई अंशुवर्माकी छोरीको रूपमा वर्णन गर्ने चलन बढी नै छ। अंशुवर्माले तिब्बतसँग सन्धि गर्दा नै आफ्नी छोरी भृकुटी तिब्बती शासकलाई दिएको वर्णन वंशावलीहरूमा भएको छ। तिब्बति वंशावलीहरूले 'स्रङगङ गम्पो राजा भएपछि उनले आफ्ना एक मन्त्रीलाई पठाई अंशुवर्मासँग भृकुटीको हात मागेको र भृकुटी पनि अक्षौभ बुद्धको मूर्ति लिएर तिब्बत गएको' वर्णन गरेका छन्। कतिपय विदेशी इतिहासकारले त अंशुवर्माले तिब्बतको डरबाट नै आफ्नी छोरी भृकुटी स्रङचङ गम्पोलाई दिएको उल्लेख गरेका छन्। यस विषयमा विस्तृत अनुसन्धान हुन बाँकी नै छ। भृकुटीको विषय एउटा विवादको विषय बनेको छ। कसैले त उनलाई अंशुवर्माकीछोरी नभएर उदयदेवकी छोरी मानेका छन्। तर जेहोस् स्रङगङ गम्पोको समय तथा सम्भावित विवाहको तिथि विचार गरेर भृकुटी अंशुवर्माकी छोरी हुन नसक्ने कुरा उल्लेख गर्ने गरिएको छ। स्रोङचङ गम्पोको समय ई. ६२९-६५० को बीच मनिएको छ। उनको विवाह हुनसक्ने अन्दाजी समय ई. ६४१ मान्ने चलन बढी छ। यो समय भनेको अंशवर्माको मृत्यु भएको २० वर्ष पछिको समय हो।

नेपाली स्रोतहरूले भृकुटीको सम्बन्धमा केही पनि उल्लेख नगरेको हुँदा यो समयमा समाधान हुने स्थिति देखिएको छैन। भृकुटीसम्बन्धी कथन काल्पनिक वा सत्य जे पनि हुनसक्दछ र सत्य भएको खण्डमा पनि उनी शिवदेव, अंशुवर्मा, उदयदेव जसकी पनि छोरी हुनसक्तछिन्।

जसकी छोरी भए पनि उनको विवाह भने उदयदेव नरेन्द्रदेव आदि तिब्बतमा निर्वासित जीवन बिताइरहेको समयमा भएको हुनुपर्दछ। त्यसैले पनि यो घटनाको उल्लेख तिब्बती स्रोतहरूमा मात्र भएको हो। यसरी भृकुटीसम्बन्धी समस्या समाधान गर्न अझै ऐतिहासिक स्रोतहरू प्राप्त हुनु जरुरी भएको छ।

## आभीर गुप्तहरूको भूमिका

आभीर गुप्तहरू नेपालका आदिवासी जाति हुन्। नेपालमा आवाद बस्ती तथा राज्य-व्यवस्थाको स्थापना यिनै आभीरहरूले गरेका थिए। किरातहरूभन्दा अघि यी आभीर गुप्तहरूले नै नेपालमा शासन-व्यवस्थाको सञ्चालन गरेकाथिए। किरातकालभरि नै यिनको खास उल्लेख पाइँदैन, तर लिच्छविकालमा आएपछि भने गुप्तहरूको महत्त्वपूर्ण

भूमिका रहेको पाइन्छ । रवि गुप्त, भौम गुप्त, जिष्णु गुप्त तथा विष्णु गुप्त शक्तिशाली शासक बन्न पुगेका थिए भने यी बाहेक विरोचन गुप्त, अनुपरम गुप्त, भव गुप्त, शुभ गुप्त, प्रसाद गुप्त, कल्याण गुप्त आदि अनेकको नाम पनि अभिलेखहरूमा आएको छ ।

**रवि गुप्त** – वसन्तदेवको अभिलेखमा पहिलोपल्ट याज्ञिक विरोचन गुप्तको उल्लेख आएको छ । त्यसको लगत्तैपछि रवि गुप्त नामका शक्तिशाली व्यक्ति शासनमा अग्रसर देखिन्छन् । वास्तवमा वसन्तदेव कलिलै उमेरमा राजा भएका हुँदा आरम्भदेखि नै उनी सामन्तहरूको अधीनमा परेका थिए । यी रवि गुप्त वसन्तदेवका सल्लाहकार मात्र नभएर सहायक शासककै स्थान लिन पुगेका थिए। “सर्वदण्डनायक रवि गुप्तले हामीलाई भनेको हुँदा नै हामीले यो काम गरेका हौं” भनेर राजालाई उल्लेख गराएका छन् । सोही युगको एक रैतीले राख्न लगाएको अभिलेखमा त राजाको नाम नै उल्लेख नगरी ‘सर्वदण्डनायकको पाउको अनुग्रह पाएको’ भनेर समेत उल्लेख गरिएको छ ।

**भौम गुप्त** – रवि गुप्तपछि देखिएका भौम गुप्त त झन् शक्तिशाली भएर निस्केका थिए । झन्डै ३३ वर्षसम्म उनले नेपालको राज्य-प्रशासनमा आफ्नो हैकम जमाएका थिए । शुरूमा गणदेवको पालामा देखिएका यी भौम गुप्तले त्यसपछि हुने शासकलाई समेत आफ्नो नियन्त्रणमा लिएका थिए । यिनले रवि गुप्तभन्दा अगाडि बढेर राजोचित श्री पद पनि ग्रहण गरेका थिए । लिच्छविकालमा श्री पदको ठूलो महत्त्व थियो । राजा र राजा सरहका व्यक्तिले मात्र यो श्री लगाउन पाउँथे । भौम गुप्तले आफ्नो नामको साथमा श्री पद जोडेर आफूलाई राजासरह मानेका छन् । यसरी हैकम जमाएर बसेका भौम गुप्तको अन्त भने अंशुवर्माको सहयोग लिएर शिवदेव प्रथमले गरेका थिए । त्यसपछि अंशुवर्माको प्रभाव छउन्जेल कुनै पनि गुप्तले टाउको उठाउन सकेन । तर अंशुवर्माको अवसानपछि भने जिष्णु गुप्त शक्तिशाली भएर निस्किए ।

**जिष्णु गुप्त** – अंशुवर्माको देहावसानपछि उदयदेव नेपालको राजगद्दीमा बसे । तर उदयदेव लामो समयसम्म शासनमा रहन पाएनन् । आफ्नै भाइ ध्रुवदेवबाट उनी पदच्युत भएको कुरा चिनियाँ ताङ वृत्तान्तबाट बुझ्न सकिन्छ । ध्रुवदेवलाई यस कार्यमा प्रोत्साहन दिने र सहयोग गर्ने जिष्णु गुप्त थिए ।

जिष्णु गुप्त भौम गुप्तका नाति थिए । भौम गुप्त आदि गुप्तखलकहरूले लिच्छवि राजाहरूलाई दबाएर शासनमा आफ्नो हैकम जमाई आएकोमा शिवदेव + अंशुवर्माले उनीहरूलाई हटाएर आफ्नो मात्र अधिकार जमाएका थिए । यो कुरा गुप्तहरूलाई मन परेको थिएन । उनीहरू मौकाको ताकमा थिए । अंशुवर्मा छउन्जेल उनीहरूको केही नलागे पनि अंशुवर्मा मर्नेबित्तिकै उनीहरू सक्रिय भएर निस्के । भौम गुप्तका नाति जिष्णु गुप्तले ध्रुवदेवलाई ढाल बनाएर उदयदेवको विरुद्ध सफल विद्रोह गराएका थिए । तर ध्रुवदेव राजगद्दीमा बसे पनि नाममात्रका राजा थिए । सम्पूर्ण शासनभार जिष्णु गुप्तकै अधीनमा थियो ।

ध्रुवदेव मानगृहमा बस्तथे र जिष्णु गुप्त भने कैलाशकूट भवनमा बसेर शासन गर्दथे । उनले आफूलाई अंशुवर्मा जस्तै, भगवान् पशुपतिको पाउको अनुग्रह पाएका, बाबुको पाउको अनुग्रह पाएका आदि विशेषणले सम्बोधन गरेका छन् । लिच्छवि

राजकुमारलाई युवराज घोषणा नगरेर उनले आफ्नै छोरा विष्णु गुप्तलाई युवराज घोषणा गरेका थिए ।

ध्रुवदेवपछि भीमर्जुनदेव राजा बनाइए । यिनको समयमा जिष्णु गुप्त झन् शक्तिशाली भएर निस्के, अब त जिष्णु गुप्तले राजाको नाउँ समेत उल्लेख नगरी कैलाशकूट भवनबाटै जनतालाई सम्बोधन गर्ने तथा आज्ञागर्ने गर्न थाले । पशुपति-छत्र चण्डेश्वरको एक अभिलेखमा स्पष्ट रूपले 'श्री जिष्णु गुप्तको बढिबढाउ भएको राज्यमा' भनिएको छ । अरू अभिलेखहरूमा पनि पृथ्वीको पालना गर्ने, विजयी राजा' भनेर जिष्णु गुप्तलाई सम्बोधन गरिएको छ । शत्रुपक्षलाई सखाप पारेको तथा यस्तै खालक शुत्रुहरूमाथि विजय प्राप्त गरेका विभिन्न विशेषणहरू जिष्णु गुप्तलाई लगाइएको पाइन्छ । यी सबैको अतिरिक्त जिष्णु गुप्तले आफ्नो नाममा मुद्रासमेत निकालेका थिए । लिच्छवि राजाको उल्लेखै नगरी आफ्नो नाममा मात्र मुद्रा निकाल्नुबाटै जिष्णु गुप्त शासनमा कति प्रभावशाली थिए भन्ने जान्न सकिन्छ ।

वास्तवमा जिष्णु गुप्तको उद्देश्य आफ्ना बाबुबाजेहरूको भन्दा निकै बेग्लै थियो । भौम गुप्तहरूले शासनमा सक्रिय भूमिका निभाए पनि आफ्ना छोरा-नातिलाई युवराज घोषणा गर्ने तथा आफ्नै नाममा मुद्रा निकाल्ने जस्ता कार्यहरू गर्नसकेका थिएनन् । तर जिष्णु गुप्त भने यसमा पछाडि परेनन् । उनको उद्देश्य विस्तारै लिच्छवि-राजगद्दीमा आफ्नै वंशका कोही बसोस् भन्ने रहेको देखिन्छ । त्यसैले उनी आफूलाई 'प्रजाहितैषी', 'सारा शहरियाहरूले हुकुम तामेल गरिएका भनाउने गर्दथे । अन्तिम समयतिर आएर त जिष्णु गुप्तले राजालाई 'महाराज' भन्न छोडेर आफैलाई राजासमान भन्न थालेका थिए । लिच्छवि राजाहरूले मात्र नामको अन्तमा लेख्ने गरेको 'देव' अब उनी आफै लेख्न थाले । वि.सं. ६९० को थानकोटको अभिलेखमा उनलाई 'श्री जिष्णु गुप्तदेव' लेखिएको छ । साथै छोरा विष्णु गुप्तलाई युवराज भन्न थालिएको थियो ।

जिष्णु गुप्तले प्रजाको हितको निमित्त केही काम पनि गरेका छन् । खेतीको निम्ति कुलो मर्मत गर्ने, कुलो बनाउन प्रोत्साहित गर्ने, बेला-बखतमा करमुक्त गर्ने तथा कुनै कुनै पाञ्चालीलाई केही बढी अधिकार दिने जस्ता कार्य उनले गरेका छन् ।

वि.सं. ६९० कार्तिकसम्म जिष्णु गुप्त शासनमा देखिन्छन् । उनका छोरा विषणु गुप्तको वि.सं. फाल्गुनको अभिलेख पाइएको हुँदा यही चार महीनाभित्र जिष्णु गुप्तको देहासान भएको देखिन्छ ।

**विष्णु गुप्त** – विष्णु गुप्त जिष्णु गुप्तकै छोरा थिए । आफ्नो बाबुको शेषपछि यिनी पनि बाबुले नै देखाएको बाटोबाट शासनमा सक्रिय स्थान लिन पुगे । वि.सं. ६९० कार्तिकसम्म जिष्णु गुप्तको उल्लेख पाइएको र वि.सं. फाल्गुनमा विष्णु गुप्तको अभिलेख पाइएको हुँदा यसै समयबीच विडा गुप्त शासनमा उदाएको बुझिन्छ । वि.सं. ६९० फाल्गुनको मालीगाउँको अभिलेख यिनको पहिलो अभिलेख हो ।

पहिलो अभिलेखमा नै विष्णु गुप्तले राजाको उल्लेखै नगरी आफ्नो र आफ्ना छोराको मात्र उल्लेख गराएका छन् । उनले छोरालाई युवराज भनेर सम्बोधन गरेका छन् । कैलाशकूट भवनबाट गद्दीनसीन राजालाई मिची उनको नाम समेत उल्लेखै नगरी

विष्णु गुप्तले नै राजाको हैसियतले यो सनदपत्र गरिदिएका थिए । त्यसबेला लिच्छवि शासक भने भीमार्जुनदेव थिए । गुप्तहरूको हैसियत यसैबाट स्पष्ट हुन्छ । अझ विष्णु गुप्तकै चाँगुनारायणको अभिलेखमा त उनले गद्दीनसीन राजाकोनाम त उल्लेखै गरेनन्, आफ्ना बाबु जिष्णु गुप्तलाई "पृथ्वी तलका चन्द्रमा जस्ता भएका राजा श्री जिष्णु गुप्त' भनेर उल्लेख गराएका छन् ।

विष्णु गुप्त र लिच्छवि राजा भीमार्जुनदेवको संयुक्त उल्लेख भएका दुइटा अभिलेख पाइएका छन् । यी दुवैमा पनि राजाको भन्दा बढी शक्ति विष्णु गुप्तकै देखाइएको छ । मसँगै बसी शासन गर्ने भनेर उल्लेख गराई 'हामी दुवै समान हौं' भन्ने भावना ती अभिलेखहरूमा व्यक्त गरिएको छ ।

विष्णु गुप्तको समयमा भएको एउटा ज्यादै उल्लेखनीय कार्य बूढानीलकण्ठको विशाल जलाशायी नारायणको मूर्ति स्थापित गर्नु देखिन्छ । हाल त्यहाँ रहेको मूर्ति यिनै विष्णु गुप्तको समयमा बनेको देखिन्छ । अभिलेखहरूबाट त त्यो कुरा खुल्दैन, तर गोपाल-राजवंशावलीमा भने स्पष्ट रूपले 'राजा श्री विष्णु गुप्तले उत्तर पहाडको फेदीमा नरसिंह स्थानमा अति सुन्दर ढुङ्गाका ठूला जलाशायी विष्णुको स्थापना गर्नुभयो, मन्दिर पनि बनाउनुभयो" भन्ने उल्लेख भएको छ । सो मूर्ति बनाउन ढुङ्गा बोकेर ल्याएबापत गाउँलेहरूलाई केही सहुलियत पनि राजाले प्रदान गरेका थिए ।

**गुप्त प्रभावको अन्त** – अंशुवर्मा पछि लगभग ३० वर्षसम्म गुप्तहरूले नेपालमा हैकम जमाए । उनीहरूले जनताको समर्थन प्राप्त गर्न केही जनहितका कार्यहरू पनि गरेका थिए, तर उनीहरूले जनताको मन जित्न सकेनन् । त्यसैताका तिब्बतमा शरणार्थी भएर बसेका नरेन्द्रदेवले तिब्बती सहयोग र नेपाली जनताहरूको समेत सहयोग लिएर यहाँ क्रान्ति गरे । वि.सं. ६९८ वा ६९९ मा यो घटना घटेको थियो । सो क्रान्तिको परिणामस्वरूप नेपालमा द्वैत शासनको पूर्णरूपले अन्त भयो । त्यसपछि भने कहिल्यै गुप्तहरूले टाउको उठाउन सकेनन् ।

## नरेन्द्रदेव

प्राचीन नेपालको इतिहासमा नरेन्द्रदेव सङ्घर्षशील व्यक्तिको रूपमा चिनिन्छन् । लामो समयसम्म विदेशमा बसेर भए पनि उनले आफ्नो प्रयत्नद्वारा आफ्नो गुमिसकेको पैतृक राज्य फिर्ता गरेर नेपालको चौतर्फी विकास गरेका थिए ।

**राज्यारोहण** – नरेन्द्रदेव उदयदेवका छोरा तथा राज्यका उत्तराधिकारी थिए । अंशुवर्माको मृत्युपछि उदयदेव राजगद्दीमा बसेका थिए, तर एक डेढ वर्षभन्दा बढी उनले शासन गर्न पाएनन् । उनैका भाइ ध्रुवदेवले जिष्णु गुप्तको सहयोग लिएर उनलाई गद्दीबाट हटाइदिए । तब उदयदेव आफ्नो पविारका साथ तिब्बतको शरणमा पुगेका थिए । नरेन्द्रदेव पनि आफ्नाबाबुकै साथमा थिए । उनको बाल्यकाल तिब्बतमा नै बित्यो । तर उनी साहसी र योग्य व्यक्ति भएर निस्के । आफ्नो पुर्ख्यौली राज्य फिर्ता लिने उद्योगमा उनी लागे । तिब्बत गएको लगभग बीस वर्षपछि तिब्बतको सहयोगद्वारा तथा नेपालीहरूको समेत सहयोग पाएर नरेन्द्रदेवले नेपालमा क्रान्ति गरे । त्यसबेला नेपालमा

भीमार्जुनदेव र विष्णु गुप्तको संयुक्त शासन चरिहेको थियो । दुवै समूहबीच ठूलो युद्ध भयो र अन्तमा नरेन्द्रदेव विजयी बने । नरेन्द्रदेवको शुरूकै अभिलेख (वि.सं. ७०० को भन्सारचोकको अभिलेख) मै ठूला लडाइँको मैदानमा शत्रुहरूलाई सखाप पारेको चार्च परेकोले नरेन्द्रदेवले गुप्तहरूसँग निकै ठूलो युद्ध लड्नुपरेको बुझिन्छ । यसरी नरेन्द्रदेवको साहसले गर्दा नै उनको गुमिसकेको राज्य फिर्ता भयो । वि.सं. ६९९ तिर नरेन्द्रदेव नेपालको राजगद्दीमा बसिसकेका थिए ।

**सामाजिक कार्यहरू** – नरेन्द्रदेव राजगद्दीमा बस्नेबित्तिकै जनताको हितको निम्ति कार्य गर्न थाले । शुरू देखि नै उनी जनतालाई सरकारी कानूनले दुःख दिएको छ कि भनेर विचार गर्न थाले । त्यसैले विभिन्न ठाउँमा कतै चाटभट (मालपोत-कर उठाउने कर्मचारी) लाई पस्नबाट रोकेका छन् भने कतै सामाजिक नियम-कानूनमा सरलता दिएका छन् । नरेन्द्रदेव वास्तवमा मानवप्रेमी थिए । गर्भिणी आइमाईले राम्रो सेवा-सुश्रूषा पाऊन् भनेर नियम नै बनाइ दिएका थिए । गर्भिणी आइमाई मरेमा उसको लोग्नेले दण्डको भागी बन्नु पर्दथ्यो । त्यस्तै, पशुपालनमा राम्रो दृष्टि पुगोस्, घाइते जनावरले औषधोपचार विना मर्नु नपरोस् भनेर गोठमा मृग आदि वस्तुहरू घाइते भई मरेमा त्यसको मालिकले दण्डको भागी बन्नुपर्ने नियम बनाएका थिए ।

**धार्मिक सहिष्णुता** – नरेन्द्रदेव धार्मिक सहिष्णु राजा थिए । मुख्य रूपले उनी पशुपतिका भक्त देखिन्छन् । 'भगवत्पशुपतिभट्टारकपादानुगृहीत', 'परममाहेश्वर' आदि उपनाम उनले लिएका थिए । तर अरू धर्ममा पनि उनको समान आस्था थियो । भिक्षु-भिक्षुणीको बसोबासको निम्ति शिवदेव-विहारलाई आर्थिक सहायता प्रदान गरेका थिए । त्यस्तै अभिलेखमा धर्मचक्रको चित्र बनाउने तथा आफू स्वयं बुद्धको टाउको भएको पेटी कम्मरमा बाँध्ने गरेर बुद्धधर्ममा आस्था प्रकट गरेका छन् ।

**कला तथा वास्तुकला** – नरेन्द्रदेवले केही ढुङ्गेधारा र एक दरबार बनाएको बुझिन्छ । नरेन्द्रदेव शुरूमा कैलाशकूट-भवनमा बसी शासन गर्दथे । पछि वि.सं. ७२० तिर नरेन्द्रदेवले भद्राधिवास-भवन नामको दरबार बनाएका थिए । चिनियाँ ताङवृत्तान्त अनुसार उनको दरबार फूल र अत्तरले सधैं सुवासित रहन्थ्यो । राजा दरबार आउँदा मोती, स्फटिक, मुगा, अम्बर आदिका कुण्डल गहनाहरू लगाएर आउँथे । सिंहासनको दुवैतर्फ राजकर्मचारीहरू पदअनुसार उभिएका हुन्थे । राजदरबारभित्रै सयकडौं सशस्त्र सेना राजाको सुरक्षामा रहेका हुन्थे ।

**बाह्य मुलुकसँगको सम्पर्क** – नरेन्द्रदेवको समयमा नेपाल बाह्य मुलुकमा निकै प्रतिष्ठित रहेको थियो । वि.सं. ७०० मा नै चिनियाँ राजदूत लिपियाओ नेपालको बाटो भएर मगध (भारत) ओहोर-दोहोर गर्दा नरेन्द्रदेवले उनको सत्कार गरेका थिए । वि.सं. ७०३-४ तिर वाङयुन्चेको नेतृत्वमा भारतमा हर्षवर्धनको दरबारमा गएको चिनियाँ दूतमण्डल पनि नेपाल भएरै गएको थियो । तर वाङयुन्चे भारत पुग्दा हर्षवर्धन मरिसकेका थिए र उनको राज्य उनकै मन्त्री अरुणाश्वले कब्जा गरेको थियो । अरुणाश्वले चिनियाँ दूतमण्डलमाथि आक्रमण गर्दा वाङयुन्चे भागी नेपाल आए । पछि नेपालले ७०००, तिब्बतले १२०० र आसामले समेत केही सेना सहयोग दिएपछि वाङयुन्चेले अरुणाश्वमाथि

आक्रमण गरे । पछि अरुणाश्‍व र उसका हजारौं सेनालाई पक्रेर चीन लगेका थिए । यसरी नरेन्द्रदेवको समयमा चीन, तिब्बत, आसाम आदि मुलुकसँग राम्रो सम्बन्ध कायम भएको देखिन्छ ।

**शासनको विकेन्द्रीकरण** – लिच्छविकालको आरम्भतिर सामाजिक आर्थिक आदि विभिन्न कार्य गर्ने विभिन्न अड्डा-अधिकरणहरू थिए । सानोतिनो कार्यको निम्ति पनि जनताहरूले केन्द्रको सरकारी अड्डामा धाउनुपर्थ्यो । त्यसैले लिच्छवि शासकहरूले यस्तो कार्य गर्ने अधिकार ग्रामपाञ्चालीलाई नै दिने कार्यको थालनी गरेका थिए । राजा नरेन्द्रदेवले पनि यो प्रक्रियालाई कायमै राखे । उनले भट्टाधिकरण, पिटल्जा अधिकरण, माप्चोक अधिकरण आदिले गर्ने कामसम्बन्धी अधिकार स्थानीय ग्रामपाञ्चालीलाई नै सुम्पेका थिए ।

**कुशल सेनानायक** – नरेन्द्रदेवकोराज्यमा सैनिक सङ्गठन पनि मजबूत किसिम-को थियो । उनी कुशल सेनानायक भएको तथ्य विभिन्न स्रोतहरूबाट स्पष्ट हुन्छ । उनले आफ्नो राज्य फिर्ता लिंदा धनुर्वाण, भालाजस्ता विभिन्न हतियार लिएका अश्‍व, गज तथा पैदल सेनाहरूको नेतृत्व आफै गरेर अगाडि बढेका थिए । उनले अरुणाश्‍वको विरुद्ध लड्न चिनियाँ राजदूत वाङयुन्चेलाई सात हजार अश्‍वसेनाको बटालियन पठाएको प्रसङ्गबाट पनि उनको कुशल सैनिक सङ्गठनबारे बुझ्न सकिन्छ ।

नरेन्द्रदेव वास्तवमा कुशल राजनीतिज्ञ थिए । ३६ वर्षभन्दा लामो समयसम्म शासन गर्दा कुनै पनि कर्मचारीले टाउको उठाउन सकेनन् । अंशुवर्माले गुप्तहरूलाई दबाए पनि पूरानाश गर्न सकेनन् । तर नरेन्द्रदेवको क्रान्तिपछि भने गुप्तहरू कहिल्यै उठ्न सकेनन् । त्यसैले शुरूदेखि नै नरेन्द्रदेवले 'महाराजाधिराज' र केही पछि गएर 'भट्टारक महाराजाधिराज' तथा 'परमभट्टारक महाराजाधिराज' जस्ता पदवी लिएर शासन गरेको पाइन्छ ।

यसरी मानदेव प्रथमपछि अरूको अधीनमा नपरी स्वतन्त्र शासन गर्ने शासक भएकोले तथा आफ्नो गुमिसकेको राज्य फिर्ता लिएर आफ्नो वंशको गौरव बढाएकोले नरेन्द्रदेवको महत्त्व ठूलो रहेको देखिन्छ । आफ्नो कुलको गौरव बढ्ने कार्य गरेकोले नै जयदेव द्वितीयले आफ्नो पशुपति शिलालेखमा "इज्जतको ख्याल गर्ने, निहुरिएका सारा राजाका श्रीपेचका मालाबाट झरेका धूलाको रासले पाउदानी धुलोटा गराएका" भनेर नरेन्द्रदेवको गुणगान गाएका छन् ।

उनको शासनकाल वि.सं. ७३६ भन्दा केही वर्षपछिसम्म रहेको बुझिन्छ ।

## शिवदेव द्वितीय

शिवदेव द्वितीय नरेन्द्रदेवका कान्छा छोरा थिए । नरेन्द्रदेवका अरू पनि दुई छोरा थिए – स्कन्ददेव र सौर्यदेव । शुरूमा स्कन्ददेवलाई नै युवराज घोषणा गरिएको थियो । तर उनको देहावसान भएकोले अर्का छोरा सौर्यदेव युवराज बनाइए । उनको पनि मृत्यु भएकोले कान्छा छोरा शिवदेव उत्तराधिकारी घोषित गरिएका हुन् । बाबु नरेन्द्रदेवको देहावसानपछि यिनी वि.सं. ७४२ तिर लिच्छवि राजगद्दीमा बसेका थिए । यिनको स्पष्ट

नाम भएको पहिलो अभिलेख वि.सं. ७५१ को नाला अभिलेख हो । यिनका बाबु नरेन्द्र देवको अन्तिम प्रमाण वि.सं. ७३६ सम्म मात्र छ । तर वि.सं. ७४२ को एउटा राजाको नाम फुटेको अभिलेख पाइएको छ । यो अभिलेख बाबु-छोरा जसको पनि हुन सक्तछ । अतः अनुमानकै भरमा वि.सं. ७४२ तिर शिवदेव राजा भएको यहाँ उल्लेख गरिएको छ । निश्चित मिति भने वि.सं. ७३६ देखि वि.सं. ७५१ सम्म जुनबेला पनि हुन सक्तछ ।

आफ्ना बाबु नरेन्द्रदेव समान शिवदेवले पनि वप्पपादानुद्यात, भट्टारकमहाराजाधिराज, भगवत्पशुपतिभट्टारकपादानुगृहीत जस्ता पदवीहरू लिएका छन् । नाला लगन टोलको उनका रैतीले राखेको अभिलेखमा त उनलाई 'राजाधिराज' पनि भनिएको छ । यसरी शिवदेव निकै शक्तिशाली शासकको रूपमा देखिएका छन् । तर एक थरी विदेशी इतिहासकारहरूले शिवदेवलाई तिब्बती सामन्त मात्र मानेका छन् । शिवदेवको लगन टोलको अभिलेख भएको भोट्टविष्टि शब्दको अर्थ 'नेपालले भोटलाई तिर्नुपर्ने कर' भन्ने लगाएर नेपाल तिब्बतको अधीनमा भएको मानेका छन् । तर विष्टि शब्दको अर्थ त्यस्तो लाग्दैन । देशको लागि आवश्यक जनश्रम निःशुल्क जुटाउने चलनलाई नै विष्टि भनिन्छ । सरकारीकार्यको निमित्त भोट जान निःशुल्क श्रमको रूपमा जनतालाई पठाइने कार्य नै भोट्टविष्टि हो । सो शब्दको साथै ५ जना भरियालाई भोट्टविष्टिको निम्ति पठाउनू भन्ने प्रसङ्ग परेको हुँदा यताबाट पनि विष्टि शब्दको अर्थ निःशुल्क श्रम रहेछ भन्ने बुझिन्छ ।

शिवदेव नरेन्द्रदेव सरह नै शक्तिशाली शासक थिए । यिनले पनि कसैको दबदबामा नपरी शासन-सञ्चालन गरेका थिए । त्यसैले उनका अभिलेखहरूमा उनलाई अव्याहतशासन अर्थात् बेरोकटोक हुकुम चलेका तथा सारा सामन्तहरूले ढोगिएका' भन्ने विशेषण लगाइएको छ ।

शिवदेवले नेपाली समाजको सुदृढीकरणमा विशेष ध्यानदिएका थिए । तत्कालीन नेपाली समाज प्राचीन हिन्दू आदर्शअनुरूप कायम गर्न उनले विशेष जोड दिएका थिए । त्यसैले उनका अभिलेखहरूमा उनलाई सम्बोधन गर्दा वर्णश्रमसम्बन्धी स्थिति बन्देज राम्ररी बाँधेका (वि.सं. ७५४ को सुनागुठी भृङ्गारेशवरको अभिलेख) तथा सम्यग्विरचित-सकलवर्णाश्रमव्यवस्था = सम्पूर्ण वर्णाश्रम व्यवस्था राम्ररी लागू गरेका (वि.सं. ७६२ को बलम्को अभिलेख) भनिएको छ ।

नेपालीहरूका आराध्य देवता पशुपतिनाथकहाँ बर्सेनि सुन्दर छत्र चढाउने तथा त्यसको उपलक्ष्यमा जात्रा चलाउने व्यवस्था शिवदेवले कायम गरेका थिए । उनले आफ्नो नामबाट शिवदेवेश्वर मन्दिर पनि बनाएका थिए ।

यसरी शिवदेवले आन्तरिक सुदृढीकरणका साथै नेपालको बाह्य क्षेत्रमा प्रतिष्ठा पनि बढाएका थिए । शिवदेवको पालामा नेपालको बाह्य मुलुकहरूसँगको सम्पर्कमा पनि केही परिवर्तन भएको बुझिन्छ । यिनको विवाह भारतका मौखरी राजखलकका प्रतापी राजा भोग वर्मनकी छोरी बत्सदेवीसँग भएको थियो । यी बत्सदेवीकी आमाभने उत्तरी भारतका पछिल्ला गुप्त राजा आदित्यसेनकी छोरी थिइन् । यसरी शिवदेवले बत्सदेवीसँग वैवाहिक सम्बन्ध गाँसेर भारतका प्रसिद्ध दुई राजखलकसँगको नेपालको मित्रता कायम गरेका थिए । तर शिवदेवको समयमा उत्तर तिब्बतसँग भने त्यति राम्रो सम्बन्ध कायम

नभएको बुझिन्छ । चिनियाँ स्रोतले नै बखान गरेअनुसार नेपाल र तिब्बतबीच दुई पटकसम्म युद्ध भएको थियो । सिल्भाँ लेभीले उल्लेख गरेअनुसार इ. ७०२ मा नेपालले तिब्बतविरुद्ध आक्रमण गरेको थियो, तर यसमा नेपालले सफलता पाउन सकेन । यसको २-३ वर्षपछि फेरि यी दुई राष्ट्रहरूबीच युद्ध भएको थियो । चिनियाँ स्रोतहरूले उल्लेख गरेअनुसार इ. ७०४-५ को वर्षमा भएको यो दोस्रो युद्धमाभने तिब्बती राजा नै मारिएका थिए । यसरी शिवदेवको समयमा आएर अंशुवर्माको समयदेखि कायमभएको नेपाल-तिब्बतसम्बन्धमा फाटो परेको देखिन्छ ।

यसरी शिवदेव इतिहासमा निकै उल्लेखनीय बन्न पुगेका छन् । उनको यही महत्त्वलाई दृष्टिगत गर्दै उनका छोरा जयदेवले राखेको पशुपतिको शिलालेखमा शिवदेवको प्रशंसा यसरी गरिएको छ – न्यायले कमाएको सम्पत्ति बाँड्ने, शत्रुहरूको समूहलाई जित्ने, बन्धुवर्गलाई सन्तोष दिने, व्यवस्थापूर्वक राम्ररी प्रजाको रक्षा गर्ने, आश्रयमा रहेका सज्जनहरूको आपत्ति हर्ने, साँचो कुरो बोल्ने लोकले मानिएका राजा शिवदेव ।”

शिवदेवको शासनकाल वि.सं. ७६५ भन्दा केही पछिसम्म कायम रहेको बुझिन्छ ।

## जयदेव द्वितीय

जयदेव द्वितीय शिवदेव द्वितीयका छोरा तथा उत्तराधिकारी थिए । बाबु शिवदेवको मृत्युपछि उनी वि.सं. ७७० भन्दा केही वर्ष अघि लिच्छवि-राजगद्दीमा बसेका थिए । उनी बाबुकै पालादेखि नै शासनमा अग्रसर पनि थिए ।

जयदेव द्वितीयको राजनीतिक क्रियाकलापबारे तत्कालीन स्रोतहरूबाट त्यति स्पष्ट हुँदैन । उनका अभिलेखहरूमा उनलाई सम्बोधन गर्दा 'महाराजाधिराज परमेश्वर, शत्रुले जित्न नसक्ने, आफ्नै बाहुबलको आडले बढाइएको राज्यलाई निष्कण्टकपूर्वक चलाउने' आदि विशेषण लगाइएको छ । वि.सं. ७९० को पशुपतिको अभिलेखमा त उनलाई 'परचक्रकाम' - अरूको मुलुक जित्ने समेत भनिएको छ । तर जयदेव द्वितीयले लडाइँ-भिडाइँ गरेर राज्य बढाएको प्रमाण भने पाउन सकिएको छैन । एउटा तथ्य चाहिं के भने लिच्छविवंशका अन्तिम उल्लेखनीय शासक यिनै जयदेव द्वितीय नै थिए । यिनी पछिको लिच्छविराज्य व्यवस्थाबारे स्पष्ट जानकारी पाउन सकिएको छैन । त्यसैले केही इतिहासकारहरूले लिच्छवि शासनकाललाई यही जयदेव द्वितीयको समयमा नै टुङ्ग्याउने गरेका छन् । लिच्छविकालको अन्त जयदेवको समयमा नै भएको त होइन, तर उनीपछि शक्तिशाली शासकको अभावमा राज्यको पतन हुँदै गएको भने स्पष्ट छ ।

जयदेव द्वितीयलाई विशेष प्रख्यात बनाउने साधन उनको संवत् १५७ (वि.सं. ७९०) को पशुपतिको अभिलेख पनि हो । सो अभिलेख लिच्छविकालको महत्त्वपूर्ण अभिलेखमा पर्दछ । यसमा जयदेवले लिच्छवि राजाहरूको वंशावली दिएका छन् । सो वंशावलीमा उनले लिच्छविवंशको सम्बन्ध ब्रह्मा, मनु, रघु, दरशथ आदिसँग देखाउँदै लिच्छविवंशको उत्थानमा विशेषकार्य गर्ने लिच्छवि राजाहरूको नाम उल्लेख गरेका छन् । कमजोर प्रकृतिका लिच्छवि शासकहरूको नाम उनले उल्लेख गरेका छन् ।

कवि राजाको रूपमा पनि जयदेवको महत्त्व छ । वि.सं. ७९० को पशुपति अभिलेखमा ५ हरफ स्वयं राजाले नै लेखेका थिए । सो अभिलेखको अरू अंश बुद्धकीर्तिले लेखेका थिए । सो अभिलेख उन्नत संस्कृत-साहित्यको नमूना मानिन्छ ।

जयदेव द्वितीय पशुपतिका परम उपासक थिए । आफ्नो पशुपतिको अभिलेखमा उनले महादेव तथा पशुपतिक्षेत्रको महिमाको विस्तार गरेका छन् । उनले पशुपतिलाई चाँदीको आठ पात भएको, बीचमा केशर रहने भाग सुनले बनेको चाँदीको अष्टदल कमल चढाएका थिए । उनकी आमा वत्सदेवीले पनि पशुपतिमा चाँदीको सानो कमल चढाएको बुझिन्छ ।

जयदेव अन्य केही सामाजिक, धार्मिक कार्यमा पनि संलग्न भएका देखिन्छन् । वनदुर्ग-निर्माण, कुलोपानीको बन्दोबस्त, पानी-बाँडफाँडको व्यवस्था तथा जनताको हितको लागि न्यायव्यवस्थामा केही सुधार गर्नेजस्ता कार्यहरू पनि उनले गरको बुझिन्छ । बानेश्वरको अभिलेखमा उनलाई अप्रतिहतधर्मशासन अर्थात् बेरोकटोक न्यायपूर्वक शासन चलाएका भनिएकोबाट पनि उनको न्यायप्रेम स्पष्ट हुन्छ । जयदेवले गोरखाक्षेत्रमा भएका देवदेवीको पूजाआजाको व्यवस्था पनि गरेको बुझिन्छ ।

यसरी लिच्छवि-वंशावली अङ्कित गर्ने, कवि, पशुपतिका भक्त, न्याय सुधारक तथा लिच्छविवंशका अन्तिम शक्तिशाली शासक भएको कारणले नै जयदेव द्वितीय इतिहासमा विशेष चर्चित भएका हुन् ।

# लिच्छविकालीन शासन-व्यवस्था

लिच्छविकालीन शासन-व्यवस्थाबारे तत्कालीन विभिन्न शिलालेखहरूबाट बुझ्न सकिन्छ । पाइएका सामग्रीहरूको आधारमा लिच्छविकालीन शासन-प्रणालीलाई निम्नलिखित रूपले वर्णन गर्न सकिन्छ ।

**राजा** – लिच्छविकालमा राजतन्त्रात्मक व्यवस्था थियो। शासनको सर्वोच्च स्थान र अधिकार राजामा नै निहित हुन्थ्यो । न्यायप्रमुख, सेनाप्रमुख तथा प्रशासनप्रमुख राजा नै हुन्थे । युद्धको नेतृत्व राजा आफै गर्थे । राजा मानदेव आफै सेनाको नेतृत्व गरेर पूर्व र पश्चिमका सामन्तहरूको विद्रोह दबाउन गएका थिए । राजाहरू आफूलाई विभिन्न पदवीहरूले सम्बोधन गर्ने गर्दथे । राजा मानदेव साधारण पदवी 'नृप' लिन्थे भने अंशुवर्मा र त्यसपछिका शासकहरूले महाराजाधिराज, भट्टारक महाराजाधिराज, परमभट्टारक महाराजाधिराज, भगवत्पशुपतिभट्टारकपादानुगृहीत, वप्पपादानुध्यात आदि लिने गरेका थिए । राजाहरू धर्म-कर्ममा लाग्ने, मन्दिर, पाटी, पौवाहरूको निर्माण एवं जीर्णोद्धार गर्ने जस्ता कार्यहरूमा विशेष रुचि राख्दथे । वर्णाश्रम-धर्मको पालनामा बाधा नपरोस्, जनताहरू अन्यायमा नपरून् भनेर राजाहरू सधैं चिन्तित रहन्थे । राजा र प्रजाका बीचमा बाबुछोराको जस्तो आदर्श सम्बन्ध थियो । राजाहरू जनताको कुशलमङ्गल सोधेर तथा उनीहरूको हितकामना गरेर आज्ञा-आदेश जारी गर्दथे । कथं प्रजा मे सुखिता भवेन् (कसरी मेरा प्रजाहरू सुखी होलान्) भनेर राजाहरू चिन्तित रहन्थे र सधैं प्रजाको हितका निम्ति तत्पर रहन्थे । यसैगरी जनताले धारा, पाटी बनाउँदा र देवताको स्थापना गर्दा राखेको अभिलेखमा प्रायः गद्दीनसीन राजाको सय वर्षभन्दा बढी आयु होस्, राजाको बढिबढाउ होस्, राजाको विजय होस् भन्ने आदरयुक्त आत्मीयता प्रकट गरिएको पाइन्छ । राजद्रोह गर्नेहरूलाई कडा सजाय गर्ने चलन थियो ।

राजाहरू वंशानुगत हुन्थे । शासन-व्यवस्थामा राजापछिको स्थान युवराजको रहन्थ्यो । राजाको आज्ञा जनतासम्म पुऱ्याउने विशिष्ट दूतक पदमा रहेर तथा अन्य प्रकारबाट युवराज शासनमा सक्रिय रहन्थे । नरेन्द्रदेवको समयदेखि युवराजप्रति भट्टारकयुवराज भनेर विशेष सन्मान व्यक्त गरिएको छ ।

**मन्त्रिपरिषद** – राजालाई राजकाजमा सहयोग गर्न केन्द्रमा मन्त्रिपरिषद् बनेको हुन्थ्यो । यद्यपि लिच्छविकालका अभिलेखमा 'मन्त्री' को त उल्लेख कतै आएको छैन, तर मन्त्री बुझाउने 'अमात्य' को भने उल्लेख पाइन्छ । केन्द्रीयस्तरका ठूलो अधिकार बोकेका अरू थुप्रै अधिकारीहरूको पनि उल्लेख त्यसैबेला भएको पाइन्छ । दण्डनायक, सर्वदण्डनायक (प्रहरी-प्रमुख), बलाध्यक्ष, महाबलाध्यक्ष (प्रधान सेनापति), प्रतिहार, महाप्रतिहार (राजाको निजी सचिव सरह) आदि त्यस बेलाका शक्तिशाली व्यक्ति हुन्थे ।

यिनीहरू कहिलेकाहीं राजालाई नै दबाएर अगुवा हुने पनि गर्दथे । भौम गुप्त, रवि गुप्त, जिष्णु गुप्त, विष्णु गुप्त आदिले यस्तेपदमा रहेर पछि राजालाई ने दबाई शासनमा आफ्नो अधिकार कायम गरेका थिए ।

**अधिकरणहरू** – त्यसबेला कामअनुसार विभिन्न सरकारी अधिकरण (अड्डा) हरू हुन्थे; जस्तैः कुथेर, शुल्ली, लिंग्वल, माप्चोक आदि । राजस्व उठाउने र भूमि-प्रशासनसम्बन्धी काम (जग्गा किनबेचको रजिस्ट्रेशन, सो सम्बन्धी मुद्दामामिलाको छानबीन आदि सबै) कुथेर अधिकरणले गर्दथ्यो भने न्याय-व्यवस्था शुल्ली अधिकरणले हेर्दथ्यो । लिंग्वल अधिकरणको काम कुलोपानी, यातायात सम्बन्धी व्यवस्था गर्ने थियो भने माप्चोकअधिकरणले विवाह, सम्बन्ध-विच्छेद आदि सामाजिक व्यवस्था हेर्दथ्यो । यी बाहेक पश्चिमाधिकरण (देशको पश्चिमतर्फको व्यवस्था हेर्ने अड्ड), पूर्वाधिकरण (देशको पूर्वतर्फको व्यवस्था हेर्ने अड्डा), भट्टाधिकरण, पिटल्जाधिकरण आदिको उल्लेख पनि त्यसबेलाका अभिलेखमा पाइन्छ ।

**प्रान्तीय शासन** – केन्द्रले सोझै शासन गर्न नसक्ने टाढा-टाढाका प्रान्तहरूको रेखदेख गर्न सामन्तहरू नियुक्त गरिएका हुन्थे । यिनीहरू केन्द्रलाई कर बुझाएर आफ्नो क्षेत्रकोसम्पूर्ण प्रशासनको सञ्चालन गर्दथे । यी सामन्तहरू केन्द्रमा कमजोरी देखिने बित्तिकै विद्रोह गरेर आफू स्वतन्त्र हुने चेष्टा पनि गर्ने गर्दथे । मानदेवको समयमा यस्तै फाइदा उठाएर पूर्व र पश्चिमका सामन्तहरूले विद्रोह गरेका थिए । यसका साथै त्यसबेला प्राचीन वैदिकपरम्परा अनुरूप राजधानीको वरपर बस्ने जनता र टाढा-टाढा प्रान्तमा बस्ने जनतालाई अलग-अलग शब्दले सम्बोधन गरिन्थ्यो । केन्द्रमा बस्नेलाई पौर र प्रान्तमा बस्नेलाई जानपद भनिन्थ्यो ।

**जिल्लाशासन** – त्यसबेला जिल्लालाई 'विषय' र विषय-प्रमुखलाई विषयपति भनिन्थ्यो । ललितपुर, कान्तिपुर जस्ता इलाकाका विषयपतिहरूलाई 'जानपद' पनि भन्ने गरिएको बुझिन्छ । सानासाना प्रदेशहरूलाई विषयको रूपमा विभाजन गरेर शासनको सञ्चालन गरिन्थ्यो । यी विषयपतिहरू सोझै राजासँग सम्बद्ध हुन्थे । विषयपतिबाहेक जिल्लामा शौल्किक (शुल्क भन्सार उठाउने) गोल्मिक (सुरक्षा चौकीमा प्रहरी) आदि कर्मचारी पनि रहन्थे ।

**ग्रामशासन** – प्रत्येक गाउँको अवस्था हेर्न ग्रामशासनको व्यवस्था गरिएको थियो । यसलाई पाञ्चाली-व्यवस्था भनिन्थ्यो । 'पाञ्चाली' वास्तवमा पञ्चायत जस्तै हो। यसले गाउँ भित्रको मुद्दामामिला हेर्ने र विकास कार्यको सञ्चालन गर्ने गर्दथ्यो । गाउँका गण्यमान्य व्यक्तिहरू नै यसका सदस्य हुने गर्दथे । गाउँहरू पनि त्यसबेला ग्राम (साना-साना गाउँ), तल (एक या दुई गाउँमिलेर बनेको गाउँ) र द्रङ्ग (सम्पूर्ण रूपले विकसित शहरी गाउँ) गरेर तीन प्रकारका हुन्थे । गाउँमा राजाको प्रतिनिधि पनि रहन्थ्यो, जसलाई प्रतिद्वार (द्वारे) भनिन्थ्यो ।

**न्याय-व्यवस्था** – लिच्छविकालीन न्यायव्यवस्था आदर्श रूपको थियो । साना-तिना मुद्दामामिला हेर्ने र निर्णयसमेत दिने अधिकार ग्रामपाञ्चालीलाई दिइएको थियो ।

तर यदि ग्रामपाञ्चालीको निर्णय चित्त नबुझेमा तथा पाञ्चालीले स्वयं निर्णय दिन नसकेमा सीधै राजाको दरबारमा उजूर गर्न पाइन्थ्यो । सो मुद्दा प्रतिहारले पहिले राजदरबारको ढोकामा दर्ता गर्दथ्यो र पछि परमासन (दरबारको इजलास) मा राजासमक्ष जाहेर गर्दथ्यो । राजाहरू पनि त्यसको राम्रोसँग अध्ययन गरेर निर्णय दिने गर्दथे । दरबारको ढोकामा दर्ता भएको एक महिनाभित्र त्यसको निर्णय भइसक्नुपर्दथ्यो । राजाहरू प्राचीन धर्मशास्त्रहरूको अध्ययन गरेर त्यसैको आधारमा न्याय दिने गर्दथे ।

त्यस बेलाको दण्डविधान केही कडा किसिमको देखिन्छ । चोरी गर्नुसमेत निकै ठूलो अपराध मानिन्थ्यो । त्यसबेलाको जघन्य ५ अपराधहरूमा चोरी पनि पर्दथ्यो । चोरीको अतिरिक्त ज्यान मार्नु, अर्काकी स्वास्नीको हरण गर्नु, राजद्रोह गर्नु र यस्ता अपराधमा संलग्न हुनेहरूलाई सहयोग गर्नु । यी पञ्च अपराधभित्र पर्दथे । जसमा परिवारको एक व्यक्तिले गरेको अपराधको सजाय पूरै परिवारलाई नै गरिन्थ्यो । दण्ड गर्दा अपराधीको प्रकृति अर्थात् प्रथम साहस, द्वितीय साहस वा पटके केहो त्यसमा पनि ख्याल गरिन्थ्यो । यसैको आधारमा पहिलोपल्टलाई वाग्दण्ड (हप्काएर छोड्नु), दोस्रोपल्टलाई धिग्दण्ड (बेइज्जत गर्नु), तेस्रोपल्टलाई धनदण्ड र त्यसपछि पनि सोही अपराध गरेमा वधदण्ड गरिन्थ्यो । प्राचीन धर्मशास्त्रमा उल्लेख भएको यो दण्डविधान बुझ्न न्यायालयमा धर्मशास्त्र पढेका पण्डित राख्ने चलन लिच्छविकालमा नै शुरू भइसकेको थियो ।

यसरी नै लिच्छविकालीन शासन-प्रणाली चलेको थियो ।

# लिच्छविकालीन सामाजिक अवस्था

## पृष्ठभूमि

नेपाली समाजको इतिहास केलाउँदा सामान्यतया लिच्छविकालभन्दा अगाडि जान सकिंदैन । वास्तवमा लिच्छविकालपूर्वको स्थितिबारे हामी अझैपनि अनविज्ञ जस्तै नै छौं । यस युगको राजनैतिक अवस्थाबारे वंशावलीहरू र पुराणहरूले केही चर्चा गरे पनि तत्कालीन सामाजिक स्वरूप बारेमा भने अनुमानको भरमा मात्र केही उल्लेख गर्न सकिने अवस्था छ । हाम्रो ऐतिहासिक परम्परा अनुसार नेपालमा शासन व्यवस्था शुरुवात गर्ने गोपालवंशीहरू थिए भने त्यसपछि क्रमशः महिषपालवंशी र किरातवंशीहरूले शासन सञ्चालन गरेका थिए । यी नामबाट के अनुमान गर्न सकिन्छ भने गोपाल वा महिषपाल वंश भन्नाले मूलरूपमा पशुपालक वर्ग भन्ने बुझिने हुँदा विश्व सभ्यतामा देखिए जस्तै नेपालमा पनि ऐतिहासिक युगको थालनीको पृष्ठभूमिमा पशुपालन व्यवसाय नै अपनाएको देखिन्छ । सम्भवतः यस युगसम्म आइपुग्दा जातीय भेदभावको स्थिति देखापरिसकेको थिएन ।

महिषपाल वंशी शासकहरूलाई हराएर नेपालमा किराँतहरूले शासन शुरुवात गरे । यी किराँतीहरूको युगमा भने नेपालमा विविध रूपले विकास भयो । पशुपालन युगबाट नेपाल कृषि युगमा प्रवेश गऱ्यो भने उद्योग-व्यापार, कला आदि सबै क्षेत्रमा विकास भयो । यद्यपि अभिलेखीय प्रमाण उपलब्ध हुन सकेका छैनन् । तथापि नेपालको प्रशासनिक ढाँचा पहिलोपल्ट किराँत युगमा नै स्थापित भएको बुझिन्छ । कुथेर शुल्ल, मापचोक, लिङ्गल, पीटल्जा आदि अड्डाहरू किराँतकालमा नै स्थापित भइसकेका थिए । त्यस वेलाको शासनप्रणाली राजतन्त्रात्मक व्यवस्थामा आधारित थियो ।

नेपालको बाह्य सर्म्पक तथा व्यापारको बिस्तारमा पनि किराँत युगको महत्त्वपूर्ण देन छ । नेपालमा किराँतहरूको शासन हुँदा भारतमा मगध साम्राज्यको युग थियो । लामो समयसम्मको नेपालको किराँतकालमा भारतको मगध राज्यमा बिम्बिसार, अजातशत्रुका अतिरिक्त नन्दवंशी राजाहरू तथा मौर्यहरूले शासन गरेका थिए । नेपालले त्यसबेला यी सबै राजवशसँग राम्रो सम्बन्ध कायम गरेको थियो । कौटिल्यले उल्लेख गरेअनुसार नेपालको व्यापार मगधको राजधानी पाटलीपुत्रमा निकै चलेको थियो । नेपालमा बनेका विभिन्न कम्बलहरूको मगधको बजारमा निकै माग हुन्थ्यो । ऊनको व्यापारमा पनि नेपाल त्यस बेला निकै प्रख्यात थियो ।

किराँतकालमा कला, वास्तुकलाको विकास पनि निकै भएको थियो । किराँतकालमा बनेका भनिएका कतिपय मूर्तिहरू काठमाडौं उपत्यकामा उपलब्ध छन् । त्यस्तै, यस युगमा निर्माण भएका अशोक स्तूपहरू अद्यापि देख्न सकिन्छ । अशोकको समयमा यहाँ

बौद्ध धर्मको प्रचार गर्न आएका उनका मानिसहरूले नै यी स्तूपहरूको निर्माण गराएका हुन् । भारतमा बनेका अशोक शैलीका स्तूपहरूजस्तै यी स्तूपहरू भएको हुँदा यिनलाई अशोकस्तूप भनिएको हो । यसका अतिरिक्ति पाटन (यल) शहरको निर्माण तथा काठमाडौंमा बस्तीको विस्तार किराँत युगमा नै भएको हो ।

किराँतहरू मूलरूपले शैव धर्मावलम्बी थिए; तापनि अन्य धर्मको विकास पनि यस युगमा भएको थियो । स्वयं बुद्धका चेला आनन्द तथा पछि अशोकका मानिसहरू समेत यहाँ बौद्ध धर्मको प्रचार गर्न आएका घटनाबाट उक्त तथ्यको पुष्टि हुन्छ । किराँतीहरूकै समयमा विभिन्न हिन्दू धर्मावलम्बीहरू शरणार्थीको रूपमा यहाँ प्रवेश गरेका थिए । यिनमा शाक्य, मल्ल, कोलीय, लिच्छवि आदि प्रमुख थिए । यिनीहरूको राम्रो बसोबासको व्यवस्था किराँतीहरूले मिलाइदिएका थिए । पछि लिच्छविहरूले किराँतहरूबाट राज्य आफ्नो हातमा लिएपछि वर्णाश्रम व्यवस्थाको समाज विकसित गरी शासन सञ्चालन गर्न थाले ।

लिच्छविकालीन समाजको वर्ण व्यवस्थाबारे वर्णन गर्नुभन्दा पहिले यो 'वर्णाश्रम व्यवस्था' भनेको के हो यसबारेमा बुझ्नु अत्यावश्यक हुन आउँछ । वर्णाश्रम व्यवस्था भनेको हिन्दूहरूले तयार गरेको समाजको वर्गीकरण र उनीहरूले विभिन्न अवस्थामा गर्नुपर्ने कामको लेखाजोखा सहितको व्यवस्था हो । यसरी वर्णाश्रम शब्दले हिन्दू समाजका दुई अलगअलग पक्षको प्रतिनिधित्व गरेको छ । तर यसरी दुई भिन्नभिन्न पक्ष भए पनि हिन्दू समाजमा यिनको समष्टिगत मान्यता छ । प्राचीन हिन्दू आचार्यहरूले हिन्दू समाजलाई व्यवस्थित ढङ्गले सञ्चालन गर्नका निमित्त समाजमा रहेका सबै वर्गलाई ब्राम्मण, छेत्री, वैश्य र शूद्रको रूपमा विभाजित गरेका हुन् । वर्गीय विभाजनपछि सबैका निमित्त कामको समेत विभाजन गरियो । आफूलाई तोकिएको काम सबैले निःस्वार्थ रूपमा गर्नुपर्ने र अरूको काममा हस्तक्षेप गर्न नसकिने बन्देज पनि लगाइयो । यसरी वर्गीय विभाजनका साथै प्राचीन हिन्दू आचार्यहरूले प्रत्येक हिन्दूको जीवन प्रक्रियालाई समेत चार खण्डमा विभाजित गरे - ब्रम्हाचार्य, गृहस्थ, वानप्रस्थ र सन्यास । जीवनलाई सय वर्षको आयुको मानेर प्रत्येक आश्रमलाई २५/२५ वर्षको समय दिइयो । यसरी निर्धारण गरेपछि प्रत्येक आश्रममा व्यक्तिले गर्नुपर्ने कर्तव्यहरूको पनि व्यवस्था गरियो । यसरी आफ्नो कार्यसम्पादन गर्नु प्रत्येक हिन्दूको दायित्व मानियो । यसरी यी दुवै (वर्ण+आश्रम) पक्षलाई मिलाएर वर्णाश्रम व्यवस्था वा वर्णाश्रम धर्म नामाकरण गरी समाजमा लागू गरिएको हो ।

वर्णाश्रमव्यवस्था हिन्दू सामाजिक व्यवस्थाको आधारशीला नै हो । हिन्दू आदर्श अनुसार प्रत्येक हिन्दूले आफ्नो र समाजको सर्वाङ्गीण विकासका लागि वर्णाश्रमव्यवस्था अनुरूप चल्नुपर्दछ । वर्णव्यवस्थाको पालनले एकातिर समाजमा देखापर्ने वर्गसङ्घर्ष तथा अनावश्यक प्रतिस्पर्धा खतम हुन्छ भने आश्रमहरूको पालनले प्रत्येक व्यक्तिले सामाजिक समुन्नतिका लागि आफूलाई आवश्यक पर्ने शक्ति र गुण पैदा गर्न सक्तछ । यिनै सिद्धान्तहरूको आधारमा वर्णाश्रम व्यवस्थाको कल्पना गरिएको हो ।

सारांशमा, वर्णाश्रम व्यवस्थाको तात्पर्य हो- आफू जुन वर्ण वा जातिमा जन्मियो, त्यसमा तोके अनुसारको नियमको पालन गरी तथा पेशा अपनाई जीवनयापन गर्नु ।

जन्मबाट जाति र त्यसको आधारमा निर्धारित पेशामा मात्र संलग्न रहनु, जातिगत नियमहरूको पालन गर्दै त्यसको मर्यादामा रहनु, खास गरी खानपान, पहिरन, वैवाहिक सम्बन्ध, संस्कारगत सम्बन्धमा समान जातिसित समान र असमान जातिसित असमान सम्बन्धको पालन गर्नु, हिन्दू धर्मशास्त्रअनुरूप आचरण गर्नु, संयुक्त परिवार प्रणलीअनुरूप रहेर वृद्धहरूको पालनपोषण गर्नु, अशक्तहरूमाथि संरक्षण प्रदान गर्नु ब्रह्मचारी र सन्यासीहरूलाई भिक्षा प्रदान गर्नु आदि यस व्यवस्थाका विशेषता हुन् । यस व्यवस्थाले सामाजिक, धार्मिक, सांस्कृतिक, आर्थिक सवै पक्षलाई समेटेर आएको हुँदा हिन्दूहरूले विशेष रूपमा यसलाई पालन गरेका छन् ।

प्रारम्भमा आर्यहरूले आफूलाई उच्च र पवित्र तथा अनार्य वा दासलाई अशुद्ध मानेर विभाजन शुरु गरे । करिब चारहजार वर्षदेखि हिन्दूहरूको वर्णव्यवस्था एक न एक प्रकारले कायम रहिआएको छ । यस व्यवस्थाको अति प्राचीन र सरल रूप आर्यहरू भारतीय महाद्वीप प्रति प्रवेश गर्नु पहिले फारसको खाडीमा विकसित सभ्यताको 'अवेस्ता' नामक प्रसिद्ध ग्रन्थमा पाइन्छ । यसमा समाज तीन वर्ग (पुरोहित, शासक र व्यापारी वा कामदार) मा विभाजित भएको चर्चा छ । पछि आर्यहरू भारतमा पसी त्यहाँका आदिवासीसितको लामो सङ्घर्षमा क्रमशः विजय हासिल गरी नयाँ सामाजिक, आर्थिक र राजनीतिक व्यवस्थाको थालनी गरे । यसअनुसार समाज चार वर्णमा बाँडियो- पुरोहित (ब्राह्मण), राजन (शासक), वैश्य (व्यापारी) र शूद्र (दास वा निम्नस्तरका कामदारवर्ग) । मूलरूपमा आर्यहरूद्वारा पराजित कालो रङ्गका आदिबासीहरू नै दासवर्गमा गणना गरिए । वैदिक साहित्यले चारै वर्णका लागि पृथक्पृथक् कार्य वा पेशा र आचरणको चर्चा गरेको छ । शुरुमा यस्तो पेशा रूचि र शिल्पको आधारमा निर्धारित हुन्थ्यो । माथिल्लो तीन वर्णमा प्राय र शूद्रमा समेत समय-समयमा सामाजिक सम्बन्ध (खानपान, विवाह, संस्कार क्रिया) आदिमा रोकटोक थिएन । तर पछि क्रमशः निश्चित पेशामा ध्रुवीकरण भई जुन पेशा लिने परिवारमा जन्म भयो, त्यही पेशा सदैव पालन गर्नुपर्ने तथा पेशा पनि शुद्ध र अशुद्ध हुने जस्तो भावनाको विकास भयो र वर्णहरूबीच ठूलो सामाजिक खाडल देखापर्‍यो । उत्तर-वैदिक युगमा आइपुग्दा नपुग्दा नै हिन्दूहरूको समाजमा वर्णव्यवस्था सामाजिक भेदभाव तथा वर्गसङ्घर्षको भावनातिर बढ्नथाल्यो । अब आएर ब्राह्मण, क्षेत्री, वैश्य र शूद्र चार वर्णहरूका बीच भेदभाव, भिन्नता र उच्चताको अन्तर देखाइयो र अनेक नियम कानून बनाउन थालियो । धर्मको व्याख्या गर्ने, कर्मकाण्ड र यज्ञानुष्ठानमा निपुण हुने तथा दान ग्रहण गर्ने बाह्मण भए भने युद्ध गर्ने, राजनीतिमा अग्रसर हुने र जमीनका मालिकहरू क्षेत्रीय मानिए । व्यापारी, कृषक, शिल्पी आदि श्रमिकवर्गहरू वैश्य भनिए भने दास र दस्युहरूबाट विजितवर्ग शूद्र मानिए, जसको कर्तव्य माथिका तीन वर्णहरूको सेवा गर्न मानियो । यसरी ऋग्वैदिक युगमा कर्मको आधारमा बनेका विभिन्न वर्णहरू अब आएर जन्ममा आधारित भए । ब्राह्मण र क्षेत्रीहरू समाजका प्रतिष्ठित वर्गका रूपमा गणना हुनथाले ।

विवाहका अनेक नियमहरू पनि जातीय रूपमा बन्नथाले । आफ्नै वर्णका बीचमा मात्र विवाह गर्नुपर्ने भयो । यद्यपि आरम्भिक चरणमा अन्तरवर्ण विवाह पनि समाजमा मान्य थियो, तर यो अनुलोम र प्रतिलोमका रूपमा थियो । अर्थात्, आफूभन्दा तल्लो वर्णकी कन्यासँग विवाह गर्न भने पाइन्थ्यो; तर तल्लो वर्णको केटोले माथिल्लो वर्णकी

कन्या भने विवाह गर्न पाउँदैनथ्यो । यस परिपाटीले पनि समाजमा स्थायित्व पाएन । समाज क्रमशः रूढिवादी र संकुचित हुँदै गएपछि तल्लो वर्गसँगको सम्पर्क पनि श्रद्धाका रूपमा हेर्न थालियो । फलतः अन्तर्जातीय विवाहबाट उत्पन्न सन्तानहरू अर्कै वर्गमा गनिन थाले । यसले गर्दा क्रमशः समाज अलग-अलग स्वतन्त्र विधानमा आधारित अनेक वर्ण र जातिको अद्‌भुत सङ्गठन बन्न गयो ।

शूद्रलाई बिस्तारै समाजको पृथक् अङ्ग मान्न थालियो र ऊ अब अछूत वर्गमा गनिन थाल्यो । यज्ञयज्ञादि तथा कुनै पनि धार्मिक अनुष्ठानमा शूद्रको प्रवेश अपावन मानियो र उच्च वर्गले शूद्र कन्यासँग विवाह गर्न पूर्णरूपेण रोक लगाइयो । ऐत्तरेय ब्राह्मणले त यस्तोसमेत उल्लेख गरेको छ- 'शूद्र अरूको सेवाका निमित्त भएको हुँदा स्वेच्छाले उसलाई हटाउन तथा बध गर्न सकिन्छ ।'

पछिल्लो युगमा लेखिएका साहित्यहरूले सामाजिक बनोटको यस्तो व्यवस्थामा धार्मिक आधार पनि थप्दैगए । आर्य र अनार्यबीचको द्वन्द्व र रक्तशुद्धता राख्ने धारणाले भेदभाव स्पष्ट हुँदैगयो । खास परिस्थिति बाहेक सामान्यतः पेशामा परिवर्तन हुन नसक्ने प्रचलन लोकप्रिय हुँदैगयो । यसरी हिन्दू समाज क्रमशः वर्णव्यवस्थाको जन्मवादी सिद्धान्तमा स्थिर हुन गयो । खानपानदेखि लिएर सम्पूर्ण चालचलनमा क्रमशः अनेक कट्टर नियमहरू बन्दै गए र हिन्दू समाज वर्गीय भेदभावको स्थितिमा जकडिएर स्थिर हुनगयो ।

नेपाली समाजको इतिहास केलाउँदा लिच्छविकालसम्मको व्यवस्थाबारे हामी केही उल्लेख गर्न सक्छौं । वास्तवमा सही अर्थमा भन्ने हो भने लिच्छविकालको आरम्भपछि मात्र नेपालमा व्यवस्थित राजनैतिक वा सामाजिक परिपाटी शुरु भएको हो । त्यस बेलाको समाज उत्तर-वैदिक युगको ढाँचामा विकसित भएको देखिन्छ । यसो भन्नुको तात्पर्य हो- लिच्छविकालीन समाज पूर्णरूपेण वर्णाश्रम व्यवस्थामा आधारित समाज थियो । वर्णाश्रम व्यवस्थाको तात्पर्य हो- आफू जुन वर्ण वा जातिमा जन्मियो, त्यसमा तोके अनुसारको नियम पालन गरी तथा पेशा अपनाई जीवनयापन गर्नु । हाम्रा लिच्छवि शासकहरू प्राचीन हिन्दू परम्पराका कट्टर अनुयायी भएकाले उनीहरूको शासनको शुरुदेखि नै नेपालमा पनि वर्णाश्रमव्यवस्था कायम भयो । यसो हुनुको राजनीतिक कारण पनि थियो । इसाको शुरुको शताब्दीतिर लिच्छविहरूको शासन शुरु हुनु पहिले यहाँ मङ्गोल जातिका किराँतहरू शासन गर्थे । किराँत लगायत अन्य जनजाति, जो काठमाडौं लगायत पूर्व र पश्चिममा फैलिएका थिए, तीमाथि नियन्त्रण राख्दै शासन गर्न यहाँ शक्तिशाली राजतन्त्रको गठन भयो । किराँत समाज वर्गरहित समाज भएकोले लिच्छविहरूले आफ्नो राजनीतिक व्यवस्थाअनुरूप वर्णव्यवस्थामा आधारित समाजको शुरुआत गरे । प्राचीन हिन्दू शासनपद्धतिमा धर्म नै मूल निर्देशक तत्त्व हुने हुनाले यस्तो समाजको थालनी गर्नु धर्मसम्मत कुरो थियो ।

यस्तै परिप्रेक्षमा लिच्छविकालीन समाज विकसित भएको देखिन्छ । तत्कालीन अभिलेखहरूको अध्ययन गर्दा स्पष्ट रूपले समाज वर्ण विभाजनको आधारमा विकसित भएको देखिन्छ । विभिन्न अभिलेखहरूबाट त्यसबेला समाजमा भएका ब्राह्मण, क्षेत्री, वैश्य, शुद्र आदि चार वर्णहरूको बारेमा जानकारी पाउन सकिन्छ । लिच्छविकालको लगभग

सर्वप्राचीन अभिलेख संवत् ३८६ को चाँगुनारायणको अभिलेखबाट ब्राह्मण र क्षेत्रीको बारेमा जानकारी पाइन्छ भने मानदेव कै समयको टेवहाल अभिलेखबाट व्यापारी वर्ग (बैश्य) र नरेन्द्रदेवको अनन्त लिङ्गेश्वर अभिलेखबाट चाण्डाल (शूद्र) का बारेमा जानकारी पाउन सकिन्छ । यस अभिलेखमा त स्पष्ट रूपले 'ब्राह्मण प्रमुखानाम्मा चाण्डालभ्यो' अर्थात 'ब्राह्मणलगायत चाण्डालसम्म' भनी लेखिएको हुँदा तत्कालीन समाजको वर्गीय विभाजन र जातीय उच्चताको क्रम स्पष्ट बुझ्नसकिन्छ । लिच्छविकालीन अभिलेखहरूको अध्ययनबाट त्यसवेला हिन्दू वर्ण व्यवस्थाभित्र नपर्ने किराँत तथा अन्य आदिवासीहरू पनि समाजमा बसोबास गर्दथे भन्ने बुझिन्छ । वसन्तदेवको संवत् ४२८ को थानकोट आदिनारायण शिलालेखमा "ब्राह्ण लगायत ब्रम्हु, शुलह्म्मु, तेपुल मुखिया लगायत गाउँका अठाह्रै जातका गृहस्थीहरू" भनिएको छ । यस भनाइबाट तत्कालीन समाज 'चारवर्ण अठार जात' को भएको स्पष्ट हुन्छ ।

तत्कालीन लिच्छवि शासकहरू समाजमा थालनी गरिएको वर्णाश्रमव्यवस्थालाई विशुद्ध र स्थायी राख्ने कुरामा सदैव तत्पर थिए । समाजमा वर्णव्यवस्था कायम रहोस्, आर्य मर्यादा अनुरूप समाज अगाडि बढोस् भन्ने कुरा उनीहरू चाहन्थे भनी अभिलेखहरूमा लेखिएको छ । 'सम्यक् विरचित सकल वर्णाश्रमव्यवस्था' अर्थात्, 'सम्पूर्ण वर्णव्यवस्था राम्ररी लागू गरेका', 'वर्णश्रमको बन्देजलाई ननाघेका' भन्ने आशयका विशेषताहरूले नै तत्कालीन शासकहरू आफूलाई सम्बोधन गर्दथे । वर्णाश्रमव्यवस्थालाई कायम राख्ने हिसाबका नियमहरू पनि उस बेला बनेका थिए । आफ्नो वर्ण वा जातले पाएको सुविधामात्र उपभोग गर्नु, तोकेका थितिरीतिमा बस्नु अनिवार्य थियो । खानपान, वैवाहिक सम्बन्ध आदि पनि वर्णानुसार कायम हुन्थ्यो । वर्णको नियम पालन नगरी विवाह गर्दै गएमा समाजमा 'वर्णसङ्कर' उत्पन्न हुन्छ, अर्थात् जन्ममा रक्त-अशुद्धि हुन्छ भन्ने धारणा थियो । रक्तशुद्धतामा लिच्छविहरू सचेत थिए । समाजमा रीतिथितिको पालन, आर्य मर्यादा अथवा वर्णाश्रमका नियमहरूको पालनका लागि "भट्टाधिकरण" नाउँको छुट्टै अड्डा कायम थियो ।

यस किसिमले नेपालमा लिच्छविहरूको आगमनका साथसाथै हिन्दू वर्णव्यवस्था पनि समाजमा लागू गरियो र लिच्छविहरूले आफ्ना सम्पूर्ण नीति नियमहरू यसै अनुरूप तर्जुमा गरेर वर्णव्यवस्था राम्रोसँग पालन गरेकोमा आफू गौरवान्वित भएको ठानेका छन् ।

## (ख) समाजमा स्त्रीहरुको स्थान

प्राचीन हिन्दू विचारकहरूले समाजमा स्त्रीहरूको स्थान, उनीहरुको अधिकार र दायित्व आदिका सम्बन्धमा समय समयमा व्यक्त गरेका विचारहरूको आधारमा हेर्दा वैदिक कालतिर समाजमा नारी र पुरूषबीच खास भेदभाव नभएको बुझिन्छ । शिक्षा-दीक्षा तथा अन्य विषयमा समानताको भावना भएको विश्वास गरिन्छ । वैदिक साहित्यहरूको अध्ययन गर्दा त्यसवेला नारीहरू स्वतन्त्ररुपले शिक्षा लिन सक्ने, आफ्नो स्वेच्छाले जीवन साथी छान्न सक्ने अवस्थामा थिए । तर स्मृतिकारहरूले नारीहरूका सम्बन्धमा अनेक वन्देजहरू कायम गरेपछि भने नारीहरू क्रमशः सामाजिक नियम र कानूनको परिधिभित्र बाँधिदै जान थाले ।

लिच्छविकालीन समाज पूर्णरुपले हिन्दू समाज थियो । तत्कालीन शासकहरुको प्रमुख ध्येय नै प्राचीन वैदिक आदर्श अनुरुप समाजलाई ढाल्नुमा नै थियो । तत्कालीन अभिलेखहरूको अध्ययनबाट यो कुरा पुष्टी हुनसक्तछ। त्यसबेलाको समाजमा नारीहरूको के स्थिति थियो यसबारेमा तल वर्णन गरिएको छ ।

लिच्छविकालीन केही अभिलेखहरुले त्यसवेला राजनीतिमा नारीहरूको सहभागिता हुनसक्ने तथ्यको जानकारी दिएका छन् । राजा मानदेवको संवत् ३८६ को चाँगुनारायणको अभिलेखमा स्पष्टरुपले राजाले आमाको आज्ञा अनुसार राज्य संचालन गर्ने गरेको तथ्य उल्लेख गरेका छन् । मानदेव कै समयको मानांक मुद्रामा पनि पृष्ठभागमा उनकी रानी 'भोगिनी' को नाम उल्लेख भएको हुँदा नारीहरुलाई राजनैतिक क्षेत्रमा केही मात्रामा भए पनि संलग्न गराउने तत्कालीन परम्परा भएको जानकारी पाउन सकिन्छ।

नारीहरुलाई धार्मिक स्वतन्त्रता भएको कुरा तत्कालीन केही अभिलेखहरुबाट जान्न सकिन्छ। राजा मानदेवको वैष्णब धर्मप्रति विशेष झुकाव थियो भने उनका दुई रानीहरू गुणवती र क्षेम सुन्दरीले शिवलिङ्गको स्थापना गरेका थिए। मानदेवकी छोरी विजयवतीले पशुपति सूर्यघाटमा शिवलिङ्गको स्थापना गरेर अभिलेख समेत राख्न लगाएकी थिइन् भने तत्कालीन अन्य नारीहरुले पनि विविध धार्मिक कार्यहरू सञ्चालन गरेका थिए। मानमती नामकी महिलाले नाथेश्वर तथा खुडुस्वामी (वैष्णव देवता) का पुजाआजाको लागि केही जग्गा गुठी राखिदिएको कुरा संवत् ४६७ को अभिलेखबाट जान्न सकिन्छ । अंशुवर्माकी बहिनी भोगदेवीले आफ्ना पति राजपुत्र शुरसेनको पुण्यको बढिबढाउको लागि पशुपतिमा शूर भोगेश्वरको स्थापना गरेको कुरा तथा अंशुवर्माकी भाञ्जी भाग्यदेवीले लडित महेश्वरको स्थापना गरेको कुरा संवत् ३९ को देउपाटन अभिलेखबाट जान्न सकिन्छ।

संवत् ४६२ को पशुपतिको एक अभिलेखमा उल्लेख भए अनुसार आभिरी गोमिनीले आफ्ना स्वर्गीय पति अनुपरमको पुण्य बढोस् भनेर शिव लिङ्ग स्थापना गरेकी थिइन् । यी सवैका अतिरिक्त नारीहरूलाई भिक्षुणी भएर भिक्षुणी संघमा बस्न पनि छुट थियो । पाटन चपटोलको अभिलेखमा उल्लेख भए अनुसार मृगिनी नामक महिलाले आर्य भिक्षुणी संघलाई खुवाउन र विहारको पुनरुद्वार गर्न जग्गा गुठी राखेको थियो ।

लिच्छविकालमा शिक्षाको समुचित व्यवस्था थियो तापनि नारीहरुलाई शिक्षाको के कस्तो स्वतन्त्रता थियो त्यो भने स्पष्ट छैन । संवत् ४२७ को विजयवतीको पशुपतिको सूर्यघाट अभिलेखले 'राजकुमारी विजयवती अनेक कलामा निपुर्ण थिइन्' भन्ने उल्लेख गरेर तत्कालीन नारीहरू शिक्षा लिन स्वतन्त्र थिए कि भन्ने संकेत दिन्छ तर यसलाई पुष्टी गर्ने अन्य तथ्यहरू भने प्राप्त भएको छैन ।

संवत् ५७ को मालीगाउँ अभिलेखमा विष्णु गुप्तले पुनर्विवाह र विधवा विवाहको निश्चित नियमको व्यवस्था गरेको कुरा परेको छ । यस व्यवस्था अनुसार लोग्ने मरेमा, हराएमा, जोगी भएमा वा अन्य कारणले पुनर्विवाह गर्न पाउने चलन भएको जान्न सकिन्छ। तत्कालीन चलन अनुसार राजपरिवार र उच्च खानदानका नारीहरुमा लोग्नेको मृत्युपछि सती जानु पर्दथ्यो । तर सती जानु अनिवार्य भने थिएन । सती जाने अथवा सतीब्रतमा रहने दुई मार्ग मध्ये एक रोज्न पाउने परिपाटी थियो । मानदेवकी आमा

राज्यवती भौमगुप्तकी आमा आभिरी आदि सती नगई सतीब्रतमा रहेको देखिन्छ। यसरी सती ब्रतमा रहेपछि स्त्री स्वतन्त्रतामा भने निकै बन्देज लाग्दथ्यो। धर्म कर्म वा अन्य कुनै पनि कार्य गर्दा मान्यजन वा छोराको अनुमति लिनु पर्दथ्यो। संवत् ४६२ को पशुपति अभिलेखमा गोमिनीले आफ्ना स्वर्गीय पतिको पुण्य बढोस् तथा छोराको सुखभोग आरोग्य आयु धेरै होस् भनी गरेको धार्मिक कार्य गर्नका निमित्त छोराको अनुमति लिएको कुरा परेको छ।

संवत् १०३ को पशुपति बज्रघर अभिलेखमा नारीहरू सम्बन्धी एक विशेष प्रसंग परेको छ। सो अभिलेखमा 'कुनै गर्भिणी स्त्रीको मृत्यु भई गर्भ झिक्नु पर्दा त्यस काममा सय पण मात्र दिए पुग्ने' भन्ने प्रसंग परेको छ। यस प्रसंगबाट गर्भिणी स्त्रीको राम्रो हेरचाह गर्नु पर्ने गरी मुलुकी ऐन बनेको देखिन्छ। त्यस्तै, नरेन्द्रदेवको पशुपति अभिलेखमा पञ्चापराध गर्ने मानिसको सम्पतिका साथै पत्नीले पनि दण्ड पाउने व्यवस्था भएको उल्लेख परेको छ। यसरी लोग्नेले गरेको अपराधको सजाय पत्नीले पाउने अनौठो परिपाटी त्यसबेला कायम भएको देखिन्छ।

यसरी लिच्छविकालीन सीमित स्रोतहरुको अध्ययनबाट तत्कालीन नारीहरुको स्थितिबारे विरोधाभास तथ्यहरू स्पष्ट हुन्छन्। नारीहरू केही मात्रामा स्वतन्त्र भए पनि क्रमशः मध्यकालीन कट्टर व्यवस्थाले घेर्दै ल्याउदै थियो भन्ने प्रष्ट जान्न सकिन्छ।

## (ग) शिक्षा व्यवस्था

**प्राचीन शिक्षाप्रणालीका उद्देश्य र आदर्श–** मानव जीवनमा विद्याको विशिष्ट स्थान छ। विद्या नै एउटा यस्तो मार्ग हो, जसले मानिसलाई कुमार्गमा लाग्नबाट बचाएर सही मार्गको अनुशरण गराई इहलौकिक र पारलौकिक जीवन सुखमय बनाउँछ। विद्याकै माध्यमबाट मानव जीवन सार्थक बन्न सक्तछ। व्यक्तिको आत्मिक विकासका साथै गुण-अवगुण तथा उचित-अनुचित छुट्टयाउन सक्ने शक्ति विद्याबाट मात्र सम्भव हुन्छ। विद्या नभएको मान्छेको जीवन निरर्थक हुन्छ। त्यसैले विद्याहीन पशुः भनेर हाम्रा शास्त्रहरुले उल्लेख गरेका हुन्। मानव जीवनको यही विशिष्टतम उद्देश्यका निमित्त समुचित शिक्षा दिने प्रथाको विकास भएको हो।

प्राचीन हिन्दूशास्त्रहरूले हिन्दू शिक्षा व्यवस्थाबारे विविध रूपमा वर्णन गरेका छन्। यी विविध वर्णनहरूको अध्ययन गरेर प्राचीन शिक्षाप्रणालीको उद्देश्य र आदर्शहरूको निम्नरूपमा वर्णन गर्न सकिन्छ:

**(१) धार्मिक भावनाको विकास–** प्राचीन शिक्षाप्रणालीको एक प्रमुख उद्देश्य व्यक्तिमा धार्मिक भावनाको विकास गराउनु हो। मानव जीवनमा धार्मिक भावनाको गरिमामय स्थान छ। प्रत्येक व्यक्ति धार्मिकरुपमा सचेत रहनु आवश्यक छ। त्यसैले शिक्षाको माध्यमबाट प्राचीन आचार्यहरूले विद्यार्थीहरूमा यो भावना जाग्रत गराउन चाहेका हुन्। विद्याध्ययन गर्दा बृह्मचारीले गर्ने दैनिक क्रिया-संध्योपासन, ब्रतको उपासना, पूजापाठ, ध्यान, सच्चरित्रता तथा धार्मिक सभा-सम्मेलन आदिबाट उसको धार्मिक भावनाको विकासमा टेवा मिल्दछ। मानव जीवनको उत्थान र विकासका निमित्त

आवश्यक पर्ने आत्मविश्वास, आत्मबल तथा अत्मिक शक्ति सबै उसमा भएको धार्मिक भावनाबाट मात्र सबल हुन सक्तछ । यसैले आचार्य मनुले 'व्यक्तिले कहिल्यै आफ्नो धर्मको पालनमा नैराश्य देखाउनु हुँदैन' भन्ने उल्लेख गरेका छन् ।

गुरूकुलमा रहँदा बृह्मचारीले निष्ठापूर्वक धार्मिक निर्देशनहरूको पालना गर्नुपर्थ्यो । नित्य धार्मिक अनुष्ठानमा रहँदा बृह्मचारीले लौकिक र पारलौकिक जीवनबारे यथार्थ बुझ्न सक्छ र विभिन्न उत्तरदायित्वबारे सजग हुन सक्तछ । यही आदर्शको आधारमा प्राचीन शिक्षाप्रणालीको एक उद्देश्य धार्मिक भावनाको विकास गराउनु रहेको हो भन्ने बुझिन्छ ।

**(२) चरित्रनिर्माण-** प्राचीन शिक्षाको अर्को उद्देश्य व्यक्तिको चरित्रनिर्माण गर्नु रहेको थियो । व्यक्तिका लागि सच्चरित्रता एक अत्यन्त आवश्यक सामाजिक गुण हो । उचित शिक्षाद्वारा नै व्यक्तिले आफ्नो चरित्र राम्रो बनाउन सक्ने हुनाले प्राचीन आचार्यहरुले शिक्षाव्यवस्थामा मनुष्यको आचरणको निर्माणमा विशेष ध्यान दिएका हुन् । शिक्षालिने अवधिमा नै व्यक्तिको आचरण र चरित्रनिर्माण गर्ने प्रयत्न गरिन्थ्यो । मानिसको चरित्रोत्थानका प्रमुख तत्त्वहरु – सहिष्णुता, सौहार्द्र, सत्यनिष्ठा, नैतिकता तथा आदर्शता मानिन्छ । प्राचीन शिक्षाव्यवस्थामा यिनै गुणहरुको विकासमा बढी जोड दिइएको छ । गुरुकुलमा बसेर निष्ठापूर्वक अनुशासित भई विद्याध्ययन गर्दा क्रमश: व्यक्तिमा चरित्र-निर्माण हुनजान्थ्यो । व्यक्ति सुमार्गमा लाग्ने या कुमार्गमा लाग्नसक्ने बेला यही नै भएको हुँदा प्राचीन शिक्षाप्रणालीमा व्यक्तिको चरित्रनिर्माण गर्ने प्रमुख उद्देश्य रहेको बुझिन्छ ।

**(३) व्यक्तित्वको विकास-** प्राचीन शिक्षाप्रणालीको अर्को प्रमुख उद्देश्य थियो– व्यक्तित्वको विकास । यद्यपि शिक्षा दिदैमा व्यक्ति स्वावलम्बी, सामाजिक, व्यावहारिक र प्रभावशाली नागरिक बन्नसक्छ भन्न सकिँदैन । त्यसैले प्राचीन आचार्यहरुले सानै उमेरदेखि बालकलाई विभिन्न आचरण, नियम तथा निर्देशनहरूको पालन गराई जीवन सुव्यवस्थित बनाउन तालिम दिन्थे । यसबाट बालकमा आत्मसंयम, आत्मचिन्तन, आत्मविश्वास, आत्मविश्लेषण, विवेक, भावना आदिको निर्माण हुनसक्थ्यो र व्यक्तित्वको विकास सबल हुँदैजान्थ्यो । वास्तवमा आत्मविश्वासबाट नै व्यक्तिले आफूमा निर्णय दिनसक्ने क्षमता तथा कठिन परिस्थितिमा समेत समस्यालाई सुल्झाउन सक्ने व्यक्तित्वको विकास गर्न सक्तथ्यो । प्राचीन गुरुका आश्रमहरूमा दिइने शिक्षाप्रणालीबाट व्यक्तिको शारीरिक र मानसिक विकास स्वतनत्ररूपले हुन्थ्यो ।

**(४) उत्तरदायित्वको भावनाको विकास-** बाल्यकालमा हरेक व्यक्तिलाई विविध विषयको शिक्षा दिनुको मुख्य आशय के पनि हो भने व्यक्तिमा उत्तरदायित्वको भावनाको विकास सानैदेखि गराउनु । वास्तवमा बाल्यकालमा शिक्षा लिनुको उद्देश्य भविष्यमा आफूमा आइपर्ने गहन जिम्मेवारी वहन गर्न सक्ने क्षामतामा बृद्धि गर्नु हो । यस किसिमको उत्तरदायित्व व्यक्तिगत र सामाजिक दुवै किसिमको हुन्छ । व्यक्तिगत उत्तरदायित्वअन्तर्गत पुत्र, पति वा पिताका रुपमा आफ्नो परिवारको कर्तव्य पालन गर्नुपर्ने हुन्थ्यो भने एक असल नागरिकका रुपमा सामाजिक विकास र राष्ट्रको समुन्नतिमा सक्रिय भाग लिनु पनि प्रत्येक व्यक्तिको कर्तव्य हुन्थ्यो । प्रत्येक वर्ण र जातिको आफ्नै

किसिमको कर्तव्य हुन्थ्यो । सबैले आ-आफ्नो कर्तव्य पालना गरेर सामाजिक प्रतिष्ठा कायम गर्ने आशा गरिन्थ्यो । त्यसैले विद्यार्थीको समावर्तनसमारोह (दीक्षान्त समारोह) मा साँचो बोल्नु, धर्मको अनुसरण गर्नु, आमाबाबु, आचार्य, अतिथि सबैलाई ईश्वर मान्नु, लोभलालच नगर्नु' भनेर उपदेश दिइन्थ्यो । यसरी शिक्षाले व्यक्तिलाई निःस्वार्थ र समाजको प्रत्येक वर्गको कर्तव्य र अधिकारबाट विज्ञ राख्नुपर्छ भन्ने विशेष उद्देश्य प्राचीन शिक्षाव्यवस्थामा लिइएको थियो ।

**(५) सांस्कृतिक विकास र संरक्षण-** सांस्कृतिक सम्पदाको संरक्षण हुनु हरेक सामाजिक विकासको महत्त्वपूर्ण पक्ष हो । शिक्षाको माध्यमबाट नै व्यक्तिमा सांस्कृतिक भावनाको विकास गराउन सकिन्थ्यो । गुरूकुलमा पठन-पाठनको परम्परालाई कायम राखेर तथा वैदिक साहित्यको राम्रोसँग अध्ययन गरेर मात्र प्राचीन सांस्कृतिक परम्परालाई सजीव राख्न सकिन्थ्यो । हाम्रो प्राचीन जीवनपद्धति तथा प्राचीन संस्कृतिको सधैं मनन भइरहनुपर्दछ भन्ने धारणा प्राचीन शिक्षाप्रणालीमा विद्यमान थियो ।

यसरी प्राचीन शिक्षाप्रणाली विभिन्न उद्देश्य र आदर्शताका साथ चलेको थियो । वास्तवमा गुरूकुलमा जुन रूपले शिक्षा दिइन्थ्यो, त्यसबाट एकातिर अनुशासन, सच्चरित्रता र विवेकको भावनाको विकास गर्न सकिन्थ्यो भने अर्कोतिर समाज वा राष्ट्रका निमित्त सुयोग्य कार्यकर्ताको उत्पादन गर्न सकिन्थ्यो । त्यसैले थुप्रै पूर्वाधारहरू तथा औपचारिकताहरू पूरा गरेर मात्र शिक्षा ग्रहण गर्न सकिन्थ्यो ।

## ईशापूर्वको युगमा नेपालमा शिक्षा

नेपालको शैक्षिक विकासको इतिहासलाई खोज गर्ने हो भने उत्तर-वैदिक युगसम्म पुग्न सकिन्छ । उत्तर-वैदिक युगमा विकसित भएको तराइको विदेह (मिथिला) राज्य शिक्षाको विकासको दृष्टिकोणले ज्यादै महत्वपूर्ण मानिन्छ । यो प्राचीन विदेह राज्यको केन्द्र नेपालको वर्तमान जनकपुर मानिन्छ र यसको समय भने ईशापूर्व सातौं शताब्दी अन्दाज गरिएको छ ।

यस राज्यमा जनकको समयमा निकै उन्नति भएको थियो । बृहदारण्यक उपनिषद्मा धेरै ठाउँमा राजा जनकको समयमा भएको शैक्षिक क्रियाकलापबारे चर्चा गर्दै यस सम्बन्धमा जनकको निकै प्रसंशा गरिएको छ । ठाउँठाउँमा बौद्धिक छलफलको उल्लेख पनि भएको छ । वास्तवमा त्यसवेलासम्ममा लेखनकलाको पनि विकास भइसकेको हुँदा शैक्षिक जागरण नै देखापऱ्यो । प्राचीन बैदिक ग्रन्थ ॠग्वेदका सुक्तहरूको व्यवस्थित अध्ययन गरियो । फलस्वरूप अनेक उपनिषद, ब्राह्य साहित्यहरू, दर्शनहरू तथा वेदांगहरू तयार भए । यस युगमा ज्ञानको अभिप्राप्ति नै चरम शान्तिको साधन मानियो । यसका निमित्त अनेक तरहले छलफल हुने गर्दथ्यो । यसरी छलफल गर्ने तत्कालीन दरवारीया विद्वानहरूमा याज्ञवल्क्यको नाम अग्रपंक्तिमा रहेको थियो भने स्वेतकेतु, उद्धालक, आरणी, सत्यकाम, गार्गी आदि पनि सुप्रसिद्ध थिए । सतपथ ब्राह्मणमा उल्लेख भए अनुसार यी विद्वानहरू बीचमा भएको छलफलमा याज्ञवल्क्य विजयी भएर राजा जनकका प्रमुख सल्लाहकार हुन पुगेका थिए ।

ईशापूर्व छैटौ शताव्दीको कपिलवस्तुको इतिहासको अध्ययन गर्दा पनि नेपालको तत्कालीन शैक्षिक स्थितिबारे जानकारी पाउन सकिन्छ । विभिन्न बौद्ध ग्रन्थहरूको अध्ययन गर्दा त्यहाँ विभिन्न विषयको शिक्षा दिने व्यवस्था भएको बुझिन्छ । गौतमबुद्ध स्वयं पाठशाला जाने गर्दथे र उनले आफ्ना गुरूबाट अनेक शास्त्रशस्त्रको शिक्षा पाएका थिए । ललित विस्तर अनुसार गौतम बुद्ध विश्वामित्रबाट लिपिशालामा चन्दनको फलकमा सुनको कलमले अक्षर सिक्ने गर्दथे । त्यसबेलाको चलन अनुसार बाबुहरू आफ्ना छोरीहरूको विवाह शिक्षित युवकहरूसंग नै गर्न रुचाउँथे । स्वयं सिद्धार्थ गौतमले यशोधरासंग विवाह गर्दा पांचसय शाक्य कुमारहरूसंग हतियार कौशलमा भाग लिनु परेको थियो ।

## लिच्छविकालीन नेपालको शैक्षिक अवस्था

ईशाको आरम्भको साथसाथै नेपालमा लिच्छविहरूको शासन व्यवस्था आरम्भ भएको मानिन्छ तर अभिलेखीय प्रमाणहरू भने पाचौं शताव्दीदेखि मात्र प्राप्त भएका छन् । यद्यपि गतवर्ष काठमाडौंको मालीगाउँमा प्राप्त एक सालिकमा अंकित भएको अभिलेखलाई मानदेवभन्दा अगाडि नै नेपालमा शासन गर्ने लिच्छवि शासक जयवर्माको मानिएको छ । तर यो अभिलेखमा अंकित भएको संवत बारे भने अझैपनि विवादै रहेको छ । इतिहासमा यो अभिलेखलाई कुन ठाउँमा राख्ने भन्ने बारेमा मत्येक हुन सकेको छैन । स्पष्ट सालमिति अंकित भएका अभिलेख भने पाँचौ शताब्दीदेखि मात्र प्राप्त छन् । यस सन्दर्भमा प्राप्त पहिलो अभिलेख संवत् ३८१ (वि.सं. ५१६) को पशुपति अभिलेख हो ।

लिच्छविकालीन स्रोतहरूको अध्ययन गर्दा त्यसबेला शिक्षाको राम्रो व्यवस्था भएको बुझिन्छ । तत्कालीन शासकहरू शास्त्रहरूको अध्ययन गरेर त्यसै अनुरूप शासन सन्चालन गर्ने गर्दथे । राजा मानदेवको वेलटोल अभिलेखमा उनलाई "वेद तथा धर्मशास्त्रमा विधान गरे बमोजिम धर्मकर्म गर्ने" भनिएको छ भने उनकी छोरी विजयावतीलाई उनैको सूर्यबाट अभिलेखमा "विभिन्न विद्यामा निपुर्ण भएकी" भनिएको छ । यी तथ्यहरूबाट हेर्दा पाँचौ शताब्दीमा नै नेपालमा शिक्षाको जग बसिसकेको स्पष्ट हुन सक्तछ ।

सातौं शताब्दीको शुरूतिर नेपालमा शासन गर्ने नेपाली शासक अंशुवर्माको विद्वता त विदेशमा समेत फैलिएको थियो । उनी दिनरात विभिन्न शास्त्रहरूको अध्ययनमा लागिरहन्थे भन्ने कुरा संवत् ३९ (वि.सं. ६७२) को देउपाटन अभिलेखबाट जान्न सकिन्छ । अंशुवर्माले आफूलाई "श्रीकलहाभिमानी" उपनामले संवोधन गराएका छन् । धनबज्र बज्राचार्यले यो शब्दको अर्थ "लक्ष्मीसँग कलह गर्न गर्व गर्ने अर्थात् सरस्वतीका भक्त" भन्ने लगाएको छ । अंशुवर्माले एक शब्दविद्या नामक पुस्तक लेखेको कुरा चिनीयाँ यात्री ह्वेनत्साङले उल्लेख गरेका छन् । उनका दरवारीया कवि चन्द्रवर्मा गौमीले चान्द्रव्याकरण नामक ग्रन्थ तयार पारेका थिए ।

लिच्छवि राजा जयदेव द्वितीय आफै विद्वान तथा कवि थिए । उनको प्रसिद्ध अभिलेख पशुपति अभिलेखका पाँच पद्यहरू राजा आफैले रचेका थिए । उनको दरवारमा वुद्धकीर्ति नामक कवि थिए जसले "द्वैपायन स्तोत्रम" लेखेका थिए । लिच्छविकालीन

अभिलेखहरूको अध्ययन गर्दा त्यसबेला विभिन्न संघ-संस्थाहरू तथा व्यक्तिहरू समेत पठन-पाठनको व्यवस्था गर्ने काममा संलग्न रहेको बुझ्न सकिन्छ। त्यसबेला पठन पाठनको व्यवस्था गर्ने सरकारी स्तरबाट विर्ता जमिनको व्यवस्था गरिएको हुन्थ्यो जसलाई अग्रहार भनिन्थ्यो। अग्रहार भनेर छुट्टचाइएका क्षेत्रहरूमा करमुक्त जग्गा हुन्थ्यो। ती क्षेत्रहरूमा विद्वान्हरू बसेर पठनपाठनको कार्य सम्पादन गर्ने गर्दथे। प्राचीन भारतीय परम्परामा पनि यसरी अग्रहारको रूपमा विद्वत मण्डलीहरू बस्ने गाउँहरू छुट्टचाउने व्यवस्था भएको बुझिन्छ। ए.एस. अल्टेकरको विचार अनुसार यस्तो अग्रहार क्षेत्रहरूमा विद्वान् ब्राम्हणहरूनै बस्ने गर्दथे।

सरकारी क्षेत्र बाहेक सामाजिक संस्थाहरू पनि शिक्षा व्यवस्थाको संचालन गर्न सक्रिय थिए। यस्तो एक संस्था तैतरीय शाखा गोष्ठी थियो। यो संस्थाले वैदिक अध्ययनको व्यवस्था गर्ने गर्दथ्यो। त्यस्तै लिच्छविकालीन अभिलेखमा उल्लेख भएको अर्चा गोष्ठीले शिल्पशास्त्रको तालिम दिने काम गर्दथ्यो भने वादित्र गोष्ठीले बाजागाजा बजाउन सिकाउने काम गर्दथ्यो। अभिलेखहरूमा उल्लेख भएका भरताश्रम तथा गौतमाश्रम जस्ता शब्दहरूले त्यसबेला प्राचीन हिन्दू परम्परा अनुरूप गुरूकुलको संकेत गरेका छन्। साथै तत्कालीन मठमन्दिरहरू तथा विहारहरूले पनि आ-आफ्नो सम्प्रदाय सम्बन्धी धार्मिक शिक्षा दिने गर्दथे।

नेपाल बाहिर गएर अध्ययन गर्ने चलन पनि त्यसबेला थियो। आठौं शताब्दीतिर वैरोचन, कनकश्री तथा रत्नकीर्तिहरूले विक्रमशील महाविहारमा गएर तन्त्रशास्त्र अध्ययन गरेका थिए।

प्राचीन नेपालमा पठन-पाठन गरिने विषयहरूको बारेमा तत्कालीन अभिलेखहरू-बाट संक्षिप्त जानकारी पाउन सकिन्छ। त्यसबेला विशेष महत्त्वका साथ अध्ययन गरिने विषय प्राचीन धर्मशास्त्रहरूको अध्ययन थियो। तत्कालीन अभिलेखहरूले वेद, स्मृतिहरू, महाभारत आदिको उल्लेख निकै ठाउँमा गरेको छ। वेदको अध्ययन व्यवस्था गर्ने तैतरीय शाखा गोष्ठीको व्यवस्था त्यसैबेला थियो। हाँडीगाउँको गरुण स्तम्भ अभिलेखमा अनुपरम गुप्तले बेदको स्वरूप र आदर्शबारे सूत्रात्मक व्याख्या गरेका छन्। यी अनपरम गुप्तले वेदको ठाउँ स्मृतिहरू भन्दा माथि भएको तथ्य उल्लेख गरेका छन्। त्यसबेला मनुस्मृति, यमस्मृति, वृहस्पतिस्मृति र ओशनस स्मृतिका साथै शुक्रनीति पनि समाजमा विशेष मान्य थिए भन्ने जान्न सकिन्छ।

महाभारतका श्लोकहरू तत्कालीन अभिलेखहरूमा उल्लेख गरिएका हुँदा त्यसबेला महाभारतको पनि निकै मान रहेको बुझिन्छ। अनुपरमको हाँडिगाउँ अभिलेखमा महा-भारतलाई भारत मात्र भनिएको छ र यसका रचयिता बेदव्यास नै मानिएको छ। लिच्छविकालमा वेदव्यास सम्प्रदायसमेत चलेको देखिएकोले यस महाकाव्यको महत्त्व त्यसबेला निकै भएको जान्न सकिन्छ। यसका साथै त्यसबेला भास र भारबीका पुराना संस्कृत रचनाहरूको पनि अध्ययन अध्यापन हुन्थ्यो भन्ने विचार जगदीशचन्द्र रेग्मीको रहेको छ।

प्राचीन नेपालमा शास्त्रीय परम्पराका अतिरिक्त आयुर्वेद, ज्योतिष, संगीत, शिल्पशास्त्र जस्ता विषयहरूको समेत पठन-पाठन हुने गर्दथ्यो। त्यसबेला मनिसहरूको

वा पशुहरूको औषधोपचार गर्ने एकमात्र माध्यम आयुर्वेद पद्धति नै थियो । त्यसबेला ठाउँठाउँमा आरोग्यशालाहरू खुलेका थिए र विरामीहरूलाई औषधोपचार गरिने व्यवस्था थियो । यी तथ्यहरूबाट त्यसबेला आयुर्वेदको पठन-पाठन हुने गरेको जान्न सकिन्छ । चिनीया ताङ वृतान्तमा समेत नेपालीहरू आयुर्वेद शास्त्रमा निपूर्ण भएको कुरा उल्लेखित छ ।

ज्योतिष शास्त्रको अध्ययन पनि त्यसबेला हुन्थ्यो । चिनीया वृतान्तमा नेपालीहरू ज्योतिष शास्त्रमा निपूर्ण छन् भनेर उल्लेख गरिएको छ । ग्रह-नक्षत्र, शुभ-अशुभ आदि विचार गर्ने चलन त्यसबेला प्रचलन भइसकेको हुँदा ज्योतिषशास्त्रको अध्ययनले विशेष महत्त्व पाएको बुझ्न सकिन्छ । तर त्यसबेलाको पञ्चाङ्ग गणना पद्धति अहिले नेपालमा चलेको पञ्चाङ्ग गणना पद्धतिसँग मेल खादैनथ्यो भनेर श्री नयराज पन्तले उल्लेख गर्नु भएको छ । प्रसिद्ध ज्योतिष ग्रन्थ सुमतितन्त्र लिच्छवि युगमा नै तयार गरिएको कुरा श्री नयराज पन्तले सप्रमाण उल्लेख गर्नु भएको छ ।

शिल्पशास्त्र सम्बन्धी अध्ययनको व्यवस्था पनि लिच्छवि कालमा थियो । संवत् ५२६ (वि.सं. ६५९) को लेले अभिलेखमा उल्लेख भएको अर्चा गोष्ठीलाई मूर्ति बनाउने तथा मूर्ति बनाउन सिकाउने काम गर्थ्यो भन्ने विश्वास गरिएको छ । लिच्छविकालीन प्रस्तर कलाको अध्ययन गर्दा तथा तत्कालीन अभिलेखहरूमा निकै मात्रामा मन्दिर विहारहरू बनेको उल्लेख परेको हुँदा त्यसबेला शिल्प शास्त्रको तालिम हुने गरेको कुराको थप प्रमाण मिलेको छ ।

संगीत तथा अभिनय सम्बन्धी शिक्षादीक्षा पनि त्यसबेला हुने गर्दथ्यो । बाजागाजाको व्यवस्था गर्न वादिन्त्र गोष्ठी संचालित थियो भने नाटक मन्चन पनि त्यसबेला हुने गर्दथ्यो । जयदेव द्वितीयको नक्सालको एक जीर्ण अभिलेखमा उल्लेख भएको प्रेक्षणमण्डपीले नाटक र अभिनय गर्ने रङ्गशाला अर्थ्याएको विचार जगदीशचन्द्र रेग्मीको छ । गोपालराज वंशावलीमा पनि लिच्छविराजा चंपादेवको पालामा चार अंकको रामायणनृत्य खेलाएको उल्लेख आउँछ ।

लिच्छविकालीन अभिलेखहरूको अध्ययन गर्दा त्यसबेला एक मात्र भाषा संस्कृत भाषाको प्रयोग हुने गरेको जान्न सकिन्छ । त्यसबेला लेखपढको एउटै मात्र भाषा संस्कृत थियो । संस्कृतमा लेखिएको प्रौढ अभिलेखहरूले हामीलाई यो कुराको ज्ञान गराउँछ ।

संस्कृत भाषाको अतिरिक्त अन्य भाषाहरू पनि त्यसबेला चलन चल्तीमा भएको कुरा अनुमान गरिएको छ । वास्तवमा लिच्छविकालीन संस्कृत अभिलेखका बीचमा पर्न आएका पारिभाषिक शब्द र नाममा उल्लेख भएका कतिपय स्थानीय भाषाका शब्दहरूले पनि त्यसबेला बोलचालको भाषाचाहिं अर्कै भएको ज्ञात हुन्छ र सो भाषा वर्तमान कालमा नेपालमा प्रचलित नेवारी भाषाको पूर्वरूप हुनसक्ने अनुमान श्री ज्ञानमणि नेपालले गर्नु भएको छ ।

यसका अतिरिक्त लिच्छविकालमा प्राकृत भाषाको पनि यहाँ प्रचार भएको कुरा श्री ज्ञानमणि नेपालले उल्लेख गर्नु भएको छ । पुरानो बौद्ध साहित्य पाली प्राकृत मै भएको र बौद्ध धर्मको प्रचार पहिलेदेखि नै नेपालमा रहेको र उता नजिक भारतमा बोलिचालीदेखि लेखापढीमा समेत प्राकृतको प्रयोग भैरहेको हुँदा नेपालमा बसोबास गरिरहेका बौद्धमार्गी,

शैवमार्गी, वैष्णवमार्गी प्रजाहरू सबै नै स्थानीय भाषाभाषी मात्र नभएर प्राकृत बोल्ने पनि थिए भनेर श्री नेपालले अनुमान गर्नु भएको छ। लिच्छविकालीन अभिलेखहरूमा भने प्राकृतका कुनै नमूना प्राप्त भएका छैनन्।

यी सबै तथ्यहरूलाई हेर्दा लिच्छविकालमा पठनपाठनको मूल माध्यम संस्कृत भाषा नै भएको र प्राकृत र नेवारी भाषा पनि प्रयोग हुने गरेको अनुमान गर्न सकिन्छ। त्यसबेला प्रचलित लिपिहरूमा भनें एउटै मात्र लिपिका रूपहरू पाइएका छन् त्यो हो ब्राम्ही लिपि। ब्राम्ही लिपिका प्राचीन नमूनाहरू ई.पू. तेश्रो शताब्दीका सम्राट अशोकका स्तम्भ अभिलेखहरू हुन्। यी अभिलेखहरूले नेपालको शैक्षिक क्षेत्रमा खास असर नगरे पनि ईशाको पाचौं शताब्दीदेखि पाइएका लिपिहरू पनि ब्राम्ही लिपिकै विकसित रूपका मानिन्छन्। नेपालमा यी लिपिलाई लिच्छवि लिपि भन्ने गरिएको छ र यो पूर्व-लिच्छवि लिपि र उत्तर-लिच्छवि लिपि गरी दुई भागमा विभाजित छ। लिच्छविकालीन अभिलेखहरू सबै नै यिनै लिपिहरूमा अंकित गरिएका छन्।

पूर्व-लिच्छवि लिपि भन्नाले वास्तवमा भारतीय गुप्त लिपिकै नेपालको स्थानीय रूप भन्ने बुझिन्छ र छैटौं शताब्दीसम्म यसको समय मानिन्छ। करीव साठीवटा प्रस्तर अभिलेखहरू पूर्व-लिच्छवि लिपिमा लेखिएका पाइएका छन्। त्यस्तै उत्तर-लिच्छवि लिपिलाई कुटिलाक्षर भन्ने चलन छ र यस लिपिमा लेखिएका अस्सीभन्दा बढि अभिलेखहरू नेपालमा पाइएका छन्।

यो लिपिका अतिरिक्त गोपालराज वंशावलीबाट गोली नाम भएको अर्को लिपिको जानकारी पाइन्छ। गोपालराज वंशावली अनुसार भूमि गुप्तले सो गोली नामको लिपि चलाएको बुझिन्छ। धनवज्र बज्राचार्यले यी भूमिगुप्तलाई भौमगुप्त मान्नु भएको छ र यी भौमगुप्त लिच्छविकालका प्रसिद्ध विद्वान् अनुपरमगुप्त र आभिरी गोमिनीका पुत्र हुन्। यिनका बाबु वैदिक साहित्यका निकै विद्वान् भएको हुँदा यिनले गोली अक्षर चलाउन भने असम्भव छैन। तर सो लिपि कस्तो थियो भन्ने बारेमा कुनै पनि प्रमाणहरू उपलब्ध हुन सकेका छैनन्। यसरी संस्कृत भाषा लेख्नलाई नै जन्मिएको ब्राम्ही लिपिको विकसित रूप यहाँ लेखपढको माध्यम भएको जान्न सकिन्छ।

यसरी प्राचीन नेपालको शैक्षिक स्थितिको अवलोकन गर्दा शिक्षाको निकै विकास भएको देखिन आउँछ, तर वास्तविक स्थिति भने त्यस्तो थिएन। तत्कालीन अभिलेखहरूले केवल उच्च राजपरिवार खलकको मात्र प्रतिनिधित्व गर्ने हुँदा समाजको सबै पक्षको बारेमा निर्क्योल निकाल्न सकिंदैन। चिनीयाँ बृतान्तमा नेपालीहरू अशिक्षित छन् भन्ने उल्लेख परेको र लिच्छविकालीन अभिलेखहरूमा जनताको तर्फबाट राखिएका अभिलेखहरू प्राय अशुद्ध देखिएका हुँदा शिक्षा लिने सहुलियत ब्राह्मण वर्ग र अन्य उच्च वर्गमा मात्र सीमित भएको अनुमान गर्न सकिन्छ।

## (घ) चाड पर्वहरू

साधारण अर्थमा चाडपर्व भन्नाले धार्मिक वा अन्य कुनै प्रकारको उत्सव विशेष बुझिन्छ। यस्ता चाडपर्वहरू थुप्रै किसिमका हुन्छन्। कुनै चाडपर्वले धार्मिक भावना व्यक्त गरेको हुन्छ भने कुनै चाडपर्व सामाजिक तथा सांस्कृतिक जीवनसँग सम्बन्धित

हुन्छ । यसर्थ 'चाडपर्व' शब्दले सामाजिक जीवनका विविध पक्षको धार्मिक/सांस्कृतिक गरिमाको बोध गराउँछ ।

हरेक सजीव प्राणीको मनमस्तिष्कको स्वस्थताका लागि मनोरञ्जन क्रिया आवश्यक पर्दछ । प्राचीनकालदेखि नै मानिसहरू शिकार खेलेर, पासा खेलेर तथा अन्य विविध प्रकारबाट मनोरञ्जन गर्ने गर्थे । पछि धार्मिक भावना बढी प्रभावकारी हुँदै गएपछि धार्मिक पूजापाठहरूमा समेत लौकिक मनोरञ्जनका पक्षहरू समाविष्ट हुदै आए । हरेक चाडपर्वमा पूजापाठ, धार्मिक भजनकीर्तिनका अतिरिक्त हुने नाचगान, भेटघाट, भोजभतेर आदि सबै यसै पक्षका द्योतक हुन् । यसर्थ चाडपर्वले धार्मिक भावनाका अतिरिक्त मनोरञ्जन, परम्परागत रीतिस्थितिको झलक, राष्ट्रिय महत्त्वका विभिन्न पुरुषहरूको परिचय, प्राचीन संस्कृति तथा सांस्कृतिक सम्पदाको गरिमा, विभिन्न यात्रा र मेलाबारे विस्तृत बोध गराउँछ । हरेक चाडपर्वले हाम्रा युगपुरुषहरूको सङ्घर्ष, तपस्या, बलिदान, आदर्श, सत्कार्यका साथै उनीहरूको खोज, विचार, चिन्तन, विश्वास, श्रद्धा आदिको समेत जानकारी दिन सक्तछ ।

चाडपर्वहरूको वर्गीकरण विभिन्न रूपमा गर्न सकिन्छ - राष्ट्रिय, क्षेत्रीय, जातीय, पारिवारिक आदि । यी सबै प्रकारका चाडपर्वहरूलाई फेरि विभिन्न रूपमा वर्गीकृत गर्न सकिन्छ; जस्तैः हाम्रा पितृहरूको सम्झनामा सम्पन्न गरिने चाडपर्वहरू, दूषित प्रेतात्मा तथा रोगव्याधिलाई हटाउन सम्पन्न गरिने चाडपर्वहरू, विभिन्न सामाजिक क्रियाकलापलाई इङ्गित गर्न गरिने चाडपर्वहरू, धार्मिक भावना व्यक्त गर्ने चाडपर्वहरू आदि सबै प्रकारका चाडपर्वहरूको आफ्नै किसिमको महत्त्व हुन्छ ।

इसाको आरम्भदेखि नवौं शताब्दीको अन्त्यसम्मको समय लिच्छविकाल मानिन्छ । यो युगका बासिन्दाहरू विभिन्न थरीका चाडपर्वहरू मनाउने गर्दथे । दशैं, तिहार, कृष्णाष्टमी, शिवरात्रि, नागपन्चमी, रामनवमी, विभिन्न संक्रान्तिहरू, एकादशी पर्वहरू, पूर्णिमाहरू आदि जस्ता परम्परागत पर्वहरू त्यसबेला पनि मनाइन्थे । यसका अतिरिक्त, केही विशेष पर्वहरू पनि त्यस बेला मनाइन्थे ।

समय/युग अनुरूप चाडपर्वहरू उदाउने र हराउँदै जाने पनि गर्दछ । कुनै-कुनै चाडपर्वहरूमा परिवर्तन भएर ती बेग्लै रूपमा देखापर्न थाल्छन् । लिच्छवि युगमा देखिएका विभिन्न पर्वहरू हिजोआज देखिएका छैनन् । त्यस युगमा प्रचलित केही पर्वहरू निम्नबमोजिम छन् :

**(क) बराहयात्रा–** लिच्छवि राजा नरेन्द्रदेवको अनन्त लिङ्गेश्वर अभिलेखमा यो चाडको उल्लेख भएको छ । यो चाड ज्येष्ठ शुक्ल एकादशीका दिन सम्पन्न गरिन्थ्यो । भगवान् वराह (विष्णुका अवतार) को रथयात्रा गरेर यो पर्व सम्पन्न गरिन्थ्यो ।

**(ख) पशुपतियात्रा–** शिवदेव द्वितीयको वलम्बु अभिलेखबाट पशुपति यात्राबारे जानकारी पाइन्छ । नामअनुरूप नै यो यात्रा पशुपति देवबिशेषको मेला पर्वसँग सम्बन्धित थियो । सो अवसरमा पशुपति भट्टारकको नाममा राम्रो छाता चढाउन र त्यस अवसरमा राम्रो जात्रा गर्नसमेत राजाले एउटा गाउँ नै गुठीका रूपमा राखिदिएका थिए ।

**(ग) लोकपाल स्वामीको यात्रा-** लोकपाल स्वामी वैष्णव देवता हुन् । कार्तिक शुक्ल द्वादशीका दिन यिनको पूजाआजा, वार्षिक यात्रा आदि धूमधामसँग मनाउने चलन लिच्छविकालमा थियो । देवमन्दिरमा सफाइ गर्न तथा आरतीको बेला नृत्य गर्न कैयौं देवदास र देवदासीहरू त्यहाँ रहेका हुन्थे । सो अवसरमा पर्वको अन्त्यमा मानिसहरूलाई भोज खुवाउने गरिन्थ्यो ।

कार्तिक शुक्ल द्वादशीका दिन हिजोआज पनि चार नारायणको दर्शन गर्ने मेला लाग्दछ । माथि लोकपाल स्वामीको दर्शन जात्रा पनि यसै दिनमा सम्पन्न गरिने देखिएकोले चार नारायणको पूजाको परम्परा प्राचीनकालमा नै कायम भएको बुझ्न सकिन्छ ।

**(घ) कैलाशयात्रा-** खोपासीको सं. ५२० को अभिलेखमा कैलाशयात्राको उल्लेख छ । यो यात्राबारे स्पष्ट कुराको जानकारी नभए पनि पशुपति मन्दिरको छेउको कैलाश भन्ने ठाउँमा पशुपतिको सम्मानमा यो जात्रा मनाउने अनुमान गरिएको छ ।

**(ङ) मण्डपीयात्रा-** नक्सालको एक अभिलेखमा यो यात्राको उल्लेख छ । तर यसको स्पष्ट अर्थ थाहा पाइएको छैन ।

लिच्छविकालीन अभिलेखहरूबाट स्पष्ट जानकारी पाइएका चाडपर्वहरू यिनै हुन् । यसका अतिरिक्त परम्परागत चाडपर्वहरू दशैं, शिवरात्री, कृष्ण अष्टमी जस्ता पर्वहरू पनि त्यसवेला मनाइने गरेको अनुमान गर्न सकिन्छ ।

## (ङ) मनोरञ्जनका साधनहरू

मनोरञ्जन हरेक प्राणीका निमित्त अपरिहार्य आवश्यकता मानिन्छ । आदिम मानवदेखि लिएर वर्तमान युगको मानिस सबैले समय अनुरूप मनोरञ्जन र रमाइलो गर्न अनेक साधन र तरिकाको आविष्कार गरेका थिए । लिच्छविकालका यस्तै मनोरञ्जनका साधनबारे तल जानकारी दिइएको छ ।

**गोयुद्ध-** धार्मिक पर्वका अतिरिक्त अन्य सामाजिक मनोरञ्जनप्रधान पर्वहरू पनि त्यसबेला प्रचलित थिए, जसमध्ये गोयुद्ध पनि एक हो । यो पर्वको बेलामा गोरूहरूलाई जुधाएर मनोरञ्जन गरिने भएको हुँदा यसको नाम गोयुद्ध रहन गएको हो । यो पर्व दक्षिण कोलीग्राम (हिजोआजको काठमाडौं लगनटोल) मा सम्पन्न गरिन्थ्यो । यो पर्व निकै रमाइलो र मनोरञ्जनपूर्ण हुन्थ्यो । टाढा-टाढाबाट पनि मानिसहरू भेला भएका हुन्थे । यो पर्व सम्पन्न गराउन जनताले केही कर बुझाउनुपर्थ्यो, जसलाई 'गोयुद्ध कर' भनिन्थ्यो ।

**मल्लयुद्ध-** लिच्छविकालीन अभिलेखहरूमा मल्लयुद्धको पनि उल्लेख आउँछ । मल्लयुद्धको सञ्चालन गर्न गोष्ठीहरूको स्थापना गरिएको थियो । तर यो कस्तो किसिमको पर्व थियो भन्ने बारेमा विवाद छ । कसैले यसलाई पहलमानी युद्ध मानेका छन् भने कसैले राँगो जुधाउने युद्ध मानेका छन् । इतिहासकार ज्ञानमणि नेपालको विचारमा भने यो पर्व भेडाहरू जुधाएर मनाउने पर्व थियो ।

**युद्ध विजयोत्सव–** प्राचीनकालमा युद्ध भईनै रहन्थ्यो । राजाहरू आफैं युद्धको नेतृत्व गर्ने गर्दथे । यसमा पाएको विजय राष्ट्रकै निमित्त गौरवको विषय हुन्थ्यो । यसरी विजय पाएर फर्केपछि पर्वका रूपमा राष्ट्रभरि उत्सव मनाउने गरिन्थ्यो । राजा मानदेवले पूर्व र पश्चिमका सामन्तहरूलाई दबाएर राजधानी फर्केपछि चाँगुनारायणमा मनाएको विजयोत्सव उल्लेखनीय छ ।

**नृत्य–** अभिनयको प्रचलन प्राचीन युगदेखि नै समाजमा चलेको थियो । हाम्रो लिच्छवि युगमा पनि विभिन्न नाचगानको आयोजना गर्ने तथा नाटकको प्रदर्शन गर्ने भएको पाइन्छ । चिनीयाँ ताङ्ग बृत्तान्तमा उल्लेख भए अनुसार तत्कालीन नेपालीहरू सहनाई र ढोल बजाउन तथा नाँच्न विशेष रूची राख्तथे भन्ने जानिन्छ । बाजागाजाको व्यवस्था गर्न वादित्र गोष्ठी सञ्चालित थियो भने शहरका ठाउँठाउँमा मण्डप (डवली) बनाएर नाचगान गर्ने तथा नाटक प्रदर्शन गर्ने गरिन्थ्यो । जयदेव द्वितीयको नक्सालको एक जीर्ण अभिलेखमा उल्लेख भएको प्रेक्षणमण्डपीले नाटक र अभिनय गर्ने रंगशाला अर्थ्याएको विचार जगदीशचन्द्र रेग्मीको छ । गोपालराज वंशावलीमा पनि लिच्छविकालका राजा चंपादेवको पालामा चार अंकको रामायण नृत्य खेलाएको उल्लेख आउँछ ।

यसका अतिरिक्त शिकार खेल्ने, धनुकाँड चलाउने आदि मनोरंजनका साधनहरू पनि त्यसवेला निकै थिए ।

## (च) वेशभूषा र खानपान

**वेशभूषा–** लिच्छविकालीन नेपालीहरूको पहिरनका बारेमा थाहा पाउने स्रोतहरू ज्यादै थोरै छन् । केही अभिलेखहरू, मूर्तिहरू तथा चिनियाँ स्रोतबाट तत्कालीन वेशभूषाबारे जानकारी पाउन सकिन्छ । चिनियाँ स्रोतमा उल्लेख भए अनुसार तत्कालीन नेपालीहरू शरीरको सम्पूर्णजस्तो भाग ढाक्ने एउटै लामो लुगा लगाउँथे । स्वयं राजा नरेन्द्रदेव बुद्धको चित्र अंकित लामो लुगा लगाई लुगा बाहिर बुद्धकै मूर्ति भएको पेटी कम्मरमा बाँध्ने गर्दथे । त्यसबेलाका मूर्तिकलाको अध्ययन गर्दा पुरुष मूर्तिहरूमा कम्मरबाट घुँडामुनिसम्म आउने धोती, कटिवन्ध, जनै आदि र स्त्री मूर्तिहरूमा फरियाको प्रयोग देखिन्छ । लिच्छविकालमा कपडा उद्योग निकै फष्टाएको हुँदा तथा यो क्षेत्रबाट ऊन र ऊनी कपडाहरू भारततिर निकासी गर्ने गरिएको हुँदा ऊनी कपडाहरू नै यहाँ बढी प्रचलित भएको अनुमान गर्न सकिन्छ ।

गहनाको सम्बन्धमा भने तत्कालीन नेपालीहरू अनेक थरीका गरगहना लगाउने गर्दथे । राजा महाराजाहरू मोती, रत्न, मुगा, मणि आदिका गरगहना लगाउने गर्दथे । राजा नरेन्द्रदेवको बारेमा यस्तै चर्चा चिनिया यात्रीले गरेका छन् । सर्वसाधारण जनताहरू भने 'कान छेडेर त्यसमा पशुका सिङ, बाँसका टुक्रा लगाउँछन् । कानका लोती काँधसम्म लत्र्याउनु यहाँको सौन्दर्यको प्रतिक मानिन्छ' भनेर चिनिया स्रोतले उल्लेख गरेको छ । सुनका गहना माथिल्लो वर्गले मात्र प्रयोग गर्न पाउँथ्यो । विष्णुगुप्तले राख्न लगाएको संवत् ६४ को लगन यङ्गालहिटी अभिलेखमा दक्षिण कोलीग्रामका जनतालाई उनीहरूले जलाशय नारायणको मूर्ति बनाउने प्रस्तर तानेर ल्याए बापत केही उच्च वर्गले लाउने

गहनाहरू लगाउन पाउने सुविधा दिएको कुरा उल्लेखित छ । तत्कालीन मूर्तिकलामा केयुर, नूपुर, बाजु, माला र हार, कुण्डल इत्यादि प्रयोग गरिएका छन् । लामो कपाल पाल्ने चलन पनि त्यसबेला थियो ।

**खानपान–** लिच्छविकालीन खानपानको सम्बन्धमा बताउने स्रोतहरू त्यति छैनन् । अभिलेखहरूमा परेका थोरै प्रसङ्गहरूबाट नै तत्कालीन खानपानको बारेमा वर्णन गर्न सकिन्छ । त्यसबेला चामल गहुँ नै मुख्य खाद्य पदार्थ थियो । अभिलेखहरूमा तन्डुल (चामल), धान्य (धान), तोरी, तिल, ऊखु, गहुँ, लसुन, प्याज आदिको उत्पादनको चर्चा परेको छ । माछा मासु पनि खाइन्थ्यो । अभिलेखहरूमा माछाका विभिन्न प्रकारहरू (काष्टिका, भुकुण्डिका, राजग्रीव र मुक्ता), भेंडा, बाखा, कुखुरा, सुंगुर, राँगो आदिको उल्लेख पाइन्छ । नेपालीहरूको खाने तरिकाको सम्बन्धमा चिनीयाँ यात्रीले यस्तो लेखेका छन्– "नेपालका बासिन्दा चमचा र सिन्काको प्रयोग नगरिकन हातले खान्छन्, उनीहरूका भाँडाकुँडा ताँबोका मात्र हुन्छन् ।" चीसोक्षेत्र भएकोले मदिरापान पनि हुन्थ्यो कि भन्ने अनुमान गर्न सकिन्छ ।

## छ) दानधर्मादि कार्य

प्राचीन नेपाली समाज मूलतः हिन्दू समाज भएको हुँदा प्राचीन हिन्दू शास्त्रहरूमा व्यवस्था गरिएबमोजिमको सामाजिक व्यवस्था कायम गर्न तत्कालीन शासकहरू प्रयत्नशील रहेको देखिन्छ । त्यसैले दान, धर्म, यज्ञ-यज्ञादि कर्म त्यसबेला निकै हुने गर्दथ्यो ।

**दान–** दानको महिमा ठूलो थियो । आफूले दान दिएको वा कसैले दान दिएको जमिन हर्‍यो भने साठी हजार वर्षसम्म नरकमा कीरा भएर रहला, तथा देवमन्दिरलाई चढाएको सम्पत्ति नासेमा पञ्चपातक लागोस् भन्ने भावना व्यक्त गरिन्थ्यो । अर्को जन्ममा पुण्य मिलोस भनेर पनि दान गर्ने चलन थियो । साथै पितृहरूलाई उद्धार गर्न भनेर दशदान, वैतरणी, गोदान आदि पनि गरिन्थ्यो । लिच्छवि राजा मानदेवको चाँगुनारायणको अभिलेखमा नै दानको प्रसङ्ग परेको छ । राजा मानदेवले मल्लपुरी विजय गरेर फर्केपछि बाहुनहरूलाई अक्षय दान गरेका थिए । साथै आमा राज्यवतीलाई पनि 'मन प्रसन्न पारेर भक्तिसाथ दान गर्न' अनुरोध गरेका थिए । त्यस्तै, संवत ३२ (ई. ६०८) को हाडीगाउँ अभिलेखमा पुराण दान गरेको उल्लेख छ भने नरेन्द्रदेवको अनन्त लिङ्गेश्वर अभिलेखमा एउटा राजाले गरेको दानको सुरक्षा अर्को राजाले राख्नुपर्ने कुरा उल्लेखित छ । शिवदेव द्वितीयको लगनटोल अभिलेखमा "जग्गा दान गर्ने मान्छे साठी हजार वर्ष स्वर्गमा बसी रमाउँछ तर दान गरिएको जग्गामा हस्तक्षेप गर्ने र त्यस्ताको समर्थन गर्ने साठी हजार वर्ष नै नरकमा बस्नेछ" भन्ने उल्लेख भएको छ । उनकै सुनागुठी भृङ्गारेश्वर अभिलेखमा यही कुरा साथै "दान दिनुभन्दा अरूले पहिले दान दिएको कुरा थाम्नु उत्तम छ" भन्ने समेत उल्लेख छ । ठिमीको एक अभिलेखमा पनि दानको महिमाको वर्णन छ ।

यसरी प्राचीन नेपाली समाजमा दानको ज्यादै ठूलो महत्त्व थियो । शासकहरू दान दिन्थे र आफूले दिएको दानको रक्षा अरूले पनि गरिदिउन् भन्ने चाहना राख्तथे ।

**धर्म–** प्राचीन नेपाली समाज धार्मिक समाज थियो । त्यसबेला शासक तथा प्रजाहरू धर्मभीरु थिए । विभिन्न मठ मन्दिरहरू बनाउने, दान गर्ने, पूजा आजाका निमित्त जग्गा जमिन गुठी राखिदिने, आदि अनेक कार्यहरू त्यसबेला हुने गरेको पाइन्छ । त्यसबेलाको समाज धार्मिक सहिष्णुताको समाज थियो । सबै धर्म र सम्प्रदायले समाजमा समान मान्यता पाएका थिए । त्यसबेलाका शासकहरूको उदार नीतिले गर्दा शैव, वैष्णव र बौद्ध सबै धर्मको समान विकास भएको थियो ।

शैव धर्म त नेपालमा अत्यन्तै प्राचीन समयमा नै लोकप्रिय थियो । वंशावली अनुसार पशुपतिको प्राचीन मन्दिर कुनै कारणले लडेर ज्योतिलिंङ्ग पुरिएको अवस्थामा पछि कुनै ग्वालाले पत्ता लगाएपछि फेरी मन्दिर स्थापना गरिएको थियो । किराँत कालमा त शैवधर्म राज्य धर्मकै रूपमा मानिएको थियो । लिच्छविहरूको आगमनपछि भने विभिन्न रूपले शैवधर्मले नेपालमा ख्याति पायो । लिच्छवि राजा मानदेवकै समयदेखि शिवलिङ्ग स्थापना गर्ने, शिव मन्दिरहरू बनाउने, पूजा आजाको व्यवस्था गर्ने जस्ता कार्यहरू भएको पाइन्छ । अंशुवर्माको समयदेखि त पशुपतिनाथले राजकीय सन्मान पाउन थाल्यो । राजाहरूलाई समेत 'भगवान पशुपतिको पाएको अनुग्रह पाएका', 'परममाहेश्वर' आदि भन्ने गरेको पाइन्छ । कतिपय राजाहरूले मुद्रा समेत आफ्नो नाममा ननिकालेर पशुपतिको नाममा निकालेका थिए । शैव धर्मका विभिन्न सम्प्रदायहरू नेपालमा लिच्छविकालमा नै लोकप्रिय भइसकेको बुझिन्छ ।

नेपालमा शैवधर्म पछिको अर्को महत्त्वपूर्ण धर्म वैष्णव धर्म हो । वैष्णव धर्मको प्रवेश पनि निकै प्राचीन समयमा भएको मान्नु पर्दछ । लिच्छविकालमा आएपछि यस धर्मको निकै मान्यता भएको देखिन्छ । लिच्छवि राजा हरिदत्तले विष्णुको मन्दिर बनाएको कुरा गोपालराज वंशावलीले लेखेको छ । राजा मानदेव तथा उनकी आमा राज्यवती वैष्णव धर्मकै अनुयायी थिए । आफ्नो विजयोत्सव मनाउँदा राजा मानदेवले चाँगुनारायणमा पूजा गरी गरुड स्तम्भ राख्ने तथा ब्राह्मणहरूलाई दान दिने जस्ता कार्य गरेका थिए । आमा राज्यवतीको सम्झनामा राजा मानदेवले पशुपति तिलगंगा र लाजिम्पाटमा त्रिविक्रमका मूर्ति स्थापना गरेर मन्दिर समेत बनाइदिएका थिए । मानदेवपछि पनि वैष्णव धर्मको विकास क्रमिक रूपले भयो । मन्दिर बनाएर, मूर्ति स्थापना गरेर, शिलालेख मुद्रा आदिमा वैष्णव चिन्ह प्रयोग गरेर त्यस बेलाका शासक तथा जनताहरूले वैष्णव धर्मप्रति आफ्नो आस्था देखाएका छन् ।

नेपालमा बौद्ध धर्मको इतिहास अति गौरवपूर्ण छ । स्वयं गौतम बुद्ध कै जन्म नेपालमा भएकोले यो धर्म नेपालमा आरम्भदेखि नै लोकप्रिय रहेको मान्न सकिन्छ । नेपालका कतिपय प्राचीन स्तुपहरूको आधारमा किराँतकालमा बौद्ध धर्म निकै उन्नत अवस्थामा भएको देखिन्छ ।

लिच्छविकालमा आएपछि बौद्ध धर्म निकै लोकप्रिय भयो । लिच्छवि राजा वृषदेव कै समयदेखि बौद्ध धर्मले राजकीय सन्मान पाउन थाल्यो । मानदेव, शिवदेव, अंशुवर्मा, नरेन्द्रदेव सबैले बिहारहरू बनाउने, जिर्णोद्धार गर्ने, भिक्षु भिक्षुणीको बसोबासका निमित्त गाँसबासको व्यवस्था गरिदिने आदि कार्यहरू गरेका छन् । राजा शिवदेव प्रथम त बौद्ध भिक्षु बनेर बिहारमा नै बस्न थालेका थिए । बौद्धनाथ, स्वयम्भू र चावहिलको चैत्य यसै

कालमा बनेका हुन् । यसरी बौद्ध धर्म पनि त्यसबेला शैवधर्म जस्तै मान्यता प्राप्त थियो । चीनियाँ वर्णन अनुसार घरका भित्तामा पञ्चध्यानी बुद्धका मूर्तिहरू बनाउने चलन पनि त्यसबेला थियो ।

यी सबैका अतिरिक्त प्राचीन नेपालमा शक्ति, सूर्य, गणेश, चन्द्रमा, ब्रह्मा, सरस्वती आदि देवदेवीको पनि पूजा आजा हुन्थ्यो । यसरी प्राचीन नेपालमा धार्मिक सहष्णुताको विशेषताले गर्दा सबै धर्मले समान मान्यता पाएका थिए ।

**यज्ञ–** गृहस्थीहरूले यज्ञादि कार्य सम्पन्न गर्न अत्यावश्यक ठानिएको थियो । यज्ञको अनुष्ठानबाट व्यक्तिले लौकिकका साथै पारलौकिक जीवनको सुख पनि प्राप्त गर्न सक्तछ भन्ने विश्वास गरिन्थ्यो । प्राचीन शासकहरूले मुख्य रूपले पाँच प्रकारका यज्ञहरूको चर्चा गरेका छन् तिनलाई समष्टीगत रूपमा पञ्चमहायज्ञ भन्ने गरिएको छ । ती हुन्– ब्रह्मयज्ञ, पितृयज्ञ, देवयज्ञ, भूतयज्ञ र नृयज्ञ ।

ब्रह्मयज्ञ अन्तर्गत मानिसले प्राचीन ऋषिहरूप्रति श्रद्धा र आदर व्यक्त गर्दथ्यो । वैदिक ग्रन्थहरूको अध्ययन गरेर, मनन गरेर यो यज्ञ सम्पन्न गरेको मानिन्थ्यो । प्राचीन कालका राजाहरूले विभिन्न वैदिक ग्रन्थहरूको अध्ययन गर्ने गरेको पाइएको छ । राजा मानदेवलाई वेद तथा धर्मशास्त्र अध्ययन गरेका भनिएको छ भने अंशुवर्मा पनि वेदका ज्ञाता थिए । वेदको अध्ययनका निमित्त तैतरीय शाखा गोष्ठी कै व्यवस्था गरिएको थियो ।

पितृ यज्ञ अन्तर्गत मानिसहरू आफ्ना पूर्वजहरूको संस्मरण गर्दथे । श्राद्ध-तर्पण गर्ने तथा आफ्ना आमाबाबुको पुण्य प्राप्तिको कामना गर्ने कार्य गरेर पितृयज्ञ सम्पन्न गरिन्थ्यो । राजा मानदेवले आमाको पुण्य बढोस् भनेर लाजिम्पाटमा र तिलगङ्गामा त्रिविक्रम वामनको मूर्ति स्थापना गरी मन्दिर समेत बनाएका थिए भने मानदेवकै समयमा निरपेक्ष भन्ने व्यक्तिले आफ्ना स्वर्गीय बाबुआमाको सम्झनामा उनीहरूको सालिक बनाइदिएका थिए । यस्ताखाले अन्य उदाहरण पनि लिच्छविकालीन अभिलेखहरूबाट जान्न सकिन्छ ।

देवयज्ञको अनुष्ठान देवीदेवताहरूको पूजाआजा गरेर उनीहरूको नाममा दान धर्म गरेर मन्दिर स्थापना गरेर सम्पन्न गरिन्थ्यो । प्राचीन नेपालमा यस्ताखाले थुप्रै उदाहरणहरू प्राप्त छन् ।

भूतयज्ञको माध्यमबाट अनिष्टकारी प्रेतात्माहरूबाट मुक्ति पाउने प्रयत्न गरिन्थ्यो भने नृयज्ञको अनुष्ठान अतिथि सेवा गरेर सम्पन्न गरिन्थ्यो ।

# लिच्छविकालीन आर्थिक अवस्था

लिच्छविकाल भन्नाले ईशाको आरम्भदेखि लगभग नवौं शताब्दीसम्मको समय बुझ्ने परम्परा छ। यस युगको आर्थिक अवस्थाबारे तत्कालीन विभिन्न स्रोतहरूबाट जान्न सकिन्छ। त्यसवेलाका नेपालीहरूले लिएका विभिन्न व्यवसायहरूको चर्चा तल गरिएको छ।

## कृषि

प्राचीनकालीन नेपालीहरूको प्रमुख व्यवसाय कृषि नै थियो। अधिकांश नेपालीहरू यही पेशामा संलग्न थिए। यद्यपि सातौं शताब्दीको मध्यतिर नेपालको यात्रा गर्ने चिनीयाँ यात्रीहरूले नेपालमा खेतीपाती गर्नेकोभन्दा व्यापार गर्नेको संख्या बढी भएको उल्लेख गरेकाछन्। तर यो चिनीया वर्णन भने विचारणीय छ। वास्तवमा सातौं शताब्दीतिर नेपालको व्यापार क्षेत्रमा नयाँ आयाम थपियो। नेपालको तिब्बतसँग व्यापार सम्पर्क कायम भएपछि काठमाडौं अन्तर्राष्ट्रिय व्यापार केन्द्र जस्तै बन्यो। शहर क्षेत्रमा व्यापारिक गतिविधि बढेको देखियो। फलस्वरुप चिनीया यात्रीले समेत नेपालमा व्यापारीहरूको संख्या बढी भएको उल्लेख गरे। तर वास्तविक कुरा चैं के भने इतिहासको आरम्भदेखि नै नेपालीहरूको जीविकाको साधन कृषि नै रहिआएको छ।

लिच्छविकालीन अभिलेखहरूमा तत्कालीन कृषि व्यवस्थासम्बन्धी वर्णन विभिन्न रूपमा परेको छ। जमीनको स्वामित्व, वालीनाली, मालपोत तथा कर आदि सबै पक्षको जानकारी तत्कालीन अभिलेखहरूबाट जानकारी पाउन सकिन्छ।

मूलरूपले राज्यको जमीनलाई खेतियोग्य जमीन, गौचरन जमीन तथा वनजंगल क्षेत्र गरी तीन भागमा विभाजन गरिएको थियो। खेतियोग्य जमीन पनि स्वामित्वको आधारमा तीन प्रकारका हुन्थे। पहिलो प्रकारको जमीन राजा वा राजपरिवारका सदस्यहरूको अधिनमा हुन्थ्यो र यस्तो जमिनमा कर लाग्दैनथ्यो। दोस्रो प्रकारको जमीन देवस्थल, धार्मिक संघसंस्था जस्ता निकायको स्वामित्वमा रहेको हुन्थ्यो र यसप्रकारको जमिन पनि कर मुक्त हुन्थ्यो। तेस्रो प्रकारको जमीनको स्वमित्व सर्वसाधारण जनताको हुन्थ्यो र तोकिएको कर राज्यलाई बुझाएर उपभोग गर्न पाइन्थ्यो। यस्तो जमीनबाट भएको सम्पूर्ण आम्दानी जग्गाधनी कै हुन्थ्यो तर सरकारले उब्जाउको स्थिति हेरेर तोकिदिएको कर बुझाउनु पर्थ्यो।

कृषि व्यवसायलाई प्रोत्साहन गर्न राज्यले विशेष ध्यान दिएको थियो। सिचाइका निमित्त कुलो नहर बनाएर त्यसको रेखदेख तथा मर्मत कार्य विशेष रूपमा गरिन्थ्यो। कुलो-नहरलाई बुझाउन लिच्छवि अभिलेखमा 'तिलमक' शब्द प्रयोग गरिएको छ। राजाद्वारा नै व्यवस्था गरिदिएको कुलोलाई 'राजकुलो' भनिन्थ्यो भने सानोतिनो कुलोलाई

खिलमक भनिन्थ्यो भन्ने धारणा श्री धनवज्र बज्राचार्यको रहेको छ। कुलोनहरबाट आएको पानीको प्रयोग सबै खेतीवालहरूले समानरूपले उपयोग गर्न पाउन् भनेर राज्यले थुप्रै नियम नै बनाइदिएको थियो। संवत् १४८ को पाटन मीननाथको अभिलेखमा कुलोको पानी समुचित रूपले भागलगाई प्रयोग गर्नुपर्ने, र कुलोसम्बन्धी मुद्दामामिला उठेमा त्यसको छानवीन स्वयं राजाको भित्री इजलास 'अन्तरासन' ले नै गर्ने व्यवस्था भएको उल्लेखित छ।

त्यसवेला उब्जाइने वालीनालीका सम्बन्धमा पनि तत्कालीन अभिलेखहरूबाट केही जानकारी पाउन सकिन्छ। अभिलेखहरूमा तन्डुल (चामल), धान्य (धान) आदिको उल्लेख परेको छ। साथै तोरी, तिल, ऊखु, गहुँ पनि त्यसबेला उब्जाइन्थ्यो। शिवदेवको लेले अभिलेखमा लसुन प्याजको उत्पादन सम्बन्धी उल्लेख छ।

## पशुपालन

लिच्छविकालीन नेपालीहरूको अर्को मुख्य व्यवसाय पशुपालन थियो। जमीनको एक भाग नै गौचरनका निमित्त छुट्याइएको र राज्यले उठाउने प्रमुख तीन कर (भाग, भोग कर) मा भोगकर पशुपालनका निमित्त उठाइने परिपाटी रहेको हुँदा पनि पशुपालन व्यवसायको तत्कालीन महत्त्व स्पष्ट हुन्छ। संवत् २९ को बुंगमती अभिलेखमा अंशुवर्माले त्यस गाउंका वासिन्दाले सुंगुर, कुखुरा, माछा आदि जनावरको पालन पोषण राम्ररी गरेको देखी खुशी भएर त्यस क्षेत्रमा बस्ने जनतालाई भट्टाधिकरणका कर्मचारीले पस्न नपाउने गरी विशेष सुविधा दिएको कुरो उल्लेखित छ। त्यस्तै, तौखेलको एक अभिलेखमा भैंसी पालन सम्बन्धी व्यवस्थाको उल्लेखका साथै सो व्यवसायलाई विशेष सहुलियत प्रदान गर्न अंशुवर्माले केही कर माफी गरिदिएको प्रसंग परेको छ। यी प्रसंगहरूबाट पशुपालन व्यवसायमा राज्यले विशेष ध्यान दिने गरेको तथ्य स्पष्ट हुन्छ।

त्यसबेला पालन गरिने जनावरहरूमा गाई, भैसी, भेडा, च्यांग्रा, हात्ती, घोडा, सुंगुर, कुखुरा, हांस आदिको उल्लेख अभिलेखहरूमा परेको छ। शिवदेवको चापागाउँ अभिलेखबाट अछला, भकुण्डिका राजग्रीव, मुक्ता, काष्टिका आदि विभिन्न प्रकारका माछाहरूको जानकारी पाइन्छ। त्यसबेला जंगलमा पाइने कस्तुरी, मृग जस्ता जनावरहरूको उल्लेख पनि अभिलेखहरूबाट जान्न सकिन्छ।

त्यसबेला पशुको औषधोपचारको राम्रो व्यवस्था थियो। गोठमा पशु विरामी भई मरेमा दण्डको व्यवस्था समेत गरिएको थियो। यसरी लिच्छविकालमा पशुपालन महत्त्वपूर्ण व्यवसायको रूपमा रहेको जान्न सकिन्छ।

## उद्योगधन्दा

लिच्छविकालीन नेपालीहरूको महत्त्वपूर्ण व्यवसाय उद्योगधन्दा पनि हो। तत्कालीन स्रोतहरूको आधारमा हेर्दा लिच्छविकालमा थुप्रै उद्योगहरू फष्टाएको जान्न सकिन्छ। नेपालमा उत्पादन भएका कतिपय सामानहरू भारततर्फ पनि जाने गरेको पाइएको हुँदा लिच्छविकालमा केही उद्योगहरूबाट त राज्यले निकै राजस्व संकलन गर्ने गरेको बुझ्न सकिन्छ। त्यसबेलाका प्रमुख उद्योगहरूको वर्णन तल गरिएको छ।

**(क) धातु उद्योग–** लिच्छविकालमा धातुको उद्योग राम्रै फष्टाएको जान्न सकिन्छ । भाडावर्तन, गरगहना, हातहतियार, मूर्ति आदि सामान त्यसवेला बन्ने गर्दथे । त्यसबेला भाँडावर्तनहरू भारततिर निकै मात्रामा निकासी हुन्थे । अंशुवर्माको टिस्टुङ्ग अभिलेखमा त्यसवेला भारततर्फ निकासी हुने केही महत्त्वपूर्ण वस्तुहरूमा तामाका भाडाको पनि उल्लेख परेको छ । नक्सालको एउटा अभिलेखमा "ताम्र कुट्टशाला" को समेत उल्लेख परेको छ ।

धातु उद्योगकै सन्दर्भमा गरगहना बनाउने उद्योगको चर्चा सान्दर्भिक हुन आउँछ। सुन चाँदीको माग तत्कालीन समाजमा बढी नै थियो । देवीदेवतालाई गहना बनाएर चढाउन तथा पहिरनका निमित्त समेत गरगहनाहरू बनाउने चलन निकै थियो ।

**(ख) काष्ठ उद्योग–** काठ नासवान वस्तु भएको हुँदा लिच्छविकालीन काष्ठ उद्योगका नमुनाहरू हाल प्राप्य छैनन् । अपितु तत्कालीन स्रोतहरूको आधारमा हेर्दा काष्ठ उद्योग निकै फष्टाएको जान्न सकिन्छ । तत्कालीन शासकहरू मन्दिर, चैत्य विहार दरवार आदि बनाउन निकै प्रयत्नशील देखिएको हुँदा ती भवनहरूमा प्रयोग गरिने काष्ठ कारिगरीबाट काष्ठ उद्योगको विकासबारे जान्न सकिन्छ । लिच्छविकालीन अभिलेखमा 'सिंकर' (काष्ठ उद्योगमा लागेको कर) को समेत उल्लेख छ ।

**(ग) कपडा उद्योग–** लिच्छविकालमा कपडा एवं राडीपाखी उद्योग निकै फष्टाएको थियो । आफूले प्रयोग गर्ने कपडा सामान्यतया यहाँ आफै बनाउने परिपाटी थियो । वृहत्कल्पसूत्र भाष्यमा नेपाली कपडाहरूको निकै प्रसंसा समेत गरिएको छ । कपडा कै सन्दर्भमा अर्को वर्णन गर्नुपर्ने उद्योग राडीपाखीको पनि हो । ईशापूर्व चौथो शताब्दीदेखि नै नेपाली राडी पाखीहरू भारतको बजारमा बिक्रीका लागि जान्थे भन्ने तथ्य कौटिल्यको अर्थशास्त्रबाट जान्न सकिन्छ ।

**(घ) प्रस्तर उद्योग–** लिच्छविकालमा निर्माण सम्बन्धी धेरै कार्यहरू ढुंगाबाट गरिन्थ्यो । त्यसवेला बनेका ठुला भवनहरू, मन्दिरहरू, स्तम्भहरू, चैत्यहरूमा प्रस्तरको प्रयोग हुन्थ्यो र यी प्रस्तरहरू कलात्मक बनाइएका हुन्थे । यसका साथै त्यस युगमा बनेका अनगिन्ती ढुंगे धाराहरू कलात्मक थिए । यी सबैका अतिरिक्त त्यसयुगमा बनेका ढुंगे मूर्तिहरूको स्वरूप हेरेर पनि त्यसबेलाको उत्कृष्ट कालीगढी बारे जान्न सकिन्छ ।

**(ङ) तेल उद्योग–** अंशुवर्माको संवत् ३२ को सांगा अभिलेखबाट त्यसबेलाको तेल उद्योगबारे जान्न सकिन्छ । तेल उत्पादनमा कर लागेको प्रसंग सो अभिलेखबाट जान्न सकिन्छ ।

यसका अतिरित्त अन्य सानातिना थुप्रै उद्योगहरू त्यसवेला सञ्चालित थिए ।

## व्यापार व्यवसाय

प्राचीनकालका नेपालीहरुको अर्को महत्त्वपूर्ण व्यवसाय व्यापार थियो । चिनियाँ यात्रीहरूले त त्यसवेला खेतीवालहरूको भन्दा व्यापारीहरूको संख्या नै बढी भएको समेत उल्लेख गरेका छन् । वास्तवमा प्राचीनकालमा भारतका अतिरिक्त उत्तर तिब्बतसँग समेत

नेपालको व्यापार सम्पर्क कायम भएपछि व्यापारिक चहलपहल भने यहाँ अवश्य नै बढेको थियो ।

लिच्छविकालको व्यापार व्यवसायलाई आन्तरिक व्यापार र बाह्य व्यापार गरी दुई समूहमा विभाजन गरेर वर्णन गर्न सकिन्छ । आन्तरिक व्यापारको स्थिति हेर्दा त्यसवेला ठाउँ ठाउँमा पसल थापेर जीविका सञ्चालन गर्ने परिपाटी थियो । पसल खोल्दा लाग्ने करलाई आमणकर भनिन्थ्यो । यसरी खोलिएका पसलहरूको ६/६ महिनामा जाँच गरिन्थ्यो र ढक तराजुमा गडवडी गरेको पाइएमा दण्ड गरिन्थ्यो जसलाई 'अधिक मास तुलादण्ड' भनिन्थ्यो ।

लिच्छविकालमा नेपालको बाह्य व्यापार निकै फष्टाएको थियो । नेपालको दक्षिण भारतसंगको व्यापार सम्पर्क ईशापूर्वका वर्षहरूदेखि नै कायम थियो । कौटिल्यको अर्थशास्त्र, स्कन्धपुराण जस्ता ग्रन्थहरूबाट प्राचीनकालको नेपाल-भारत व्यापार सम्पर्कबारे जान्न सकिन्छ । अंशुवर्माको टिस्टुङ्ग अभिलेखबाट पनि नेपाल-भारत व्यापार सम्पर्कबारे जानकारी पाउन सकिन्छ । सो अभिलेखबाट कस्तुरी तामाका भांडाकुंडा, चम्मर, ऊन जस्ता वस्तुहरू भारततिर बढीमात्रामा निकासी हुने गरेको तथ्य जानकारी पाउन सकिन्छ । नेपाल-भारत व्यापार गर्ने व्यापारीहरू त्यसवेलाको प्रसिद्ध राजमार्ग 'उत्तरापथ' बाट आउने जाने गर्दथे ।

अंशुवर्माको समयमा नेपाल-तिब्बत सम्पर्क कायम भएपछि त्यसतर्फ पनि नेपाली व्यापारीहरू आकर्षित भए । सो सम्पर्कले गर्दा नेपाल अन्तर्राष्ट्रिय व्यापार केन्द्र नै बन्यो । तिब्बत-भारत व्यापारको माध्यम नेपाल नै बन्यो । त्यसवेला नेपालबाट उत्तर तिब्बत जाने वस्तुहरूमा भांडाकुडा, धातुका मूर्ति तथा बौद्ध ग्रन्थहरू प्रमुख थिए भने तिब्बतबाट नुन, ऊन, सून, छाला, कस्तुरी, घोडा, रेशम आदि सामानहरू यसतर्फ झिकाइन्थे ।

व्यापार व्यवसाय त्यसवेलाको ज्यादै महत्त्वपूर्ण व्यवसाय थियो । राज्यको आम्दानीको प्रमुख स्रोत जस्तै यो बनेको थियो ।

## कर प्रणाली

कर राज्यको एक मुख्य आय स्रोत हो । यो जनताले राज्यलाई तिर्ने आफ्नो आम्दानीको एक भाग हो । प्राचीनकालदेखि नै राज्य वा शासकहरूले करको व्यवस्था गरी देशको आर्थिक कार्यप्रणालीको तर्जुमा गरेको कुरो इतिहासबाट थाहा पाइन्छ ।

लिच्छविहरूको शासन कायम रहेको बेलाका मुख्य करहरूलाई मोटामोटी तीन भागमा बाँड्न सकिन्छ– क) भाग, ख) भोग र ग) कर । यी तीनवटै लाई संयुक्तरूपमा 'भागभोगकर' भनी अनेक शिलालेखहरूमा उल्लेखगरिएको छ । 'भाग' कृषिउत्पादनमा, 'भोग' पशुपालनमा र 'कर' व्यापारिक व्यवसायमा लगाइएका कर थिए । यी करहरूको उल्लेख सर्वप्रथम राजा वसन्तदेवको सं. ४२८ को थानकोटको अभिलेखमा भएको पाइन्छ । जग्गाको आम्दानीबाट अवस्था हेरी एक चौथाइदेखि बाह्र भागको एक भागसम्म उब्जा 'भाग' का रूपमा राज्यले लिन्थ्यो ।

कृषिबाहेक पशुपालन प्राचीन नेपालको अर्को मुख्य व्यवसाय थियो र पशुहरूमाथि लगाइएको कर 'भोगकर' थियो । तेस्रो मुख्य पेशा व्यापार व्यवसाय थियो । व्यापार व्यवसायबाट वा सानातिना उद्योगधन्दाबाट हुने आम्दानीमाथि पनि राज्यले कर लगाएको थियो । यी तीनवटै करलाई अंशुवर्माका अभिलेखहरूमा 'त्रिकर' (तीन प्रकारका करहरू) भनी उल्लेख गरिएको छ ।

उपर्युक्त तीन मुख्य करहरूमा नपर्ने कतिपय करहरू पनि प्राचीन नेपालमा प्रचलित थिए । सं. ५१६ को पाटन भीमसेनस्थानको अभिलेखमा त्यस भेकका जनतालाई लसुन र प्याजमाथि लगाइएको कर माफ गरिदिएको कुरो लेखिएको छ । तर अरू करहरू भने यथावत् राखिएको बुझिन्छ । यसबाट त्यस समयमा पेशाका रूपमा तरकारी खेती गर्नेहरूले पनि राज्यलाई केही राजस्व तिर्नुपर्ने व्यवस्था भएको देखिन्छ ।

भीमार्जुनदेव–विष्णुगुप्तको थानकोट वलम्बूको अभिलेखमा चैंलकरको उल्लेख छ । 'चैलकर' कपडा बुन्ने उद्योगमाथि लगाइएको कर थियो । कतिपय शिलालेखहरूमा मल्लकर, मत्स्यकर, आपणकर, सिंकरको पनि उल्लेख छ । मल्लकर एक विवादास्पद शब्द भएको छ; तापनि यो सम्भवतः चौपाया पशुहरूमाथि लगाइएको कर थियो । 'मत्स्यकर' माछापालनमाथि लगाइएको कर थियो भने मनोरञ्जनका लागि गरिने गोयुद्ध उत्सवमा पनि जनताबाट कर असुल गरिन्थ्यो । आपणकर हाटबजारमा लगाइने कर थियो ।

लिच्छविकालमा कर देशव्यापी र स्थानीय दुवै प्रकारको हुन्थ्यो । कुनै अवसरमा जनता कर तिर्न असमर्थ भएमा वा खास कारणबाट जनताले राजालाई खुशी पारेमा पनि उनीहरू करबाट आंशिक वा पूर्ण रूपमा मुक्त हुन्थे । करबाट यसरी मुक्त गरिएका अवसरमा त्यस्ता क्षेत्रमा 'चाट-भट' तथा अन्य कर असूल गर्ने तोकिएका सरकारी कर्मचारी त्यस्ता क्षेत्रमा नपस्नू भनी उनीहरूलाई कडा इस्तिहार जारी गरी निर्देशन दिइन्थ्यो । अतएव लिच्छविकालको करप्रणाली निकै वैज्ञानिक र न्यायोचित पनि देखिन्छ । त्यसबेला राजस्व उठाउने कार्य कुथेर अधिकरणले गर्दथ्यो ।

# लिच्छविकालीन कला र वास्तुकला

## लिच्छविकालीन कला

**प्रस्तरकला-** नेपाली कलाको इतिहास धेरै लामो छ । विभिन्न क्षेत्रमा भएका पुरातात्त्विक उत्खननन्हरूको अध्ययनबाट के स्पष्ट भएको छ भने ईशापूर्व छैठौं शताब्दी भन्दा अगाडिदेखि नै नेपाली कला विकसित हुन थालेको थियो । आरम्भमा माटाका मूर्तिहरू र पछि प्रस्तरका शिवलिङ्ग र अन्य मूर्तिहरू बन्न थालेको पाइन्छ । कपिलवस्तु र काठमाडौंका विभिन्न क्षेत्रहरूको उत्खनन् गर्दा माटोले पोलेर तयार पारिएका विभिन्न आकारका मूर्तिहरू र खेलौनाहरू पाइएका छन् ।

ईशापूर्वको प्रथम शताब्दीदेखि बनेका प्रस्तरमूर्तिहरू काठमाडौं उपत्यकामा पाइएका छन् । पाटन च्यासल हिटीमा पाइएको गजलक्ष्मीको मूर्तिलाई मूर्ति विशेषज्ञ लैनसिंह बाङ्गदेलले ई. पू. प्रथम शताब्दीतिर बनेको एवं काठमाडौं उपत्यकामा प्राप्त सबै भन्दा प्राचीन प्रस्तर मूर्ति मान्नु भएको छ । यो मूर्ति र अन्य ईशाको चौथो शताब्दीसम्म बनेका मूर्तिहरूको अध्ययन गर्दा तत्कालीन भारतीय कुषाणकालीन मथुरा कलाशैलीको प्रभाव परेको देखिन्छ । देवी देवताको मूर्तिको माथिल्लो भाग खाली नै छाडी तल्लो भागमा धोती लगाएको देखाउनु, ठूल्ठूला कर्ण कुण्डल लगाएको, यज्ञोपवितको अभाव भएको र खुट्टामा ठूल्ठूला कल्ली लगाएको रूपमा मूर्तिहरू निर्माण गर्नुलाई मथुरा कलाशैलीको प्रभाव मान्नुपर्दछ । नेपालको प्रारम्भिक लिच्छविकालको कलामा यस्तै विशेषताहरू रहेका पाइन्छन् । यो समयका प्रसिद्ध मूर्तिहरूमा पाटन च्यासलहिटीको गजलक्ष्मी, सिकुवही पाटनको उमामहेश्वर, राष्ट्रिय संग्रहालयमा रहेको कुमारसम्भव आदि उल्लेखनीय मानिन्छन् ।

ईशाको पाचौं शताब्दीको शुरूवातको साथसाथै नेपाली कलाको क्षेत्रमा पनि नयाँ आयाम थपियो । विभिन्न देवदेवीका विभिन्न रूपका उत्कृष्ट प्रस्तर मूर्तिहरू यो युगमा बनेका छन् । विष्णु विक्रान्त मूर्तिहरू, पशुपति आर्यघाटको वीरूपाक्ष, बूढानीलकण्ठको जलाशय नारायण मूर्ति, चण्डोलको धुमबराह मूर्ति, एवं अन्य चावहिल, बाङ्गेमूढा, ढोकाबहाल आदि क्षेत्रका बोधिसत्वका मूर्तिहरू लिच्छविकालका उत्कृष्ट मूर्ति मानिन्छ ।

यो युगमा बनेका मूर्तिहरू साधा हुनुका साथै नेपाली कलाकारहरूको दक्षता झल्कने गुण भएका छन् । एकातर्फ प्रतिमा लक्षणको आधारमा मूर्ति निर्माण गर्ने परम्परा लिच्छविकालमा कायम रह्यो भने अर्कातर्फ सूक्ष्म कलाकारितामा पनि कलाकारको हात बस्न गयो । यसले गर्दा त्यो युगमा आकर्षक, आंगिक अनुपात मिलेका र सूक्ष्म कलाकारिता झल्काउने खालका मूर्तिहरू बने । विशेषगरी कडा मास रङ्गका प्रस्तर मूर्ति निर्माणमा चयन गरिएकाले लिच्छवि कालका मूर्तिहरू ज्यादै टिकाउ छन् । प्रस्तरलाई

राम्रोसँग घोटेर मूर्ति निर्माण गर्ने परम्परा त्यो युगमा विद्यमान थियो । तसर्थ लिच्छवि कालका प्रस्तर मूर्तिहरू पोलिस गरिए जस्ता देखिन्छन् ।

इश्वीको पाँचौं शताब्दीदेखि यता बनेका नेपाली कलाका नमुनाहरू र गुप्तकालीन कलाका नमुनामा धेरै मात्रामा समानता रहेको देखिन्छ । तर भारतीय कला केन्द्रहरूले नै त्यो समयमा त्यस्तो कला नेपाललाई सिकायो या नेपाली कलाकार नै भारतीयहरूसँग काम गर्न भारत गएर त्यस्ता कलाका नमुना बनाए भन्ने कुरा अझसम्म स्पष्ट हुन सकेको छैन । त्यो युगमा बनेका भारतीय गुप्तकलासँग समानता राख्ने नेपाली कलाका नमुनाहरूमा यज्ञोपवितको प्रयोग, शरीरको तल्लो भागमा धोतीको प्रयोग हुनु, स्वाभाविकताको नजिक हुनु, आँखा अर्ध उन्मिलन अवस्थामा हुनु एवं आंगिक अनुपातको मेल हुनु जस्ता गुण पाइन्छन् ।

नेपालमा इश्वीको नवौं-दशौं शताब्दीदेखि पाल-सेन कलासँग मिल्दाजुल्दा कलाका नमुना बनेका पाइन्छन् । अत्याधिक मात्रामा गरगहनाको प्रयोग गर्नु, धेरै हात भएका र धेरै आयुध लिएका देवी-देवताका प्रतिमा निर्माण हुनु, स्वाभाविकताबाट कलात्मक वस्तु टाढा रहनु आदि पालसेन कला र नेपाली कलाका केही समानताहरू हुन् । त्यो समयमा बंगाल र नेपालमा बनाइने कलात्मक वस्तुहरूका विषयवस्तु एकै भएबाट पनि तिनमा समानता आएको हुन सक्छ ।

**धातुकला–** मानवले देवीदेवताका विभिन्न स्वरूपहरू कल्पना गरेपछि त्यस्ता स्वरूपलाई चित्र, मूर्ति आदिमा अंकित गर्न लागेको पाइन्छ । देवीदेवताका मूर्तिहरू मृत्तिका, प्रस्तर, धातु, काठ, जीवजन्तुका हाडहड्डी, हस्ती दन्त आदि सामग्रीबाट निर्माण गर्न सकिन्छ । धातुका मूर्ति निर्माण गर्दा पनि सुन, चाँदी, तामा, पित्तल आदि वस्तुको प्रयोग हुन सक्दछ । तर सामान्यतया देवीदेवताको मूर्ति निर्माण गर्ने क्रममा पित्तललाई नै लिएको पाइन्छ । तसर्थ यहाँ पित्तलको मूर्ति निर्माण कलालाई धातुकला अन्तर्गत समावेश गरिएको छ । तर पनि अन्य धातुका कलात्मक वस्तुहरू निर्माण गर्ने कलालाई पनि विषयवस्तु भन्दा अलग्ग गर्न सकिंदैन । प्रसंगले यहाँ धातुका मूर्ति निर्माण कलालाई प्राथमिकता दिइएको र धातुका अन्य कलात्मक सामग्री निर्माणको इतिहास र प्रविधिलाई गौण मानिएको छ ।

मानवले देवीदेवताको प्रतिमा बनाउने क्रममा सबैभन्दा धेरै मृत्तिका, त्यसपछि प्रस्तर र तेस्रो क्रममा धातु प्रयोग गर्दथ्यो । धातुकलाको इतिहास विश्वमा कुन रूपमा कहिलेदेखि सुरु भयो भनी खोजी गर्दा यसको विकास धातुको आविष्कार भएदेखि नै प्रारम्भ भएको देखिन्छ । तर नेपालको चाहिँ प्रारम्भको इतिहास नै स्पष्ट नभएबाट यहाँ प्रारम्भिक धातुकलाको इतिहास पत्ता लगाउन सकिएको छैन । तर लुम्बिनी र तिलौराकोटको उत्खननमा इशापूर्व छैटौं शताब्दीतिर प्रचलित आहात (Punchmarked) मुद्राहरू पाइएका छन् । तसर्थ नेपालको मध्य तराईको धातुकलाको इतिहास ईशापूर्व छैटौं शताब्दीसम्म पुग्दछ ।

काठमाडौं उपत्यकाको धातुकलाको इतिहास चाहिँ हालसम्म ईश्वीको पाँचौं शताब्दीभन्दा अगाडि लैजाने प्रामाणिक स्रोतहरूको अभाव छ । ईश्वीको पाँचौं शताब्दीमा

सर्वप्रथम राजा मानदेवले 'श्रीमानाङ्क' नामक तामाका मुद्राहरू प्रसारणमा ल्याएका थिए । साँचोको प्रयोग गरी निर्माण गरिएका उक्त मुद्राहरूको अग्र भागमा सिंह आकृति र पृष्ठ भागमा कमल पुष्पमा बसी कमलकै फूल हातमा लिएको लक्ष्मीको आकृति अंकित गरिएका छन् । काठमाडौं उपत्यकाको धातुकलाको सर्वप्राचीन प्रामाणिक नमुना यिनै मानाङ्क मुद्राहरू हुन् । मानाङ्क मुद्राको प्रसारण पश्चात् विभिन्न शासकहरूले प्रसारणमा ल्याएका धातुका मुद्राहरूले समेत तत्कालको धातुकलाको इतिहास प्रस्टयाउने गर्दछन् ।

मुद्राहरू बाहेक नेपालको धातुकलाको इतिहास प्रस्ट्याउने प्रथम ऐतिहासिक प्रमाण राजा अंशुवर्माको चाँगुनारायणको स्वर्णपत्र अभिलेख हो । उक्त अभिलेखमा नारायणको कवच कालक्रमले गर्दा जीर्ण भएकाले राजा अंशुवर्माले सुनको कवच फेरिदिएको चर्चा छ । यस आधारमा अंशुवर्माको समयमा जीर्ण हुन पुगेको कवच उनको समयभन्दा केही शताब्दी अगाडि नै बनेको हुनुपर्दछ । तसर्थ नेपालमा इश्वीको तेस्रो-चौथो शताब्दीतिरदेखि धातु मूर्तिहरू बन्न लागेको अनुमान हुन्छ । तर प्रारम्भिक कालका धेरै धातुमूर्तिहरू चोरी निकासी भएकाले हाल ती मूर्तिहरू प्राप्य छैनन् ।

नेपालमा इश्वीको सातौं शताब्दीदेखि चाहिँ प्रशस्त मात्रामा धातुमूर्तिहरू बनेका उदाहरण पाइन्छन् । सातौं शताब्दी इश्वीतिर नेपाली राजकुमारी भृकुटीले तिब्बततर्फ आफ्नो घर जाँदा मैत्रेय, तारा, र बोधिसत्वका मूर्तिहरू नेपालबाट आफ्नो पतिको मुलुकमा लगेको विवरण तिब्बती वंशावलीले दिएका छन् । उनले तिब्बततर्फ लगेका उक्त मूर्तिहरू धातु निर्मित नै भएको मान्न सकिन्छ । चाँगुको भण्डारमा रहेको एक देवीको धातु मूर्तिलाई ई. दोस्रो शताब्दी र त्यहींको ढलौटको विष्णुको एक स्थानक मूर्तिलाई ई. चौथो शताब्दीको मान्दै मोहनप्रसाद खनालले ई. दोस्रो-तेस्रो शताब्दीतिर नेपालमा धातु मूर्ति बन्न लागेको संकेत गर्नुभएको छ । तर वहाँको उक्त भनाइ युक्तिसंगत देखिंदैन । किनकि चाँगुको देवी मूर्तिको वरदमुद्राको बाहिरपट्टि पूर्ण विकसित पद्म देखाइएको छ । उक्त परम्परा भारतमा ईश्वी आठौं शताब्दीतिर मात्र पाल कलाशैली अन्तरगत विकास भएको थियो । तसर्थ चाँगु भण्डारको देवीको उक्त मूर्तिलाई ईश्वी आठौं शताब्दीभन्दा पुरानो मान्न सकिंदैन । त्यस्तै खनालले चर्चा गर्नुभएको विष्णु मूर्तिको स्वरूप पनि ईश्वी आठौं शताब्दीतिरका चाँगुका प्रस्तर विष्णु मूर्तिहरू र त्यसै युगतिरको मानिएको बोष्टन म्युजियममा रहेको धातुको विष्णु मूर्तिसँग मिल्दोजुल्दो छ । तसर्थ चाँगु भण्डारको उक्त विष्णु मूर्ति ईश्वी सातौं-आठौं शताब्दीतिरको हुन सक्छ ।

राजा नरेन्द्र देवले कम्मरमा बुद्धको मूर्ति अंकित कम्मरपेटी बाँध्ने गरेको चिनियाँ विवरण, कैलासकुट भवनको छानाबाट पानी झर्ने मकर, मुखाकृतिका टुटी भएको विवरण लगायत त्यसै युगमा बनेका केही धातु मूर्तिहरू समेत प्राप्त भएका हुनाले नेपालमा ईश्वीको सातौं-आठौं शताब्दीदेखि चाहिँ धातुमूर्ति कलाको निक्कै विकास भएको स्पष्ट हुने गर्दछ । त्यो समयदेखिका नेपालमा बनेका धातुका प्रतिमाहरू काठमाडौं उपत्यकाभित्रका विभिन्न स्थान लगायत विदेशी म्यूजियमहरूमा समेत हालसम्म पाउन सकिन्छन् ।

प्रारम्भिक लिच्छविकालीन प्रस्तर कलामा मथुरा कलाशैलीको प्रभाव झल्कने गर्दछ । तर प्रारम्भिक लिच्छविकालका धातुकलाका नमुनाहरू हालसम्म उपलब्ध हुन नसकेकाले त्यो युगको धातुकलाको विशेषता कस्तो थियो भन्ने कुरा यकिन गर्न

सकिएको छैन । यता ईश्वीको पाँचौं शताब्दीदेखिका धातुका सिक्का र सातौं-आठौं शताब्दीदेखिका चाहिँ धातु मूर्तिहरू नै उपलब्ध भएका छन् । तसर्थ त्यो समयदेखि यताको धातु कलाका विशेषताहरू चाहिँ यकिन गर्न सजिलो भएको छ ।

लिच्छविकालका धातु मूर्तिहरू आकर्षक ढंगका देखिन्छन् । यो युगको धातु कलामा गुप्त कलाको केही प्रभाव रहेको भए तापनि नेपाली कलाकारले आफ्नै मौलिकपन समेत यहाँका कलात्मक नमुनामा झल्काएका छन् । लिच्छविकालको धातुकलामा विशेष गरी देवीदेवताका प्रतिमा निर्माण गर्दा गोलो मुखाकृति, ठूलो ओंठ, गोलो चिउँडो, सानो र आकर्षक नाक, अर्ध उन्मिलन अवस्थाका आँखा र ठूलो निधार निर्माण गर्ने चलन थियो । ईश्वीको आठौं-नवौं शताब्दीदेखि यता आएर चाहिँ देव प्रतिमाको मुखाकृति केही लाम्चो प्रकारको निर्माण गर्न लागियो । यो युगका धातुका देव प्रतिमामा विभिन्न प्रकारका प्रतिमाशास्त्रको विधान अनुसारका मुकुटहरू लगाएको रूपमा प्रस्तुत गर्ने चलन रहेको पाइन्छ । लिच्छविकालमा धातुका बुद्धप्रतिमामा चाहिँ विन्दुयुक्त उष्णिष देखाउने चलन रहेको पाइन्छ ।

लिच्छविकालमा धातु प्रतिमामा अलंकरणको प्रयोग कम मात्रामा गरिएको देखिन्छ । कानमा बोझिला कुण्डल, गलामा हार, पाखुरामा केयूर र नाडीमा आकर्षक बाला यो युगका धातु मूर्तिहरूमा प्रयोग गरिएका छन् । लिच्छविकालका धातु मूर्तिको शरीरमा नदीको तरंग जस्तो देखिने आकर्षक लुगा प्रयोग भएको पाइन्छ । लिच्छवि कालका धातुका बुद्ध मूर्तिमा दुवै काँध संघातीले छोपिएको देखाउने चलन थियो (साँखुको भविष्य व्याकरण मुद्राको बौद्ध मूर्ति) । यसरी लिच्छविकालका धातु मूर्तिमा अलंकरणको प्रयोग कम भए तापनि तिनीहरू यथार्थ एवं स्वाभाविकताको नजिक रहेका देखिन्छन् । यो युगका धातु मूर्तिहरू प्रतिमाशास्त्रमा आधारित छन् एवं तिनमा आंगिक अनुपातको मेल गराइएको पाइन्छ ।

## लिच्छविकालीन वास्तुकला (Lichchhavi Architecture)

बसोबासका निमित्त वा देवता स्थापना गर्न निर्माण गरिएका भवन, मन्दिर, स्तूप, बिहार आदिको कलाकृतिलाई वास्तुकला (Architecture) भन्ने गरिएको छ । मानिस जङ्गली तथा गुफा कन्दराको जीवन छाडेर जब साना-साना झुपडी बनाएर बस्नथाल्यो, त्यसै बेलादेखि वास्तुकलाको विकास हुनथाल्यो । समयका साथसाथै मानिसले आफ्ना घरहरू आवश्यकताअनुसार ठूला, साना तथा अनेक कलाकृतिले सजिएका बनाउने गर्नथाल्यो । पछि देवस्थलहरू बन्न थालेपछि त तिनबाट वास्तुकलाको विकासमा नयाँ मोड देखापर्‍यो । फलस्वरूप, विभिन्न वैदिक साहित्यहरू, ब्राह्मण साहित्यहरू, स्मृति ग्रन्थहरू तथा गृहसूत्रहरूले वास्तुकलाको अनेक भेदहरूको व्याख्या गर्नपुगे । ऐतिहासिक कलामा नै सिन्धु घाटीको सभ्यता तथा त्यसपछिका अनेक कला-नमुनाहरू हेर्दा वास्तुकला विविध रूपमा विकसित हुँदै आएको देखिन्छ । इ. पू. तेस्रो शताब्दीदेखि उत्तरभारतमा वास्तु निर्माणमा पोलेको इँटको प्रयोग पनि हुन थालेपछि भने यस क्षेत्रको वास्तुकला विश्व वास्तुकलाको इतिहासमा उल्लेखनीय स्थान ओगट्नपुग्यो ।

नेपाली वास्तुकलाको विकास पनि यही विश्व परम्परा अनुरूप नै हुँदै गयो । लुम्बिनी कपिलवस्तु र काठमाडौं उपत्यकामा भएका उत्खननबाट प्राचीन वास्तुकलाका केही केही नमूनाहरू प्राप्त भएका छन् तापनि दशौं एघारौं शताब्दी अगाडिका मन्दिर दरबार आदिका कुनै पनि वास्तुरूपको बारेमा वर्णन गर्न सक्ने स्थितिमा नमूनाहरू प्राप्त भएका छैनन् । तत्कालीन शिलालेखहरू र विदेशीहरूको वर्णनबाट त्यसबेला वास्तु निर्माणमा प्रयोग हुने सामग्रीहरूको बारेमा जानिन्छ । त्यसबेला इँट, काठ, टायल, प्रस्तर धातुका पाता आदिको प्रयोग गरिन्थ्यो ।

**मन्दिरको वास्तुकला-** लिच्छविकालमा बनेका मन्दिरहरूको स्वरूप त हाल प्राप्त भएको छैन तर अभिलेखहरूको अध्ययन गर्दा असी भन्दा बढी मन्दिरहरू त्यसबेला बनेको बुझिन्छ । चाँगुनारायण, पशुपति लगायत धेरै मन्दिरहरू त्यसबेला बने । तर यी मन्दिरहरूको हालको रूप भने लिच्छविकालको होइन, पछि पुनर्निर्मित हो ।

नेपालमा लिच्छविकालमा शिखर शैलीका मन्दिरहरू बनाउने चलन थियो । तर यसै युगमा तल्ले शैलीका मन्दिरहरू पनि निर्माण गर्न लागियो । यो युगमा अनेक प्रकारका मन्दिरहरू निर्माण भएको उल्लेख त्यो युगका शिलालेखहरूले गरेका छन् । लिच्छविकालको मन्दिर वास्तुकलाको उल्लेख गर्ने पहिलो अभिलेख राजा मानदेवको संवत् ३८९ (वि. सं. ५२४) को तिलगंगाको विष्णुविक्रान्त मूर्तिको पादपीठ अभिलेख हो । उक्त अभिलेखमा 'लक्ष्मीवत् भवनाद्' शब्द उल्लेख गरिएको देखिन्छ, जसलाई एन्. आर. वनर्जीले 'लक्ष्मी जस्तो भवन' भनी उल्लेख गर्नुभएको छ । तर यो प्रसंगबाट तिलगंगाको विष्णुविक्रान्त मन्दिर तल्ले शैलीको नै थियो भन्ने कुरा चाहिँ स्पष्ट हुँदैन । सामान्यतया तल्ले शैलीका मन्दिरमा अत्यधिक मात्रामा ईंट, काठ आदिको प्रयोग गरिएको हुन्छ । अंशुवर्माको पाटन सुन्धारा अभिलेखले माटिङ्ग्रामको मन्दिरका ईंटा, काठका ढोका र खापा नष्ट भएर तिनीहरूको जीर्णोद्धार गरिएको उल्लेख आउँछ । यो विवरणले चाहिँ अंशुवर्माको समयसम्ममा तल्ले शैलीका मन्दिरहरू निर्माण हुन लागेको संकेत दिने गर्दछ । अर्कोतर्फ अंशुवर्माको समयमा नेपालमा रहेको साततले भव्य मन्दिरयुक्त दरवारको विवरण चिनियाँ यात्रीहरूले दिएबाट पनि तत्काल तल्ले शैलीका मन्दिरहरू निर्माण हुन लागेको स्पष्ट हुने गर्दछ । एन्. आर. वनर्जी महोदयले लिच्छविकालसम्म पनि पशुपतिनाथ मन्दिर शिखर शैलीमा रहेको एवम् ई. ८७९ मा यसलाई तल्ले शैलीमा परिणत गरिएको बताउनुभएको छ । यसरी लिच्छविकालमा नै यहाँ तल्ले शैलीका मन्दिरहरू निर्माण गरिएका भए तापनि हालसम्म त्यो युगका मान्न सकिने मन्दिरहरू प्राप्त भएका छैनन् । पशुपतिनाथको उत्तर पश्चिम प्रांगणमा रहेको एक सानो प्रस्तर ब्रह्माको मन्दिरलाई नेपालमा हालसम्म प्राप्त सर्वप्राचीन मन्दिर मानिएको छ । बेलाबेलामा गरिने जीर्णोद्धारको कारणले गर्दा त्यो युगका मान्न सकिने यो शैलीका अन्य मन्दिरहरू हालसम्म उपलब्ध हुन नसकेका हुन् ।

**स्तूप वास्तुकला-** बौद्ध धर्मका अनुयायीहरूले आफ्नो सम्प्रदायसित सम्बद्ध कुनै महत्वपूर्ण वस्तुलाई जमिनमा गाडेर त्यसमाथि स्मारकका रूपमा उठाएको अर्ध गोलाकार गर्भ भएको स्मारक नै स्तूप नामबाट चिनिन्छ । स्तूप शब्दलाई पाली भाषामा 'थुवे' र

संस्कृत भाषामा स्तूप भनिएको छ । त्यस्तै स्तूपलाई चैत्य पनि भनिन्छ । चित्तलाई सधैं शुद्ध र प्रसन्न राख्ने भएकोले चैत्य भनिएको हो भन्ने विश्वास गरिन्छ । सामान्य अर्थमा सिद्ध व्यक्तिहरूका अस्थिधातु पुरेर निर्माण गरिएका ठूला-ठूला ढिस्काहरू स्तूप हुन् । जस्तो स्वयम्भूनाथ, बौद्धनाथ आदिलाई स्तूप मान्न सकिन्छ । तर चैत्य चाहिँ साना आकारका हुन्छन् र तिनीहरूमा धर्मग्रन्थहरू पुरिएका हुन्छन् । यसरी स्तूप र चैत्यमा सामान्य विभेद भए तापनि यी दुवैमा समानता पनि छ एवं स्तूपलाई चैत्य र चैत्यलाई स्तूप पनि भनिएको पाइन्छ । पं. हेमराज शाक्यले स्वयंभू स्तूपलाई स्वयंभू महाचैत्य भनेर अध्ययन गरेबाट उक्त कुराको पुष्टि हुने गर्दछ ।

स्तूप शब्द बौद्ध धर्मसँग सम्बन्धित भए तापनि यसको उल्लेख चाहिँ बौद्ध धर्मको अभ्यूदय हुनुभन्दा धेरै वर्ष पहिले रचना गरिएका वैदिक ग्रन्थहरूमा समेत गरिएको पाइन्छ । वैदिक साहित्यमा प्रकाशकुण्ड या ढिस्कोलाई स्तूप भनिन्थ्यो, जुन ढिस्को चक्रवर्ती पुरुषको अस्थिधातु राखेर निर्माण गरिएको हुन्थ्यो । बौद्धधर्ममा पनि यही पुरानो परम्परालाई कायम राख्दै स्तूपहरू निर्माण गरिएको मान्न सकिन्छ । किनकि बौद्ध परम्पराअनुसार स्तूप त्यस्तो ढिस्को हो, जुन पूजा गर्ने उद्देश्यबाट निर्माण गरिएको एवं त्यसभित्र अस्थिधातु या बौद्ध ग्रन्थहरू पुरिएको हुन्छ । त्यस्ता सामग्री जमीनको सतहमा रहँदा हराउने एवं नासिने सम्भावना रहेकाले त्यस्ता सम्भावनाको अन्त्य गर्न स्तूपहरू निर्माण गरी तिनमा अस्थि धातु र धर्म ग्रन्थहरू संग्रह गर्ने परम्पराको विकास भएको हो ।

नेपालमा प्राचीनकालदेखि नै स्तूप वा चैत्यहरू बन्न लागेको पाइन्छ । लुम्बिनी कपिलवस्तु क्षेत्रमा भएको उत्खननबाट हेर्दा ईशापूर्व तेस्रो-चौथो शताब्दी तिरकै नमूनाहरू पाइएका छन् । काठमाडौं उपत्यकामा पाटन शहरको चारकुनामा ई. पू. तेस्रो शताब्दीतिर बनेका चार स्तूपहरू अद्यपि देख्न सकिन्छ । त्यस्तै ललितपुरको त्यागल टोलमा लिच्छविकालीन दुई वटा चैत्यहरूमा अभिलेख समेत पाइएका छन् । यहाँको तिथिमिति र राजाको नाम नभएको एक अभिलेखमा अंशुवर्माकालीन मान्न सकिने लिपि प्रयोग गरी अक्षोभ्य, समन्तभद्र, शाक्यमुनि बुद्ध, समन्तकुसुम बुद्ध र अमिताभ बुद्धको स्तुति गरिएको देखिन्छ । यसैं गरी लिच्छविकालको उत्तरार्धतिरको मान्न सकिने अभिलेख त्यागलको एक अर्को चैत्यमा पनि पाइएको छ । अक्षर टुटफुट भएर 'प्रभवा हेतु तेषां तथागतो ह्यव........एवंवादी महाश्रवण......' मात्र बाँकी रहेको पाइएको छ । उक्त अभिलेखहरूले लिच्छविकालको चैत्य निर्माण परम्पराको संकेत गर्दछन् । यसै गरी अंशुवर्माको गोकर्णको अभिलेखमा पनि '......भूचैत्यभट्टारक' शब्द पाइन्छ, जसलाई स्वयंभू चैत्य भट्टारक पढिएको छ । यसबाहेक लिच्छविकालका अन्य अभिलेखहरूले चैत्यको बारेमा वर्णन गरेको देखिंदैन । स्वयम्भू र बौद्ध नाथ जस्ता स्तूपहरू पनि पहिले लिच्छविकालमै बनेका हुन् तापनि तिनीहरूको हालको रूपभने मध्यकाल वा त्यो भन्दा पछिको हो ।

लिच्छविकालमा अनेक प्रकारका चैत्यहरू निर्माण गरिन्थे । सुरुमा त्यस्ता चैत्यहरूमा पंचध्यानी बुद्धका मूर्ति राख्ने चलन थिएन । उनीहरूका लागि गवाक्षहरू खाली नै छाडिन्थे । तर केही समय पछि यसै युगमा पंचध्यानी बुद्धका मूर्तिहरूसमेत चैत्यका गवाक्षमा राख्न लागियो । लिच्छविकालका स-साना चैत्यहरू प्रायः

सबै ढुङ्गाबाट निर्मित छन् । यो युगका कतिपय चैत्यमा त एकै प्रस्तरमा चारतिर चार वटा ध्यानी बुद्धका मूर्ति निर्माण गरी चैत्य निर्माणमा समेत प्रयोग गरिएका छन् । यस्ता चैत्यले तत्कालको चैत्य वास्तुकलाको विशिष्ट नमुनाको संकेत दिएका छन् । उपत्यकाका विभिन्न भागमा यस्ता एकै प्रस्तरमा ध्यानीबुद्धका मूर्तिहरू कुँदिएका चैत्य पाइएका छन् ।

गवाक्ष खाली भएका चैत्यलाई चाहिँ अशोक चैत्य भनिएको पाइन्छ । लिच्छविकालका मान्न सकिने यस्ता चैत्यहरू स्वयंभू, महांकाल र चावहिलमा प्राप्त छन् । काठमाडौं गणवहालमा शक संवत् ५१६ या ई. ६५१ को एउटा तिथिमिति सहितको प्रस्तर चैत्य पनि पाइएको छ । यस चैत्यको गवाक्ष चाहिँ खाली छ । तर यसले पनि एकै प्रस्तरमा चार ध्यानी बुद्ध अंकित गरी निर्माण गरिएका प्रस्तर चैत्यको जति महत्त्व चाहिँ दर्शाउन सकेको छैन ।

**विहार वास्तुकला-** बौद्ध देवी-देवताको पूजा उपासना गर्न र भिक्षु भिक्षुणीहरू बस्नका लागि निर्माण गरिने भवनलाई नै बिहार भनिन्थ्यो । प्रारम्भमा बौद्धमार्गीहरू रूखको फेदी एवं गुफामा बस्ने गर्दथे जसलाई आराम मानिन्थ्यो । पछि सुरक्षाको दृष्टिले त्यस्ता आरामहरूमा बिहार बनाउन लागियो ।

नेपालमा विहार वास्तुकलाको कुन समयमा सुरुवात भयो भन्ने कुरा स्पष्ट छैन । उत्खननबाट लुम्बिनी कपिलवस्तु क्षेत्रमा ईशापूर्व कालका मान्न सकिने विहारका अवशेषहरू पाइएका छन् भने बुद्धको समयमा नै कपिलवस्तुबाट शाक्यहरू काठमाडौं उपत्यकामा पनि आउने गरेका विवरणहरू पाइएबाट त्यही समयदेखि यहाँ विहारहरू बनेको हुनुपर्दछ । तत्पश्चात् ई. पू. तेस्रो शताब्दीमा अशोकको छोरी चारुमतीले काठमाडौं उपत्यकामा विहार बनाएको कुरा पनि वंशावलीहरूमा उल्लेख छ । तर त्यो समयमा उपत्यकामा विहार बने नबनेको कुरा प्रमाणित हुन सकेको छैन । यता लिच्छविकालदेखि चाहिँ उपत्यकामा विहारहरू बन्न लागेका ऐतिहासिक प्रमाणहरू समेत फेला परेका छन् ।

लिच्छवि शासक वृषदेवलाई मानदेवको अभिलेखमा सुगत शासन पक्षपाती भनिएको छ । सुगत शासन पक्षपाती हुनका लागि विहारको आवश्यकता पर्ने राय भिक्षु सुदर्शनको छ । यसै गरी गोपालराज वंशावलीमा मानदेवले मानविहार बनाएको चर्चा गरिएको छ । यता अशुवर्माको हाँडीगाउँ अभिलेखमा पनि गुँविहार, श्रीमान विहार, राज विहार, खर्जुरिका विहार र मध्यम विहार आदि पाँच वटा विहारहरूको चर्चा गरिएको छ । लिच्छविकालका यी पाँच वटा विशिष्ट विहारहरू बाहेक अजिका विहार, भुवनाकर श्रीविहार, भयरुचि विहार, चतुर्भालङ्गासन विहार, महाप्रतिहार वार्त्त सुजात प्रभु विहार, वार्त्त कल्याणगुप्त विहार, शिवदेव विहार, प्रणिधि विहार, जततवत्म विहार आदिको नाम समेत लिच्छविकालका विहारहरूको सूचीमा डा. जगदीशचन्द्र रेग्मीले उल्लेख गर्नुभएको छ । तर यी विहारहरूको बारेमा थप जानकारी दिने स्रोतहरूको चाहिँ अभाव रहेको छ । यी विहारका अवशेषहरू समेत उत्खननबाट प्राप्त हुन नसकेकाले वर्तमान अस्तित्वमा रहेका विहार नै यिनका पूर्वरूप थिए या नष्ट भएर हाल यिनका अवशेषहरू जमिनमुनि पुरिएका छन् भन्ने कुरा समेत अस्पष्ट नै छ । तर पनि लिच्छविकालका यी विहारहरू तत्कालका

विहार वास्तुकलाका विशेषताहरूले चाहिँ भरिपूर्ण भएको हुन सक्ने अनुमान गरिएको छ। मध्यकालमा चाहिँ नेपालमा करिब एक सय बहत्तर वटा विहारहरू रहेको चर्चा डा. जगदीशचन्द्र रेग्मीले गर्नुभएको देखिन्छ।

**राजदरवारको वास्तुकला**- लिच्छवि वास्तुकलाको वर्णनको सन्दर्भमा तत्कालीन राजदरबारबारे चर्चा गर्नु पनि उपयुक्त हुन्छ। राजदरबार भनेको प्राचीन समयमा राजा महाराजा बस्ने तथा उनीहरूको प्रशासन सञ्चालन गर्ने केन्द्र बुझ्नु पर्दछ। यसो भएको हुँदा राजदरवारको निर्माण सुरक्षा लगायत विभिन्न आवश्यकता-हरूलाई ध्यानमा राखेर बनाइन्थ्यो। तसर्थ दरवार वास्तुकला अन्य वास्तुकलाका नमुनाभन्दा अलग्ग स्वभावका हुने गर्दथे। न्यायप्रमुख, प्रशासनप्रमुख, सेनाप्रमुख तथा सबै प्रशासनिक एकाइका प्रमुख व्यक्तित्व राजा हुने हुँदा र दरवारबाट नै सनद, राजाज्ञा एवं नियम-कानून प्रसारण गरिने हुनाले त्यो समयमा दरवारहरू ठूलाठूला बनाउन आवश्यक पनि थियो। विगतमा सामान्यतया नगरको बीच भागमा दरवार रहेको हुन्थ्यो। दरवारलाई मात्र नभएर सम्पूर्ण नगरलाई किल्लाबन्दी गरेर घेर्न पनि त्यत्तिकै आवश्यक थियो। तसर्थ दरवार क्षेत्रका नगर बलिया दुर्गद्वारा घेरिन्थे। नगरबाहिर चारैतिर जंगल लगाएर जंगली एवं हिंस्रक जनावर त्यहाँ छाडिदिने, जंगलदेखि भित्रपट्टि खाई खनेर पानी भर्ने एवं पानीमा गोही, बिच्छी, साँप आदि पाल्ने र खाईदेखि पनि भित्रपट्टि अग्ला र बलिया पर्खाल लगाउने गरिन्थ्यो। त्यस्तो मजबुद किल्लाभित्र शहर रहने र शहरको बीचमा दरवार रहने गर्दथ्यो। नगरभित्र पस्न चारतिरबाट चारवटा ढोका या गेट बनाइएका हुन्थे। त्यस्ता द्वारमा द्वारपाल रहन्थे भने नगर वरपरको स्थिति ख्याल गर्न ठूलाठूला स्तम्भ (tower) बनाएर तिनमा पहरेदार राखिन्थे। दरवारक्षेत्रको नगरमा बाहिरबाट कसैले आक्रमण गर्न लागेको संकेत पाइएमा नगरभित्र पस्ने चारैवटा ढोका बन्द गरिन्थे। यस्तो अवस्थामा शत्रुहरू नगरभित्र पस्न नपाई ढोकाबाहिरैबाट फिर्नुपर्दथ्यो। शत्रुले नगरमा घेरा हाल्न र आक्रमण गर्न सक्ने सम्भाव्यतालाई ख्याल गरी वर्षौंसम्म पुग्ने अत्यावश्यक खाद्यान्न र अन्य सामग्रीहरू नगरको किल्लाभित्रै संग्रह गरिएको हुन्थ्यो। यसो गर्दा शत्रुले नगरबाहिर वर्षौंसम्म कुरेर बस्न सम्भव नहुने भएकाले नगर शत्रुहरूको सम्भाव्य आक्रमणबाट बच्ने गर्दथ्यो। प्राचीन कालमा मात्र नभएर मध्यकालमा समेत नेपालमा यसै परिपाटीअनुरूपका दरवारहरू निर्माण गरिन्थे।

लिच्छविकालका मानगृह, कैलासकूटभवन र भद्राधिवासभवन आदि दरवारहरूको सामान्य विवरण तत्कालका अभिलेखहरूले दिएका छन्। त्यो युगका दरवारका अवशेषहरू हालसम्म प्राप्त नभए तापनि तत्कालका अभिलेखहरू र विदेशीहरूका वर्णनमा भएका विवरणको आधारमा तत्कालको दरवार वास्तुकलाको सामान्य रूपमा अध्ययन गर्न सकिन्छ।

लिच्छविकालमा बनेका ख्यातिप्राप्त विभिन्न दरवारहरूमध्येको मानगृह सबैभन्दा पुरानो मानिन्छ। यो दरवार राजा मानदेवको समयमा बनेको हुनसक्ने मानिएको छ। मानगृहको उल्लेख विभिन्न अभिलेखहरूले गरेको भए तापनि त्यसको स्वरूपको बारेमा चाहिं कतै पनि चर्चा गरिएको पाइँदैन। तसर्थ ऐतिहासिक प्रमाणहरूको अभावमा त्यसको स्वरूपको बारेमा चर्चा गर्नु युक्तिसंगत देखिँदैन। यसै गरी उक्त दरबार काठमाडौं

उपत्यकाको कुन स्थानमा थियो भन्ने कुरा पनि स्पष्ट छैन । कतिपय विद्वान्हरूले यो दरवार पाटनमा रहेको र यसैको नामबाट पाटनमा मंगलबजारको नाम रहेको विवरण दिइएको छ । तर यो भवनका भग्नावशेषहरूसमेत हालसम्म उपलब्ध हुन नसकेबाट यससम्बन्धी थप विवरण प्रस्तुत गर्न असम्भव छ । मानगृहको कला र वास्तुकला कस्तो स्वरूपको थियो भन्ने विवरणहरू हालसम्म कुनै पनि ऐतिहासिक स्रोतहरूले नदिएबाट त्यसको बारेमा काल्पनिक रूपमा चर्चा गर्नु युक्तिसंगत देखिंदैन । तर पनि दरवार वास्तुकलाका प्रारम्भिक विशेषताहरूले यो भवन भरिपूर्ण रहेको कुरा चाहिं नकार्न सकिंदैन । कसै-कसैले मानगृह सात‌तले भएको, यसको भित्रपट्टि सातवटा चोकहरू भएको, दरवारभित्रै ठूलाठूला पोखरी र भव्य मन्दिर भएको चर्चा गरेका छन् ।

लिच्छविकालका विभिन्न प्रख्यात तीनवटा दरवारमध्ये सबैभन्दा प्रख्यात चाहिं कैलासकूट भवन थियो । यो भवनको प्रथम उल्लेख अंशुवर्माको संवत् २९ को बुङमती अभिलेखमा गरिएको छ । यसको नाम शिवजीको वासस्थान कैलासको नाममा राखिएको छ । यो दरवार कसले बनाएका थिए भन्ने प्रामाणिक ऐतिहासिक प्रमाणहरू त पाइएका छैनन् तर पनि यो दरवार अंशुवर्माले बनाउन लगाएको मानिएको छ । अंशुवर्माद्वारा निर्माण गर्न लगाइएको कैलासकूट भवनबाट लिच्छवि शासकहरूले प्रारम्भमा सनदहरू जारी गरेनन् । उक्त दरवार अंशुवर्मापछि गुप्तहरूको दरवार बन्यो भने लिच्छविहरूले चाहिं पुरानो मानगृह दरवारलाई नै आफ्नो केन्द्र बनाएका थिए । पछि राजा नरेन्द्रदेवले पुनः भद्राधिवास भवन निर्माण गराई त्यसबाट राजाज्ञाहरू प्रसारण गर्न लागे । त्यो समयसम्ममा मानगृह जीर्ण भइसकेकोले उनले उक्त भवन निर्माण गराएको हुन सक्दछ । तर नरेन्द्रदेवपछि उनले बनाएको दरवारलाई उनका छोरा नातिले प्रयोग नगरी कैलासकूट भवनलाई प्रयोग गरेको देखिन्छ । नरेन्द्रदेवका छोरा शिवदेव द्वितीयले कैलासकूट भवनबाट नै राजाज्ञाहरू प्रसारण गरेका थिए । यसरी कैलासकूट भवन बनेको करिब एकसय वर्ष पछाडि (संवत् १२९) सम्म पनि लिच्छवि शासकहरूले यसलाई आफ्नो केन्द्र बनाएका थिए । त्यसपछिका अभिलेखहरूमा भर्ने यो भवनको चर्चा गरिएको देखिंदैन । यसर्थ संवत् १२९ देखि चाहिं कैलासकूट भवन जीर्ण भयो, यसको नाम परिवर्तन भयो या के भयो भनी स्पष्ट पार्न सकिएको छैन ।

कैलासकूट दरवारको वास्तुकला र भव्यताको बारेमा तत्कालका विभिन्न ऐतिहासिक स्रोतहरूले अलग-अलग ढङ्गमा विवरणहरू प्रस्तुत गरेको पाइन्छ । माथि वर्णन गरिएको खोपासीको अभिलेखअनुसार यो भवन सेतो कमेरोद्वारा रंगाइएको थियो । यसै गरी यसको भव्यता उनको संवन् ३२ को साँगाको अभिलेखले पनि प्रस्तुत गरेको छ । उक्त अभिलेखमा "पृथ्वी तलको टिका जस्तो भएको, कुरिकुरी लागेका जनताले आँखा झिम्म नगरेर हेरिरहेको कैलासकूट दरवार' भनिएको छ । यो विवरणबाट उक्त दरवार ज्यादै भव्य, आकर्षक एवं हेरूँ हेरूँ लाग्ने खालको रहेछ भन्ने स्पष्ट हुने गर्दछ । राजा नरेन्द्रदेवले आफ्नो शासनकालमा बेग्लै दरवार बनाएका भए तापनि उनले समेत कैलासकूट दरवारको भव्यताको बारेमा विवरण प्रस्तुत गरेका छन् । उनको संवत् ६७ को पाटन भन्सार चोकको अभिलेखमा "जूनले टल्केको हिमालको टाकुरोझैं झलल गर्ने संसारमा प्रसिद्ध कैलासकूट भवन" भनिएको छ । यो विवरणबाट उक्त दरवार सेतो रङ्गद्वारा पोतिएको र यसको ख्याति विदेशमा समेत बढेको स्पष्ट हुने गर्दछ ।

कैलासकूट दरवार निकै ठूलो र आकर्षक थियो । यसले गर्दा यसले विदेशमा पनि ख्याति पाएको हो । बेलाबेलामा नेपाल एवं भारतको भ्रमणमा आउने चिनिया यात्रीहरूले समेत यसको भव्यताको बारेमा चर्चा गरेको पाइन्छ । उनीहरूको वर्णन चिनिया ताङ्ग वृत्तान्तमा संग्रहित छ । ताङ्ग वृत्तान्तमा संग्रहित चिनियाँ यात्रीको विवरणअनुसार "यो दरवारको बीचमा साततले तामाको बुर्जा रहेको थियो । कैलासकूट भवनका दलिन, खम्बा आदि सुन्दर र किम्मती पत्थरले बनेका थिए । दरवारको माथ्लो भागमा चारवटा बुर्जा थिए, जसका चार सुरमा तामाका नाली राखिएका थिए । तामाका नालीमा तलतिर मकरका मुखाकृति बनाइएका थिए, जसबाट पानी झर्ने गर्दथ्यो। बुर्जामाथि हालिएको पानी नालीको मकरामुखबाट निस्किई तल झर्दा छहराजस्तो देखिन्थ्यो" । यस विवरणबाट कैलासकूट भवनको वास्तुकलासम्बन्धी केही विवरणहरू स्पष्ट हुने गर्दछन् । जस्तो यो भवन तले शैलीको भएको, तामाको पाताबाट छानो बनाइएको एवं दरवारमा बुर्जाहरू निकालिएको यसबाट स्पष्ट हुन्छ । चिनियाँ भूभागमा समेत त्यो समयमा यस्ता दरवारहरू निर्माण नगरिएकाले उनीहरूको नजरमा कैलासकूट भवनले स्थान पाएको कुरा सहज रूपमा स्वीकार गर्न सकिन्छ ।

लिच्छविकालका तीनवटा दरवारमध्ये सबैभन्दा भव्य एवं आकर्षक दरवार कैलासकूट भवन काठमाडौं उपत्यकाको कुन स्थानमा निर्माण गरिएको थियो भन्ने कुरा हालसम्म स्पष्ट हुन सकेको छैन । प्राचीन परम्पराअनुरूप किल्लाबन्दी गरिएको या पर्खालद्वारा घेरिएको हुन सक्ने उक्त दरवारका भग्नावशेषहरू समेत पाइएका छैनन् । यो दरवार अवश्य पनि ठूलो पुर या द्रंगको बीचमा अवस्थित हुनु पर्दछ । हाँडीगाउँको उत्खननमा लिच्छविकालका बस्ती एवं मन्दिरका अवशेषहरू पाइएका छन् । त्यहाँ १३$\frac{१}{२}$ " × ८" × २" साइजको इँटासमेत पाइएकाले कैलासकूट दरवार त्यतै हुनुपर्ने अनुमान कतिपय विद्वान्हरूको छ । उक्त इँटामा महासामन्त अंशुवर्मन" अभिलेख अंकित गरिएको पाइएको, विभिन्न गोष्ठी, मन्दिर, विहार आदिलाई राष्ट्रको तर्फबाट दिइने अनुदानको विवरणयुक्त अभिलेख हाँडीगाउँमा नै पाइएको आदि कारणले गर्दा पनि ती विद्वान्हरूले यस्तो तर्क दिएका हुन् । पशुपतिको कैलासमा र हनुमानढोका क्षेत्रमा उक्त दरवार रहेका तर्कहरू पनि पाइएका छन् । तर उक्त दरवारको भग्नावशेष एवं यससम्बन्धी यथेष्ट र भरपर्दा प्रमाणहरू फेला नपरेसम्म उक्त दरवार यही स्थानमा थियो भनी किटान गर्न मुस्किल पर्दछ । यति हुँदाहुँदै पनि यो दरवार भव्य, सुन्दर, मनमोहक एवं ख्यातिप्राप्त भएको एवं यसको ख्याती चीन तिब्बतसम्म फैलिएको कुरा चाहिं नकार्न सकिंदैन । काठमाडौं उपत्यकाका लिच्छविकालीन बस्तीहरूको खोजी एवं समुचित अनुसन्धान गरिएको खण्डमा यो दरवार निर्माण स्थान पत्ता लगाउन सक्ने सम्भावना पनि त्यत्तिकै रहेको छ ।

राजा नरेन्द्रदेवले प्रारम्भमा कैलासकूट भवनमा बसेर शासन गरेको देखिन्छ । तर संवत् ८९ को वटुभैरवको उनको अभिलेखमा प्रथम पटक भद्राधिवास भवनबाट राजाज्ञा प्रसारण गरेका थिए । त्यसपछि चाहिं उनले आफ्ना सम्पूर्ण क्रियाकलाप यही दरवारबाट प्रसारण गरेको पाइएको छ । तसर्थ भद्राधिवास भवन राजा नरेन्द्रदेवले नै बनाएका थिए भन्ने कुरा स्पष्ट हुने गर्दछ । भद्राधिवास शब्द भद्रासनबाट बनेको हो, जसको अर्थ

राजगद्दी भन्ने हुन्छ । नरेन्द्रदेवले आफू बस्ने नयाँ दरवार निर्माण गरी यसको नाम यसै आधारमा भद्राधिवास राखेको हुनसक्दछ तर यो भवन प्रारम्भका अन्य दुईवटा दरवारभन्दा कमसल, कम सुविधायुक्त, सानो र कम आकर्षक भएको अनुमान छ । नरेन्द्रदेवका उत्तराधिकारीहरूले यो भवनको प्रयोग नगरेबाट यस कुराको पुष्टि हुने गर्दछ ।

भद्राधिवास भवन कुन स्वरूपको थियो र यसको वास्तुकला कस्तो थियो भन्ने कुरा कुनै पनि ऐतिहासिक प्रमाणहरूले उल्लेख गरेका छैनन् । यसको भग्नावशेषसमेत हालसम्म उपलब्ध हुन नसकेकाले यसको निर्माण परम्परा पनि थाहा पाउन सकिंदैन । तर पनि यो दरवार प्राचीन परम्पराअनुरूप नै बनेको कुरा चाहिं स्वीकार गर्नुपर्ने हुन्छ ।

लिच्छविकालमा यस्ता कैयौं दरवारहरू निर्माण भएका हुन सक्दछन् । तर तत्कालका अभिलेखहरूले यी नै तीनवटा दरवारको मात्र उल्लेख गरेका हुनाले यिनीहरूको बारेमा मात्र सामान्य चर्चा गर्न सकिन्छ । साथै यी दरवारका वास्तुकलात्मक स्वरूप अझ स्पष्ट हुन सकेको छैन । नेपालका मध्यकालीन कला र वास्तुकलाका नमुना लिच्छविकालकै परवर्ती या विकसित रूप हुन् । मध्यकालमा नेपालमा ज्यादै भव्य, आकर्षक एवं कलाकारितापूर्ण दरवारहरू बनेका देखिन्छन् । तसर्थ लिच्छविकालमा पनि त्यही अनुरूपका दरवारहरू बनेको कुरा सहज रूपमा स्वीकार गर्नु पर्ने हुन्छ ।

# लिच्छविकालमा नेपालको विदेश सम्बन्ध

## १. नेपाल तिब्बत चीन सम्बन्ध

नेपाल प्राचीनसमयदेखि नै दुई विशाल देशहरूका बीचमा चेप्टिएर रहेको थियो । त्यसैले नेपालले दुवैतर्फ समान ढङ्गले सम्बन्ध र सम्पर्क बनाइराख्नु पर्दथ्यो । नेपालको तिब्बतसँग मित्रता बढाउने पहिलो शासक अंशुवर्मा देखिन्छन् तापनि त्योभन्दा धेरै पहिले देखिनै चीनियाँहरूको नेपालप्रति अकर्षण भने बढ्न थालेको बुझिन्छ । वास्तवमा नेपालसँग उत्तरतर्फको पूर्वसम्बन्धको सूत्र गाँस्ने बौद्ध धर्म हो । गौतमबुद्ध नेपाल तराईमा जन्मेका हुँदा कुनै न कुनै रूपमा चीनियाँहरू सो क्षेत्रमा भ्रमण गर्ने गर्दथे । सो क्षेत्रबाट नेपाल भारतका बौद्ध तीर्थ गर्न, बौद्ध ग्रन्थको अधययन गर्न र संग्रह गर्न आएका विद्वान् यात्रीहरूले आफ्नो यात्रा वृत्तान्त लेखेर राखेका छन् । यस्ता स्रोतहरूबाट प्राचीन नेपालको स्थितिबारे बुझ्न मद्दत मिलेको छ । चीनियाँ यात्री फाहियान्को यात्रा विवरणबाट के स्पष्ट हुन्छ भने पाँचौं शताब्दीको आरम्भतिर यिनी लुम्बिनी-कपिलवस्तु आदि प्रसिद्ध बौद्ध तीर्थहरूको भ्रमण गरेर चीन फर्केका थिए । नेपालको कपिलवस्तुमा जन्मेका विद्वान् भिक्षु बुद्धभद्रले सोही समयतिर चीनमा गएर बौद्ध ग्रन्थको अधययन गर्ने, अनुवाद गर्ने जस्ता कार्य गरेका थिए । यसरी बौद्ध धर्मको कारणले नेपालको आकर्षण चीन तिब्बतमा बढी रहेको थियो ।

नेपालको तिब्बत-चीनसितको सम्पर्कको वैधानिक सुरुवात भने अंशुवर्माकै समयदेखि भएको हो । वास्तवमा अंशुवर्माको समयताका नेपाल दुई विशाल शक्तिशाली साम्राज्यहरूको बीचमा थियो । दक्षिणमा मगधका सम्राट हर्षबर्द्धन र उत्तरतिर तिब्बतमा स्रङचङ गम्पो राज्य बढाउन लागेका थिए । फलस्वरूप अंशुवर्माले यी दुवै मुलुकहरूसँग मित्रता कायम गरे । सिल्वाँ लेभीले उल्लेख गरे अनुसार ई. ६१८ (वि.सं. ६७५) तिर नेपाल-तिब्बत सन्धि भएको बुझिन्छ । यो मैत्री सन्धि पछि नेपालले तिब्बतलाई औ तिब्बतले नेपाललाई आवश्यकताको समय कुनै पनि किसिमको सहयोग प्रदान गर्नुपर्ने भयो । अब आएर नेपलका हिमाली भञ्ज्याङ्गहरूबाट उत्तर तिब्बत तथा चीन जाने मार्गहरू खुले । यसरी नेपालको तिब्बतसँग यातायात सम्पर्क थालिएको घटनाले दुवै देशमा आर्थिक, सांस्कृतिक, राजनैतिक सबै क्षेत्रमा ठूलो परिवर्तन हुँदै गएको देखिन्छ । नेपालमा मात्र नभएर यो घटनाले उत्तरी भारतमा पनि धेरै खालका प्रभाव परेको कुरा विद्वान्हरूले चर्चा गरेका छन् । विशेषरूपमा नेपाल त अन्तर्राष्ट्रिय व्यापार केन्द्र नै बन्न पुग्यो । नेपाल विस्तारै आर्थिक रूपले समृद्ध राष्ट्र बन्दै गयो, उद्योग-व्यापारका क्षेत्रमा नेपालीहरू क्रमशः आकर्षित बन्दै गए ।

अंशुवर्माको मृत्युपछि शिवदेव प्रथमका छोरा उदयदेव लिच्छवि राजगद्दीमा विराजमान भए तर यिनको शासनकाल अल्पावधिसम्म मात्र रह्यो । आफ्नै भाइ

ध्रुवदेवद्वारा यिनी पदच्युत गरिए । त्यसपछि यिनी तिब्बतको शरणमा पुगे । अंशुवर्मासँग भएको सम्झौता अनुरूप तिब्बतले पनि लिच्छवि राजखलकलाई आश्रय दियो । यसको बीस वर्षपछि उदयदेवका छोरा नरेन्द्रदेवले तिब्बतको सहयोग प्राप्त गरेर नै पुनः नेपालमा क्रान्ति गरी आफ्नो राजगद्दी प्राप्त गरे । यो तथ्यलाई चीनियाँ ताङ वृत्तान्तबाट स्पष्ट गरिएको छ । यसरी नेपाल-तिब्बत सन्धि अनुरूप नै यी दुवै देशहरूले एक अर्काको सहयोग गरेको बुझिन्छ ।

तिब्बतको सहयोगबाट राजा भएकै वर्ष राजा नरेन्द्रदेवले चीनसँग पनि आफ्नो सौहाद्रता प्रकट गर्ने अवसर पाए । वि.सं. ७०० तिर चीनियाँ राजदूत ली पियाओ (Li-y-piao) आफ्नो समूहसाथ मगध (भारत) जाँदा वा त्यताबाट फर्किंदा नरेन्द्रदेवले तिनको स्वागत र सम्मानगरी चीनसँग मित्रताको सम्बन्ध प्रष्टयाएका थिए । त्यसपछि यसको ४ वर्षपछि वि.सं. ७०३-४ तिर वाङ्युन्चेको नेतृत्वमा भारतमा हर्षवर्धनको दरवारमा गएको चीनियाँ दूतमण्डल पनि नेपाल भएरै गएको थियो । तर उनी भारत पुग्दा हर्षवर्धन मरिसकेका थिए र उनको राज्य उनकै मन्त्री अरुणाश्वले कब्जा गरेको थियो । अरुणाश्वले चीनियाँ दूत मण्डलको स्वागत गर्नुको सट्टा आक्रमण गरेर दुःख दियो । अरुणाश्वको आक्रमणबाट हैरान भएर आफ्ना ३० जना अश्वारोही साथीहरूलाई छोडी वाङ्युन्चे ज्यान बचाइ तिब्बत पुगे । वाङ्युन्चेले यो घटनाको बदला लिने इच्छा गर्दा तिब्बतले १२०० सेना दिइ पठायो । नेपालले पनि ७००० अश्वसेना पठाइदियो । यी सैनिकको सहयोगबाट वाङ्ले भारतको मगधमा गई अरुणाश्वका कैयौं मानिस मारेर अरुणाश्वलाई पक्रेर तिब्बत लिएर गए । यसरी महाराज नरेन्द्रदेवले आफ्नो समयमा नेपालको तिब्बत-चीनसितको सम्बन्ध सुमधुर बनाउन निकै प्रयत्न गरेको थाहा पाइन्छ ।

उपर्युक्त अरुणाश्वसितको लडाईको दोस्रो वर्ष नरेन्द्र देवले ई. ६५१ (वि.सं. ७०७) मा चीनमा एक प्रतिनिधि-मण्डल पठाएका थिए । यसरी चीनसित नेपालको दौत्य सम्बन्धको प्रारम्भ नरेन्द्र देवको समयदेखि भएको कुरा निश्चय प्रतीत हुन्छ । त्यस समय नेपालको बाटो गरी तिब्बती-चीनिया तथा भारतीयहरू एक दोस्रो मुलुकमा आवत-जावत गर्दथे । अनेकौं तीथयात्रीहरू तथा व्यापारीहरू त्यस बेला नेपालमा ओइरन लागेका थिए । ताङवृत्तान्त अनुसार उत्तर प्राचीनकालीन नेपाल कृषि प्रथाको बदला उद्योग-व्यापार प्रधान मुलुक थियो । त्यस समय नेपालका निर्यात गरिने वस्तुको रूपमा मकै, फलफूल, तामा, याक आदिका नाम युआन च्वाङ्गले आफ्ना वृत्तान्तमा दिएको छ । छैटौं शताब्दीमा रचित मूल सर्वास्तिवाद विनय ग्रन्थ अनुसार श्रावस्तिका व्यापारीहरू नेपालमा व्यापारका लागि आउने जाने गर्दथे ।

अंशुवर्माकालीन टिस्टुङ्गको अभिलेखमा नेपालबाट बाहिरतिर निकासी हुने वस्तुहरूका नाम दिइएका छन् जुन मुख्यतया निम्न छन्– फलाम, मृगचर्म, कस्तुरी तथा तामाका भाँडा आदि । यी आधारहरूबाट सो समयमा नेपालको व्यापार यथेष्ट मात्रामा बढेको कुरा थाहा हुनुको साथै नेपालको व्यापार तिब्बत-चीन तथा भारतमा अत्यधिक रूपमा हुन्थ्यो भन्ने कुराको चाल पाइन्छ । यसरी नरेन्द्रदेवको समयसम्ममा नेपालको तिब्बत-चीनसित घनिष्टतम सम्बन्ध भएको कुराको पत्तो हुन्छ ।

नरेन्द्रदेवको मृत्युपछि भने नेपाल र तिब्बत बीचको सम्बन्धमा केही कटुता आउन लागेको अनुमान हुन्छ । ताङ वृत्तान्तले यसतिर स्पष्टरूपले इङ्गित गरेको छ । नेपाल र तिब्बतबीच दुई पटकसम्म युद्ध भएको थियो । सिल्वाँ लेभीले उल्लेख गरेअनुसार ई. ७०२ मा नेपालले तिब्बत विरुद्ध आक्रमण गरेको थियो तर यसमा नेपालले सफलता पाउन सकेन तर ई. सन् ७०४-५ तिर नेपाल र तिब्बतको बीच ठूलो युद्ध भएको थियो, जसमा तिब्बती सम्राट् चिन-यु-सी लुङ मारिएका थिए । यो लडाई नरेन्द्रदेवका पुत्र शिवदेव द्वितीयको समयमा भएको थियो । यसरी अंशुवर्माको समयमा स्थापना भएको नेपाल-तिब्बत-चीन सम्बन्ध शिवदेव द्वितीयको समयमा आएर खट्पटमा परेको देखिन्छ ।

राजनैतिक सम्पर्कमात्र नभएर सांस्कृतिक सम्बन्धका कारणले पनि नेपालको तिब्बत-चीनसँग राम्रो सम्पर्क कायम थियो । तिब्बतको सांस्कृतिक पुनरुत्थानमा नेपालले महत्त्वपूर्ण भूमिका अदा गरेको थियो । स्रोङचन्ले तिब्बतमा एक विशाल साम्राज्यको स्थापना गरिसकेपछि तिनले राज्य सञ्चालनको लागि एक लिपिको आवश्यकतालाई महसूस गरी थोन्-मि मनुका पुत्रलाई सोह्र जना साथीहरूसाथ नेपाल तथा भारतमा विद्याध्ययनको लागि पठाए । थोन्-मिले पछि राजाको आदेशानुसार भोटभाषा लेख्नको लागि एकलिपि तयार गरे, जुन कश्मीरमा त्यस समय प्रचलित लिपिको समान थियो । थोन्-मिले भोटभाषाको पहिलो व्याकरण पनि बनाए । यसरी भोट-भाषाका लिपि एवं व्याकरणको निर्माणमा नेपालको पनि महत्त्वपूर्ण योगदान भएको कुरा स्वीकार्न सकिन्छ ।

सम्राट् स्रोङचन् गम्पोका आफ्नी दुई रानीहरूमध्ये नेपालकी राजकुमारी भृकुटीले तिब्बतमा बौद्ध धर्मको व्यापक प्रचारको लागि बौद्द धर्म ग्रन्थहरूको अनुवाद भोट भाषामा गराउनु पर्ने आवश्यकतालाई महसूस गरी नेपाल, भारत तथा चीनका बौद्ध विद्वान्हरूलाई झिकाई तिनीहरूबाट बौद्ध धर्मएवं दर्शनको श्रवण गर्नुको अतिरिक्त बौद्ध धर्म ग्रन्थहरूलाई भोट भाषामा अनुवाद गराउन लगाइन् । नेपालबाट तिब्बतमा गई अध्ययन-अध्यापन कार्य गर्ने नेपालका बौद्ध विद्वान्हरूमा आचार्य शीलमंजु, शान्तिभद्र, अनंतश्री, संघश्री तथा लक्ष्मीश्री आदिहरू मुख्य छन् । यसको अतिरिक्त भारतका बौद्ध विद्वान्हरू पनि विशेषतः नेपालकै बाटो तिब्बत आवतजावत गर्दथे । आचार्य शान्तरक्षित नेपालकै बाटो भएर तिब्बतमा बौद्ध धर्मको प्रचार गर्न गएका थिए ।

एकथरी विचार के छ भने तिब्बतमा पगोडा शैलीको प्रसार नेपालबाटै भएको थियो । यसका अतिरिक्त चित्रकलाको क्षेत्रमा पनि तिब्बत नेपालको ऋणी छ । नेपाली कला र कलाकारिता तिब्बतमा पुगेको थियो । भृकुटीले नेपाली मूर्तिकलाको प्रसार तिब्बतमा गराएकी थिइन् ।

यी सबै विवरणबाट के स्पष्ट हुन्छ भने प्राचीन कालमा नेपालको तिब्बत-चीनसँग राजनैतिक मात्र नभएर सांस्कृतिक सम्बन्ध पनि विकसित भएको थियो ।

## २. नेपाल भारत सम्बन्ध

नेपाल भारत सम्बन्धको इतिहास अत्यन्तै प्राचीन छ । यी दुवै देशहरूको सम्बन्ध राजनैतिक धरातलमा भन्दा बढी धार्मिक, सांस्कृतिक तथा आर्थिक सम्पर्कको कारणले बढी निकटतम रहेको देखिन्छ । समान धर्म र संस्कृति भएको कारणले तथा

आगमनको सरलताको कारणले पनि यी दुवै देशहरू अत्यन्तै प्राचीन समयदेखि नै निकट बन्दै गएका थिए ।

ईशापूर्व तेस्रो-चौथो शताब्दीमा नै नेपालको भारतसँग सम्पर्क स्थापना भइसकेको देखिन्छ । नेपालमा किराँतहरूको शासन हुँदा भारतमा मगध साम्राज्यको युग थियो । लामो समयसम्मको नेपालको किराँतकालमा भारतको मगध राज्यमा बिम्बिसार, अजातशत्रुका अतिरिक्त नन्दवंशी राजाहरू तथा मौर्यहरूले शासन गरेका थिए। नेपालले त्यसबेला यी सबै राजवंशसंग राम्रो सम्बन्ध कायम गरेको थियो । कौटिल्यले उल्लेख गरेअनुसार नेपालको व्यापार मगधमा निकै चलेको थियो । नेपालमा बनेका विभिन्न कम्बलहरू मगधको बजारमा निकै खपत हुन्थे । ऊनको व्यापारमा पनि नेपाल त्यसबेला निकै प्रख्यात थियो । सम्राट अशोकको पालामा उनका मान्छेहरू आफ्नो धर्मप्रचार गर्न काठमाडौं आएका थिए । काठमाडौंमा आएर यिनीहरूले बौद्ध स्तूपहरू पनि बनाएका थिए । स्ययं सम्राट अशोकले पनि नेपालको लुम्बिनीसम्म आएर स्तम्भ राख्ने तथा अभिलेख अंकित गर्ने काम गरेका थिए ।

मौर्यपछि कुषाणहरूले मगधमा शासन गरेका थिए । यी कुषाणहरूको समयमा पनि मगधसँग नेपालको राम्रै सम्बन्ध कायम भएको बुझिन्छ । नेपालको काठमाडौं उपत्यकामा कुषाण मुद्रा तथा प्राचीन आहत मुद्रा (Punch marked coins) प्रशस्त प्राप्त भएको हुदा यी दुवै मुलुकहरू बीच व्यापारिक र सांस्कृतिकसम्बन्ध निरन्तररूपमा कायमै रहेको स्पष्ट हुन्छ ।

लिच्छविकालमा आइपुग्दा नेपाल-भारतबीचको सम्बन्धमा अनेक आयामहरू देखिए । लिच्छवि शासनको आरम्भमा भारतमा विशाल गुप्त साम्राज्य थियो । गुप्त शासक चन्द्रगुप्त प्रथमले आफ्ना मुद्रामा 'लिच्छवय' शब्द अंकित गराएका छन् । यिनले लिच्छवि खलककी राजकुमारी कुमारदेवीसंग विवाह गरेका थिए । त्यसैले समुद्रगुप्तले आफूलाई 'लिच्छविदौहित्र' अर्थात लिच्छविखलकका भानिज भनेर सम्वोधन पनि गराएका छन् ।

समुद्र गुप्तको समयमा भारतको नेपालसँग कस्तो प्रकारको सम्बन्ध थियो भन्ने सम्बन्धमा निकै विवाद पाइन्छ । विशेष गरेर उनको प्रयाग प्रशस्तिमा उल्लेख भएको प्रसङ्गबाट विवाद उब्जेको हो । प्रयाग प्रशस्तिमा "समतट, कामरूप, नेपाल कर्तृपुर आदि सिमानाका राजाहरूले सबै किसिमको कर तिरेर, हुकुममा तामेल रहेर, सलामीमा हाजिर रहेर समुद्र गुप्तको कडा स्थिति बन्देजको पालना गर्दछन्" भन्ने उल्लेख परेको छ । यसलाई आधार मानेर एकथरी विद्वान्हरू नेपालमा गुप्तहरूको अधीन भएको वर्णन गर्दछन् तर नेपालमा पाइने कुनै पनि स्रोतहरूले नेपालमा गुप्त साम्राज्यको आधिपत्य भएको संकेत समेत दिएका छैनन् । यति भएतापनि समुद्रगुप्तको विजय अभियानबाट आफूलाई सुरक्षित राख्न नेपालले कर तिर्न स्वीकार गरेको तथ्य भने अनुमान गर्न सकिन्छ । समुद्र गुप्तको मृत्युपछि नै यो गुप्त प्रभावबाट नेपाल अलग हुन थालेको हुन सक्तछ । धनवज्र वज्राचार्यले गुप्त आधिपत्यबाट नेपाललाई मुक्त गराउने श्रेय बृषदेवलाई दिनुभएको छ । जे होस्, भारतमा गुप्त साम्राज्य पतनोन्मुख भएपछि नै नेपालमा लिच्छविहरूको शक्ति बढ्दै गएको तथ्यभने सबै पक्षबाट स्वीकार्य कथन हो ।

अंशुवर्माको समयमा नेपाल-भारत व्यापार सम्बन्धमा नयाँ सुधार भयो । फलाम, तामाका भाँडावर्तनहरू, ऊन, कस्तुरी, मृगको छाला आदि वस्तुहरू प्राचीन समयदेखि नै भारतको बजारमा खूब बिक्री हुन्थे । यी सामानबाहेक अरू सामानको निकासीमा विशेष सहुलियत दिएर अंशुवर्माले बढी से बढी नेपाली सामान भारततर्फ पठाउने नीति बनाएका थिए । यी अंशुवर्माले भारतका हर्षवर्धनका विरोधी मौखरी खलकका शूरसेनलाई नेपालमा आश्रय दिई तिनलाई आफ्नो ज्वाई पनि बनाएका थिए । पछि शिवदेव द्वितीयले भारतको मौखरी वंशका राजा योगवर्माकी छोरी वत्सदेवीसँग विवाह गरेका थिए भने जयदेव द्वितीयको विवाह पनि भारतकै भगदत्त राजकुलका राजा हर्षदेवकी छोरी राज्यमतीसंग भएको थियो । यी राजा हर्षदेव आसामका राजा भएको मानिन्छ । यसरी वैवाहिक सम्बन्धको कारणले पनि नेपालको भारतका विभिन्न राज्यहरूसंग राम्रो सम्पर्क रहेको बुझिन्छ ।

नेपाल र भारत धार्मिक, सामाजिक र सांस्कृतिक कारणले लगभग समान भएको कारणले पनि निकट सम्बन्ध रहेको थियो । नेपालीहरू भारतका विभिन्न भागमा तीर्थाटनका निमित्त तथा अध्ययनका निमित्त जाने-आउने गर्दथे । साथै भारतीयहरू व्यापारका निमित्त नेपाल आउने तथा नेपालको बाटो भई तिब्बत जाने गर्दथे । यी सबै कारणले पनि नेपाल भारत सम्बन्ध निकटरूपमा कायम थियो ।

# पूर्व-मध्यकाल

## नेपाल-संवत्

नेपालमा अहिलेसम्म प्राप्त ऐतिहासिक प्रमाणहरुमा शकसंवत्, मानदेव-संवत्, नेपाल-संवत्, विक्रम-संवत्, कलियुग संवत् लक्ष्मण-संवत् आदिको उल्लेख पाइन्छ । तीमध्ये मध्यकालीन नेपालमा 'नेपाल-संवत्' विशेष रुपले लोकप्रिय थियो । त्यस बेलाका सम्पूर्ण ऐतिहासिक प्रमाणहरुमा नेपाल-संवत्कै प्रयोग भएको पाइन्छ । उपत्यकामा मल्लहरुको शासन कायम हुन्जेल यो संवत् त्यस वेलाको राजकीय संवत् बनेको थियो । यो संवत् वि. सं. ९३६ कार्तिक शुक्ल प्रतिपदा, तदनुसार इ. सं. ८७९ अक्टोबर २० देखि चलेको हो । निकै पछाडि आएर यो 'नेपाल-संवत्" को नामबाट लोकप्रिय भएको हो । यो संवत्बाट विक्रम-संवत् बनाउनुपर्दा ९३६ या ९३७ जोड्ने गरिन्छ । नेपाल-संवत्मा कार्तिक शुक्ल प्रतिपदादेखि चैत्रमसान्तसम्मको तिथि भएमा ९३६ र बैशाख १ गतेदेखि कार्तिक कृष्ण पक्षको अन्तिम दिनसम्म ९३७ जोडनु पर्दछ ।

तर मध्यकालमा त्यति लामो इतिहास बोकेको 'नेपाल-संवत्' कुन परिस्थितिमा कसले चलायो भन्ने बारेमा निर्क्यौल गर्न सकिएको छैन । विभिन्न विद्धान्हरुले यसबारे बेग्ला-बेग्लै विचारहरु व्यक्त गरेका छन् ।

कर्कप्याट्रिकको विचारमा नेपाल-संवत्का प्रवर्तक नान्यदेव थिए । कर्णाटवंशी नान्यदेवले नेपाल-विजय गरेर आफ्नो शासन स्थापित गरी नेपाल-संवत् चलाएको हुन सक्ने अनुमान उनले गरेका छन् । यस्तै विचार अन्य केही विदेशी विद्धान्हरुको पनि देखिन्छ । तर यी विद्धान्हरुले भनेजस्तो नान्यदेवले नेपाल-संवत् चलाए भन्न ऐतिहासिक तथ्यहरुको आधारमा मिल्दैन । नेपाल-संवत् शुरु भएको वि. सं. ९३६ मा हो भने नान्यदेवले सिम्रौनगढमा राज्यस्थापना गरेको वि. सं. ११५४ तिर हो । यसबाट नेपाल-संवत् शुरु भएको २१८ वर्षपछि मात्र नान्यदेव सिम्रौनगढमा राजा भएको देखिन्छ । यस्तै, नान्यदेवले नेपाल उपत्यकामा विजय गरेको पनि स्वीकार गर्न सकिंदैन । नान्यदेवका सैन्यबाट वि.सं. ११६८ तिर नेपाल खाल्डोमा आक्रमण भएको थियो तर नेपालीहरूले नराम्रोसँग उनीहरूलाई हराईदिएका थिए । स्वयं नान्यदेव भने उपत्यकामा आएका थिएनन् । यसर्थ नेपाल-संवत्को उत्पत्तिमा नान्यदेवको कुनै पनि किसिमको सम्बन्ध देखिदैन ।

फ्रान्सिसी विद्धान् सिल्भाँ लेभीको विचारमा सातौं शताब्दीदेखि नेपाल तिब्बतको अधीनमा थियो र यो अधीनता नवौं शताब्दीको अन्ततिर शेष भएको हुनाले त्यही महान् घटनाको स्मृतिस्वरुप नेपाल-संवत् चलाइएको हो । लुसियानो पेटेक, रमेश चन्द्र मजुमदार तथा अन्य केही भारतीय इतिहासकारहरुले पनि नेपाल तिब्बतको अधीन भएको

कुरा स्वीकार गरेका छन् । तर नेपाललाई तिब्बतको अधीनमा थियो भन्नु हास्यास्पद तर्क हो, यद्यपि तिब्बतमा स्रङचङ गम्पोको उदय भएपछि तिब्बतले तुर्किस्तान, काशगरदेखि लिएर यूनानसम्म विजय गरेर विशाल राज्यको निर्माण गरेको थियो । लिच्छवि राजा नरेन्द्रदेवले पनि तिब्बतकै सहयोग लिएर आफ्नो पुर्ख्यौली राज्य फिर्ता लिन सकेका हुन् । यसरी सातौं शताब्दीमा नेपालको तिब्बतसँग निकै राम्रो सम्बन्ध कायम भएको थियो । तर तिब्बती प्रभुत्व चल्न दिने स्थितिमा भने नेपाल थिएन । नेपालमाथिको तिब्बती आधिपत्य विदेशी इतिहासकारहरुको कोरा कल्पना मात्र हो । ऐतिहासिक स्रोतबाट नै नरेन्द्रदेवका छोरा शिवदेव द्वितीयको पालामा वि. सं. ७६१-६२ तिर नेपाल-तिब्बत युद्धमा तिब्बती शासक मारिएको थाहा पाइन्छ । यसबाट त नेपालकै प्रभुत्व बढी देखिन्छ । अर्को यहाँका शासकहरुले लिएका राजकीय पदहरु कुनै सामन्त शासकले लिनेजस्ता नभएर स्वतन्त्र सार्वभौम-सत्तासम्पन्न शक्तिशाली शासकले लिनेजस्ता छन् । यसर्थ नेपालमाथि तिब्बती आधिपत्य थियो भन्ने तर्क स्वीकार गर्न सकिदैन । वास्तवमा त्यस बेलाको नेपालको इतिहास स्पष्ट नभएकोले पनि नेपालमा विदेशी प्रभुत्वको शङ्का गरिएको हो । तर हाल निकै सामग्रीहरु उपलब्ध भइरहेका छन्, जसबाट लिच्छविकालदेखिकै शासनक्रम चल्दै आएको देखिन्छ । यसर्थ नेपाल तिब्बतको अधीन भएको तथा यसैबाट स्वतन्त्र भएपछि नेपाल-संवत् चलेको भन्ने तर्क स्वीकारयोग्य छैन ।

कतिपय विद्वान्हरुले वंशावलीमा उल्लेख भएको कथाको आधारमा नेपाल-संवत् आनन्द मल्लको पालामा साख्वाल भन्ने व्यापारीले चलाएको मानेका छन् । "भक्तपुरमा आनन्द मल्ल र कान्तिपुरमा उनैका दाजु जयदेव मल्लको शासनकालमा भक्तपुरका एकजना ज्योतिषीले भतिखु र विष्णुमतीको दोभानको लखुतीर्थबाट शुभ मुहूर्तमा बालुवा झिके त्यो बालुवा सुन हुन्छ भनेर सुनाएपछि राजा आनन्द मल्लले केही मानिसहरुलाई बालुवा लिन पठाए । तर कान्तिपुरको व्यापारी साख्वालले भरियालाई पैसाको लोभ देखाई सो बालुवा आफूले किनी त्यसबाट बनेको सुनले कान्तिपुरका सम्पूर्ण प्रजालाई ऋणमुक्त तुल्यायो र नेपाल-संवत् चलायो ।" यस किसिमको कथाको उल्लेख वंशावलीहरुमा भएको पाइन्छ । साख्वालको कथासँग जोडिएका अरु पनि अनेक तर्कहरु पाइन्छन् । कसैले सख्वाललाई वामदेवको पालाका मानेको छ त कसैले हर्षदेवको समयमा । तर ऐतिहासिक स्रोतहरुमा साख्वालको उल्लेख कतै छैन । गोपाल-राजवंशावलीमा समेत साख्वालको उल्लेख छैन । अर्को आनन्द मल्लको उल्लेख नेपाल-संवत् शुरु भएको धेरै पछाडि मात्र आउँछ । त्यस्तै वामदेव, हर्षदेव आदिको उल्लेख पनि नेपाल-संवत् शुरु भएको २०० वर्षपछाडि मात्र पाउन सकिन्छ । अतः नेपाल-संवत्को उत्पत्तिबारे वंशावलीले दिएको वर्णनलाई स्वीकार गर्न सकिदैन ।

भारतीय इतिहासकार रमेशचन्द्र मजुमदारले 'शकसंवत् ८०१ पुगेपछि ८०० लाई छोडेर १ मात्र उल्लेख गरी संवत्को प्रयोग गर्न थालियो र यसैलाई पछि नेपाल-संवत् नाम दिइएको हो' भन्ने विचार व्यक्त गरेको पाइन्छ । यसरी मजुमदारले शकसंवत् नै निरन्तर चलिरहेको स्वीकार गरेका छन् । तर यो तर्क पनि स्वीकारयोग्य छैन । शकसंवत्को ८०० लाई छोड्नुपर्ने कुनै कारण देखिदैन । त्यसमा पनि यसलाई स्वीकार गर्दा १८ महीनाको फरक पर्न जान्छ ।

वंश-परिवर्तन भएर नेपाल-संवत् चलेको मान्ने चलन पनि विद्वान्हरुमा पाइन्छ। लिच्छविवंशलाई हटाएर ठकुरीवंशी राघवदेवले आफ्नो शासन-व्यवस्था कायम गरेपछि नेपाल-संवत् चलाए भन्ने विचार प्रचलित भएको पाइन्छ। तर दुई कुराहरुले गर्दा वंश-परिवर्तन र नेपाल-संवत्को सम्बन्ध स्थापित गर्न सकिदैन । सर्वप्रथम त नेपाल- संवत् शुरु हुनुभन्दा केही वर्षअगाडिदेखि नै राघवदेव राजा भएको प्रमाणहरु पाइएका छन् । अर्को राजवंशको परिवर्तन भएको सङ्केत पनि देखिदैन । तत्कालिक स्रोतहरुको अतिरिक्त गोपाल-राजवंशावली पनि यस सम्बन्धमा मौन छ। आश्चर्यको कुरा के छ भने जब-जब राज-परिवर्तन हुन्छ, तब-तब त्यस परिवर्तनको सङ्केत गोपाल-राजवंशावलीमा पाइन्छ। गोपाल, महिषपाल राजाहरुको हातबाट शासनाधिकार किरात राजाहरुको हातमा जाँदा त्यसको चर्चा गोपाल-राजवंशावलीमा गरिएको छ। किरात राजाहरूलाई जिती लिच्छविहरूले शासन गरेको स्पष्ट उल्लेख वंशावलीकारले गरेका छन् । कहाँसम्म भने बीचमा लिच्छविहरुबाट आभीर गुप्तहरुको हातमा शक्ति जाँदा पनि यसको सङ्केत गोपाल-राजवंशावलीमा दिइएको छ। तर राघवदेवले राज्य स्थापना गरेको चर्चा भने गरेको छैन । राघवदेवभन्दा अगाडि मानदेव नाम गरेका राजा थिए । मानदेव र राघवदेवको बीचमा राज-परिवर्तनको कुनै सङ्केत उक्त वंशावलीमा दिइएको छैन । यसर्थ राजवंशमा परिवर्तन भएपछि यो संवत् प्रचलित भएको हुनुपर्दछ भन्ने अनुमान प्राप्त सामग्रीहरु केलाई हेर्दा मिल्दो देखिन आउँदैन ।

यसरी उपर्युक्त विभिन्न तर्क भएपनि नेपाल-संवत्को शुरुआत राघवदेवको समयमा भएको भन्ने अधिकांश विद्वान्हरुबाट स्वीकार गरिएको छ। पाइएका स्रोतबाट पनि यसको पुष्टि हुन सक्छ । नेपाल-संवत् शुरु हुनुभन्दा ३ वर्षअगाडि लेखिएको सहोत्तरतन्त्रनामक ग्रन्थमा मानदेवनामक राजाको नाम छ। राघवदेव यिनै मानदेवका छोरा थिए। तीन वर्षपछि आफू राजा हुदाँ उनैले यो संवत चलाएको बुझिन्छ। राघवदेवले संवत् चलाए भनी विभिन्न वंशावलीले पनि लेखेका छन् । कर्कप्याट्रिकको वंशावलीमा राघवदेवले ताम्बुल-संवत् चलाए भनिएको छ।

राघवदेवले किन नेपाल-संवत् चलाउनुपर्‍यो भन्ने विषयमा पनि केही विचार पाइन्छन् । डा. डिल्लीरमण रेग्मीले 'त्यसवेला ठूलो महामारी फैलेको र त्यसबाट मुक्ति पाउन पशुपतिमा पूजा यज्ञादि गरिएपछि सो महामारी रोकिएको हुँदा त्यसै दिनको सम्झनामा नेपाल-संवत् चलेको हुन सक्ने' अडकल गर्नुभएको छ।[१] नेपाल-सम्वत्को नयाँ वर्षको दिन गरिने 'म्हपूजा'लाई आधार मानेर उहाँले यो तर्क निकाल्नुभएको देखिन्छ। यस सम्बन्धमा इतिहासकार धनवज्र बज्राचार्यले पशुपतिमा विभिन्न रूपले सम्मान व्यक्त गर्ने प्राचीन परम्पराअनुसार नै राघवदेवले पनि पशुपतिको सम्मानमा यो नेपाल-संवत् चलाएको मान्नुभएको छ।[२] लुसियानो पेटेकले प्रकाशित गरेको एक संक्षिप्त गोपाल-राजवंशावलीमा पनि 'राघवदेवले पशुपतिनाथलाई लक्ष्य गरेर संवत् चलाए' भन्ने उल्लेख भएको छ।

---

१ डी.आर रेग्मी – मेडिएभल नेपाल भोलूम १, पृ. ५६ ।

२ धनबज्र बज्राचार्य – 'मध्यकालका शुरूका केही अभिलेख' कन्ट्रिब्यूशन्स टु नेपालीज स्टडीज भोलम ५, नं. १, पृ. १०५ ।

यसरी नेपाल संवत्को विषयमा अनेक तर्कहरू देखिन्छन् । अधिकांश स्रोतहरूबाट यो संवत् राघवदेवको पालामा चलेको देखिन्छ तापनि किन राघवदेवले यो संवत् चलाएका हुन् तथा किन कार्तिक शुक्ल प्रतिपदाकै दिन यो संवत् चलाउनुपरेको हो आदि यस्ता प्रश्नहरू छन् जसको उत्तर खोज्न बाँकी नै छ ।

## गुणकामदेव

पूर्व-मध्यकालका एक प्रसिद्ध शासक गुणकादेव थिए । यिनी वि.सं. १०४० भन्दा केही अगाडिदेखि शासनमा सक्रिय भएको बुझिन्छ । पाटन घाँय्ब्वुको ने.सं. १०७ (वि.सं. १०४३) को अभिलेखमा गुणकामदेवले शासन गरिरहेको उल्लेख परेको छ । यी राजाबारे गोपाल-राजवंशावली तथा अन्य भाषा-वंशावलीहरूले समेत निकै महत्त्व दिएर उल्लेख गरेका छन् ।

गोपाल-राजवंशावलीमा उल्लेख भएअनुसार यी राजाले पशुपतिलाई एघार वटा कोष चढाएको, पशुपतिमै रहेको ईशानेश्वर-मन्दिरमा तामाको छाना हालेको, सुनधाराको निर्माण गरेका तथा कोटिहोम समेत गरेको कुरा जान्न सकिन्छ ।

गुणकामदेवले कान्तिपुर शहरको निर्माण गरेको चर्चा भाषा-वंशावलीहरूले गरेका छन् । सम्भवतः यिनले काष्ठमण्डप बनाएको र त्यसपछि कान्तिपुर शहरको रूपमा विकसित भएको देखिन्छ । नेपाली शैलीमा बनेको यो विशाल काष्ठमण्डमकै नामबाट पछि शहरको नाम नै काष्ठमण्डपपुरी हुँदै काठमाडौं रहन गएको हो ।

## शिवदेव (सिंहदेव)

पूर्व-मध्यकालको काठमाडौं उपत्यकाको इतिहास त्यति प्रष्ट छैन । त्यस बेलाको अवस्थाबारे जानकारी दिने स्रोतहरू ज्यादै कम छन् । प्राप्त सोतहरूको आधारमा हेर्दा शिवदेवनामक एक शक्तिशाली शासकले पूर्व-मध्यकालमा शासन गरेको बुझिएको छ । राजा शिवदेव विभिन्न दृष्टिकोणले महत्त्वपूर्ण देखिएका छन् ।

शिवदेव शङ्करदेवका छोरा थिए । यिनको जन्म वि.सं. ११११४ असारमा भएको थियो र ५२ वर्षको उमेरमा वि.सं. ११५६ मा उनी राजगद्दीमा बसेका थिए । तात्कालिक विभिन्न स्रोतहरूले शिवदेवलाई "कामरूपी भैरव अवतार", "राजाधिराज परमेश्वर" आदि पदहरूले सम्बोधन गरेको छ ।

तात्कालिक स्रोतहरुमा ठाउँ-ठाउँमा शिवदेवलाई सिंहदेव पनि भनिएको छ । यसैको आधारमा कतिपय इतिहासकारहरूले शिवदेव र सिंहदेवलाई अलग-अलग व्यक्ति पनि मानेका छन् । तर प्राप्त स्रोतहरुको अध्ययन गर्दा राजा शिंवदेवकै अर्को नाम शिंहदेव भएको बुझिएको छ ।

**आर्थिक विकास-** शिवदेवले विभिन्न महत्वपुर्ण कार्यहरु गरेका थिए । ती सबैमा शिवदेवको मुख्य देन आर्थिक विकास नै हो भन्ने बुझिएको छ । कृषि-विकासको निम्ति कीर्तिपुरनजीक बल्खु खोलामा बाँध बाँध्ने कार्यका साथै शिवदेवले विभिन्न प्रकारका मुद्राहरुको प्रसारण गरेका थिए । द्रम्म, शिवका, द्रम्मशिवका आदि विभिन्न

प्रकारका मुद्राहरु उनले चलाएका थिए । द्रम्म मुद्रा चाँदीको र शिवका भने सुनको भएको बुझिएको छ । राजा शिवदेवले पशुपतिमा सुनको छाना हालेको तथा त्यसवेला भएका अन्य निर्माण-कार्यहरुलाई हेर्दा शिवदेवको समयमा भएको आर्थिक विकासलाई बुझ्न सकिन्छ ।

**निर्माण-कार्यहरू-** शिवदेवको समयमा विभिन्न महत्वपूर्ण निर्माण-कार्यहरु पनि भएका छन् । वर्तमान कीर्तिपुर शहरको निर्माण शिवदेवले नै गरेका हुन् । उनले व्यवस्थित शहर बसाएर चारैतिर पर्खाल र जङ्गलले घेरेको तथा भित्रपट्टि विभिन्न देवस्थलहरु बनाएको बुझिन्छ । शिवदेवको कीर्ति फैलाउने कृति भएको हुनाले नै यस शहरको नामाकरण कीर्तिपुर भएको हो भन्ने वर्णन वंशावलीहरूमा भएको छ । सोभन्दा पहिले कीर्तिपुर क्षेत्रलाई गुँदे भनिन्थ्यो ।

कीर्तिपुर शहरको निर्माणको अतिरिक्त शिवदेवले चाँगुनाराणको जीर्णोद्धार गर्न, पशुपतिमा सुनको छाना हाल्न तथा ठाउँ-ठाउँममा ढुङ्गेधारा, कुवा, पोखरीहरु समेत बनाउन लगाएका थिए । यिनले ५ चोक भएको चारतले राजदरबार राम्ररी जग हालेर बनाएको कुराको उल्लेख गोपाल-राजवंशावलीमा भएको छ ।

**धार्मिक विकास-** शिवदेव मूल रुपमा शिवका उपासक देखिन्छन् । पशुपतिमा सुनको छाना हाल्ने, चाँदीको कमल चढाउने, आफनो मुद्राको नाम नै शिवका राख्ने र त्यसमा महादेवको आकृति कुदाउने तथा शङ्कराचार्यलाई बोलाएर आफना छोराहरुलाई दीक्षा दिलाउने कार्यहरु उनले गरेका छन् । शङ्कराचार्यको नेपाल अगमनबारे वि. सं. ११९९ को राष्ट्रिय सङ्ग्रालयमा रहेको शिलालेखमा बिस्तृत उल्लेख भएको छ । यसर्थ शङ्कराचार्य नेपाल आए आएनन् वा कुन समयमा आए भन्ने बिवादको टुङ्गो लागेको छ । त्यसबेला नेपाल आएका शङ्कराचार्य आद्य शङ्कराचार्य नभएर आमर्दक मठ- परम्पराका रहेछन् । उनले नेपालमा आएर विभिन्न भक्तहरुलाई दीक्षा दिए । राजा शिवदेवका छोराहरुलाई पनि उनले दीक्षा दिएका थिए । यसरी प्राप्त भएको आम्दानीले उनले नेपालमा पशुपति-मन्दिरको जीर्णोद्धार गरेका तथा काशीमा समेत दुइटा मन्दिर बनाएका थिए । यिनै शङ्कराचार्यको प्रभावको कारणले पशुपतिनाथको पूजा-आजामा तान्त्रिक पद्धतिले त्यसबेलादेखि प्रश्रय पाउन थालेको थियो ।

यसरी राजा शिवदेवको समयमा शैव सम्प्रदायप्रति पनि समान आस्था थियो । चाँगुनारायण-मन्दिरको जीर्णोद्धार गर्ने तथा आफूलाई 'परमसौगत' (बुद्धका ठूला उपासक) उल्लेख गराउनेजस्ता कार्यहरु गरेर शिवदेवले सबै धर्मलाई समान रुपले आदर गर्ने प्राचीन परम्परा कायमै गरेको देखिन्छ ।

राजा शिवदेव वास्तवमा नै प्रभावशाली व्यक्ति थिए । खण्डित हुन लागेको नेपाल अधिराज्य उनको समयसम्म पश्चिम गण्डकी प्रदेशसम्म फैलेको बुझिन्छ । गण्डकी-प्रदेशको मंग्वर-विषय (मगरहरुका क्षेत्र) मा राखिएको वि. सं. ११५७ को ताम्रपत्रबाट उक्त कुरा स्पष्ट हुन्छ । शिवदेव राजा हुनुभन्दा ठीक २ वर्ष अगाडि नान्यदेव सिम्रौनगढमा राज्यस्थापना गरेर आफ्नो राज्यको विस्तार गर्ने ताकमा लागेका थिए । शिवदेवकै समयममा वि. सं. ११६८ मा नान्यदेवका सेनाहरूले काठमाडौंमा आक्रमण पनि गरेका थिए तर शिवदेवका सेनाहरूले नराम्रोसँग उनीहरूलाई हराई दिएका थिए ।

यसरी विभिन्न क्षेत्रमा उन्नति गर्दै शिवदेवले २७ वर्षजति नेपालको शासन गरे । उनको मृत्यु भने ६९ वर्षको उमेरमा वि.सं. ११८३ मा भएको थियो ।

## आनन्ददेव

शिवदेवपछि क्रमशः इन्द्रदेव, मानदेव र नरेन्द्रदेव राजा भए । त्यसपछि आनन्ददेव राजा भए । पाइएका प्रमाणहरुको आधारमा हेर्दा आनन्ददेव वि. सं. १२०३ मा राजगद्दीमा बसेका थिए । यिनी राजा हुँदा ४७ वर्षका परिपक्व भइसकेका थिए ।

यी राजाले प्रजालाई नष्ट हुनबाट बचाए र समस्त नेपाल-मण्डलको रक्षा गरे भनेर गोपाल-राजवंशावलीमा उल्लेख भएको छ । यिनले भक्तपुरमा त्रिपुरदरबार बनाई राजधानीको रुप दिएको, भुमिव्यवस्था अर्थात् घर-खेत किनबेच गर्न पाइने व्यवस्था लागू गरेको एवं चोरहरुलाई सखाप पारेको कुरा गोपाल-राजवंशावलीबाटै जान्न सकिन्छ । पछि यी राजाले सात गाउँको पनि विकास गरेको बुझिन्छ । सात गाउँ भन्नाले धुलिखेल, चौकोट, पनौती, खड्पु, बनेपा, नाला र साङ्गा बुझिन्छ ।

आनन्ददेवको राज्य काठमाडौं उपत्यकामा मात्र सीमित नरहेर गण्डकी प्रदेशसम्म यिनको प्रभुत्व कायमै रहेको कुरा 'पन्नग-बिषय' मा कुँदिएको एक अभिलेखबाट जान्न सकिन्छ । सो अभिलेखमा यी राजालाई 'राजाधिराज परमेश्वर भट्टारक' तथा 'नेपालाधिपति' जस्ता विभूषणले सम्बोधन गरिएको छ । यस वेलासम्ममा पश्चिम कर्नाली-प्रदेशमा खसमल्ल-राज्य स्थापित भएर राज्यविस्तारको क्रम शुरु भइसकोको थियो तापनि गण्डकी-प्रदेशमा यस वेलासम्म केन्द्रको प्रभाव नछुटेको यसबाट थाहा हुन्छ ।

वि.सं. १२१० को भक्तपुर तिलमाधव-मन्दिरअगाडिको गरुडमूर्तिको लेखमा आनन्ददेवलाई "सारा दूनियाँको मन जितेका, शत्रुहरुलाई सखाप पार्ने, चन्द्रमा जस्तै निर्मल, आफ्ना गुणहरुले गर्दा संसारमा प्रख्यात भएका, सुर्यवंशका बत्ती भएका" भनेर सम्बोधन गरिएको छ ।

यिनको शासनकाल वि. सं. १२२३ सम्म कायम रहेको बुझिन्छ ।

# सिम्रौनगढको कर्णाटक राज्य

सिम्रौनगढ नारायणी अञ्चलको बारा जिल्लाभित्र पर्दछ । यसको प्राचीन नाम सिमरा-वनगढ थियो । त्यसवेला ठूला बस्ती भएका सबै क्षेत्रहरु सुरक्षाको हिसाबले गढ (किल्ला) को रुपमा परिणत गरिएका हुन्थे । यस्ता किल्लाहरु जङ्गलको बीचमा समेत बनेका हुन्थे । वनभित्र बनेको गढलाई 'वनगढ' वा 'वनदुर्ग' भनिन्थ्यो । जुन ठाउँको वनमा सो गढ बनेको हुन्थ्यो त्यही नाम विशेष प्रचलित हुन्थ्यो । सिमराको वनमा रहेको गढरुपको बस्ती भएकोले नै 'सिमरा-वनगढ' भनिएको हो । यही शब्द पछि अपभ्रंश भई सिम्रौनगढ भएको हो । सिम्रौनगढ वरपरको सम्पूर्ण क्षेत्र भने त्यसबेला तिरहुतको नामले प्रसिद्ध थियो । काठमाडौं उपत्यकाका तत्कालिक प्रमाणहरुमा भने यो क्षेत्रलाई 'डोयराज्य' भनिएको पाइन्छ । डोय भन्नाले तल्लो जात बुझिन्छ । त्यस क्षेत्रमा तल्लो जात डोयको बसोबास बहुसङ्ख्यक रुपमा हुनाले उपत्यकाका प्रमाणहरुले सो क्षेत्रलाई होच्याएर नै 'डोयराज्य' भनेर सम्बोधन गरेका हुन् । जे होस् , बाहौं शताब्दीदेखि यो क्षेत्रको उल्लेख विशेष मात्रामा भएको पाइन्छ । तल यस राज्यमा शासन गर्ने प्रमुख शासकहरुको परिचय दिइएको छ ।

## नान्यदेव

तिरहुतमा स्थापित कर्णाटक राज्यको स्थापना वि. सं. ११५४ तिर नान्यदेवले गरेका थिए । यी नान्यदेव दक्षिणी भारतको कर्णाटक्षेत्रका निवासी थिए । यिनी दक्षिणी भारतमा चालुक्य शासकका सेनापति थिए । चालुक्यहरुले उत्तरी भारततर्फ विजय अभियान चलाउँदा नान्यदेव यसतर्फ आएका थिए । पछि यिनी आफैले सिम्रौनगढलाई केन्द्र बनाई यस क्षेत्रमा राज्य-स्थापना गरेको बुझिन्छ । त्यसैले यी नान्यदेवलाई सेनापति पनि भन्ने गरिएको थियो ।

नान्यदेवको उल्लेख नेपालुका विभिन्न वंशावलीहरुले गरेका छन् । विभिन्न इतिहासकारहरुले "सिम्रौनगढका संस्थापक नान्यदेवले नेपाल उपत्यकामा आक्रमण गरेर विजय गरी भक्तपुरलाई राजधानी बनाएर आफ्नो शासन कायम गरे र उनीपछि उनैका सन्तानहरुको शासन-व्यवस्था नेपालमा कायम भयो" भन्ने खालका कुराहरु लेखेका छन् । डेनियल राइटले नान्यदेवले नेपालमा राज्य-स्थापना गरेर शकसंवत् चलाएको उल्लेख गरेका छन् भने कर्कप्याट्रिकले नान्यदेवले नेपाल-संवत् चलाएको मानेका छन् । नेपालमा एक-दुई सय वर्षअगाडि नेपालीभाषामा लेखिएका विभिन्न वंशावलीहरुमा नान्यदेवले आक्रमण गरेको चर्चा गरिएको छ । यसैलाई आधार बनाएर विद्वान्हरुले नान्यदेवको आक्रमण-सम्बन्धी आफ्नो सिद्धान्तको प्रतिपादन गरेको देखिन्छ । तर पछिल्लो कालका मल्ल राजाहरु सिद्धिनरसिंह मल्ल, प्रताप मल्ल र जगज्ज्योति मल्लले पनि आफूलाई

कर्णाटवंशी नान्ययदेवका सन्तान मानेका छन् । प्रताप मल्लले वि. सं. १७०५ को हनुमानढोका दरबारअगाडिको कृष्णमन्दिरको अभिलेखमा तथा जगज्ज्योति मल्लले वि. सं. १६८५ मा लेखिएको 'मुदितकुवलयाश्व' नामक नाटकमा रामचन्दको सूर्यवंशमा नान्यदेव राजा भए भनी उनीदेखि आफ्नो वंशक्रम आरम्भ गरेका छन् । यसबाट हेर्दा पनि तिरहुतेहरुले नेपालमा विजय गरेर शासन गरे कि भन्ने देखिन आउँछ । तर वास्तविक कुरो भने अर्कै थियो ।

वास्तवमा नान्यदेवले सिम्रौनगढमा राज्य-स्थापना गरेदेखि नै तिरहुतेहरुले नेपाल उपत्यकातिर पनि आँखा लाउन भने थालेका थिए । त्यसैले त्यताबाट बारम्बार काठमाडौं उपत्यकामा आक्रमण गरेका प्रमाणहरु पाइएका छन् । स्थिति मल्लको पालामा लेखिएको गोपाल-राजवंशावलीअनुसार वि.सं. ११६८ मा, वि. सं. १३०१ मा, वि.सं. १३०२ मा, वि.सं. १३५६ मा र वि.सं. १३६७ मा अनेकपल्ट तिरहुतबाट नेपालखाल्डोमा आक्रमण भएको बुझिन्छ । यी आक्रमणहरुमध्ये नान्यदेवको समयमा वि. सं. ११६८ मा एकपटक मात्र डोयहरुले उपत्यकामा आक्रमण गरेका थिए । तर यस युद्धमा पनि डोयहरुको विजय भने भएको थिएन । गोपाल-राजवंशावलीमा सो घटनाको वर्णन गर्दा 'श्री श्री नरमल्लदेवले डोयहरुलाई खड्गले काटे' भनिएको छ । यस भनाइबाट नान्यदेवका सेनाहरु नेपालीहरुबाट पराजित भएर फर्केको बुझिन्छ, तर स्वयं नान्यदेव भने उपत्यकामा आएका थिएनन् ।

यसर्थ नान्यदेवले आक्रमण गरेर उपत्यकामा आफ्नो वंशको शासन-व्यवस्था कायम गरे भन्न ऐतिहासिक तथ्यको आधारमा अमिल्दो देखिन्छ । नेपाल-संवत् शुरू भएको २१८ वर्षपछि देखा परेका नान्यदेवलाई नेपालमा आक्रमण गरेर नेपाल-संवत् चलाए भन्नु त हास्यास्पद कुरो देखिन्छ । त्यस्तै, नान्यदेवले भक्तपुरलाई राजधानी बनाएर शकसंवत् चलाए भन्नु त झन् हास्यास्पद तर्क देखिन्छ । नेपालको प्राचीन अभिलेखमा नै शकसंवत्को प्रयोग गरिएको छ । उपत्यकाका मल्ल राजाहरुले आफूलाई कर्णाटवंशी मान्नुको भने विशेष कारण छ । जयस्थिति मल्लले विवाह गरेकी रानी कर्णाटवंशी हरिसिंहदेवकी नातिनी थिइन् । त्यसैले पछिल्लो युगमा मल्ल राजाहरुले आफ्नो वंशगौरव गाउन मावलीपट्टि भए पनि कर्णाटवंशी भएकाले यस किसिमको उल्लेख गरेका हुन् । यसर्थ यसैको आधारमा मात्र नान्यदेवले नेपालमा विजय गरी राज्य चलाए भन्न मिल्दैन ।

नान्यदेवपछि क्रमशः गाङ्गदेव, नरसिंहदेव, रामसिंहदेव, शक्तिसिंहदेव, भूपालसिंहदेव र हरिसिंहदेव आदि शासकहरुले सिम्रौनगढ राज्यमा शासन गरे । नान्यदेवको पालामा भएको आक्रमणको ११३ वर्षपछाडि वि.सं. १३०१ मा नान्यदेवकै पनाति रामसिंहले उपत्यकामा आक्रमण गरेको कुरा गोपालराजवंशावलीमा परेको छ । यसवेला भने स्वयं राजा रामसिंह लड्न आएका थिए । तर यस युद्धमा पनि डोयहरु हारेर नै फर्केको कुरा गोपाल-राजवंशावलीको वर्णनबाट बुझिन्छ । यसको डेढ वर्षजति पछि वि.सं. १३०२ को मार्गतिर फेरि डोयहरुले नेपाल उपत्यकामा आक्रमण गरेका थिए । यसपल्टको युद्ध गोकर्णभेकमा भएको थियो । त्यस युद्धमा पनि डोयहरुले नराम्रोसँग हार खानुपर्‍यो । धेरै मानिसहरु काटिएका थिए ।

# हरिसिंहदेव

हरिसिंहदेव कर्णाटवंशका अन्तिम शासक हुन् । यिनको शासनकालमा वि. सं. १३८१ मा दिल्लीका मुसलमान बादशाह गयासुद्दीन तुगलकले सिम्रौनगढमा आक्रमण गरेर सो राज्य ध्वस्त पारेका थिए ।

नान्यदेवका अतिरिक्त हरिसिंहदेवको उल्लेख पनि नेपालका वंशावलीहरुमा पाइन्छ.। नान्यदेव जस्तै हरिसिंहदेवले पनि उपत्यकामा आक्रमण गरेर राज्य गरेको चर्चा पाइन्छ । एकथरीको विचारमा नान्यदेवको आक्रमणपछि उनैका सन्तानले क्रमशः काठमाडौं उपत्यकामा शासन गरे भन्ने छ भने अर्को थरीको विचारमा नान्यदेवको आक्रमण तथा विजयलाई अस्वीकार गर्दै हरिसिंहदेवले मात्र उपत्यकामा आक्रमण गरेर विजय गरे भन्ने छ । वंशावलीमा नान्यदेवको क्रममा सातौं पुस्तामा हरिसिंदेवलाई देखाएर उनीपछिको छैटौं पुस्तामा जयस्थिति मल्ललाई देखाएको छ । यसरी जयस्थिति मल्लको सम्बन्ध सोझै हरिसिंहदेवसंग देखाएर नेपालमा हरिसिंहदेवको आक्रमण भएको उल्लेख गरिएको छ । कतिपय स्वदेशी तथा विदेशी विद्वान्हरुले नान्यदेवको आक्रमण नमानेर हरिसिंहदेवको विजय भने हुन सक्ने विचार व्यक्त गरेका छन् । प्रायः सबैको विचारमा 'हरिसिदेवले राज्य गरिरहेको वेलामा मुसलमानको आक्रमणबाट सिम्रौनगढ ध्वस्त भएपछि हरिसिंहदेव दलबलसहित भागी त्यहाँबाट नेपाल आई भादगाउँमा आनन्द मल्ललाई पराजित गरेर साथमा ल्याइएकी श्रीतुलजा भवानीलाई इष्ट-देवीको रुपमा स्थापना गरी राज्य चलाई बसे' भन्ने पाइन्छ । उपत्यकामा पछिल्लो कालमा मल्ल राजाहरु प्रताप मल्ल, जगज्ज्योति मल्ल आदिले समेत आफूलाई नान्यदेव- हरिसिंहदेवका वंशज मानेका हुँदा उपत्यकामा हरिसिहदेवको विजयको भ्रम विशेष मात्रामा फैलन गएको हो ।

वास्तवमा वि. सं. ११५४ मा नान्यदेवले सिम्रौनगढमा राज्य-स्थापना गरेपछि उनीहरुले उपत्यकामा आँखा गाड्न थालेका थिए र बारम्बार आक्रमण गरिरहन्थे भन्ने कुरामाथि नै परिसकेको छ । यी हरिसिंहदेवको पालामा पनि तिरहुतबाट नेपाल उपत्यकामा आक्रमण भएको थियो । हरिसिंहदेवको पालाका आक्रमणहरू अगाडि हुने गरेका आक्रमणभन्दा निकै डरलाग्दा थिए । यसको मूल कारण त उपत्यकाकै शासकवर्गको झगडा थियो । त्यसवेला नेपालमा विचित्र किसिमको शासन-परिपाटी चलेको थियो । वास्तवमा मध्यकालको पूर्वार्धदेखि हाम्रो यहाँ काका, भतिजा तथा दाजुभाइहरूको संयुक्त शासन (द्वैराज्य पद्धति) चलेको थियो । दुईजना, तीनजना, चारजना तथा पाँचजनासम्म पनि मिलेर शासन गर्ने गरेको देखिन्छ । यसरी शासन चलेको थियो तापनि प्रायः यिनीहरूमा अधिकार-विभाजन आदि भने भएको थिएन । कहिलेकाहीं यिनमा जो बाठा हुन्थे तिनी अरूलाई अँठचाई शासनाधिकार एकलौटी पार्ने चेष्टा पनि गर्दथे । यसबाट परस्परमा कहिलेकाहीं सङ्घर्ष पनि हुने गर्थ्यो । अभय मल्लको शासनकालपछि त दुई बेग्लाबेग्लै वंशका व्यक्तिहरू गद्दीमा बस्ने परम्परा शुरू भयो । यस पद्धतिअनुसार एक राजवंशका व्यक्ति गद्दीमा छन् भने अर्को राजवंशका व्यक्ति युवराज घोषित गरिन्थे । यस किसिमको प्रणालीले गर्दा नै गृहकलह उत्पन्न हुने तथा सङ्घर्ष चल्ने गर्दथ्यो । यसरी गृहकलह हुँदा एकपक्षले डोयहरूको सहायता लिन थाल्यो । वि.सं. १३६५ को डोयहरूको आक्रमण यस्तै शासकवर्गका एक पक्षको समर्थनमा भएको

थियो । अझ त्यसवेला त गद्दीनसीनराजा अनन्त मल्लले डोयहरूलाई बोलाएर ल्याएका थिए । यसरी स्वयं शासककै षडयन्त्रबाट डोयहरू यहाँ पसेका हुँदा उनीहरूलाई रोकटोक गर्ने कोही भएन । दण्डको रूपमा प्रजासँग पैसा उठाएर उनीहरू फर्के । यसको दश वर्षपछि वि.सं. १३६७ मा फेरि शासकवर्गका एक शक्तिशाली व्यक्ति जयशक्तिदेवद्वारा डोयहरू यहाँ बोलाइएका थिए । त्यसवेला हरिसिंहदेव सिम्रौनगढको राजगद्दीमा विराजमान थिए । यसपालिको डोयहरूको आगमन उपत्यकावासीहरूलाई निकै महँगो पर्‍यो । सो सेनाको नेतृत्व हरिसिंहदेवका मन्त्री चण्डेश्वरले गरेका थिए । एक वर्षभन्दा बढी समयसम्म डोयहरू यहाँ बसेर लड्न आउँदा लागेको खर्च दण्डको रूपमा प्रजासँग उठाउने, भाइभारदारहरूलाई थुन्ने, देवलहरूमा आगो लगाएर ध्वस्त पार्ने, देवस्व-हरण गर्ने जस्ता कार्यहरू गरेर राष्ट्रमा ठूलो पीर पारे । यसवेला पशुपतिनाथका एक्काइसै वटा ढुकुटी फोरेर डोयहले सबै सम्पत्ति लगेका थिए । पछि फर्कदा पनि बनेपादेखि तराईसम्मका बाटामा ठाउँ-ठाउँमा मानिसहरूलाई काट्तै हिंडेका थिए ।

वि.सं. १३७० वैशाखतिर फेरि डोयहरूले नेपाल उपत्यकामा आक्रमण गरे; तर सो आक्रमणमा भने रुद्र मल्लले उनीहरूलाई हराएर धपाइदिए । यसको एक वर्षपछाडि फेरि डोयहरू नेपाल पसेको बुझिन्छ । हरिसिंहदेवका मन्त्री चण्डेश्वरले "पशुपतिलाई आफै हातले छोएर पूजा गरेको तथा वि.सं. १३७१ मा वाग्मतीतीरमा तुलादानगरेको वर्णन गरेका छन् । पुजारीबाहेक कसैले पनि छुन नपाउने पशुपतिलाई चण्डेश्वरले आफ्नै हातले छोएर पूजा गरे भन्नु निकै महत्त्वपूर्ण कुरो हो ।

यसरी वेला-वेलामा हरिसिंहदेवको पालामा पनि डोयहरूले उपत्यकामा आक्रमण गरेको पाइन्छ । आक्रमण गर्न आउँदा केही समयम्म उनीहरूले यहाँ प्रभाव जमाए पनि स्थायी रूपमा यहाँ शासन गरेर बस्ने इच्छा भने उनीहरूले गरेका थिएनन् । त्यसैले हरिसिंहदेवले नेपाल उपत्यकामा विजय गरेर राज्यको स्थापना गरे भन्ने तर्क युक्तिसङ्गत देखिंदैन । अर्को, "हरिसिंहदेवको राज्यमा मुसलमानी आक्रमण भएपछि हरिसिंहदेव दलबलसहित त्यहाँबाट भागी नेपाल आई भादगाउँका आनन्द मल्ललाई पराजित गरी साथमा ल्याइएकी श्रीतुलजा भवानीलाई इष्ट देवी मानी स्थापना गराई राज्य चलाई बसे" भन्ने विचार निकै प्रचलित भएको पाइन्छ । अब यस सम्बन्धमा बुझ्नु आवश्यक हुन्छ ।

त्यसवेला उत्तरी भारतमा मुसलमानको दबदबा बढिरहेको थियो । वि.सं. १३८१ मा दिल्लीका बादशाह गयासुद्दीन तुगलक बङ्गालतर्फ विजय अभियान सञ्चालन गरेर फर्कदा तिरहुतको बाटोगरी फर्केका थिए । मुसलमान सेनालाई आफ्नो राज्य क्षेत्रमा आएको देखी दिल्लीको बादशाहले सिम्रौनगढमा आक्रमण गर्न लाग्यो भन्ने भ्रम हरिसिंहदेवलाई पर्न गयो । अनि यिनी पनि सारा प्रजा उठाई मुसलमानहरूसँग भिड्न गढबाहिर निस्के । दुवैको लडाइँ भयो । विशाल मुसलमानसेनाको अगाडि तिरहुतेहरूको केही लागेन । सिम्रौनगढ ध्वस्त भयो । हरिसिंहदेव सपरिवार दलबलसहित भागेर नेपालको पहाडतर्फ लागे । सुरक्षाको दृष्टिले त नेपाल उपत्यकामा पस्नु उनलाई हितकर थियो, तर योभन्दा १३ वर्षअगाडि (वि.सं. १३६७-६८ मा) गुहारको लागि उपत्यकामा पस्ता उनका सेनाहरूले देवस्वहरू लुट्ने, आगो लगाउने आदि कार्यहरू गरेर जुन उत्पात मच्चाएका थिए, त्यसले गर्दा हरिसिंहदेवले उपत्यकामा आफ्नो प्रतिष्ठा गुमाइसकेका थिए । फेरि उपत्यकामा अहिले

पहिलेको जस्तो राजनीतिक कमजोरी पनि थिएन । त्यसवेला रुद्र मल्लको नेतृत्वमा उपत्यकाको केन्द्रीय शासन केही मजबूत नै थियो । त्यसैले हरिरसिंहदेव सोझै नेपाल उपत्यकामा पस्न सकेनन् । केही कालसम्म यताउति लागेर पछि दोलखातिर जान लाग्दा तीन पाटन भन्ने ठाउँमा वि.सं. १३८२ माघमा उनको मृत्यु भयो । यिनकी रानी देवलदेवी, छोरा जगत्सिंह कुम्मार, मन्त्री चण्डेश्वर आदि सबै कैद परे । पछि रुद्र मल्लले देवलदेवी तथा जगत्सिंहलाई आफ्नै दरबारमा आश्रय दिएका थिए ।

यसरी हरिसिंहदेव नेपाल उपत्यकामा पस्न नपाउँदै बाटैमा मरेको हुँदा उनले नेपाल उपत्यकामा आक्रमण गरेर विजय गरी शासन-व्यवस्था कायम गरे भन्नु निराधार देखिन्छ । फेरि जयस्थिति मल्ललाई हरिसिंहदेवका छैटौं-सातौं पुस्ताका शासक मान्ने जुन परिपाटी वंशावलीकारहरूले बनाएका छन्, त्यो त झन् हास्यास्पद देखिन्छ । हरिसिंहदेवको मृत्यु भएको २९ वर्षपछि नै जयस्थिति मल्ल ८ वर्षकी कन्यासँग विवाह गर्न योग्य भइसकेका थिए । यसर्थ २९-३० वर्षको अवधिमा ६-७ पुस्ताको वर्णन गर्नु युक्तिसङ्गत देखिंदैन ।

लुसियानो पेटेकले भने हरिसिंहदेवको मृत्यु भएको ठाउँ टिपाट (तीन पाटन) लाई देउपाटन मानेर हरिसिंहदेवले उपत्यकामा शासन-स्थापना गरेको मानेका छन् । हरिसिंहदेव नेपाल आएको भन्ने वंशावलीको र पछिका मल्ल राजाहरूको वर्णनले समेत पेटेकलाई यस्तो अडकल गर्न बल मिल्यो । परन्तु टिपाट भनेको देउपाटन होइन तीन पाटन हो र यो स्थान सिन्धुली जिल्लामा कमला खोंचको माथि महाभारत-पर्वतको शृङ्खलाभित्र पर्दछ । यसर्थ हरिसिंहदेवले नेपाल उपत्यकामा शासन गरे भन्नु निरर्थक तर्क हो । उनी नेपालको पहाड पस्ता उपत्यकाको राजनीतिक परिपाटीमा कुनै अन्तर परेको थिएन ।

यति हुँदाहुँदै पनि सिद्धिनरसिंह मल्ल, प्रताप मल्ल आदि मल्ल राजाहरूले आफूलाई सोझै कर्णाटवंशी मान्नुपर्ने कारण के त भन्ने प्रश्न उठ्नु स्वाभाविकै हो । अब यस विषयमा बुझ्नुपर्ने हुन्छ ।

हरिसिंहदेवको मृत्यु भएताका नेपाल उपत्यकामा रुद्र मल्ल र अरि मल्लको संयुक्त शासन चलिरहको थियो । अरि मल्ल त नाम मात्रका शासक थिए । राज्यको बागडोर भने रूद्र मल्लको हातमा थियो । यिनै रुद्र मल्लले हरिसिंहदेवको मृत्युपछि उनकी रानी देवलदेवी र छोरा जगत्सिंहलाई आफ्नो दरबारमा शरण दिएका थिए । शरण पाउनेबित्तिकै देवलदेवीले आफ्नो साथमा ल्याइएकी 'तलेजुको कलश' दरबारमा स्थापित गरिन् । पछि नेपालका शासकहरू पनि तलेजुका उपासक बने । पछिसम्म पनि तलेजुलाई डोयमाजु भन्ने गरेको पाइन्छ । यसरी तिरहुतको सांस्कृतिक प्रभाव नै पहिलोपल्ट उपत्यकामा परेको देखिन्छ । पछि देवलदेवीका छोरा कुमार जगत्सिंहको विवाह मल्ल राजकुमारी नायकदेवीसँग सम्पन्न भयो र यस जोडीबाट राजल्लदेवीको जन्म भयो । यिनै राजुल्लदेवीसँग जयस्थिति मल्लको विवाह भएको हो । यसर्थ राजल्लदेवी हरिसिंहदेवकी नातिनी र जयस्थिति मल्ल नातिनी ज्वाइँ बन्न गए ।

यसर्थ जयस्थिति मल्लका सन्तानहरू पैतृक वंशक्रमबाट कर्णाटवंशी हुन सक्तैनन्, तर उनीहरूको मावली खलक भने कर्णाटवंशी थिए । नान्यदेव, हरिसिंहदेव आदि

कर्णाटवंशीहरूको त्यसवेला निकै ख्याति भएको हुँदा प्रताप मल्ल आदि मल्ल राजाहरूले आफूलाई मावलीपट्टिको साइनोबाट कर्णाटवंशी भन्ने गरेको देखिन्छ । आफूले दिएको वंशक्रममा पनि यी मल्ल राजाहरूले जयस्थिति मल्लको नामको उल्लेख गरेका छैनन् । 'नान्यदेवपछि क्रमशः अरू राजाको उल्लेख गर्दै हरिसिंहदेवसम्म ल्याएर यसैवंशमा यक्ष मल्ल हुनुभयो' भनेर उल्लेख गरेका छन् । जयस्थिति मल्लजस्ता व्यक्तिको नाम नदिनुको मुख्य कारण उनी कर्णाटवंशी थिएनन्, उनले त कर्णाटवंशी जगत्सिंहकी छोरीसँग विवाह गरेका थिए । उनी त कर्णाटवंशका ज्वाइँ पर्न गए । यसर्थ कर्णाटवंशको क्रममा जयस्थिति मल्ललाई राख्न मिलेन । जयस्थिति मल्लका छोराहरू भने मावलीपट्टिबाट कर्णाटवंशी देखिएका हुँदा 'मावलीपट्टिबाट भए पनि हामी कर्णाटवंशी हौं भन्ने भाव मल्ल राजाहरूले व्यक्त गर्न खोजको देखिन्छ ।

यसर्थ हरिसिंहदेवले नेपाल उपत्यकामा विजय गरेर राज्य गरेको नभए पनि उनका परिवारहरूबाट भने नेपालको राजनीतिक तथा सांस्कृतिक पक्षमा निकै परिवर्तन र सुधार हुन पुगेको थियो ।

## कर्णाटकहरूको देन

कर्णाटवंशी नान्यदेवले वि.सं. ११५४ मा सिम्रौनगढलाई केन्द्र बनाइ तिरहुत राज्यको स्थापना गरेपछि वि.सं. १३८१ मा दिल्लीमा मुसलमान शासक गयाशुद्दीन तुगलकले ध्वस्त नगरुञ्जेलको जम्मा २२७ वर्षसम्म जल्दोबल्दो अवस्थामा रह्यो । यो छोटो अवधिमा पनि कर्नाटकहरूले विविध क्षेत्रमा निकै उन्नति गरेका छन् । इतिहासमा उनीहरूको देनलाई मुख्य मुख्य रूपमा निम्न रूपमा देखाउन सकिन्छ ।

जुन समयमा नान्यदेवले तिरहुतमा राज्य स्थापना गरेका थिए सो समयमा नेपलको केन्द्रीय शासनमा कमजोरी आएको थियो भने भारतमा पनि आसपासका क्षेत्रहरूमा संगठित शासन व्यवस्था थिएन । त्यसैले कर्नाटकहरूले उत्तर भारतका धेरै क्षेत्रहरू तथा पूर्वी नेपालका समेत विभिन्न भागहरूलाई समेटेर राज्य स्थापना गरेका थिए । काठमाडौं उपत्यकामा समेत धेरै पटक यी कर्नाटकहरूले आक्रमण गरेका थिए ।

तिरहुत राज्य शैक्षिक दृष्टिकोणले निकै उन्नत भएको देखिन्छ । कर्नाटक वंशीहरूको समयमा ज्योतिष धर्मशास्त्र तथा राजनीतिशास्त्रका जति ग्रन्थहरू तयार भएका थिए यसले नेपाललाई एउटा नौलो शैक्षिक गतिविधि सृजना गर्न मद्दत गरे । यस राज्यमा भारतका ठूला ठूला विद्वान्हरूले आश्रय पाउनुका साथै शासन कार्यमा समेत विद्वान्हरूले भाग लिए । सो राज्यको मन्त्रीमण्डलमा विद्वान् ब्राह्मणहरूले पनि स्थान पाएका थिए । यस राज्यमा ठूला ठूला पुस्तकालय समेत स्थापना गरिएका थिए । काठमाडौंमा उपत्यकावासीहरूका निमित्त आवश्यक पर्ने कतिपय ग्रन्थहरू समेत यही तिरहुतमा तयार हुन्थे । नान्यदेवका छोरा गाङ्गदेवको शासनकाल वि.सं. १२११ मा नेपालवासी आनन्दका लागि गोपतिले तयार पारेको वाल्मिकी रामायण रामायणको सर्वप्राचीन प्रति मानिन्छ र काठमाडौंमा राष्ट्रिय अभिलेखालयमा सुरक्षित छ । तिरहुतका विद्वान्हरू चण्डेश्वर तथा विद्यापति जयदेवले तयार गरेका थुप्रै ग्रन्थहरू उपलब्ध भएका छन् । कर्नाटहरूको समयमा उत्तर भारतमा मुसलमानी आक्रमण र प्रभाव फैलदै गएको

हुँदा नालन्दा तथा विक्रमशीलाका वरिष्ठ विद्वान्हरू पनि त्यताबाट आई यही राज्यमा आश्रय पाएर बसेका थिए ।

हिन्दू संस्कृतिको विकास र विस्तारमा पनि कर्नाटक शासकहरूको ठूलो योगदान छ । वास्तवमासिम्रौनगढमा कर्नाटक राज्य यस्तो अवस्थामा स्थापना भएको थियो जुन समयमा उत्तर भारतमा मुसलमानी आक्रमणको कामले हिन्दूहरूको अस्तित्वको प्रश्न खडा हुन थालेको थियो । यस्तो अवस्थामा कतिपय हिन्दूहरू आफ्नो साथमा भएका धार्मिक ग्रन्थहरू लिएर कर्नाटक राज्यमा प्रवेश गरेका थिए । यहाँका शासकहरूले हिन्दू धर्म र हिन्दू जीवन शैलीमा नयाँ नयाँ थिति बसालेर हिन्दू संस्कृतिको विकास र विस्तारमा ठूलो योगदान दिए । यहाँ शिव, शक्ति, विष्णु जस्ता देवदेवीहरू निकै लोकप्रिय रहेको देखिन्छ । धार्मिक आचरण र रीतिरिवाजका सम्बन्धमा लेखिएका निकै कृतिहरू पनि पाइएका छन् । त्यतिबेला वर्णाश्रम धर्मलाई नै बढी मान्यता दिइएको थियो ।

तान्त्रिक प्रभाव पनि समाजमा निकै परेको देखिन्छ । तन्त्रकै प्रभावले गर्दा देवीका अनेक रूपहरूको पूजाआजा त्यहाँ हुन्थ्यो । काठमाडौं उपत्यकामा मध्यकालमा राजकीय देवीको रूपमा पुजिने तुलजा भवानी पनि कर्नाटकहरूकै देन हो । कर्नाट शासक हरिसिंहदेवकी रानी देवलदेवी शरणार्थीका रूपमा काठमाडौं आउँदा साथमा तुलजा भवानीको कलस लिएर आएकी थिइन । यसका अतिरिक्त काठमाडौं उपत्यकामा कर्नाट राज्यको विविध क्षेत्रमा प्रभाव परेको छ । जयस्थिति मल्लले काठमाडौं उपत्यकाको समाजमा गरेको सामाजिक सुधार वास्तवमा सोही क्षेत्रका पण्डितहरूको रायबाट नै हो ।

कला र वास्तुकलाको विकासमा पनि कर्नाटकहरूले ठूलो योगदान दिएका छन् । यद्यपि सो समयमा निर्माण भउका मन्दिर, दरबारहरू, भवनहरू सबै भत्किसकेका छन् अपितु तत्कालीन स्रोतहरूले गरेको वर्णन अनुसार हेर्दा त्यसबेला वास्तुकलामा तिरहुत शैली कै विकास भएको बुझिन्छ । हाल सिम्रौनगढ इलाका भित्र विभिन्न भग्नावशेष मूर्तिहरू तथा अन्य वस्तुहरू छन् । सूर्य, हर गौरी, विष्णुका विभिन्न मूर्तिहरू हाल पनि उपलब्ध छन् । हरिहरपुर, अमृतगञ्ज, हनुमानगञ्ज, महाराजगञ्ज आदि क्षेत्रहरूमा तत्कालीन मठमन्दिरका अवशेषहरू प्राप्त छन् । यस क्षेत्रमा भएका कंकालीमाई तथा रामचन्द्रको मन्दिरको दर्शनार्थ त हिजोआज पनि भारतका विभिन्न शहरहरू (मुज्जफरपुर, मोतिहारी, पटना, छपरा, कलकत्ता आदि स्थान) बाट दर्शनार्थी आउने गर्दछन् ।

मैथिली भाषा र साहित्यको विकासमा पनि कर्नाटक शासकहरूको योगदान रहेको छ । काठमाडौं उपत्यकामा समेत मैथिली भाषाले प्रभाव पारेको थियो । पछिल्लो मल्लकालमा काठमाडौंमा लेखिएका मैथिली भाषाका निकै ग्रन्थहरू पाइएका छन् ।

संगीतको विकासमा पनि कर्नाटकहरूको योगदान देखिन्छ । वीणा, तवला, राग र भावका विभिन्न स्वरूपहरू विकसित थिए र यहाँको संगीत टोली त्रिपुरा लगायत टाढाटाढासम्म बोलाउने गरेको बुझिन्छ ।

यसरी कर्नाटकहरूको समयमा तिरहुत राज्यले विविध क्षेत्रमा उन्नति गरेको देखिन्छ । यसको प्रत्यक्ष प्रभाव भने पछिल्लो मल्लकालमा काठमाडौं उपत्यकामा समेत परेको थियो ।

# कर्नाली-प्रदेशको खसमल्ल-राज्य

नेपालको इतिहासमा कर्नाली-प्रदेशको मल्लराज्यको महत्त्वपूर्ण स्थान छ । वर्तमान समयमा सबैभन्दा अविकसित तथा पिछडिएको मानिएको यो क्षेत्र पूर्व-मध्यकालमा निकै शक्तिशाली राज्यको रूपमा प्रसिद्ध थियो । काठमाडौं उपत्यकासँग टक्कर लिएर बसेको यस राज्यले विविध क्षेत्रमा निकै उन्नति गरेको थियो ।

तर कर्नाली-प्रदेशको मल्लराज्यबारे जानकारी दिने स्रोतहरू ज्यादै कम छन् । तिब्बती वंशावली, वि.सं. १४१४ को दुल्लु अभिलेख तथा गोपाल-राजवंशावली आदि स्रोतहरूबाट नै त्यस क्षेत्रको इतिहासबारे जानकारी प्राप्त गर्न सकिन्छ । यिनै स्रोतहरूको आधारमा यस राज्यको इतिहास र उपलब्धिहरूबारे तल संक्षिप्त परिचय दिइएको छ –

## संक्षिप्त राजनीतिक इतिहास

मध्य-एसियामा बस्ती आवाद भएपछि एक थरी खसहरू दक्षिण-पूर्व हिमाली पाखा हुँदै महाकाली नदी पार गरेर कर्नाली नदीको किनारमा गई राज्यको स्थापना गरेर बसेका थिए । सो क्षेत्रमा खसहरूकै प्राधान्यता भएको कारणले खसान नामबाट सो क्षेत्र प्रसिद्ध भएको थियो । कालान्तरमा यो खसान क्षेत्रका एकथरी खसहरूले मानसरोवरको खारीप्रदेश तथा तिब्बतको गुँगेप्रान्तसम्म कब्जा गरेर विशाल क्षेत्रमा आफ्नो प्रभुत्व कायम गरे । तर त्यस बेलाको शासन-व्यवस्था भने त्यति व्यवस्थित थिएन ।

**नागराज–** दशौं-एघारौं शताब्दीतिर विशाल नेपालराज्यको केन्द्रीय शासनमा कमजोरी देखा परेको थियो । यही अवस्थाको फाइदा उठाई दक्षिणी भेगमा कर्णाटकहरूले राज्यस्थापना गरेका थिए भने बाह्रौं शताब्दीको मध्यतिर खारीप्रदेशका नागराजले कर्नाली-प्रदेशमा झरेर विशाल राज्यको स्थापना गरे । यिनको राज्यभित्र जुम्ला, डोटी क्षेत्रको अतिरिक्त भोटको पश्चिमी प्रदेश गुँगे पनि पर्दथ्यो । यिनले राजधानी भने जुम्लाको सिंजा क्षेत्रलाई बनाएका थिए ।

नागराजपछि सो वंशमा चाप, चापिल, क्राशिचल्ल, क्राधिचल्ल आदि शासक भए, तर तिनीहरूबारे स्पष्ट केही जानकारी पाउन सकिएको छैन । क्राधिचल्लपछिका शासक क्राचल्ल भने केही शक्तिशाली देखिन्छन् ।

**क्राचल्ल–** नागराजपछिका अर्को शक्तिशाली शासक क्राचल्ल थिए । यिनी वि.सं. १२६४ मा राजगद्दीमा बसेका थिए । वि.सं. १२८० को कुमाउँ बालेश्वर मन्दिर अभिलेखअनुसार यी क्राचल्लले कुमाउँ-गढवाल जिती बालेश्वर महादेवको पूजा गरी दान दिएको वर्णन परेको छ । सोही अभिलेखमा उसलाई परमसौगत = बुद्धका ठूला उपासक भनिएको हुँदा उनको बौद्ध तथा शैव सम्प्रदायप्रति समान आस्था रहेको बुझिन्छ । सो

अभिलेख तयार पारिएको ठाउँ दुल्लु नजीकको शहर भएकोले त्यसैबेला दुल्लूमा पनि बस्तीको विकास भएको बुझिन्छ । त्यसैले पछि हुने राजाहरूले दुल्लुलाई शीतकालीन राजधानी बनाएका थिए ।

**अशोक चल्ल–** क्राचल्लपछि अशोक चल्ल सिंजाको मल्ल राजगद्दीमा बसे । यिनी पनि निकै प्रभावशाली थिए । पृथ्वीमल्लको दुल्लुको अभिलेखमा अशोक चल्ललाई 'टाढा-टाढासम्म उनको कीर्ति फैलेको थियो' भनेर वर्णन गरिएको छ । यी अशोक चल्ल कट्टर महायानी सम्प्रदायका अनुयायी थिए । यिनलाई "असल महायानी सम्पदायका अनुयायी, हे वज्रका पाउका भक्त, सारा राजाहरूमा श्रेष्ठ, सवा लाख पर्वत खस देशका महाराजाधिराज" भनेर वि.सं. १३३५ को बुद्ध गयाको अभिलेखमा सम्बोधन गरिएको छ । वि.सं. १३१२ को बुद्धगयाकै अर्को अभिलेखबाट भने अशोक चल्लको दरबारमा विभिन्न क्षेत्रका पण्डितहरूको जमघट हुने गरेको बुझिन्छ ।

**जितारि मल्ल–** अशोक चल्लपछि उनैको छोरा जितारि मल्ल कर्नाली प्रदेशको मल्ल-राजगद्दीमा बसे । आफ्ना बाबुबाजेहरूले चल्ल लेख्ता-लेख्तै यिनी पहिलोपल्ट किन मल्ल लेख्न पुगे, यसमा जानकारी दिने प्रष्ट आधार कही छैन । तर कर्नाली-प्रदेशमा शासन गर्ने राजाहरूमा ज्यादै बलिया र प्रभावशाली शासक भने यिनै थिए । यिनका पूर्वजहरू पश्चिम र पश्चिमोत्तर क्षेत्रमा विजय गर्दै अघि बढे पनि पूर्वतिर भने बढ्न सकेका थिएनन् । तर यी जितारि मल्लले तीन पटकसम्म काठमाडौं उपत्यकामा आक्रमण गरेका थिए । उनको आक्रमणको विवरण गोपाल-राजवंशावलीले दिएको छ । पहिलो आक्रमण वि.सं. १३४४ पौषमा भएको थियो । त्यसवेला काठमाडौंमा अनन्त मल्ल शासन गरिरहेका थिए । स्वयम्भू-डाँडामा दुवै पक्षका सैन्यबीच युद्ध भयो । ८०० खससैन्य मारिए, तर जितारि मल्लले हार खाएनन् । तब उपत्यकावासी जङ्गलतिर लुक्न गए । त्यसपछि भने खससैन्य स्वदेश फर्क्यो । यसको १४ महिनापछि वि.सं. १३४५ फागुनमा दोस्रोपल्ट जितारि मलले उपत्यकामा आक्रमण गरेर गाउँ-गाउँमा आगो लगाउने कार्य गरे । पछि उपत्यकाका प्रसिद्ध देवताहरू पशुपतिनाथ, स्वयम्भूनाथ आदिको दर्शन पूजन गरी स्वदेश फर्के । यसको ठीक एक वर्षपछाडि वि.सं. १३४६ फागुनमा जितारि मल्लले तेस्रोपटक उपत्यकामा आक्रमण गरे । नुवाकोट कब्जा गरी उनी देवपाटनमा पसे । पछि गाउँ-गाउँकमा आगो लगाएर स्वदेश फर्केको बुझिन्छ ।

**रिपु मल्ल–** यिनी जितारि मल्लका भतिजा थिए । रिपु मल्ल धार्मिक प्रकृतिका शासक थिए । यिनले काठमार्डौं उपत्यका तथा लुम्बिनी कपिलवस्तुसम्म पुगेर विभिन्न देवदेवीको दर्शन गरेका थिए ।

**आदित्य मल्ल–** यिनी जितारि मल्लका छोरा थिए । यिनले पनि वि.सं. १३८४ मा काठमाडौं उपत्यकामा आक्रमण गरेका थिए । यिनले उपत्यकाका तीनै शहरमा आगो लगाइदिएका थिए ।

**पुण्य मल्ल–** आदित्य मल्लपछि कल्याण मल्ल र कल्याण मल्लपछि प्रताप मल्ल राजा भए । प्रताप मल्ल नागराजको वंशका अन्तिम शासक थिए । यिनले निःसन्तान भएर भिक्षुजीवन ग्रहण गरेपछि अर्कै वंशका पुण्य मल्ल राजा बनाइए । पुण्य मल्लको

सेना पनि उपत्यकामा आक्रमण गरेर आगो लगाई धन-सम्पत्ति उठाएर स्वदेश फर्के। पुण्य मल्ल स्वयम् भने काठमाडौं आएका थिएनन्। उनले आफ्नो वि.सं. १३९४ को एक ताम्रपत्रमा नेपाललाई करद पारेको कुरा उल्लेख गरेका छन्।

**पृथ्वी मल्ल–** पुण्य मल्लपछि पृथ्वी मल्ल गद्दीमा बसे। यिनको विशेष महत्त्व यिनको वि.सं. १४१४ को दुल्लु कीर्तिस्तम्भ (अभिलेख) ले कायम गरेको छ। सो अभिलेख सो क्षेत्रमा शासन गर्ने राजाहरूको वंशक्रम जान्न ज्यादै उपयोगी बनेको छ। यही मात्र एउटा यस्तो स्रोत हो, जसले कर्नाली-प्रदेशका शासकहरूबारे जानकारी दिइएको छ।

पृथ्वी मल्लपछि अभय मल्ल राजा भए, तर त्यसपछि भने विशाल कर्नाली-प्रदेशको राज्य पतनको दिशातिर अग्रसर भएको देखिन्छ। पछि राज्य टुक्रेर २२ विभिन्न राज्यको रूपमा कर्नाली-प्रदेशको विभाजन भयो।

यसरी नागराजदेखि पृथ्वी मल्लसम्म तीनसय वर्ष जति कर्नाली-प्रदेशले नेपालको इतिहासमा महत्त्वपूर्ण स्थान प्राप्त गरेको थियो। सो युगमा भएका महत्त्वपूर्ण उपलब्धिहरूको वर्णन तल गरिएको छ।

## खसमल्ल-राज्यका उपलब्धिहरू

नेपालको मध्यकालीन इतिहासमा पश्चिमका खस मल्लहरूको विशेष महत्त्व छ। वर्तमान समयमा सबैभन्दा अविकसित तथा पिछडिएको मानिएको क्षेत्र कर्नाली मध्यकालमा खस मल्लहरूको पालामा निकै समृद्धशाली र शक्तिशाली राज्य थियो। काठमाडौं उपत्यका जस्तो शक्तिशाली राज्य पनि खस मल्लहरूको शक्तिबाट त्रस्त थियो। एक विशाल साम्राज्यको निर्माणको अतिरिक्त कला, वास्तुकला, धर्म तथा हिन्दू संस्कृतिको विकास सम्पूर्ण क्षेत्रमा पश्चिमी मल्लहरूले गरेको विकास उल्लेखनीय छ।

**विशाल राज्यको स्थापना–** पश्चिमका खस मल्लहरुको महत्त्व छ। वर्तमान समयमा सबैभंन्दा अविकसित तथा पिछडिएको मानिएको क्षेत्र कर्नाली -प्रदेशको खास महत्त्व थिएन। लिच्छविकालका केही प्रमाणहरु यहाँ (जम्ला) बाट पाइएका छन्। यसबाट लिच्छविकालमा कर्नालीभेग केन्द्र (काठमाडौं) बाट सोझै शासित भएको बुझिन्छ। एघारौं-बाह्रौं शताब्दीतिर नागराज भन्ने व्यक्तिले जुम्लामा राज्य स्थापित गरे। यसरी नागराज पश्यिममा खसराज्यको स्थापना गर्ने प्रथम शासक देखिन्छन्। यिनको पालामा यिनको राज्य भोटको पश्चिममा गुँगे भन्ने ठाउँसम्म फैलेको थियो। यिनको वंशमा छैटौं पुस्तामा क्राचल्ल भन्ने खस राजाले वि. सं. १२८० मा कुमाउँ गडवालमा विजय गरे। यिनको पालामा दुल्लुक्षेत्र पनि विकसित भएको देखिन्छ। यस वंशमा जितारि मल्ल नाम गरेका शक्तिशाली शासक भए। यिनले कर्नाली-प्रदेशलाई टाढा-टाढासम्म फैलाए। काठमाडौं उपत्यमासम्म आएर तीन-तीनपटकसम्म आक्रमण गरेर यहाँका शासकलाई आच्छु-आच्छु पारेका थिए। यिनीपछि आदित्य मल्ल तथा पुण्य मल्लले पनि काठमाडौंसम्म आएर आक्रमण गरेका थिए। यसरी एउटा स्वतन्त्र राज्यको स्थापना गरेर यसको सिमाना टाढा-टाढासम्म फैलाएको कारणले खस मल्लहरु इतिहासमा महत्त्वपूर्ण स्थान राख्दछन्।

**बौद्ध धर्मको विकास-** खस मल्लहरु मूल रुपले बौद्ध धर्मका अनुयायी थिए। यसैले बौद्ध धर्मको निकै विकास त्यस क्षेत्रमा भयो। क्राचल्ल आफूलाई परमसौगत (बौद्ध धर्ममा ठूला अनुयायी) भन्दथे भने अशोक चल्ललाई 'महायान सम्प्रदायका अनुयायी' ठूला उपासक भनिएको छ। साथै यिनलाई हेवज्रका अनुयायी पनि भनिएको छ। यसबाट बौद्ध धर्मको वज्रयान-सम्प्रदाय पनि त्यता विकसित भएको पाइन्छ। 'हेवज्र' वज्रयानको देवता हो। यसको अतिरिक्त 'लोकेश्वर' को चर्चा पनि पाइन्छ भने रिपु मल्लले राखेको अभिलेखमा 'ओम्मणि पद्मे हूँ' भन्ने पनि परेको छ। यसबाट बौद्ध धर्मको महायानी सम्प्रदाय अनेक भेदका साथ विकसित भएको पाइन्छ।

यसको अतिरिक्त हिन्दू धर्मका अन्य देवदेवताहरुको उपासना र भक्ति पनि यी खस मल्लहरु गर्दथे। यसर्थ बौद्ध धर्मको विकास तथा अन्य धर्मको पनि समान आस्था भएको कारणले पनि नेपालको मध्यकालीन इतिहासमा यिनीहरु महत्त्वपूर्ण मानिन्छन्।

**हिन्दू संस्कृतिको विकास र प्रचार-** मध्यकालीन कर्नाली-प्रदेश हिन्दू संस्कृतिको विकास र प्रचारको दृष्टिकोणले पनि महत्त्पूर्ण छ। बौद्ध धर्मको विकासका साथै यी खस मल्लहरुले हिन्दू धर्मका अन्य विभिन्न सम्प्रदायहरुलाई पनि समान रुपले विकसित गरे। उनीहरुका ऐतिहासिक पत्र अभिलेख आदिमा सुर्य, चन्द्र महेश्वर आदिलाई साक्षी राखेको पाइन्छ।

वर्तमान नेपालुका बाहुन क्षेत्री मानिने आर्यहरु मूल रूपले कर्नाली- प्रदेशकै बासिन्दा थिए। भारतमा हिन्दू सम्राट् हर्षवर्धनको देहावसानपछि हिन्दू राज्य टुक्रन थाल्यो। त्यसैबेलादेखि भारतीय हिन्दूहरु नेपाल पस्न थाले। त्यसमा पनि पछि भारतमा मुसलमानी प्रभुत्व जम्न थालेपछि भने कान्यकुब्जी ब्राह्मणहरू, पाल क्षेत्री र राठौर क्षेत्रीहरुले पनि यस क्षेत्रमा आएर हिन्दू संस्कृतिको विकास गरे। भनिन्छ- त्यसै बेलादेखि खसराज्यमा समेत ब्राह्मण, क्षेत्री भनेर वर्ण-विभाजन भयो र जनै लगाउने परम्परा बस्यो। यसरी हिन्दू संस्कृतिको विकास र प्रचार हुँदै आयो। पछि त्यहाँका बासिन्दाहरु क्रमशः पूर्वतिर बसाइँ सर्दै आएपछि हिन्दू संस्कृति पनि विकसित हुँदै आयो।

**कला तथा वास्तुकलाको उन्नति-** कला तथा वास्तुकलाको दृष्टिकोणले पनि इतिहासमा खस मल्लको महत्त्व छ। पश्चिम नेपालमा शिखरशैलीका धेरै मन्दिरहरु बनाउनमा यिनीहरुकै देन छ। विभिन्न देवदेवीका विभिन्न शैलीका मन्दिर, मठ आदिका अतिरिक्त अनेक दरबारहरु पनि बनेका थिए। यी वास्तुकलाको नमूनाहरु हाल देख्न नसकिए पनि तात्कालिक अभिलेखहरुबाट यिनीहरुको स्थापनाबारे बुझ्न सकिन्छ। पुरातात्त्विक अनुसन्धानबाट विभिन्न तात्कालिक इँटाहरु पाइए। पुण्य मल्ल, पृथ्वी मल्ल आदिका पालामा ठूला-ठूला भवन बनेका थिए। भवनहरु ४ तले अटालीवाला (बरण्डावाला) बन्थे। अशोक चल्लको पालामा एक विहार बनेको पाइन्छ। यसरी कला तथा वास्तुकलाको क्षेत्रमा पनि खस मल्लको ठूलो महत्त्व छ।

**नेपालीभाषाको उत्पत्ति र विकास-** वर्तमान नेपालीभाषाको उत्पत्ति खस-राज्यकालमा नै खस-राजधानी सिंजामा भएको थियो। त्यसैले यस भाषालाई सिंजाली भाषा पनि भन्ने चलन पनि छ। पछि त्यहाँका शासकहरुका सनदपत्रहरु, शिलापत्रहरु सबै

प्राचीन नेपालीभाषामा नै छन् । पछि यही भाषा क्रमश : विकसित हुँदै आयो र सम्पूर्ण नेपाली क्षेत्रमा फैल्यो ।

**साहित्यको विकास–** खस शासकहरु विद्याको ठूलो कदर गर्दथे । पृथ्वी मल्ल, पुण्य मल्ल आदिको दरबारमा हिन्दू तथा बौद्ध धर्मका छानिएका विद्वान्हरुको जमघट हुन्थ्यो । सही अर्थमा भन्ने हो भने खस राज्यको नियम-कानून सबै बनाउने कार्यमा यिनै हिन्दू धर्ममा पण्डितहरुको महत्त्वपूर्ण भूमिका हुन्थ्यो । अशोक चल्लका दरबारमा काश्मीरी पण्डित भिक्षु गुचपथी, राजगुरु पण्डित मुशल आदिको प्रमुख स्थान थियो । रिपु मल्लले 'लघुरत्नत्रय' भन्ने ग्रन्थ लेखेका थिए भने 'अभिसमयालङ्कार' नामक ग्रन्थ पनि त्यस क्षेत्रमा लेखिएको पाइन्छ । यसको अतिरिक्त अन्य विभिन्न साहित्यिक गतिविधिहरु त्यसवेला भएका थिए ।

**व्यापारको उन्नति–** खसराज्यले व्यापारमा पनि उन्नति गरेको थियो । उत्तर तिब्बततर्फ जाने विभिन्न मार्गहरु खुलेका थिए । यसैको माध्यमबाट चीन तिब्बतसँग व्यापार चल्यो । दक्षिणी भारतका विभिन्न क्षेत्रहरुमा पनि खसराज्यका व्यापारीहरु जाने गर्दथे । दक्षिणतिरबाट बराइँ सर्दै आएका विभिन्न समुदायले नै सिंजामा हाट-बजारको व्यवस्था गरे । पहाड, मधेस र भोटका विभिन्न व्यापारीहरु यहाँ भेला हुन थाले । कस्तूरी, चँवर र ऊनको उत्पादन एवं त्यसको निर्यात यस क्षेत्रबाट निकै हुन्थ्यो । यसरी व्यापारको समेत उन्नति त्यस क्षेत्रमा भएको पाइन्छ ।

यसरी उपर्युक्त कारणहरुबाट नै नेपालको इतिहासमा पश्चिमको कर्नाली-प्रदेशका खसहरुको महत्त्वपूर्ण स्थान छ ।

## खस मल्लराज्यको पतन

नागराजले बाह्रौं शताब्दीको मध्यतिर स्थापना गरेको खस राज्य चौधौं शताब्दीको अन्त्यसम्म निकै विशाल स्वरूपमा आइसकेको थियो । यहाँका शासकहरूले काठमाडौं उपत्यकासम्म आएर पनि आक्रमण गरेका थिए । यसरी सर्वत्र दिग्विजय गर्न सक्षम भएको यो खस राज्य पन्ध्रौं शताब्दीमा प्रवेश नगर्दै पतनको मार्गमा लागेको देखिन्छ । यो विशाल राज्य पतन हुनुका केही प्रमुख कारणहरू तल दिइएको छ ।

१. खस राज्यको पतनको एउटा प्रमुख कारण विशाल साम्राज्यको रूपमा देखिनु हो । वास्तवमा यहाँका शासकहरूले तिब्बतको आधा भागदेखि लिएर कुमाउ गडवालदेखि काठमाडौं उपत्यकासम्मको क्षेत्रमा आफ्नो दिग्विजय कायम गरेका थिए । काठमाडौं उपत्यकामा तीन तीन पटक आक्रमणगरेर यहाँका शासकलाई आच्छु आच्छु पारेका थिए । तर यसरी विशाल साम्राज्य निर्माण गरेता पनि निरीक्षण र नियन्त्रणको अभावमा राज्यहरू क्रमशः छुट्टिँदै गए ।

२. खस राज्य विशाल भएको हुँदा आगमन र अन्य कठिनाइको कारणले विभिन्न क्षेत्रको रेखदेख गर्न भारदार तथा सामन्तहरू नियुक्त गरिएका थिए । यी सामन्त शासकहरू नै शक्तिशाली बन्दै गए र पछि गएर आ-आफ्नो क्षेत्रमा आफ्नो हैकम कायम गरे ।

अभय मल्लपछि उनको राज्यमा कब्जा गरेर आफ्ना छोराहरूमा विभाजन गर्ने मलय वर्मा यस्तै एक सामन्त मात्र थिए ।

३. खस मल्ल राज्यका अन्तिम खस शासकहरू कमजोर प्रकृतिका देखिंदै गए । यस वंशका प्रतापी शासक पृथ्वीमल्लले खस राज्यको ख्याति सर्वत्र फैलाएकाथिए । यिनले राख्न लगाएको दुल्लुको कीर्ति स्तम्भले उनको महत्व इतिहासमा सदैव रहने छ । तर जीवनको उत्तरार्द्धतिर आएर भने उनी राजनैतिक क्रियाकलापभन्दा पृथक रहन थालेको देखिन्छ । उनी शस्त्र परित्याग गरी दानधर्मतिर केन्द्रीत रहन थाले । फलस्वरूप उनका भारदार र सामन्तहरू शक्तिशाली बन्दै गए र राज्य विखण्डनतिर उन्मुख भयो । तिब्बतको खारीप्रदेश यिनकै समयमा स्वतन्त्र भएको थियो भने डोटीले पनि विद्रोह गरेर छुट्टै राज्य बनाउन शुरु गरेको बुझिन्छ ।

४. उत्तर भारतमा मुसलमानी आक्रमण भएपछि त्यताबाट विभिन्न राजपुतहरू नेपालतिर शरणार्थी भएर पसेका थिए । यिनीहरूमा चन्द, सेन, शाह, शाही, कल्यान, समाल आदि प्रमुख थिए । कालान्तरमा यिनीहरूले नै मल्ल शासकहरू कमजोर भएको मौका पारेर स्थानीय मानिसहरूलाई उठाइ आफ्नो राज्य स्थापना गर्दै गए ।

५. खस शासक पृथ्वी मल्लका उत्तराधिकारीको अभाव उक्त राज्यको पतनको अर्को प्रमुख कारण हुन सक्तछ । पृथ्वीमल्ल पछि अभय मल्ले शासन गरेता पनि यिनी पृथ्वीमल्लका आफ्नै छोरा हुन कि होइनन् छुट्टयाउन सकिएको छैन । पृथ्वीमल्लको वि.सं. १४१४ को दुल्लु स्तम्भ लेखमा यिनको उल्लेख नभएको कारणले पनि अनेक आशंकाहरू उब्जिएका हुन् । जे होस् पृथ्वीमल्लको जुन नेतृत्व र शक्ति खस राज्यले प्राप्त गरेको थियो त्यो उनीपछि प्रदान गर्ने शक्तिशाली शासकहरू हुन सकेनन् र राज्य क्रमशः टुक्रिंदै गयो ।

यसरी खस राज्य क्रमशः टुक्रिंदै गयो र पछि गएर सो एउटै राज्यमा बाइसी र चौबिसी गरी अनेक साना साना राज्य-रजौटाहरू स्थापित भए ।

# काठमाडौं उपत्यकामा मल्लवंशको स्थापना

## मल्लहरूको उत्पत्ति

तेह्रौं शताब्दीको आरम्भदेखि नेपाल उपत्यकामा मल्लहरुको शासनव्यवस्था कायम भएको मानिन्छ। साथै, यस वंशका पहिलो शासक भनेर अरि मल्लको नाम लिने चलन छ। परन्तु अरि मल्लभन्दा धेरै अगाडिदेखि शासनमा मल्लहरुको सक्रियता थियो। अरि मल्लभन्दा एक शताब्दीअधिदेखि नै मल्लहरु कुनै न कुनै रुपमा शासनमा सक्रिय भएको कुरा गोपाल-राजवंशाली तथा केही अभिलेखमा समेत पाइन्छ। मल्लहरुको उल्लेख पहिलोपल्ट गोपाल-राजवंशावलीमा वि. सं. ११६८ को वर्णनको प्रसङ्गमा परेको छ। दक्षिण सिम्रौनगढबाट यहाँ आक्रमण गरिएको वर्णनको प्रसङ्गमा "श्रीश्रीनरमल्लदेवले डोयहरुलाई खड्गले काटे" भन्ने उल्लेख परेको छ। वि. सं. ११९९ को राष्ट्रिय सङ्ग्रहालयको अभिलेखबाट त स्पष्ट रुपले मल्लहरुले शासन गरिरहेको बुझिन्छ। त्यसबेला उत्तर भारतका एक शङ्कराचार्य यहाँ आएर विभिन्न राजकुमारहरुलाई दीक्षा दिएका थिए, जसमध्ये एक यशोमल्ल पनि थिए। यी यशोमल्ललाई राजकुमार भनिएकोबाट त्यसवेला शासनमा मल्लहरुको उदय भइसकेको बुझ्न सकिन्छ। यसबाट मल्लहरु मध्यकालको शुरुदेखि नै पुरानो लिच्छवि- राजवंशसँग मिलेर शासन गरिरहेको देखिएको छ। यही क्रम चल्दै जाँदा अरि मल्लले एकपल्ट शासनमा एकलौटी अधिकार कायम गरेको अनुमान हुन्छ। अरि मल्लको विशेष चर्चा गर्नुभन्दा पहिले मल्लहरुको उत्पत्तिबारे बुझ्नु आवश्यक हुन्छ।

मल्लहरु प्राचीन जाति मानिन्छन्। प्राचीन संस्कृत वाङ्मयहरुमा मल्लहरुको उल्लेख विशिष्ट वर्गका क्षत्रियको रुपमा भएको छ। महाभारत, विभिन्न बौद्ध साहित्यहरु, मनुस्मृति तथा अन्य विभिन्न पुराणहरुमा मल्लहरुको सन्दर्भ पाउन सकिन्छ। महाभारतमा कोसलहरुको साथमा मल्लहरुको पनि समान रुपले चर्चा गरिएको छ। मार्कण्डेय-पुराणमा मिथिलाका विदेहहरुसँग मल्लहरु दाँजिएका छन्। मनुले आफ्नो स्मृतिमा मल्लहरुलाई लिच्छविजस्तै व्रात्य (संस्कारहीन) क्षत्रिय मानेको छ भने बुद्धको समयमा यिनीहरु उच्च वर्गमा लिइन्थे। बुद्धको मृत्युपछि क्षत्रियवर्गबीच बाडिएको उनको पावानाशेष लिनेहरुमा मल्लहरु पनि थिए। त्यस बेलाका उच्च वर्ग लिच्छवि, शाक्य आदिको साथमा मल्लहरु पनि वृज्जिसङ्घमा पर्दथे। बुद्धको समयमा पावा कुशीनगर (जहाँ बुद्धले निर्वाण प्राप्त गरेका थिए) मा मल्लहरुको गणराज्य थियो। मल्लहरुको गणराज्यभित्र आजको नवलपरासी जिल्लाको केही भाग समेत पर्दथ्यो। लिच्छविकालीन अभिलेखहरुमा पनि मल्लहरुको सन्दर्भ परेको छ। लिच्छविकालको पहिलो अभिलेख (वि. सं. ५२१) मा नै मल्लहरुको सन्दर्भ आउँछ। पश्चिम गण्डकीपारि मल्लहरुको बसोवास भएको ठाउँ मल्लपुरीमा मानदेवले विजय समेत गरेका थिए।

यसरी विभिन्न रुपले मल्लहरुको उल्लेख विभिन्न स्रोतहरुमा पाइन्छ । तर नेपाल उपत्यकामा शासन गर्ने मल्लहरुको प्राचीन मल्लजातिसँग कस्तो सम्बन्ध थियो, स्पष्ट गर्न सकिएको छैन । कतिपय विद्वान्हरुले नेपालका मल्लहरुलाई प्राचीन मल्ल जातिको रुपमा नलिएर पदवीको रुपमा 'मल्ल' पद धारण गरेका जाति भन्ने गरेको पाइन्छ । वास्तवमा दशौं-एघारौं शताब्दीतिर 'मल्ल' शब्द पदवीको रुपमा धारण गर्ने चलन दक्षिणी भारततिर निकै लोकप्रिय थियो । भारतका पल्लव, चालुक्य आदि वंशका कतिपय शासकहरुले समेत 'मल्ल' पद लिएको उल्लेख गरेका छन् । सिल्माँ लेभीले सिलोङका कतिपय राजाहरूले समेत 'मल्ल' पद लिएको उल्लेख गरेका छन् । त्यस्तै 'प्रारम्भमा मल्ल एक प्रकारको विद्या वा कौशल थियो, जो युद्धका लागि आवश्यक मानिन्थ्यो, किन्तु त्यो मल्ल शब्द पछि आएर उपाधिमा परिणत भयो र हुँदाहुँदै यो ठकुरीको एउटा जात वा शाखामा परिणत भयो' भन्ने अर्को थरी विचार पनि पाइन्छ । नेपालका कतिपय वंशावलीहरुमा पनि 'अरिदेव कुस्ती (मल्लयुद्ध) खेल्दाखेल्दै छोरो जन्मेको हुँदा 'मल्ल' उपाधि छोरालाई दिए' भनेर उल्लेख भएको छ । तर तत्कालीन ऐतिहासिक स्रोतहरुमा अरि मल्ललाई नै 'मल्ल' भनिएको हुँदा वंशावलीको यो भनाइ चाहिं स्वीकार्न सकिंदैन । एक थरी वंशावलीले भने अरिदेवका बाबु मित्रदेव पहलवान थिए र छोरालाई 'मल्ल' भन्ने उपाधि दिए भनिएको पाइन्छ । यसरी मल्लहरुको विविध रुपले उल्लेख आउँछ, तापनि नेपालका मल्लहरुलाई सोझै प्राचीन जातिसँग सम्बन्ध राख्न सकिने प्रमाणहरु भने पाउन सकिएको छैन । तर पनि मल्लहरुलाई पदवी-ग्रहण गरेका जाति भन्ने मान्न सकिदैन । एघारौं शताब्दीकै सन्दर्भदेखि मल्लहरुको स्पष्ट उल्लेख पाइएको हुँदा 'मल्ल' वंशविशेषकै द्योतक बुझ्न सकिन्छ ।

वास्तवमा प्राचीन समयदेखिकै ऐतिहासिक स्रोतहरुको अध्ययन गर्दा मल्लहरु पनि प्राचीन जाति नै हुन सक्ने सम्भावना धेरै पाउन सकिन्छ । पाँचौं-छैटौं शताब्दी इ. पू. मा सङ्गठित गणराज्यको सन्चालन गरेर बसेका धेरै राजवंशहरु पछि क्रमशः राजतन्त्रात्मक शासन अन्तर्गत चलेका राज्यहरुको साम्राज्य-विस्तारको चपेटामा परेर नेपालको भू-भागमा पसेका उदाहरणहरु विभिन्न प्राचीन स्रोतहरुले दिएका छन् । लिच्छवि, कोलिय, शाक्य, मल्ल आदि सबै नै यसतर्फ शरणार्थी रुपमा पसेका थिए । लिच्छविहरु किरातहरुलाई हटाएर यहाँ शासन-सन्चालन गरेर बसे भने अरु जातिहरु मौकाको ताकमा नै रहे । शाक्यहरु ललितपुर-क्षेत्रमा बसेका थिए भने कोलियहरु कान्तिपुर (आजको केलटोल) को क्षेत्र बसोवास गर्दथे । त्यस्तै, मल्लहरुले शुरुमा गण्डकी क्षेत्रमा र पछि उपत्यकामा नै कतै बसोवास गरेको बुझिन्छ । यिनीहरु क्रमशः शक्तिमा आउन प्रयत्नशील थिए । एघारौं शताब्दीदेखि नै यिनी शासनमा कुनै न कुनै रुपमा सक्रिय रहेको कुरा गोपाल-राजवंशावलीमा उल्लेख भएका माथिका घटनाले र वि. सं. ११९९ को राष्ट्रिय संग्रहालयको अभिलेखबाट पनि स्पष्ट बुझ्न सकिन्छ । अभय मल्लपछि पुरानो देव कहलाएको राजवंश र 'मल्ल' राजवंशमध्ये एकान्तर रुपमा गद्दीमा बसेका छन् भने अर्को राजवंशका व्यक्ति युवराज घोषित गरिन्थे । यस प्रसङ्गबाट पनि मध्यकालको शुरुदेखि नै मल्लहरु पुरानो राजवंशसँग समान रुपले मिलेर शासनमा सहभागी बनेका थिए कि भन्ने मान्न नसकिने होइन । यसर्थ मल्लहरु पुरानो मल्लवंश हुन सक्ने सम्भावना निकै देखिन्छ ।

## अरि मल्ल

नेपालको इतिहासमा अरि मल्लको उल्लेख प्रथम मल्ल राजाको रूपमा भएको छ। अरि मल्लभन्दा धेरै अगाडिदेखि नै मल्लहरु शासनमा देखिए पनि स्वतन्त्र शासकको रुपमा विभिन्न स्रोतहरुले वर्णन गरिएका भने पहिलोपल्ट अरि मल्ल नै देखिन्छन्। यद्यपि अरि मल्लको पालाका पनि शिलालेख, ताम्रपत्र आदि पाउन सकिएका छैनन्, तर पनि गोपाल-राजवंशावली तथा तत्कालीन विभिन्न हस्तलिखित ग्रन्थहरुबाट उनको विषयमा अध्ययन गर्न सकिन्छ।

गोपाल-राजवंशावलीअनुसार अरि मल्लको जन्म वि. सं. १२११ मा भएको थियो। यिनी राजगद्दीमा वि. सं. १२५७ तिर बसेका थिए। राजा हुँदा यिनी ४६ वर्षका भइसकेका थिए। अरि मल्लभन्दा अघि अर्कै वंशको शासन कायम भएकोमा कसरी अरि मल्लले शासनमा एकाधिकार कायम गर्न सके, थाहा पाउन सकिएको छैन। धेरै अघिदेखि दुई राजवंशले एकान्तर रूपमा शासन गरिरहेका देखिएको हुँदा अरि मल्लले आफ्नो शक्तिबाट एकलौटी अधिकार कायम गरेको हुन सक्ने अनुमान व्यक्त गर्न सकिन्छ। लुसियानो पेटेकको विचारमा अरि मल्ल राजा हुनुभन्दा पहिले सामन्तको रुपमा थिए र क्रमशः शासनमा अधिकार कायम गर्न सकिएको हो। त्यसैले शुरुमा 'राजा', 'नृप' जस्ता साधारण पदहरु लिएर पछि मात्र ठूलाठूला पद लिएको हो। तर पेटेकको भनाइ पूर्णतः सत्य देखिंदैन। अरि मल्लले शासन-सन्चालन गर्दा शुरुदेखि नै राजाधिराज परमभट्टारकराज्ञः, नेपालेश्वर, महाराजाधिराज, प्रतापलङ्केश्वर आदि उच्च पदहरु ग्रहण गरेको कुरा तत्कालीन स्रोतहरुबाट बुझ्न सकिन्छ। वि. सं. १२७३ मा लेखिएको अमृतेश्वर-पूजानामक ग्रन्थमा त "सम्पूर्ण प्राणीको हदयमा आनन्द प्रदान गर्ने, सम्पूर्ण शास्त्रहरु, तन्त्र आदिसमेतमा राम्रो ज्ञान पाएका, दीन-दुःखीको सेवा गर्ने, अनेक गुण भएका" समेत भनिएको छ। डिल्लीरमण रेग्मीले भने अरि मल्लले शासनमा एकाधिकार जमाउन तत्कालीन सामन्तहरु र अन्य शासकदलसँग निकै सङ्घर्ष गर्नुपरेको अनुमान गरेका छन्। यसरी अरि मल्लको राज्यप्राप्तिबारे अनेक विचार देखिन्छन्। स्पष्ट भन्न सकिने आधार भने छैन।

अरि मल्ललाई सहयोग गर्ने श्रीधरसिंहको उल्लेख तत्कालीन स्रोतहरुमा पाइन्छ। डिल्लीरमण रेग्मीले यसलाई पुरानो राजवंशको व्यक्ति हुन सक्ने अनुमान गरेका छन्। श्रीधरसिंह त्यसबेला निकै शक्तिशाली भएको बुझिन्छ। वि. सं. १२५७ को एक 'वृत्तसारसंग्रहधर्म' नामक ग्रन्थमा अरि मल्लको साथमा श्रीधरसिंहको पनि उल्लेख छ। त्यसमा उनीलाई 'श्री पन्चवतदेश्य वैश्यधिपति रणक श्री श्रीधरसिंह' भनिएको छ। 'रणक' को अर्थ सामन्त लगाइएको छ। कर्कप्याट्रिकले अरि मल्लको पालामा ठूलो प्राकृतिक प्रकोपबाट धेरै धनजनको क्षति भएको उल्लेख गरेको छ। केही वंशावलीमा पनि अरि मल्लको पालामा ठूलो अनिकाल परेर एक दामको दुई कुरुवा चामल बजारमा हुन गएको र यसबाट विरक्त भएर अरि मल्लले राज्य भानिजलाई सुम्पेको कुरा उल्लेख भएको पाइन्छ। तर अरि मल्लले भानिजलाई राज्य सुम्पेको कथा भने सत्य देखिदैन। अरि मल्ल मरेको लगत्तैपछिदेखि नै उनैका छोरा अभय मल्लको शासन चल्न थालेको स्पष्ट प्रमाण उपलब्ध छ।

गोपाल-राजवंशावलीअनुसार ६३ वर्षको उमेरमा वि. सं. १२७४ मा यिनको मृत्यु भएको बुझिन्छ ।

## अभय मल्ल

अभय मल्ल अरि मल्लका छोरा तथा उत्तराधिकारी थिए । बाबु अरि मल्लको शेषपछि वि. सं. १२७४ मा ३५ वर्षको उमेरमा यिनी राजगद्दीमा बसेका थिए । कतिपय भाषावंशावलीहरुमा 'अरिदेव मल्ल युद्धमा संलग्न भएको वेलामा अभयदेवको जन्म भएको हुँदा छोरालाई उनले मल्ल उपाधि दिए' भन्ने प्रसङ्ग पाइन्छ । तर अरि मल्ललाई मल्ल भनिएको तथा त्यो भन्दा धेरैअघिदेखि नै मल्लहरुको चर्चा भएका विभिन्न प्रमाण उपलब्ध भएका हुँदा वंशावलीको यो कथन सत्य मान्न सकिदैन ।

राजगद्दीमा बस्नेबित्तिकै अभय मल्लले ठूलाठूला पदवीहरु लिन थालेका थिए । राजा भएकै सालमा लेखिएको 'कृत्यसंग्रह' नामक ग्रन्थमा 'राजाधिराजपरमेश्वरपरम-भट्टारक' भनेर उनलाई सम्बोधन गरिएको छ । यसको अतिरिक्त अरि मल्लले लिएसरह नेपालेश्वर प्रतापलङ्केश्वर आदि पदवीहरु पनि यिनी लिने गर्दथे ।

अभय मल्लको शासनकाल शान्तिपूर्ण थिएन । भूकम्प, अनिकाल आदि दैवी प्रकोपका साथै बाह्य आक्रमण तथा निकै आन्तरिक कलहहरुसँग पनि यिनले जुध्नुपरेको थियो । गोपाल-राजवंशावली र अन्य पछिल्लो युगमा लेखिएका भाषा-वंशावलीहरुका साथै अन्य स्रोतहरुबाट पनि त्यसवेला धेरैपल्ट भूकम्प तथा महामारी फैलेको बुझिन्छ । वि. सं. १२८९ को शुरुतिर डरलाग्दो अनिकाल परेर चामल, तेल, नून आदि दैनिक उपभोगका सामानहरु किन्नै नसकिने भएको थियो । एक वर्षसम्म रहेको यस सङ्कटमा तीन भागको एक भाग मानिसहरु मरेका थिए । यसको ९ वर्षपछि वि. सं. १२९८ माघमा ज्यादै ठूलो भूकम्प गएर धेरै घरहरु भत्केर निकै मानिस तथा जनावरहरु पुरिएका थिए । पछि पुरिएका मान्छे तथा जनावरहरुका लाश निकाल्न खोज्दा काग, गिद्धले झम्टेर खान थाले । उनीहरुलाई धपाउन खोज्दा जीवित मानिसहरुलाई पनि आक्रमण गरेर निकै दुःख दिएका थिए । यसपछि वि. सं. १३०१ असार र १३०२ मार्गमा पनि बिफर आदि महामारी फैलने, अनिकाल पर्ने जस्ता प्रकोपहरु भएमा थिए । यी महामारीबाट पनि धेरै जनधनको क्षति भएको थियो । यस किसिमका अनेक प्रकोपहरुको कारणले मानिसहरु धनमाल छोडेर विदेशिन पनि थालेका थिए । यी अनेक महामारी र प्रकोपहरुबाट बच्न अभय मल्लले प्रत्येक वर्ष पशुपतिमा लक्ष होम र महास्नान पनि गर्ने गरेका थिए । तर वि. सं. १३१२ असारमा झन् ठूलो भूकम्प गएर कैयौं मन्दिर, घरहरु भत्के तथा तीन भागको एक भाग मानिस पनि मरेका थिए । स्वयम् राजा अभय मल्ल पनि यस भूकम्पबाट बच्न सकेनन् ।

यसरी अभय मल्लले शुरुदेखि नै प्राकृतिक प्रकोप, महामारी आदिको सामना गर्नुपरेको थियो भने साथासाथै आन्तरिक कलहहरुसित पनि त्यसवेला उनले जुध्नुपरेको थियो । रमाइलो पक्ष के भने जबजब प्राकृतिक प्रकोपहरुबाट देशमा सङ्कटको स्थिति देखा पर्दथ्यो, तबतब उनका सामन्तहरु विद्रोह गर्न थाल्दथे । शासनकालको शुरुतिर रणसुरदेव नामक व्यक्तिसँग उनको केही सङ्घर्ष परेको अनुमान हुन्छ । वि. सं. १२७८ को 'विद्यावली' नामक एक हस्तलिखित ग्रन्थमा 'परमभट्टारकमहाराजाधिराजपरमेश्वरश्रीमत्रणसुरदेवस्य

विजयराज्ये' लेखिएको छ। यसरी रणसुरदेवलाई तत्कालीन शासकको रुपमा देखाइएको छ। यद्यपि यससम्बन्धी अन्य वर्णन पाइएको छैन, तथापि राजाले लिने पदवी रणसुरदेवलाई लगाइएको हुँदा केही खटपट त्यसवेला परेको अनुमान गर्ने ठाउँ छ। त्यस्तै, वि. सं. १२८९ मा महामारी फैलेर राष्ट्रमा ठूलो सङ्कट उत्पन्न भएको अवसरमा पलान्चोकका शासक उदयसिंहदेवले विद्रोह गरी स्वतन्त्र हुने चेष्टा गरे। अभय मल्लले नुवाकोट, बनेपा, फर्पिङ, देउपाटन आदिका स्थानीय शासकहरुसँग सहयोग लिएर मात्र सो विद्रोहलाई दबाउन सकेका थिए। एउटा साधारण सामन्तलाई दबाउन समेत निकै क्षेत्रहरुको सहयोग केन्द्रले लिनुपरेको घटनाबाट त्यसबेला केन्द्रको सङ्गठन निकै कमजोर भएको बुझ्न सकिन्छ। यसपछि वि. सं. १२९८ मा ललितपुरका कीर्तिपालले विद्रोह गरेर यम्बु इटुम्बहालको किल्ला कब्जा गरेको बुझिन्छ। यो साल पनि उपत्यकामा अनिकाल, महामारी तथा भूकम्प गएर धेरै धनजनको क्षति भएको थियो। यसरी राष्ट्रलाई सङ्कट परेकै वेलामा यी कीर्तिपालले फेरि वि. सं. १२९९ असारतिर कीर्तिपुर कब्जा गरी विद्रोह गरे। परन्तु उनको यो विद्रोह स्थायी भने भएन। पछि उनी पक्राउ परे र चालीस दिनसम्म कैदमा परे।

अभय मल्लको पालामा दुईपल्ट बाह्य आक्रमण पनि भएको थियो। ती दुवै आक्रमणहरु दक्षिण तिरहुतबाट भएका थिए। वि. सं. १३०१ जेठमा सिम्रौनगढका शासक रामसिंहले आक्रमण गरेका थिए। यी रामसिंह नान्यदेवका पनाति थिए। खण्डाधार डाँडोमा उनीहरुलाई रोकेर राखियो, धेरै मानिस काटिएपछि विजय भएको थियो। "युद्धमा विजय प्राप्त गरेपछि राजा अनर्घ मल्ल जात्रा गरी फर्केर आए" भन्ने उल्लेख गोपाल-राजवंशावलीमा छ। यी अनर्घ मल्लको परिचय पाउन सकिएको छैन। डिल्लीरमण रेग्मीले यिनी तात्कालिक दरबारसँग सम्बद्ध कुनै व्यक्ति वा स्वयं राजाका भाइ हुन सक्ने अनुमान गरेका छन्। यसको डेढ वर्षपछि वि. सं. १३०२ मार्गमा फेरि तिरहुतेहरु उपत्यकामा पसेका थिए। गोकर्णभेकमा पर्ने कपनबाट लड्दै भुंथलीसम्म आएका तिरहुतेहरुलाई चारैतिरबाट उपत्यकाका सेनाहरुले घेरे; धेरै मानिस काटिए र अन्तमा हराए पनि। यसरी यसपल्ट पनि तिरहुतेहरुले नराम्रोसँग हार खानुपऱ्यो।

लुसियानो पेटेकले तथा केही वंशावलीहरुले समेत अभय मल्लको पालामा पाल्पाबाट मुकुन्दसेनले उपत्यकामा आक्रमण गरेको वर्णन गरेको छ। पेटेक तथा वंशावलीकारहरुले लोकोक्तिको भरमा मात्र यस किसिमको वर्णन गरेको बुझिन्छ। मुकुन्दसेनको आक्रमण भने वि. सं. १५८१ र वि. सं. १५८२ का वर्षहरुमा अर्थात् अभय मल्लको मृत्यु भएको २६९ वर्षपछि मात्र भएको तथ्य महेशराज पन्त र दिनेशराज पन्तले प्रस्टयाउनुभएको छ।

अभय मल्लले केही मात्रामा कला र संस्कृतिको विकासमा ध्यान दिएको मानिन्छ। वास्तवमा मल्लहरु शासनमा आएपछि नेपालमा धर्म, संस्कृति तथा कलामा नयाँ मोड आएको थियो। पुरानो तन्त्रमन्त्रको विशेष दबाव हट्दै गएर हिन्दू धर्मको उत्थानमा जोड दिन थालेका थिए। त्यसैले अभय मल्लले पनि यस क्षेत्रमा प्रोत्साहन दिएको मानिन्छ। डा. डिल्लीरमण रेग्मीले अभय मल्लले कलाको विकासमा दिएको प्रोत्साहन परिणामस्वरुप नै उनीपछिका शासकहरुको पालामा नेपालको तिब्बतसँग सांस्कृतिक सम्बन्ध स्थापित हुन सकेको हो भन्ने विचार व्यक्त गरेका छन्।

यसरी ३८ वर्ष शासन गरेर वि. सं. १३१२ असारमा ठूलो भूमम्पको चपेटामा परेर अभय मल्लको मृत्यु भएको कुरा गोपाल-राजवंशावलीबाट बुझ्न सकिन्छ।

## जयस्थिति मल्लको उदयपूर्वको नेपालको अवस्था

नेपालको इतिहासमा वि. सं. ९३७ देखि मध्यकालको आरम्भ भएको मानिन्छ। यसवर्ष नेपाल-संवत्को सुरुआत भएको हुँदा यसैको आधारमा नेपालमा ऐतिहासिक कालको विभाजन गरिएको हो। वि. सं. ९३७ मा नेपाल-संवत्को आरम्भ भएदेखि वि. सं. १८२५ मा पृथ्वीनारायण शाहले काठमाडौं उपत्यकामा विजय नगरुन्जेलको ८८८ वर्ष नेपालको इतिहासमा मध्यकालको रुपमा चिनिन्छ। यस मध्यकाललाई पनि पूर्व मध्यकाल र उत्तर मध्यकाल भनेर समय-विभाजन गरिएको छ। आरम्भदेखि जयस्थिति मल्लको उदय नहुन्जेल पूर्व-मध्यकाल र त्यसपछिको समय उत्तर-मध्यकाल मानिन्छ। कतैकतै यक्ष मल्लको समयसम्म पनि पूर्व-मध्यकाल नै मान्ने गरेको देखिएको छ।

नेपालको इतिहासमा पूर्व-मध्यकाललाई अझै पनि एक अन्धकारमय युगको रुपमा वर्णन गर्ने गरिएको छ। यसको मुख्य कारण हो- त्यस समयको अध्ययनको निम्ति ऐतिहासिक सामग्रीहरु उपलब्ध नहुनु। वास्तवमा लिच्छवि राजा जयदेव द्वितीयको समयपछिदेखि नै नेपाली शासकहरु कमजोर प्रकृतिका थिए। त्यसैले राज्य व्यवस्थित गर्ने तथा अभिलेख, मुद्रा आदिको प्रसारण गर्ने जस्ता कार्यहरु उनीहरुले गरेनन्। केही पछि आएर त संयुक्त शासन (एक जनाभन्दा बढीले मिलेर शासन गर्ने परिपाटी) को आरम्भ भयो। यस्तो संयुक्त शासन बाबुछोरा, दाजुभाइ तथा काकाभतिजाका बीचमा पनि चलेको थियो। यस परिपाटीले गर्दा एक-अर्कोमा प्रतिस्पर्धा तथा झगडाको भावना शुरु भयो। फलस्वरुप केन्द्रीय शासनमा कमजोरी आउने नै भयो। यसरी केन्द्रीय शासनमा नै कमजोरी आएपछि विशाल नेपाल खुम्चेर सानो हुँदै जान थाल्यो। एघारौं शताब्दीको अन्तसम्ममा नेपाल टुक्रेर तीन राज्यमा परिणत भएको थियो। पश्चिम कर्नाली-प्रदेशमा नागराजले स्थापना गरेको खसमल्ल-राज्य र दक्षिण सिम्रौनगढमा नान्यदेवले स्थापना गरेको तिरहुत-राज्य निकै शक्तिशाली बन्दै आएका थिए। केन्द्रमा भने उही झगडा र प्रतिस्पर्धाको भावना मात्र विकसित भइरहेको थियो। त्यसैले यी नयाँ राज्यहरुले वेला-वेलामा काठमाडौंमा आक्रमण पनि गर्ने गरेका थिए।

तेह्रौं शताब्दीको आरम्भको साथसाथै नेपालमा मल्लहरुको शासन-प्रणाली शुरु भयो। यसका संस्थापक अरि मल्ल थिए। अरि मल्लपछि उनैका छोरा अभय मल्ल राजा भए। अभय मल्लपछि फेरि द्वैध शासन नै चलेको देखिन्छ। यो द्वैध शासनमा काकाभतिजा तथा दाजुभाइहरु दुईजना, तीनजना, चारजना तथा पाँचजनासम्म मिलेर शासन गर्ने गरेको देखिन्छ। अभय मल्लको शासनकालपछि त दुई बेग्लाबेग्लै वंशका व्यक्तिहरु गद्दीमा बस्ने परम्परा पनि शुरु भयो। यस परम्पराअनुसार एक राजवंशका व्यक्ति राजगद्दीमा बसेका छन् भने अर्को राजवंशका व्यक्ति युवराज घोषित गरिन्थे। यसरी शासन चलेको थियो, तापनि यिनीहरुमा अधिकारको विभाजन भने भएको थिएन। कहिलेकाही यिनमा जो बाठा हुन्थे, तिनी अरुलाई अँठयाई शासनाधिकार एकलौटी पार्ने चेष्टा पनि गर्थे। यस किसिमको प्रणालीले गर्दा नै गृहकलह उत्पन्नन हुने तथा सङ्घर्ष

चल्ने गर्थ्यो । आफ्नो शक्ति बढाउन अरू राज्यहरुसँग गुहार मागेर यहाँ आक्रमणको सामना यहाँका नेपालीहरुले गर्नुपर्‍यो । वि. सं. १४०६ मा त यहाँ मुसलमानी आक्रमण पनि भएको थियो । सो मुसलमानी आक्रमण सुल्तान समसुद्दीनले गरेका थिए । सो आक्रमणमा धेरै नेपाली मन्दिरहरु लुट्ने तथा आगो लगाउने कार्य गरिएको थियो ।

दक्षिणको सिम्रौनगढ राज्यमा मुसलमानले आक्रमण गरेपछि त्यहाँका शासक हरिसिंहदेव सपरिवार पहाडतिर लागेका थिए । तर राजा हरिसिंहदेवको मृत्यु बाटैमा तीनपाटन भन्ने ठाउँमा भयो र उनकी रानी देवलदेवी तथा छोरा जगत्सिंहले उपत्यकामा शरण पाएका थिए । हरिसिंहदेवको मृत्यु भएताका नेपाल उपत्यकामा रुद्र मल्ल र अरि मल्लको संयुक्त शासन चलिरहेको थियो । अरि मल्ल त नाम मात्रका शासक थिए । राज्यको बागडोर भने रुद्र मल्लको हातमा थियो । यिनै रुद्र मल्लले हरिसिंहदेवको मृत्युपछि उनकी रानी देवलदेवी र छोरा जगत्सिंहलाई आफ्नो दरबारमा शरण दिएका थिए । शरणपाउनेबित्तिकै देवलदेवीले आफ्नो साथमा ल्याइएकी तलेजुको कलश दरबारमा स्थापित गरिन् । पछिसम्म पनि तलेजुलाई 'डोयमाजु' भन्ने चलन थियो । देवलदेवीहरु उपत्यकामा पसेको केही महीनापछि नै वि. सं. १३८३ श्रावणतिर रुद्र मल्लको मृत्यु भयो । उनका कुनै छोरा जीवित नहुँदा छोरी नायकदेवी नै बाबुको हकदार मानिइन् । देवलदेवी क्रमशः सक्रिय बन्दै आइरहेकी थिइन् , वास्तवमा सिम्रौनगढ राज्यविद्याको उन्नति तथा हिन्दू संस्कृतिको संवर्धनमा निकै महत्त्पूर्ण मानिन्थ्यो । त्यस्तो राज्यकी रानी भएकी हुँदा मल्लरबारमा उनको धाक जम्नु कुनै कठिन कुरो थिएन । उपराजको स्थानमा भएकी नायकदेवीको रेखदेख गर्ने काममा पनि देवलदेवी अग्रसर बनिन् । वि. सं. १३८६ मा काशीका हरिश्चन्द्रलाई ल्याएर नायकदेवीको विवाह गरियो । यसबाट यी हरिश्चन्द्रले नेपालको राजकाजमा हात हाल्ने मौका पाए, तर केही भारदारहरुलाई यो कुरा मन परेन । फलस्वरुप पछि विषप्रयोगद्वारा हरिश्चन्द्र मारिए । राजा कमजोर भएका हुँदा भारदारहरुमा गुटबन्दी चर्किरहेको थियो । त्यस्तैमा देवदेवी तथा उनका छोरा जगत्सिंहले तात्कालिक शक्तिशाली भारदारहरु अनेकराम, अभयराम, थयित आदिलाई आफ्नो पक्षमा मिलाई धेरै प्रदेशहरु कब्जा गरे । वि. सं. १४०१ मा अरि मल्ल मरेपछि तीन वर्षसम्म राजगद्दी खाली नै रह्यो । पछि वि. सं. १४०४ मा राजदेव राजा बनाइए । देवलदेवीको शक्ति भने बढिरहेको थियो । ठाउँ-ठाउँमा उनी आफै पनि लड्न गएर अधिकार कायम गरेकी थिइन् ।

यता हरिश्चन्द्रको हत्यापछि नायकदेवी देवलदेवीकै रेखदेखमा रहन लागेकी थिइन् । देवलदेवीका छोरा जगत्सिंह कुह्मरसँग एकै घरमा बस्ने हुदाँ बिस्तारै-बिस्तारै नायकदेवी र जगत्सिंहको सम्पर्क रहन थाल्यो र यसले विवाहको रुप लियो । पछि यसै जोडीबाट राजल्लदेवीको जन्म भयो । राजल्लदेवीको जन्म भएको १० दिनछि नै नायकदेवीको मृत्यु भएको हुँदा देवलदेवीमा अर्को सङ्कट आइपर्‍यो । देवलदेवीले पनि डटेर परिस्थितिको सामना गरेर राजल्लदेवीलाई हुर्काइन् । नायकदेवीको मृत्युपछि राजल्लदेवी नै शासनको मुख्य उत्तराधिकारी थिइन् । त्यसैले पनि देवलदेवीलाई आफ्नो प्रभाव बढाउँदै लान सजिलो भयो । वि. सं. १४११ मा बाहिरबाट जयस्थिति मल्ललाई ल्याएर देवलदेवीले राजल्लदेवीको विवाह गरिदिइन् । राजल्लदेवीका पतिको हैसियतले जयस्थिति मल्ल शासनमा हात बढाउन थाले । नातामा राजल्लदेवी हरिसिंहदेव+देवलदेवीकी नातिनी

भएकी हुँदा जयस्थिति मल्ल देवलदेवीका नातिनी ज्वाइँ बन्न गए । त्यसैले देवलदेवीले नै जयस्थिति मल्ललाई अगाडि बढ्न मद्दत दिइन् । यसरी वि. सं. १४२३ वैशाखमा देवलदेवीको मृत्यु नहुन्जेल ४० वर्षको लामो समयसम्म देवलदेवीले नेपालको मल्ल-दरबारमा आफ्नो हैकम जमाएर बसिन् । उनैले बनाएको बाटोबाट जयस्थिति मल्ल अगाडि बढे । उनको गति पनि काशीका हरिश्चन्द्र (नायकदेवीका प्रथम पति) जस्तो हुँदो हो, तर उनी चतुर व्यक्ति भएका हुनाले बिस्तारै-बिस्तारै आफ्नो प्रभाव जमाएर नेपालको राजगद्दी हात पार्न सफल भए ।

# जयस्थिति मल्ल

नेपालको इतिहासमा जयस्थिति मल्ल निकै प्रख्यात छन् । धेरै समय अघिदेखि बिग्रिरहेको नेपालको आर्थिक, सामाजिक, राजनीतिक सबै क्षेत्रमा सुधार गरेर यिनले एकपल्ट फेरि नेपालमा व्यवस्थित शासनको परिपाटीको सूत्रपात गरेका थिए ।

**वंश-परिचय-** जयस्थिति मल्लको वंशबारे विद्वान्हरुमा विवाद पाइन्छ । कसैले उनलाई कर्णाटवंशी हरिसिंहदेवका सन्तान मानेको छ भने कसैले कर्नाली प्रदेशका खस मल्ल राजाका सन्तान मानेको छ । कसैले उनलाई नेपालकै कुनै मल्ल राजाका सन्तान पनि मानेका छन् । नेपालका अधिकांश भाषा-वंशावलीहरु तथा स्वयं प्रताप मल्ल, जगज्ज्योति मल्ल आदिले पनि उनलाई कर्णाटवंशी मानेका छन् । तर स्वयं जयस्थिति मल्लले भने आफ्नो वंशको नामोनिशानसम्म कतै दिएको छैन । उनको समयमा लेखिएको भैरवानन्द नाटक, गोपाल-राजवंशावली तथा अरु स्रोतहरुमा उनलाई थुप्रै विशेषणहरुले सम्बोधन गरिएको छ, तर वंशको परिचय दिंदा भने 'रघुवंशी' मात्र भनिएको छ । उनले गरेका पूजा-पाठहरु तथा साना-साना कार्यहरुको समेत उल्लेख गर्न सक्ने गोपालराज-वंशावलीका लेखकलाई जयस्थिति मल्लको वंशबारे थाहा थिएन भन्न मिल्दैन । वास्तवमा जानी-जानीकन जयस्थिति मल्लको वंश लुकाइएको छ । उनले कर्णाटवंशी राजकुमारी राजल्लदेवीसँग विवाह गरेका हुँदा उनी कर्णावंशी हुन सक्तैनन् । अर्को रमाइलो कुरा के भने जयस्थिति मल्लकै सन्तान प्रताप मल्ल र जगज्ज्योति मल्लले पनि आफ्नो वंशक्रमको वर्णन गर्दा जयस्थिति मल्लको नाउँ लेखेका छैनन् । आफ्नो वंशबारे चर्चा गर्दा वंशका संस्थापक त्यत्रो प्रसिद्ध राजा जयस्थिति मल्लको चर्चै नगर्नुबाट पनि यसमा केही रहस्य रहेको आभास पाइन्छ । वास्तवमा यी मल्ल राजाहरु पनि जयस्थिति मल्लको वंशबारे जानीजानी चुप लागेका छन् । गोपाल-राजवंशावलीमा "तराईतिरबाट जयस्थिति मल्ल ल्याइए" भनिएको हुँदा उनलाई कर्नाली-प्रदेशका खस मल्ल पनि मान्न सकिंदैन । अतः जयस्थिति मल्लको वंश थाहा पाउन मुश्किल पर्ने देखिन्छ ।

**शासनमा उदय-** शासनमा जयस्थिति मल्लको उदय राजल्लदेवीका पतिको हैसियतले भएको थियो । यी राजल्लदेवी कर्णाटवंशी जगत्सिंहकी छोरी थिइन् । मिथिलाका राजा हरिसिंहदेवको राज्यमा मुसलमानले आक्रमण गरेपछि त्यहाँकी रानी देवलदेवी आफ्नो छोरा जगत्सिंहको साथमा नेपाल आएर मल्लदरबारमा शरणर्थीको रुपमा रहेकी थिइन् । पछि यी देवलदेवी नेपालको राजकाजमा हात हालेर ठूलो प्रभाव जमाउन पुगिन् । त्यस वेलामा मल्ल राजा रुद्र मल्लका छोरा नभएका हुँदा उनी मरेपछि उनकै

छोरी नायकदेवीको हातमा शासनाधिकार आएको थियो । उनलाई उपराज भनिन्थ्यो । यी नायकदेवीको पहिलो विवाह काशीका हरिशचन्द्रसँग भएको थियो, तर उनी भारदारी षडयन्त्रमा परेर मारिए । केही समयपछि नायकदेवीको दोस्रोविवाह कर्णाटवंशी राजकुमार जगत्‌सिंहसँग भयो । ती दम्पतीबाट राजल्लदेवीको जन्म भयो । राजल्लदेवी जन्मेको १० दिनमा नै नायकदेवी स्वर्गीय भएकी हुँदा अब राजल्लदेवी आफै उपराज मानिन थालिन् । उनी ८ वर्षकी भएपछि देवलदेवीले विदेशतिरबाट जयस्थिति मल्ललाई झिकाएर वि. सं. १४११ मा दुवैको विवाह गरिदिइन् । यसरी उपराज राजल्लदेवीसँग विवाह हुन पाएकोले जयस्थिति मल्ल 'राजल्लदेवीका पति' का हैसितले शासनमा सक्रिय हुन थाले । फेरि त्यसवेला राजा नाममात्रका भएका र सम्पूर्ण अधिकार देवलदेवीको हातमा भएकोले जयस्थिति मल्ललाई शासनमा प्रभाव जमाउन त्यति कठिन परेन । तर केही भारादारहरु भने यसरी केवल वैवाहिक सम्बन्धले मात्र शासनमा बाहिरको मान्छेले हात हालेको मनपराइरहेका थिएनन् । तर देवलदेवी जीवित छउन्जेल उनीहरुले केही पनि गर्न सकेनन् । वि. सं. १४२३ मा देवलदेवीको मृत्यु भएपछि भने यी विरोधीहरु सक्रिय हुन थाले । विरोधीहरु जयसिंहरामको नेतृत्वमा राजालाई समेत उचालेर जयस्थिति मल्लको विरोध गर्न थाले । उता जयस्थिति मल्ल पनि ठाउँ-ठाउँका भारदारहरुलाई हातमा लिएर आफ्नो सङ्गठन मजबूत बनाउन थाले । शासनमा पनि उनी सक्रिय नै थिए । वि. सं. १४२९ वैशाखमा जयसिंहरामले विद्रोह गर्ने योजना बनाएका थिए । तर यसको सुइँको पाएर पहिले नै जयस्थिति मल्लले उनलाई पक्रेर नेल ठोके, अनि आफ्ना समर्थक ललितपुरका जयत मुल्मीलाई महाथ (महामन्त्री) मा नियुक्त गरे । यस घटनाले ललितपुरका जयसिंहरामका समर्थक भारादारहरु असन्तुष्ट भए । उनीहरु आफ्ना समर्थक प्रजाहरुलाई बटुलेर जयस्थिति मल्लसँग लड्न भक्तपुरतर्फ हिंडे । जयस्थिति मल्ल पहिलेदेखि नै सतर्क थिए । ललितपुरेहरु युद्ध गर्न आएको खबर बुझेर उनी आफै सेनाको नेतृत्व गरेर लड्न हिंडे । विरोधीहरु त्यसवेला ठिमीमा सङ्गठित थिए । दुवै पक्षको युद्ध भयो । अन्तमा जयस्थिति मल्लकै विजय भयो । भारदार तथा प्रजा गरेर ५१ जना ललितपुरको त्यस युद्धमा ज्यान गयो । यसपछि भने उनी 'उपराज' को रुपमा सम्बोधित हुन थाले । ठिमीको युद्धमा विजय प्राप्त गरेको लगत्तैपछि (वि. सं. १४२९ श्रावणमा) जयसिंहरामलाई पनि विरोध नगर्न कबूल गराएर कैदमुक्त गरिदिए । लगभग २ वर्षसम्म त जयसिंहराम चुपचाप नै बसे, तर फेरि वि. सं. १४३१ असोजतिर फर्पिङ र अन्य क्षेत्रका भारदारलाई मिलाएर ललितपुरमा विद्रोह गरे । यसवेला पनि स्वयं जयस्थिति मल्ल गएर विद्रोहीहरुलाई दबाए । यसवेला पनि निकै विरोधीहरु काटिए । जयसिंहराम र अन्य सहयोगी भारादारहरु पक्राउ परे । पछि फेरि मेलमिलाप गरी जयसिंहरामसँग सम्झौताद्वारा उनलाई कान्तिपुर तथा बनेपाक्षेत्रका सामन्त नियुक्त गरे ।

यसरी सम्पूर्ण क्षेत्रमा आफ्नो प्रभाव जमाइसकेपछि जयस्थिति मल्ल राजा अर्जुन मल्ललाई हटाउने योजनामा लागे । वि. सं. १४३७ मार्गमा अर्जुन मल्ललाई ससम्मान सिन्दूरजात्रा गरेर उनको घर बनेपातर्फ पठाइदिए । तर २२ दिनपछि अर्जुन मल्ल फेरि भक्तपुर पुगे । यसरी राजा फर्केर आएको देखी भविष्यमा हुन सक्ने खतराबाट सशङ्क भई जयस्थिति मल्लले उनलाई पक्रेर कैद गरे । एक वर्षपछि कैदमा नै उनको मृत्यु भयो । त्यसपछि भने जयस्थिति मल्ल पूर्ण रुपले शासनमा हर्ताकर्ता भएर रहन थाले । तर

उनले सोभ्कै महाराजाधिराज भने आफूलाई भनाउन चाहेनन् । प्रजाहरुको मन जित्नको लागि "राजल्लदेवीका पति" को हैसियतले रहनु नै उनले श्रेयस्कर सम्झे ।

यसरी शुरुमा राजल्लदेवीका पतिको रुपमा दरबारमा प्रवेश पाएका जयस्थिति मल्लले पछि आफ्नै पराक्रमले राज्यमा एकलौटी अधिकार कायम गरी नेपालको सम्पूर्ण क्षेत्रलाई नयाँ मोड प्रदान गरे । वंशावलीहरुमा उनले गरेका विभिन्न सुधारहरुको उल्लेख पाइन्छ । साथै उनका विभिन्न अन्य कार्यहरुको चर्चा पनि तात्कालिक विभिन्न स्रोतहरुमा पाइन्छ ।

## जयस्थिति मल्लका सुधारहरू

नेपालीभाषामा लेखिएका विभिन्न वंशावलीहरुमा जयस्थिति मल्लले सामाजिक, आर्थिक, धार्मिक आदि विभिन्न क्षेत्रमा सुधार गरेर समाजलाई निकै व्यवस्थित बनाएको चर्चा गरिएको छ । तर विभिन्न विद्वान्हरुद्वारा जयस्थिति मल्लले स्थिति बाँधेको सम्बन्धमा शङ्का उठाइएको छ । यसका ठोस आधार पनि छन् । आजसम्म पाइएका जयस्थिति मल्ल तथा उनका सन्तानहरुका कुनै पनि प्रमाणहरुमा जयस्थिति मल्लले कुनै किसिमको स्थिति बाँधेको उल्लेख पाइँदैन । उनैको पालामा सम्पादन गरिएको गोपाल-राजवंशावलीमा पनि उनले गरेका सानातिना कार्यहरु र पूजापाठको समेत चर्चा गरिएको छ, तर उनले बाँधेको स्थितिको सङ्केत पनि दिइएको छैन । भाषा-वंशावलीमा पनि जयस्थिति मल्लले वर्णव्यवस्था लागू गरे भनिएको छ, जब कि हाम्रो समाज प्राचीन कालदेखि नै वर्णव्यवस्थामा आधारित थियो । यसर्थ यिनै विभिन्न कारणहरुले जयस्थिति मल्लले कुनै स्थिति बाँधेका थिए भन्ने सम्बन्धमा शङ्का उठाइएको थियो । तर अब आएर धेरै कुराहरु खुल्दै आएका छन् । त्यस वेलाका विभिन्न स्रोतहरुले नजानिंदो किसिमले समाजमा निकै परिवर्तन भएको सङ्केत दिएका छन् ।

यस वेलाका विभिन्न स्रोतहरुमा जयस्थिति मल्ललाई भगवान् रामका अवतार, राम्ररी धर्म र नीतिको प्रचार गर्न सिपालु, लोकको दुःख हर्ने व्रत लिएका आदि विशेषण लगाएर उनको सुशासन र मर्यादा-स्थापनाकार्यको निकै प्रशंसा गरिएको छ । पृथ्वीनारायण शाहले समेत 'राजा जयस्थिति मल्लको स्थिति हेरिसकें' भनेका हुँदा जयस्थिति मल्लले विभिन्न सुधारहरु गरेको कुरा स्पष्ट हुन आउँछ ।

वास्तवमा, जयस्थिति मल्लभन्दा अघि नेपाल उपत्यकाको समाज व्यवस्थित थिएन । विदेशबाट बसाइँ सरेर आउनेहरु, यहाँका प्राचीन बासिन्दाहरु तथा वज्रयानको प्रभावले गृहस्थी जीवनमा प्रवेश गरेका भिक्षु-भिक्षुणीहरु आदिको अनेकताले गर्दा कुनै निश्चित नियम समाजमा बस्न सकेको थिएन । त्यसमा पनि स्वयं शासक जयस्थिति मल्ल र उनका अधिकांश सहयोगीहरु र तल्लो जातका केही प्रजाहरु समेत बाहिर बाट यहाँ प्रवेश गरेका थिए । यी सबैलाई यहाँको रीतिस्थिति, खानपिन, चालचलन अमिल्दो थियो । त्यसैले यिनीहरु राजालाई आग्रह गर्न थाले । फलस्वरुप राजा जयस्थिति मल्लले विभिन्न क्षेत्रका ब्राह्मणहरुको एक समाज-सुधार-समिति गठन गरे । यसै समितिको सिफारिशमा राजाले परम्परालाई समेत ध्यानमा राखेर विभिन्न सुधारहरु गरेका हुन् । उनका सुधारहरुको वर्णन तल गरिन्छ ।

## आर्थिक सुधार

जयस्थिति मल्लले गरेका मुख्य कार्यहरुमा आर्थिक क्षेत्रको सुधार महत्त्वपूर्ण मानिन्छ। ती सुधारहरु तल लेखिएबमोजिम छन्।

**(क) पेशागत हक र हितको संरक्षण-** वंशावलीहरुमा जयस्थिति मल्ललाई जुन रुपले वर्ण र जातिको व्यवस्था गर्ने राजाको रुपमा वर्णन गरिएको छ, त्यसको वास्तविक आशय पेशागत हक र हितको संरक्षण थियो। हाम्रो यहाँ प्राचीन कालदेखि नै आफ्नो जातअनुसारको पेशा गर्दै जानाले नै लोकलाई सुखी तुल्याउँछ भन्ने धारण थियो। तर मध्यकालको शुरुदेखि नै यस व्यवस्थामा निकै अन्योलको स्थिति देखापऱ्यो। बाहिरबाट बसाइँ सरेर आउनेहरु र यहाँका पुराना बासिन्दाहरुको बीचमा पेशासम्बन्धी मनोमालिन्य उठेको थियो, साथै वज्रयानको प्रभावले गर्दा बौद्ध भिक्षु-भिक्षुणीहरु गृहस्थ भएर रहन थालेका थिए। यी सबैको समुचित व्यवस्था मिलाउन पनि जयस्थिति मल्लले ध्यान दिनुपर्ने भयो। त्यसकारण परम्परागत रीतिस्थितिलाई ध्यानमा राखेर पेशाको वर्गीकरण गरिएको हो। जातअनुसारको पेशा भनेर वंशावलीहरुमा यसैलाई सङ्केत गरिएको हो। तोकिएको पेशा छोडी अर्कै पेशातिर लागे धर्मसङ्कर (पेशासम्बन्धी झगडा) हुन्छ, यसले लोकको नाश गर्छ भन्ने धारणाले तोकिएको उत्तरदायित्व पूरा नगरेमा दण्डको व्यवस्था गरिएको थियो। साथै, आफूले काम लगाई आएको धोबी, हजाम आदिलाई थाहै नदिई अरुलाई बोलाएर काम लगाउन पनि रोक लगाइयो। यसलाई उल्लङ्घन गरेमा दण्डको समेत व्यवस्था गरियो। यसो गर्दा एकातिर धर्मसङ्कर हुन नपाउने भई अर्कोतिर पेशागत हक र हितको संरक्षण पनि समानान्तर रुपमा हुन पुग्यो। कामअनुसारको ज्याला पनि स्पष्ट तोकिएको हुँदा कुनै पक्षले पनि यसमा झैझगडाको स्थितिको सिर्जना गर्न पाएन।

**(ख) घर-जग्गाको व्यवस्थामा सुधार-** भूमिसम्बन्धी व्यवस्था मिलाउन पनि जयस्थिति मल्लले विशेष ध्यान दिएको पाइन्छ। जमीनको राम्रो वर्गीकरण नभएको हुँदा मालपोत उठाउन पनि लिने र दिने दुवै पक्षलाई अप्ठेरो परेको थियो। त्यसैले जयस्थिति मल्लले उब्जाको हिसाबले जमीनलाई अब्बल, दोयम, सिम र चाहार गरी चार भागमा विभाजित गरे। साथै आर्थिक स्तर मिलाउन सबै जमीनको क्षेत्रफलमा पनि अन्तर गरियो, जसअनुसार अब्बल जमीन १ वर्षमा ९५ हात घेराको मात्र हुन्थ्यो भने दोयम जमीन १०३ हात, सिम ११२ हात र चाहार १२५ हातसम्मको मानिएको थियो। यसरी आजको जस्तो जग्गाको क्षेत्रफल एउटै गरेर दाम अलग गर्नुको सट्टा त्यसवेला दाम एउटा गरेर जग्गाको क्षेत्रफल अलग-अलग गरिएको थियो। जमीन नाप्ने हात भन्नाले बूढी औंला २४ अङ्गुल बराबर एक हात मानिन्थ्यो। जग्गाजमीन नाप्नेलाई क्षेत्रकर भनियो।

घरहरु पनि शहरको मुख्य सडकका, गल्लीका र गल्लीको भित्रपट्टिका गरी तीन भेद गरेर तिनीहरुको पनि समान आर्थिक स्तरको निर्धारण गर्न क्रमशः ८५ हात, ९५ हात र १०१ हात घेरा तोकियो। घर बनाउन पनि जातअनुसार केही निश्चत नियमहरु बनाइयो। घर नाप्नेलाई तक्षकार भनियो। साथै, घर, जमीन बेचबिखन गर्न र बन्धक राख्न पाइने पनि व्यवस्था मिलाइयो।

**(ग) व्यापार-व्यवस्था-** व्यापारको क्षेत्रमा पनि जयस्थिति मल्लको सुधार उल्लेखनीय छ। प्राचीन समयदेखि नै नेपालको व्यापार भारत, चीन र तिब्बतसँग चल्ने गर्दथ्यो। तिब्बत र भारतसँगको व्यापार अटूट रुपमा रहे पनि चीनसँगको सम्बन्ध बीचबीचमा स्पष्ट पाइँदैन, तर जयस्थिति मल्लको समयमा आएर चीनसँग फेरि सम्बन्ध जोडिन आयो। निकै पल्ट नेपाली प्रतिनिधिहरु चीन गएको उदाहरण पाइन्छ। यसले गर्दा परम्परागत व्यापारमा अझ विस्तार हुन पुग्यो। आन्तरिक व्यापारमा पनि यिनले सुधार गरे। यिनले माना, पाथी, ढक, तराजुमा पनि केही सुधार गरेको मानिन्छ।

## सामाजिक सुधार

जयस्थिति मल्लले 'चार वर्ण छत्तीस जातको व्यवस्था मिलाए' भनेर वंशावलीमा लेखिएको छ। वास्तवमा जयस्थिति मल्लको समयभन्दा धेरै अगाडिदेखि नै नेपालमा वर्ण-व्यवस्था लागू थियो। हाम्रा लिच्छवि शासकहरु वर्णाश्रम-व्यवस्थाको पालन गर्न इच्छुक रहेका धेरै उदाहरण लिच्छविकालीन शिलालेखहरुमा पाउन सकिन्छ। जयस्थिति मल्लले पुरानो परम्परालाई व्यवस्थित गर्न मात्र खोजेका हुन्। वर्णव्यवस्था भन्नु नै पेशामा आधारित व्यवस्था हो। त्यसैले जयस्थिति मल्लले परम्परालाई पनि ध्यानमा राख्दै विभिन्न पेशा गर्ने समुदायको निम्ति विभिन्न निश्चित नियमहरु बसाइदिए। परम्परागत ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र वर्गमा पर्ने जातिहरु पनि यहाँ बसोबास गर्दथे। कति विदेशबाट पनि आएका थिए। उपत्यकामा पनि पाठपूजा गर्ने वर्ग, शासक वर्ग, व्यापारी वर्ग तथा अन्य समुदायहरु थिए। यी सबैको परम्परागत पेशालाई व्यवस्थित गर्न जयस्थिति मल्लले जुन स्थिति बसाइदिए, पछाडि गएर तत्-तत् पेशामा संलग्न सबै तत्-तत् जातिको रुपमा चिनिन थाले। यिनीहरुमध्ये नेवार-समुदायमा आचार्य, वैद्य, श्रेष्ठ र दैवज्ञ- यी चार थरी उच्च जातिमा गनिन लागे। साथै, तल्लो जात अछूत भनेर विभिन्न जातिहरु पनि थिए। यी विभिन्न जातिहरुको लवाइ-खवाइ, रीतिथिति आदिमा पनि निश्चत नियमहरु तोकिए। यसअनुसार कसाहीले बाहुला भएको लबेदा, पोडेहरुले टोपी, जुत्ता र सुनका गहनाहरु लगाउन नपाउने भए भने झिंगटीवाला घर बनाउन पनि अछूतवर्गलाई रोक लगाइयो। अछूत मानिएको समूहले शहरभित्र पस्न नपाउने भयो र शहरभित्र पस्नुपर्दा पनि पोडेहरुले त कपाल केहीले छोपेर बस्नुपर्ने भयो। भोजभतेर, विवाह, जन्म मृत्यु आदि कार्यहरुमा पनि के कसरी गर्ने तथा जूठो सूतक कुन जातले कति दिन बार्ने आदि सम्बन्धमा पनि नियम बसाइयो। दण्ड-सजाय गर्दा पनि जातअनुसार गर्न थालियो। राजाहरु मर्दा सबैले मलामी जानुपर्दथ्यो। त्यसमा जातीय उच्चताको आधारमा क्रम मिलाई हिंड्नुपर्दथ्यो।

## अन्य सुधारहरू

**न्यायिक सुधारहरु-** न्याय-व्यवस्थासम्बन्धी सुधारमा पनि जयस्थिति मल्लको उल्लेखनीय स्थान छ। उनीभन्दा अघि नेपालको राजनीतिक परिपाटी व्यवस्थित नभएको हुँदा न्यायप्रणालीमा पनि अराजकताजस्तै थियो। कुनै निश्चित नियम-कानून थिएन। लिच्छविकालको त्यस किसिमको अनिश्चितता हराएर मध्यकालमा 'खूनको बदला खून'

भन्ने भावना विराजमान हुन पुग्यो । जस्तोसुकै अपराधमा पनि शारीरिक यातना मात्र दिइन्थ्यो । यसमा जयस्थिति मल्लले अपराधको स्थिति हेरी आर्थिक दण्ड दिने नियम पनि बसाए । तर कतिपय अपराधहरु (जस्तो- देवस्व, चोरी जस्ता अपराधहरु) मा भने जयस्थिति मल्लले निकै कठोर व्यवस्था बनाएका थिए । यस्ता देवसम्पत्ति चोर्नेलाई मृत्युदण्डसम्म पनि उनी दिने गर्दथे । पशुपतिनाथको भन्डारको चोरी हुँदा उनले ललितपुरका सबै ठूला-ठूला चोरलाई पक्रेर मार्न लगाएका थिए । त्यसैले 'उनको राज्यभरि कतै चोरी भएन' भनेर गोपाल-राजवंशावलीकारले समेत उल्लेख गरेका छन् । यसको अतिरिक्त उनको समयमा विभिन्न स्रोतहरुले उनलाई रामको अवतारभएका, लोकको दुःख हर्ने व्रत लिएका, राम्ररी धर्म र नीतिको प्रचार गर्न सिपालु आदि विशेषण लगाएको उदाहरणबाट पनि न्यायप्रणाली प्राचीन धर्मशास्त्रमा आधारित भएको बुझिन्छ ।

**भाषा र साहित्यमा नयाँ व्यवस्था-** जयस्थिति मल्लको समयमा भाषा र साहित्यमा निकै उन्नति भयो । उनको समयमा आएर संस्कृतका अधिकांश आवश्यक ग्रन्थहरुको उल्था नेवारी भाषामा गर्न थालियो । साथसाथै भैरवानन्द, अभिनयनाटक आदि मौलिक ग्रन्थहरु पनि तयार भए । 'मणिक' नामका प्रसिद्ध विद्वान्ले उनको दरबारमा आश्रय पाएका थिए । साथै परम्पराको रक्षार्थ इतिहासको जगेर्नामा पनि यिनले ध्यान दिए । वर्तमान समयमा उपलब्ध 'गोपाल-राजवंशावली' उनैको पालामा उनैको आदेशले तयार पारिएको हो । दक्षिणी भारततर्फ मुसलमानको मारमा परेर यता प्रवेश गर्ने सम्पूर्ण विद्वन्मण्डलीले उनको दरबारमा आश्रय पाएका थिए । तात्कालिक अभिलेखहरु, उनको समयमा रचिएका ग्रन्थहरु एवं उनका छोराहरुको व्रतबन्ध र विवाहमा नचाउनको लागि लेखिएका नाटकहरुको स्तरलाई हेर्दा भन्न सकिन्छ- निश्चय नै त्यस समयमा विद्याको स्तर माथि उठेको थियो ।

यसरी विभिन्न क्षेत्रमा सुधार गरेर देशमा अमन-चैन कायम गरी यिनले नेपालमा शासन गरे । वि. सं. १४५२ भाद्रमा यिनको मृत्यु भयो ।

# यक्ष मल्ल

नेपालको इतिहासमा यक्ष मल्ल महान् विजेता तथा प्रभावशाली व्यक्तित्वको रुपमा चिनिन्छन् । यिनी जयस्थिति मल्लका नाति तथा ज्योति मल्लका छोरा थिए । यिनको जन्म वि.सं. १४६५ मा भएको थियो । बाबु ज्योति मल्लको शेषपछि वि. सं. १४८५ तिर यिनी उपत्यकाको मल्ल राजगद्दीमा बसेका थिए । यिनी बाबुकै पालादेखि नै शासनमा सक्रिय भूमिका खेल्दै आएका थिए ।

## दिग्विजय

नेपालको इतिहासमा यक्ष मल्ल महान् विजेता तथा प्रभावशाली व्यक्तित्वको रुपमा चर्चित छन् । यिनले विभिन्न प्रदेशहरुमा विजय गरेर नेपालको ख्याति निकै बढाएका थिए । उनैको वंशज भक्तपुरका राजा जगज्ज्योति मल्लको 'नरपतिजयचर्या-

स्वरोदय टीका' नामको ग्रन्थमा गरिएको वर्णनअनुसार यक्ष मल्लले दक्षिणमा मिथिला जिती मगध र गयासम्म पुगेर, अनि पश्चिममा गोरखासम्म, पूर्वमा बङ्गालसम्म र उत्तरमा सात दिनको बाटो परसम्मका पहाडी राजाहरुलाई जितेर नेपाललाई शत्रु-शून्य पारेको बुझिन्छ । कर्कप्याट्रिकले यक्ष मल्लले मोरङ तथा तिब्बतको शिकारजोङसम्म पनि जितेको उल्लेख गरेका छन् । यसरी यक्ष मल्लले नेपालको सिमाना निकै फैलाएको देखिन्छ ।

कतिपय इतिहासकारहरुले यक्ष मल्लको यस दिग्विजयमा शङ्का उठाएका छन् । यक्ष मल्लको विजयबारे डिल्लीरमण रेग्मीले 'वास्तविक तथ्यभन्दा प्रशस्ति, स्तुति र गुणको वर्णन गरी देखाइएको अनुमान हुन्छ' भन्ने विचार व्यक्त गर्नुभएको छ । उहाँको विचारमा गण्डकी-कोसीतटमा उनको विजयको अभियानमा बाधा गर्न सक्ने कुनै शक्ति नदेखिए पनि बङ्गाल, मगध र मिथिलाको विजय भने पत्यारलाग्दो देखिंदैन । त्यस्तै, सूर्यविक्रम ज्ञवालीले 'जगज्ज्योति मल्लले वर्णन गरेको यक्ष मल्लको विजयको वर्णन निश्चय नै एउटा धाक हो, तर सिम्रौनगढ, मोरङ, गोरखाका मगरहरु तथा उत्तरतिर पहाडी प्रदेशका केही क्षेत्रहरुमा आफ्नो प्रभाव फैलेको हुन सक्दछ; दक्षिण गङ्गासम्म पुगे भनेको कुरा त नेपालको इतिहासमा उखानजस्तो कुरा छ' भन्ने विचार व्यक्त गर्नुभएको छ । त्यस्तै, पी. ल्यान्डन र अरु केही विद्वान्हरुले पनि यक्ष मल्लको विजय-वर्णनमा शङ्का उठाएको पाइन्छ । तर उपलब्ध प्रमाणहरुको गहिरिएर अध्ययन गरेको खण्डमा सैनिक अभियानद्वारा नै विजय-अभियान सम्पन्न गरेको स्पष्ट हुन्छ । यसबारे इतिहासकार धनवज्र वज्राचार्यको भनाइ उल्लेखनीय छ । 'जगज्ज्योति मल्लको उक्त नरपतिजयचर्चा-स्वरोदय टीकामा वर्णनशैलीमा केही अत्युक्ति भए तापनि पशुपतिको सन्धिपत्र, त्यस वेलाको पश्चिम र पूर्वपट्टिको राजनीतिक अवस्था आदिमा ध्यान दिई विचार गर्दा केही काल उपर्युक्त क्षेत्रमा यक्ष मल्लको प्रभाव फैलेको थियो ।[1]

वास्तवमा यक्ष मल्ल भक्तपुरमा बसी शासन गर्दथे र कान्तिपुर, ललितपुर फर्पिङ, बनेपा, दोलखा आदि क्षेत्रमा पुस्तैनी अधिकार पाएका सामन्त शासकहरुको हैकम चल्दथ्यो । मूल रुपले यिनीहरु मल्ल राजाहरुकै अधीनमा रहने भए पनि यदाकदा केन्द्रसँग सरसल्लाह र सम्झौता गर्नुपर्दथ्यो । यसो नगरेमा सङ्घर्षकालमा उनीहरु शत्रु पक्षसँग मिल्न जाने सम्भावना हुन्थ्यो र यस्तो भएमा केन्द्रलाई गाह्रो पर्दथ्यो । त्यसैले यक्ष मल्लले विजय-अभियान शुरु गर्नुअघि वि. सं. १५१० जेठमा साँखु, ललितपुर, फर्पिङ आदि क्षेत्रका सामन्त शासकहरुलाई पशुपतिको धर्मशिला छुवाई शपथ खुवाएका थिए । सो सन्धिको उल्लेख भएको पशुपतिको ताम्रपत्रबाट दक्षिणका चम्पारण, लोहावर तथा अन्य राज्यमा यक्ष मल्लले विजय-अभियानको संचालन गर्न तयारी गरेको बुझिन्छ । "शत्रुराज्यका कुरा नसुनी, हेलचक्रयाइँ तथा ढिलासुस्ती नगरी जो जहाँ हुन्छ त्यहींबाट आफै अघि सरी तथा आवश्यक परेमा सङ्गठित भएर हमला गर्ने" भन्ने कुरा त्यस ताम्रपत्रमा परेको छ ।[2] यसरी सामन्तहरुसँग सम्झौता गरेपछि यसको लगत्तैपछि वि. सं.

---

1. दोलखाको ऐतिहासिक रुपरेखा, पृ. २०

2. [redacted] मेडिएभल नेपाल, भाग ३, पृ. ७२

१५१० श्रावण २२ गते शुक्रबार यक्ष मल्लले भक्तपुर शहरलाई सारा जनताको सहायताले एक मजबूत गढको रुपमा परिणत गरे । सो गढ बनाउँदा चारै वर्णका मानिसहरुले श्रमदान गरेका थिए । यसरी सबैतिरबाट सुरक्षको लागि आवश्यक बन्दोबस्त मिलाइसकेपछि नै यक्ष मल्लले आफ्नो विजय-अभियान चलाएको बुभिन्छ ।

यक्ष मल्ललाई विजय-अभियान चलाउने परिस्थिति पनि त्यसवेला अनुकूल परेको थियो । गोरखा पहिले कर्नाली-प्रदेशको खसराज्यको अधीनमा थियो, तर यसवेला भने खसराज्य खण्डित भएर अनेक राज्यहरु अस्तित्वमा देखा पर्न थालिसकेको थिए । त्यस्तै, पाल्पातिर पनि कुनै व्यवस्था बनिसकेको थिएन । तसर्थ यी क्षेत्रहरुमा विजय हासिल गर्न यक्ष मल्ललाई कुनै कठिनाइ भएन । त्यस्तै, उत्तरतर्फ ह्लासाको छेउछाउसम्म र दक्षिणतिर पनि कुनै मजबूत शासन नभएको हुँदा यक्ष मल्ललाई आफ्नो प्रभाव फैलाउन कुनै कठिनाइ परेन । यसरी यक्ष मल्लले सैनिक अभियानबाटै आफ्नो मल्लराज्यलाई पूर्व बङ्गाल, पश्चिम गोरखा तथा पाल्पा, उत्तर तिब्बतको सिकारजोङ र दक्षिण गङ्गासम्म फैलाएको बुभिन्छ । दोलखामा पाइएको 'हिरण्य-सप्तक' नामक ग्रन्थले पनि यक्ष मल्लको सैनिक अभियानको पुष्टि गरेको छ । 'वि. सं. १५१० फाल्गुनमा दोलखाका शासक कीर्तिसिंह आदि तीन शासकहरुले यक्ष मल्लको विजय-अभियानताका युद्धमा भाग लिएका थिए' भन्ने आशयको वर्णन त्यसमा परेको छ ।

यसरी यक्ष मल्ल महान् विजेता तथा लडाकू शासक देखिन्छन् । उनले लिएका प्रशस्तिहरुबाट पनि उनको महत्ता स्पष्ट हुन्छ । परम्परागत राजाधिराज आदि प्रशस्तिको अतिरिक्त नेपालेश्वर, नेपाल-मण्डलेश्वर, नेपालपुण्यभूमीश्वर जस्ता पदहरु पनि उनले लिएका थिए । एक ठाउँमा त उनलाई 'तारकासुरको घमन्ड तोड्ने गौरीशङ्करका अवतार भएका श्री श्रीलक्ष्मीनाराण' समेत भनिएको छ ।

तर यक्ष मल्लको विजय स्थायी हुन सकेन । विजय-अभियानको केही समयपछि नै यक्ष मल्लका सामन्तहरु फेरि विद्रोही हुन थालेको बुभिन्छ । तर यक्ष मल्लले स्थायी रुपले यी सामन्तहहरु उठ्न भने दिएनन् । नुवाकोटका एक पुरानो वंशावली अनुसार 'यक्ष मल्लले वि.सं. १५२४ मा नुवाकोटका वैश्य राजालाई मासेर आफै राज्य चलाए' भन्ने परेको छ । उनका विजित राज्यहरुमा भने यस विद्रोहले असर गऱ्यो । क्रमशः ती सबै राज्यहरु यक्ष मल्लको प्रभावबाट मुक्त हुँदै गए । त्यस्तै यिनका छोराहरुको महत्त्वाकांक्षी स्वभावले गर्दा त यक्ष मल्लको त्यत्रो विशाल साम्राज्य खुम्चेर काठमाडौं उपत्यका र वरपरका क्षेत्रहरुमा मात्र सीमित रहन गयो । नुवाकोटभेकमा समेत पछि रत्न मल्लले फेरि विजय गर्नुपऱ्यो ।

**धर्म तथा कला-** यक्ष मल्ल मूल रुपले कट्टर हिन्दू-धर्मावलम्बी देखिन्छन् तापनि धार्मिक सहिष्णुताको आदर्श उनमा पनि थियो । शैव, वैष्णव तथा बौद्ध सबै सम्प्रदाय-हरुमा उनको समान आस्था भएको कुरा तात्कालिक विभिन्न स्रोतहरुबाट बुभ्न सकिन्छ ।

वि. सं. १४९७ मा यक्ष मल्लले आमा संसारदेवी र भाइ जीव मल्लको साथमा भक्तपुर तौमडीटोलमा मन्दिर बनाउने, गजूर चढाउने तथा धाराहरु बनाउने कार्य गरेका थिए । आमाको मृत्यु भएपछि वि. सं. १५०४ तिर दुवै दाजुभाइले आमाको सम्भनामा

गौरीको पूराआजाको निम्ति गुठी समेत राखेका थिए । वि. सं. १५०४ मा नै यक्ष मल्ल नौ दिन हिंडेर गोसाईंकुण्डमा नीलकण्ठको दर्शन गर्न गएका थिए । त्यहाँ जाँदा तथा फर्कंदा गाई एवं अन्य विभिन्न चीजहरु दान पनि गरेका थिए । छोरा राज मल्लको असामयिक मृत्युमा उसैको सम्झनामा छोराकै आकारको हृषीकेश विष्णुको सुवर्णमूर्ति तथा मन्दिर समेत बनाएर भक्तपुरमा स्थापना गरे । साथै, षट् दर्शन पढ्नेहरुको बसोवासको निम्ति अग्निशाला, भान्साघर, सतल, कुवा, धारा समेत बनाएको बुझिन्छ , भक्तपुरमा भएको दत्तात्रेय-मन्दिर तथा यक्षेश्वर-मन्दिर यक्ष मल्लकै देन हुन् । यक्षेश्वर-मन्दिरको निर्माणबारे वंशावलीमा यस्तो उल्लेख छ- "यक्ष मल्ल सधैं पशुपतिको दर्शन गरेर मात्र खाने गर्दथे । तर एकदिन वागमतीमा बाढी आएको हुँदा पारि पुग्न सकेनन् र दरबार फर्केर निराहार नै बसे । त्यसरात राजालाई सपनामा पशुपतिले दर्शन दिएर भक्तपुरमा नै मन्दिर बनाउने आज्ञा दिए ।" यक्ष मल्ल स्वर्ग भएपछि उनैकी रानी कीर्तिलक्ष्मीले पूजा गरेर सो मन्दिरमा चौबीस थान सिंहका सुनका टाउका चढाएकी थिइन् । यक्ष मल्लले पशुपतिको पूजाआजामा पनि नयाँ व्यवस्था मिलाएका थिए । एक वंशावलीअनुसार यक्ष मल्लले शङ्कराचार्य स्वामीबाट दीक्षित भएर पशुपतिमा दक्षिण-भारतीय भट्ट ब्राह्मणबाट पूजा गर्ने व्यवस्था मिलाएको बुझिन्छ । यक्ष मल्लले बसाएको उक्त परम्परा वर्तमान समयसम्म पनि कायमै पाइन्छ । यसको अतिरिक्त ललितपुरको मीननाथ-मन्दिर, भद्र बोधिसत्त्व, पद्मपाणि लोकेश्वर आदिका मन्दिर तथा बौद्ध विहार समेत यिनको पालामा बनेका बुझिन्छन् । यक्ष मल्लकै पालामा बनेका सूर्य, गणेश, सरस्वती, विष्णु आदिका अनेक मूर्तिहरुबाट पनि उनको कलाप्रेम स्पष्ट हुन्छ । यसको साथै वेला-वेलामा यज्ञ-यागादि तथा होम गर्ने गरेको उदाहरण पनि निकै पाइन्छन् । यसरी यक्ष मल्ल धार्मिक तथा कला एवं वास्तुकलाका प्रेमी राजाको रुपमा पनि महत्त्वपूर्ण देखिन्छन् ।

**परिवार-** यक्ष मल्लको परिवार निकै ठूलो देखिन्छ । उनका अनेक रानीहरु थिए र छोराछोरीहरु पनि निकै थिए । सरस्वतीदेवी, कीर्तिलक्ष्मी, कर्पूरदेवी, स्वरुपदेवी, उदयदेवी आदिको नाम तात्कालिक स्रोतहरुबाट पाइन्छ । साथै, ल्याइते पत्नीहरु जीवलक्ष्मी र जयतनाको नाम पनि वि. सं. १५३८ को चाँगुभण्डारको अभिलेखबाट बुझ्न सकिन्छ । राय मल्ल, रत्न मल्ल, रण मल्ल, राम मल्ल, अरि मल्ल, पूर्ण मल्ल र राज मल्ल गरी उनका ७ भाइ छोराहरु भएको बुझिन्छ । राज मल्लको मृत्यु बाबुकै पालामा भएको थियो । यक्ष मल्लकी एउटी छोरीको छोरा भीम मल्लको पनि त्यसवेला निकै प्रसङ्ग आउँछ ।

**अन्तिम दिनहरू-** यक्ष मल्लका अन्तिमहरुबारे विद्वान्हरुले अनेक विचार व्यक्त गरेको पाइन्छ । लुसियानो पेटेकले यक्ष मल्लका छोरा राय मल्लले विद्रोह गरेको उल्लेख गरेका छन् । वि. सं. १५१९ मा लेखिएको 'स्वरोदयदशा' नामक हस्तलिखित ग्रन्थमा 'राजाधिराजपरमभट्टारक श्री रायमल्लदेवस्य विजयराज्ये' भनिएको छ । वास्तवमा यसैको आधारमा पेटेकले आफ्नो तर्क प्रस्तुत गरेका हुन् । तर सोही सालका र त्यसपछिका प्रमाणहरुमा पनि यक्ष मल्लको शासनमा कुनै गडबडी भएको देखिंदैन । कुनै मणिराज भारो नामक व्यक्तिले राय मल्ललाई खुशी पार्न यस किसिमको उल्लेख गरेको अनुमान हुन्छ । राय मल्ल त्यति शक्तिशाली भएका भए मल्लराज्य टुक्रने थिएन । कतिपय

विद्वान्हरुले यक्ष मल्लले आफ्नो अन्तिम अवस्थामा विशाल मल्लराज्य टुक्रयाएर छोरा-छोरीहरु बीच विभाजित गरिदिएको विचार व्यक्त गरेका छन् । तर यक्ष मल्लले राज्य बाँडे भन्नु निराधार तर्क हो । यक्ष मल्लको मृत्यु भएको केही पछि मात्र मल्लराज्य खण्डित हुन थालेको हो । तर यक्ष मल्लका अन्तिम दिनहरु भने शान्तिपूर्वक बितेका थिएनन् । आफूले जितेका प्रदेशहरुमा नियन्त्रण हुन नसकेर तिनीहरु स्वतन्त्र हुँदै थिए; यता छोराहरुमा शासनाधिकारको निम्ति कलह शुरु भइसकेको थियो । राजा वृद्ध हुँदै गइरहेका थिए, यता छोराहरु भने यस्तै मौकामा राज्य हत्याउने चेष्टामा थिए । माहिला छोरा रत्न मल्लको पक्ष यसमा विशेष सक्रिय थियो । राजा यक्ष मल्लले जेठा छोरा राय मल्ललाई राजतिलक दिन आँट्दा रत्न मल्लको पक्षले विरोध गरेको वंशावलीमा उल्लेख छ । तसर्थ यक्ष मल्लले सबै भाइको संयुक्त शासन नै कायम गरिदिए ।

यसरी ५३ वर्ष शासन गरेर ७३ वर्षको उमेरमा वि. सं. १५३८ को अन्ततिर यक्ष मल्लको मृत्यु भयो ।

## मल्लराज्यको विभाजन

नेपाल उपत्यकाको सङ्गठित मल्लराज्यका अन्तिम मल्ल राजा यक्ष मल्ल थिए । उनीपछि उनको विशाल मल्लराज्य क्रमशः विभिन्न सानासाना रजौटाहरुमा विभक्त हुँदै गएको पाइन्छ ।

उपत्यकाको मल्लराज्यको विभाजनबारे विद्वान्हरुमा मतभेद पाइन्छ । पर्सिवल ल्यान्डनले उपत्यकाको यो राज्य-विभाजन स्वयं यक्ष मल्लले गरेको मानेका छन् । 'यक्ष मल्लले आफ्नो राज्यलाई चार भागमा विभाजित गरेर भक्तपुर जेठा राय मल्ललाई बनेपा महिला रण मल्ललाई, कान्तिपुर कान्छा रत्न मल्ललाई र ललितपुर दौहित्र (छोरीको छोरो) लाई भनेर ल्यान्डनले उल्लेख गरेका छन् । त्यस्तै, भगवान्लाल इन्द्रजी, डेनियल राइट आदिले पनि वंशावलीलाई नै आधार मानेर यक्ष मल्लले नै राज्य-विभाजन गरेको मानेका छन् । इटालियन विद्वान् लुसियानो पेटेकले भने यक्ष मल्लले विभाजन गरेको नभनेर 'यक्ष मल्लले राज्य-विभाजनको स्थिति सिर्जेका थिए' भन्ने उल्लेख गरेका छन् । अन्य विभिन्न इतिहासकारहरुको विचार भने 'यक्ष मल्लले राज्यविभाजन गरेको होइन, उनका छोराहरुको महत्त्वाकाङ्क्षी स्वभावले भएको हो, तर यसमा कहाँसम्म यक्ष मल्लको हात थियो, त्यसबारे विचार गर्नु आवश्यक हुन्छ ।

मल्ल राजाहरु यक्ष मल्लको समयसम्म नेपाल-मण्डलेश्वर (सम्पूर्ण नेपालका मालिक) को हैसियतले भक्तपुरमा बसेर शासन गर्दथे । कान्तिपुर, ललितपुर, फर्पिङ, नुवाकोट, दोलखा आदि क्षेत्रहरुमा पुस्तैनी अधिकार पाएका सामन्त शाकहरुको शासन थियो । यी महापात्रहरु मल्ल राजाको हुकुम मानी शासन गर्दथे तापनि पुस्तैनी अधिकार पाएका हुनाले कमजोर भने थिएनन् । यदाकदा विद्रोह गरेर स्वतन्त्र हुने चेष्टा पनि गर्दथे । त्यसैले स्वयं मल्ल राजाले समेत विशेष कदम चाल्नुपर्दा यी सामन्त शासकहरुसँग छलफल र सन्धि गर्नुपर्दथ्यो । वि.सं. १५१० को यक्ष मल्लको पशुपतिस्थित ताम्रपत्र यसको ज्वलन्त उदाहरण हो ।

वि. सं. १५३८ मा यक्ष मल्लको मृत्यु भएपछि जेठा छोरा राय मल्ल गद्दीमा बसे पनि सबै दाजुभाइहरु र भानिजको समेत संयुक्त शासन चल्यो । दाजुभाइहरुमा रत्न मल्ल चतुर र महत्त्वाकाङ्क्षी थिए । उनी छुट्टै राज्यस्थापना गर्ने ताकमा थिए । अन्य प्रदेशहरुमा भन्दा कान्तिपुरका महापात्रहरु केही कमजोर थिए । त्यसैले वि. सं. १५४१ मा रत्न मल्लले कान्तिपुरका महापात्रहरुलाई दबाएर आफ्नो शासन कायम गरे । यसरी यक्ष मल्लको मृत्यु भएको तीन वर्षपछि मात्र कान्तिपुर स्वतन्त्र भएको देखिन्छ । त्यसपछि रत्न मल्लले केही भाइहरुलाई आफ्नो पक्षमा मिलाएर भक्तपुरअन्तर्गत प्रदेशहरु कब्जा गर्न थाले । शुरुमा नुवाकोट र पछि ललितपुरमा समेत आफ्नो अधिकार कायम गरे । त्सपछि रत्न मल्लले आफ्ना भाइ रण मल्ल र भानिज भीम मल्ललाई उचाल्न थाले । फलस्वरुप बनेपा सातगाउँतिर रण मल्लको शासन कायम भयो । यसरी कान्तिपुर स्वतन्त्र भएको केही वर्षपछि बनेपा स्वतन्त्र हुन पुग्यो ।

मल्ल राजखलकमा गृहकलह उत्पन्न भएको मौकामा दोलखातिर पनि सामन्त शासकहरु टाउको उठाउने चेष्टा गर्न थाले । त्यहाँका तत्कालिक सामन्त शासक उद्धवदेवलाई वि. सं. १५४८ को एक अभिलेखमा 'दोलखाधिपति' भनिएको छ । साथै, उनी मल्ल राजाहरु झै 'ठाकुर' तथा 'देव' समेत कहलाउन थाले । यसरी दोलखा पनि क्रमशः स्वतन्त्र हुने चेष्टामा लागेको देखिन्छ ।

ललितपुरको स्थिति अझै बेग्लै थियो । रत्न मल्ल जीवित छउन्जेल उनले त्यहाँका प्रमुख महापात्र हर्षपाल-जगतपाल आदिलाई हातमा लिएर आफ्नो प्रभाव जमाएका थिए, तर सबै भारादारहरु यसका समर्थक थिएनन् । फलतः दुई पक्षबीच सङ्घर्ष हुन थालेथ्यो । रत्न मल्ल जीवित छउन्जेल जगत्पालको शक्ति बढेको थियो। तर रत्न मल्ल मर्ने बितिकै विरोधी पक्ष सक्रिय भएर आयो । यसका नेता विष्णुसिंह थिए । उनले वि. सं. १५४८ मा चापागाउँका मानिसलाई उठाएर जगत्पाललाई मारी ललितपुरमा आफ्नो स्वतन्त्र राज्य स्थापित गरे । रत्न मल्लका उत्तराधिकारीहरु कमजोर भएका हुँदा पनि विष्णुसिंहलाई पाटन स्वतन्त्र बनाउन सजिलो भयो । यसरी यक्ष मल्ल मरेको ४६ वर्षपछि मात्र ललितपुर स्वतन्त्र बनेको देखिन्छ ।

रत्न मल्लले कान्तिपुर तथा अन्य क्षेत्रलाई स्वतन्त्र बनाएकोमा राय मल्लले मान्यता दिएनन् । तर आफ्नो कमजोरीले गर्दा उनलाई अँठ्याउन पनि सकेनन् । त्यसैले उनी'हामी सबै भाइको संयुक्त शासन हो' मात्र भन्ने गर्थे । उनले राखेका प्रायः सम्पूर्ण अभिलेखहरुमा राय मल्ल, रत्न मल्ल, राम मल्ल आदि सबै भाइ भानिजको समेत संयुक्त शासन चलेको उल्लेख गरेका छन् । यसबाट राय मल्ल जीवित रहुन्जेल राज्य टुक्रेको थिएन कि भन्ने भान पनि पर्छ । तर स्थिति अर्कै थियो । शुरुदेखि नै यिनीहरुमा मेलमिलाप थिएन । वि. सं. १५५१ को भक्तपुरस्थित यक्षेश्वर-मन्दिरको अभिलेखमा यस कुराको सङ्केत दिइएको छ । "राजाहरुबीच झगडा भएर हारजीत जे भए पनि मन्दिरको रेखदेख साबिकबमोजिम नै गर्नू" भन्ने कुरो त्यहाँ परेको छ । वि. सं. १५५२ को पशुपति-भण्डारको अभिलेखमा त स्पष्ट रुपले शुरुदेखि नै यी दाजुभाइहरुको मेल नभएको देखिन्छ । सो ताम्रपत्र रत्न मल्ल, रण मल्ल, अरि मल्ल र भीम मल्ल (भानिज) ले राय मल्ल र भक्तपुरमा बस्ने अरु भाइहरुको विरुद्ध एक हुन धर्म भाकी गरिएको हो ।

भक्तपुरेहरु आगोपानी बन्द गरेर तथा राँगो लगाएर कान्तिपुरे तथा ललितपुरेहरुलाई दुःख दिने गर्दथे भन्ने कुरा पनि यसै अभिलेखबाट बुझिन्छ । राय मल्लको अन्तिम अवस्थातिर त यिनीहरुको सम्बन्ध झन् नराम्रो थियो । वि. सं. १५६६ मा राय मल्ल मर्दा रत्न मल्लले देउपाटनमा अग्निसंस्कार गर्न अनुमति समेत दिएनन् ।

यसर्थ मल्लराज्यको विभाजन यक्ष मल्लका छोराहरु (विशेष रुपमा रत्न मल्ल) को महत्त्वाकांक्षी स्वभावले गर्दा भएको हो । यक्ष मल्ल मरेको धेरै वर्षपछाडि आएर मात्र अनेक राज्यहरु देखिएका हुँदा 'यक्ष मल्लले राज्यविभाजन गरे' भन्न मिल्दैन । यक्ष मल्लले विभाजन गरेको भए त उनको मृत्यु भएको लगत्तैपछि नै अनेक राज्यहरु देखिनुपर्ने हो । तर यस कार्यमा यक्ष मल्ल पूर्ण रुपले चोखा भने थिएनन् । लुसियानो पेटेकको विचारअनुसार नै परोक्ष रुपमा यक्ष मल्ल पनि दोषी नै देखिन्छन् । वास्तवमा यक्ष मल्ल अनेक गुण भएका थिए तापनि भविष्यसम्म सोचेर नीतिको प्रयोग गर्ने क्षमता भने उनमा थिएन । त्यसताका राजाहरुका छोराहरुमा जेठा मात्र गद्दीका हकदार हुन्छन् भन्ने निश्चित नियम थिएन । जेठा छोरा गद्दीमा बसे पनि सबै भाइहरुले मिलेर संयुक्त रुपले शासन चलाउने परिमाटी थियो । त्यसकारण राजाका छोराहरुमा जो बाठा हुन्थे, उनले अधिकार एकलौटी पार्ने चेष्टा गर्थे । गृहकलहको मूल यही हुन्थ्यो । योग्य शासकको सोचाइ त यस्तो 'राज्यव्यसन' खडा हुन नदिनु हुन्छ, तर यक्ष मल्ल पनि यस परम्पराबाट अलग्ग रहन सकेनन् । आफ्नो जीवनकालमै सबै छोराहरु अझ छोरीका छोरा (नाति) समेतको संयुक्त शासन कायम गर्न प्रोत्साहन दिएका थिए । वृद्धावस्थामा राजा कमजोर हुँदै गए; छोराहरु भने राज्य हत्याउने चेष्टामा लागे । रत्न मल्लको पक्ष यसमा विशेष सक्रिय थियो । फलस्वरुप राय मल्लको समूहले राजालाई राय मल्लको पक्षमा राज्य छोड्न कर गर्न थालेको बुझिन्छ । वंशावलीअनुसार यक्ष मल्लले जेठा छोरा राय मल्ललाई राज्यतिलक दिन आँटेका पनि थिए, तर रत्न मल्लको समूहले विरोध गरेको हुँदा राय मल्लको इच्छा पूरा हुन सकेन । यक्ष मल्लको मृत्युपछि सबै भाइको संयुक्त शासन नै चलिरह्यो र केही पछि गएर रत्न मल्लले राष्ट्र खण्डित गर्ने उद्योग शुरु गरे ।

यसरी राज्य-विभाजनको मुख्य कारण रत्न मल्ल देखिन्छन् तापनि राजा यक्ष मल्लले संयुक्त शासनको परिपाटीमा सुधार गरेका भए तथा राय मल्ल केही शक्तिशाली भएका भए राज्य खण्डित गर्ने रत्न मल्लको अभियान सफल नहुन सक्तथ्यो ।

# कान्तिपुरको इतिहास

## रत्न मल्ल

नेपालको मध्यकालीन इतिहासमा रत्न मल्ल एक विजिगीषु राजाको रुपमा चिनिन्छन् । यिनले नेपाल उपत्यकाको एक सङ्गठित राज्यलाई टुक्रयाएर कान्तिपुरमा आफ्नो स्वतन्त्र राज्य खडा गरेका थिए ।

वि. सं. १५३८ मा यक्ष मल्लको मृत्यु भएपछि उनका जेठा छोरा राय मल्ल पुर्ख्यौली राजगद्दीमा बसे । राय मल्लका साथै उनका भाइहरु रत्न मल्ल, रण मल्ल आदिले पनि केही समयसम्म संयुक्त रुपमा शासनमा भाग लिए । यक्ष मल्लका छोराहरुमा रत्न मल्ल चतुरा र महत्त्वाकांक्षी पुरुष भएकाले दाजुभाइहरुसँगको संयुक्त शासनले मात्र उनी सन्तुष्ट थिएनन् । त्यसैले उनी भित्रभित्रै आफ्नो स्वतन्त्र शासन कायम गर्ने उद्योगमा लागे । तिनताका मल्लहरुको केन्द्रीय राजधानी भक्तपुरमा थियो । ललितपुर तथा कान्तिपुरमा १२ जना महापात्रहरु मिलेर शासन गर्दथे भने ललितपुरमा सप्तकुटुम्बज (सात परिवार) मध्यका तीनजना प्रमुख भई शासन गर्दथे । यिनीहरु मूल रुपले मल्ल राजाहरुकै अधीनमा हुन्थे तापनि पुस्तैनी अधिकार पाएका हुँदा कमजोर भने थिएनन् । केन्द्रमा कमजोरी हुनेबित्तिकै आफ्नो प्रभाव फैलाउन यिनीहरु चुक्तैनथे । ललितपुरका भन्दा कान्तिपुरका सामन्तहरु (महापात्रहरु) केही कमजोर थिए । त्यसैले रत्न मल्ल कान्तिपुरतिर आकृष्ट भए । वि. सं. १५४१ मा कान्तिपुरका महापात्रहरुलाई दबाएर रत्न मल्लले त्यहाँ आफ्नो अधिकार कायम गरे । वंशावलीअनुसार रत्न मल्लले त्यहाँका १२ जना महापात्रमध्ये एकजना प्रमुख महापात्रलाई आफ्नो पक्षमा मिलाएर एघारजना महापात्रहरुलाई भोजमा निम्तो गरी विष खुवाएर मारे । पछि आफ्नो हातमा अधिकार आएपछि आफूले हात लिएका महापात्रलाई पनि मारिदिए । केही कालसम्म आफ्ना एकजना भाइ अरि मल्ललाई पनि संयुक्त शासकको रुपमा राखेका थिए, पछि यिनको मात्र एकलौटी शासन कायम भयो । कान्तिपुरमा शासन गर्न थालेपछि रत्न मल्लले हिटीचोकमा आफ्नो राजकीय वासस्थान बनाएका थिए ।

रत्न मल्ल विजिगीषु (नयाँ-नयाँ प्रदेश जित्ने इच्छा भएका) व्यक्ति भएकाले कान्तिपुर राज्य बढाउने उद्योगमा लागे । त्यसवेला नुवाकोट भक्तपुरअन्तर्गत थियो र मल्ल-दरबारमा झगडा उठेको मौकामा स्वतन्त्र हुने ताकमा थियो । त्यसैले उनले "राजाको आज्ञाविना राजेश्वरीको मन्दिरमा रङ्गरोगन हालेको" बहाना गरी वि. सं. १५४८ तिर नुवाकोटमा हमला गरी त्यहाँ पनि विजय गरे । त्यस विजयोत्सवमा नुवाकोटको बगैंचाबाट फलफूल ल्याई पशुपतिमा पूजा गरे भनी वंशावलीमा लेखिएको छ । पछि रत्न मल्लले ललितपुरका केही भारदारलाई आफ्नो पक्षमा मिलाएर त्यहाँ पनि आफ्नो प्रभुत्व कायम गरे । ललितपुरमा त्यसवेला जगत्पाल र उसकै बाबु हर्षपाल केही शक्तिशाली थिए । उनैलाई रत्न मल्लले आफ्नो पक्षमा मिलाएका थिए ।

यसरी रत्न मल्लहरुले राज्य खण्डित गरेको भक्तपुरका राय मल्ललाई मन् परेको थिएन । तर उनी कमजोर भएका हुँदा यो विद्रोह दबाउन पनि सकेनन् । त्यसैले उनी आफ्ना अभिलेखहरुमा 'हामी सबै भाइहरुको संयुक्त शासन हो' भन्ने देखाउन सबै भाइहरुको नाम उल्लेख गर्ने गर्दथे । राय मल्लको अन्तिम समयसम्मका प्रायः सबै सामग्रीहरुमा राय मल्ल, रत्न मल्ल, रण मल्ल आदि भाइहरु र भानिज भीम मल्लसमेतको संयुक्त शासन चलेको देखाइएको छ । तर वास्तविक कुरो भने अर्कै थियो । रत्न मल्लले कान्तिपुर राज्यको स्थापना गरेदेखि नै राय मल्ल आदिसँग यिनीहरुको मेल थिएन । रत्न मल्लले राखेको कुनै पनि अभिलेखमा राय मल्लको नाम छैन । वि. सं. १५५२ को पशुपतिको ताम्रपत्रबाट स्पष्ट रुपले यिनीहरुको झगडाबारे बुझ्न सकिन्छ । सो ताम्रपत्र रत्न मल्ल, रण मल्ल, अरि मल्ल र भानिज भीम मल्लले राय मल्ल र भक्तपुरमा बस्ने अरु भाइहरुको विरोधमा एकजूट हुन धर्म भाकी कुँदिएको हो । सो ताम्रपत्रमा 'ऐलेसम्म आ-आफ्नो मानी समर्थन गरी आएजति तलमाथि नगर्ने, भक्तपुरमा बस्ने राय मल्ल र अरुसँग कुनै कुरा नगर्ने र गर्नै परे पनि सामूहिक रुपले गर्ने' भन्ने कुरो परेको छ । यसै अभिलेखबाट भक्तपुरले कान्तिपुरे तथा ललितपुरेहरुलाई आगोपानी बन्द गर्ने तथा राँगो लगाएर लखेट्ने पनि गर्दथ्यो भन्ने बुझिन्छ । राय मल्लको अन्तिम समयतिर त यिनीहरुको सम्बन्ध झन् ज्यादै नराम्रो थियो । मरण-परनमा समेत एक-अर्कोले वास्ता गर्न छाडेका थिए । वि. सं. १५६६ मार्गतिर राय मल्लको मृत्यु भएपछि परम्पराअनुसार उनको अग्निसंस्कार देउपाटनमा गर्न खोजियो । त्यसवेला देउपाटन कान्तिपुरक्षेत्रमा पर्दथ्यो । रत्न मल्लले दाजुको लाश जलाउन समेत स्वीकृति दिएनन् । यसैबाट रत्न मल्लको दाजु राय मल्लसँग कस्तो सम्बन्ध थियो, स्पष्ट हुन्छ ।

रत्न मल्लको शासनकालमा 'कुकु' जातका एक थरी भोटेहरुले उनको राज्यमा आक्रमण गरेर निकै दुःख दिएको कुरा वंशावलीमा परेको छ । रत्न मल्लले ती भोटेहरुलाई दबाउन सकेनन् । पछि उपत्यकामा आएका चारजना तिरहुते ब्राह्मणहरुले पाल्पाका सेन राजा मुकुन्द सेनसँग गुहार मागी त्यहाँबाट खस तथा मगर सेना झिकाएर भोटेहरुलाई दबाएका थिए । यसबाट पाल्पाका मुकुन्द सेनसँग रत्न मल्लको राम्रो सम्बन्ध स्थापित भएको देखिन्छ । तर रत्न मल्ल मरेपछि भने यो सम्बन्ध कायम रहेन । रत्न मल्ल मरेको चार वर्षपछि नै पाल्पाबाट मुकुन्द सेनले काठमाडौं उपत्यकामा ज्यादै डरलाग्दो आक्रमण गरेका थिए । रत्न मल्लले भने पाल्पाको सहयोगको बदलामा ती तिरहुते ब्राह्मण र यहाँ बस्न चाहने खस मगरहरुलाई जग्गा-बिर्ता दिई आदरसाथ राखेका थिए ।

रत्न मल्ललाई शासनमा सहयोग गर्ने इन्द्रमल्लको उल्लेख कतिपय सामग्रीहरूमा पाइन्छ । वि. सं. १५६० देखि वि. सं. १५६८ सम्म इन्द्र मल्ल निकै सक्रिय देखिन्छन् । वि. सं. १५६१ को एक सामग्रीमा त उनलाई राजोचित विशेषण समेत लगाइएको छ । तर यी इन्द्र मल्लको परिचय भने पाउन सकिएको छैन । पछि रत्न मल्लले नै यिनलाई कैद गरेर नौ महीनापछि कैदमा नै मार्न समेत लगाएको बुझिन्छ । यस सम्बन्धी अरु विस्तृत जानकारी पाउन सकिएको छैन ।

रत्न मल्लको प्रसिद्धी आर्थिक उन्नति गर्ने राजाको रुपमा पनि भएको पाइन्छ । यिनले चित्लाङबाट तामा झिकाई तामाका मुद्रा चलाएको कुरा वंशावलीमा परेको छ । यिनको पालामा व्यापार गर्ने निहुँमा मुसलमानहरु नेपाल पसेको प्रसङ्ग पनि वंशावलीमा

परेको छ । वास्तवमा नेपालीहरु प्राचीन कालदेखि नै भारत तथा तिब्बतका विभिन्न भागहरुमा व्यापार गर्न जान्थे तापनि काश्मीरी मुसलमानले झैं प्रभाव जमाउन सकेका भने थिएनन् । यी मुसलमानहरु ऐश-आराम तथा मनोरञ्जनका सामानको अतिरिक्त रेशम, मलमल, ढाका, जुत्ता, अत्तर, लेप तथा श्रृङ्गारका सामग्रीहरुको पनि व्यापार गर्थे । यिनीहरु सोझै काश्मीरबाट लद्दाख हुँदै ल्हासा पुग्थे । यसर्थ रत्न मल्लले ती व्यापारीहरुलाई नेपालतर्फ आकृष्ट गर्न नै यहाँ बस्ने तथा व्यापारकोठी खोल्ने स्वीकृति दिएको बुझिन्छ । रत्न मल्लको पालामा मुसलमानहरुको नेपाल-प्रवेश भएपछि भने नेपालको व्यापार निकै फस्टायो । काश्मीरी सामानहरु नेपाल आउनु तथा नेपाल तिब्बतबीच व्यापार-सम्पर्क झन् दरिलो हुनुको अतिरिक्त नेपाली सामानहरु अत्यधिक मात्रामा काश्मीरसम्म पुग्न पनि थाले । यसको अतिरिक्त मुसलमानहरु हकीमी, झारफुक, जीन, ख्याक, भूतप्रेत तथा पिशाचहरु पन्साउने जस्ता कार्यमा पनि निपुण भएका हुँदा रत्न मल्लले यिनीहरुको बसोवासको व्यवस्था गर्न विशेष चाख लिएको अनुमान हुन्छ । नुवाकोट समेत कान्तिपुरको अधिकारमा भएकोले नुवाकोटको बाटो भोटतिर व्यापार गर्न रत्न मल्ललाई विशेष सजिलो भएको थियो । मुसलमानहरु नेपालमा पसेर यही बाटो भारत-तिब्बत व्यापार गर्न थालेपछि उपत्यका आर्थिक दृष्टिकोणले निकै सम्पन्न हुँदै गएको हो ।

रत्न मल्लको कला-वास्तुकलाको विकासमा पनि केही योगदान पाइन्छ । यद्यपि अधिकांश समय राज्यविस्तार गर्न र सुदृढ गर्न नै उनले बिताउनुपरेको थियो, तथापि थोरै कृतिहरु भए पनि यिनले राखेको बुझिन्छ । यिनले तलेजुको मन्दिर बनाएको कुरा वंशावलीमा परेको छ । वास्तवमा आफ्नी इष्ट देवता तलेजु भवानीको पूजा नगरी मल्ल राजाहरुको दिनचर्या शुरु हुँदैनथ्यो । तर मल्ल कान्तिपुर आएपछि भक्तपुरमा भएको मूल तलेजु मन्दिरमा दर्शन गर्न जानु सधैं सम्भव भएन । त्यसमा पनि आवत-जावत बन्द भएपछि त भक्तपुर जानै पाइएन । त्यसैले उनले कान्तिपुरमा सानो तलेजुको मन्दिर बनाएको बुझिन्छ । पछि त्यसैलाई बढाएर महेन्द्र मल्लले आजको रुप दिएका थिए । वंशावलीअनुसार स्वामी शेखरानन्द नाम गरेका एकजना दक्षिण-भारतीय ब्राह्मण नेपाल आउँदा उनलाई रत्न मल्लले पशुपतिमा पुजारी नियुक्त गरेका थिए र पछि उनैको प्रेरणाले रत्न मल्लले पशुपतिमा दक्षिणकाली, सप्तर्षि र अष्टमातृकाका मूर्तिहरुको स्थापना गरेका थिए ।

यसरी रत्न मल्ल विविध व्यक्तित्व भएका राजा थिए । कतिपय प्रमाणहरुमा उनलाई अनेक विशेषणहरुले सम्बोधन गरिएको पाइन्छ । उनकी छोरी विरमादेवीको विवाहमा खेलाउन बनाइएको रामायण नाटकमा त यस्तोसम्म भनिएको छ- "लडाइँमा इन्द्रलाई मद्दत गर्नेहरुमा श्रेष्ठ, जय यक्ष मल्लका छोरा, मालतीदेवीका पति, कंसको उपर कृष्णजीजस्ता, दान र कीर्तिमा कर्ण, रघुवंशरुप कमलका सूर्य, राजाहरुले पाउको सेवा गरिएका, चौध विद्याका गुणका समुद्र, नेपाल-मण्डललाई पालन गर्ने श्री जय रत्न मल्लदेव ।"[3]

---

3. महेशराज पन्त 'रत्न मल्लको पालामा लेखिएको रामायण नाटकको ऐतिहासिक सार' पूर्णिमा ३६, पृ. २८४ ।

यसरी कान्तिपुर राज्यको स्थापना गरेर विभिन्न रुपले उन्नति गर्दै ३६ वर्षसम्म शासन गरेर वि. सं. १५७७ मा रत्न मल्ल स्वर्गीय भए ।

## महेन्द्र मल्ल

नेपालको इतिहासमा महेन्द्र मल्लको विशेष ख्याति छ । नयाँ-नयाँ स्थिति (विधान) बनाउने तथा नेपालमा चाँदीको टक चलाउने राजाको रुपमा यिनी प्रख्यात छन् । आफ्ना बाबु अमर मल्ल (नरेन्द्र मल्ल) को शेषपछि वि. सं. १६१७ तिर महेन्द्र मल्ल कान्तिपुरको राजगद्दीमा बसेका थिए । परन्तु बाबुकै पालामा शासनमा सक्रिय भाग पनि लिइरहेका थिए ।

महेन्द्र मल्ल राजा भएपछि कान्तिपुरको निकै ख्याति फैलेको थियो । काठमाडौं उपत्यकामा चाँदीका मोहर प्रचलनमा ल्याउने पहिलो मल्ल राजा यिनै हुन् । यसै कारण त्यस खालका मोहर रुपैयाँलाई 'महेन्द्रमल्ली' भन्ने चलन चलेथ्यो । तर नेपालमा नै पहिलो चाँदीको टक निकाल्ने भने यिनी होइनन् । यिनीभन्दा १४/१५ वर्षअगाडि नै दोलखाका शासक इन्द्रसिंहदेवले चाँदीका टक निकालिसकेका थिए । दोलखाक्षेत्र त्यसको केही समयपछि नै कान्तिपुरमा गाभिएको हुँदा र कान्तिपुरको प्रतिष्ठा ठूलो हुँदा नै महेन्द्रमल्लीको प्रसिद्धि ज्यादा भएको हो । वंशावलीमा 'महेन्द्र मल्लले दिल्लीका मुगल बादशाहकहाँ एक जोडा सेतो हाँस र शिकारी बाज सौगातको रुपमा लगेर बादशाहको सल्लाहबमोजिम नेपालमा चाँदीका मुद्रा चलाए' भन्ने उल्लेख गरेको छ । यसबाट महेन्द्र मल्लले दिल्लीसँग सम्झौता गरेर नेपाली मोहर मुद्राको विनिमय दर निश्चित गरेको बुझिन्छ । त्यसअनुसार भारतीय रुपैयाँ एकको नेपाली सटही दर दुई मोहर रुपैयाँ कायम भयो । त्यसवेला नेपालमा मोहरलाई पनि रुपैयाँ नै भनिन्थ्यो । नेपाल उपत्यकामा चाँदी नपाइने हुँदा तिब्बतबाट सुन तथा चाँदी झिकाएर टक निकाल्ने गरिन्थ्यो । यसबाट महेन्द्र मल्लले उपत्यकाको आर्थिक उन्नति गर्न तिब्बत तथा भारतसँग राम्रो व्यापार सम्बन्ध बनाएको देखिन्छ । यसको साथै 'ढिकी, जाँतो, लुगा बुन्ने तान, टुकी कहिल्यै खाली नराख्नू, पटासी, घरबुना खाड़ी खादि मिहीं पारेर बुन्नू र विदेशमा लगेर बेच्नू' भनेर उनले प्रजालाई उर्दी दिएका थिए । साथै विचार यिनको थियो । यसबाट देशको आर्थिक उन्नतिमा यिनको विशेष लगाव थियो भन्ने देखिन्छ ।

आर्थिक उन्नतिको साथसाथै महेन्द्र मल्लको ख्याति कला र वास्तुकलाको विकासमा पनि थियो । चाँदीका टक छापी भोटसँग आफ्नो देशको व्यापार बढाएको हुँदा उनलाई निकै आर्थिक लाभ भएको थियो । यसैले उनी आफ्नो दरबारमा र त्यसको आसपासमा अनेकौं सुन्दर कलाकृतिको निमार्ण गर्न समर्थ भए ।

वि. सं. १६१८ फाल्गुनमा महेन्द्र मल्लले महेन्द्रेश्वर महादेवको मन्दिरको निमार्ण गराए । हाल यो मन्दिर तलेजु देवलबाट अलिकति पर पश्चिमोतर कुनामा सडकपारि छ । महेन्द्र मल्लले बनाएकाले नै यस मन्दिरको नाम महेन्द्रेश्वर रहन गएको हो । त्यस्तै, वि. सं. १६२० माघमा दरबारभित्र मूलचोकमा पहिले रत्न मल्लले बनाएको तलेजु-मन्दिरलाई बढाएर भव्य बनाए । तीन छाना भएको यो मन्दिर आकार-प्रकारमा निकै ठूलो हुनाले तवदेवल (ठूलो मन्दिर) को नामले प्रसिद्ध छ । मन्दिर बनाएर त्यसमा यिनले सुनौला छाना हालेका थिए । नेपाली वास्तुकलाको इतिहासमा यस मन्दिरको महत्त्वपूर्ण स्थान छ ।

वि. सं. १६१९ माघमा महेन्द्र मल्लले हनुमान्ढोका दरबारको प्राङ्गणमा चतुर्मूर्ति विष्णु (वासुदेव, सङ्कर्षण, प्रद्युम्न र अनिरुद्ध यी चार देवताको संयुक्त मूर्ति) को प्रस्तर प्रतिमा स्थापित गरी मन्दिर बनाइदिए। तर उनले बनाएको मन्दिरको एक भागमा पछि प्रताप मल्लले जगन्नाथको मूर्ति स्थापित गरेका हुँदा सो मन्दिर हिजोआज जगन्नाथ-देवल नामले प्रसिद्ध छ। वंशावलीअनुसार महेन्द्र मल्लले कोटिलिङ्गेश्वर महादेवको मन्दिर पनि बनाएको थिए। सो मन्दिर हनुमान्ढोका-दरबारको प्राङ्गणअगाडिको काल भैरवको उत्तरपट्टि रहेको छ। प्रस्तरै प्रस्तरद्वारा निर्मित यो मन्दिर गुम्बज शैलीमा छ र त्यसताका बनेका यस किसिमका शैलीका ज्यादै थोरै मन्दिरमध्ये यसको गणना हुन्छ। यसभित्र चनुर्मुखी शिवलिङ्ग विद्यमान छ। यसको अतिरिक्त वि. सं. १६२३ माघमा महेन्द्र मल्लले तानादेवलका देवता तवलिङ्गदेवलाई सुनको देवल र ध्वजा बनाई चढाएका थिए। यस अवसरमा कोट्याहुति यज्ञ गरी रामायणको नाच पनि नचाइएको थियो। साथै, काठमाडौं उपत्यकाको अतिरिक्त नुवाकोटको ब्रम्हाटोलमा समेत यी महेन्द्र मल्लले विष्णुको मूर्ति स्थापित गरेका थिए।

हनुमान्ढोका-दरबारको विस्तारमा पनि यिनको हात छ। वंशावलीअनुसार यिनले तलेजुको मन्दिर बनाउँदाखेरि नै आफ्नो दरबारमा मूलचोकको पनि निर्माण गराएका थिए। त्यसताका हनुमान्ढोका-दरबारलाई गुतपौ दरबार भनिन्थ्यो। पछि प्रताप मल्लले दरबारबाहिर हनुमान्को मूर्तिको स्थापना गरेपछि मात्र यसको नाम हनुमान्ढोका -दरबार रहन गएको हो।

महेन्द्र मल्लले कान्तिपुर शहरको विस्तार गरेको कुराको उल्लेख पनि वंशावलीमा पाइन्छ। अरु ठाउँबाट मानिस ल्याई धेरै ठाउँमा नयाँ बस्ती बसाएका थिए। नेपाल आएका मुसलमानहरुलाई बसोवासको व्यवस्था मिलाइदिएको कुरा पनि वंशावलीमा परेको छ।

नयाँ-नयाँ स्थिति बसाउने राजाको रुपमा पनि महेन्द्र मल्लको प्रसिद्धि छ। पृथ्वीनारायण शाहले दिव्य उपदेशमा 'राजा महेन्द्र मल्लले बाँध्याको स्थिति पनि हेरिसकें' भनी बोलेका छन्। यसबाट त्यस वेलासम्म उनको स्थिति (विधान) लोकप्रिय रहेको बुझिन्छ। यिनको स्थिति वा विधानको अध्ययनबाट यी राजाको चतुर्मुखी व्यक्तित्व स्पष्ट हुन्छ। यसबाट यिनी बडा धर्मात्मा, प्रजापालक, उद्योगप्रेमी तथा कुशल कूटनीतिज्ञ देखिन्छन्। यही यिनको विधानको आधारमा यिनको विषयमा तल वर्णन गरिन्छ।

यी राजा कुशल प्रजापालक थिए। प्रजाहरु छोरा-छोरी समान भएकाले उनीहरुले नखाई राजाले खाए सो पच्तैन भन्ने यिनको धारणा थियो। प्रजाले खाना खाए-नखाएको बुझ्न आफ्नो दरबारको माथिल्लो छतमा बसी यिनी शहरभरि हेर्दथे र यदि कुनै घरबाट धूवाँ निस्केको नदेखे मानिस पठाई बुझ्ने र खाना नभए दिने समेत गर्दथे। तर यसरी सबैको खबर लिएर मात्र खाने गर्दा आफू बेसन्चो भएकाले प्रजालाई निश्चत समयभित्र (विहान ९-१० घडीभित्र र बेलुका पनि सोही समयभित्र) खाइसक्नुपर्ने स्थिति महेन्द्र मल्लले बाँधेथे।

प्रशासनिक विकेन्द्रीकरण तथा न्यायव्यवस्थाको सुधारमा पनि यिनले विशेष ध्यान दिएका थिए। उनले टोलटोलका पन्चायतहरु र गाउँ-पन्चायतहरुलाई "सधैं प्रजाको हित

गर्नु, सच्चा बोल्नू, टोल गाउँको कचहरी टोल गाउँमै मिलाइदिनू, न्यायको न्याय पार्नू" भनेर निर्देशन दिएका थिए । साथै जूवा खेल्नेलाई सजाय गर्ने चलन पनि थियो ।

महेन्द्र मल्ल कूटनीतिमा पनि कम थिएनन् । देशको भेद कहिल्यै विदेशमा खोल्नु हुँदैन भन्ने पक्का विचार उनको थियो । त्यसैले विदेशमा सीप सिक्न जानेहरुलाई "काम गर्दाहुँदी राज्य-राज्यमा गुप्तचर भई नौला किसिमका कामहरु सिकी आउनू, काम सिक्न जाँदा थाहा पाई कैद गऱ्यो भने आफ्नो मुलुकको गुह्य कसैलाई नभन्नू, मारे मर्नू" भनेर पनि उनले निर्देशन दिएका थिए ।

यसरी यिनले १४ वर्षजति शासन गरेर विभिन्न रुपले कान्तिपुरको उन्नति गरेका थिए । यिनी त्यसैले आफूलाई 'परचक्रचूडामणिरञ्जितचरण' (शत्रु राजाहरुको श्रीपेचका मणिले खुट्टा झलमल्ल भएका) समेत भन्ने गर्दथे । यिनको मृत्यु भने वि. सं. १६३१ भाद्रमा भएको थियो ।

## शिवसिंह मल्ल

वि. सं. १६३१ भाद्रमा महेन्द्र मल्लको मृत्युपछि उनैका जेठा छोरा सदाशिव मल्ल कान्तिपुरको राजगद्दीमा बसे । तर यी राजा व्यभिचारी स्वभावका थिए । घोडा आदि वस्तुभाउ प्रजाको पाकेको बालीमा छोडिदिने, घुम्न आएका प्रजाका छोरी-बुहारीलाई समातेर व्यभिचार गर्ने जस्ता कार्य यिनी गर्दथे । त्यसैले यिनको विरोध हुन थाल्यो । स्वयं यिनका भाइ शिवसिंह मल्ल पनि यिनको विरोधमा देखिए । यिनी आफ्नो दरो समूह बनाएर वि. सं. १६३५ जेठभन्दा अगाडि नै शहरको एक भागमा राजाको रुपमा काम गर्न थाले । यसबाट त्यसवेला गृहकलह भएको तथा राज्य नै दुई भागमा विभाजित भएको देखिन्छ । तीन वर्षसम्मको गृहकलहपछि एकदिन सदाशिव मल्ल मनोहरातिर गएको वेलामा शिवसिंह मल्लको समूहले कुटपीट गरेर उनलाई भगाइदियो । भागेर भक्तपुर पुगेका सदाशिव मल्ल त्यहीं कैद गरिए । पछि कैदमा नै उनको मृत्यु भयो । सदाशिव मल्ल लखेटिएपछि भने शिवसिंह मल्ल विधिवत् कान्तिपुरको शासन चलाउन थाले । शिवसिंह मल्ल योग्य शासक थिए । कान्तिपुर राज्यको प्रभावमा विस्तार गरी यिनले आफ्नो शासन-योग्यता दर्शाएका थिए । पहिले मल्ल राज्यहरुअन्तर्गत रहेका ललितपुर, दोलखा आदि प्रदेशहरु स्वतन्त्र भएर रहेका हुँदा शिवसिंह मल्लले यी प्रदेशहरु जिती फेरि कान्तिपुरमा गाभ्ने योजना बनाए । यसको निम्ति भित्रभित्रबाट मान्छे आफ्नो पक्षमा मिलाउने प्रयास उनले शुरु गरे । यक्ष मल्लका छोराहरुको कलहबाट कान्तिपुर राज्य स्वतन्त्र भएताका ललितपुरमा सप्तकुटुम्बजमध्येका तीनजना मिलेर शासन गर्दथे । यिनीहरु मूलरुपमा मल्लराज्यकै अधीनस्थ थिए, तर मल्लहरुको बढ्दो कलहले थर्दा उनीहरुले ललितपुरका महापात्रहरुलाई कज्याउन सकेनन् । यसो हुँदा ललितपुरका एकजना महापात्र विष्णुसिंहले आफ्ना सबै विरोधीहरुलाई समाप्त पारेर ललितपुरमा आफ्नो स्वतन्त्र राज्य कायम गरे । शिवसिंह मल्ल कान्तिपुरको राजा भएताका ललितपुरमा यिनै विष्णुसिंहका छोरा पुरन्दसिंहले शासन कायम थियो । वि. सं. १६५५-५६ तिर शिवसिंहले ललितपुरमा हमला गरी सजिलैसित त्यहाँ विजय प्राप्त गरे । ललितपुरमा विजय गरेपछि शिवसिंहले हरिहरसिंहलाई त्यहाँ रेखदेख गर्न नियुक्त गरेका थिए, तर पछि हरिहरसिंहको मृत्यु भएपछि शिवसिंह आफैले ललितपुरमा पनि शासन गर्न थाले ।

ललितपुर कब्जा गरेको केही कालपछि नै दोलखामा पनि शिवसिंह मल्लले आक्रमण गरे । ललितपुर जस्तो सजिलैसित दोलखामा भने यिनको आधिपत्य जमेन । कान्तिपुरे सैन्य र दोलखाली सैन्यको बीचमा केही सङ्घर्ष भएको बुझिन्छ । पछि दोलखाका शासक खलककै कतिपय व्यक्तिहरुले शिवसिंह मल्ललाई सहयोग गरेका हुँदा दोलखामा पनि उनको अधिकार कायम हुन गयो । यसको अतिरिक्त शिवसिंह मल्लले लिस्ती केरुङ (तिब्बती सीमाक्षेत्र) कब्जा गरेको र पूर्वतिर मकवानपुर, सिन्धुलीसम्म प्रभाव फैलाएर पश्चिमतिर गण्डकीपारिसम्म अधिकार जमाएको कुरा तात्कालिक एक ठयासफूमा लेखिएको छ । पार्थिवेन्द्र मल्लको पशुपतिको अभिलेखमा यिनलाई मोरङका राजाको रक्षा गर्नेसम्म पनि भनिएको हुँदा सेनराज्यमा पनि यिनको प्रभाव जमेको बुझिन्छ ।

शिवसिंह मल्लको निर्माणकार्यमा भने खास देन देखिंदैन । वास्तवमा अधिकांश समय युद्धमा नै बिताएको हुँदा उनले कला, वास्तुकलाको विकासमा त्यति ध्यान दिन नपाएको बुझिन्छ । यिनले वि. सं. १६५२ मा स्वयम्भूमा छत्र आदि चढाई जीर्णोद्धार गरेका थिए । त्यसवेला धेरै बौद्ध पुरोहितहरु तथा ब्राम्हाणहरुद्वारा होम गराइएको थियो । तर केही समयपछि बज्र परेर त्यसको केही भाग बिग्रेको हुँदा वि. सं. १६६१ मा फेरि त्यसको जीर्णोद्धार गरी अभिलेख समेत राख्न लगाएका थिए । यिनले देगुतले मन्दिर पनि बनाएको बुझिन्छ । यो मन्दिर हनुमानढोका-दरबारको प्राङ्गणमा रहेको छ । हनुमान्ढोका-क्षेत्रमा भएका मन्दिरहरुमा तलेजुको मन्दिरपछि सबैभन्दा अग्लो मन्दिर नै यो देगुतले मन्दिर हो । यसको अतिरिक्त उनलाई सम्झाउने अन्य कृतिहरु देखिंदैनन् । वंशावलीमा भने यी राजाले पशुपति, चाँगुनारायण आदि देवस्थलहरुको जीर्णोद्धार गरेको तथा पशुपति देखि दरबारसम्मको बाटोमा ठाउँ-ठाउँमा धेरै मन्दिरहरु बनाएको श्रेय दिइएको छ ।

यिनको पालामा दक्षिण भारतबाट स्वामी नित्यानन्द नामका ब्रम्हाचारी नेपाल आउँदा यिनलाई पशुपतिका पुजारी नियुक्त गरिएको कुरा पनि वंशावलीमा परेको छ । यिनै स्वामीको सल्लाहबाट शिवसिंहकी रानी गङ्गारानीले पशुपतिको तीन छाना भएकोमा बिग्रन लागेको देखी बीचको छाना झिकी मन्दिरमा सुनको गजूर राखी अरु छानालाई समेत सुनले छाएकी थिइन् । यसको अतिरिक्त यी गङ्गारानीले बूढानीलकण्ठ र कान्तिपुरबीच पर्ने वन (रानीवन) लाई बगैंचा बनाउन लगाई फलफूलका बिरुवा समेत लगाउन लगाएकी थिइन् ।

शिवसिंह मल्लको अन्तिम समयतिर आएर भने शक्ति क्षीण भएको देखिन्छ । यिनको जीवनकालमा नै एकमात्र छोरा हरिहरसिंह मल्लको मृत्यु भयो । दुई नातिहरु लक्ष्मीनरसिंह मल्ल र सिद्धिनरसिंह मल्ल त्यसवेला थिए । कान्छा नाति सिद्धिनरसिंह मल्ल लतितपुरमा नै आमा लालमतीसँग बस्तथे र जेठा लक्ष्मीनरसिंह मल्ल भने कान्तिपुरमा शिवसिंहसँगै बस्तथे । ललितपुरका भारदारहरुले शिवसिंह मल्लको जीवनकालमा नै ललितपुरलाई स्वतन्त्र गराएर १२ वर्षका सिद्धिनरसिंह मल्ललाई राजा बनाए । वि. सं. १६७५ तिर सिद्धिनरसिंह मल्ल ललितपुरका राजा भइसकेका देखिन्छन् । यसरी आफूभन्दा पहिले भाइ राजा भएकोमा कान्तिपुरमा लक्ष्मीनरसिंह मल्ल पनि दरबार छोडी बाहिर गई बसे । पछि शिवसिंह मल्लले उनलाई बोलाएर कान्तिपुरको राजगद्दीमा राखे । यसरी शिवसिंह मल्लले एकीकरण गरेको ललितपुर-कान्तिपुर यिनैका पालामा फेरि टुक्रेर दुई स्वतन्त्र राज्यमा परिणत भए ।

शिवसिंहको मृत्यु भने वि. सं. १६७७ बैशाखमा भएको कुरा तात्कालिक ठयासफूबाट बुझिन्छ ।

## लक्ष्मीनरसिंह मल्ल

लक्ष्मीनरसिंह मल्ल हरिहरसिंह मल्लका छोरा थिए । शिवसिंह मल्ल जीवितै छँदा हरिहरसिंह मल्लको मृत्यु भइसकेको थियो; त्यसैले कान्तिपुरको गद्दीका हकदार लक्ष्मीनरसिंह मल्ल बनेका थिए । बाजे शिवसिंह मल्लकै समयमा भाइ सिद्धिनरसिंह मल्ल ललितपुरका राजा हुन पुगे । यसबाट असन्तुष्ट भएर लक्ष्मीनरसिंह मल्ल बाजे शिवसिंह मल्लको विरोध गर्न दरबार छोडी बाहिर गएर बस्न थाले । पछि शिवसिंह मल्लले उनलाई बोलाएर कान्तिपुरको गद्दीमा राखिदिए । यसरी दुवै नातिहरुलाई अलग-अलग राज्य जिम्मा दिएर वि. सं. १६७७ वैशाखमा शिवसिंह मल्ल स्वर्ग भए ।

कान्तिपुर राज्यमा मिलिसकेको ललितपुर राज्य फेरि टुक्रेर गएको कान्तिपुरे-हरुलाई मन परेको थिएन । शिवसिंह मल्ल जीवित छउन्जेल कसैले विरोध गर्ने हिम्मत देखाएन, तर उनको मृत्यु हुनेबित्तिकै कान्तिपुरले ललितपुरसँग यसको विरोध प्रकट गऱ्यो । झगडाको स्थिति देखा पऱ्यो, तर ललितपुर कमजोर भने थिएन । तुरुन्तै भक्तपुरले ललितपुरको पक्ष लिइदियो । पछि भक्तपुर र ललितपुरको संयुक्त सेनाले कान्तिपुरमा आक्रमण गरेर चारैतिरबाट कान्तिपुर शहरलाई घेराउ हाल्यो । त्यसवेला उपत्यकाका तीनै शहरहरु एक किसिमका गढ (किल्ला) का रुपमा रहेका थिए । शहरको चारैतिर वृक्ष, खाई र ठूला-ठूला पर्खाल लगाएर शहरलाई घेरिएको हुन्थ्यो । खाईभित्र त सर्पजस्ता हिंस्रक जनावर पनि छोडिएका हुन्थे । शहरबाट बाहिर आवत-जावत गर्न ठाउँ-ठाउँमा ढोकाहरु बनाइएका हुन्थे । बाहिरबाट शत्रुको आक्रमण हुनेबित्तिकै शहरका सारा ढोका बन्द गरिन्थे । ठूलो बल नपुऱ्याई शहरभित्र पस्न सकिंदैनथ्यो । ललितपुर र भक्तपुरको संयुक्त सेनाले आक्रमण गरेताका पनि कान्तिपुरेहरुले शहरका सबै ढोकाहरु बन्द गरिदिएका थिए । आक्रमणकारीहरुले पनि निकै लामो समयसम्म घेरा हालिराखे । यसले गर्दा कान्तिपुर शहरभित्र सङ्कट उत्पन्न भयो । चामल, भटमास, नून, तेल आदिको भाउ प्रशस्त बढेर दुनियाँमा हाहाकार भएको कुरा तात्कालिक एक ठयासफूबाट बुझिन्छ । पछि कान्तिपुरले वि. सं. १६७७ फाल्गुन १५ गते ललितपुरसँग 'एकानी शत्रु एकानी मित्र' सन्धि गरेपछि मात्र सो समस्या टुङ्गिएको थियो । सो सन्धिपत्रमा मुख्य गरी तीन विषय परेका थिए- दुवै दाजुभाइले परस्परका राज्यका गाउँ, किल्ला, प्रजा तथा राजकर्मचारीप्रति राम्रो व्यवहार गर्ने, दुर्जनले फूट पारी लुटी लगेमा परस्परमा फिर्ता दिने र शत्रु राज्यसँग व्यवहार गर्दा दुवैको सल्लाहले गर्ने । यसको अतिरिक्त लक्ष्मीनरसिंह मल्लले कुनै युद्ध-झैझगडामा भाग लिएको देखिदैन । यिनैको समयमा वि. सं. १६९३ मा केही भारदारहरुले छोरा प्रताप मल्ललाई उचालेर ललितपुरमा आक्रमण भने गरेका थिए । त्यसवेला ललितपुरका सिद्धिनरसिंह मल्ल कृष्णमन्दिर बनाइसकेर होम गरिरहेका थिए । कान्तिपुरेहरु ललितपुरका केही किल्ला कब्जा गरेर अगाडि बढेको वेलामा ललितपुरका प्रजाहरु उठेर आएका हुँदा कान्तिपुरेहरुको हार भयो ।

लक्ष्मीनरसिंह मल्ल धार्मिक विचारधाराका शान्त स्वभावका राजा थिए । वि. सं. १६८० मा यिनले चाँगुनारायणको पूजाआजाको निम्ति जग्गा गुठी राखिदिएको, वि. सं. १६९० मा दरबारभित्र त्रिशूलचोकमा अग्निशाला बनाएको तथा वि. सं. १६९४-९५ तिर नुवाकोट भैरवी-मन्दिरको जीर्णोद्धार गराएर पाँचवटा सुनका गजूर चढाएको बुझिन्छ । सो अवसरमा स्वयं लक्ष्मीनरसिंह मल्ल पुगेर सङ्कल्प गरेका थिए । साथै वि. सं. १६९८ मा उनले काठमाडौं मखनको शिवालयको पूजाको निम्ति केही जग्गा राखिदिएको कुरा त्यहींको अभिलेखबाट स्पष्ट हुन्छ ।

वंशावलीहरूमा "यिनको पालामा 'बिसेत' नाम गरेका तान्त्रिक व्यक्तिले गोरखनाथका कृपाबाट पाएको एउटै साल वृक्षबाट 'काष्ठमण्डप' नामक सतल बनाएका हुँदा नै यस शहरको नाम काष्ठमण्डप=काठमाडौं रहन गएको" भन्ने उल्लेख परेको छ । तर यो भनाइ सत्य देखिंदैन । लक्ष्मीनरसिंह मल्लभन्दा सयौं वर्षअघिदेखि नै 'काष्ठमण्डप' नाम प्रचलित थियो । वि. सं. १२०० मा लेखिएको 'नामसङ्गीति' नामक हस्तलिखित पुस्तकमा नै 'काष्ठमण्डप' को उल्लेख परेको छ । त्यसपछिका अनेक सामग्रीहरुमा यसको उल्लेख पाइन्छ ।

लक्ष्मीनरसिंह मल्ल शान्त स्वभावका भएका हुँदा उनका भारदारहरु शक्तिशाली हुन पाए । यिनका विशेष सल्लाहकारमा मायासिंह, नरदेव र भीम मल्ल थिए । यी भारदारमा आपसमा मेल थिएन । काजी भीम मल्ल राजाका विशेष विश्वासपात्र थिए । राजाले गरेका कतिपय धार्मिक कार्यहरुमा यिनी साक्षी बसेको पाइन्छ । तर पछि आएर भने यी काजी भीम मल्ल नै राजाका विश्वासघाती भएर निस्के । राजा कमजोर भएका हुँदा यी काजीले युवराज प्रताप मल्ललाई उचालेर वि. सं. १६९३ मा ललितपुरमा आक्रमण समेत गर्न लगाएका थिए । पछि वि. सं. १६९८ मा यिनै काजी भीम मल्लको सहयोग लिएर प्रताप मल्लले बाबु लक्ष्मीनरसिंह मल्ललाई कैद गरी राजगद्दी हात लगाए । कतिपय वंशावलीहरुमा "काजी भीम मल्ललाई प्रताप मल्लले विनाकारण मारेका हुँदा राजा बौलाहाजस्ता भए र प्रताप मल्ल बाबुलाई थुनी राजा भए" भन्ने उल्लेख भएको पाइन्छ । तर यो सत्य देखिंदैन । स्वयं काजी भीम मल्लले नै लक्ष्मीनरसिंह मल्ललाई कैद गरी प्रताप मल्ललाई राजा हुन पूर्ण सहयोग गरेका थिए । यो कुरा तात्कालिक विभिन्न सामग्रीहरुबाट स्पष्ट भएको छ । प्रताप मल्ल राजा भएको दुई वर्षपछिसम्म पनि भीम मल्ल जीवितै थिए ।

यसरी राज्य गुमाएर कैदमा परेपछि त्यसको १६ वर्षपछि वि. सं. १७१४ मा मात्र लक्ष्मीनरसिंह मल्लको मृत्यु भयो ।

## प्रताप मल्ल

काठमाडौं उपत्यकामा शासन गर्ने मल्ल राजाहरुमा सबैभन्दा [redacted]ताप मल्ल देखिन्छन् । यिनको पालामा कला, वास्तुकला तथा साहित्यको उन्नतिको अतिरिक्त आर्थिक विकास पनि निकै भएको थियो । यी सबैको उन्नतिको कारणले प्रताप मल्ललाई सर्वश्रेष्ठ मल्ल राजा पनि मान्ने चलन छ ।

**राज्यारोहण-** प्रताप मल्ल लक्ष्मीनरसिंह मल्लका छोरा थिए। यिनको जन्म वि. सं. १६८० मा भएको थियो। वि. सं. १६९८ भाद्रतिर यिनी १८ वर्षको उमेरमा राजगद्दीमा बसेका थिए। यिनको राज्यारोहणको सम्बन्धमा वंशावलीहरुमा "लक्ष्मीनरसिंह मल्लका विश्वासी काजी भीम मल्ललाई प्रताप मल्लले मारेपछि राजा बौलाहाजस्ता भए र पछि प्रताप मल्लले राजालाई कैद गरी राजगद्दी हत्याए" भन्ने वर्णन परेको छ। तर यो भनाइ सत्य छैन। स्वयं काजी भीम मल्ल नै प्रताप मल्ललाई राज्य दिलाउन प्रयत्नशील थिए। तात्कालिक एक ठयासफूमा "ने. सं. ७६१ (वि. सं. १६९८) भाद्र शुक्ल पन्चमी-यस दिन राति प्रताप मल्ल र भीम मल्ल दुईजना मिली श्री लक्ष्मीनरसिंह मल्ललाई बन्दीखानामा राखे" भन्ने वर्णन परेको छ।[4] प्रताप मल्ल राजा भएको दुई वर्षपछिसम्म पनि काजी भीम मल्ल जीवितै थिए। त्यसपछि मात्र भीम मल्लको हत्या भएको हो।

**राजनीतिक चरित्र-** प्रताप मल्ल अन्य मल्ल राजाहरुभन्दा बेग्लै चरित्रका थिए। उनी उपत्यकाको एकीकरण गरेर एउटै मल्लराज्य बनाउने ताकमा थिए; त्यसैले उनको पालामा ललिपुर तथा भक्तपुरसँग लडाइँ-झगडा भइरहन्थ्यो। गद्दीमा बस्नुभन्दा अघिदेखि नै यिनी राजनीतिमा सक्रिय थिए। वि. सं. १६९३ मा १३ वर्षको उमेरमा बाबुकै पालामा यिनी ललितपुरमा आक्रमण गर्न पुगेका थिए। यसवेला सिद्धिनरसिंह मल्ल कृष्णमन्दिर बनाइसकेर कोटिहाम गरिरहेका थिए। सारा ललितपुरे प्रजाहरु मिलेर कान्तिपुरसँग मुकाबिला गरे।.फलस्वरुप हार खाएर प्रताप मल्लले फर्कनुपऱ्यो।

राजगद्दीमा बस्नेबित्तिकै प्रताप मल्लको राज्यविस्तार गर्ने क्रम शरु भयो। शिवसिंह मल्लद्वारा जितिएका कतिपय क्षेत्रहरु मल्ल-दरबारमा कलह उत्पन्न भएको मौकामा केन्द्रबाट छुट्टिएर स्वतन्त्र हुने ताकमा लागेका थिए। तसर्थ काजी भीम मल्लले तुरुन्तै अभियान चलाएर दोलखा तथा तिब्बती क्षेत्रका केरुङ, कुती, खासा आदिमा कान्तिपुरको आधिपत्य कायम गरे। यिनले भक्तपुर राज्यमा आक्रमण गरेर केही गाउँहरू कब्जा गरेको तथा पछि त्यहाँका शासक नरेश मल्लले डराएर प्रताप मल्ललाई हात्ती दिई सन्धि गरेको कुरा आफ्नो कृष्णमन्दिरको अभिलेखमा उल्लेख गरेका छन्। यसरी यिनले राजगद्दीमा बस्नेबित्तिकै सैनिक अभियान आरम्भ गरेको बुझिन्छ। तर यसै बीचमा एउटा ठूलो घटना घट्न गयो। विभिन्न झोसपोलमा विश्वास गरेर प्रताप मल्लले काजी भीम मल्लको हत्या गराए। यो हत्या प्रताप मल्लको निम्ति ज्यादै महँगो पर्न गयो। उनलाई काजी भीम मल्लको जस्तो यथोचित सल्लाह दिने कोही नभएको हुँदा १५ वर्षसम्म प्रताप मल्लले कुनै राज्यमा आक्रमण गर्ने हिम्मत गर्न सकेनन्। पछि वि. सं. १७१७ मा श्रीनिवास मल्ल ललितपुरका राजा भएको साल उनको सहयोग लिएर प्रताप मल्लले भक्तपुरमा आक्रमण गरे। तर पर्खालबाहिर बसी केही दिन त्यहाँ घेराबन्दी गरेर भक्तपुरमा ५।७ सय रोपनी जग्गा गरुडनारायणलाई गुठी राखी उनी फर्के। त्यसवेला उपत्यकामा आइपुगेका धर्मप्रचारक पादरी ग्रोवरले पनि यस युद्धको वर्णन गरेका छन्।

---

4 दोलखाको ऐतिहासिक रुपरेखा, पृष्ठ ४०।

वि. सं. १७२० मा फेरि प्रताप मल्लले श्रीनिवास मल्लको सहयोग लिएर भक्तपुरमा आक्रमण गरे । यसपालि पनि सल्लाघारीभन्दा अगाडि बढ्न सकेनन् । सल्लाघारीमा मुकाम बनाएर बस्दा त्यस क्षेत्रमा भएका देवल, पाटी, पोखरी आदिका महत्त्वपूर्ण किम्मती मालहरु उठाउँदै कान्तिपुर हनुमान्ढोका-दरबार पठाउने गर्न थाले । त्यसवेला प्रताप मल्लले जगज्योति मल्लले बनाएको ठूलो पोखरी (तवपोखरी) को बीचको खम्बामा भएको नागको आकृति तथा यताउता भएका प्रस्तरका सिंहहरु र अन्य सामानहरु लगेका थिए । तर यसबाट श्रीनिवास मल्ललाई भने केही फाइदा भएन । तसर्थ उनी भित्रभित्रै भक्तपुरतर्फ ढल्कन थाले । यो थाहा पाएर प्रताप मल्ल कान्तिपुर फर्कन बाध्य भए ।

यसपछिका वर्षहरुमा भने प्रताप मल्लले श्रीनिवासबाट आफूले भने जस्तो सहयोग पाएनन् । वास्तवमा अब आएर श्रीनिवास मल्ल सतर्क रहन थाले । प्रताप मल्ल उपत्यकाको एकीकरण गर्न चाहन्थे; शुरुमा भक्तपुरको विनाश गरेर पछि ललितपुरतर्फ ढल्कने उनको योजना थियो । प्रताप मल्लको यस नीतिबाट श्रीनिवास मल्ल पनि अनभिज्ञ रहेनन् । प्रताप मल्लको नीतिलाई समर्थन जनाउँदा कान्तिपुरको शक्ति बढ्ने र पछि ललितपुरलाई समेत खतरा हुने सम्झी उनी अब आएर प्रताप मल्ललाई मात्र अन्धाधुन्ध समर्थन गर्न छोडी भक्तपुरसँग पनि उदार व्यवहार गर्न थाले । तर ललितपुर, भक्तपुरको मेल भने त्यति रहँदैनथ्यो । प्रताप मल्ल केही चतुर भएका हुँदा ललितपुर र भक्तपुरको मेल भए पनि फुटाएर श्रीनिवास मल्ललाई आफूतिर मिलाइहाल्थे । यसरी नै भक्तपुर एक्लो भएको मौकामा वि. सं. १७२८ मा प्रताप मल्लले भक्तपुरका नाला र त्यसका आसपासका क्षेत्र कब्जा गरे । जगत्प्रकाश मल्ल आत्तिएर श्रीनिवासको शरणमा गए । पछि श्रीनिवास मल्लले सहयोग दिए र ती क्षेत्र भक्तपुरले तुरुन्तै फिर्ता लियो । यसै साल ललितपुर र भक्तपुर मिलेर कान्तिपुरमा आक्रमण गरे । कति गाउँहरुमा उनीहरुको विजय पनि भयो । यसको एक सातापछि नै प्रताप मल्लले रिसाएर भक्तपुरका अनेक गाउँहरु कब्जा गर्दै भक्तपुरका प्रधानमन्त्री (चौतारी) भोत्याभाको टाउको काटिदिए । अब भने जगत्प्रकाश मल्लले आत्तिएर हात्ती तथा धन सम्पति दिएर सन्धि गरे ।

यसरी प्रताप मल्लले उपत्यकाका राज्यहरुमा धेरैपल्ट आक्रमण गरे पनि स्थायी विजय पाउन भने सकेनन् ।

उपत्यकाभन्दा बाहिरका राज्यहरुसँग पनि प्रताप मल्ल निकै मेलजोल बढाइरहेका थिए । यिनले मकवानपुरका सेन राजा हरिहर सेनसँग तथा गोरखासँग सम्पर्क बढाउने चेष्टा गरेका थिए, यद्यपि प्रताप मल्लका शुरुका वर्षहरुमा कान्तिपुरको गोरखासँग राम्रो सम्बध थिएन । राम शाह र सिद्धिनरसिंह मल्ल बीच भएको सन्धिले गर्दा गोरखा ललितपुरकै पक्षमा लागेको थियो । राम शाहपछि गोरखाको गद्दीमा बस्ने डम्बर शाहसँग त प्रताप मल्लको युद्ध पनि भएको थियो । त्यसपछि भने प्रताप मल्ल गोरखासँग मित्रता बढाउने उद्योगमा लागे । यसको लागि उनले एक दूतमण्डल गोरखातिर पठाएका पनि थिए । प्रताप मल्लको समयमा उनको उद्देश्य पूर्ण नभए पनि उनका छोरा नृपेन्द्र मल्लको समयपछि भने गोरखा ललितपुरलाई छोडेर कान्तिपुरसँग सम्बन्ध गाँस्न पुगेथ्यो । प्रताप मल्ल मरेको ५ वर्षपछि नै गोरखाका पृथ्वीपति शाहले कान्तिपुरमा आएर नृपेन्द्र मल्लसँग मीत लगाएका थिए ।

यसरी प्रताप मल्लको समयमा धेरैपल्ट युद्ध भएको तथा एक राज्यको विरुद्ध अर्को राज्यलाई उचाल्ने, आफ्नो सम्पर्क बढाउने आदि अनेक घटनाहरु मात्र भएको पाइन्छ। वास्तवमा प्रताप मल्लको उद्देश्य उपत्यकाको मल्लराज्यको एकीकरण गर्ने भएको हुँदा वारम्वार उनले युद्धमा भाग लिएका थिए। तर प्रताप मल्लको योजनालाई कार्यान्वयन गर्ने कुनै योजनाबद्ध नीति थिएन, न त उनलाई सहयोग र सुझाव दिने चतुर मन्त्रीहरु थिए। काजी भीम मल्ल जीवित छउन्जेल उनको सल्लाहले तथा उनकै सैनिक अभियानद्वारा उत्तर भोटको झन्डै आधा भागदेखि लिएर दोलखा, नुवाकोट आदि क्षेत्रमा कान्तिपुरको आधिपत्य जमेको थियो भने पूर्वको सेन राज्य तथा उपत्यकाका राज्यहरुमा पनि कान्तिपुरको धाक जमिरहेको थियो। तर स्वयं प्रताप मल्लबाटै काजी भीम मल्लको हत्या भएपछि निकै लामो समयसम्म प्रताप मल्लले युद्धमा भाग लिने हिम्मत गर्न सकेनन्। पछि उनले भक्तपुर तथा ललितपुरमा आक्रमण गरे पनि ती सबै आक्रमणहरुले उपत्यकामा मल्लहरुबीच झगडा तथा द्वेष मात्र उत्पन्न गराए। कुनै पनि युद्धमा प्रताप मल्ल सफल हुन सकेनन्।

**साहित्य तथा सङ्गीतप्रतिको झुकाव-** युद्ध विशारद मात्र नभएर साहित्य, सङ्गीत र कलापक्षको विकासमा पनि प्रताप मल्लको विशेष योगदान रहेको छ। उनका विभिन्न अभिलेखहरुमा उनलाई 'कवीन्द्र (कविहरुमा श्रेष्ठ) 'सकलशास्त्रसङ्गीतादिविद्यापारण' आदि पदले सम्बोधन गरेको पाइन्छ। स्वयम्भू अनन्तपुरको अभिलेखमा यिनलाई दोषरहित गद्य पद्य आदि अनेक थरी काव्यको रचना गर्नेमा सिपालु, सधैं मीमांसा, न्याय, योग, वेदान्त, वैशेषिक, व्याकरण, काव्य, कोष, अलङ्कार आदि सारा शास्त्रको अभ्यास गर्ने भनिएको छ। केही पछि आएर उनले आफूलाई कवीन्द्र मानेर कवीन्द्रपुर समेत बनाएका थिए। हनुमान्ढोका-दरबारको भित्तामा तथा जगन्नाथ-देवलमा विश्वका १५ विभिन्न लिपि कुँदाएर त्यस वेलाका पण्डितहरुलाई हाँक पनि उनले दिएका छन्।

प्रताप मल्ल 'शस्त्र-शास्त्र-सङ्गीतविद्यामा म बराबरको कुनै राजा छैनँ' भनेर घमन्ड गर्दथे। घमन्ड गर्ने मात्र होइन, गीतको रचना उनी आफै गर्थे र स्वयं गाउँथे पनि। हनुमान्ढोका-दरबारको मूल ढोकामाथि रहेको यिनको सालिकमा हातमा बाजा लिई गायनमा व्यस्त रहेको देखाइएको छ। मोहनचोकमा भित्ते चित्रहरुमध्ये एकमा पश्चिमी ढङ्गको बाजा बजाउन तल्लीन प्रताप मल्लको चित्रण गरिएको छ। यसबाट त्यसबेला नै प्रताप मल्लले पाश्चात्य सङ्गीतबारे जानकारी पाएको बुझ्न सकिन्छ। उनी रङ्गमन्चमा उत्रेर नृत्य आदिमा भाग लिने समेत गर्दथे। नृत्यमुद्रामा प्रताप मल्लको चित्र पनि उपलब्ध छ। यिनको पालामा दक्षिणी भारतबाट स्वामी ज्ञानानन्द र लम्बकर्ण भट्ट नामका दुई तान्त्रिक विद्वान् नेपाल आएका थिए। उनीहरुको तान्त्रिक शक्ति देखेर प्रताप मल्लले सम्मानसाथ उनीहरुलाई राखे। यसरी विद्वान्को कदर गर्न तथा साहित्यको उन्नतिमा प्रताप मल्लको विशेष लगाव भएको पाइन्छ। यिनले लेखेका कालिकावचनम् सर्वापराधस्तोत्र, देवताविमर्श स्तुति आदि स्तोत्रहरु र गुह्येश्वरीको इतिहाससम्बन्धी ग्रन्थहरु पनि प्राप्त छन्।

**धर्म तथा कलाकृतिहरूको निर्माण-** प्रताप मल्ल धार्मिक सहिष्णु राजा थिए। उनको पालाका विभिन्न ऐतिहासिक सामग्रीहरु हेर्दा सबै धर्ममा यिनको समान आस्था

भएको पाइन्छ । उनको पशुपतिको एक ताम्रपत्रमा त उठानमा नै तलेजु, गुह्येश्वरी, पशुपति, मछिन्द्रनाथ, हरिवंश, कालिका-पुराण, हरिसिद्धि, लक्ष्मीनारायण, शालिग्राम आदिलाई साक्षीको रुपमा राखिएको छ । अपितु केही झुकाव यिनको तन्त्रमन्त्रमा भएको देखिन्छ । उनको दरबारमा प्रसिद्ध ज्ञानानन्दजस्ता शैव तान्त्रिक, काठमाडौं उपत्यकाका प्रसिद्ध जामना गुभाजु जस्ता बौद्ध तान्त्रिक दक्षिणी भारतबाट आएका लम्बकर्ण भट्ट जस्ता विद्वान्हरुले प्रश्रय पाएबाट पनि हिन्दु धर्मको तान्त्रिक परम्परामा प्रताप मल्लको झुकाव भएको थाहा हुन आउँछ । यिनको पालामा बनेका कलाकृतिहरुको अध्ययनबाट पनि यिनको धार्मिक भावना स्पष्ट हुन्छ । कला तथा वास्तुकलाको निर्माणको दृष्टिले त प्रताप मल्लको स्थान अग्रपङ्क्तिमै राख्न सकिन्छ । उनले बनाएर गएको देवमन्दिर र अरु अनेकौं कलाकृतिहरुले काठमाडौंको शोभा बढाइरहेका छन् ।

वि. सं. १६९९ जेठमा तलेजु भवानीको मन्दिरअगाडि प्रस्तरको खम्बा गाडेर सुनको मोलम्बा लगाइएको धातुको सिंह स्थापित गरे । वि. सं. १७०१ पौषमा आफ्नो सालिक तलेजु-मन्दिरभित्र राख्न लगाएका थिए । साथै हनुमान्ढोका-दरबारको विस्तार गर्ने काम पनि यिनले गरे । मोहनचोक, सुन्दरीचोक, नासलचोक र भण्डारखाल-बगैंचा यिनैले बनाएको बुझिन्छ । मोहनचोकमा सुनधारो बनाएर त्यसको चारैतिर अनेक देवदेवीका मूर्तिहरुको स्थापना, सुन्दरीचोकमा लक्षप्रतापेश्वरनामक शिवलिङ्गको स्थापना गरी तथा हनुमान्ढोका-दरबारको क्षेत्रमा विश्वरूपको सुनौलो मूर्ति बनाई राख्न लगाए । यो मूर्ति आजसम्म पनि इन्द्रजात्राको अवसरमा प्रदर्शित गर्ने चलन छ । वि. सं. १७२९, वैशाखमा प्रताप मल्लले दरबारको ढोकाबाहिर दुइटा हनुमान्का मूर्ति स्थापित गरे । हनुमान्को स्थापनापछि नै यो दरबार हनुमान्ढोका-दरबार नामले लोकप्रिय हुँदै गयो । यसभन्दा अघि यस दरबारलाई गुतपौ दरबार भनिन्थ्यो । वि. सं. १७३०, असारमा यिनले नासलचोकमा नृसिंहको मूर्तिको स्थापना गरे । यी राजा नृसिंहको रुप लिएर रङ्गमन्चमा भाग लिने हुँदा त्यसैको स्मरणार्थ यो नृसिंहको मूर्ति स्थापित गरेको बुझिन्छ । यसको अतिरिक्ति नासलचोक भित्रको पन्चमुखी हनुमान्कै मन्दिर पनि प्रताप मल्लले नै बनाएको कुरा वंशावलीबाट बुझ्न सकिन्छ ।

हनुमान्ढोका-दरबारअगाडिको प्राङ्गणमा प्रताप मल्लका धेरै कृतिहरु देख्न सकिन्छन् । आफ्नी दुई रानी रूपमती र राजमतीको मृत्युपछि उनीहरुको सम्झनामा वि. सं. १७०५, फाल्गुनमा कृष्णमन्दिर बनाई रुक्मिणी-सत्यभामा सहितको वंशगोपालको मूर्ति स्थापित गरेका थिए । दरबारअगाडि नै प्रताप मल्लले आफू र आफ्नी दुई रानी अनन्तप्रिया, प्रभावतीदेवी तथा ५ छोराहरु (भूपेन्द्र, नृपेन्द्र, पार्थिवेन्द्र, महीपतीन्द्र र चक्रवर्तीन्द्र) का सालिक बनाई राख्न लगाए । दरबारअगाडिको जगन्नाथ-मन्दिरको केही भाग यिनले नै बनाएका हुन् ।

स्वयम्भूमा पनि प्रताप मल्लका केही कृतिहरु प्राप्त छन् । त्यहाँ प्रतापपुर र अनन्तपुरको निर्माण गर्नुका साथै उग्रताराको स्थापना तथा वज्र समेत चढाउने काम गरेका थिए । यसका साथै, बालाजुको बूढानीकण्ठको मूर्ति ल्याएर दरबारको भण्डारखालमा स्थापित गरी त्यहाँको पोखरीमा बूढानीलकण्ठकै पानी ल्याएर हालेको हुँदा बूढानीकण्ठ रिसाएर अबदेखि राजाहरुले मेरो दर्शन गर्न नआउनू भनेका हुँदा नै यो बालाजुको मूर्ति बनाएर बूढानीलकण्ठको दर्शन गर्ने गरेको थियो ।

प्रताप मल्लको पालाको महत्त्वपूर्ण उपलब्धि रानीपोखरी हो । छोरा चक्रवर्तीन्द्र मल्लको असामयिक मृत्यु भएकोले उनको सम्झनामा राजा प्रताप मल्लले वि. सं. १७२७, कार्तिकमा सो पोखरीको निर्माण गरेका हुन् । सो पोखरी बनाइसकेर वाराणसीको गङ्गाजल, मुक्तिक्षेत्र, वराहक्षेत्र, त्रिशूली, गोसाइँकुण्ड आदि विभिन्न तीर्थस्थलहरुको जल ल्याएर सो पोखरीमा हालिएको कुरा प्रताप मल्लको रानीपोखरीकै अभिलेखबाट बुझ्न सकिन्छ । पोखरीको बीचमा शिवालय तथा दक्षिणी किनारामा राजा र छोरा बसेको ढुङ्गाको ठूलो हात्ती पनि बनाइएको छ ।

यसको अतिरिक्त गुह्येश्वरीको मन्दिरको निर्माण, दक्षिणकालीको स्थापना, अष्टमातृकाको कलात्मक मूर्ति बनाई आफ्नो दरबारमा स्थापित गर्ने तथा पशुपतिमा कोटिलिङ्ग स्थापित गर्ने आदि कामको श्रेय पनि प्रताप मल्ललाई दिइएको छ । उनले वि. सं. १७१२, असारमा साँखुमा वज्रयोगिनीको मन्दिरको निर्माण गराएका थिए । सो मन्दिर त्यसवेला ग्रन्थकूट-शैली (शिखरशैली) मा बनेको थियो । पछि भास्कर मल्लले भत्काएर नेपाली शैलीमा तीनतले मन्दिर बनाएको कुरा ठयासपूबाट बुझ्न सकिन्छ । नुवाकोटमा पनि प्रताप मल्ल धर्मकर्म गर्न पुगेका थिए । वि. सं. १७२० मा यिनले नुवाकोटको भैरवलाई मुकुट चढाएको कुरा तात्कालिक टिपोटबाट बुझिन्छ ।

केवल निर्माण गर्ने मात्र नभएर वरपर अलपत्र परेर रहेका कलात्मक वस्तुहरुको संरक्षण गर्ने काममा पनि प्रताप मल्ल निकै सजग देखिन्छन् । ज्ञानेश्वरबाट प्राप्त जलशायी नारायणको मूर्ति (बूढानीलकण्ठ) ल्याएर दरबारभित्र भण्डारखालको पोखरीमा राखे, लाजिम्पाटबाट कालियदमनको मूर्ति ल्याएर सुन्दरीचोकमा राखे, रानीवन (बूढानीलकण्ठ जाने बाटोमा पर्ने वन) बाट ल्याइएको कालभैरवको विशाल मूर्ति दरबारको प्राङ्गणमा राख्न लगाए । यसरी कला तथा वास्तुकलाको विकासमा प्रताप मल्लको योगदान एल्लेखनीय पाइन्छ ।

**सामाजिक कार्यहरू-** सामाजिक कार्यहरुमा पनि प्रताप मल्लको निकै योगदान पाइन्छ । यिनले स्वयम्भू जाने बाटोमा विष्णुमतीमा पुल हाल्ने, बूढानीलकण्ठ-क्षेत्रबाट कुलो बनाई पानी ल्याएर सिंचाइ गर्न सुविधा गरिदिने तथा ठाउँ-ठाउँमा धारा, पाटीपौवाहरु तथा टुटे धाराहरु बनाउने काम गरेका थिए । प्रताप मल्लको समयमा वि. सं. १७१५ मा बर्सादं बितिसक्दा पनि पानी नपरेर खडेरी परेपछि स्वयम्भूको बौद्ध देवस्थल शान्तिपुरभित्र रहेको नागको रगतले लेखिराखेको पौभा (कपडामा लेखिएको चित्रविशेष) र पुस्तक बाहिर ल्याउन सके पानी पर्छ भन्ने कुरा उठ्यो । तर कसैले पनि सो ल्याउन नसकेकोले प्राणिमात्रको हितको निम्ति प्रताप मल्ल आफै पसेर सो चीज बाहिर ल्याएका र ल्याउनेबित्तिकै मुसलधारे पानी परेको कुरा प्रताप मल्लको त्यहींको अभिलेखबाट बुझ्न सकिन्छ ।

**न्यायव्यवस्थामा सुधार-** न्यायिक परिपाटीको सुधारमा पनि प्रताप मल्लको केही योगदान भएको पाइन्छ । त्यसवेला मल्ल-राजपरम्परामा कुनै अभियुक्तसँग बयान लिंदा उसलाई कालभैरव अथवा कोटिलिङ्गेश्वरको फलक छोएर शपथ लिन लगाइन्थ्यो । यसबाट यदि अभियुक्तले आफू बच्न कुनै झुट्टा बयान दिएमा तुरुन्तै रगत वमन गरेर

मर्दछ भन्ने धारण थियो । तर यसबाट त कुनै पनि अपराधीलाई स्पष्ट चिन्न सकिने आधार भएन । जसले पनि यस किसिमको शपथ खान सक्ने भयो । तसर्थ यो प्रथा हटाएर प्रताप मल्लले केही ठूला-ठूला अपराधहरुको अन्य अदालतहरुले गरेको फैसलामाथि फेरि छानबीन गर्न एक विशेष किसिमको अदालतको व्यवस्था गरे ।

**व्यापारको विस्तार-** प्रताप मल्लको समयमा व्यापारको उन्नति उल्लेखनीय रह्यो । दक्षिण भारत तथा उत्तर तिब्बतसँगको व्यापार प्राचीन कालदेखि अटूट रुपमा चली आएको थियो । बीच-बीचमा यसमा सुधार तथा विस्तार पनि भइरहेको थियो । प्रताप मल्लको समयमा आएर तिब्बतसँगको व्यापारमा नयाँ अध्याय थपियो । काजी भीम मल्लको प्रयत्नले गर्दा कान्तिपुरले तिब्बतसँग वाणिज्यसन्धि नै गरेको थियो । यस सन्धिमा मुख्य गरेर निम्नलिखित कुराहरु परेका थिए ।

(क) नेपाली व्यापारीहरुका बत्तीस कोठीहरु तिब्बतमा खोलिने ।

(ख) नेपाली व्यापारीहरुको रेखदेख गर्न एक वाणिज्यदूत (नायक-वकील) तिव्बतमा रहने ।

(ग) भोटको निम्ति नेपालले मुद्रा बनाइदिने, नेपाली मुद्राहरु पनि भोटको बजारमा मान्य हुने ।

(घ) भोटमा नेपाली व्यापारीहरूको अपुताली परेमा त्यसको सम्पत्ति नेपाल सरकारलाई नै हस्तान्तरित गर्नुपर्ने ।

यसरी तिब्बतसँग भएको व्यापार सन्धिले गर्दा नेपाल उपत्यकाको आर्थिक उन्नतिमा ठूलो सघाउ पुग्यो ।

**परिवार-** प्रताप मल्लको परिवारको सम्बन्धमा अनेक कथाहरू पाइन्छन् । वंशावलीहरूमा यिनका तीन सय रानीहरू भएको उल्लेख छ । तर ऐतिहासिक सामग्रीहरूबाट भने त्यत्रो सङ्ख्यामा यिनका रानीहरू भएको पाइँदैन । प्रताप मल्लका मुद्राहरू तथा अन्य सामग्रीहरूबाट रूपमती, अनन्तप्रिया, राजमती, प्रभावती आदि रानीहरूको नाम थाहा पाइन्छ । प्रताप मल्ल मर्दा सती जाने रानीहरूको सङ्ख्या नौ थियो । केही रानीहरू सती गएका थिएनन् । वंशावलीमा यी राजाले रजस्वला नभएकी कन्यासँग सम्बन्ध राख्न खोज्दा कन्याको मृत्यु भएको प्रसङ्ग पनि परेको छ ।

प्रताप मल्लका सिद्धिश्री, लीलामती, श्रीमतीदेवी आदि छोरीहरू तथा भूपेन्द्र मल्ल, नृपेन्द्र मल्ल, पार्थिवेन्द्र मल्ल, महीपतीन्द्र मल्ल र चक्रवर्तीन्द्र मल्ल पाँचजना ठयाहा र भाकुतु, सुन्दरनारायण, सुरत शाही र मान्धाता सिंह चारजना मठयाहा गरी नौजना छोराहरूको नाम तात्कालिक सामग्रीहरूबाट जान्न सकिन्छ । तर प्रताप मल्लको मृत्यु भएताका यिनका नृपेन्द्र मल्ल, पार्थिवेद्र मल्ल र महीपतीन्द्र मल्ल तीनजना ठचाहा छोराहरू र दुईजना मठचाहा छोरा मान्धाता सिंह र भाकुतु मात्र जीवित थिए । यिनहिरूमा नृपेन्द्र मल्लको मृत्यु मात्र स्वाभाविक रूपमा, तर १८ वर्षकै उमेरमा भयो । अन्य छोराहरूमा मान्धाता सिंह चिकुटीद्वारा मारिए । पार्थिवेन्द्र मल्ल तथा महीपतीन्द्र मल्ल लक्ष्मीनारायणद्वारा मारिए । अर्का भाकुतु पनि वि.सं. १७३६ तिरै मरेका थिए ।

**अन्तिम दिनहरू–** आफ्नो शासनको अन्तिम समयतिर आएर भने प्रताप मल्लले केही अनौठा कार्यहरू गर्न थालेको पाइन्छ । दक्षिणी भारतबाट आएका स्वामी ज्ञानानन्दको उपदेशबाट उनले आफ्नो जीवनकालमा नै छोराहरूलाई पालै पालो राजा बनाउन थालेका थिए । चक्रवर्तीन्द्र मल्लका त मुद्राहरू पनि प्राप्त छन् । पछि प्रताप मल्ल मर्ने बेलासम्ममा चक्रवर्तीन्द्र र भूपेन्द्र मल्लको मृत्यु भइसकेको थियो । त्यसैले प्रताप मल्लले जीवित रहेका छोराहरूमा पनि सबैभन्दा कान्छा महीपतीन्द्र मल्ललाई उत्तराधिकारी छानेका थिए । प्रताप मल्लको यही प्रवृत्तिले गर्दा उनीपछि राजनीतिक अस्थिारता आयो र अकालमा नै उनका छोराहरूको अन्त भयो । भारदारहरूले कान्तिपुरको शासनमा हैकम चलाउने मौका पाए ।

प्रताप मल्लको मृत्यु ५१ वर्षको उमेरमा वि.सं. १७३१, बैशाख ९ गते राति हरिसिद्धिको नाच हेरिरहको वेलामा अकस्मात् भएको थियो । उनको मृत्युको सम्बन्धमा वंशावलीमा यस्तो उल्लेख छ- "हरसिद्धिको नाच भइरहेको बेलामा देवी पनि अति सुन्दर भई मनुष्यको रूप लिई नाच हेरिरहेकी थिइन् । प्रताप मल्ल त्यस्ती सुन्दरीलाई देखेर आफूलाई थाम्न नसकी हातपात गर्नपुगे । तब देवी रिसाएर तिमी अति व्यभिचारी रहेछौ, तिम्रो राज्य यति मात्र हुनेछ भनी अलप भइन् र केही बेरपछि नै राजाको मृत्यु भयो ।"

यसरी प्रताप मल्लले ३३ वर्षजति शासन गरेर नेपाल उपत्यकाको आफ्नो मल्लराज्यको जुन रूपले उन्नति गरे, त्यसैबाट उनी सर्वश्रेष्ठ मल्ल राजा मान्न सकिन्छन् ।

## नृपेन्द्र मल्ल तथा पार्थिवेन्द्र मल्ल

वि.सं. १७३१, वैशाख ९ गते प्रताप मल्लको मृत्यु भएपछि कान्तिपुर राज्यमा राजनीतिक अस्थिरता देखा पऱ्यो । एक त त्यसवेला उनका ठयाहा (जात मिलेकी ब्याइते पत्नीबाट जन्मेका) छोराहरू उमेर पुगेका र आफैले शासन चलाउन सक्ने अवस्थामा भएनन्, त्यसमा पनि प्रताप मल्लले आफ्नो जीवनकालमा नै कहिले कुन छोरालाई राजा बनाउने, त कहिले कुनलाई उत्तराधिकारी घोषित गर्ने नीति लिएका हुँदा भारदारहरूमा अनेक गुटबन्दीको सिर्जना भइसकेको थियो । त्यसवेला प्रताप मल्लका नृपेद्र, पार्थिवेन्द्र र महीपतीन्द्र गरी जम्मा तीन छोराहरू मात्र जीवित थिए । प्रताप मल्लले भने सबैभन्दा कान्छा महीपतीन्द्र मल्ललाई उत्तराधिकारी घोषित गरेका हुँदा नै उनको शेषपछि बखेडा उत्पन्न भएको हो । तीन महीनासम्म यस्तै खिचोला भएपछि ललितपुरका श्रीनिवास मल्लले आएर दाजु छँदाछँदै भाइलाई राजा बनाउनु हुँदैन भनेर जेठा नृपेन्द्र मल्ललाई राजतिलक दिई सबैको चित्त बुझाए । त्यसवेला नृपेन्द्र मल १२ वर्षका मात्र थिए । श्रीनिवास मल्लले नै देवीदास चिकुटीलाई चौतरा (प्रधनमन्त्री) बनाइदिए ।

यी देवीदास चिकुटी प्रताप मल्लको पालामा नै कान्तिपुरका भारदार हुन पुगेका थिए । कुनै कुरामा प्रताप मल्लसँग ठ्याक नमिल्दा यिनी थुनामा समेत परे र पछि कुनै उपायबाट कैदबाट उम्की ललितपुरमा श्रीनिवास मल्लको शरणमा पुगेका थिए । प्रताप मल्ल जीवित छउन्जेल उनी ललितपुरमै बसे । प्रताप मल्ल मर्नेबित्तिकै श्रीनिवास मल्लले

सबै राजहरूलाई भेला पारेर सम्झौता गरी चिकुटीलाई उनको घर वङ्गल (इन्द्रचोक) पठाइदिएका थिए । पछि नृपेन्द्र मल्ललाई राजगद्दीमा राख्नेबित्तिकै आफ्नो समर्थनका यिनै चिकुटीलाई श्रीनिवास मल्लले चौतारा पद दिलाएका हुन् ।

राजा बालकै हुँदा चिकुटीले आफ्नो शक्ति बढाउने मौका पाए । उनले ठाउँ-ठाउँका शक्तिशाली भारदारहरूलाई आफ्नो पक्षमा मिलाउने, ठूला-ठूला पदहरूमा आफ्ना मानिसहरू नियुक्त गर्ने तथा आफ्ना विरोधीहरूलाई दबाउने आदि काम एकैसाथ गर्न थाले । त्यसवेला उपत्यकामा उमरा (सैनिक अधिकृत) पदमा खस मगरहरू विशेष मात्रामा नियुक्त गरिन्थे । कान्तिपुर राज्यका थुम-थुममा यस्ता उमराहरू रहेको हुन्थे । देवीदास चिकुटीले यी सबैलाई आफ्नो पक्षमा मिलाएर आफ्नो विश्वस्त वर्गको रूपमा परिणत गरेका थिए । साथै ठाउँ-ठाउँका बडाहाकिम आदि उच्चपदहरूमा यिनले आफ्नै विश्वासी मानिसहरू नियुक्त गरे । देउपाटनका बडाहाकिम (परमान) पदमा त चिकुटीले आफ्नै माहिला दाजु (दातिम्हा) लाई नियुक्त गरेका थिए । यसरी सर्वत्र आफ्ना मानिसहरू बनाउने कार्यका साथै आफ्ना विरोधीहरूलाई दबाउने काममा पनि चिकुटी पछि परेनन् । त्यसबेला प्रताप मल्लका एकजना मठचाहा छोरा मान्धाता सिंह शक्तिशाली पुरुष थिए । यसकारण यिनलाई नपन्छ्याई आफू सर्वाधिकारी बन्न नसकिने हुँदा मान्धाता सिंहलाई र अरु शक्तिशाली भारदारहरूलाई समेत चिकुटीले मार्न लगाएका थिए । यसरी आफ्ना विरोधीहरूलाई सिद्धचाई ठूला-ठूला पदमा आफ्ना मानिस राखी देवीदास चिकुटीले हर्ताकर्ता भई कान्तिपुरको शासन चलाए । वि.सं. १७३१ मा आफू चौतारा भएको केही महीनापछि नै आफूले बनाएको नाउदेवलको अभिलेखमा त यिनले गद्दीनसीन राजाको नाम समेत उल्लेख नगरी सारा राज्य आफै निष्कण्टक रूपमा चलाएको उल्लेख गराएका छन् । सो अभिलेखमा उनलाई यस्तो भनिएको छ- "ठूला-ठूला पद पाएकाहरूमा श्रेष्ठ भएका, प्रधानहरूका नायक, तेजस्वी चिकुटीले साम्राज्यसँग दाँज्न सकिने राज्य (कान्तिपुर राज्य) लाई यज्ञद्वारा निष्कण्टक पारी असल काम गर्ने शहरिया इष्टमित्रलाई आनन्द दिने पार्नु भयो ।" यसैबाट चिकुटीको बढ्दो शक्तिको अनुमान गर्न सकिन्छ । तात्कालिक एक टिपोटबाट यी देवीदास चिकुटी निकै धनी पनि भएको बुझिन्छ । तीनै शहरमा यिनका जग्गाजमीन थिए ।

चिकुटीको बढ्दो प्रभाव उपत्यका बाहिरका राज्यहरूमा पनि फैलेको थियो । मकवानपुरका सेन राजा शुभ सेनले त यिनलाई राजालाई दिएसरह मात्र दिएर वि.सं. १७३४, मार्ग ४ गते हात्ती कोसेली पठाइदिएका थिए । यसको ३ वर्षपहिले शुभ सेनले ललितपुरका राजा श्रीनिवास मल्ललाई पनि चार हात्ती पठाइदिएका थिए । त्यसवेला बाहिरी राज्यबाट हात्ती कोसेलीस्वरूप पाउनु निकै गौरव मानिन्थ्यो ।

गोरखातिर पनि चिकुटीले सम्बन्ध बढाएका थिए । गोरखासँग सम्बन्ध बढाउन प्रताप मल्ल पनि इच्छुक थिए, तर सफल हुन सकेका थिएनन् । यी चिकुटीले भने आफ्ना विश्वासी भारदारलाई गोरखा पठाएर कुरा मिलाएका थिए । त्यसैले वि.सं. १७३५ को मध्यतिर गोरखाका राजा पृथ्वीपति शाह कान्तिपुरमा आएर नृपेन्द्र मल्लसँग मितेरी समेत लगाएका थिए ।

चिकुटी शुरुदेखि नै विभिन्न निर्माणकार्यमा पनि संलग्न रहेको पाइन्छ। वि.सं. १७३१ मा यिनले नाउदेवल बनाएर सय रोपनी जमीन गुठी समेत राखिदिएका थिए। सो देवल काठमाडौं मच्छिन्द्रबहालपछाडि हाल पनि देख्न सकिन्छ। १९९० सालको भूकम्पभन्दा अगाडि सो देवल तीनतले थियो। भूकम्पमा परेर सो मन्दिर पनि भत्केको हुँदा हालको रूप पुनः निर्मित हो। यसका अतिरिक्त वि.सं. १७३२ मा पशुपतिनाथको मन्दिरमा जाने पश्चिमको मूल ढोकाको ठूलो तोरण र दक्षिण भेकबाट पशुपतिको मन्दिरभित्र जाने चौसट्ठी लिङ्गनिरको सुनको जलप लाएको ठूलो तोरण यिनैले चढाएका थिए। यसको अर्को साल दक्षिणपट्टिको ढोकामा यिनले सुनको जलप पनि लगाइदिएका थिए।

वि.सं. १७३७ मा १८ वर्षको उमेरमा नृपेन्द्र मल्लको मृत्यु भयो। यसको १४ दिनपछि यिनैका भाइ पार्थिवेन्द्र मल्ल राजा बनाइए। चौतार पद चिकुटीले नै पाए। पार्थिवेन्द्र मल्ल त केवल गद्दीको शोभा थिए। सम्पूर्ण कर्ताहर्ता चिकुटी नै थिए।

यसरी सक्रियतासाथ शासनमा देखिएका देवीदासको अन्त्य पनि निकै चाखलाग्दो छ। वास्तवमा चिकुटीको प्रभाव बढ्नाले अरु भारदारहरूलाई असह्य हुन थाल्यो। यसैले एक थरी भारदारहरू चिकुटीलाई लखेट्ने तथा मार्ने समेत दाउ गर्न थाले। यसको सुइँको पाएर वि.सं. १७४०, कार्तिकतिर चिकुटी सपरिवार त्रिशूलीपारिको बुधसिंह भन्ने गाउँमा गई बस्न लागे। यता कान्तिपुरमा उनी हिंडेपछि लक्ष्मीनारायण लगायत चारजनाको संयुक्त मन्त्रिमण्डल बन्यो। देवीदास चिकुटी भने सम्पूर्ण कुरा छोडेर धर्म कर्ममा लागेका थिए। यस्तैमा वि.सं. १७४४ मा एकाएक पार्थिवेन्द्र मल्लको हत्या गरियो। खाने कुरामा विष हाली खुवाइएकोले उनको मृत्यु भएको हो। राजाको मृत्यु के हुनु थियो, विरोधी पक्षले हल्ला गर्ने मौका पायो। आफ्ना प्रतिद्वन्द्वीलाई सिद्ध्याउने यो भन्दा सरल मौका मिल्नु सम्भव थिएन। त्यसैले 'चिकुटीबाटै यो विषप्रयोग भएको हो' भन्ने हल्ला लक्ष्मीनारायणले पिट्न लगायो। त्यसैले चिकुटी पक्राउमा परे। त्यसबेला उनी पशुपति इलाकामा धर्मकर्म गरिरहेका थिए। उनलाई त्यहाँबाट पक्रेर ल्याइँदा कपालबाट रगत बग्नेगरी जस-जसले देख्यो कुट्दै ल्याए। उनका परिवार साना केटाकेटीसमेतलाई कुट्दै घिसारेर ल्याई मारे। यसरी यस काण्डमा देवीदास चिकुटी, उनका सम्पूर्णपरिवार र चिकुटीका अनुयायी केही खसहरू समेत मारिएका थिए। यसरी कुनै बेला निकै शक्तिशाली बनेका चिकुटीको अन्त भने निकै नराम्रोसँग भयो।

यसरी पार्थिवेन्द्र मल्लको ७/८ वर्षको शासनको समय भारदारहरूको झैझगडामा नै बितेको देखिन्छ। शासनको पूर्वार्धमा चिकुटी थिए भने उत्तरार्धमा लक्ष्मीनारायण र अरु तीनजना गरी जम्मा चारजनाको मन्त्रिमण्डल बनेको थियो। यी पार्थिवेन्द्र मल्लका केही कृतिहरू भने देख्न सकिन्छन्। वि.सं. १७३७ मा गद्दीबैठक अघिल्तिर त्रैलोक्यमोहन नारायणको मन्दिर बन्यो। सो मन्दिर उनले आफ्नो दाजु नृपेन्द्र मल्लको सम्झनामा बनाउन लगाएका थिए। यसको अतिरिक्त यिनले वि.सं. १७३८ मा तलेजु-मन्दिरमा स्तम्भमाथि छोरा भूपालेन्द्र, आमा इन्द्रमती तथा दुई रानी राज्यलक्ष्मी र ऋद्धिलक्ष्मीसहित आफ्नो सालिक राख्न लगाए। साथै यिनको पशुपतिको अभिलेखबाट यिनले पशुपतिको जीर्णोद्धार पनि गरेको बुझिन्छ। वंशावली अनुसार मन्दिरको चाँडो

निर्माण होस् भनी राजा स्वयंले देवपाटनको भिगटी पोलिएको ठाउँबाट भिगटी बोकेर पशुपतिनाथमा पुऱ्याएका थिए र यो देखी प्रजाहरू सबै सक्रियतासाथ निर्माणकार्यमा संलग्न भए। वि.सं. १७३८, श्रावणमा पार्थिवेन्द्र मल्लले भाइ महीपतीन्द्र मल्लका साथमा गोसाइँकुण्डको यात्रा गरेका थिए।

यसरी पार्थिवेन्द्र मल्ल राजनीतिमा सक्रिय नभए पनि केही मात्रामा धार्मिक कार्यमा संलग्न रहेको पाइन्छ।

## भूपालेन्द्र मल्ल

भूपालेन्द्र मल्ल पार्थिवेन्द्र मल्लका छोरा थिए। वि.सं. १७३६, पौष ४ गते बिहिवार यिनको जन्म भएको थियो। वि.सं. १७४४, असारमा विषकाण्डमा परेर पार्थिवेन्द्र मल्लको मृत्यु भएपछि त्यसको तेह्र दिनपछि ८ वर्षको उमेरमा भूपालेन्द्र मल्ल कान्तिपुरका राजा बनाइए। भक्तपुरका राजा जितामित्र मल्ल आएर उनलाई गद्दीमा राखेका थिए। चौताराको पद भने लक्ष्मीनारायणले पाए। बालक राजा गद्दीको शोभा मात्र भएका हुँदा लक्ष्मीनारायण शासनमा हर्ताकर्ता बन्न पुगे।

यी चौतारा लक्ष्मीनारायण तात्कालिक इतिहासमा एक चर्चित व्यक्ति बनेका थिए। शुरुमा यी कान्तिपुरको मरुटोलका भारदार थिए। उनी विस्तारै-विस्तारै केन्द्रमा आउने योजना गरिरहेका थिए, तर त्यसबेला देवीदास चिकुटी जस्तो शक्तिशाली व्यक्ति चौतारा भएको हुँदा सजिलैसित लक्ष्मीनारायण आफ्नो प्रभाव फैलाउन सक्ने अवस्थामा थिएनन्। त्यसैले आफ्नो दरो गुट बनाएर भित्र भित्रै देवीदासलाई सिद्धचाउने षड्यन्त्रमा उनी लागे। उनलाई यस काममा राजदरबारभित्रबाट महारानी ऋद्धिलक्ष्मीको पनि सहयोग मिलेको देखिन्छ। आफ्नोविरुद्ध हुन लागेको षड्यन्त्रको सुइँको पाएर देवीदास चिकुटी भागेपछि ललितपुरका श्रीनिवास मल्लले आएर चारजनाको मन्त्रिमण्डल बनाइदिए जसमा एकजना यी लक्ष्मीनारायण पनि थिए। तर लक्ष्मीनारायण यतिले मात्र सन्तुष्ट हुने व्यक्ति थिएन। स्वयं रानी ऋद्धिलक्ष्मीलाई समेत प्रेमबन्धनमा पारेर अब ऊ राजालाई समेत सिद्धचाउने ताकमा लाग्यो। फलस्वरूप वि.सं. १७४४, असारमा विषप्रयोग गरेर राजा पार्थिवेन्द्र मल्लको हत्या गरियो। यसको तीन दिनपछि लक्ष्मीनारायणका समर्थक कान्तिपुरेहरू आतङ्क मच्चाउन हनुमान्ढोका दरबारमा भेला हुन थाले। 'राजालाई कसले मारेको हो, हामी पनि त्यसलाई मार्छौं' भनेर होहल्ला मच्चाउन थाले। पछि भक्तपुरबाट जितामित्र मल्लले आएर सम्झाएपछि मात्र प्रजाहरू घर फर्के। तर लक्ष्मीनारायणको उद्देश्य भने अर्कै थियो। आफ्ना प्रतिद्वन्द्वीहरूलाई सिध्याउने यो भन्दा सरल उपाय हुन सक्तैनथ्यो। त्यसैले अब 'राजालाई विष खुवाउने स्वयं देवदास चिकुटी र उनका सहयोगी वंशीधर हुन्' भन्ने आरोप लगाएर चिकुटी, उनको सम्पूर्ण परिवार र उनका समर्थकहरू समेत गरी निकैको हत्या गरियो। यसरी आफ्नो प्रमुख प्रतिद्वन्द्वीलाई सिद्धचाएपछि लक्ष्मीनारायण आफ्ना अरू सम्भावित शत्रुलाई हटाउने काममा लाग्यो।

प्रताप मल्लका एक भाइ छोरा महीपतीन्द्र मल्ल त्यस बेलासम्म जीवितै थिए। अघि प्रताप मल्लले आफूपछि राजगद्दीको उत्तराधिकारी यिनैलाई घोषित गरेका थिए। त्यसैले प्रताप मल्लको मृत्युपछि भारदारहरूमा हानथाप हुँदा तीन महीनासम्म कान्तिपुरको

गद्दी खाली नै रहेको थियो । पछि ललितपुरका श्रीनिवास मल्लले आएर 'दाजु जीवित छँदाछँदै भाइलाई राजा बनाउन मिल्दैन' भनेर नृपेन्द्र मल्ललाई राजा बनाएका थिए । यसले गर्दा महीपतीन्द्र मल्लको पक्षका भारदारहरू त्यसै खुम्चेका थिए । नृपेन्द्र मल्लपछि पार्थिवेन्द्र मल्ल राजा बनाइए । यसै बीचमा चिकुटीको विरोध हुन थालेपछि उनी राजपाट छोडेर हिंडे । लक्ष्मीनारायण र अरु तीनजना गरी जम्मा चारजनाको मन्त्री मण्डल बन्यो । महीपतीन्द्र मल्ललाई उचालेर सत्तामा आउन खोज्ने केही भारदारहरू भने यसवेला पनि सक्रिय हुने ताकमा थिए । लक्ष्मीनारायणको निम्ति भविष्यमा ठूलो बाधा हुन सक्तथ्यो । त्यसैले महीपतीन्द्र मल्ल आफै राजा हुने ताकमा लागेका छन् भनेर राजा पार्थिवेन्द्र मल्लको कान फुक्न थालियो । पछि वि.सं. १७४२ मा महीपतीन्द्र मल्ललाई बेसरी कुटी हनुमान्ढोकामा थुने । उनको साथमा उनका पत्नीहरू पनि डोरीले बाँधिए । यसको केही महीनापछि भित्तामा प्वाल पारी पर्खालमा भरेङ् हाली उनी भागेर ललितपुर पुगे । श्रीनिवास मल्लले उनलाई शरण दिइराखे । कान्तिपुरले महीपतीन्द्र मल्ललाई माग्दा महीपतीन्द्र मल्लको ज्यानको सुरक्षाको वचन नदिई श्रीनिवास मल्लले फिर्ता गर्न मानेनन् । फलस्वरूप टेकुदोभानमा भेटेर धर्मवाचा गरियो, तर कान्तिपुरेहरू भने धर्मवाचालाई वास्ता नगरी जबरजस्ती पक्रेर ल्याउने उद्योगमा थिए । यसको सुइँको पाएर श्रीनिवास मल्लले पनि छोरा योगनरेन्द्र मल्लको रेखदेखमा महीपतीन्द्र मल्ललाई राखेका थिए । यस्तैमा श्रीनिवास मल्ल सम्झौता गर्न टेकुदोभानतिर लागेको बेलामा कान्तिपुरे भारदारहरूले एक्कासी महीपतीन्द्र मल्ल भएको ठाउँमा हमला गरे । झ्यालबाट महीपतीन्द्र मल्लले रोई-कराई गरेर गुहार मागेपछि ललितपुरका प्रजाहरू मिलेर कान्तिपुरेहरूलाई पिटपाट पारी धपाइदिए । यसपछि पनि महीपतीन्द्र मल्ल यताउता सुरक्षाको निम्ति लुक्तै हिंडिरहेका थिए । वि.सं. १७४४, असारमा एकाएक राजा पार्थिवेन्द्र मल्लको विषप्रयोगद्वारा हत्या भएपछि भने महीपतीन्द्र मल्ल झन् सङ्कटमा परे । चौतारा पदमा लक्ष्मीनारायण बस्ने बित्तिकै ऊ महीपतीन्द्र मल्ललाई खोज्न थाल्यो । यसबेला उनी पशुपतिमा पुजारी राघवानन्द स्वामीकहाँ शरण परी बसेका थिए । त्यही उनलाई पक्रेर लक्ष्मीनारायणका भरौटेहरूले डोरीले बाँधी तानातान गरेर कुटपीट गरी नेल ठोके । पछि टाउको काटेर लगी लक्ष्मीनारायणलाई देखाए भनेर वंशावलीमा उल्लेख भएको छ । पार्थिवेन्द्र मल्लको हत्या भएको दुई महीनापछि नै महीपतीन्द्र मल्ल मारिएका हुन् । आफ्नो शरणागत राजपुत्रलाई जबरजस्तीसँग वध गराएको कुरा स्वामी राघवानन्दलाई असह्य भयो र उनी पशुपतिको पुजारीको पदत्यागी कान्तिपुर राज्य नै छाडी हिंडेको कुरा तात्कालिक ठ्यासफूबाट समेत बुझिन्छ ।

यसरी सम्पूर्ण आफ्ना सम्भावित बाधाहरू हटाएपछि लक्ष्मीनारायण ललितपुर तथा भक्तपुरलाई अँठ्याउने दाउमा लाग्यो । ललितपुरमा श्रीनिवास मल्लको मृत्यु भइसकेको हुँदा योगनरेन्द्र मल्ललाई आफ्नो पक्षमा मिलाउन लक्ष्मीनारायणलाई कुनै कठिनाइ परेन । तर भक्तपुरमा भने जितामित्र मल्ल तथा भागीराम (चौतारा) जस्ता प्रभावशाली व्यक्ति भएकाले लक्ष्मीनारायणको इच्छा पूर्ण भएन । भक्तपुरमा भागीराम चौतारा पदमा छउन्जेल आफ्नो प्रभाव नजम्ने देखेर लक्ष्मीनारायणले 'हामीसँग मिल्ने भए आफ्ना प्रधानमन्त्री भागीरामलाई खोस्नुहोस्' भनी जिताभित्र मल्ललाई कर लगाए । जिताभित्र त्यस्तो प्रभावशाली व्यक्तिलाई खोस्ने पक्षमा थिएनन् । त्यसैले ललितपुरको सहयोग लिएर

कान्तिपुरले भक्तपुरमा आक्रमण गरी त्यहाँका जनतालाई दुःख दिन थाल्यो । स्वयं योगनरेन्द्र मल्ल र भूपालेन्द्र मल्ल त्यहाँ लड्न गएको कुरा एक ठ्यासफूमा लेखिएको छ। यसबाट भक्तपुरे प्रजाहरूमा सङ्कट उत्पन्न भयो र उनीहरू आफ्ना राजालाई जबरजस्ती क्रान्तिपुरतर्फ पठाउन थाले । राजा कान्तिपुरतर्फ लागेपछि जनताहरूले भागीरामको घर लुटेर लिए। भागीराम भने ज्यान जोगाएर भागे।

यसरी लक्ष्मीनारायणले तीन वर्षजतिको थोरै अवधिमा नै उपत्यकामा उत्पात मचाइदिएको थियो। वंशावलीमा लक्ष्मीनारायणको राजमाता (पार्थिवेन्द्र मल्लकी रानी तथा भूपालेन्द्र मल्लकी आमा ऋद्धिलक्ष्मी) सँग साँठगाँठ भएको उल्लेख छ। "दरबारमै सुत्ने, दरबारमै खाने। राजाले लाउने पोशाक गहना लगाई राजाका पलङ ओच्छ्यानमा बस्थे, लडाइँमा पनि जाँदैनथे, रातदिन रानी (राजमाता ऋद्धिलक्ष्मी) सँग मात्र बसिरहन्थे" भन्ने कुरा पनि वंशावलीहरूबाट बुझ्न सकिन्छ। यसरी राजमाताका कृपापात्र भएकोले नै राजाको मुद्रामा समेत एकापट्टि आफ्नो नाम "लक्ष्मीनारायण" कुँदाउन सकेका थिए।

राजनीतिमा मात्र होइन; धर्मकर्ममा पनि लक्ष्मीनारायण सक्रिय देखिन्छ। हालको जैसीदेवल भनिने योगेश्वर महादेवको मन्दिर लक्ष्मीनारायणले नै बनाउन लगाएका हुन्। यसको निर्माण वि.सं. १७४४, पौषमा भएको थियो । वि.सं. १७४५, चैत्रमा सूर्यग्रहण लाग्दा लक्ष्मीनारायणले विश्वम्भर उपाध्यायलाई ठूलो घर दान गरेको तथा वि.सं. १७४६, असारमा श्री राना मिश्रलाई हात्ती दान दिएको कुरा तात्कालिक ठ्यासफूबाट बुझ्न सकिन्छ। वि.सं. १७४६ कार्तिकमा राजमाता ऋद्धिलक्ष्मी र चौतारा लक्ष्मीनारायणले हनुमान्ढोकाको प्राङ्गणमा गरुडको ठूलो मूर्ति स्थापित गरेका थिए।

यसरी लक्ष्मी नारायण त्यसवेला हरेक क्षेत्रमा प्रभावशाली थिए । उनका विरोधीहरूलाई उनको यो रवाफ मन पर्ने कुरै थिएन। अघि देवीदास चिकुटीका अनुयायी भएका खसहरू चिकुटी तथा अरु खसहरू मारिएकोमा त्यसको बदला लिने ताकमा शुरुदेखि नै थिए। वि.सं. १७४७, भाद्रमा मौका पाई खसहरू एक दलले लक्ष्मीनारायण उपर उनकै घरमा खुकुरीले प्रहार गऱ्यो । घाइते लक्ष्मीनारायण झ्यालबाट हाम्फालेर भाग्दै दरबारतिर आउँदा बाटोमा खसहरूले भेट्टाई खुकुरीले धेरै ठाउँमा प्रहार गरी काटी मारे। हात काटेर सुनको बाला समेत उनीहरूले लिएर गए। यसरी, जसरी लक्ष्मीनारायण शासनमा आउन सकेका थिए, लगभग त्यसै गरी उनको अन्त पनि भयो।

लक्ष्मीनारायणको अवसानपछि अरु कुनै पनि चौताराले लक्ष्मीनारायणको जस्तो शक्तिशाली भएर शासनमा हात घुमाउन सकेनन्। राजमाता ऋद्धिलक्ष्मीकै प्रभुत्व जमिरह्यो।

भूपालेन्द्र मल्लको पालामा मोरङ विजयपुरसँग कान्तिपुरको सम्बन्ध भएको देखिन्छ । वि.सं. १७४६, फाल्गुनमा कान्तिपुरे भारदार सिन्धुलीमा गई मोरङमा बादशाहसँग भेटेर सम्बन्ध जोडेका थिए। वि.सं. १७४८, असोजमा त विजयपुर मोरङका राजा विधाता इन्द्र सेन आफै मकवानपुरसँग लड्न नेपाल खाल्डाका राजाको मद्दत लिन आएका थिए । त्यसवेला १२ वर्षका राजा भूपालेन्द्र मल्लले आफै शहरबाहिर रानीपोखरीसम्म गएर सेन राजाको स्वागत गरे। सेन राजाले पनि कोसेलीस्वरूप एउटा हात्ती भूपालेन्द्र मल्ललाई दिए। दुई महीनाजति विधाता इन्द्र सेन नेपाल उपत्यकामा

वसेपछि तीनै राज्यको संयुक्त सेना उनको सहयोगार्थ मकवानपुर लड्न गएको थियो । ललितपुरबाट त स्वयं योगनरेन्द्र मल्ल नै गएका थिए । तात्कालिक राजाहरू हात्ती खेदा गर्न निकै सोखिन थिए । भूपालेन्द्र मल्ल पनि वि.सं. १७५२ मा आमा ऋद्धिलक्ष्मीका साथ हात्ती खेदा गर्न गएर तीनवटा जङ्गली हात्ती पक्रेर ल्याएका थिए । उनी हात्ती खेदा गर्न गएका मौकामा यता ललितपुर र भक्तपुरले मिलेर कान्तिपुरमा आक्रमण गरेका थिए । पछि शिकारबाट फर्केर आएपछि राजमाताले तात्कालिक चौतारा रघुवीर सिंहलाई निकाली नवमी सिंहलाई नियुक्त गरेकी थिइन् । यसको लगत्तैपछि कान्तिपरले ललितपुरलाई आफ्नो पक्षमा मिलाएर भक्तपुरको 'ओभु' किल्लामा आक्रमण गऱ्यो ।

राजमाता ऋद्धिलक्ष्मी धर्मकर्ममा पनि लागेकी देखिन्छिन् । वि.सं. १७४६ मा हनुमान्ढोका-प्राङ्गणमा शिवजीको विशाल मन्दिर बनाउन लगाएकी थिइन् । राजमाताले बनाएको हुनाले सो मन्दिर माजुवल भन्ने नामले प्रसिद्ध छ । यसका अतिरिक्त आमा-छोराले निकै धार्मिक कार्य गरेको पाइन्छ । वि.सं. १७५०, माघमा चाँगुनारायणको पुरानो शिरोभाग फेरी नयाँ राखे, तोरण चढाई कोटिहोम गरी ब्राम्हणलाई प्रशस्त दान दिए । वि.सं. १७५१ मा आमा-छोरा १५ दिन लगाएर गोसाइँकुण्ड दर्शन गर्न गएका थिए । यसैबेला तौथली (सिन्धुपाल्चोक) मा भीमसेन-मन्दिरको जीर्णेद्धार गरी गुठीसमेत राखेका थिए । वि.सं. १७५२ मा चाँगुको कीलेश्वर महादेवको निम्ति गुठी राखी चाँगुनारायणमा कलश आदि समेत चढाएका थिए । भूपालेन्द्र मल्लकै पालामा अन्तिम समयतिर यिनकी रानी भुवनलक्ष्मीले तलेजुको मन्दिरभित्र सुनको खापा हालेकी थिइन् ।

राजमाता ऋद्धिलक्ष्मी राजनीति तथा धर्मकर्ममा सक्रिय रूपले भाग लिइरहेकी भए पनि यिनका अन्तिम दिनहरू भने सङ्कटसँग वितेका थिए । भूपालेन्द्र सामर्थ्यवान् हुँदै गएपछि आमा र छोरामा झगडा शुरु भयो । वास्तवमा लक्ष्मीनारायणसँगको आमाको प्रेमलीलाबारे अब आएर यिनी बुझ्न थाले । आमाकै कारणबाट बाबु पार्थिवेन्द्र मल्लको मृत्यु भएको हुन सक्तछ भन्ने कुरामा भूपालेन्द्र मल्ल शङ्का गर्न थाले । यसै विषयलाई लिएर आमा-छोरामा कलह भयो । फलस्वरूप वि.सं. १७५४, असोजमा दसैं सकिनेबित्तिकै राजा भूपालेन्द्र मल्ल दरबार छोडी गुह्येश्वरीमा बस्न पुगे । भोलिपल्ट प्रजाहरू गई राजालाई फकाएर ल्याए । तर आमा-छोराको मेल भने भएन । त्यसपछि फेरि राजा कहिले साँखु त कहिले देउपाटन गई रहन थाले । केही दिनपछि दरबार पसेर आमालाई कैद गरी शूरुमा टोखा तथा पछि तौथली पठाइदिए । तौथलीमै कैदमा बिरामी परेर १७५७, बैशाखतिर ऋद्धिलक्ष्मीको मृत्यु भयो ।

भूपालेन्द्र मल्लको एकलौटी शासनकालमा यिनको फेरि भक्तपुरसँग युद्ध भएको कुरा ठ्यासफूबाट बुझिन्छ । वि.सं. १७५५ मा भक्तपुरका एक राजकुमार कान्तिपुरको शरणमा आएका थिए । यसको निहुँमा पछि भूपालेन्द्र मल्लले गएर भक्तपुरमा आक्रमण गरी ठिमी दखल गरे । तर लगत्तै पछि भक्तपुरले फिर्ता लियो ।

पछि वि.सं. १७५७ तिर उपत्यकामा तीनै राजाहरूको मेला कायम भएको बेलामा भूपालेन्द्र मल्ल दशैंपछि केही भारदार साथ लिएर तीर्थ गर्न भारततर्फ लागे । हरिद्वारामा दर्शन गरी अगाडि जाँदा अयोध्यानजीकै ब्रम्हानाभ भन्ने ठाउँमा कार्तिक महीनामा २१ वर्षको उमेरमा उनको मृत्यु भयो । सँगै गएका भारदारहरू गङ्गाजीमा दाहसंस्कार गरेर फर्के । दुई महीना ५ दिनपछि मात्र यो खबर कान्तिपुर आइपुग्यो । त्यसै दिन राजाको

चिना पलङमा राखी अग्निसंस्कार गरियो । ८ जना रानीहरू सती गए । यिनकी एक रानी भुवनलक्ष्मी भने छोरा नावालक भएकोले सती जान पाइनन् । यिनले आफ्ना पतिको सम्झनामा आफ्नो र पति भूपालेन्द्र मल्लको सालिक बनाएर चाँगुमा राखेकी थिइन् । साथै पतिको सम्झनामा अरू धार्मिक कार्यहरू पनि यिनले गरेकी थिइन् ।

## भास्कर मल्ल

भूपालेन्द्र मल्लको असामयिक मृत्युपछि उनैका ४ वर्षे नाबालक छोरा भास्कर मल्ल वि.सं. १७५७, माघमा कान्तिपुरको राजगद्दीमा राखिए । राजमाता भुवनलक्ष्मी शासनमा सक्रिय भएर निस्किन् । त्यसवेला कान्तिपुरमा झगल ठाकुर नामक प्रभावशाली व्यक्ति चौतारा बनेका थिए ।

त्यसवेला तीन राज्यहरूमा जुन कमजोर हुन्छ त्यसलाई आफ्नो प्रभावमा ल्याउने प्रयत्न अरू राज्यहरू गर्दथे । कान्तिपुरसँग पनि यस्तै सम्बन्ध भक्तपुर र ललितपुरले कायम राख्न खोजेको देखिन्छ । तर कान्तिपुर त्यति कमजोर थिएन । त्यसले भक्तपुरसँग युद्ध गर्न ललितपुरलाई आफ्नो पक्षमा मिलाउन खोज्यो, तर भक्तपुरले गोरखा, तनहुँ, मकवानपुरसँग मित्रता गरेर ललितपुरलाई नै अप्ठ्यारोमा पार्‍यो र कान्तिपुरको विरोधमा वि.सं. १७६८, मार्गमा यस्तो सन्धि गरायो- "भक्तपुरको सल्लाह नलिईकन ललितपुरले कान्तिपुरसँग सहायर्ता माग्यो भने चालीस हजार रुपैयाँ भक्तपुर, मकवानपुर, गोरखा, तनहुँ यी चार राज्यले ललितपुरसँग अँठ्याएर लिनु ।" यस सन्धिअनुसार ललितपुरले कान्तिपुरसँग कुनै किसिमको सम्पर्क राख्न पाएन र एक्लो भयो । पछि भित्रभित्रै योगनरेन्द्र मल्ल कान्तिपुरतिर ढल्न थालेका थिए । यो सुइँको पाएर भक्तपुर उल्टै कान्तिपुरसँग सम्बन्ध गाँस्न पुग्यो । यी दुवै राज्यहरूबीच वि.सं. १७६० मा 'एकानी शत्रु एकानी मित्रु' को सन्धि भयो । यस सन्धिपत्रमा मुख्य गरी यी कुराहरू परेका थिए-

(क) कान्तिपुर र भक्तपुर परम्परामा अहित नचिताई मिलेर बस्ने र कसैले तल-माथिका कुरा गरे भने पनि परस्परमा मिलेर छलफल गर्ने ।

(ख) कान्तिपुरको अनुमतिबेगर भक्तपुरले ललितपुरलाई बाटोघाटो नखोलिदिने ।

(ग) कान्तिपुरले कहिल्यै भक्तपुरको साथ छोड्न नपाउने ।

(घ) कसैले यो सन्धिको उल्लङ्घन गर्‍यो भने धरौटी राखिएको छत्तीस हजार रुपैयाँ जफत हुने ।

यसरी यस सन्धिबाट कान्तिपुरको निकै प्रभाव जमेको देखिन्छ । तर वि.सं. १७६२, कार्तिकमा योगनरेन्द्र मल्लको मृत्यु भएपछि भने फेरि स्थितिले अर्कै मोड लियो । योगनरेन्द्र मल्लका कोही उत्तराधिकारी नभएका हुँदा उनका सात वर्षका भानिज लोकप्रकाश मल्ल गद्दीमा राखिएका थिए । बालक राजालाई आफ्नो हातमा ल्याएर त्यहाँ आफ्नो प्रभाव जमाउने विचार कान्तिपुरले लियो । राजमाता भुवनलक्ष्मी बालक राजा भास्कर मल्ललाई र अरु केही व्यक्तिहरूलाई लिएर ललितपुर पुगिन् । आफ्नो पूर्व योजनामुताविक ललितपुरका राजा लोकप्रकाश मल्ललाई कान्तिपुर लैजाने प्रयत्न हुन थाल्यो । फलस्वरूप ठूलो उत्पात मच्चियो । भक्तपुरले पनि ललितपुरलाई सहयोग गर्‍यो ।

फलस्वरूप कान्तिपुरेहरूले खुब चुटाइ खाए । भागेकालाई पनि पक्री-पक्री कुटेर मारे । सय जनाभन्दा बढी कान्तिपुरेहरू यस काण्डमा मारिए । कान्तिपुरकी राजमाता पनि नजरबन्दमा परिन् । पछि कान्तिपुरेहरू हुल कसेर राजमातालाई छुटाउन गए, तर सकेनन् । चार दिनपछि मात्र ललितपुरले उनलाई मुक्त गर्‍यो । तर यसको डेढ वर्षपछि नै फेरि यी दुई राज्यको मेल भएको देखिन्छ । वि.सं. १७६५ मा दुवैले मिलेर ४ पटकसम्म भक्तपुर ओभुमा आक्रमण गरे । तर चारैपल्ट हार खानुपर्‍यो । त्यसपछि कान्तिपुरले एक्लै पनि भक्तपुरमा आक्रमण गर्‍यो । यसमा पनि उसलाई सफलता मिलेन ।

भास्कर मल्लको पालामा केही मुसलमानहरू उनका मन परेका हुँदा राजाका विशेष सल्लाहकार बन्न पुगेका थिए । तर नेपाली भारदारहरूले यसलाई स्वीकार गरेनन् र दुई पक्षबीच सङ्घर्ष समेत भयो । सङ्घर्षमा हार खाएर मुसलमानहरूले भागाभाग गर्नुपर्‍यो । यसरी कान्तिपुरमा भएको गृहकलहको फाइदा उठाएर भक्तपुरले कान्तिपुरको इलाका दुवाकोट (चाँगुनारायणनजीक पर्ने क्षेत्र) मा आक्रमण गर्‍यो, तर कान्तिपुरले हराएर पठाइदियो ।

वि.सं. १७७४ मा ललितपुरका राजा ऋद्धिनरसिंह मल्ल मरेपछि राजगद्दीका हकवाला नहुँदा ललितपुरेहरूले कान्तिपुरका राजा भास्कर मल्ललाई नै ललितपुरका राजा बनाए । यसरी केही वर्ष भास्कर मल्ल कान्तिपुर तथा ललितपुर दुवै राज्यका राजा हुन पुगेका थिए । यसरी कान्तिपुर र ललितपुर संयुक्त भएको वेलामा वि.सं. १७७६ मा भक्तपुरका राजा भूपतीन्द्र मल्लले ललितपुरमा आक्रमण गरेका थिए । तर यस युद्धमा उनको ज्यादै नराम्रोसँग हार भयो । केही सम्पत्ति समेत उनले तिर्नुपरेको थियो ।

भास्कर मल्ललाई हात्ती पक्रने काममा विशेष सोख थियो । उनी तराईका घनाजङ्गलहरूमा हात्ती खेदा गर्न जाने गर्दथे र "आफ्नो पुरुषार्थले कमाएको जगपति भन्ने पदले सुहाएका" भनेर आफूलाई भनाउने गर्थे । उनले आफ्नो पराक्रम व्यक्तगर्नलाई आफ्नो नाम नै महीन्द्रसिंह राखेका थिए । त्यसैले उनलाई कतै भास्कर मल्ल र कतै महीन्द्र सिंहदेव भनेर उल्लेख गरिएको पाइन्छ ।

भास्कर मल्लको शासनको अन्तिम समयतिरको स्थितिबारे फादर डेसिडेरीले वर्णन गरेका छन् । उनले गरेको वर्णनअनुसार भास्कर मल्ल बाल्यावस्थामा छँदा नै उनकी आमा र भाइ-भारदारहरूले राष्ट्रको सम्पत्ति अनियमित रूपमा खर्च गरेका थिए । पछि भास्कर मल्ल बुझ्ने भएपछि उनले आफ्नी आमा र उनका मतियारहरूलाई कैद गरे । यस्तै अर्को घटनाको चर्चा पनि डेसिडेरीले गरेका छन् । भास्कर मल्लकी जेठी रानीपट्टिबाट एक पुत्रको जन्म भएको थियो, तर उनका मन्त्रीहरू सो पुत्रको सट्टामा अर्कै आफूले इच्छ्याएको व्यक्तिलाई राजा मनोनीत गर्न चाहन्थे । राजामा अनेक किसिमका दबाउहरू आउन थाले । फलस्वरूप राजाले आफ्नो शक्ति बढाउन मुसलमानहरूलाई दरबारमा नियुक्त गरे । तर नेपाली दरबारियाहरूले सङ्घर्ष गरेर उनीहरूलाई धपाएपछि राजा सधैं त्रस्त रहन थाले । फलस्वरूप आफ्नो छोरालाई समस्याको जड ठानेर उनको हत्या गरेर पत्नीसँग सहवास नगर्ने अठोट गरे । फादर डेसिडेरीले गरेको यस किसिमको वर्णनलाई कतिपय इतिहासकारहरूले शङ्काको दृष्टिले हेरेका छन् ।

विभिन्न वंशावलीहरू अनुसार भास्कर मल्लको समयमा अनेक महामारी फैलेको थियो । सो महामारीमा परेर राजा भास्कर मल्लको पनि २५ वर्षको उमेरमा वि.सं. १७७९, भदौमा मृत्यु भएको बुझिन्छ ।

## जगज्जय मल्ल

भास्कर मल्लको मृत्युपछि वि.सं. १७७९ मा जगज्जय मल्ल कान्तिपुरको राजगद्दीमा विराजमान भए । भास्कर मल्लका कुनै सन्तान जीवित नभएको हुँदा यी जगज्जय मल्ललाई उनले उत्तराधिकारी छानेका थिए । जगज्जय मल्लको निश्चित परिचय पाउन सकिएको छैन । केही वंशावलीहरूले यिनलाई प्रताप मल्लकी छोरीका छोरा तथा कसैले महीपतीन्द्र मल्लकी छोरीका छोरा मानेका छन् । कतै भने आफ्नी पत्नीको माध्यमबाट नै जगज्जय मल्ले राज्य पाएको उल्लेख गरिएको छ । जगज्जय मल्ल तथा उनका सन्तानहरूले आफ्ना मुद्राहरूमा महीपतीन्द्र मल्लको नाम ससम्मान अङ्कित गरेका छन् । महीपतीन्द्र मल्ल मारिएको ठीक २५ वर्षपछि यी जगज्जय मल्लले महीपतीन्द्र मल्लको चिनाको दाहसंस्कार गरेर अन्त्येष्टि-संस्कार सम्पन्न गरेका थिए । यी सबै तथ्यहरूको आधारमा हेर्दा जगज्जय मल्लको महीपतीन्द्र मल्लसँग केही नजीकैको सम्बन्ध भएको बुझिन्छ, तर वंशावलीले भनेजस्तो यिनलाई महीपतीन्द्र मल्लकी छोरीको छोरा मान्न भने उमेरको हिसाबले मिल्दैन । अतः यी जगज्जय मल्ल महीपतीन्द्र मल्लका छोरा, ज्वाइँ, भानिज जे पनि हुन सक्छन् । ठोस प्रमाण पाएपछि मात्र निश्चित नाता किटान गर्न सकिन्छ ।

जगज्जय मल्लको चयन स्वयं भास्कर मल्लले नै गरेका थिए तापनि उनले आरामसाथ राज्य गर्न भने पाएका थिएनन् । उनी राजा भएपछि गद्दीमा हक दावी गरी नीलनारायण मल्लले विद्रोह पनि गरेका थिए, तर जगज्जय मल्लले सबैलाई दबाएर शासन गरे ।

जगज्जय मल्ल राजा भएको साल भक्तपुर र ललितपुरमा पनि नयाँ राजाहरू भएका थिए । ललितपुरमा योगप्रकाश मल्ल र भक्तपुरमा रणजित् मल्ल राजा भएका थिए । जगज्जय मल्ल राजा हुनुभन्दा अगाडि भास्कर मल्ल कान्तिपुर र ललितपुरको समेत राजा भएका थिए, तर उनी ललितपुरले जगज्जय मल्ललाई राजा स्वीकार गरेन । तर पनि कान्तिपुर र ललितपुरको राम्रै मेल भएको थियो । योगप्रकाशपछि ललितपुरका राजा हुने विष्णु मल्ललाई त जगज्जय मल्लले आफ्नी छोरी समेत विवाह गरिदिएका थिए । त्यसैले उनलाई भक्तपुरतर्फ मिलाउन रणजित् मल्लले एक हात्ती र तेह्र हजार रुपैयाँ एकपल्ट र दुई हात्ती र चौबीस हजार रुपैयाँ अर्कोपल्ट कोसेली पनि दिएका थिए । यति भए तापनि ललितपुर र कान्तिपुर मिलेर भक्तपुरमा कतिपल्ट आक्रमण नै गरेका थिए ।

जगज्जय मल्लको समयमा दोलखाको उत्तरी भेकमा भोटेहरूले किल्ला बनाई गाई मारी विद्रोह गर्न खोजेका थिए, तर जगज्जय मल्लले तुरुन्तै त्यसलाई दबाए ।

जगज्जय मल्लको समयमा मैथिली ब्राह्मणहरूको प्रभाव दरबारमा बढी थियो । साथै उनका सल्लाहकार मन्त्री सुकुल झा थिए । उनकै सल्लाहमा जगज्जय मल्लले

ललितपुरको हरसिद्धि-मन्दिरको जीर्णोद्धार गरेका थिए । साथै नुवाकोटको भैरवी-मन्दिरको पनि उनले जीर्णोद्धार गरेका थिए ।

जगज्जय मल्लले प्रशासन-व्यवस्था तथा न्यायव्यवस्थामा पनि केही सुधार गरेका थिए । देशका विभन्नि भागम स्थानीय प्रशासनले ठीकसँग काम गरे नगरेको बुझ्न दौडाहा नियुक्त गरेका थिए । साथै कतिपय ठाउँका कर्मचारीले जनतालाई दु:ख दिएको बुझेर ती कर्मचारीको अधिकारमा कटौती पनि गरेका थिए ।

जगज्जय मल्लले न्यायिक सुधारअन्तर्गत 'आफूलाई मर्का परे फूल लिएर दरबारमा उपस्थित हुने र आफ्नो कुरो बताउने, उजूरीमा चित्त बुझे राजाले फूलग्रहण गर्ने' व्यवस्था मिलाएका थिए ।

जगज्जय मल्लले आर्थिक सुधारका कार्यहरू पनि निकै गरेका थिए । उनले आफ्नो राज्य-क्षेत्रका जग्गाको नापी गराउने, रैकर जमीन, सरकारी जमीन तथा बिर्ता जमीन छुट्याचाउने, पशुपालनलाई प्रोत्साहन दिन गाईगोठ राख्ने र चराउन खर्चहरू प्रदान गर्ने तथा घोडापालनलाई नियमित पारेर त्यसबाट आम्दानी बढाउने चेष्टा समेत गरेका थिए । यसरी विविध क्षेत्रमा सुधार गरेर १३ वर्षसम्म जगज्जय मल्लले कान्तिपुरमा राज्य गरे । उनको मृत्यु भने वि.सं. १७९२ को अन्ततिर भएको बुझिन्छ ।

## जयप्रकाश मल्ल

जयप्रकाश मल्ल कान्तिपुरका अन्तिम मल्ल राजा थिए । उनी इतिहासमा एक सूरा तथा साहसी राजाको रुपमा चिनिन्छन् ।

आफ्ना बाबु जगज्जय मल्लको मृत्युपछि वि.सं. १७९२ को अन्ततिर जयप्रकाश मल्ल कान्तिपुरको राजगद्दीम बसेका थिए, तर उनी सजिलैसित राजा बन्न पाएका भने होइनन् । वास्तवमा जयप्रकाश मल्लका बाबु जगज्जय मल्ल पनि राजगद्दीका उत्तराधिकारी थिएनन् । मल्ल राजा भास्कर मल्ल नि:सन्तान भएको हुँदा उनले जगज्जय मल्ललाई आफ्ना उत्तराधिकारी बनाएका थिए । त्यसैले भास्कर मल्लको मृत्युपछि यी जगज्जय मल्ल कान्तिपुरका राजा बनाइएका थिए । जगज्जय मल्ल राजा हुनुभन्दा अगाडि नै उनका दुई छोराहरू राजेन्द्र प्रकाश र जयप्रकाश मल्ल जन्मिसकेका थिए । राजा भइसकेपछि नरेन्द्र प्रकाश, राज्यप्रबाश र चन्द्रप्रकाशको जन्म भएको थियो । राजेन्द्रप्रकाशको मृत्यु पहिले नै भएको हुँदा सामन्य हिसाबले जयप्रकाश मल्ल नै राज्यका उत्तराधिकारी हुन पुगे । तर उनको केही कडा स्वभाव देखेर एक थरी भारदारहरू उनको विरोधमा उभिए । जयप्रकाश मल्ललाई मूलचोकमा नजन्मेको (बाबु राजा नहुँदै जन्मेको हुँदा राजाको छोरा होइनन् भन्ने) कारण देखाई एक थरी भारदारहरूले उनलाई उत्तराधिकारको क्रमबाट हटाउन जोड दिए । तर जयप्रकाश मल्लले आफ्ना भाइ राज्यप्रकाश मल्लको समर्थन पाएका हुँदा बाबुको शेषपछि उनी कान्तिपुरको गद्दीमा बस्न पाए । राजगद्दीमा बसे पनि जयप्रकाश मल्लले शान्ति भने पाएनन् । एक थरी भारदारहरू नरेन्द्र प्रकाश मल्ललाई उचालेर चाँगु, साँखु आदिमा कब्जा गरी विद्रोही सरकारको स्थापना गरे । तर यो ज्यादा समयसम्म स्थायी भने भएन । पछि जयप्रकाश मल्लले

आक्रमण गरी फिर्ता लिए । नरेन्द्रप्रकाश भागेर भक्तपुर पुगे । पछि भक्तपुरमै उनको मृत्यु भयो ।

यता कान्तिपुरको गृहकलह चर्केको वेलामा गोरखाले पूर्वतिर बढ्ने उद्योग गऱ्यो । त्यसबेला गोरखाको राजगद्दीमा नरभूपाल शाह बसेका थिए । उनले नुवाकोट कब्जा गर्ने विचारले विस्तार-विस्तार नुवाकोट घेर्दै ल्याएर वि.सं. १७९६ मा नुवाकोटमा आक्रमण पनि गरे, तर उनले हार खानुपऱ्यो ।

लगभग यसैताका गोरखाका पृथ्वीनारायण शाहले उपत्यकाको भ्रमण गरेका थिए । उनले भक्तपुरमा पुगेर रणजित् मल्लका छोरा वीरनरसिंह मल्लसँग मितेरी लगाई केही समय बसेर गोरखा फर्कंदा जयप्रकाश मल्लले यिनलाई बोलाएर मितेरी लगाएका थिए । पृथ्वी नारायण शाह त्यहाँबाट नुवाकोटको बाटो वस्तुस्थितिको अवलोकन गर्दै गोरखा पुगे । उनी गोरखा पुगेको केही समयपछि नै नरभूपाल शाहको मृत्यु भयो । पृथ्वीनाारायण शाह गद्दीमा बस्नेवित्तिकै नुवाकोटमा आक्रमण गर्ने योजना बनाउन थाले । फलस्वरूप वि.सं. १८०० तिर आक्रमण पनि भयो । तर यस आक्रमणमा पनि तीनै मल्ल राज्यले संयुक्त रूपमा गोर्खाली फौजको मुकाबिला गरेका हुँदा पृथ्वीनारायण शाहले हार खाए ।

यसैताका कान्तिपुरमा फेरि गृहकलह शुरु भयो । केही भारदारहरू उनका भाइ राज्यप्रकाश मल्ललाई उचालेर बिद्रोह गर्ने उद्योगमा लागेका थिए । जयप्रकाश मल्लले आफ्नो ध्यान यतैतिर लगाउनुपऱ्यो । राज्यप्रकाश मल्ललाई मार्ने उद्योगमा उनी लागे । फलस्वरूप राज्यप्रकाश मल्ल भागेर ललितपुरमा विष्णु मल्लको शरणमा पुगे । विष्णु मल्ल नि:सन्तान भएका हुँदा उनले पनि राज्यप्रकाश मल्ललाई नै ललितपुर राज्यको उत्तराधिकारी घोषित गरे । यसबाट जयप्रकाश मल्ल र विष्णु मल्लमा फाटो पर्न गयो । यसै समयमा पृथ्वीनारायण शाहले भक्तपुरका आफ्ना मीत बाबा रणजित् मल्ललाई चाँगु, साँखु, नालदुम महादेवपोखरी, दोलखा आदि क्षेत्रहरू कान्तिपुरबाट खोसेर भक्तपुरलाई दिने प्रलोभन देखाई आफ्नो पक्षमा मिलाएर वि.सं. १८०१, असोज १५ गते शनिवार नुवाकोटमा र पछि बेलकोटमा आक्रमण गरी विजय गरे ।

नुवाकोट तथा बेलकोट गोरखाको कब्जामा गएको सुनी जयप्रकाश मल्ललाई निकै धक्का लाग्यो । उनले काशीराम थापाको नेतृत्वमा निकै ठूलो फौज नुवाकोट फिर्ता लिन पठाए, तर गोर्खालीहरूको आत्मविश्वास र युद्धकौशल देखेर काशीराम थापा युद्धमैदानबाट फर्की आफ्नो घरमा गएर बसे । पछि पशुपति इलाकामा गौरीघाटमा भेटेर जयप्रकाश मल्लले काशीराम थापाल्लाई मारिदिए । अरू पनि केही भारदारहरू मारिए । भाग्न सक्नेहरू भने भागेर ललितपुरतिर लागे । यी भाग्नेहरूमा तौढिक काजी पनि एक थिए । यस युद्धमा ललितपुर र भक्तपुरले कान्तिपुरलाई सहयोग गरेनन् । यसरी सदाको निम्ति नुवाकोट मल्लहरूको हातबाट गयो ।

उपत्यकामा फुट गराइराख्ने उद्देश्य पृथ्वीनारायण शाहले लिएका थिए । त्यसैले नुवाकोट-विजयताका भक्तपुरसँग गरेको सम्झौता अनुरूप पृथ्वीनारायण शाह चाँगु, साँखु आदि क्षेत्र कब्जा गर्ने काममा लागे । वि.सं. १८०३ मा गोरखा र भक्तपुरको संयुक्त सेनाले चाँगु, साँखु आदि क्षेत्र कब्जा गऱ्यो । पछि महादेवपोखरी, नालदुम आदि क्षेत्रमा पनि

गोरखाले कब्जा गरेर दोलखासम्मका कान्तिपुरका प्रदेश जिती ती प्रदेशको आधिपत्य रणजित् मल्ललाई सुम्पिदियो ।

चाँगु, साँखु आदि क्षेत्रहरूमा गोरखा र भक्तपुरको संयुक्त सेनाले विजय गरेपछि जयप्रकाश मल्लको प्रभावमा ठूलो धक्का पऱ्यो । उनका विरोधी पक्षलाई केही शक्ति मिल्यो र उनीहरू जयप्रकाश मल्ललाई अयोग्य घोषित गर्न थाले । जयप्रकाश मल्लले चाँगु, साँखु फिर्ता गर्न ललितपुरसँग सहयोग मागे । ललितपुरबाट आएको फौजलाई त्यसवेला ललितपुरमा बसिरहेका तौढिक काजीले आफ्नो पक्षमा मिलाएर उल्टै कान्तिपुर पुगेर जयप्रकाशलाई मार्ने योजना मिलाए । यसको सुइँको पाएर जयप्रकाश मल्ल शुरुमा तलेजु-मन्दिरभित्र लुक्न पुगे; पछि ललितपुरतर्फ हानिए । त्यसपछि यत्रतत्र लुक्दै हिंड्न थाले । लगभग ४ वर्षसम्म जयप्रकाश मल्ल पदच्युत भएर हिंडिरहे । तौढिक काजीले रानी दयावतीलाई साथ मिलाएर जयप्रकाश मल्लका छोरा ज्योतिप्रकाशलाई राजा बनाई शासन गर्न थाले । यसबीच कान्तिपुरले चाँगु र साँखु भने भक्तपुरबाट छुटाएर कान्तिपुरमा मिसाएको थियो ।

भाग्दै हिंडेका जयप्रकाश मल्ललाई वि.सं. १८०७ को शुरुमा देउपाटनमा भएको बुझेर तौढिक काजीले पक्रनका निम्ति फौज पठाए । तर सो फौजलाई उल्टै जयप्रकाश मल्लले आफ्नो पक्षमा मिलाए र राज्य फिर्ता लिए । जयप्रकाश मल्ल फर्केर राज्य-सञ्चालन गर्न थाले पनि समस्या कम भएका थिएनन् । आफ्ना सेनाहरू राजनीतिक उथलपुथलमा लागेको हुँदा तथा तिनीहरूलाई तालिमको राम्रो व्यवस्था नभएको हुदा गोर्खाली सैन्यसँग भिड्न सक्ने अरु सेनाको खाँचो जयप्रकाशले महसूस गरे । फलस्वरूप तराईक्षेत्रबाट मधिसे सेनाहरू ल्याएर राखे । यी सेनाहरू मोजमजा गर्न, मीठो खान लाउन मात्र इच्छा राख्ने हुँदा यिनीहरूलाई आकर्षक तलब-भत्ताको व्यवस्था जयप्रकाश मल्लले गर्नुपरेको थियो । तर उपत्यकाको आर्थिक स्थिति भने दिनदिनै विग्रँदै गइरहेको थियो । नुवाकोटबाट तिब्बततर्फ चल्ने व्यापार बन्द भएपछि त्यसै पनि उपत्यकामा आर्थिक सङ्कटहरूको सिर्जना भएको थियो; त्यसमा पनि आफू अपदस्थ भएका वर्षहरूमा काजीहरूले राजकोष हात लगाउने दाउ मात्र गरेका हुँदा उनी (जयप्रकाश मल्ल) फर्कंदा राजढुकुटी लगभग खालीजस्तै थियो । तसर्थ जयप्रकाश मल्लले बाध्यतावश देवस्व मास्नुपर्ने खण्ड उत्पन्न हुन गयो । राष्ट्र रहे देवस्व जुट्न सक्दछ भन्ने भावना जयप्रकाश मल्लले लिएको देखिन्छ । यसै सिलसिलामा जयवागीश्वरी तथा पशुपतिनाथका भण्डारका अतिरिक्त ठाउँठाउँका मन्दिरका गजूर पनि झिकिएका थिए । पादरी जिशेपले पनि त्यस समयमा उपत्यकामा भएका देवस्थलको सम्पत्ति झिकेको चर्चा गरेका छन् । मन्दिरको सम्पत्ति मास्ता नपुगेर जयप्रकाश मल्लले साँगा, सिन्धु, तिमाल आदिका भोटेका दल झिकाई ललितपुर तथा भक्तपुरका गाउँहरू लुट्न लगाएको थिए । यसरी जयप्रकाश मल्लले राष्ट्र बचाउन अनेक कार्य गरेका भए पनि यसको उलटो प्रतिक्रिया जनतामा पर्न गयो । भित्रभित्रै जनताहरू राजाप्रति अरुचि देखाउन थाले ।

जयप्रकाश मल्ल पुनः गद्दीमा बसेपछि गोरखाले विजय गरेर भक्तपुरलाई दिएको नलदुम, महादेवपोखरी, दोलखा आदि क्षेत्रमा आक्रमण गरेर फिर्ता लिए, तर पछि वि.सं. १८११ मा पृथ्वीनारायण शाहले ती प्रदेशमा फेरि कब्जा गरे । त्यसपछि भने कान्तिपुरले

ती क्षेत्रहरूलाई फिर्ता गर्न सकेन । वि.सं. १८१४ मा पृथ्वीनारायण शाहलेकीर्तिपुरमा पहिलो आक्रमण गरे । तर उपत्यकाका मल्ल राजाहरू एक भएर आक्रमणको सामना गर्दा गोरखालीहरूको ज्यादै नराम्रोसँग हार भयो । कालु पाण्डे लगायत धेरै गोरखाली फौजको मृत्यु त्यस युद्धमा भयो ।

उपत्यकाको आर्थिक स्थिति ज्यादै बिग्रेको हुँदा जयप्रकाश मल्लले पृथ्वीनारायण शाहसँग मिलेर व्यापार गर्ने विचार लिए । दुवैमा सन्धि पनि भयो । 'कीर्तिपुर र गोरखाले संयुक्त रूपमा तिब्बतसँग व्यापार गर्ने र सो व्यापारबाट हुने फाइदा बराबर बाँडीलिने' भनेर उक्त सन्धिपत्रमा उल्लेखगरिएको छ । तर उपत्यकाका राजाहरूबीच चलिरहेको आपसी सङ्घर्ष तथा कान्तिपुरको बिग्रँदो आर्थिक स्थितिले गर्दा जयप्रकाश मल्लले लामो समयसम्म यस सन्धिको पालन गर्न सकेनन् । यस्तै परिस्थितिको फाइदा उठाई पृथ्वीनारायण शाहले वि.सं. १८१६, असारतिर शिवपुरी र छ महीनापछि काभ्रेपलान्चोक कब्जा गरे ।

यसवेला ललितपुरको राज्यव्यवस्था पनि राम्रो थिएन । त्यहाँका प्रधानहरू इच्छाएको व्यक्तिलाई राजा बनाउने तथा नचाहेमा पदच्युत गर्ने गर्दथे । वि.सं. १८१७ पौषतिर जयप्रकाश मल्ल पनि ललितपुरका राजा बनेका थिए । डेढ वर्षपछि यी पनि पदच्युत गरिए । त्यसपछि रणजित् मल्ल १ वर्षजति त्यहाँका राजा बनाइए । उनी पनि लेखेटिएपछि जयप्रकाश मल्ल फेरि ललितपुरको राजा हुन पुगे । यसपालि उनी छ महीना मात्रै राजा भएपनि त्यहाँका प्रधानहरूलाई कान्तिपुरमा बोलाएर कसैलाई गुप्त रूपमा मार्ने तथा कसैलाई स्त्रीको पोशाक लगाइदिएर शहर घुमाउने गरी बेइज्जत गरिदिएका थिए ।

यस बेलासम्ममा पृथ्वीनारायण शाहले मकवानपुर पनि जितिसकेका थिए । मकवानपुरको विजय वि.सं. १८१९ भाद्रतिर भएको हो । त्यसपछि वि.सं. १८२० को मध्यसम्ममा धुलिखेल, पनौति, बनेपा, नाला, साँगा, फर्पिङ आदि क्षेत्र गोरखाको अधिकारमा पर्न गए ।

यसरी उपत्यकाका छेउछाउका सबै प्रदेशहरू गोरखाको अधीनमा पर्न गएको हुँदा उपत्यकामा आर्थिक सङ्कट मात्र नपरेर उपत्यकावासीहरू एक किसिमले आ-आफ्ना शहरभित्र नजरबन्दजस्ता भएका थिए । त्यसैले उपत्यकावासीहरू गोरखाकै पक्षमा मिल्न गए सङ्कटबाट मुक्ति मिल्थ्यो कि भन्ने सोचाइ राख्न थाले । ललितपुरका प्रधानहरूले त स्वयं पृथ्वीनारायण शाहलाई नै राजा हुन पनि निम्त्याएका थिए, तर उनले भाइ दलमर्दन शाहलाई पठाइदिएका थिए ।

दलमर्दन शाहकै समयमा गोरखाले कीर्तिपुरमा दोस्रो आक्रमण गऱ्यो । यस युद्धमा पनि गोरखाको हार त भयो, तर त्यसपछिको युद्धमा भने गोरखाको अधिकार जम्यो । यी दुवै युद्धमा कीर्तिपुरेहरूले उपत्यकाका कुनै राज्यको सहयोग पाएनन् । ललितपुरको क्षेत्रभएकोले ललितपुरले लड्नुपर्नेमा स्वयं पृथ्वीनारायणका भाइ दलमर्दन शाह ललितपुरका राजा भएका हुँदा उनी लड्ने कुरै भएन; अरु राजाले वास्तै गरेनन् ।

यसरी क्रमशः गोरखाको सैनिक अभियान बढिरहेको थियो । जयप्रकाश मल्लले कुनै पनि क्षेत्र फिर्ता गर्न सकेका थिएनन् । उनले गोरखाको बढ्दो प्रभाव रोक्न उपत्यकाका तीनै राज्यहरूको बैठक डाकी गोरखाविरुद्ध संयुक्त रूपमा सङ्गठित भई भावी

युद्धहरूको मुकाविला गर्न अनुरोध गरे । तर उपस्थित राजप्रतिनिधिहरू कसैले पनि यसमा सहमति जनाएनन् । फलतः जयप्रकाशले रक्षार्थ भारतस्तिथ ब्रिटिश कम्पनी सरकारसँग सैनिक सहायता मागे । फलस्वरूप कप्तान किनलोकको नेतृत्वमा २४०० फौज सिन्धुलीगढीको बाटो उपत्यका तर्फ लाग्यो । तर सिन्धुलीगढी पनि पस्न नपाउँदै गोरखाली फौजले अङ्ग्रेजहरूलाई नराम्रोसँग हराइदियो ।

यसरी सबैतिरबाट गोरखाले छेक्तै आएकोले जयप्रकाशले अब कान्तिपुर शहरमा मात्र सुरक्षा दिन थाले । तर यसबीच उपत्यकामा निकै सङ्कट उत्पन्न भइसकेको थियो । बाह्य व्यापार नभएकोले कपास, नून पाउन छोड्यो । सबैका कपडा झुत्राझात्रा बनेका थिए । आकलझुकल लुकाएर शहरभित्र पसाइएको नुन पनि किन्नै नसकिने बनेको थियो । एक मानाको दुई रुपियाँ भन्दा बढ्ता पर्दथ्यो । एक धार्नी कपासलाई छ रुपैयाँ पर्दथ्यो । एक पैसाको खुर्सानी पच्चीस ढिंडी मात्र आउँथ्यो । यी सामान पनि बजारामा उपलब्ध थिएनन् । यस्तो सङ्कटको स्थिति देखेर उपत्यकाका धनीमानी वर्गहरू भित्रभित्रै पृथ्वीनारायण शाहसँग मिल्न थालेका थिए । पृथ्वीनारायण शाहसँगै मिल्न सकेको खण्डमा आफ्नो धनजनको सुरक्षा हुने देखेर यिनीहरू उपत्यकामा नै बसेर गोरखाको निम्ति गुप्तचरको काम समेत गर्न थालेका थिए ।

यस्तै अवस्थामा वि.सं. १८२५, असोज १३ गते आइतबार इन्द्रजात्राको दिन उपत्यकाका बासिन्दाहरू जात्रा मनाइरहेको बेलामा राति एकाएक गोरखाली फौज कान्तिपुर शहरभित्र पस्यो । गोरखाली फौज तीनतिरबाट (एक दल नरदेवीतर्फबाट, एक दल भीमसेन-स्थानतर्फबाट र एक दल टुँडिखेल तर्फबाट) हनुमानढोका दरवारतर्फ लाग्यो । नरदेवीबाट बढेको फौजको नेतृत्व स्वयं पृथ्वीनारायण शाहले गरेका थिए । जयप्रकाश मल्लका सेनाहरूले केही मात्रामा रोक्ने प्रयत्न गरे पनि सफलता पाउन सकेनन् । यो थाहा पाएर जयप्रकाश मल्ल दरबारबाट भागी ललितपुरतर्फ लागे । जयप्रकाश मल्ललाई बस्न बनाइएको सिंहासनमा गएर पृथ्वीनारायण शाह विराजमान भए ।

त्यसवेला अधिकांश कान्तिपुरेहरू निद्रामा थिए भने अरु पनि मादक पदार्थ खाएर नाचगानमा मस्त थिए । भोलिपल्ट बिहान कान्तिपुरेहरू उठेपछि त उनीहरूको लागि नयाँ चमत्कार बनेको थियो । रातारात आफ्ना राजा भागेर आफू शाहराज्यभित्र परिसकेको बुझेर कान्तिपुरेहरू धमाधम हनुमानढोकामा भेला हुन थाले । कुनै विरोध वा प्रतिकार गर्न क्षमता उनीहरूमा थिएन । दाम राखी पृथ्वीनारायण शाहको दर्शन गर्दै सहर्ष नयाँ परिर्वतनलाई स्वीकार गरे । पृथ्वीनारायण शाहले पनि आफै बसेर इन्द्रजात्रा भव्य रूपमा सम्पन्न गराए । यसरी नेपालको इतिहासमा एउटा नयाँ अध्याय शुरू भयो ।

**अन्तिम दिनहरू–** जयप्रकाश मल्ल त्यहाँबाट भागेर ललितपुरपुगेपछि ललितपुरका प्रधानहरूलाई पृथ्वीनारायण शाहसँग लड्न हौसला दिन थाले । तर ललितपुरका प्रधानहरू भने आत्मसमर्पण गर्नेसुरमा थिए । यो थाहा पाएर जयप्रकाश मल्ल र तेजनरसिंह मल्ल भागेर भक्तपुरतिर लागे । भक्तपुरमा रणजित् मल्लको शरणमा पनि जयप्रकाश मल्ल चुप लागेर बसेका थिएनन् । रणजित् मल्लका मठ्याहा छोराहरूलाई राज्य दिने प्रलोभनमा युद्ध गर्न उक्साइरहेका थिए भने बाहिर इष्ट इन्डिया कम्पनी र

चौदण्डीको सेनराज्यसँग पनि सैनिक सहयोग मागेर पठाएका थिए । यस्तैमा वि.सं. १८२६ मार्ग १ गते पृथ्वीनारायण शाहले भक्तपुरमा विजय गर्दा जयप्रकाश मल्ल खुट्टामा गोली लागी घाइते भए । पृथ्वीनारायण शाहले उनको अन्तिम इच्छा सोधेर उनलाई इच्छामुताविक पशुपतिमा राखिदिए । त्यही उनको केही दिनपछि मृत्यु भयो ।

यसरी कान्तिपुरका एक सूरा र साहसी मल्ल राजाको अन्त भयो । कतिपय विचारकहरूले मल्लवंशको पतनको प्रमुख कारण जयप्रकाश मल्ललाई मानेका छन् । वास्तवमा मल्लवंशको पतनको स्थितिको त उपत्यकाको विभाजनपछि नै देखा पर्न थालेको थियो । मल्ल राजाहरू एकजूट भएर लड्न सकेका भए अन्तिम अवस्थामा पनि उनीहरूले आफ्नो राज्य बचाउन सक्ने थिए । तर जयप्रकाश मल्लको समयमा आउन्जेलसम्म त यस्तो स्थिति उत्पनन हुन नसक्ने भइसकेको थियो । एकातिर भक्तपुरका रणजित् मल्ल गोरखासँग मिल्न पुगे भने अर्कोतिर ललितपुरका प्रधानहरूको मनोमानीले गर्दा मल्ल राजाहरूमा मेल कायम रहन सकेन । जयप्रकाश मल्लले अनेक राम्रा-नराम्रा कामहरू गरेर भए पनि उपत्यकाको मल्लराज्यलाई बचाउने जुन चेष्टा गरे त्यति नै चष्टा अन्य राजाहरूबाट पनि भएको भए मल्लराज्यको पतन हुने थिएन । अतः यस सम्बन्धमा जयप्रकाश मल्ललाई दोष दिन सकिदैन ।

**जयप्रकाश मल्लका कृतिहरू-** जयप्रकाश मल्लको धेरै समय गृहकलह र बाह्य आक्रमण रोक्नमा बितेको थियो तापनि त्यताबाट फुर्सत पाएको समयमा कलाकृतिको निर्माणतिर पनि यिनको ध्यान गएको पाइन्छ ।

यिनलाई सम्झाउने केही कृति हनुमानढोका दरबार तथा वरपरका क्षेत्रमा देखिएका छन् ।

वि.सं. १७९९ असारमा यिनले हनुमानढोका दरबारको ह्नुलछेचोक (नयाँ घर भएको चोक) मा भएको भगवतीको सानो मन्दिरको सुनको छानो हालिएको थियो । त्यसपछि वि.सं. १८१३ मा उनले कह्नेहोलचोक (करवीरको फूल भएको चोक) मा सुनका डबलीं बनाई स्थापना गरे । त्यसपछि वि.सं. १८१७ जेठमा लक्षाहुति यक्ष गरी तलेजुको मन्दिरभित्र आफ्नो सालिकको स्थापना गरे ।

कुमारीचोक (कुमारीबहाल, कुमारी मन्दिर) जयप्रकाश मल्लकै देन हो । विभिन्न भाषा-वंशावलीहरूको अतिरिक्त तात्कालिक एक ठ्यासफूबाट पनि यसबारे बुझ्न सकिन्छ । वि.सं. १८१३ फाल्गुनमा जग हाली ६ महीनापछि वि.सं. १८१४ भाद्रसम्ममा सम्पूर्ण चोकको निर्माणकार्य सिद्धिएको थियो । पछि कुमारीलाई ल्याएर सङ्कल्प गरी राखे । देशका सारा कनफट्टा योगीहरूलाई बोलाई भोज खुवाइयो । ४ दिनसम्म देशभर ठूलो उत्सव मनाइएको थियो । बौद्ध विहारशैलीमा बनेको यो कुमारीचोक तात्कालिक कला तथा वास्तुकलाको महत्त्वपूर्ण नमूना मानिन्छ । बौद्ध, शक्ति शैव आदि विभिन्न सम्प्रदायका देवदेवीका मूर्तिहरू त्यहाँ देख्न सकिन्छ । झ्याल, ढोका आदिमा प्रयोग भएको कलाकारिता समेत प्रशंसनीय छ । तीनतले यो कुमारीचोक झिंगटी छानो भएको तथा धुरीमा सुनका तीनवटा गजूर भएको छ । माथिल्लो तलाको उत्तरी लडमा भएको कलापूर्ण भित्ते चित्रहरूले गर्दा त यो चोक निकै महत्त्वपूर्ण मानिएको छ । यस चोकमा उचित आङ्गिक लक्षणहरूले युक्त बालिकाको चयन गरी कुमारीदेवीको रूपमा सम्मानपूर्वक राख्ने

चलन जयप्रकाश मल्लले चलाएथे, जुन अद्यापि चलेर आएको छ । कुमारीलाई तलेजु भवानीको अवतार मान्ने चलन छ र प्रत्येक वर्ष भाद्र महीनामा कुमारीको जात्रा हुन्छ । मन्दिरको आकारमा बनेको चारपाङ्ग्रे रथमा कुमारीलाई राखेर शहरका विभिन्न भागमा घुमाइन्छ । यो कुमारीको जात्रा पनि राजा जयप्रकाश मल्लले नै चलाएको हो भन्ने कुरा वंशावलीबाट बुझ्न सकिन्छ ।

दरबार-इलाकाभन्दा परपर पनि जयप्रकाश मल्लका केही कृतिहरू पाइन्छन् । वि.सं. १७९७ मा नुवाकोटको भैरवीस्थानमा भैरवको नित्यपूजा र भुजा चढाउनको लागि पच्चीस रोपनी खेत गुठी राखेर ताम्रपत्रसमेत राखेका थिए । यसको अतिरिक्त गुह्येश्वरीघाट बनाउने तथा गुह्येश्वरी-जात्रामा गरीब गुरुवाहरूलाई भोज दिने बन्दोबस्त पनि यिनले मिलाएका थिए । पशुति-क्षेत्रमा पनि यिनले केही कृतिहरू राखेका थिए । गण्डकीबाट समेत धेरै शालिग्राम ल्याई त्यहा राख्न लगाएका थिए । यिनेले केही सतलहरू बनाउने तथा जीर्णोद्धार गर्ने काम पनि गरेको मानिन्छ ।

बालाजुका २२ धारामध्येका २१ धारा जयप्रकाश मल्लले नै बनाएका हुन् । बाँकी एक धारो पछि रणबहादुर शाहको पालामा थपिएको हो ।

# ललितपुरको इतिहास

ललितपुरको इतिहास शुरुदेखि नै बेग्लै धारामा बगेको देखिन्छ । यस शहरको खास विशेषता प्राचीन कालदेखि बौद्ध धर्मको महत्त्वपूर्ण केन्द्रको रूपमा रहिरहनुमा पनि छ । आज पनि उपत्यकामा सबै भन्दा बढी बौद्ध बिहारहरू यहाँ छन् । प्रशासनिक ढाँचाको दृष्टिकोणले मध्यकालको शुरुदेखि नै यो क्षेत्र महापात्रहरूको अधिकारभित्र थियो । त्यसवेला दक्षिण-विहार, उत्तर-विहार, पिं-विहारका इलाकाका शासकका रूपमा महापात्रहरू-को वंश-परम्परा चलेको थियो । जयस्थिति मल्लको पालासम्म पुग्दा यस्ता महापात्रहरू सप्तकुटुम्बज अर्थात् सात परिवारमा केन्द्रित भइसकेका थिए । यी सप्तकुटुम्बज मध्येका तीन मुख्य भई ललितपुरमा शासन गर्दथे । 'त्रिभय महापात्र' भनेर उनीहरूलाई सम्बोधन गरिन्थ्यो । यक्ष मल्लको वि.सं. १५०४ को ललितपुर बालकुमारीको अभिलेखमा 'त्रिभि प्रधानैः पात्रैश्च पालितो ललितपुरः' भनिएको छ । मूलस्वरूपले यी स्थानीय शासक महापात्रहरू मल्ल राजाहरूकै अधिनस्थ हुन्थे, परन्तु पुस्तौनी अधिकार पाएका हुँदा शक्तिशाली पनि थिए । मौका पऱ्यो कि आफू स्वतन्त्र हुने चेष्टा गरिहाल्थे ।

वि.सं. १५३८ मा यक्ष मल्लको मृत्युपछि उनका छोराहरूबीच शासनाधिकारको निम्ति वैमनस्य उत्पन्न भयो । यक्ष मल्लका माहिला छोरा रत्न मल्लले कान्तिपुरका महापात्रहरूलाई दबाएर त्यहाँ आफ्नो राज्यको स्थापना गरे । त्यसपछि ललितपुरमा पनि उनले आफ्नो प्रभाव फैलाए । त्यसवेला ललितपुरमा हर्षपाल तथा उनका छोरा जगत्पाल केही चल्तापुर्जा थिए । रत्न मल्लले यिनीहरूलाई नै हातमा लिएर ललितपुरमा आफ्नो अधिकार कायम गरे । रत्न मल्लको समर्थक भएको हुँदा जगत्पालको शक्ति निकै बढेको थियो । त्यसैले एक थरी महापात्रहरू जगत्पाललाई सिद्ध्याउने ताकमा थिए । रत्न मल्ल जीवित छउन्जेल जगत्पालका विरोधीहरूले टाउको उठाउन सकेनन्, तर रत्न मल्ल मरेपछि भने जगत्पालको पक्ष कमजोर हुँदै गयो । विष्णु सिंह र जगत्पालका बीचमा टक्कर पर्न थाल्यो । वि.सं. १८५४ को वर्षमा मौका पाएर विष्णु सिंहका समर्थक चापागाउँका मनिसहरू हुल कसेर आई किल्ला फोडेर भित्र पसी जगत्पाललाई पक्रेर बाहिर ल्याए र बाटामा लगी टुक्रा-टुक्रा पारेर काटेर मारे । वि.सं. १५८४ को कीर्तिपुर पालेफलटोलको गणेशको पाटीको शिलालेखमा यस घटनाको वर्णन गरिएको छ । त्यसपछि यिनै विष्णु सिंहले ललितपुरलाई स्वतन्त्र बनाई शासन गर्न थाले । यसरी यक्ष मल्लको मृत्युपछि स्वतन्त्र ललितपुरका पहिला शासक विष्णु सिंह थिए । विष्णु सिंहपछि उनका तीन छोराहरू नरसिंह, पुरन्दर सिंह र उद्धव सिंहको संयुक्त शासन ललितपुरमा चल्यो । केही समयपछि पुरन्दर सिंहको मात्र एकलौटी शासन चलेको देखिन्छ । यिनै पुरन्दर सिंहको समयमा कान्तिपुरका राजा शिवसिंह मल्लले ललितपुरमा आक्रमण गरेर जिती आफ्ना छोरा हरिहरसिंह मल्ललाई त्यहाँको रेखदेख गर्न नियुक्त गरे । तर हरिहरसिंहको

केही समयपछि नै मृत्यु भएको हुँदा आफैंले त्यहाँको पनि रेखदेख गर्न थाले । वि.सं. १६७५ तिरै सिद्धिनरसिंह मल्लले ललितपुरलाई स्वतन्त्र बनाई शासन गर्न थाले ।

## सिद्धिनरसिंह मल्ल

नेपाल उपत्यकाका प्रसिद्ध मल्ल राजाहरूमा सिद्धिनरसिंह मल्ल पनि एक थिए । स्वतन्त्र ललितपुरका पहिला मल्ल राजा भएको कारणले तथा नेपाली कलामा नयाँ प्रयोग र व्यापारको विस्तार गरेका एवं धार्मिक राजा पनि भएका हुँदा इतिहासमा उनी उल्लेखनीय भएका हुन् ।

**राज्यारोहण–** सिद्धिनसिंह मल्लको जन्म वि.सं. १६६३ मा हरिहरसिंह मल्लकी विवाहिता पत्नी लालमतीको तर्फबाट भएको थियो । शिवसिंह मल्लले ललितपुरका शासकलाई हराएर कान्तिपुर र ललितपुरलाई एउटै बनाएपछि छोरा हरिहरसिंह मल्ललाई त्यहाँको रेखदेख गर्न नियुक्त गरेका थिए । पछि त्यहीं उनको मृत्यु भयो । सिद्धिनरसिंह मल्ल बाबु मरेपछि पनि आमासँग ललितपुरमै बसेका थिए । यिनी १२ वर्षका भएपछि वि.सं. १६७५ तिर आमा लालमतीले केही भारदारहरूको सहयोगले ललितपुरलाई कान्तिपुरबाट छुट्टयाएर स्वतन्त्र गराइन् र सिद्धिनरसिंह मल्ललाई राजा बनाइन् । यसै सालको ललितपुर सुनागुठी भृङ्गारेश्वरको अभिलेखमा सिद्धिनरसिंह मल्ल राजा भएको उल्लेख छ । यसवेला शिवसिंह मल्ल जीवितै थिए । तर उनले ललितपुरमा नातिले अधिकार कायम गरेकोमा कुनै विरोध गरेनन् । कतिपय वंशावलीहरूमा 'हरिहरसिंहले ललितपुरको कुनै सामन्तकी छोरी लालमतीसँग विवाह गरेका थिए र उनी मर्ने वेलामा ती सामन्त कन्या गर्भवती थिइन, शिवसिंह मल्लले उनी सती जान खोज्दा छोरा, छोरी जेजन्मे पनि राज्य दिउँला भनेकाले नै लालमतीले सिद्धिनरसिंह मल्ललाई ललितपुरका राजा बनाएकी हुन्' भन्ने पाइन्छ । तर वंशावलीको यो कथन स्वीकार्य छैन । सिद्धिनरसिंह मल्ल जन्मेको केहीवर्षपछि मात्र हरिहर सिंह मरेका थिए । वास्तवमा ललितपुरलाई शिवसिंह मल्लले अँठचाए पनि ललितपुरका पुराना भारदारहरूलाई यो चित्त बुझेको थिएन । त्यसैले उनीहरूले शिवसिंह मल्ल वृद्ध हुँदै गएपछि सिद्धिनरसिंह मल्ललाई राजा बनाई ललितपुरलाई स्वतन्त्र बनाएका थिए । यसरी स्वतन्त्र ललितपुरका प्रथम मल्ल राजा सिद्धिनरसिंह मल्ल थिए ।

**राजनीतिक चरित्र–** शिवसिंह मल्ल जीवित छउन्जेल ललितपुरमा कुनै पनि सङ्कट देखा परेन । सिद्धिनरसिंह मल्ल राजा भएको केही समयपछि कान्तिपुरमा पनि यिनका दाजु लक्ष्मीनरसिंह मल्ललाई बाजे शिवसिंह मल्लले राजगद्दीमा राखिदिए । तर उनलाई भने कान्तिपुरमा मिलिसकेको ललितपुर यसरी छुट्टिएर गएको मन परेको थिएन । त्यसैले शिवसिंह मल्लको मृत्यु हुने वित्तिकै कान्तिपुरले ललितपुरको विरोध गर्न थाल्यो । झगडाको स्थिति देखा पर्‍यो । फलस्वरूप ललितपुरले भक्तपुरलाई आफ्नो पक्षमा मिलायो । त्यसवेला भक्तपुरमा जगज्जयोति मल्ल राजा थिए । ललितपुर र भक्तपुरको संयुक्त सेनाले कान्तिपुरमा आक्रमण गरेर चारैतिरबाट कान्तिपुर शहरलाई घेरिदियो । कान्तिपुरेहरूले भने शहरका सबै ढोकाहरू बन्द गरिदिए । तर निकै समयसम्म पनि यो

घेराउ नहटेको हुँदा कान्तिपुर शहरभित्र सङ्कट उत्पन्न हुन गयो । पछि कान्तिुरले वि.स. १६७७ फाल्गुन १५ गते ललितपुरसँग 'एकानी शत्रु एकानी भित्र' सन्धि गरेपछि मात्र यो समस्या टुङ्गिएको थियो । यसपछि केही वर्षसम्म ललितपुरको सबै राज्यहरूसँग राम्रो सम्बन्ध थियो । दाजु लक्ष्मीनरसिंह मल्ल सोझो प्रकृतिका भएका हुँदा कान्तिपुरमा मन्त्रीहरूको निकै बोलबाला थियो । यी मन्त्रीहरू भने अझै पनि ललितपुरलाई दबाउन चाहिरहेका थिए । विस्तारै विस्तारै कान्तिपुरेहरू ललितपुरको व्यापारमार्ग बन्द गरेर आर्थिक सङ्कट उत्पन्न गराउन खोजिरहेका थिए । यो देखि सिद्धिनरसिंह मल्ल उपत्यका बाहिरको शक्तिसँग मित्रता गाँस्ने उद्योगमा लागे । त्यसवेला गोरखाराज्यमा राम शाह शासन गरिरहेका थिए । सिद्धिनरसिंह मल्लले राम शाहसँग 'एकानी शत्रु एकानी मित्र' सन्धि गरे । यस सन्धिअनुसार ललितपुरका व्यापारीहरू गोरखामा गएर व्यापार गर्ने, ललितपुर तथा गोरखामा उत्तराधिकारीको समस्या भएमा एकले अर्को राज्यमा उत्तराधिकारी पठाउने पनि निर्णय भएको थियो । यसरी राम शाहको शक्तिको आड भएको हुँदा नै ललितपुरमा कान्तिपुरले आक्रमण गर्ने हिम्मत गर्ने सकेन । तर राम शाहको मृत्यु भइसकेपछि वि.सं. १६९३ फाल्गुनतिर कान्तिपुरले ललितपुरमा आक्रमण गऱ्यो । केही भारदारहरूको सहयोग लिएर स्वयं युवराज प्रताप मल्ल त्यहाँ आक्रमण गर्न पुगेका थिए । उनले ललितपुरका केही किल्लाहरू पनि कब्जा गरे । त्यसदिन राजा सिद्धिनरसिंह मल्ल कृष्णमन्दिर बनाइसकेर होम गरिरहेका थिए । पछि ललितपुरेहरू उठेर आई प्रताप मल्लसँग मुकाबिला गरेर उनलाई धपाए । निकै कान्तिपुरेहरूको ज्यान पनि गयो । त्यसपछिका वर्षहरूमा ललितपुरमा कतैबाट आक्रमण भएको देखिँदैन । उता कान्तिपुरमा वि.सं. १६९९ मा प्रताप मल्लले केही काजीहरूको सहयोग लिएर बाबु लक्ष्मीनरसिंह मल्ललाई कैद गरी राजगद्दी हत्याएका थिए । यता सिद्धिनरसिंह मल्ल पनि धर्म-कर्ममा विशेष ध्यान राख्ने हुँदा छोरा श्रीनिवास मल्ललाई राज्यभार दिन चाहिरहेका थिए । वि.सं. १६९७ तिरकै ललितपुर नासलचोकको अभिलेखबाट सिद्धिनरसिंह मल्लले छोरालाई राज्याधिकार दिएको बुझिन्छ ।

**धार्मिक राजा-** सिद्धिनरसिंह मल्लको ख्याति विशेष गरेर धार्मिक राजाको रूपमा पनि छ । विभिन्न धर्महरूमा यिनको समान आस्था थियो । इष्टदेवी तलेजुका परम् भक्त हुनुका साथै वैष्णव, शैव, बौद्ध सबै सम्प्रदायहरूको उत्थानमा समान विचार लिएका थिए । बौद्ध धर्ममा आस्था देखाउन "लोकेश्वरचरणसेवी" भनेर आफूलाई सम्बोधन गराउँथे । यिनले बनाएको कृष्णमन्दिरबाट नै यिनको धार्मिक सहिष्णुता स्पष्ट हुन्छ । यसको बीचको तलामा कृष्णमूर्ति रहेको छ भने माथिल्लो तलामा शिवलिङ्गको स्थापना गरिएको छ । यस मन्दिरको शिरमा पहिले लोकेश्वरको मूर्ति पनि राखिएको थियो, तर हाल छैन भन्दछन् । विभिन्न वंशावलीहरूमा यी राजा चान्द्रायण व्रत गरी गर्मीमा पञ्चाग्नि तापेर र जाडोमा खुल्ला चोकमा ढुङ्गाको खाटमा बसी तपस्या गर्ने गर्दथे भन्ने बुझिन्छ । भोजनको लागि पनि मुट्ठीदेखि लिएर एक मानासम्म भोजन गर्ने र फेरि एक मानाबाट घटाएर एक मुट्ठी मात्र भोजन गर्ने नियममा पनि रहन्थे । गाई, ब्राम्हाण र धर्मशास्त्रमा यिनको ठूलो विश्वास थियो । उनी सादा जीवन बिताउने गर्दथे र आवश्यकताभन्दा बढी कुनै पनि वस्तुको प्रयोग गर्नु पाप सम्झन्थे । देवदेवीको निम्ति

पोखरी, बचैंचा बनाउने तथा अनेक पूजा-आजा गर्ने व्यवस्था पनि यिनले मिलाएका थिए । यिनले आफ्ना विद्यागुरु नाटचाचार्य हरिवंश शर्माको सहयोग लिई पौराणिक कथामा आधारित कार्तिकनाच पनि चलाएका थिए । तीर्थ-व्रतको निम्ति यिनी धेरैपल्ट भारतका प्रतिष्ठित धार्मिक क्षेत्रहरूको भ्रमणमा पनि निस्केका थिए । छोरालाई राज्यसुम्पेर राजर्षि बनी धेरै वर्ष तीर्थयात्रामा नै विताएका उनको मृत्यु काशीमा नै भएको थियो ।

**कलाप्रतिको झुकाव-** कला तथा वास्तुकलाको विकासले गर्दा पनि सिद्धिनरसिंह मल्ल इतिहासमा उल्लेखनीय बनेका छन् । विभिन्न मन्दिरहरू, बौद्ध विहारहरू, पोखरी, बगैंचा आदिको निर्माण यिनको पालामा भएको पाइन्छ । यिनले बनाएको कृष्णमन्दिर तात्कालिक नेपाली वास्तुकलाको एउटा उत्कृष्ट नमूना मानिन्छ । सम्पूर्णतः ढुङ्गाले बनेको शिखरशैलीको यो मन्दिर तीनतले छ । मन्दिरका एक्काइसवटा चुचुरो परेका साना-साना देवल जस्ता भाग छन् । प्रत्येकमा सुनका गजुर छन् । त्यसैले एक्काइस गजूर भएको मन्दिर भनेर यसलाई भन्ने गरिएको हो । बीचको तलामा मुख्य कृष्णमूर्ति रहेको छ । त्यसको बाहिर चारैतिर दशावतारका मूर्तिहरू छन् । त्यसैको बीचको भागमा चारैतिर महाभारतका मुख्य घटनाका चित्रहरू ढुङ्गामा कुँदिएका छन् । तल्लो तलामा भने रामायणका मुख्य चित्रहरू कुँदिएकाछन् । यसको माथिल्लो तलामा शिवलिङ्गको स्थापना गरिएको छ । यस मन्दिरको निर्माण वि.सं. १६९३ मा भएको हो ।

तलेजुको सानो मन्दिर यिनले बनाएका थिए । वि.सं. १६९८ को ललितपुर नासलचोकको अभिलेखबाट यिनले पोखरी, पाँचतले मन्दिर तथा बगैंचा समेत बनाएको थाहा पाइन्छ । भण्डारखालको धारा-पोखरी बनाउने उनै थिए । सिद्धिनरसिंह मल्लले बौद्ध बहालहरूको जीर्णोद्धार गरेर हरेक बहालमा एकएक भिक्षुलाई नयाँ बनाई कर्म चलाउनु पर्ने गराए । वंशावलीअनुसार यी राजाले ललितपुर शहरको विस्तार गरेको तथा जावलाखेलमा आमाको नाममा पोखरी बनाएको पनि बुझिन्छ । यसरी निर्माणको क्षेत्रमा पनि सिद्धिनरसिंह मल्लको उल्लेखनीय भूमिका पाइन्छ ।

सिद्धिनरसिंह मल्ल संस्कृतिका विद्वान्, कवि, नाटककार तथा साहित्यका सोखीन पनि थिए । यिनले मैथिलीमा निकै भक्तिगीतहरू लेखेका थिए । यिनका मन्त्रीहरू नै संस्कृत-साहित्यका विद्वान् व्यक्तिहरू थिए ।

**अन्तिम दिनहरू-** शासनका अन्तिम दिनहरूमा भने सिद्धिनरसिंह मल्ल निकै सङ्कटमा परेका थिए । स्वयं उनका छोरा श्रीनिवास मल्ल विद्रोही भएर निस्के । छोरालाई राजकाजको अनुभव होस् भनी १३ वर्षकै उमेरमा सिद्धिनरसिंह मलले श्रीनिवास मल्ललाई शासनमा सक्रिय बनाएका थिए, तर यसबाट श्रीनिवास मल्लमा राजा बन्ने इच्छा तीव्र रूपमा देखिन थाल्यो । त्यसैले उनले बाबुको विरुद्ध विद्रोह गरी कीर्तिपुरलाई राजधानी बनाएर विद्रोही सरकार समेत गठन गरे । यो कुरा तात्कालिक एक ठ्यासफूमा लेखिएको छ । दुई वर्षभन्दा बढी समयसम्म श्रीनिवास मल्लले कीर्तिपुरमा बसेर शासन गरे । कान्तिपुर बाहेक अन्य देशहरूले भने यस विद्रोही सरकारलाई मान्यता दिएका थिएनन् तापनि पछि सिद्धिनरसिंह मल्लले झगडा बढाउन चाहेनन् । वि.सं. १७१७ मा छोरालाई बोलाएर विधिवत् राज्य सुम्पिदिए । छोरालाई राज्य दिएर उनी राजर्षि बने । राजगद्दीमा बस्ने राजाले लिने 'महाराजाधिराज' 'नेपालेश्वर' जस्ता प्रशस्ति बाहेक अन्य सबै उच्च

पदहरूले उनलाई विभूषित गरियो । राज्य सुम्पेपछि उनी तीर्थव्रत गर्न भारततिर जाने-आउने गरिहेका थिए । उनको मृत्यु भने गद्दी छोडेको ५० वर्षपछि १०४ वर्षको उमेरमा वि.सं १७६७ जेठ शुक्ल पूर्णिमा बुधवारका दिन काशी गङ्गाजीमा भएको कुरो तात्कालिक एक ठ्यासफूबाट बुझिन्छ । उनी मर्दा उनका नाति योगनरेन्द्र मल्ल मरेको पनि ४ वर्ष भइसकेको थियो ।

## श्रीनिवास मल्ल

श्रीनिवास मल्ल सिद्धिनरसिंह मल्लका छोरा तथा उत्तराधिकारी थिए । यिनको जन्म वि.सं. १६८४ मा भएको थियो ।

**राज्यारोहण–** श्रीनिवास मल्ल वि.सं. १७१७ मा ललितपुरको राजगद्दीमा बसेका थिए । उनले बाबुसँग विद्रोह गरेर राज्य हत्याएका हुन् । वास्तवमा सिद्धिनरसिंह मल्लले छोरालाई राजकाजको अनुभव होस् भनी १३ वर्षकै उमेरदेखि शासनमा सक्रिय बनाएका थिए । यसबाट राजा बन्ने इच्छा उनमा तीव्र रूपमा देखिन थाल्यो, तर सीधै बाबुसँग राज्य माग्न नसकेर वि.सं. १७१५ को शुरूतिर बाबुको विरुद्ध विद्रोही सरकार गठन गरी कीर्तिपुरलाई राजधानी बनाए । प्रताप मल्लले कान्तिपुरमा आफ्ना बाबुलाई थुनेर राजा भएको लगभग १७ वर्षपछिको यो घटना थियो । त्यसैले प्रताप मल्लले तुरुन्तै यस सरकारलाई मान्यता दिए । दुवैले वि.सं. १७१५ को श्रावणतिर पशुपतिमा तामा-तुलसी छोएर 'एकानी शत्रु एकानी मित्रु' को सन्धि गरे । २ वर्षभन्दा बढी समयसम्म श्रीनिवास मल्लले कीर्तिपुरमा बसेर शासन गरे । कान्तिपुर बाहेक भक्तपुर, मकवानपुर, गोरखा आदि राज्यले भने यस सरकारलाई मान्यता नदिएको बुझिन्छ तापनि अब सिद्धिनरसिंह मल्लले झगडा बढाउन चाहेनन् र वि.सं. १७१७ मा छोरालाई विधिवत् राज्य सुम्पिदिए ।

**राजनीतिक चरित्र–** त्यसवेला उपत्यकामा श्रीनिवास मल्ल (ललितपुर), प्रताप मल्ल (कान्तिपुर) र जगत्प्रकाश मल्ल (भक्तपुर) तीनै राजाहरू प्रतिस्पर्धात्मक भावना भएका थिए । त्यसैले प्रायः सधैं एक-अर्काको राज्यमा आक्रमण गरेर किल्लाहरू भत्काउने कुटपीट गर्नेजस्ता कार्यहरू मात्र भइरहन्थे । शुरुशुरुमा श्रीनिवास मल्ल प्रताप मल्लसँग मिल्ने गरेका थिए । आफू राजगद्दीमा बस्ता प्रताप मल्लको विशेष सहयोग पाएकोले नै श्रीनिवास मल्ल कान्तिपुरको मद्दतगार बन्न पुगेका हुन् । उनैको सहयोग पाएर निकैपल्ट प्रताप मल्लले भक्तपुरमा आक्रमण पनि गरे, तर यसबाट श्रीनिवास मल्ललाई भने केही फाइदा भएन । तसर्थ उनी भित्रभित्रै भक्तपुरतर्फ ढल्कन थाले । साथै अब आएर श्रीनिवास मल्ल सतर्क रहन थाले । वास्तवमा प्रताप मल्ल उपत्यकाको एकीकरण गर्न चाहन्थे । प्रतापमल्लको यस नीतिबाट श्रीनिवास मल्ल पनि अनभिज्ञ रहेनन् । प्रताप मल्लको नीतिमा समर्थन देखाउँदा कान्तिपुरको शक्ति बढ्ने र पछि कान्तिपुरबाट ललितपुरलाई समेत खतरा हुने सम्झी उनी प्रताप मल्लको भक्तपुरको विनाश गर्ने योजनामा सहयोगी बनेनन् । भक्तपुरसँग पनि उनी उदार व्यवहार गर्न थाले । वि.सं. १७२३ मा जगत्प्रकाश मल्लले छोरा उग्र मल्लको क्षौरकार्य गर्दा श्रीनिवास मल्ल पनि निम्त्याइएका थिए । पछि उनी भक्तपुर पुग्दा मान-अपमानको कुरो उठ्यो र त्यहाँ नबसी

राति नै ललितपुर फर्के । यसरी भक्तपुरसँग मिल्ने ललितपुरको प्रयत्न त्यसै विफल भयो । ललितपुर फेरि कान्तिपुर तर्फ ढल्क्यो । श्रीनिवास मल्ल र प्रताप मल्लले वि.सं. १७२४ श्रावणमा पचलीमा भेटेर सन्धि गरे । जगत्प्रकाश मल्ल यो थाहा पाउनेवित्तिकै रातारात दौडेर ललितपुर पुगे । त्यसवेला श्रीनिवास मल्ल नाच हेरिरहेका थिए । जगत्प्रकाश मल्लले रातभरि बसेर सन्धि भङ्ग गर्न खोजे, तर सकेनन् । यसरी नै भक्तपुर एक्लो भएको मौकामा वि.सं. १७२८ मा फेरि प्रताप मल्लले भक्तपुरका नाला र त्यसका आसपासका क्षेत्र कब्जा गरे । जगत्प्रकाश मल्ल आत्तिएर श्रीनिवास मल्लको शरणमा गए । श्रीनिवास मल्लले पनि जगत्प्रकाश मल्ललाई सहयोग गरे । राति नै गएर नाला र अन्य क्षेत्रहरू फिर्ता गरियो । यसै साल श्रीनिवास मल्ल र जगत्प्रकाश मल्लको संयुक्त सेनाले कान्तिपुरका कतिपय किल्लाहरू कब्जा गरेर लिए ।

यसरी प्रताप मल्ल, जगत्प्रकाश मल्ल तथा श्रीनिवास मल्ल तीनैजना प्रतिस्पर्धी स्वभावका भएको हुँदा परस्परमा निकैपटक युद्ध भएको पाइन्छ, तर वि.सं. १७२९ मार्गमा जगत्प्रकाश मल्ल र वि.सं. १७३१ वैशाखमा प्रताप मल्ल मरेपछि भने उपत्यकामा एकपल्ट शान्ति छाएको थियो । यसपछि त उपत्यकामा सबैभन्दा जेठा राजा श्रीनिवास मल्ल बन्न गए र यिनको निकै प्रभाव बढ्न थाल्यो । अब उनी नेपालेश्वर पनि कहलाउन थाले । जगत्प्रकाश मल्लपछि उनैका छोरा जितामित्र मल्ल भक्तपुरका राजा भएका थिए । उनीसँग श्रीनिवास मल्लको निकै मधुर सम्बन्ध कायम थियो । त्यसपछि भक्तपुरसँग यिनको कहिल्यै नराम्रो भएन । कान्तिपुरमा त निकै समयसम्म यिनको प्रभाव नै जम्यो । प्रताप मल्लको मृत्युपछि त्यहाँ राजा कसलाई बनाउने भन्ने विषयमा विवाद उत्पन्न भयो । प्रताप मल्लले मर्नुअघि सबैभन्दा कान्छा छोरा महीपतीन्द्र मल्ललाई उत्तराधिकारी छानेका थिए; त्यसैले विभिन्न पक्षहरूबीचमा झगडा भएको थियो । पछि श्रीनिवास मल्लले गएर जेठा छोरा नृपेन्द्र मल्ललाई राजतिलक दिएर सबैलाई मिलाएका थिए । साथै प्रताप मल्लको समयमा निर्वासित भएका देवीदास चिकुटीलाई बोलाएर चौताराको पगरी दिए । यसरी राजा तथा चौतारा समेत आफ्नो समर्थनका भएका हुँदा श्रीनिवास मल्लको त्यसवेला निकै प्रभाव जमेको थियो । नृपेन्द्रपछि राजा हुने पार्थिवेन्द्र मल्ल पनि श्रीनिवास मल्लकै समर्थक बने ।

उपत्यकामा मात्र नभएर बाहिरी राज्यहरूमा पनि श्रीनिवास मल्लको गतिविधि निकै बढेको देखिन्छ । सेनराज्यमा भएका गृहकलहले गर्दा महाकुमार शुभ सेन नेपाल उपत्यकामा गुहार माग्न आउँदा श्रीनिवास मल्ल प्रत्यक्ष रूपले नै शुभ सेनलाई सहयोग गर्न तत्पर रहे । ललितपुरका चौतारा भगीरथ भैयाको नेतृत्वमा भक्तपुर, तजहूँ, गोर्खा, लमजुङ आदिको फौजले मकवानपुरमा आक्रमण गरेर रावा, हलेसी आदि १७ ग्राम जिती शुभ सेनलाई दिएको कुरा भाषावंशावलीमा छ । यसपछि अर्को साल शुभसेनले ४ हात्ती श्रीनिवास मल्ललाई पठाई दिएका थिए । यस युद्धको परिणामस्वरूप सेनराज्य मकवानपुर र विजयपुर गरी दुई भागमा टुक्रेको थियो ।

**कला तथा वास्तुकलाको विकास-** कला तथा वास्तुकलाको विकासमा पनि श्रीनिवास मल्लको उल्लेखनीय देन छ । ललितपुर क्षेत्रमा भएका धेरै कलानमूनाहरू उनैको पालामा बनेका थिए ।

वि.सं. १७३६ मा उनले तलेजु-मन्दिर बनाएर स-साना असल घण्टाहरूले राम्रो भएको सुनको छानो हाली त्यसमाथि सुनको ठूलो गजूर चढाए । पहिले सिद्धिनरसिंह मल्लको पालामा बनेको तलेजुको सानो मन्दिरलाई नै श्रीनिवास मल्लले बढाएको बुझिन्छ । मन्दिरको वरिपरि बचैंचा पनि बनाएका थिए । साथै दरबारको विस्तार गरेर मूलचोक तथा सुन्दरीचोक बनाएका थिए । सुन्दरीचोकको बीचमा धारो र धारावरिपरि विभिन्न पौराणिक देवदेवीका प्रस्तरमूर्तिहरू राखिएका छन् । यी राजाले बुङमतीमा तथा ललितपुरमा मछिन्द्रनाथको मन्दिर पनि बनाएको बुझिन्छ । बुङमती अभिलेखमा 'लोकनाथचरणकमलधूलिधूसरितशिरोरुह' भनेर आफू मछिन्द्रनाथ निकै भक्त भएको कुरा व्यक्त गरेका छन् । बुङमतीमै भैरवको मन्दिरको जीर्णोद्धार गरेर सुवर्णतोरण पनि चढाएका थिए । यसको अतिरिक्त हरसिद्धिमा सुवर्णढोका चढाएको, फर्पिङ शिखरनारायणको संवर्धनमा विशेष ध्यान दिएको, कीर्तिपुरको प्रसिद्ध कोटगृह बनाएको तथा कुम्भेश्वरक्षेत्रमा पनि एक शैव मन्दिर बनाएर चतुर्मुख शिवलिङ्ग स्थापना गरेको श्रेय उनलाई प्राप्त छ । एक ठयासफूअनुसार 'एकपल्ट आगलागी तथा ठूलो हुरीले गर्दा धेरै देवमन्दिरहरू, पाटीपौवाहरू तथा घरहरू नष्ट भएका थिए, पछि यी राजाले आफै सक्रिय भएर तुरुन्तै जीर्णोद्धार गराएका थिए । यिनका बाबुको पालामा बनेको पाँचतले देगुतले मन्दिर पनि आगलागीमा परेको थियो । माथिल्लो तला पूरै नष्ट भएको हुँदा श्रीनिवास मल्लले यसलाई चारतले रूपमा नै जीर्णोद्धार गरेका थिए । यसको अतिरिक्त ललितपुरको भीमसेन-मन्दिर श्रीनिवास मल्लकै कृति हो । वंशावली अनुसार बाबुको पालामा बाबु तीर्थयात्रामा निस्केको समयमा आफ्ना भाइको मृत्यु हुँदा शोकग्रस्त श्रीनिवास मल्लले यो नारायणको मन्दिर बनाएका थिए ।

राजनीति तथा धार्मिक क्रियाकलापमा मात्र नभएर साहित्य तथा सङ्गीतको क्षेत्रमा पनि यी राजाको समान दखल भएको पाइन्छ । वि.सं. १७३८ को भीमसेन-मन्दिरको अभिलेखमा यिनलाई 'अनेक थरी नाचका कलामा ठूलो चाख राख्ने' कामदेवजस्ता राम्रा, वीणा, ताल मृदङ्ग र गीतमा सिपालु, सङ्गीतविद्याका खानी भनेर प्रशंसा गरिएको छ । यी राजालाई कंसवधनाटक लेखेको श्रेय पनि प्राप्त छ ।

यसरी श्रीनिवास मल्ल त्यसवेला निकै प्रभावशाली व्यक्तित्वको रूपमा चिनिएका थिए । कला, वास्तुकला, साहित्य, सङ्गीत तथा राजनीतिक क्षेत्रमा समेत यी राजाको ख्याति चारैतिर फैलेको थियो । उनको यस सफलताको पछाडि अर्को एक व्यक्तिले पनि काम गरिरहेको थियो । त्यसवेला भगीरथ भैया नामका उनका एक सहयोगी थिए जसको बलबाट नै ललितपुरको त्यसवेला निकै प्रतिष्ठा जम्न गएको हो । यी भगीरथ भैयाको परिचय पाउन सकिएको छैन; तर श्रीनिवास मल्लको दरबारमा भने उनको निकै प्रभाव थियो । श्रीनिवास मल्लले स्थापना गरेका अधिकांश देवलमूर्तिहरू, मन्दिरहरू, पाटीपौवाहरू भगीरथ भैयाकै सल्लाहले गरिएका थिए । राजाले गौरवसाथ 'मैले यो काम भगीरथ भैयाको सल्लाहले गरेको हुँ' भनेर उल्लेख गरेका छन् । वि.सं. १७२९ कै राता मच्छिन्द्रनाथको मन्दिरको 'संवत्सर लोहो' (वर्षदिनभित्र ललितपुरका राजा र प्रजाले पालन गर्नुपर्ने मोटामोटी नियम लेखिएको हुनाले त्यसलाई संवत्सर लोहो भन्ने संज्ञा दिइएको हो) मा त राजाले 'श्री श्री जय श्रीनिवास मल्ल ठाकुरले आफै छानी भगीरथ भैयालाई चौतारा

बनाउनुभएको हो । मैले (श्रीनिवास मल्लले) आफ्नो जीउ र उनमा (भगीरथ भैयामा) फरक देखेको छैन, अरूले पनि भिन्न सम्झनु हुँदैन' समेत भनेका छन् । यसैबाट भगीरथ भैयाको कस्तो प्रभाव थियो, स्पष्ट हुन्छ ।

यी भगीरथ भैया राजकाजमा निकै सक्रिय भएको कारणले नै श्रीनिवास मल्लको त्यसवेला प्रभाव बढेको थियो । युद्धमा सेनापति भएर पनि उनी जाने गर्थे । वि.सं. १७३० कार्तिकमा मकवानपुरमा लड्न जाँदा उपत्यकाका राज्यहरू गोरखा, लमजुङ आदिका सेनाहरूका नायक बनेर स्वयं भगीरथ भैया गएका थिए । वि.सं. १७३४ को फर्पिङको भगीरथ भैयाको एक अभिलेखमा 'आफैले हेरचाह गरिराखेको फर्पिङ शहर' भनिएकोबाट यी भगीरथ भैयालाई राजा श्रीनिवास मल्लले फर्पिङक्षेत्रको शासनाधिकार दिएको बुझिन्छ । वि.सं. १७३९ को फर्पिङको एक अभिलेख पनि भगीरथ भैयाले शिखरापुरी (फर्पिङ) को आधिपत्य पाएको उल्लेख गरेका छन् ।

निर्माणकार्यमा पनि भगीरथ भैया त्यस्तै सक्रिय थिए । वि.सं. १७३४ मा भगीरथ भैयाले ललितपुर मङ्गलबजारमा एउटा ठूलो मन्दिर बनाई विश्वनाथको स्थापना गरेका थिए । नेपालीहरू बराबर काशी गई विश्वनाथको दर्शनपूजन गर्ने गर्थे । तर वि.सं. १७२६ को भाद्रतिर मुगल बादशाह औरङ्गजेबले काशीको विश्वनाथ-मन्दिर भत्काइदिएपछि हिन्दूधर्मभीरु नेपालीहरूमा खलबली मच्चियो । त्यसैले भगीरथ भैयाले अब ललितपुरका प्रजाले यही विश्वनाथको दर्शन-पूजन गर्न पाऊन् भन्ने अभिप्रायले सो मन्दिर बनाएको देखिन्छ । यस मन्दिरलाई हिजोआज 'भाइचा देवल' भन्ने चलन छ । विश्वेश्वर-मन्दिरको सामुन्नेको प्रसिद्ध 'लामोपाटी' सत्तल पनि भगीरथकै कृति हो । विश्वेश्वर मन्दिरको प्रतिष्ठा समारोहमा बाह्रजना राजाहरू उपस्थित भएका थिए । यिनीहरूलाई यही लामोपाटीका बाह्र कोठामा राखी सत्कार गरिएको थियो । यसको अतिरिक्त उनले फर्पिङमा शहरका किल्लाका ढोकाहरूको जीर्णोद्धार गर्ने, सडकमा ढुङ्गा छाप्ने, शिखरनारायण मन्दिरको ढोका बनाउने तथा धाराको जीर्णोद्धार गर्ने काम पनि गरेका थिए ।

यसरी निकै प्रभावशाली रूपमा देखिएका भगीरथ भैयाको अन्त पनि चाखलाग्दो छ । युवराज योगनरेन्द्र मल्लसँग यिनको ठयाक मिलेको थिएन । त्यसैले योगनरेन्द्र मल्लले बाबुबाट राज्य पाएपछि वि.सं. १७४२ भाद्रतिर रानीहरूसँग शिष्टाचार नगरेको दोष लगाएर योगनरेन्द्रले उनलाई मार्न लगाए ।

**अन्तिम दिनहरू–** यसरी आफ्नो प्रभावबाट विशिष्ट व्यक्तिको रूपमा उपत्यकामा मान्य भएका श्रीनिवास मल्ल पनि आफ्नो अन्तिम कालमा निकै सङ्कटमा परेका थिए । स्वयं उनका छोरा युवराज योगनरेन्द्र विद्रोही भएर निस्के । वास्तवमा जुन चौतारा भगीरथ भैयाको प्रयत्नले श्रीनिवास मल्लको प्रतिष्ठा जमेको थियो, उनैसँग युवराज योगनरेन्द्र मल्लको ठयाक मिलेको थिएन । युवराज योगनरेन्द्रले ढुकुटीको पैसा हात लगाई कीर्तिपुरमा गएर विद्रोही सरकारको गठन गरे । इतिहास दोहोरियो । श्रीनिवास मल्लले आफूले आफ्ना बाबु सिद्धिनरसिंहसँग गरेको विद्रोह सम्झे, अनि छोरालाई बोलाएर सम्झौता गरी भगीरथलाई खोसिदिए र त्यसको झन्डै १ वर्षपछि वि.सं. १७४१, पौषतिर आफ्नै हातले छोरालाई राजगद्दीमा बसाए । राजपाट छोडे पनि उपत्यकामा श्रीनिवास मल्लको प्रतिष्ठा जमेकै थियो । वि.सं. १७४३ मा उनी स्वर्ग भए ।

## योगनरेन्द्र मल्ल

योगनरेन्द्रमल्ल श्रीनिवास मल्लका छोरा तथा उत्तराधिकारी थिए । यिनको जन्म वि.सं. १७२४, श्रावण १५ गते सोमबार भएको थियो ।

**राज्यारोहण-** योगनरेन्द्र मल्लले १८ वर्षको उमेरमा बाबुसँग विद्रोह गरी राजगद्दी हात लगाएका थिए । राज्य-प्रशासनमा भने श्रीनिवास मल्लले छोरालाई निकै अगाडिदेखि नै तालीम दिन खोजेको देखिन्छ, तर यसैबाट मात्रै योगनरेन्द्र मल्ल सन्तुष्ट थिएनन् । उनी राजा हुन हतारिरहेका थिए । दरबारमा केही भारदारहरूको समर्थन पनि उनलाई प्राप्त थियो । वास्तवमा त्यसवेला भगीरथ भैया नाम गरेका ज्यादै प्रभावशाली चौतारा थिए । यिनै भगीरथको कारणले गर्दा श्रीनिवास मल्ल उपत्यकामा तथा बाहिर पनि निकै प्रतिष्ठत बनेका थिए । 'म र भगीरथ भैयामा कुनै फरक छैन' समेत उनी भन्न पुगेका थिए । तर तिनै भगीरथसँग युवराजको ठ्याक मिलेको थिएन । भगीरथका विरोधीहरू पनि योगनरेन्द्र मल्लाई उचाल्न थाले । फलस्वरूप योगनरेन्द्र मल्लले ढुकुटीबाट पैसा निकाली आफ्ना समर्थकहरूको साथमा कीर्तिपुरमा गएर बाबुको विरुद्ध विद्रोही सरकारको गठन गरे । इतिहास दोहोरियो । बाबुसँग विद्रोह गरेरै श्रीनिवास मल्लले पनि राज्य पाएका थिए । त्यसैले उनले छोरालाई दबाउने उद्योग गरेनन् । बोलाएर सम्झौता गरे, जसअनुसार भगीरथलाई खोस्ने काम गरियो । तर योगनरेन्द्र मल्ल त्यतिले मात्र सन्तुष्ट थिएनन; कलह बढ्दै जाने स्थिति देखा पऱ्यो । त्यसैले श्रीनिवास मल्लले वि.सं. १७४१ पौषतिर छोरालाइ विधिवत् राजगद्दी सुम्पिदिए । त्यस वेलासम्म भगीरथ भैया जीवितै थिए र चौतारा पदमा नरहे पनि उनको प्रभाव जमेकै थियो । त्यसैले योगनरेन्द्र मल्ल उनलाई सम्पूर्ण रूपले पन्छ्याउने उद्योगमा लागे । राजा भएको ७ महीनापछि वि.सं. १७४२ भाद्रमा रानीहरूसँग शिष्टाचार नपुऱ्याएको आरोपमा योगनरेन्द्रले भगीरथ भैयाको बध गरे ।

**राजनीतिक चरित्र-** योगनरेन्द्र मल्ल ललितपुरका राजा भएताका भक्तपुरमा जिताभित्र मल्ल र कान्तिपुरमा पार्थिवेन्द्र मल्लको शासन थियो । यी दुवै राज्यका चौताराहरू त्यसवेला निकै प्रभावशाली थिए । त्यसैले शुरुदेखि नै योगनरेन्द्र मल्लको विभिन्न राज्यहरूसँग खटपट भएको थियो । गोरखासँग पनि उनको सम्बन्ध नराम्रो हुँदै गएको देखिन्छ । श्रीनिवास् मल्लकै समयमा गोरखाका पृथ्वीपति शाहले कान्तिपुरका नृपेन्द्र मल्लसँग मित्रेरी लगाएका थिए । यसैबाट गोरखा बिस्तारै कान्तिपुरतर्फ ढल्केको आभास पाइन्छ । तर यता ललितपुरमा श्रीनिवास मल्ल सत्ताबाट हटेको लगत्तै पछिदेखि भने पूर्ण रूपले गोरखा र ललितपुरुको सम्बन्ध टुटेको देखिन्छ । वि.सं. १७४२ मा पृथ्वीपति शाह कान्तिपुरमा आउँदा कान्तिपुर र भक्तपुरका राजाहरूले मोहनचोकमा भेट गरे । 'ललितपुर एक्लै पऱ्यो' भनेर तात्कालिक एक ठ्यासफूमा टिपिएको छ । यसैको लगत्तै अर्को साल गोरखालाई सहयोग गर्न कान्तिपुरबाट सेनाहरू पनि गएका थिए । यसरी बाबुबाजेको पालामा स्थापना भएको गोरखा-ललितपर सम्बन्ध योगनरेन्द्र मल्लको पालामा टुट्दै गएको देखिन्छ ।

योगनरेन्द्र मल्लको पालामा आएर सेन राजाहरूसँग पनि बाबुको पालामा स्थापित सम्बन्धमा केही परिवर्तन आएको देखिन्छ । श्रीनिवास मल्लको समयमा मकवानपुरका शुभसेनलाई उपत्यकाले गुहार दिएको थियो । योगनरेन्द्र मल्ल भने मकवानपुरको विरोधमा विजयपुरतर्फ मिल्न गए । श्रीनिवास मल्ल मरेको १ वर्षपछि नै शुभ सेनले ललितपुरमा आक्रमण पनि गरेका थिए । पछि वि.सं. १७४८ मा विजयपुरका सेन राजा विधाता इन्द्र सेन उपत्यकामा गुहार माग्न आएपछि तीनै मल्ल राजाहरूका सेनाहरू विधाता इन्द्र सेनको पक्षमा मकवानपुरमा लड्न गए । ललितपुरको तर्फबाट त स्वयं राजा योगनरेन्द्र मल्ल गएका थिए ।

उपत्यकाका मल्ल राजाहरूमा त मेलमिलाप कहिल्यै थिएन । वि.सं. १७४४ मा विष प्रयोगद्वारा कान्तिपुरका राजा पार्थिवेन्द्र मल्ल मारिएपछि ८ वर्षका भूपालेन्द्र मल्ल गद्दीमा राखिए, चौताराको पद लक्ष्मीनारायणले पाए । लक्ष्मीनारायणको कारणले फेरि उपत्यकामा बखेडा शुरू भयो । लक्ष्मीनारायण उपत्यकामा आफ्नो प्रभुत्व जमाउन चाहन्थ्यो । ललितपुरका योगनरेन्द्र मल्ल तुरुन्तै उसको प्रभावमा आए पनि भक्तपुरमा त्यसवेला भागीराम जस्ता प्रभावशाली चौतारा भएका हुँदा त्यहाँ भने लक्ष्मीनारायणको इच्छा पूरा भएन । योगनरेन्द्र मल्लको सहयोगबाट कान्तिपुरले भक्तपुरमा आक्रमण गरेर घेराबन्दी लागू गऱ्यो । भक्तपुरमा सङ्कट उत्पन्न भएपछि भागीराम भक्तपुर छोडेर ललितपुरतर्फ लागे । लक्ष्मीनारायणको विजय भयो । तर ललितपुर र कान्तिपुरको सम्बन्ध भने दिगो भएन । भक्तपुरमा युद्ध हुँदा केही जमीन दिने प्रलोभनमा योगनरेन्द्र मल्ललाई लक्ष्मीनारायणले आफूतिर मिलाएको थियो । पछि कबूल पूरा नभएपछि फेरि योगनरेन्द्र मल्ल भक्तपुरतर्फ ढल्के; भागीराम पुनः चौतारा बनाइए । वि.सं. १७४५ फागुनतिर भक्तपुर र ललितपुरको संयुक्त सेनाले कान्तिपुरमा आक्रमण गरेको थियो । "बालक राजा श्री श्रीभूपालेन्द्र मल्ललाई एक्लै पारी ललितपुर र भक्तपुर लड्न आए भनेर ठ्यासफुमा टिपिएको छ । वि.सं. १७५२ मा कान्तिपुरका राजा भूपालेन्द्र मल्ल र राजमाता ऋद्धिलक्ष्मी हात्ती खेदा गर्न तराईतिर गएको बेलामा ललितपुर र भक्तपुरको संयुक्त सेनाले कान्तिपुरका इलाकाहरूका आक्रमण गरेर केही प्रदेशमा कब्जा गर्ने चेष्टा गरेको थियो । सफलता भने प्राप्त भएन । यसको लगत्तैपछि योगनरेन्द्र मल्ल कान्तिपुरसँग मिल्न पुगेका थिए । यसरी कान्तिपुर र ललितपुर मिलेर वि.सं. १७५३ बैशाखतिर भक्तपुर 'ओभु' किल्लामा आक्रमण गर्न पुगेका थिए ।

वि.सं. १७५७ मा तीर्थ गर्न भारततिर जाँदा कान्तिपुरका भूपालेन्द्र मल्लको भारतमा नै मृत्यु भयो । पछि उनैका नाबालक छोरा भास्कर मल्ल राजा बनाइए । त्यसपछि भने योगनरेन्द्रको कान्तिपुरसँग त्यस्तो खटपट परेको देखिंदैन ।

भक्तपुरसँग पनि योगनरेन्द्र मल्लको कहिले मेलमिलाप र कहिले खटपट परिरहेको बुझिन्छ । शुरूमा गोरखा-कान्तिपुरको मेल हुँदा भक्तपुर ललितपुरको साथ छोडेर कान्तिपुरतर्फ मिलेको थियो भने पछि कान्तिपुरका चौतारा लक्ष्मीनारायणले भक्तपुरमा आक्रमण गर्दा योगनरेन्द्र मल्लले कान्तिपुरको पक्ष लिएका थिए । वेलावेलामा यी दुवै (ललितपुर-भक्तपुर) मिलेर कान्तिपुरमा आक्रमण गर्नेगरेको पनि पाइन्छ । राजनीतिक कामले मात्र नभएर धार्मिक कृत्यहरूमा पनि त्यसवेला मनोमालिन्य बढ्ने गर्दथ्यो ।

वास्तवमा लडाइँ-झगडाले गर्दा धर्मकर्ममा पनि असर पर्दथ्यो । त्यसवेला उपत्यकाका तीनै राज्यका आ-आफ्ना चाडपर्वहरू र परम्पराहरू थिए तापनि ती सबै एक-अर्कासँग सम्बद्ध थिए । एक राज्यबाट शुरू भएका कतिपय चाडपर्वहरू अर्को राज्यमा गएर टुङ्गिने गर्थे । तसर्थ एक-अर्को राज्यमामेल नभएको वेला यस्ता पर्वहरू मनाउन कठिनाइ हुन्थ्यो । योगनरेन्द्र मल्लको पालामा पनि यस्तै सङ्कट परेको बुझिन्छ । वि.सं. १७५० मा हरसिद्धि नाचको वेलामा कान्तिपुर र ललितपुरको मेल नहुँदा ललितपुरेहरूलाई कान्तिपुरका क्षेत्रहरूमा पस्ने अनुमति मिलेन । फलस्वरूप समयमा नाच पूरा गर्न सकिएन । त्यस्तै भक्तपुरसँग पनि यस्तै किचोला पर्ने गरेको देखिन्छ । वि.सं. १७५३ असोजमा जिताभित्र मल्लको मृत्यु भयो र भूपतीन्द्र मल्ल भक्तपुरका राजा भए । अब भने योगनरेन्द्र मल्लले केही मात्रामा भक्तपुरलाई दबाउने चेष्टा लिएको बुझिन्छ । तर योगनरेन्द्र मल्लले सोचेअनुरूप भूपतीन्द्र मल्ल कमजोर भने थिएनन् । बाबुकै पालादेखि शासनमा सक्रिय रहेका थिए । त्यसैले तुरुन्तै गोरखा, मकवानपुर, तनहुँ आदि राज्यहरूलाई आफ्नो पक्षमा मिलाएर भूपतीन्द्र मल्लले उल्टै योगनरेन्द्र मल्ललाई अँठ्याउने योजना बनाए । फलस्वरूप योगनरेन्द्र मल्लले बाध्य भएर वि.सं. १७५० मा भूपतीन्द्र मल्लको पक्षमा एक तामापत्र गरिदिएका थिए । "भक्तपुरको सल्लाह नलिईकन ललितपुरले कान्तिपुरसँग सहायता माग्यो भने ४० हजार रुपैयाँ भक्तपुर, मकवानपुर, गोरखा, तनहुँ यी चार राज्यले ललितपुरसँग अँठ्याएर लिनू" भनेर उक्त ताम्रपत्रमा उल्लेख गरिएबाट त्यसवेला ललितपुर भक्तपुरसँग निकै डराएको बुझिन्छ । यस सन्धिअनुसार ललितपुरले कान्तिपुरसँग कुनै पनि किसिमको मेल राख्न पाएन । यसको १ वर्ष जतिपछि फेरि भक्तपुर ललितपुरलाई छोडेर कान्तिपुरसँग सम्बन्ध जोड्न पुग्यो । यसबाट योगनरेन्द्र मल्ल भक्तपुरसँग निकै रुष्ट भए र भक्तपुरमा आक्रमण गर्ने दाउ गर्न थाले । वि.सं. १७६२ भाद्रको अन्ततिर ललितपुरले भक्तपुरको ओभु किल्लामा आक्रमण पनि गऱ्यो । तीनतिरबाट आक्रमण गर्दा पनि किल्ला तोड्न सकेनन् । यसवेला योगनरेन्द्र मल्ल चाँगुमा बसेर युद्धको बन्दोबस्त गरिरहेका थिए । भक्तपुरका राजा भूपतीन्द्र मल्ल भने सुरक्षाको निम्ति सपरिवार बनेपा गई बसेका थिए । दसैं आयो, तर युद्ध बन्द भएन । राजा योगनरेन्द्र मल्लसमेत दसैंमा दरबार फर्केनन् । दसैंको गर्नुपर्ने विधान गुरुज्यूद्वारा गराइयो । यसैवेला वि.सं. १७६२ कार्तिक १६ गते बुधवारका दिनराति कुनै भक्तपुरेले तमाखुमा विषप्रयोग गरिदिएको हुँदा राजाको मृत्यु भयो । यसरी ३८ वर्षको उमेरमा नै योगनरेन्द्रको मृत्यु भएको देखिन्छ । केही वंशावलीहरूमा उनको मृत्युको सम्बन्धमा यस्तो उल्लेख पाइन्छ- आफ्नो प्यारो छोरो-बाल्यावस्थामा नै मरेकोले पुत्रशोकले व्याकुल भएर राजाले सन्यासीजस्तो भई राजकाजको सबै काम मन्त्रीहरूलाई सुम्पी दरबारबाट हिंडे । जानुअगाडि राजाले 'जबसम्म मेरो सालिकको चरो रहिरहन्छ, रङ्ग उज्जव भइ नै रहन्छ, तबसम्म म जीवित नै रहनेछु । तसर्थ दरबारको झ्याल खुल्ला राख्ने र कोठामा विछ्यौना तयार पारिराख्नू' भनेर गएका थिए । त्यसै विश्वासमा राजा अझै जीवित छन् भनेर ललितपुर-दरबारको एउटा झ्याल खुल्ला राख्ने र कोठामा विछ्यौनासमेत ओछ्याइ-राख्ने चलन अद्यापि छ । योगनरेन्द्र मल्लको मृत्यु वि.सं. १७२६, कार्तिक १६ गते चाँगुमा भएको कुरा तात्कालिक विभिन्न ठ्यासफूहरू र उनैकी छोरी योगमतीको वि.सं. १७७९ को ललितपुर च्यासिङदेवलको अभिलेखबाट पनि बुझ्न सकिन्छ ।

**धर्म र कला-** आफ्ना बाबु-बाजेजस्तै योगनरेन्द्र मल्ल पनि अनेक धर्म र सम्प्रदायमा समान आस्था राख्तथे। मच्छिन्द्रनाथ, तलेजु, हरसिद्धि, बज्रवाराही, पशुपति-सबैमा उनको समान श्रद्धा थियो। उनका विभिन्न मुद्राहरूमा पनि 'लोकनाथ', 'तलेजु सहाय' जस्ता शब्दहरू अङ्कित भएको पाइन्छ। विभिन्न मन्दिरहरू बनाउने तथा जीर्णोद्धार गर्ने काम पनि योगनरेन्द्रले निकै गरेका थिए। वि.सं. १७५८ मा मणिमण्डप बनाएर शक्तिसहितको भैरवको मूर्तिको स्थापना गरेर कोटिहोम पनि गरेका थिए। सो मणिमण्डपमा त्यसवेला मच्छिन्द्रनाथको यात्रा चलाउन मुहूर्त विचार गर्न ज्योतिषीहरू भेला हुने गर्दथे। हिजोआज यसलाई 'साहुपाटी' भन्ने चलन छ। यी राजाले बज्रवाराहीमा विभिन्न मूर्ति चढाए। फर्पिङमा चामुण्डाको मन्दिर बनाएर प्रतिष्ठा गर्दा राजा आफै उपस्थिति भएर देवीलाई सुवर्णसिंहासन पनि चढाएका थिए। ललितपुर-दरबारअगाडिको कार्तिक-नाचलाई बढाएर १ महीनासम्म चलाउने गराएका थिए। ललितपुरको भीमसेन-जात्रा यिनले चलाएका हुन्।

योगनरेन्द्र मल्लका विभिन्न प्रमाणबाट उनको व्यक्तित्वका विभिन्न पक्षबारे बुझ्न सकिन्छ। यिनी सङ्गीतका बडा सोखीन थिए। आफ्नो सिक्कामा समेत 'सङ्गीतार्णवपारग' (सङ्गीतमा पारङ्गत भएका) अङ्कित गराएका छन्। आफ्नो सैनिक बहादुरी देखाउन यिनले 'नेपाल-चुडामणि' पदवी पनि लाएका थिए। वि.सं. १७४८ तिरको एउटा अभिलेखमा त यस्तो समेत उल्लेख छ- "अनेक राजाहरूबाट हात्ती, घोडा आदि कोसेली लिई राजाहरूमा शिरोमणि भइरहनुभएको छ, जीतबाजीसाथ राज्य गरिरहनुभएको वेलामा।" यसको अतिरिक्त योगनरेन्द्र मल्ल सम्पूर्ण शास्त्रको ज्ञाता छु भनेर घमण्ड गर्ने गर्दथे। वि.सं. १७४१ को कीर्तिपुरको एक अभिलेखमा "सारा नीतिशास्त्र, काव्य, व्याकरण, कोष, अलङ्कार, सङ्गीत आदिका सिपालु" भनेर योगनरेन्द्र मल्ललाई सम्बोधन गरिएको छ।

**परिवार-** योगनरेन्द्र मल्ल केही कामुक प्रकृतिका देखिन्छ। उनका धेरै रानीहरू भएको पाइन्छ। उनको मृत्यु हुँदा ३३ जना सतीगएका थिए, जसमध्ये ल्याइते मात्र २४ जना थिए। यिनकी एक छोरी योगमती थिइन् एक छोराको मृत्यु योगनरेन्द्र मल्ल जीवितै छँदा भएको कुराको उल्लेख वंशावलीमा छ। उनको अर्को मठचाहा छोरा महीन्द्र मल्ल पछि ललितपुरका राजा पनि भएका थिए। यति धेर रानीहरू भए पनि राज्यका उत्तराधिकारी छोरा उनका थिएनन्। त्यसैले उनको मृत्युपछि ललितपुरको राजनीतिक परिपाटी नै खलबलिन पुगेको थियो।

## योगनरेन्द्र मल्लपछिको ललितपुरको अवस्था

योगनरेन्द्र मल्लको मृत्यु भएको ६३ वर्षपछि पृथ्वीनारायण शाहले ललितपुर जितेका थिए। यसबीचको ललितपुरको इतिहासलाई दुई भागमा विभाजित गरेर अध्ययन गर्न सकिन्छ। 'सक' र 'ख' गरेर तल यसको वर्णन गरिएको छ।

### (क) योगमतीको भूमिका

वि.सं. १७६२, कार्तिक १६ गते योगनरेन्द्र मल्लको मृत्यु भएपछि ललितपुर राज्यमा सङ्कटको स्थितिको सिर्जना भयो। योगनरेन्द्र मल्लका कुनै उत्तराधिकारी नभएको

हुँदा गद्दीमा कसलाई राख्ने भन्ने सम्बन्धमा खिचोला उठ्न थाल्यो । सबैभन्दा नजीकैको हकदार योगनरेन्द्र मल्लकी छोरी योगमती भएकी हुँदा उनैका छोरा लोकप्रकाश मल्ललाई राजा बनाउने निर्णय गरियो । लोकप्रकाश मल्ल त्यसवेला केवल सात वर्षका थिए र योगमती बीस वर्षकी थिइन् । कुनै एक राज्य कमजोर हुने बित्तिकै अर्को राज्यले त्यसमा आँखा गाड्ने तथा आफ्नो प्रभावमा ल्याउने परम्पारा त्यसवेला निकै प्रचलित थियो । त्यसैले ललितपुरमा सङ्कटको स्थिति देखिने बित्तिकै कान्तिपुरेहरूले राजा लोकप्रकाश मल्ललाई हात लिई ललितपुरमा आफ्नो प्रभाव जमाउने विचार गरे । त्यसवेला कान्तिपुरमा पनि ८ वर्षका बालक भास्कर मल्ल गद्दीनसीन थिए, तर राजमाता भुवनलक्ष्मी निकै शाक्तिशाली थिइन् । उनी बालक राजा र अरू केही व्यक्तिलाई साथमा लिएर ललितपुर पुगिन् र आफ्नो पूर्व योजनाअनुसार लोकप्रकाशलाई कान्तिपुरमानै लाने चेष्टा गर्न थाले । फलस्वरूप ठूलो उत्पात मचियो । योगमतिले भक्तपुरका भूपतीन्द्र मल्लसँग गुहार मागिन् । ललितपुरसँग आफ्नो झगडा चलिरहेको भए पनि यस अवस्थामा कान्तिपुरले त्यहाँ प्रभाव जामाउन खोजेको कुरा भक्तपुरेहरूलाई मनपर्ने कुरै थिएन । त्यसैले भक्तपुरेहरू आई ललितपुरेहरूलाई उठाएर कान्तिपुरेहरूलाई बेसरी चुटाए । सयजनाभन्दा बढी कान्तिपुरेहरू यस काण्डमा मारिए । कान्तिपुरकी राजमाता पनि नजरबन्दमा परिन् । चार दिनपछि मात्र उनलाई छोडियो ।

योगनरेन्द्र मल्लको जुठो उत्रेपछि वि.सं. १७६२ मार्ग १ गते लोकप्रकाश मल्ललाई विधिवत् ललितपुरको राजगद्दीमा राखियो । योगमती राजमाताको स्थानमा रहेर सक्रियतासाथ शासन चलाउन थालिन् । तर राजा भएको एक वर्ष पनि नपुग्दै वि.सं. १७६३ कार्तिक १५ गते बिफर आई लोकप्रकाशको मृत्यु भयो । त्यसपछि योगन्रेन्द्र मल्लका भानिज इन्द्र मल्ल राजा बनाइए । योगमतीको शक्तिमा कुनै कमी आएन । इन्द्र मल्लको शासनकाल दुईवर्ष पाँच महीनजति रह्यो । वि.सं. १७६६ बैशाखमा उनको मृत्यु भयो । इन्द्र मल्लको मृत्यु भएपछि योगनरेन्द्र मल्लका मठचाहा छोरा महीन्द्र मल्ल ललितपुरका राजा बनाइए । ती महीन्द्र मल्लकी आमाको नाम राजेश्वरीदेवी थियो । त्यसवेला यिनीहरू गोरखामा बसेका थिए । उतैबाट नुवाकोटको बाटो महीन्द्र मल्ललाई ललितपुरमा ल्याएको थियो । यसवेला पनि योगमतीको हातमा निकै शक्ति थियो । छोरो लोकप्रकाश तथा भानिज़ भाइ इन्द्र मल्ललाई जस्तै महीन्द्र मल्ललाई पनि योगमतीले आफ्नै संरक्षरत्वमा राखी चौताराहरूको सहयोगले शासन गरिन् । तर योगमतीको यो शासन ६ महीनाभन्दा बढी रहन सकेन । पहिलेदेखि नै भारदारहरूबीच गुटवन्दीको सिर्जना भइसकेको थियो । तर त्यसवेला ललितपुरको राजगद्दीमा योगमतीभन्दा नजीकको हकदार कोही नभएकोले विरोधीहरू त्यसै खुम्चेर बसेका थिए । अब आएर भने महीन्द्र मल्लकी आमा राजेश्वरीदेवी जीवित नै भएकी हुँदा विरोधी पक्ष सक्रिय हुन थाल्यो । आफ्ना छोरा महीन्द्र मल्ललाई लिई योगमतीले राज्य चलाइरहेको राजेश्वरीदेवीलाई पनि मन परेको थिएन । त्यसैले दुई पक्षबीच शासनाधिकार हात लगाउन होड चल्न थाल्यो । मौका पाउनासाथ वि.सं. १७६६ आश्विन १ गते राजेश्वरीदेवीको पक्षले योगमतीलाई कैद गऱ्यो । अब राजेश्वरी राजमाता बनेर शासन गर्न थालिन् । योगमती कैद परे पनि उनको पक्षमा धेरै प्रजाहरू र भारदारहरू थिए । उनीहरूले लगत्तै पछि वीरनसिंहलाई राजा बनाएर प्रतिद्वन्द्वी सरकारको गठन गरे । वीरनरसिंह र योगमतीको नाममा टकसमेत

छापियो । लगभग १ वर्षसम्म यो स्थिति रह्यो । योगमतीको पक्ष मौकाको ताकमा थियो । वि.सं. १७६७ भाद्रमा उनीहरूले दरबारमा हमला गरी राजदरबारभित्र गएर राजा र राजमातालाई थुनेर राखे । अरू राजेश्वरीका समर्थक भने भागेर कान्तिपुर पुगे । पछि राजा महीन्द्र मल्ल पनि ८ महीनासम्म कान्तिपुरमा शरणार्थी भएर बसेका थिए । यसबीचको घटना त्यति स्पष्ट छैन । राजेश्वरी माथि के घटना घटयो, थाहा हुन सकेको छैन । तर योगमतीको उल्लेख भने निकै पछाडिसम्म भएको हुँदा यसवेला योगमतीकै प्रभुत्व जमेको बुझिन्छ । नौ महीनासम्म कान्तिपुरमा बसेर फर्केपछि महीन्द्र मल्ल नै ललितपुरका राजा भए । उनको मृत्युपछि वि.सं. १७७१ मा ऋद्धिनरसिंह मल्ल राजा बनाइए । यिनी योगनरेन्द्र मल्लका भानिजका छोरा (श्रीनिवास मल्लकी छोरी रुद्रमतीका नाति) थिए । यिनलाई योगमतीले नै ल्याएर राजा बनाएको कुरा वंशावलीमा परेको छ । वि.सं. १७७४ जेठमा ऋद्धिनरसिंह मल्लको मृत्यु भएपछि भने ललितपुरको राजगद्दी पूर्ण रूपले खाली भयो । तत्कालै नजीकैको कोही हकदार नभएको हुँदा ललितपुरका प्रजाहरूले कान्तिपुरका राजा भास्कर मल्ललाई नै सिन्दूरजात्रा गरेर ल्याई ललितपरको राजगद्दीमा राखे । यसरी लगभग ५ वर्षसम्म ललितपुर कान्तिपुरकै अधीनस्थ रह्यो । यसवेला पनि योगमतीकै प्रभुत्व जमेको बुझिन्छ । भास्कर मल्लको मृत्युपछि वि.सं. १७७९ भदौतिर योगप्रकाश मल्ल ललितपुरको राजगद्दीमा राखिए । यिनको पालामा पनि योगमतीको महत्त्वपूर्णस्थान भएको पाइन्छ । यसै सालको योगमतीको च्यासिङदेवलको अभिलेखमा त यी राजाको नाम समेत उल्लेख गरिएको छैन । त्यसैले यी राजा पनि योगमतीको हातमा कठपुतली भएको बुझिन्छ । यो माथिको अभिलेखको मितिपछि भने योगमतीको विषयमा कतै उल्लेख पाइँदैन । त्यसवेला उनी केवल ३७/३८ वर्षकी मात्र थिइन् । उनको सो अभिलेखमा केही पछाडि राजा हुने विष्णु मल्ल र उनका पुर्खाहरूको समेत नाम परेको हुँदा कुनै राजनीतिक षड्यन्त्रमा भने योगमती परेकी थिइनन् जस्तो बुझिन्छ । विष्णु मल्ल नातामा पनि योगमतीकी भान्जी दिदीका छोरा थिए । यसर्थ योगमतीको अन्तिम अवस्थाबारे जान्न सकिएको छैन, तर जे भए पनि लामो समयसम्म ललितपुरको राजकाजमा हैकम चलाएर राजाको छनौट गर्ने, आवश्यकपरे कैद, देशनिकाला गर्ने जस्ता अनेक कार्यहरूमा योगमतीको सक्रियता रहेको थियो । त्यसकारण ललितपुरको तात्कालिक इतिहासमा योगमतीको भूमिका विशेष उल्लेखनीय रहेको छ ।

## (ख) ६ प्रधानहरूको भूमिका

योगप्रकाश मल्लको मृत्युपछि विष्णु मल्ल ललितपुरका राजा बनाइए । यिनी योगनरेन्द्र मल्लकी भान्जी पुण्यमतीका छोरा थिए । योगनरेन्द्र मल्लपछि ललितपुरलाई एकपल्ट सङ्गठित पार्ने काममा यी विष्णु मल्ल निकै सक्रिय थिए । तर यिनको अन्तिम समयतिर आएर भने ललितपरमा प्रधानहरूको चकचकी शुरू भएको थियो ।

ललितपुरको इतिहासमा प्रधानहरूको भूमिका अर्को उल्लेखनीय पक्ष हो । वास्तवमा मल्ल कालका सबै राज्यहरूमा मन्त्रीहरू कुनै न कुनै रूपमा सक्रिय नै रहेका हुन्थे । राजाको सहयोगको निम्ति यिनीहरूको नियुक्त हुने गरेको भए पनि वेलावेलामा यिनीहरू शक्ति-प्रदर्शन गरेर निकै उथलपुथल मचाइदिन्थे । राजालाई समेत आफ्नो

नियन्त्रणमा राखेर मन्त्रीहरू सर्वेसर्वा हुने गर्दथे। झन् राजा कमजोर वा नाबालक भएको खण्डमा त यिनीहरूको नै हैकम चल्दथ्यो। शासनाधिकारको निम्ति विभिन्न पक्षबीच मारामार भएका घटनाहरू पनि इतिहासमा निकै पाइन्छन्। त्यसैले मल्लकालका अधिकांश शक्तिशाली मन्त्रीहरूको अन्त अस्वाभाविक मृत्युबाट नै भएको देखिन्छ। तर ललितपुरको स्थिति अर्कै भएको थियो। योगनरेन्द्र मल्लको मृत्युपछि नै भारदारहरू अनेक गुटमा विभाजित थिए। शुरूमा योगमतीले शासनमा अधिकार जमाए पनि एकले अर्को पक्षलाई दबाउने कार्यहरू भइ नै रहे। योगमती पछि भने भारदारहरू निकै शक्तिशाली भएर आए। विष्णु मल्लको अन्तिम समयदेखि नै ललितपुरको शासनमा प्रधानमन्त्रीहरूको हैकम बढ्न थालेको देखिन्छ।

विष्णु मल्लका कुनै सन्तान नभएको हुँदा राज्यप्रकाश मल्ललाई उनले उत्तराधिकारी नियुक्त गरेका थिए। त्यसैले विष्णु मल्लको मृत्युपछि वि.सं. १८०२ श्रावणतिर राज्यप्रकाश मल्ल ललितपुरका राजा बनाइए। ती राज्यप्रकाश मल्ल कान्तिपुरका राजा जयप्रकाश मल्लका भाइ थिए। दाजुसँग मेल नहुँदा यिनी विष्णु मल्लको शरणमा आएका थिए। त्यस वेलासम्ममा पृथ्वीनारायण शाहले नुवाकोटमा विजय गरिसकेका थिए। त्यसकारण उपत्यकाको नुवाकोट भई तिब्बत व्यापार गर्ने मार्ग बन्द भइसकेको थियो। साथै, गोरखाको उपत्यका वरपरको क्षेत्रमा नियन्त्रण गर्ने प्रक्रिया चलिरहेको थियो। त्यसैले राज्यप्रकाश मल्ले गोरखासँग सम्बन्ध गाँस्ने प्रयत्न गरेको देखिन्छ। "गोरखा र ललितपुर पहिलेदेखि नै एक घर चित्त भई मिली रहेका हुन्, हामीले परस्परको राज्य मिची खानु छैन" भन्ने भाखा पारी गोरखाका काजी कालु पाण्डेलाई वि.सं. १८०४ मा पत्र लेखका थिए। राज्यप्रकाश मल्लको पालामा वि.सं. १८१४, जेठ १९ गते शनिवार पृथ्वीनारायण शाहले कीर्तिपुरमा पहिलो आक्रमण गरेका थिए। तर यसवेला उपत्यकाका तीनै राजाहरूबीच मेल भएको हुँदा कीर्तिपुरको रक्षार्थ सबै राजाहरू सङ्गठित भए। कान्तिपुरका जयप्रकाश मल्ल र ललितपुरका राज्यप्रकाश मल्ल स्वयं लड्न पनि गएका थिए। फलस्वरूप गोरखालीहरूको ज्यादै नराम्रोसँग हार भयो। गोरखाली वीर कालु पाण्डे लगायत अन्य ठूला-ठूला भारदारहरू समेत गरेर चारसयभन्दा बढी गोरखालीहरू सो युद्धमा मरे। यसरी राज्यप्रकाश मल्लको पालाको यो एउटा उल्लेखनीय घटना थियो। तर पछि प्रधानहरूसँग यिनको मेल नभएको हुँदा यिनको दुःखद अन्त भयो। प्रधानहरूले यिनका आँखा फोरिदिए। यसैको पीरबाट वि.सं. १८१५, असोजतिर यिनको मृत्यु भयो। यिनको मृत्यु भएकै दिन भिंख्वाल धनकाजीले १८ वर्षका विश्वजित् मल्ललाई ल्याएर राजा बनाए। विश्वजित् मल्लको शासनकाल दुई वर्षजति मात्र रह्यो; प्रेमकाण्डमा परेर यिनको मृत्यु भयो। एक वंशावलीअनुसार कालिदास काजी (प्रधान) की छोरी मैजुथकुको विवाह चाकुबहाल काजीको छोरासँग भएको थियो। तर विश्वजित मल्लले त्यसलाई ल्याएर स्वास्नी बनाएका थिए। त्यसैको रिसमा मैजुथकुको लोग्ने र सालो मिलेर आई दरबारभित्र पसेर तलेजुमा विश्वजित् मल्ललाई काटेका थिए। कतैकतै भने 'स्वयं एक काजीकी पत्नी विश्वजित् मल्लले राखेका हुँदा त्यसबेलाको जार काट्ने परम्पराअनुसार नै उक्त प्रधानले विश्वजित् मल्ललाई काटेका' भन्ने उल्लेख भएको पाइन्छ। जे भए पनि यी विश्वजित् मल्ल प्रेमकाण्डमा परेर मरेको भने सत्य देखिन्छ।

यसवेला ललितपुरका प्रधानहरूको कान्तिपुरका जयप्रकाश मल्लसँग राम्रो सम्बन्ध थिएन । आफ्ना भाइ राज्यप्रकाशको आँखा फोडेको झोकमा जयप्रकाश मल्ल ललितपुरका प्रधानहरूसँग रिसाइरहेका थिए । त्यसैले ललितपुरका प्रधानहरूले जयप्रकाश मल्ललाई खुशी पार्न विश्वजित् मल्लपछि उनैलाई राजा बनाए । वि.सं. १८१७, पौषतिर जयप्रकाश मल्ल ललितपुरमा राजा भएका थिए । तर यी राजा केही कडा स्वभावका भएका हुँदा प्रधानहरूसँग मेल हुन सकेन । भित्रभित्रै प्रधानहरू यिनको विरोधमा सङ्गठित भइरहेका थिए । त्यसैले डेढ वर्षपछि वि.सं. १८१९, जेठतिर टेकुदोभानमा नुहाउन गएको वेलामा त्यतैतिरबाट यिनी लखेटिए । त्यसपछि । प्रधानहरूले भक्तपुरका राजा रणजित् मल्ललाई ल्याएर राजा बनाए । रणजित् मल्ल अनुभवी शासक थिए । उनी चालीस वर्षपहिले देखि भक्तपुरको शासन चलाइरहेका थिए । त्यसैले प्रधानहरूको मनोमानीबाट ललितपुरको राजकाजको व्यवस्था निकै विग्रेको देखेर उनले केही नियम बनाइदिए । यस नियममा 'राजा, भारदार र प्रजा तीन पक्ष मिलेर मात्र दण्ड-सजाय गर्ने, भनेर प्रजाहरूलाई विशेष अधिकार प्रदान गरिएको थियो । तर धेरै कालदेखि हैकम चलाई आएका प्रधानहरूलाई तीन पक्ष मिली राजकाल चलाउने नियम मन परेन । त्यसैले एक वर्षभन्दा बढी उनी त्यहाँ टिक्न सकेनन् । शङ्खमूलतिर श्राद्ध गर्न गएको बेलामा प्रधानहरूले त्यतैतिरबाट यिनलाई लखेटिदिए । प्रधानहरूले रणजित् मल्ललाई लखेट्को अर्को कारण पनि थियो । आफ्नो अपमान गरेर रणजित् मल्ललाई राजा बनाएको हुँदा कान्तिपुरका राजा जयप्रकाश मल्ल प्रधानहरूसंग बदला लिने ताकमा लागेका थिए । त्यसैले रणजित् मल्ललाई हटाएर जयप्रकाश मल्ललाई नै फेरि राजा बनाउने निर्णय यी प्रधानहरूले गरे । प्रधानहरूले कान्तिपुर गएर राजा भन्न लायक तपाई बाहेक कोही छैन' भनेर जयप्रकाश मल्ललाई फेरि ललितपुरको राजा हुन निम्त्याए । यस वेलासम्ममा उपत्यकामा निकै सङ्कट उत्पन्न भइसकेको थियो । उपत्यकाबाट बाहिर जाने सम्पूर्ण मार्गहरू गोररखाको नियन्त्रणमा आइसकेका थिए । बाहिरबाट कुनै पनि सामान आउन नसकेकोले उपत्यकामा हाहाकार उत्पन्न भएको थियो । त्यसैले ललितपुरका प्रधानहरू गोरखातिर ढल्कन थालेका थिए । स्वयं पृथ्वीनानरायण शाहलाई नै राजा बनाए ललितपुर राज्य यो आर्थिक सङ्कटबाट मुक्त हुन सक्थ्यो भन्ने विचार प्रधानहरूको थियो । त्यसैले राजा भएको लगभग छ महीनापछि नै प्रधानहरू जयप्रकाश मल्ललाई लखेट्ने मौका खोज्न थाले । यो थाहा पाएर जयप्रकाश मल्लले ललितपुरका प्रधानहरूसँग बदला लिने विचार गरे । पछि जरुरी सरसल्लाह गर्ने निहुँमा सबै प्रधानहरूलाई कान्तिपुरमा बोलाएर कसैलाई गुप्त रूपले मारे तथा कसैलाई आइमाईका थोत्राथोत्रा कपडा लगाइ दिएर शहरको परिक्रमा गराए । भिंख्वाल धनकाजी भने आत्महत्या गरेर मऱ्यो ।

यसरी जयप्रकाश मल्लले आफ्नो अपमान गरेको तथा आफ्ना केही प्रधानहरूलाई मारेको झोंकमा अरु ललितपुरका प्रधानहरूले पृथ्वीनारायण शाहलाई नै राजा हुन निम्त्याए । तर पृथ्वीनारायण शाह यी प्रधानहरूको स्वभावदेखि अपरिचित थिएनन् । त्यसैले उनले आफ्नो छापचिन्ह दिएर भाइ दलमर्दन शाहलाई ललितपुर पठाए । दलमर्दन शाहको जीउ-ज्यानको सुरक्षाको निम्ति प्रधानहरूका एक-एक भाइ छोराहरू गोरखा लगिएका थिए । यसरी पूर्ण सुरक्षा साथ वि.सं. १८२०, फाल्गुन ९ गते दलमर्दन शाह पृथ्वीनारायण शाहको प्रतिनिधिको रूपमा ललितपुरका शासक नियुक्त भए । ललितपुरमा

बसेर दलमर्दन शाह यताको गतिविधि पृथ्वीनारायण शाहलाई अवगत गराउन थाले। यिनकै समयमा पृथ्वीनारायण शाहले कीर्तिपुरमा दोस्रो आक्रमण गरे। कीर्तिपुर ललितपुर राज्यअन्तर्गत नै पर्दथ्यो, तर दलमर्दन शाहले यसमा कुनै चाख देखाउने कुरै थिएन; कान्तिपुर र भक्तपुर पनि तटस्थ नै रहे। कीर्तिपुरेकै वीरताबाट यसपल्ट पनि गोर्खालीको हार त भयो, तर त्यसपछि वि.सं. १८२२, चैत्र ३ गते बुधवारको आक्रमणमा भने कीर्तिपुरको हार भयो। यसपल्ट पनि कीर्तिपुरेले उपत्यकाको कुनै पनि राज्यबाट गुहार पाएन। यसरी दलमर्दन शाह ललितपुरका राजा भएबाट एकीकरणको अभियानमा ठूलो फाइदा भयो तर यो कीर्तिपुरको विजयको साथसाथै दलमर्दन शाह पनि ललितपुरमा कैद भए। वास्तवमा 'गोरखासँग सम्पर्क बढेपछि ललितपुरमा नून, तेल, कपास आदि सङ्कट पर्नेछैन, ललितपुरले व्यापारको सहुलियत पाउनेछ' भन्ने सोचाइ यी प्रधानहरूको थियो, तर उनीहरूको इच्छा पूर्ण भएन। त्यसैले उनीहरूले दलमर्दन शाहलाई कैद गरे। निकै पछि मात्र उनी कैदबाट भागेर पृथ्वीनारायण शाहसँग मिल्न गएका थिए।

दलमर्दन शाह पदच्युत गरिएको केही समयपछि प्रधानहरूले एक व्यापारी तेजनरसिंह मल्ललाई ललितपुरको राजा बनाए। यिनी वि.सं. १८२२ को शुरूतिरै ललितपुरको गद्दीमा बसेका थिए। यस बेलासम्ममा उपत्यकामा निकै आर्थिक सङ्कट उत्पन्न भएर हाहाकार मचिसकेको थियो। आपसमा मेल नभएको हुँदा उपत्यकाका मल्ल राजाहरूले सङ्गठित भएर गोरखाको विरोधमा लड्ने शक्ति जुटाउन सकेनन्। फलतः उपत्यकाका धनीमानीवर्गहरू भित्रभित्रै पृथ्वीनारायण शाहसँग मिल्न थालेका थिए। त्यसैले यी तेजनरसिंह मल्ल केवल गद्दीको शोभा मात्र बनेका थिए।

वि.सं. १८२५, असोज १३ गते पृथ्वीनारायण शाहले कान्तिपुर-विजय गरेपछि जयप्रकाश मल्ल भागेर ललितपुर आइपुगे। यता प्रधानहरू भने पृथ्वीनारायण शाहको डरले आत्मसमर्पण गर्ने याजनामा थिए। सो थाहा पाएर जयप्रकाश मल्ल र तेजनरसिंह मल्ल भक्तपुरतर्फ लागे। अर्को वर्ष पृथ्वीनारायण शाहले भक्तपुर-विजय गरेपछि तेजनरसिंह मल्ल कैदमा परे र त्यहीं उनको मृत्यु पनि भयो। कान्तिपुर-विजय गरेको ११ दिनपछि नै प्रधानहरूले आत्मसर्मण गरेका हुँदा वि.सं. १८२५ असोज २४ गते ललितपुरमा पृथ्वीनारायण शाहको विजय भयो। पृथ्वीनारायण शाहले अवीरयात्रा गरेर ललितपुर शहरको परिक्रमा गरे। अवीरयात्रा गरेर ललितपुरबाट कान्तिपुर तर्फ फर्कँदा बाटामा प्रधानहरूसँग खटपट पर्दा सबैलाई पृथ्वीनारायण शाहले क़ैद गर्न लगाए।

यसरी मल्लकालीन उपत्यकाको इतिहासमा ललितपुरका प्रधानहरूको भूमिका निकै उल्लेखनीय रह्यो। वास्तवमा आफै राजा छान्ने, मन नपरे मार्ने, पदच्युत गर्ने तथा कैद गर्नेजस्ता कार्यहरू गरेर ललितपुरका प्रधानहरूले २५ वर्षभन्दा बढी समयसम्म त्यहाँ अराजकताको स्थितिको सिर्जना गरे। ललितपुरको यस स्थितिले पूरै ललितपुर उपत्यकालाई प्रभावित पाऱ्यो। कहिले कान्तिपुरका राजालाई गद्दीमा राखेर भक्तपुरलाई भड्काउने, कहिले भक्तपुरका राजालाई बोलाएर कान्तिपुरलाई भडकाउने तथा कहिले यी दुवैका विरुद्ध गारेखासँग मिल्न खोज्ने जस्ता कार्यहरू भएका हुँदा मल्ल राजाहरूमा मेल हुन नसकक्ने स्थितिको वृद्धि हुँदै गयो। यसरी मल्लहरूको पतनमा ललितपुरका प्रधानहरूको चकचकी पनि एउटा कारण बन्न गएको देखिन्छ।

# भक्तपुरको इतिहास

## राय मल्ल

राय मल्ल यक्ष मल्लका जेठा छोरा थिए । बाबुको मृत्युपछि यिनी उपत्यकाको पैतृक राजगद्दीमा बसेका थिए । यिनैको पालामा विशाल मल्लराज्य टुक्रेर विभिन्न राज्यहरूमा परिणत भएको थियो ।

**राज्यारोहण-** वि.सं. १५३८ को अन्ततिर बाबुको मृत्युपछि राय मल्ल पैतृक मल्ल-राजद्दीमा बसे तापनि सजिलैसित राजगद्दीम अधिरकार जमाउन सकेका भने होइनन् । यक्ष मल्लका विभिन्न रानीहरूबाट धेरै छोराहरू थिए र उनको अन्तिम समयतिर सबै समर्थ भैसकेका थिए । सवै महत्त्वाकांक्षी भएको हुँदा राज्य हत्याउन सवै लालायित बनेका थिए । सबै छोराहरूमध्ये माहिला रत्न मल्ल विशेष महत्त्वाकांक्षी भएका हुँदा मल्ल-राजगद्दी हात लगाउन उनी विशेष आतुर थिए । जेठा दाजुलाई उछिनेर राज्य हत्याउन खोज्नु अनौठो जस्तो लाग्छ, तर त्यसताका राजाहरूका छोराहरूमा जेठा मात्र गद्दीका हकदार हुन्छन् भन्ने निश्चित नियम थिएन । जेठो छोरो गद्दीमा बसे पनि सबै भाइहरूले मिलेर संयुक्त रूपले शासन चलाउने परिपाटी थियो । यसकारण राजाका छोराहरूमा जो बाठा हुन्थे, उनी अधिकार एकलौटी पार्ने चेष्टा गर्थे । गृहकलहको मूल कारण यही हुन्थ्यो, त्यसैले राय मल्लको पक्ष कुनै पनि उपायले राजगद्दी हात लगाउने ताकमा थियो । फलस्वरूप जेठा राय मल्लको समूहले वृद्ध राजा यक्ष मल्ललाई राय मल्लको पक्षमा राज्य छोड्न कर गर्न थालेको बुझिन्छ । वंशावलीअनुसार यक्ष मल्लले राय मल्ललाई राज्यतिलक दिन आँटेका पनि थिए, तर रत्न मल्लको समूहले विरोध प्रकट गरेको हुँदा राय मल्लको इच्छा पूरा हुन सकेन । यक्ष मल्ल जीवित छउञ्जेल सबै भाइहरू र भानिजको समेत संयुक्त शासन चल्यो । यक्ष मल्लको मृत्युपछि राय मल्ल नै गद्दीमा बसे पनि सबै भाइहरूको संयुक्त शासन नै कायम थियो ।

इटालियन विद्वान् लुसियानो पेटेकले राय मल्लले बाबुसँग विद्रोह गरेर राज्य हात पार्न खोजेको तर्क पेश गरेका छन् । वि.सं. १५१९ मा लेखिएको स्वरोदयदशा नामको हस्तलिखित ग्रन्थमा "राजाधिराजपरमभट्टारकश्रीश्रीरायमल्लदेवस्य विजयराज्य" भनेर राय मल्ललाई पूर्ण राजकीय सम्मान व्यक्त गरिएको छ । यसैको आधारमा पेटेकले विद्रोहको सङ्केत गरेका हुन् । तर सोही साल र त्यसपछिका प्रमाणहरूबाट पनि यक्ष मल्लको सत्तामा कुनै गडबडी भएको सङ्केत पाइँदैन । कुनै मणिराज भारो नामक व्यक्तिले राय मल्ललाई खुशी पार्न यस किसिमको उल्लेख गरेको अनुमान हुन्छ । राय मल्ल त्यति शक्तिशाली भएका भए उनकै शासनकालमा मल्ल राज्य टुक्रने थिएन ।

राय मल्ल कमजोर प्रकृतिका राजा थिए । पैतृक राजगद्दीमा बस्न पाए पनि आफ्नो राज्यलाई थामिराख्न सक्ने क्षमता भने उनमा थिएन । शरूदेखि नै यिनको आफ्ना भाइहरूसँग मनोमालिन्य बढेको थियो । राजा भएपछि त यो झन् चर्कँदै गयो । उनको अन्तिम समयसम्म पनि भाइहरूसँगको यो झगडा मिल्न सकेको थिएन । भाइहरूकै महत्त्वाकांक्षी स्वभावले गर्दा विशाल मल्लराज्य अनेक टुक्रामा विभाजित भएको थियो । वि.सं. १५४१ मा रत्न मल्लले कान्तिपुर टुक्र्याएर छुट्टै राज्यको स्थापना गरे । यसमा राय मल्लले केही गर्न सकेनन् । त्यसपछि नुवाकोट, ललितपुर आदि क्षेत्र पनि भक्तपुरबाट छुटाएर रत्न मल्लले कान्तिपुरमा गाभे । ललितपुरमा रत्न मल्लको अधिकार जम्नेबित्तिकै कीर्तिपुर, फर्पिङ आदि क्षेत्र पनि स्वतः कान्तिपुरभित्र पर्न गए । त्यसमा पनि राय मल्लले केही गर्न सकेनन् । शुरूमा रत्नमल्लसँग भाइ अरि मल्ल मात्र थिए, तर पछि रत्न मल्लले अरु भाइहरू र भाजिन भीम मल्ललाई समेत आफ्नो पक्षमा मिलाए । रण मल्ललाई उक्साएर बनेपाका सातगाउँ (धुलिखेल, चौकोट, पनौती, खड्पु बनेपा, नाला र साँगा) को राजा बनाए ।

यसरी राज्य टुक्रेर गएको राय मल्ललाई मन पर्ने कुरा थिएन । तर उनले कुनै कडा कारबाई गर्न सकेनन्, खाली विरोध मात्र प्रकट गरिरहे । उनले ती राज्यहरूलाई स्वतन्त्र राज्यको रूपमा मान्यता पनि दिएनन् । राय मल्लले सधैं "हामी सबै भाइहरूको संयुक्त शासन हो" भन्ने नै व्यक्त गरिरहे । राय मल्लद्वारा स्थापित, भक्तपुरमा पाइएका वि.सं. १५६१ सम्मका अभिलेखहरूमा पनि राय मल्ल, रत्न मल्ल, रण मल्ल, आदि भाइहरू तथा भानिज भीम मल्लको समेत समेत संयुक्त शासन भएको व्यक्त गरिएको छ । यसबाट कान्तिपुर आदि राज्यहरू स्वतन्त्र थिएनन् कि जस्तो देखिन्छ । तर वास्तविक कुरा भने अर्कै थियो । शुरूदेखि नै राय मल्लको भाइसँग मेलमिलाप भएन । रत्न मल्लहरूद्वारा स्थापित कुनै पनि स्रोतमा राय मल्लको नामको उल्लेख गरिएको छैन । वि.सं. १५५१ को भाद्रतिरको राय मल्लको यक्षेश्वर-मन्दिरको अभिलेखमा 'यहाँ राजाहरूमा परस्परमा कलह भई तल-माथि हार-जीत हुन गयो भनेपनि मन्दिरको पूजाआजको व्यवस्थामा तल-माथि नगर्ने' भन्ने कुरो परेको छ । यसबाट परोक्ष रूपमा आपसमा झगडा चलिरहेको चर्चा राय मल्लले गरेका छन् । यस समयताका भक्तपुरमा राय मल्ल, राम मल्ल र पूर्ण मल्ल मात्र रहेका थिए । यसको अर्को वर्ष वि.सं. १५५२ को पशुपतिको ताम्रपत्रबाट त स्पष्ट रूपले यिनीहरूको झगडाबारे बुझ्न सकिन्छ । सो ताम्रपत्र रत्न मल्ल, रण मल्ल, अरि मल्ल र भीम मल्ल (भानिज) द्वारा राय मल्ल र भक्तपुरमा बस्ने अरू भाइहरूको विरोधमा एकजुट हुन धर्म भाकी स्थापित भएको हो । सो ताम्रपत्रमा "अहिलेसम्म आफ्नो-आफ्नो मानी समर्थन गरी आएजति कान्तिपुर आदि तीनै देशले तल-माथि नगर्ने, भक्तपुरमा बस्ने राय मल्ल र अरूसँग कुनै कुरा नगर्ने, गर्नुपरे पनि सामूहिक रूपमा गर्ने" भन्ने कुरो परेको छ । यसै अभिलेखबाट भक्तपुरले कान्तिपुर तथा ललितपुरलाई आगो-पानी बन्द गर्ने तथा राँगो लगाएर लखेट्ने पनि गर्दथ्यो भन्ने बुझिन्छ । राय मल्लको अन्तिम अवस्थातिर त यिनीहरूको झन् ज्यादै नराम्रो थियो । मरन-परनमा समेत एक-अर्कोले वास्ता गर्न छोडेका थिए । वि.सं. १५६६ मार्गतिर राय मल्लको मृत्यु भयो । परम्परानुसार उनको अग्निसंस्कार देउपाटनमा गर्न

खोजियो । तर देउपाटन रत्न मल्लको राज्यक्षेत्रमा पर्ने हुँदा उनले दाजुको लाशको दाहसंस्कार गर्ने स्वीकृति दिएनन् । पछि शङ्खमूलमा लगेर दाहसंस्कार गरियो ।

यसरी राय मल्लको कमजोरीले गर्दा उनी राजगद्दीमा बसेताकाको विशाल मल्ल राज्य उनी मर्दा सानो भक्तपुर-राज्यमा परिणत भएको थियो । वि.सं. १५६६, मार्गतिर उनको मृत्यु भएको हुँदा यिनले २८ वर्षसम्म भक्तपुरको शासन चलाएको देखिन्छ ।

## जगज्ज्योति मल्ल

जगज्ज्योति मल्ल त्रैलोक्य मल्लका छोरा थिए । आफ्ना बाबुको शेषपछि वि.सं. १६७० तिर यिनी भक्तपुरको राजगद्दीमा बसेका थिए ।

जगज्ज्योति मल्ल राजगद्दीमा बसेताका कान्तिपुरमा शिवसिंह मल्लको शासन कायम थियो । यी शिवसिंह मल्ल विजिगिषु स्वभावका हुँदा यिनले धेरै प्रदेशहरू जितेर कान्तिपुरमा गाभेका थिए । ललितपुरसमेत त्यसवेला कान्तिपुरको अधिनमा थियो । तर जगज्ज्योति मल्ल भक्तपुरको राजगद्दीमा बसेको वेलामा शिवसिंह मल्ल केही वृद्ध भइसकेका थिए र उनको विजय भएको क्षेत्रमापनि भारदारहरू टाउको उठाउन थालिसकेका थिए । वि.सं.१६७५ तिर ललितपुर स्वतन्त्र बनाएर सिद्धिनरसिंह मल्ल राजा बनाइए भने कान्तिपुरमा पनि लक्ष्मीनरसिंह मल्लले बाजे शिवसिंह मल्लको जीवनकालमा नै कान्तिपुरको राज्य हात लगाए । वि.सं. १६७७ को वैशाखतिर शिवसिंह मल्ल मरेपछि एकपल्ट उपत्यकामा झगडा शुरू भयो । वास्तवमा कान्तिपुरमा मिलिसकेको ललितपुर फेरि स्वतन्त्र भएको कान्तिपुरेलाई मन परेको थिएन त्यसैले शिवसिंह मर्ने बित्तिकै कान्तिपुरेले यसम विरोध प्रकट गऱ्यो । युद्ध हुने छाँट देख्नेबित्तिकै जगज्ज्योति मल्लले सिद्धिनरसिंह मल्लको पक्ष लिइदिए । दुवै राज्यका सेनाहरूले कान्तिपुर शहरमा घेरावन्दी गरे । आवत-जावतका सम्पूर्ण मार्गहरू बन्द भएका हुँदा शहरभित्र रहेका कान्तिपुरेहरू निकै सङ्कटमा परे । फलस्वरूप कान्तिपुरका राजा लक्ष्मीनरसिंह मल्ले सिद्धिनरसिंह मल्लसँग एकानी शत्रु एकानी मित्रको सन्धि गरे । त्यसपछि मात्र घेराबन्दी तोडियो । यस घटनापछि जगज्जयोति मल्लको समयमा कुनै झैझगडाको घटना भएको देखिंदैन । वास्तवमा यसवेला उपत्यकाका तीनै मल्लराजाहरू शान्त प्रकृतिका भएका हुँदा र धर्मकर्ममा मात्र विशेष मात्रामा ध्यान दिइरहेका हुँदा उपत्यकामा शान्ति कायम भएको पाइन्छ ।

भक्तपुरको इतिहासमा जगज्ज्योति मल्लको ख्याति बेग्लै चरित्रको रूपमा छ । यिनी कवि तथा सङ्गीतकार थिए । यिनको पालामा लेखिएका धेरै ग्रन्थहरू उपलब्ध छन् । यिनले सङ्गीतसार-सङ्ग्रह, दशावतार-नृत्यम्, गीत-पञ्चाशिका, सङ्गीत-भास्कर, सङ्गीतचन्द्र, गति, दिगम्बर आदि केही नाटक लेखेर मञ्चन पनि गराएका थिए । यिनी आफै अभिनय पनि गर्थे । उनका नाटकहरूमा हरगौरीविवाह तथा कुञ्जविहारी नाटक विशेष उत्कृष्ट मानिन्छन् । सिल्भाँ लेभीको वर्णन अनुसार यी दुवै ग्रन्थहरू संस्कृत-साहित्यमा महाकवि कालिदास र भवभूतिका समान उत्कृट छन् । हरगौरी-विवाह नाटकमा शिव र पार्वतीको विवाहबारे वर्णन गरिएको छ भने कुञ्जविहारी नाटक कृष्ण र राधाको प्रेमप्रसङ्गमा आधारित छ । यिनले लेखेको नरपति-जयचर्चास्वरोदयटीकामा यक्ष मल्लको दिग्विजय

तथा मल्लहरूको वंशावलीको उल्लेख भएको छ। यिनका धेरैजसो ग्रन्थहरू मैथिलीभाषामा लेखिएका छन्। संस्कृत तथा नेवारी भाषामा पनि उनको समान दखल थियो। साथै यिनको महत्त्व उपत्यकामा नेपालीभाषाको परिचय गराउने राजाको रूपमा पनि छ। यिनले अनन्तलिङ्गेश्वरको मठका जङ्गम महन्तलाई पूजा गर्नको लागि केही जग्गा गुठी राखिदिएको वि.सं. १६८९ को सामग्री नेपालीभाषामा लेखिएको छ। दैवज्ञ शिवनारायणले तयार पारेको सो अभिलेख हालसम्म नेपाल उपत्यकामा पाइएको नेपालीभाषाको पहिलो उदाहरण बनेको छ।

निर्माणकार्यमा पनि यिनिको केही योगदान पाइन्छ। वि.सं. १६८७ मा ६ महीना लगाएर यिनले ठूलो पोखरी बनाई भवानीलाई चढाएका थिए। यही पोखरी तवपोखरी (ठूलो पोखरी) नामले प्रसिद्ध थियो। पोखरी बनाएर बीचमा स्तम्भ ढालेर नागको सुनको टाउको बनाइएको थियो। यसको अतिरिक्त जगज्ज्योति मल्लले क्वथुबहिल भक्तपुरमा हनुमान्को स्थापना तथा नासमनाटोलमा नृत्यनाथ र मङ्गलेश्वर महादेवको स्थापना गरे। दरबारको छेउमा एउटा सतल समेत यिनले बनएको मानिन्छ। भक्तपुरको तुलजा भवानीको मन्दिरमा आफ्नो र परिवारको सालिक बनाएर राखेका थिए। चाँगुनारायणमा पनि यिनले निकै चाँदीका भाँडाकुँडाहरू बनाएर चढाएका थिए। भक्तपुरक्षेत्रमा नभएर कान्तिपुरको दरबार-क्षेत्रमा विष्णुको तीनतले देवल तथा ललितपुरकोदरबारभित्र पनि सन्तानेश्वर महादेवकोस्थापना गरेका थिए।

सूर्यविक्रम ज्ञवालीले जगज्ज्योति मल्लले भक्तपुरमा विस्केट जात्रा शुरू गरेको वर्णन गरेका छन्। प्रत्येक वर्ष नयाँ वर्ष शुरू भएको दिन (बैशाख १ गते) यो जात्रा गरिन्छ। ठिमीमा पनि उनैले यो जात्रा चलाएको भन्ने उल्लेख वंशावलीमा छ। वंशावलीअनुसार नै उनको पालामा काठमाडौं उपत्यकामा मकैको खेती गर्न खोजिएको थियो, तर त्यसलाई सबै किसानले अशुभ मानेर फर्काइदिए। धानको उत्पादन नै अत्याधिक हुने हुँदा मकैको खेती गर्न किसानहरूले नरुचाएको देखिन्छ। वंशीवलीअनुसार यिनले चण्डालकी छोरीलाई कुमारी मानेर पूजा गर्ने परम्परा चलाए। वंशावलीमा दिइएको वर्णनअनुसार यी राजा तुलजा भवानीसँग पासा खेल्ने गर्थे। तर एकपल्ट कसैले चियो गर्दा भवानी लुप्त भइन् र सपनामा राजालाई 'मेरा बदलामा शुभ मुहूर्तमा चण्डालकी छोरी ल्याई आह्वान गरी पूजा गर्नु, म त्यसैमा लीन हुन्छु' भनेकीहुँदा राजाले यो परम्परा बसालेका थिए।

वि.सं. १६९३ सम्म यी राजाको शासन कायम भएको पाइन्छ। यसरी लगभग २३ वर्षसम्म यिनले शासन चलाएको बुझिन्छ।

## नरेश मल्ल

बाबु जगज्ज्योति मल्लको अवसानपछि नरेश मल्ल वि.सं. १६९१-९२ तिर भक्तपुरको राजगद्दीमा बसे। यिनको कार्यकाल ज्यादै छोटो रहेको देखिन्छ। त्यसैले सूर्यविक्रम ज्ञवालीले त नरेश मल्ल नामको कुनै राजा नै नभएकोसम्म पनि भनेका छन्। प्रताप मल्लको हनुमान् ढोकाको अभिलेखमा उल्लेख भएको भक्तग्रामनरेशमल्लनृपतिलाई सूर्यविक्रम ज्ञवालीले (भक्तग्रामका नरेश, मल्ल राजा) भन्ने अर्थ गरेर 'नरेश शब्दले नाम

नबुझाएर राजा भन्ने अर्थ बुझाउँछ; तसर्थ नरेश मल्ल भन्ने कुनै राजा नै भएका थिएनन्' भन्ने व्यक्त गरेका छन् । तर अरू पनि विभिन्न प्रमाणहरू पाइएका हुँदा नरेश मल्ल राजा भएनन् भन्ने तर्क अमान्य बन्न पुगेको छ । केही वंशावलीहरूले भने नरशे मल्ललाई नरेन्द्र मल्ल पनि लेखेका छन् ।

नरेश मल्ल राजगद्दीमा बसेताका कान्तिपुरमा लक्ष्मीनरसिंह मल्ल र ललितपुरमा सिद्धिनरसिंह मल्लको शासन कायम थियो । यी दुवै राजाहरूसँग नरेश मल्लको राम्रै सम्बन्ध थियो । वि.सं. १६९८ मा कान्तिपुरमा प्रताप मल्लले भीम मल्लको सहयोग लिएर राजा लक्ष्मीनरसिंह मल्ललाई कैद गरेपछि नरेश मल्लको कान्तिपुरसँग त्यति राम्रो सम्बन्ध नभएको बुझिन्छ । प्रताप मल्लले आफ्नो हनुमानढोकाको अभिलेखमा आफूले भक्तपुरमा आक्रमण गरेको र त्यहाँका शासक नरेश मल्लले आफूलाई हात्ती चढाएको कुराको उल्लेख गरेका छन् । यसबाट नरेश मल्लले प्रताप मल्लको आक्रमणको सामना गर्न नसकी हात्ती दिएर सम्झौता गरेको बुझिन्छ ।

नरेश मल्लको विषयमा विशेष कुरा केही पनि थाहा पाइएको छैन । उनको भक्तपुरको तलेजु-मन्दिरको अभिलेखबाट उनले तलेजु-मन्दिरको मूलढोकामाथि दुइटा सुनको झ्याल बनाएको थाहा हुन्छ । त्यस्तै, तलेजु मन्दिरको ढोकाको छेउको लक्ष्मीको मूर्ति र बोडेको कालिका मन्दिर पनि यिनैको पालामा स्थापित भएको बुझिन्छ ।

वि.सं. १७००, आश्विन महीनातिर नरेश मल्लको मृत्यु भएको बुझिन्छ ।

## जगत्प्रकाश मल्ल

जगत्प्रकाश मल्ल नरेन्द्र मल्लका छोरा थिए । यिनको जन्म वि.सं. १६९५ मार्ग २५ गते भएको थियो । बाबु नरेश मल्लको वि.सं. १७००, असोजतिर मृत्यु भएपछि यिनी भक्तपुरको राजगद्दीमा बसेका थिए । त्यसवेला राजा केवल पाँच वर्षका थिए ।

जगत्प्रकाश मल्ल भक्तपुरको राजा भएताका कान्तिपुरमा प्रताप मल्ल तथा ललितपुरमा सिद्धिनरसिंह मल्लजस्ता शक्तिशाली र प्रभावशाली राजाहरूको शासन कायम थियो । प्रताप मल्ल उपत्यकाको एकीकरण गरेर एउटै मल्लराज्य स्थापित गर्ने ताकमा थिए भने सिद्धिनरसिंह मल्ल गोरखासँग सम्बन्ध गाँसेर मजबूत अवस्थामा बसेका थिए । उनका छोरा श्रीनिवास मल्ल समेत बाबुलाई शासनमा सघाउन थालिसकेका थिए । छिमेकका दुवै राज्यहरूको यो स्थिति हुँदा भक्तपुरमा पाँच वर्षका ती बालक राजाबाट सिंहासनको शोभा बढाउनु सिवाय अरू कुनै काम हुन सक्तैनथ्यो । त्यसैले राज्य अरूले नै चलाइदिनु पर्थ्यो; तैपनि जगत्प्रकाश मल्लको शासनको शुरूतिर कतैतिरबाट भक्तपुरमा आक्रमण भएको देखिंदैन । बाबु नरेश मल्लको पालामा प्रताप मल्लले भक्तपुरमा आक्रमण गरेर कायल पारेका थिए । वास्तवमा त्यसवेला प्रताप मल्लको सहयोग गर्ने काजी भीम मल्ल थिए । जगत्प्रकाश मल्ल राजा भएताका यी भीम मल्लले धेरै ठाउँहरूमा अधिकार कायम गरेर कान्तिपुरको निकै राज्यविस्तार गरेका थिए । यसैसमयको आसपासमा उनको हत्या समेत भएको थियो । त्यसैले गर्दा प्रताप मल्लनिकै कमजोर बन्न गएका थिए । तर बिस्तारै-बिस्तारै उनको दबदबा भने बढिरहेको थियो । वि.सं. १७१५ तिर ललितपुरमा श्रीनिवास मल्लले बाबुसँग विद्रोह गरेर छुट्टै सरकार

बनाए । प्रताप मल्लले तुरुन्तै यसलाई मान्यता थिए । तर जगत्प्रकाश मल्लले यसलाई मान्यता दिएनन् । यसबाट श्रीनिवास मल्ल उनीप्रति केही असन्तुष्ट थिए । वि.सं. १७१७ मा ललितपुरका राजा भएपछि श्रीनिवास मल्ल र प्रताप मल्लले मिलेर भक्तपुरका आक्रमण गरे । जगत्प्रकाश मल्ल यस आक्रमणको प्रतिकारगर्न नसकी शहरभित्रै आत्मरक्षा गरी बसे । भक्तपुर शहर चारैतिरबाट अग्ला पर्खालले घेरिएको हुँदा प्रताप मल्ल शहरभित्र पस्न सकेनन् । केही दिन त्यहाँ बसी भक्तपुरमा पाँच सात सय रोपनी जग्गा गरुडनारायणलाई गुठी राखी उनी फर्के । यसको लगभग तीन वर्षपछि वि.सं. १७२० मा फेरि कान्तिपुर र ललितपुरको संयुक्त सेनाले भक्तपुरमा आक्रमण गऱ्यो । सल्लाघारीमा मुकाम बनाएर प्रताप मल्लले भक्तपुरलाई दुःख दिए, तर शहरभित्र पस्न भने सकेनन् । शहरबाहिर भएक देवल, पाटी, पोखरी आदिका महत्त्वपूर्ण किम्मती मालहरू उठाउँदै कान्तिपुर हनुमान्ढोकाको दरबार पठाउँदै गर्न थाले । त्यसवेला उनको जगज्ज्योति मल्लले बनाएको तवपोखरीको बीचको खम्बामा भएको नागको आकृति तथा यताउता भएका प्रस्तरका सिंहहरू र अन्य सामानहरू लगेका थिए । तर यसबाट श्रीनिवास मल्ललाई भने केही फाइदा भएन । तसर्थ उनी भित्र-भित्रै जगत्प्रकशतर्फ ढल्कन थाले । यो थाहा पाएर प्रताप मल्ल कान्तिपुर फर्के ।

यसपछिका वर्षहरूमा भने ललितपुरको पूर्ण समर्थन कान्तिपुरले पाएन । जगत्प्रकाश मल्लले पनि श्रीनिवास मल्लबाट उदार व्यवहार पाउन थाले । यस्तै शान्त वातावरण भएको वेलामा वि.सं १७२३ मा जगत्प्रकाश मल्लले छोरा उग्र मल्लको क्षौरकार्य गर्ने भए । त्यसको निम्ति ललितपुरका ८ पण्डितहरू निम्त्याइएका थिए । तर बाटैमा एक पण्डितको मृत्यु भएको हुँदा उनीहरू भक्तपुरमा जान सकेनन् । पछि राजा श्रीनिवास मल्ल पुगेपछि मान-अपमानको कुरो उठ्यो, श्रीनिवास मल्ल राति नै फर्के, यसरी भक्तपुर र ललितपुरको फाटो भएको वेलामा कान्तिपुरले भक्तपुरतर्फ हात बढायो । दुवै राजाले देउपाटनमा शपथ खाएर सन्धि गरे । तर यो सन्धि पनि दिगो भएन । यसको ६ महीनापछि श्रीनिवास मल्ल भक्तपुरमा गए । दुवैको कुरो मिल्यो र सन्धि पनि भयो । कान्तिपुर फेरि एक्लो भयो । यो सन्धि पनि दिगो भएन । श्रीनिवास मल्ल फेरि कान्तिपुरतर्फ ढल्के । दुवैले सन्धि गरेको थाहा पाएर जगत्प्रकाश मल्ल रातारात दौडेर ललितपुर पुगे । त्यसवेला श्रीनिवास मल्ल नाच हेरिरहेका थिए । जगत्प्रकाश मल्लले रातभरि बसेर श्रीनिवास मल्लसँग छलफल गरे, तर सन्धि तोड्न सकेनन् । यसै मौकामा वि.सं. १७२८ असारको शुरूमा प्रताप मल्लले भक्तपुरका नाला र त्यसका आसपासका क्षेत्र कब्जागरे । जगत्प्रकाश मल्ल आफ्ना दुवै छोरा (जितामित्र र उग्र मल्ल) लिएर श्रीनिवास मल्लको शरणमा गए । श्रीनिवास मल्लले पनि सहयोग गरे । फलस्वरूप प्रताप मल्लले कब्जा गरेका क्षेत्रहरू फिर्ता गरियो ।

यसवेला ललितपुर, भक्तपुर र गोरखासमेतको मेल भएको थियो । यसवेला मकवानपुरको सेनराज्यमा गृहकलह उत्पन्न भएको थियो । महाकुमार शुभ सेन गुहार माग्न उपत्यकामा आएका थिए । ललितपुर, भक्तपुर र गोरखा उनलाई सहयोग गरेर मकवानपुरमा लड्न गएका थिए । त्यसवेला सबैभन्दा बढी फौज भक्तपुरबाट नै गएको थियो ।

यस्तै मेल भएको बेलामा फेरि ललितपुर भक्तपुर मिलेर कान्तिपुरका केही प्रदेश कब्जा गरेका थिए । पछि प्रताप मल्लले आक्रमण गरेर ती फिर्ता लिन नसके पनि भक्तपुरतर्फ भने प्रताप मल्ल विजय गर्दै अगाडि बढे । जगत्प्रकाशले ललितपुरको सहयोग मागे, तर यसैबीच भक्तपुरका चौतारा (प्रधानमन्त्री) भोत्याभाको टाउको काटेर लगियो । पछि जगत्प्रकाश मल्लले हात्ती तथा धन दिएर हार स्वीकार गरी सन्धि गरेका थिए । यसरी धेरै समय जगत्प्रकाश मल्लले युद्ध झै-झगडामा नै बिताउनुपरेको देखिन्छ ।

जगत्प्रकाश मल्ललाई राजकाजमा समय-समयमा सहयोग गर्ने विभिन्न व्यक्तिहरू चौतारा पदमा थिए । यिनको शासनको शुरूतिर धनदसिंह भाजु थिए । त्यसपछि विश्व भारो र उनको युवावस्थामा चन्द्रशेखर थिए । अन्तिम अवस्थातिर भोत्याभाको नाम थाहा पाइन्छ । सबै चौताराहरूमध्ये चन्द्रशेखरको प्रभाव त्यसवेला निकै थियो । यिनी राजाका ज्यादै मन परेका थिए । राजाले राखेका अभिलेखहरूम यी चन्द्रशेखरको नाम आदरसाथ कुँदिएको पाइन्छ । टकमा समेत राजाका साथ-साथै यिनको नाम पनि कुँदिएको थियो । यी चन्द्रशेखरको यस्तो प्रभाव बढ्नुको मुख्य कारण यिनी जगत्प्रकाश मल्लको मन परेकी रानी अन्नपूर्णलक्ष्मीका नातेदार थिए । चन्द्रशेखरबाट नै यी रानी जगत्प्रकाश मल्लले कन्यादान पाएका थिए । वि.सं. १७२३ को भक्तपुर खौंमाटोल भवानीशङ्कर मन्दिरको अभिलेखमा त स्पष्ट रूपले राजा चन्द्रशेखरबाट कन्यादान पाएको उल्लेख गर्दै "हे चन्द्रशेखर ! तिमी जस्ता मेरो मनमा बिराजमान भएका अरू मानिस छैनन्" समेत भनेका छन् । यसैमा "मेरा प्राणतुल्य चन्द्रशेखर" भनिएको छ । अझ पछि गएर त राजाले आफ्नो र चन्द्रशेखरको नाम मिलाएर एउटै नाम जगच्चन्द्र (जगत् + चन्द्र) समेत भन्ने गरेको देखिन्छ । वि.सं. १७२६ को एक अभिलेखमा यस्तो उल्लेख छ- "जगच्चन्द्र दुई प्राणी भए तापनि एकै हुनुहुन्छ, दुवैलाई परमपद मिलोस् ।" जगत्प्रकाश मल्लले बनाएको 'मूलदेव शशिदेव-व्याख्यान' नाटकमा दुवैजनामा गाढा प्रेम भएको हुनाले तलेजु भवानीले जगच्चन्द्र पद दिनुभएको हो' भन्ने उल्लेख छ । वि.सं. १७२५ तिर राजाले 'जगच्चन्द्र' को नाउँबाट दुवै (राजा र चन्द्रशेखर) का दुई सालिक पनि राख्न लगाएका थिए । यसरी जगत्प्रकाश मल्लको शासनकालमा चन्द्रशेखरको निकै ठूलो प्रभाव देखिन्छ ।

साहित्यको क्षेत्रमा पनि जगत्प्रकाश मल्लको निकै देन पाइन्छ । यिनका विभिन्न नाटकहरू र गीतसङ्ग्रह पाइएका छन् । पारिजात-हरण नाटक, मूलदेव-शशिदेव-व्याख्यान नाटक उनका उल्लेखनीय नाटक हुन् । गीताबली, पद्यसमुच्चय, नानागीतसङ्ग्रह आदि काव्यग्रन्थ तथा गीतसङ्ग्रह पनि उल्लेखनीय छन् । वि.सं. १७२६ को दशावतारको वर्णनसम्बन्धी गीत लेखिएको अभिलेख पनि प्राप्त छ । यिनले कवीन्द्र उपाधि पनि लिएका थिए । वि.सं. १७२३ को भक्तपुर खौमाटोलको भवानीशङ्कर-मन्दिरको अभिलेखमा यस्तो भनिएको छ- "राजाहरूमा श्रेष्ठ, पाण्डित्यको खानी भएका, विद्वान्हरूमा अग्रगढ भएका कविराज जगत्प्रकाश मल्लले गीत बनाउनु भयो ।"

निर्माणक्षेत्रमा पनि जगत्प्रकाश मल्लको केही योगदान पाइन्छ । वि.सं. १७०४ मा नालामा भगवती-मन्दिर बनाइएको थियो । यी राजाले वि.सं. १७१८, मार्ग १८ गते

आफ्ना इष्ट देवता तलेजु भवानीलाई एउटा मण्डप (वेदी) समर्पित गरी आफ्नो सालिक समेत राखेका थिए । उनको त्यहाँको सालिक फाल्गुन महीनाभरि त्यहीं मण्डपमा ल्याएर राखिन्छ र अरू वेला भित्र भण्डारमा थन्क्याउने चलन छ । सो मण्डपलाई स्नेहमण्डप भनिएको छ । वि.सं. १७२३ मा भक्तपुर खौमाटोलमा जगत्प्रकाश मल्लले रानी अन्नपूर्णलक्ष्मीका साथमा भवानी-शङ्करको मन्दिर बनाएर सुनको गजूर समेत चढाएका थिए । यसै सालतिर तौलाछेँटोलको नारायणचोकमा ठूलो ढुङ्गाको खम्बामा गरुडमूर्तिको स्थापना गरे । वि.सं. १७२५ मा आफ्नो र मन्त्री चन्द्रशेखरको सालिक बनाएर राख्न लगाएका थिए । यसको अतिरिक्त यी राजा विलासी स्वभावका भएका हुँदा रानीहरूको आमोद-प्रमोदको निम्ति बसन्त-विहार (रङ्गशाला) को निर्माण गरेको पनि बुझिन्छ ।

यी राजाका विभिन्न अभिलेख तथा अन्य प्रमाणहरूबाट यिनको व्यक्तित्व अन्य पक्षबारे पनि बुझ्न सकिन्छ । उनले बनाएको'मूलदेव-शशिदेव-व्याख्यान' भन्ने नाटकमा यस्तो उल्लेख छ- "हे परमेश्वर ! अनेक थरीका राजा हुन्छन्, न्याय निसाफ धर्म कर्म आदिमा श्री जगत्प्रकाश मल्लजस्ता अरू पाइँदैनन् ।" वि.सं. १७१८ को भक्तपुरको स्नेहमण्डपको अभिलेखमा उनलाई 'नियमको पालन गर्ने, गुणी, राम्रा, विद्वान' आदि भनिएको छ । उनी 'नेपाल चूडामणि' जस्तो पदवी पनि लिने गर्दथे ।

यसरी जगत्प्रकाश मल्लले २८ वर्ष भक्तपुरको शासन चलाए । वि.सं. १७२९ मार्ग २९ गते ३४ वर्षको उमेरमा विफरको रोगले जगत्प्रकाश मल्ल स्वर्गे भएको कुरा तात्कालिक ठ्यासफुबाट बुझिन्छ ।

## जितामित्र मल्ल

जितामित्र मल्ल जगत्प्रकाश मल्लका छोरा थिए । वि.सं. १७२९ मार्ग २९ गते यिनी भक्तपुरको राजगद्दीमा बसेका थिए । यी राजा इतिहासमा सुमति (बृद्धि सप्रेका) राजाको रूपमा पनि प्रख्यात छन् ।

गद्दीमा वस्ता जितामित्र मल्ल भर्खरको चढ्दो उमेरका थिए । उता ललितपुर तथा कान्तिपुरमा भने श्रीनिवास मल्ल र प्रताप मल्लजस्ता प्रभावशाली राजा शासन गरिरहेका थिए । जितामित्रका बाबु जगत्प्रकाश मल्लको समयमा यी दुवै राजाहरूसँग भक्तपुरको निकै टक्कर परिरहन्थ्यो । तीनै राजाहरू त्यस बेला प्रतिस्पर्धी पुरुषका रूपमा देखा परेका थिए । तर जितामित्र मल्लको भने-यी दुवै राजाहरूसँग त्यस्तो टक्कर परेको बुझिंदैन । त्यसवेला भागीराम नामक व्यक्ति भक्तपुरका प्रधानमन्त्री (प्रधानाङ्ग) बनेका थिए । उनैको प्रभावले गर्दा भक्तपुरको निकै उन्नति त्यसवेला भएको थियो । यी जितामित्र मल्लको शुरूदेखि नै ललितपुर र कान्तिपुरसँग सुमधर सम्बन्ध कायम थियो ।

जितामित्र मल्ल गद्दीमा बस्नु भन्दा अगाडि देखि मकवानपुरको सेन राज्यमा गृहकलह शुरू भएको थियो । महाकुमार शुभ सेन गुहारको निम्ति उपत्यका आउने गरेका थिए । वि.सं. १७३१ कार्तिकमा फेरि शुभ सेन गुहारको निम्ति नेपाल उपत्यकामा आए । ललितपुर, गोरखा, लमजुङ आदि राज्यले उनलाई समर्थन देखाएका थिए । जितामित्रले पनि शुभ सेनलाई समर्थन गरे ।

जितामित्र मल्लको शासनको पूर्वार्धतिर उपत्यकामा लगभग शान्ति नै कायम थियो । तर वि.सं. १७४० पछिका घटनाहरूले भने उपत्यकाको शान्तिमा बाधा पार्‍यो । ललितपुरका युवराज योगनरेन्द्र मल्ल राज्याधिकारको निम्ति बाबुसँग कलह गर्न थालेका थिए । उनले कीर्तिपुरमा गएर विद्रोही सरकारको पनि गठन गरे । पछि वि.सं. १७१४ मा श्रीनिवास मल्लले छोरालाई विधिवत् राज्य सुप्पिदिए । उता कान्तिपुरमा पनि भारदारहरू दुई पक्षका बीच झगडा चम्केर देवीदास चिकुटीलाई भगाएर लक्ष्मीनारायण शक्तिशाली हुँदै आएका थिए । यस्तो अवस्थामा उपत्यकामा शान्ति कायम रहन सक्ने कुरै थिएन । अब आएर जितामित्र मल्ल कहिले कता त कहिले कता मिल्न थाले ।

वि.सं. १७४४ मा कान्तिपुरका राजा पार्थिवेन्द्र मल्लको विषप्रयोग द्वारा हत्या भएपछि त्यहाँ निकै आन्दोलन मच्चियो । आफ्नो राजाको हत्यारासित बदला लिने उद्देश्यले एक थरी प्रजाहरू राजद्वारमा धर्ना कसेर बसेका थिए । जितामित्र मल्लले नै गएर सबैलाई शान्ति पारी आठ वर्षका भूपालेन्द्र मल्ललाई राज्याभिषेक दिने काम गरे । चौतारा पदमा लक्ष्मीनारायण राखिए । यसबाट लक्ष्मीनारायण जितामित्र मल्लप्रति अनुगृहीत हुनुपर्ने हो; परन्तु कान्तिपुरको राजकाजमा आफ्नो पूरा अधिकार जमेपछि लक्ष्मीनारायणले यी राजा जितामित्र मल्ललाई पनि अँठचाउने चेष्टा गर्न थाल्यो । ललितपुरका योगनरेन्द्र मल्ललाई केही जग्गा दिने प्रलोभन देखाएर लक्ष्मीनारायणले आफूतर्फ मिलायो, अनि भक्तपुरतर्फ फर्क्यो । त्यसवेला भक्तपुरमा भागिराम नाम गरेका प्रभावशाली व्यक्ति चौतारा पदमा थिए । त्यसैले भक्तपुर सजिलैसित कान्तिपुरको प्रभावमा आएन । अब लक्ष्मीनारायण भागीरामलाई निकाल्न जितामित्र मल्ललाई दबाब दिन थाल्यो । वास्तवमा तात्कालिक भक्तपुरको उन्नतिमा भागीरामको महत्त्वपूर्ण हात थियो । स्वयं राजाले यिनलाई विशेष महत्त्व दिएको कुरा यिनकै अभिलेखहरूबाट बुझ्न सकिन्छ । उनले गरेका कतिपय कार्यहरूमा "भागीराम प्रधानमन्त्री भएको वेलामा" तथा "असल मन्त्री भागीराम समेत भई जीर्णोद्धार गर्नुभयो ।" जस्ता वाक्यहरूको उल्लेख भएको पाइन्छ । वि.सं. १७३५ को खौमटोलको अभिलेखमा त यस्तो समेत उल्लेख छ- "धैर्यशाली सुमति (बुद्धि सप्रेका) राजा श्री जितामित्र ठूला हुनुहुन्छ, त्यसपछि बुद्धिमान् असल मन्त्री भागीराम ठूला छन् ।" यसरी भागीरामको निकै महत्त्व त्यसवेला थियो । त्यसैले भागीरामलाई निकाल्ने प्रस्ताव जितामित्रले स्वीकार गरेनन् । फलस्वरूप कान्तिपुर र ललितपुरले मिलेर भक्तपुरमा आक्रमण गरे । योगनरेन्द्र मल्ल र आठ वर्षका भूपालेन्द्र मल्ल पनि सो युद्धमा गएका थिए । शहर घेरेर सङ्कट उत्पन्न भएपछि भक्तपुरका जनताले जितामित्र मल्ल र उनका भाइ उग्र मल्ललाई जबरजस्ती कान्तिपुर लिएर गए । सन्धि गरियो । त्यसै रात भक्तपुरका प्रजाहरूले भागीरामको सम्पत्ति लुटेर लिए । तर केही समयपछि ललितपुर कान्तिपुर बीच फाटो पर्न गयो । वास्तवमा योगनरेन्द्र मल्ल केही जग्गा पाउने लोभमा कान्तिपुरसँग मिल्न गएका थिए । सो नमिलेपछि उनी लगत्तै भक्तपुरतर्फ ढल्के । आफैले फेरि भागीरामलाई बोलाएर ल्याई जितामित्रसँग कुरो गरेर भक्तपुर पठाइदिए । भागीराम फेरि चौतारा पदमा नियुक्त भए । उनको लुटिएको सम्पत्ति पनि धेरैजसो फिर्ता दिइयो ।

वि.सं. १७५२ फाल्गुणमा नै कान्तिपुरका राजा भूपालेन्द्र मल्ल र राजामाता ऋद्धिलक्ष्मी हात्ती खेदा गर्न तराईतिर गएको वेलामा ललितपुर र भक्तपुर मिलेर

कान्तिपुरमा आक्रमण गरेका थिए । तर कुनै पनि क्षेत्रमा कब्जा जमाउन भने सकेनन् । तर लगत्तैपछि नै फेरि योगनरेन्द्र मल्ल भक्तपुरको विरुद्ध कान्तिपुरसँग मिलेर भक्तपुरको 'ओभु' किल्लामा आक्रमण गरेका थिए ।

राजनीतिक दृष्टिले भन्दा अन्य कृतिहरूले गर्दा जितामित्र मल्ल भक्तपुरको इतिहासमा उल्लेखनीय बनेका छन् । यिनको पालामा बनेका विभिन्न कलाका नमूनाहरू भक्तपुरमा देख्न सकिन्छ । वि.सं. १७३३ कार्तिकमा जितामित्र मल्लले कालिय-दमनको मूर्तिका साथ जलद्रोणी बनाएका थिए । वि.सं. १७३४ भाद्रतिर यिनले येताचुक (हालको कुमारीचोक) को जीर्णोद्धार गरेर अष्टमातृकाको मूर्ति बनाउनुका साथै भित्तामा विभिन्न धार्मिक परम्पराहरूसँग सम्बद्ध भित्ते चित्रहरू लेखिए । वि.सं. १७३७ माघमा सो चोकको उत्तरी दलानको भित्तामा चण्डी आदि देवताको स्थापना गरे तथा दक्षिणी लङम खोल्न नहुने, शोभाको निम्ति राम्रो ढोका बनाए । वि.सं. १७३४ कार्तिकतिर विश्वनाथ महादेवको स्थापना गरी सानो मन्दिर बनाए तथा त्यहीं पाञ्चायन देवताको स्थापना गरी गुठी समेत राखिदिए । जिजुबाजे जगज्योति मल्लले वि.सं. १६६८ मा बनाएको तवपोखरी प्रताप मल्लले भत्काएर किम्मती सामान कान्तिपुर लगेका थिए । त्यसैले जितामित्र मल्ले रु. ६ हजार खर्च गरेर त्यसको जीर्णोद्धार गरे ।

भक्तपुर दरबार सिंगार्ने, विस्तार गर्ने काममा पनि जितामित्रको विशेष योगदान छ । यिनले वि.सं. १७३५ असारमा थंथुदरबार बनाएको कुरा त्यहींको अभिलेखबाट बुझिन्छ । सो दरबार बगैंचा, चोक, कौसी तथा धारा समेत भएको थियो । तलेजुका परमभक्त भएका हुँदा यी राजाले तलेजुलाई सुनको जलप लाएको तोरणसमेतको ढोका, पूजाका भाँडा, घण्टा तथा ठूला नगरा चढाएका थिए । वि.सं. १७५१ पौष १ गते आफ्नो जन्मोत्सवको दिन मूलचोकको पूर्वी ढोकामा तोरण हाले । वि.सं. १७५२ माघमा शिखरशैलीमा बत्सलादेवीको मन्दिर बनाए ।

जितामित्र मल्ल सामाजिक तथा आर्थिक विकासमा पनि अग्रसर थिए । खेतीपाती गर्न तथा पिउन समेत सरल हुने विभिन्न धाराको निर्माण यिनले गरेका थिए । विभिन्न जलद्रोणीको स्थापनाको अतिरिक्त यिनको पालामा बनेको राजकुलो र सुनधारा निकै महत्त्वपूर्ण कार्य मान्न सकिन्छ । उनले धारो तथा कुलो बनाएर त्यसका विभिन्न निश्चित नियम बाँधिदिएका थिए । यसअनुसार कुलोको पानी लगाई धान रोप्न एक रोपनीमा आधा दाम कर तिर्नुपर्थ्यो । ठूलो सानो भनी पालो मिच्न पाइँदैनथ्यो । वर्षमा एकदिन कुलो बनाउन जानुपर्थ्यो, नगए तीन दाम दण्ड गरिन्थ्यो । कुलोको रेखदेखकार्यको निम्ति कर्मचारी नियुक्त गरिएको थियो, जसलाई ढलपा भनिन्थ्यो । ढलपाले जनतालाई झारा बेठी (दाउरा पुऱ्याइदिने तथा अन्य यस्तै निःशुल्क सेवा) लगाएर दुःख दिएमा तथा पानी बाँड्दा पक्षपात गरेमा रु. ६ दण्ड गरिन्थ्यो । यसरी जितामित्रले पानीको बाँडफाँडमा तलमाथि नहोस् भन्ने चाहेका थिए ।

साहित्यको उन्नतिमा पनि जितामित्र मल्लको निकै ख्याति छ । यिनी स्वयं संस्कृत, मैथली तथा नेवारी भाषाका विद्वान् देखिन्छन् । मदालसाहरण नाटक, गोपीचन्द्र नाटक, अश्वमेध नाटक, जैमिनिभारत नाटक, गीतगोविन्द आदि उनका महत्त्वपूर्ण कृति थिए । यी राजा आफूलाई विभिन्न क्षेत्रमा निपुण छु भन्ने गर्दथे । वि.सं. १७५२ को

बत्सलादेवी मन्दिरको लेखमा- 'असल शास्त्र, सङ्गीततन्त्र आदि सब विद्यामा पारङ्गत, गानबजानमा सिपालु, सब राजाहरूमा शिरोमणि' भनेर यिनलाई सम्बोधन गरिएको छ। यिनी आफूलाई 'शस्त्रशास्त्र-सङ्गीतादिविद्यापारङ्गत गन्धर्वविद्यानिपुण' भन्ने गर्थे। यिनले लिच्छविकालदेखिकै इतिहासको उल्लेख गरेर एक वंशावली पनि लेखेको मानिन्छ।

यसरी शासन गरेर २४ वर्षको शासनकालपछि वि.सं. १७५३, असोजमा जितामित्र मल्ल छोरालाई राज्य जिम्मा लगाई धर्मकर्ममा लागे। उनको मृत्यु भने राज्य छोडेको १४ वर्षपछि भएको थियो।

## भूपतीन्द्र मल्ल

नेपाल उपत्यकामा शासन गर्ने केही प्रसिद्ध मल्ल राजाहरूमा भूपतीन्द्र मल्ल पनि पर्दछन्। राजकाजमा मात्र नभएर कलाकौशलको निर्माणमा पनि यिनको समान दखल थियो। यिनी जितामित्र मल्ल तथा लातमतीका छोरा थिए। यिनको जन्म वि.सं. १७३१ कार्तिक २३ गते भएको थियो। २२ वर्षको उमेरमा वि.सं. १७५३ असोज ११ गते यिनी भक्तपुरको राजगद्दीमा बसेका थिए।

भूपतीन्द्र मल्ल भक्तपुरको राजगद्दीमा बसेताका ललितपुरमा योगनरेन्द्र मल्ल तथा कान्तिपुरमा भूपालेन्द्र मल्लको शासन कायम थियो। त्यसवेला उपत्यकाका मल्ल राजाहरू एकलाई हात लिई अर्कोलाई अँठ्याउन कोशिश गरिरहन्थे। भूपतीन्द्र मल्लभन्दा अगाडि तथा उनको शासनकालमा पनि-यस्ता घटनाहरू घटेका छन्। शुरूतिर भने भूपतीन्द्र मल्लले ललितपुरसँङ्ग राम्रो सम्बन्ध बनाएका थिए। योगनरेन्द्र मल्ल वेला-बखतमा भक्तपुरमा तलेजुको दर्शन गर्न जाने गर्दथे। तर केही पछि भने योगनरेन्द्र मल्लले भक्तपुरलाई आफ्नो प्रभावमा ल्याउन खोजेको बुझिन्छ। भूपतीन्द्र मल्ललाई केही कमजोर ठानेर यागनरेन्द्रले उनलाई अँठ्याउन खोजे, तर भूपतीन्द्र मल्ल त्यति कमजोर भने थिएनन्। वास्तवमा बाबुकै पालादेखि शासनमा सक्रिय रहेका हुँदा शासनभार हातमा आउने वेलासम्ममा यिनी निकै सक्षम भइसकेका थिए। त्यसैले तुरुन्तै उनले गोरखा, तनहुँ, मकवानपुरसँङ्ग सम्बन्ध बढाएर र यिनीहरूको सहयोग लिएर उल्टै योगनरेन्द्र मल्ललाई अँठ्याउने योजना बनाए। फलस्वरूप योगनरेन्द्र मल्लले भूपतीन्द्र मल्लको अगाडि झुक्नुपर्‍यो। वि.सं. १७५८ मार्गमा भूपतीन्द्र मल्लले योगनरेन्द्र मल्ललाई अँठ्याएर सन्धि गर्न लगाए। उक्त सन्धिपत्रमा भक्तपुरको सल्लाह नलिईकन ललितपुरले कान्तिपुरसँग सहायता माग्यो भने चालीस हजार रुपैयाँ भक्तपुर, मकवानपुर, गोरखा, तनहुँ यी चार राज्यले ललितपुरसँग अँठ्याएर लिनु" भनिएको छ। यसबाट योगनरेन्द्र मल्ल भूपतीन्द्र मल्लसँग निकै डराएका रहेछन् भन्ने बुझिन्छ। यसरी भूपतीन्द्र मल्ललाई ताम्रपत्र गरिदिए पनि भित्रभित्रै योगनरेन्द्र मल्ल यसको बदला लिने ताकमा थिए। भूपतीन्द्र मल्ल पनि उसको विचारबाट अनभिज्ञ थिएनन्। त्यसैले यो सन्धि भएको लगभग १ वर्षपछि नै भूपतीन्द्र मल्ल कान्तिपुरतर्फ हात बढाउन पुगे। यसवेला कान्तिपुरमा ७ वर्षका बालक भास्कर मल्ल गद्दीमा थिए। त्यसकारण त्यसवेला कान्तिपुरमा भारदारहरू शक्तिशाली थिए। वि.सं. १७६० मा भूपतीन्द्र मल्लले कान्तिपुरसँग 'एकानीशत्रु एकानीमित्रु' को सन्धि गरेपछि योगनरेन्द्र मल्ल भक्तपुरमाा

आक्रमण गर्ने योजना बनाउन थाले । वि.सं. १७६२ भाद्रको अन्ततिर भक्तपुरको 'ओभु' भन्ने ठाउँमा योगनरेन्द्र मल्लले आक्रमण गरे । निकै प्रयत्न गर्दा पनि किल्लाको ढोका खोल्न सकेनन् । यसवेला योगनरेन्द्र मल्ल चाँगुमा बसेर युद्धको बन्दोबस्त गरिरहेका थिए । दसैं आयो, तर योगनरेन्द्र मल्लले सेना फिर्ता गरेनन् । तब भूपतीन्द्र मल्ल निकै आत्तिए । कान्तिपुरबाट पनि उनले सहयोग पाएनन् । उल्टो भित्रभित्रै कान्तिपुरले योगनरेन्द्र मल्ललाई नै सहयोग गरिरहेको थियो । त्यसैले भूपतीन्द्र मल्ल सुरक्षाको निम्ति सपरिवार बनेपातर्फ गएर बसे । युद्धबाट बिजय सम्भव नदेखेर भक्तपुरले षड्यन्त्रको प्रक्रिया अपनायो । गुप्तचरबाट योगनरेन्द्र मल्लको खाने तमाखुमा विषप्रयोग गरियो । फलस्वरूप वि.सं. १७६२ कार्तिक १६ गते चाँगुमा नै उनको मृत्यु भयो । राजा मर्ने बित्तिकै ललितपुरेहरूमा भागाभाग पऱ्यो । यसरी भूपतीन्द्र मल्लसँग टक्कर लिन खोज्दा योगनरेन्द्र मल्लले ज्यानै गुमाउनुपऱ्यो ।

योगनरेन्द्र मल्लको मृत्युपछि भने भक्तपुर ललितपुरको संरक्षक बन्न पुग्यो । वास्तवमा योगनरेन्द्र मल्लको कुनै उत्तराधिकारी नभएको हुँदा उनको मृत्युपछि ललितपुरमा कसलाई राजा बनाउने भन्ने विषयमा विवाद उठ्यो । पछि छोरी योगमती अग्रसर भइन् र उनैका छोरा लोकप्रकाश मल्लाई राजा बनाउने निर्णय भयो । कान्तिपुरले नाबालक लोकप्रकाशलाई हरण गरेर ललितपुरमा आफ्नो प्रभाव जमाउन खोज्यो । तब भूपतीन्द्र मल्ल ललितपुरका संरक्षक बने । भक्तपुरेहरूले त्यहाँ पुगेर बाजा बजाई ललितपुरका प्रजाहरूलाई उठाएर कान्तिपुरेहरूलाई कुट्दै मारे । यसपछि भूपतीन्द्र मल्ल बाँचुन्जेल ललितपुरको राजनीतिमा अनेक घटनाहरू भए । विभिन्न गूटबन्दी देखियो -एकले अर्कालाई कैद गर्ने, दबाउने विभिन्न षड्यन्त्रहरू भए, साथै भक्तपुरको सट्टा ललितपुरले कान्तिपुरसँग सम्बन्ध गाँस्न रुचायो । भूपतीन्द्र मल्लले गरेको सहयोगको विपरीत त्यसको १ वर्षपछि नै ललितपुर र कान्तिपुरको मेल भयो र वि.सं. १७६५ मा दुवैले मिलेर ४ पटकसम्म भक्तपुरको ओभुमा आक्रमण गरे । तर चारैपल्ट भूपतीन्द्र मल्लले उनीहरूलाई हराइदिए । त्यसपछि कान्तिपुरले एक्लै पनि भक्तपुरमा आक्रमण गऱ्यो ।यसमा पनि उसलाई सफलता मिलेन ।

वि.सं. १७७४ मा ललितपुरका राजा ऋद्धिनरसिंह मल्ल मरेपछि राजगद्दीका हकवाला नहुँदा ललितपुरेहरूले कान्तिपुरका राजा भास्कर मल्ललाई नै ललितपुरको पनि राजा बनाए । यसरी ललितपुर कान्तिपुरको अधीनमा भएको बेलामा वि.सं. १७७६ मा भूपतीन्द्र मल्लले भक्तपुरसँग सीमा जोडिएका केही क्षेत्रमा आक्रमण गरे । तर यस युद्धमा भने भक्तपुरको ज्यादै नराम्रोसँग हार भयो । केही सम्पत्ति समेत भूपतीन्द्र मल्लले तिर्नुपरेको थियो ।

भूपतीन्द्र मल्लको उपत्यकाबाहिरका राज्यहरूसँग निकै राम्रो सम्बन्ध थियो । वि.सं. १७५८ मा मकवानपुर, गोरखा, तनहुँ आदि राज्यसँग यिनले सम्बन्ध स्थापित गरेका थिए । त्यसपछि पनि मकवानपुरसँग त यिनको निकटतम सम्बन्ध थियो । मकवानपुरका राजा माणिक सेनसँग मिलेर भूपतीन्द्र मल्ले धेरैपल्ट हात्ती खेदा गरेका (पक्रेर ल्याएका) थिए ।

यसरी भूपतीन्द्र मल्ल तात्कालिक राजनीतिमा निकै प्रभावशाली देखिन्छन् । आफ्ना बाबुबाजेकोपालामा झैं कुनै पनि मन्त्रीहरूले उनलाई दबाउन सकेका थिएनन्; जब कि उपत्यकाका धेरैजसो मल्ल राजाहरूको प्रतिष्ठा उनीहरूका मन्त्रीहरूको बलले जमेको थियो । उनको पालामा अनेक चौताराहरू थिए । शासनको उठानमा उनलाई सहायता गर्ने उनका काका उग्र मल्ल थिए तापनि भूपतीन्द्र मल्ललाई अँठ्याउन सकेका थिएनन् । उपत्यकाका अन्य राज्यहरूसँग पनि भूपतीन्द्र मल्लको निकै टक्कर पर्‍यो, तर कुनै आक्रमणमा पनि ती राजाहरूले भूपतीन्द्र मल्ललाई दबाउन सकेनन् । केवल एउटा आक्रमणमा मात्र वंशावलीअनुसार भूपतीन्द्र मल्ल केही हच्केको देखिन्छ । यसरी सम्पूर्ण क्षेत्रमा विशेष भूमिका भएको कारणले नै यिनलाई भक्तपुरका सर्वश्रेष्ठ मल्ल राजा मान्ने चलन छ ।

**कला तथा वास्तुकला**– कला तथा वास्तुकलाको विकासमा भूपतीन्द्र मल्लको उल्लेखनीय योगदान छ । भक्तपुर दरबार क्षेत्रमा भएका विभिन्न कलाका नमूनाहरू धेरैजसो भूपतीन्द्र मल्लकै कृति हुन् । भूपतीन्द्र मल्ललाई भक्तपुरको सौन्दर्यका संस्थापक पनि भन्दछन् ।

युवराज छँदै भूपतीन्द्र मल्लले वि.सं. १७४८ जेठमा भक्तपुर दरबार अगाडिको धाराको जीर्णोद्धार तथा ठिमीमा धारा, पाटी बनाएका थिए । भक्तपुर दरबारलाई सिंगार्ने काम भूपतीन्द्र मल्लले निकै गरेका थिए । मालतीचोक बनाई त्यहाँ सुनधाराको निर्माण, ढोकामा नृसिंह, हनुमान् आदिको स्थापना तथा घण्टा चढाउने काम समेत गरेका थिए । साथै, सुनधारामा स्थापना गरिएका देवताहरूको र ढोकामा स्थापना गरिएका नृसिंह, हनुमान् सबैको पूजाआजाको लागि एघार रोपनी खेत गुठी राखिदिएका थिए । यो मालतीचोक वि.सं. १७५४ मा बनेको थियो ।

दरबारभित्रको मूलचोकमा पनि भूपतीन्द्र मल्लका कृतिहरू निकै छन् । तलेजु-मन्दिरको सामुन्नेको घरमा श्रीखण्ड आदि असलअसल जातका काठले बनाइएका सात झ्याल जोडिएका विशेष झ्याल हाल्ने, तलेजुमा लक्ष्य गरी घण्टा चढाउने, तलेजुको छानाको जीर्णोद्धार गरेर छानामा सिंह, बेताल राख्ने तथा तलेजुको मन्दिरमा मूलढोकाको बायाँतिर एउटा तामाको ढोका हाल्ने काम उनले गरे । साथै, न्यातपौ (पाँचतले) मन्दिर पनि यिनले बनाएका हुन् । यो मन्दिर बनाउँदा राजा आफैले इँटा बोकेर श्रमदान गरेका थिए । तन्त्रशास्त्रकी भगवती सिद्धिलक्ष्मीको यो मन्दिर वि.सं. १७५९ असारमा बनेको हो । मन्दिर बनाइसकेर कोटिहोम गरिएको थियो । साथै, राजाले मूलपुरोहितलाई सुनको मुकुट दान गरेका थिए । भक्तपुरको ५५ झ्याले दरबार यिनैले बनाएका हुन् ।

वि.सं. १७६४ बैशाखमा यिनले भक्तपुर राजदरबारसँगै खौमाटोलमा उग्रचण्डी देवी र भैरवका ढुङ्गे मूर्ति बनाई स्थापना गरे । वि.सं. १७६४ माघमा भूपतीन्द्र मल्लले भक्तपुर शहरभन्दा १ कोस पर डाँडोमा भएको डोलेश्वर महादेवको मन्दिरको जीर्णोद्धार गरेर सुनको गजूर चढाए । साथै, त्यहाँ धारा, पाटीहरू पनि बनाएका थिए । वि.सं. १७६८ माघमा भूपतीन्द्र मल्लले भक्तपुर हनुमान्घाट ओर्लने बाटोमा ठूलो शिवलिङ्गको स्थापना गरे । यसको अतिरिक्त नाट्येश्वरलाई पानस र घण्टा पनि यिनले चढाएका

थिए । भक्तपुर दरबारअगाडिको ठूलो स्तम्भमा रहेको सालिक यिनैको हो । साथै, अर्को एउटा सुनको सालिक प्रत्येक वर्ष दशैंमा तलेजुचोकको स्नेहमण्डपमा केही दिनको लागि राख्ने चलन छ ।

**साहित्यप्रेमी–** साहित्यको क्षेत्रमा पनि भूपतीन्द्र मल्लको केही योगदान पाइन्छ । मैथिल साहित्यमा यिनको निकै दखल भएको मानिन्छ । यिनले लेखेका विभिन्न नाटकहरूमध्ये उषाहरण नाटक, जैमिनिभारत नाटक, विद्याविलाप नाटक,गौरीविवाह नाटक, रामायण नाटक, कंसवधोपाख्यान नाटक, नलचरित्र नाटक, महाभारत नाटक, पशुपति-प्रादुर्भाव नाटक आदि उत्कृष्ट कृति मानिन्छन् । गीतमाला, लोकपालगीत, स्तोत्रादिसंग्रह, नाटकीय गीतसंग्रह आदि पद्यसंग्रह तथा अरू अनेक कर्मकाण्डसम्बन्धी यिनका ग्रन्थहरू पनि उपलब्ध छन् । भूपतीन्द्र मल्ल नाचगानमा पनि सोखिन थिए । वेलावेलामा नाचगानको उद्घाटन गर्ने, आफ्नो नाटक अन्य राज्यमा प्रदर्शन गराई त्यसबाट उठेको रकमले नाट्येश्वर देवतालाई घण्टा आदि चढाउने पनि गरेका थिए ।

यसरी २६ वर्ष शासन गरेर वि.सं. १७७९ वैशाख शुक्ल पूर्णिमाको दिन भूपतीन्द्र मल्लको मृत्यु भएको बुझिन्छ ।

## रणजित मल्ल

रणजित् मल्ल काठमाडौं उपत्यकाका अन्तिम मल्ल राजा हुन् । भूपतीन्द्र मल्ल तथा विश्वलक्ष्मीदेवीबाट वि.सं. १७५० मार्ग १७ गते यिनको जन्म भएको थियो । वि.सं. १७७९ वैशाख शुक्ल पूर्णिमाको दिन बाबु भूपतीन्द्र मल्लको मृत्युपछि यिनी भक्तपुरको राजगद्दीमा बसेका थिए । राजकाजमा भने यिनी बाबुकै समयदेखि सक्रिय थिए ।

राजगद्दीमा बसेको लगत्तै पछिदेखि नै रणजित् मल्ल विभिन्न युद्धमा संलग्न भएको पाइन्छ । भाषा-वंशावलीअनुसार वि.सं. १७८२ भदौमा रणजित् मल्लले गोरखाको सहयोग लिएर ललितपुरको बिसङ्खु दखल गरेका थिए । यसवेला गोरखामा नरभूपाल शाहको शासन थियो । तर २ महीनापछि नै गोरखाले ललितपुरको पक्ष लिइदिएको हुँदा कार्तिकमा विसङ्खु ललितपुरले फिर्ता लियो । यसरी ललितपुर र गोरखा मिलेको हुँदा भक्तपुरले कान्तिपुरतर्फ हात बढायो । रणजित् मल्लले कान्तिपुरका जगज्जय मल्ललाई एक हात्ती र तेह्र हजार रुपियाँ दिएर आफ्नो पक्षमा मिलाए । तर थोरै दिनपछि नै जगज्जय मल्ल भक्तपुरलाई धोका दिएर ललितपुरसँग मिल्न गए । रणजित् मल्लले फेरि २ हात्ती र चौबीस हजार रुपैया दिएर सन्धि गरे । लगत्तैपछि फेरि कान्तिपुर र ललितपुरले भक्तपुरका कतिपय गाउँहरूमा कब्जा गरे । यसवेला पनि भक्तपुरले अठार हजार रुपैयाँ तिर्नुपऱ्यो । यसरी शुरूदेखि नै भक्तपुरलाई अन्य राज्यहरूले दबाएको बुझिन्छ । योगप्रकाशको मृत्युपछि वि.सं. १७७६ भाद्रतिर विष्णु मल्ल ललितपुरको राजगद्दीमा बसे । उनको पालामा वि.सं. १७८७ तिर फेरि कान्तिपुर, ललितपुर र गोखा मिलेर भक्तपुरको 'ओभु' किल्ला कब्जा गरे । रणजित् मल्ल छलफल गर्न जाँदा हात्ती र केही रुपैयाँको माग भयो । तब रणजित् मल्लले तनहुँ, लमजुङ्ग, मकवानपुरसँग सहायता मागे । भक्तपुरका प्रजाहरू पनि उठेर गए र शत्रुलाई धपाई आफ्ना प्रदेशहरू फिर्ता लिए । १२० जना जति

गोर्खाली पक्राउ पनि परेका थिए । यसरी ओभु फिर्ता गराएको खुशीयालीमा रणजित् मल्लले आफ्ना प्रजा पञ्चलाई निगाह गरी कसैलाई हात्ती, कसैलाई सुनको गहना, कसैलाई पैसा दिएका थिए ।

वि.सं. १७९६ ताका रणजित् मल्लको दरबारमा पनि मनोमालिन्य बढेको पाइन्छ । त्यसवेला काठमाडौं उपत्यकामा आएका पादरी क्यासिनोको वर्णनअनुसार राजाले आफ्नो दुई वर्षको छोरालाई उत्तराधिकारी घोषित गर्न खोज्दा उनकी एक मन परेकी भित्रेनीले विरोध जनाइन् । राजा अन्योलमा परे । पछि उनले ठचाहा छोरालाई नै युवराज घोषित गरे पनि युवराजकी आमा दरबारमा पस्न सकिनन् । उनी माइतीघर ठिमीतिर लागिन् । पछि ठिमी नाला आदिका प्रजाहरूले राजाको विरोधमा युवराजलाई राजा मानी विद्रोह गर्न थाले । पछि राजाले दरबारमा भव्य बैठक बसाए । सबैले आ-आफ्ना विचार व्यक्त गरे । उता ठिमी पुगेकी रानी भने त्यहाँबाट युवराजलाई साथमा लिएर कान्तिपुरतर्फ लागिन् । यसरी लगभग एक-डेढ वर्षसम्म रणजित् मल्ललाई समस्या परेको बुझिन्छ । वि.सं. १८०९ तिर भने युवराज पदमा वीरनरसिंह देखिन्छन् ।

वि.सं. १७९८ तिर पृथ्वीनारायण शाहले उपत्यकाको भ्रमण गरेका थिए । भक्तपुर पुगी राजा रणजित् मल्ललाई गोरखाका राजा नरभूपाल शाहको पगरी दिई गोरखा र भक्तपुरबीच मित्रता कायम गर्दै युवराज वीरनरसिंह मल्लसँग मीत लगाए । यो मितेरी सम्बन्धले गर्दा पछिका वर्षहरूमा भने रणजित् मल्ल अदूरदर्शी राजनीतिज्ञको रूपमा देखा परे । 'वास्तवमा उपत्यका सङ्गठित हुन्जेल उनीहरूलाई हराउन सकिँदैन' भन्ने कुरा पृथ्वीनारायण शाहले बुझेका थिए । त्यसैले नुवाकोटमा एकपल्ट आफ्नो हार हुने बित्तिकै उनी उपत्यकामा फाटो गराउने उद्योगमा लागे । वि.सं. १८०१ को शुरूतिर कान्तिपुर र ललितपुरको मेल थिएन । आफूसँग झगडा गरी गएका भाइ राज्यप्रकाश मल्ललाई ललितपुरका राजा विष्णु मल्लले शरण दिई उनलाई आफ्नो उत्तराधिकारीसमेत बनाएका हुँदा जयप्रकाश मल्ल र विष्णु मल्लमा फाटो परेको थियो । यसकारण गोरखाले नुवाकोटमा आक्रमण गरे कान्तिपुरलाई गुहार दिन ललितपुर नआउने निश्चित थियो । आफ्नो 'मीतबाबा' भएका हुँदा पृथ्वीनारायण शाहले कान्तिपुरका साँखु, चाँगु, महादेव पोखरी, नालदुम, दोलखा आदि प्रदेशहरू जिती भक्तपुरलाई दिलाइदिने प्रलोभनमा रणजित् मल्ललाई पनि आफ्नो पक्षमा मिलाए । रणजित् मल्लले पृथ्वीनारायण शाहको योजनाको भेउ पाउन सकेनन् र पृथ्वीनारायण शाहले दोस्रो पल्ट नुवाकोटमा आक्रमण गर्दा उपर्युक्त प्रदेश पाउने लोभले उनी तटस्थ भइदिए । फलस्वरूप वि.सं. १८०१ असोज १५ गते शनिवार नुवाकोट पृथ्वीनारायण शाहको हातमा पर्न गयो ।

आफ्ना मीतबाबासँग गरेको कबूलमुताबिक वि.सं. १८०३ भाद्र १८ गते गोरखा र भक्तपुरको संयुक्त सेनाले साँखु, चाँगु कब्जा गऱ्यो । पछि फेरि महादेव-पोखरी नाल्दुम क्षेत्रमा पनि कब्जा गरेर दोलखासम्मका कान्तिपुरका प्रदेश जिती भक्तपुरलाई दिए । यसैबीच कान्तिपुरमा एक थरी भारदारले जयप्रकाश मल्ललाई पदच्युत गरी उनैका छोरा ज्योतिप्रकाश मल्ललाई गद्दीमा राखेका थिए । ज्योतिप्रकाश मल्ल राजा बनाइनेबित्तिकै कान्तिपुरले चाँगु, साँखु आदि क्षेत्र भने फिर्ता लियो । दोलखा, नाल्दुम, महादेव-पोखरीमा भने वि.सं. १८०७ सम्म भक्तपुरको अधिकार कायम भयो । यसै समयताका कान्तिपुरका

राजा जयप्रकाश मल्ल फेरि राजगद्दीमा बसेपछि भने ती प्रदेश कान्तिपुरले फिर्ता लियो । वि.सं. १८११ मा फेरि गोरखाले तिनीहरूमा नियन्त्रण गरेपछि भने भक्तपुरलाई दिएन । यसपछि भने रणजित् मल्ल गोरखालाई छोडेर जयप्रकाश मल्लसँग मिल्न गएका थिए । यसरी उपत्यकामा मेल भएकै वेलामा वि.सं. १८१४ जेठ १९ गते गोरखाली फौजले कीर्तिपुरमा आक्रमण गऱ्यो । तर कीतिपुरको रक्षार्थ सबै राज्यहरू सङ्गटित भएका हुँदा ज्यादै नराम्रोसँग गोरखालीहरूको हार भयो । गोरखाली वीर कालु पाण्डे लगायत अन्य ठूलाठूला भारदारहरू समेत गरेर ४०० भन्दा बढी गोरखालीहरू सो युद्धमा मरे ।

यो एउटा युद्धमा सङ्गटित भए पनि मल्ल राजाहरू परस्परमा कलह गर्न छाडेका थिएनत् । पृथ्वीनारायण शाहको विजय-अभियान पूर्ण प्रगतिमा थियो भने मल्लराज्यहरूको आपसी खिचातानी पनि निरन्तर बढिरहेको थियो । ललितपुरका प्रधानहरूको नीतिले गर्दा पनि मल्ल राजाहरूमा मेल हुन सकेको थिएन । उनीहरू इच्छाएको व्यक्तिलाई राजा बनाउने तथा इच्छा नभए पदच्युत गर्ने गर्दथे । वि.सं. १८१९ जेठतिर कान्तिपुरका जयप्रकाश मल्ललाई लखेटेर रणजित् मल्ललाई पनि उनीहरूले ललितपुरको राजा बनाए । लगभग एक वर्षसम्म रणजित् मल्ल ललितपुरको शासक बने, तर उनको पनि प्रधानहरूसँग मेल भएन र उनी पनि लखेटिए ।

यसरी उपत्यकामा भएको खिचातानीबाट फाइदा उठाएर पृथ्वीनारायण शाह क्रमशः उपत्यकावरिपरिका प्रदेशहरू कब्जा गर्दै उपत्यकामा पस्ने योजना बनाइरहेका थिए । रणजित् मल्ल ललितपुरका पनि राजा भएताका वि.सं. १८१९ भाद्रमा मकवानपुर पनि पृथ्वनिारायण शाहको हातमा परिसकेको थियो । वि.सं. १८२२ मा आएर कीर्तिपुरमा समेत गोरखाको नियन्त्रण हुनपुग्यो ।

यसरी पृथ्वीनारायण शाह क्रमशः उपत्यकामा प्रवेश गरिरहेका थिए भने रणजित् मल्ल आफ्नै देशको समस्यामा डुबेका थिए । उनका ठचाहा छोराहरू कुनै जीवित थिएनन् । मठचाहा छोराहरू बाबुसँग राज्य हत्याउन सङ्घर्ष गरिरहेका थिए । रणजित् मल्ल वृद्धावस्थामा प्रवेश गरिरहेका थिए । यस्तैमा वि.सं. १८२५ असोज १३ गते कान्तिपुरमा र एघार दिनपछि असोज २४ गते ललितपुरमा पृथ्वीनारायण शाहको अधिकार कायम भयो । जयप्रकाश मल्ल र तेजनरसिंह मल्ल भागेर भक्तपुरमा पुगे । रणजित् मल्लले शरण दिने कि नदिने भनेर २४ टोलका प्रमुख भारदारहरू तथा प्रजाबाट जनमत लिए । सबैले शरण दिने विचार गरेपछि मात्र दुवै राजाहरूलाई भक्तपुरमा बस्ने अनुमति दिइयो ।

पृथ्वीनारायण शाहको उद्देश्य कान्तिपुर-विजय मात्र थिएन, नेपालको एकीकरण गर्न उनी कस्सिएका थिए । त्यसैले भक्तपुरको विजय गर्ने योजनामा उनी लागे । सर्वप्रथम उनले रणजित् मल्ललाई जयप्रकाश मल्ल र तेजनरसिंह मल्ललाई कान्तिपुर फिर्ता पठाउन अनुरोध गरे । त्यसलाई रणजित् मल्लले अस्वीकार गरेपछि आत्मसमर्पण गर्न अनुरोध गरे, तर जयप्रकाश मल्ल रणजित् मल्ललाई आक्रमणको लागि उक्साइरहेका थिए । जयप्रकाश मल्लले त्यहाँबाट चौदण्डीका राजा कर्ण सेनसँग र अङ्ग्रेजसँग सहायता मागी पठाएका थिए । उनी उक्त सहायताको आडमा पुनः पृथ्वीनारायण शाहसँग युद्ध गर्ने

विचारमा थिए । साथै, उनले रणजित् मल्लका मठ्याहा छोराहरू अजितसिंह र अवधूतसिंहलाई भक्तपुरका उत्तराधिकारी शासक बनाउने वचन दिई आफ्नो पक्षमा मिलाएका थिए । यस्तै अवस्थामा वि.सं. १८२६ कार्तिकको अन्ततिर पृथ्वीनारायण शाहले भक्तपुरमा आक्रमण गरे । गोरखाली सैनिकहरू लगभग १५०० थिए । यिनीहरू मध्येआधा सेनासँग बन्दूक थियो र बाँकी आधासँग धनु, काँड, खुकुरी आदि थिए । भक्तपुरतर्फ निकै सेना थिए । भक्तपुरका स्थायी सेना बाहेक जयप्रकाश मल्लका नगरकोटी सेनाहरू तथा चौदण्डीबाट आएका सेनाहरू पनि थिए । शहरका सबै ढोकाहरू बन्द गरेर मल्ल राजाहरू बसेका थिए तापनि गोरखाली फौज ढोका फोडेर भित्र पस्यो । दिनभर युद्ध चल्यो । गोरखाली फौजहरू कोही दरबारको छानामा चढेर तथा कोही सुवर्णढोका (Golden Gate) बाट मूलचोकमा पसेर गोली बर्साउन थाले । रातभरि पनि युद्ध चलिरह्यो । भोलिपल्ट बिहान मल्ल राजाहरू सुरक्षाको निम्ति अर्को घरमा सर्न निस्के । रणजित् मल्ल तेजनरसिंह मल्लको अगाडि थिए । सबैभन्दा पछाडि भएका जयप्रकाश मल्ललाई भऱ्याङ चढ्न लागेको वेलामा एकाएक एउटा गोली आएर देब्रे खुट्टामा लाग्यो । मुश्किलले उनी माथि पुगे । युद्ध चर्किरहेको थियो । अब अन्तिम समय आएको बुझी रणजित् मल्ले आफ्ना अङ्गरक्षक हेमनारायणको सल्लाहमा आत्मसमर्पण गर्ने निर्णय गरी आफ्नो पगरी झ्यालबाट बाहिर देखाउन अह्राए । आत्मसमर्पण गरेको बुझी गोरखाली फौजले युद्ध रोक्यो । शूरप्रताप शाहले माथिगएर मल्ल राजाहरूलाई घेरेर नियन्त्रणमा लिए । यसरी दुई हजारभन्दा बढी मानिसको मृत्यु तथा पाँच सयभन्दा बढी घरहरू आगलागीमा ध्वस्त भएपछि वि.सं. १८२६ मार्ग १ गते आइतबार भक्तपुरमा पृथ्वीनारायण शाहको अधिकार कायम भयो । पछि पृथ्वीनारायण शाहले भक्तपुरमा तीनै राजालाई भेटे । जयप्रकाश मल्ललाई उनैको इच्छाअनुसार पशुपतिमा पठाइदिए । खुट्टाको घाउको पीडाले त्यही वि.सं. १८२६ मार्ग १४ गते उनको मृत्यु भयो । तेजनरसिंह मल्लले केही माग गर्न नसक्ता उनी कैद गरिए ।

रणजित् मल्ल त्यसवेला ६७ वर्षका भइसकेका थिए । मीतबाबा भएको तथा एकीकरणको अभियानमा परोक्ष रूपमा भए पनि पृथ्वीनारायण शाहले सहयोग पाएका हुँदा उनले उपत्यकाबाहेक कतैतिर जीवनभर राजा भएर बस्न अनुरोध गरे । तर रणजित् मल्लले स्वीकार गरेनन् र काशीवास गर्ने इच्छा व्यक्त गरे । उनको इच्छा पनि पूर्ण गरियो । उपत्यका छोडेको अठार महिनापछि उनको मृत्यु भयो ।

यसरी रणजित् मल्ल नेपाल उपत्यकाका अन्तिम मल्ल राजा थिए । भक्तपुरमा रणजित् मल्लको पतन भएपछि भने पूर्ण रूपले मल्लराज्यको पतन भएको थियो । तर यसरी रणजित् मल्लको पतन भएर गए पनि उनलाई सम्झाइराख्ने केही महत्त्वपूर्ण कुराहरू भने इतिहासमा अङ्कित भएका छन् ।

**प्रजातान्त्रिक राजा–** रणजित् मल्ल प्रजातान्त्रिक विचारका राजा थिए । विशेष महत्त्वपूर्ण विषयमा निर्णय लिनुपर्दा उनी प्रजाहरूको राय बुझ्ने गर्दथे । छलफलको क्रममा सहभागीले जतिसुकै नराम्रो गालीगलौज गरे पनि उनलाई दण्डसजायँ गर्ने चलन थिएन । वि.सं. १८१९ मा ललितपुरको समेत राज्य चलाउँदा त रणजित् मल्लले स्पष्ट रूपले शासनमा प्रजाहरूको सहभागिताबारे नियम बनाइदिएका थिए । "... राजा,

भारादार र प्रजा तीनै पक्षको उपस्थिति नभई (छलफल नगरीकन) कसैलाई सजाय गर्न हुँदैन" भनेर उनले नियम बनाएका थिए । जनमतकै सम्बन्धको वि.सं. १८२६ असोज अन्तिमतिरको घटना त झन् उल्लेखनीय छ । कान्तिपुर तथा ललितपुर राज्यमा पृथ्वीनारायणशाहको अधिकार कायम भएपछि जयप्रकाश मल्ल र तेजनरसिंह मल्ल भागेर भक्तपुर पुगे । सोझै दरबार नगई दत्तात्रेय मन्दिरमा बसेर उनीहरूले शरणको निम्ति रणजित् मल्लसँग अनुरोध गरे । रणजित् मल्लले पहिले प्रधान भारादारहरूसँग छलफल गरे । भारादारहरूले शरण दिने विचार गरेपछि टोल-टोलका प्रजाहरूसँग पनि राय बुझ्न पठाए । सबैको शरण दिने नै राय बुझेपछि मात्र उनीहरूलाई भक्तपुरमा बस्ने अनुमति मिलेको थियो ।

**साहित्यप्रेमी–** रणजित् मल्लको साहित्यमा पनि केही दखल थियो । मैथिली, नेवारी तथा संस्कृत भाषामा लेखिएका यिनका विभिन्न किताबहरू उपलब्ध छन् । इन्द्रविजय नाटक, उषाहरण नाटक, कृष्णचरित्र नाटक, रामायण नाटक, गोरक्षोपाख्यान, दिक्पाल-गणेशोपाख्यानम् कृष्ण-कैलासयात्रा, वाल्मीकि-रामायण, षड्दर्शन कथा, रुक्मिणीहरण आदि विभिन्न किताबहरू लेखेको श्रेय रणजित् मल्ललाई दिइएको छ । यिनले लेखेका गीतहरू पनि उपलब्ध छन् । तीमध्ये काशीवास जाँदा चन्दागिरी पहाडमा पुगेपछि उपत्यकातर्फ हेरेर बनाइएका अनेक विरहका गीतहरू निकै उत्कृष्ट मानिन्छन् ।

**कला तथा वास्तुकला–** रणजित् मल्लले आफ्नो समयभरि अनेक बाहिरी र भित्री आक्रमणमा संलग्न हुनुपरेको थियो । यद्यपि कान्तिपुरका जयप्रकाश मल्लको जस्तो प्रत्यक्ष विभिन्न आक्रमणमा यिनी संलग्न भएका थिएनन्, तथापि पूर्ण शान्ति भने यिनलाई पनि थिएन । त्यसैले आफ्ना बाबुबाजे सरह यिनले कलाकृतिहरूको स्थापनामा ध्यान दिन सकेनन्; तथापि केही कृतिहरू यिनका पनि पाइएका छन् ।

रणजित् मल्लले भक्तपुर तौलाछें टोलको नारायण-मन्दिरको जीर्णोद्धार गरी सुनको जलप लगाएको तामाको छाना हालिदिए तथा भक्तपुर-दरबारको प्राङ्गण (पचपन्नझ्याले दरबारअगाडि) मा सुनको गजूर र तरबारले युक्त भएको ठूलो घण्टा चढाएका थिए । सो घण्टा तलेजुको नित्यपूजाको वेलामा बजाउनुपर्ने नियम पनि बसाइदिएका थिए । वि.सं. १८१० तिर रणजित् मल्लले रानी जयलक्ष्मीको साथमा कोटिहोम गरेर भक्तपुर-दरबार पस्ने बाटोमा सुवर्णद्वार (Golden Gate) बनाएका थिए । यो सुवर्णद्वार रणजित् मल्लको महत्त्वपूर्ण कृति मानिन्छ । त्यसपछि यी राजाले भक्तपुरको तेखाच्वटोलमा वाराहीदेवीलाई सुनका केही सामान चढाउने तथा तलेजुभवानीलाई सुनको सिंहासन तथा नगरा चढाउने काम गरेकाथिए । यसको अतिरिक्त यिनले हनुमान्घाटतिर गणेश र नारायणको मूर्ति पनि बनाउन लगाएको मानिन्छ । वंशावलीअनुसार यिनले एक कलात्मक प्रस्तरस्तम्भ कान्पिुरबाट कालिगढ झिकाई बनाउन लगाएको बुझिन्छ । यसको अतिरिक्त रणजित् मल्ललाई विभिन्न वस्तुहरूको सङ्ग्रह गर्ने सोख थियो । यिनले विभिन्न पुराना तथा दुर्लभ वस्तुहरूको सङ्ग्रह गरेका थिए ।

**मल्लहरूको पतन र रणजित् मल्ल–** रणजित् मल्लको पतनपछि मल्लराज्य-को पतन पूर्ण रूपले भएको थियो । यसैले मल्लवंशको पतनमा रणजित् मल्लको कस्तो

भूमिका रह्यो, त्यो पनि बुझ्नु आवश्यक हुन्छ । मल्लवंशको पतनको स्थिति त उपत्यकाको विभाजनदेखि नै शुरू भइसकेको थियो । उपत्यकाको विभाजनले गर्दा विशाल मल्लराज्य जसरी टुक्र्यो, उनीहरूबीचको मेलमिलाप पनि त्यसरी नै टुक्रन पुगेको थियो । त्यसैले गर्दा मल्ल राजाहरूमा मेल हुन सकेन र पृथ्वीनारायणशाहले एक एक गरेर तीनै राज्यहरूलाई आफ्नो अधिकारमा लिए । तर रणजित् मल्ल पनि यस पक्षमा पूर्ण चोखा भने छैनन् । वास्तवमा भन्ने हो भने अन्तिमअवस्थामा पनि मल्लराज्य थाम्न सकिने स्थिति थियो । मल्ल राजाहरू सङ्गठित भएका भए पृथ्वीनारायण शाहले जित्नु सम्भव थिएन । तर रणजित् मल्लले जयप्रकाश मल्लसँगको आन्तरिक मनोमालिन्यले गर्दा गोरखासँग सम्बन्ध बढाएर र गोरखाले पनि रणजित् मल्ललाई ढाल बनाएर उपत्यकामा फाटो बनाइरह्यो । त्यसरी रणजित् मल्लको अदूरदर्शिताले गर्दा पनि मल्लराज्यको पतन हुन गएको हुँदा मल्लराज्यको पतनमा रणजित् मल्ल पनि केही मात्रामा जिम्मेवार देखिन्छन् ।

# मल्लहरूको पतन

काठमाडौं उपत्यकामा मल्लहरूले निकै लामो समयसम्म शासन गरे । जयस्थिति मल्लका सन्तानहरूले मात्रै पनि चार सय वर्षजति शासन गरे । जुन समयमा मल्ल राज्य ज्यादै शक्तिशाली तथा चारैतिर प्रभाव फैलाएर बसेको थियो त्यसवेला गोरखा राज्यको स्थापनासम्म पनि भएको थिएन । वि.सं. १६१६ मा द्रव्य शाहले गोरखामा स्वतन्त्र राज्यको स्थापना गरेताका काठमाडौं उपत्यकामा जयस्थिति मल्ल, यक्ष मल्ल आदि शासकहरूले मल्लराज्यको ठूलो प्रतिष्ठा कायम गरिसकेका थिए । आर्थिक, राजनीतिक सांस्कृतिक आदि कुनै पनि दृष्टिकोणले गोरखाराज्यको काठमाडौंको मल्लराज्यसँग तुलना हुन सक्तैनथ्यो । मल्लराज्य उत्तर चीन तिब्बत तथा दक्षिण भारतसँग विभिन्न क्षेत्रमा निकै गहिरो सम्बन्ध कायम गरेर बसेको थियो । पृथ्वीनारायण शाहकै समयताका पनि जुनवेला गोरखा राज्यले हात हतियार किन्न गोरखाको प्रत्येक घर-घरबाट रु १/- को दरले चन्दा उठाइरहेको थियो, त्यसवेला उपत्यकाका मल्ल राजाहरू हजारौं हजार एक-अर्कालाई दण्डस्वरूप तिर्ने गर्दथे । यसरी सम्पूर्ण दृष्टिकोणले सम्पन्न तथा शक्तिशाली मल्लराज्यको पतन हुनु निकै आश्चर्यको कुरो हो । वास्तवमा निकै समयअगाडिदेखि नै मल्लराज्यभित्र केही यस्ता स्थितिहरू देखा पर्न थालिसकेका थिए, जसले गर्दा मल्लराज्य क्रमशः कमजोर हुँदै गइरहेको थियो । यसरी मल्लराज्यको पतनको निम्ति जिम्मेवार कारणहरू अनेक थिए । यी सबैको विस्तृत चर्चा तल गरिन्छ ।

## १. उपत्यकाको विभाजन र मल्लहरूको आपसी बेमेल

यक्ष मल्लको देहावसानपछि विशाल मल्लराज्य टुक्रेर साना-साना अनेक राज्यहरूमा विभाजित भयो । राज्य विभाजित हुनेबित्तिकै मल्लहरूको एकता, सैनिक सङ्गठन आदि पनि टुक्रन पुग्यो । उपत्यकामा देखापरेका तीन मल्लराज्यहरूमा एउटै मल्लवंशका राजाहरू शासन गर्दथे, तर यिनीहरूमा मेलमिलाप भने कहिल्यै भएन । आपसमा लड्ने, एक-अर्काको राज्यक्षेत्रमा कब्जा गर्ने, नरहत्या गर्ने जस्ता कार्यहरूमा मात्र यिनीहरू संलग्न रहन थाले । एक राज्यलाई अर्को राज्यले उचाल्ने, उसको सहयोग लिएर तेस्रो राज्यमा आक्रमण गर्ने आदि कार्यमा मल्लहरू विशेष संलग्न रहन थाले । यस परिपाटीले गर्दा अन्तिम समयसम्म मल्लहरूबीच एकता कायम रहन सकेन । सधैं यिनीहरूले एक-अर्कालाई शत्रुको रूपमा हेरिरहे । मल्लहरू सङ्गठित भएका भए कुनै पनि बाहिरी शक्तिले उपत्यकाको विजय गर्नु सम्भव थिएन । वास्तवमा सङ्गठित मल्लशक्तिसँग जुध्न सक्ने शक्ति भएका राज्यहरू त्यसवेला छँदै थिएनन् भने पनि हुन्छ । स्वयं गोरखा राज्य पनि यस भेदबाट अनभिज्ञ थिएन । गोरखाको नुवाकोटमाथिको पहिलो आक्रमणको बेलामा उपत्यकाका मल्ल राज्यहरूले सङ्गठित भएर शत्रुको सामना गरेका थिए । त्यस्तै,

कीर्तिपुरमाथिको गोरखाको पहिलो आक्रमणको वेलामा पनि मल्ल राजाहरूले सङ्गठित भएर लड्दा गोरखालीहरूको ठूलो क्षति भएको थियो । यस्तै मेलमिलाप सधैं कायम भएको भए मल्ल राज्यको पतन गराउन कठिन हुने थियो । तर मल्लराज्यहरू बीच पहिलेदेखि नै जुन एउटा ठूलो फाटो उत्पन्न भएको थियो, यसले गर्दा उनीहरू आपसमा मिल्न सक्नेस्थितिमा कहिल्यै आएनन् । यसरी मल्लहरूको आपसी बेमेलकै कारणले पृथ्वीनारायण शाहले पनि छुट्टाछुट्टै यी तीनै राज्यहरूमा विजय गर्न सकेका थिए ।

## २. मल्ल-दरबारभित्रको आन्तरिक कलह

मल्ल राजाहरू एक-अर्को राज्यसँग सधैं लडाइँ-झगडा गरिरहन्थे भने अर्कोतिर उनीहरूको राज्यभित्र आन्तरिक कलह पनि सधैं चर्किरहेकै हुन्थ्यो । मल्ल-दरबारभित्र सत्ताको निम्ति बाबु-छोरा, दाजु-भाइ, आमा-छोरा तथा लोग्ने-स्वास्नीमा समेत झगडा हुने गर्दथ्यो । प्रताप मल्लले आफ्ना बाबुलाई कैद गरेर राज्य हत्याएका थिए भने श्रीनिवास मल्ल तथा योगनरेन्द्र मल्ल बाबुका विरुद्ध विद्रोह गर्न पुगेका थिए । जयप्रकाश मल्लले आफ्ना भाइहरूलाई राज्यबाट निकालिदिएका थिए भने उनी स्वयं पनि आफ्नी रानी दयावतीबाट पदच्युत हुन पुगेका थिए । भक्तपुरमा पनि शुरूदेखि नै यस्तै कलह चर्किरहेको थियो । यसरी शासक खलकमा देखा परेको कलहले गर्दा भारादारहरू शक्तिशाली हुँदै गए । उनीहरूमा अनेक गूटबन्दी देखा पर्न थाल्यो । मौका परेपछि आफ्ना प्रतिद्वन्द्वीहरूलाई दबाउने गर्दथे । साथै, राजा कमजोर भएको बखतमा सम्पूर्ण राजकाजमा आफ्नो दबदबा फैलाउने जस्ता कार्य मन्त्रीहरू गर्न थाले ।

ललितपुरमा त निकै लामो समयसम्म मन्त्रीहरूको मनोमानीले गर्दा अराजकता नै छाएको थियो । उनीहरू आफूले इच्छाएको व्यक्तिलाई राजा बनाउने तथा मन नपर्नासाथ पदच्युत गर्ने गर्दथे । यसरी मल्ल-दरबारभित्र भएको आन्तरिक कलहले गर्दा कुनै पनि राज्यभित्र शान्ति र व्यवस्थित परिपाटी थिएन । त्यसैले दयावतीले आफ्नो लोग्नेको विद्रोह गरेर पृथ्वीनारायण शाहलाई उपत्यकामा आक्रमण गर्न निम्त्याएकी थिइन् भने ललितपुरका प्रधानहरूले त पृथ्वीनारायण शाहलाई राज्य नै जिम्मा लगाएका थिए । यसरी मल्ल-दरबारभित्रको गुटबन्दी तथा सत्ताको निम्ति झगडा गर्ने परिपाटीले गर्दा पनि मल्लहरूको पतन हुन गएको हो ।

## ३. रणजित् मल्लको अदूरदर्शिता

रणजित् मल्लको अदूरदर्शिता पनि मल्लहरूको पतनको कारण बन्न गएको थियो । वास्तवमा उपत्यका सङ्गठित अवस्थामा रहेको खण्डमा मल्ल-राज्य जित्न सकिँदैन भन्ने कुरा पृथ्वीनारायण शाहले बुझेका थिए । उनले नुवाकोटमा पहिलोपल्ट आक्रमण गर्दा उपत्यकाका तीनै मल्लराज्यहरूका सेनाहरूले संयुक्त रूपमा गोरखाली फौजको सामना गरेका थिए । यस युद्धबाटै पृथ्वीनारायणशाहले मल्लराज्यका फौजहरूको शक्ति देखिसकेका थिए । त्यसैले पृथ्वीनारायण शाह उपत्यकालाई फुटाउने उद्योग गर्न थाले । रणजित् मल्लका छोरासँग पृथ्वीनारायण शाहले मीत लगाएका हुँदा उनी रणजित् मल्ललाई 'मीतबाबा' भनेर सम्बोधन गर्दथे । उनले रणजित् मल्ललाई गोरखाको मित्र

बनाएर कान्तिपुरका कतिपय प्रदेशहरू जितेर दिने प्रलोभन देखाई कान्तिपुरसँग फूट पैदा गराइदिए । नुवाकोटपछि चाँगु, साँखु, नालदुम, महादेव-पोखरी, दोलखा आदि कतिपय कान्तिपुरका प्रदेशहरू जितेर पृथ्वीनारायण शाहले भक्तपुरलाई दिएका पनि थिए । यसरी रणजित् मल्लको कान्तिपुरसँग सदाको निम्ति फाटो पैदा भयो । पृथ्वीनारायण शाह भक्तपुरलाई हातमा लिएर उपत्यका जित्न चाहन्थे । रणजित् मल्लले पृथ्वीनारायण शाहको यी नीति बुझ्न सकेनन् । फलतः पृथ्वीनारायण शाहलाई उपत्यका जित्न सजिलो पर्न गयो । रणजित् मल्ल पृथ्वीनारायण शाहको कूटनीति बुझ्न सफल भएका भए तथा पृथ्वीनारायण शाहको सट्टा मल्लराज्यसँग नै मिल्न गएका भए पृथ्वीनारायण शाहले मल्ल-राज्यहरू त्यति सजिलैसित जित्न सक्ने थिएनन् । अतः मल्ल राज्यको पतनमा रणजित् मल्ल पनि चोखा छैनन् ।

## ४. ललितपुरका प्रधानहरूको मनोमानी

मल्लवंशको पतनमा ललितपुरका प्रधानहरूको चकचकी पनि एक कारण बन्न गएको देखिन्छ । योगनरेन्द्र मल्लको मृत्युपछि नै ललितपुरमा अशान्तिको लहर छाएको थियो । उनका उत्तराधिकारी नभएको हुँदा छोरी योगमतीले निकै समयसम्म शासनमा अधिकार जमाइन् । उनीपछि भने ललितपुरको शासन प्रधानहरूको हातमा गयो । प्रधानहरू इच्छाएको व्यक्तिलाई राजा बनाउने, इच्छा नपरे पदच्युत गर्ने जस्ता कार्यहरू गर्दथे । उनीहरूले आफ्नो स्वार्थसिद्ध गर्न कहिले कान्तिपुरका राजा जयप्रकाश मल्ललाई राजा बनाउने, त कहिले भक्तपुरका राजा रणजित् मल्ललाई राजा बनाउनेसम्म पनि गरेका थिए । यसले गर्दा मल्ल राजाहरूमा द्वेषको भावना फैलन मद्दत पुग्यो । जयप्रकाश मल्लले ती प्रधानहरूसँग बदला लिन खोज्दा प्रधानहरू सीधै गोरखासँग सम्पर्क राख्न पुगे । यसले गर्दा पृथ्वीनारायण शाहको पक्ष बलियो हुँदै गयो । दलमर्दन शाह प्रतिनिधिको रूपमा ललितपुरका राजासम्म पनि बनेका थिए । यो पनि पृथ्वीनारायण शाहको एउटा कूटनीति नै थियो । त्यसवेला कीर्तिपुर ललितपुर-राज्यभित्र पर्दथ्यो । पहिले पृथ्वीनारायण शाहले कीर्तिपुरमा आक्रमण गर्दा उपत्यकाका मल्ल राजाहरूले सङ्गठित रूपमा आक्रमणको सामना गरेका थिए । फलस्वरूप गोरखाको ज्यादै नराम्रो हार भएको थियो । दलमर्दन शाह ललितपुरको राजा भएकै वेलामा फेरि गोरखाले कीर्तिपुरमा आक्रमण गऱ्यो । स्वयं ललितपुरका राजाले त्यसमा चाख लिएनन् । अन्य राज्यहरूले झन् वास्ता गर्ने कुरै भएन । दोस्रो आक्रमण पनि असफल भएपछि अर्कोपल्ट दलमर्दन शाहकै पालामा पृथ्वीनारायण शाहले कीतिपुरमा विजय गर्न सके । यसरी ललितपुरका प्रधानहरूको मनोमानीले गर्दा पनि मल्लहरूको पतनमा सहयोग पुग्न गयो । प्रतिस्पर्धा र द्वेषको भावना फैलेको ठाउँमा दलमर्दन शाहलाई राजा बनाएर प्रधानहरूले आफ्नो खुट्टामा आफैले बन्चरो हाने ।

## ५. जयप्रकाश मल्लको रिस तथा शङ्कालु स्वभाव

कान्तिपुरका अन्तिम मल्ल राजा जयप्रकाश मल्ल सूरा तथा पराक्रमी थिए तैपनि उनको कडा स्वभावले गर्दा दरबारमा प्रायः सबै उनको विरोधमा थिए । मल्लराज्यलाई बचाउन उनी प्रयत्नशील थिए । उनी जति सक्रिय थिए, त्यति नै अरू मल्ल राजाहरू

पनि भएका भए मल्लराज्यको विनाश हुने थिएन । तर यति भए पनि जयप्रकाश मल्लको स्वभावले गर्दा कसैले पनि उनलाई साथ दिन सकेका थिएनन् । सानो-सानो अपराधमा पनि ठूलो सजाय दिने तथा अनावश्यक शङ्कागर्ने उनको नीति थियो । यसले गर्दा उनका भाइभारादारहरू, उनका सेनाहरू तथा उनकी पत्नीसमेत उनको विरोधमा भए । जयप्रकाश मल्लको यही कडा स्वभावको कारणले नै भक्तपुर तथा ललितपुर राज्यलेसमेत उनको 'मल्लराज्य बचाऊ' अभियानलाई साथ दिन सकेनन् । उनको स्वभावकै कारणले रानी दयावतीले उनलाई पदच्युत गराएर छोरालाई राजा बनाउने कामसम्म पनि गरेकी थिइन् । यसरी जयप्रकाश मल्ल सूरा र पराक्रमी राजा भए पनि उनको यस स्वभावले गर्दा अन्तिम समयमा उनले मल्लराज्यलाई सङ्गठित पार्न सकेनन् । अतः मल्लवंशको पतनमा परोक्ष रूपमा जयप्रकाश मल्ल पनि उत्तरदायी देखिन्छन् ।

## ६. आर्थिक नाकाबन्दी

काठमाडौं उपत्यकाको मल्लराज्यको पतनको प्रमुख कारण उपत्यकाको आर्थिक नाकाबन्दी पनि हो । पृथ्वीनारायण शाहले सीधै उपत्यकाभित्र आक्रमण नगरेर उपत्यकाका राज्यहरूलाई आफै निर्बल बनाउने उद्देश्य लिए । यसको निमित उनले आर्थिक नाकाबन्दीको नीति अपनाए । वि.सं. १८०१ मा नुवाकोट-विजय गरेपछि पृथ्वीनारायण शाहले उपत्यकाको नुवाकोट भई तिब्बत व्यापार गर्ने मार्ग बन्द गरिदिए । त्यसपछि पनि क्रमशः उपत्यकाका मार्गहरू बन्द गर्दै गए । वि.सं. १८१९ मा मकवानपुर पृथ्वीनारायण शाहले जितेपछि भने उपत्यकामा पूर्ण रूपले सङ्कट शुरू भयो । उपत्यकामा आउने बाहिरी सामानहरूपूर्ण रूपले बन्द भएपछि उपत्यकावासीहरूमा हाहाकार उत्पन्न भयो । नून, कपास आदिका अतिरिक्त दाउरा अन्न, भेडा, बाखा आदि पशुसमेत उपत्यकाभित्र लान निषेध गरियो । जबरजस्ती सामान लग्न खोज्नेलाई कडा दण्ड गरिन्थ्यो । यसरी आर्थिक नाकाबन्दीमा पृथ्वीनारायण शाहले निकै कडा नीति अपनाएका थिए । फलस्वरूप उपत्यकामा हाहाकार उत्पन्न भयो । देशमा ठूलो आर्थिक सङ्कट उत्पन्न भयो । सेनालाई तलब दिने पैसासम्म पनि राजढुकुटीमा रहेन । फलस्वरूप राजाहरू मठ-मन्दिरका देवस्व मास्न थाले । यो पनि धर्मभीरु जनतालाई असन्तुष्ट पार्ने माध्यम मात्र भयो । यतिले पनि नपुगेर एक-अर्काको राज्यमा भोटे जातिलाई लगाई लुट्ने परिपाटी बसाइयो । यसबाट आतङ्क बढाउने काम मात्रै भयो । नून, कपास आदि सामानको पूर्ण अभावले गर्दा मानिसका लुगा झुत्राझाम्रा भए । नून खान नपाएर मानिसहरू छटपटिन थाले । निकै लामो समयसम्म यो सङ्कट रहिरहेपछि उपत्यकावासीहरू 'कहिले पृथ्वीनारायण शाहले यहाँ विजय गरेर सङ्कटमोचन गरिदेलान्' भन्ने आशामा रहन थाले । उपत्यकाका केही व्यापारीहरू र प्रमुख मान्छेहरू भित्र-भित्रै पृथ्वीनारायण शाहसँग मिल्न थालेका थिए । आफ्नो धन-जन बचाउने एकमात्र उपाय उनीहरूले यही सोचे ।यसरी पृथ्वीनारायण शाहले उपत्यकाका वासिन्दामा असन्तोष फैलाई त्यहाँका राजाहरूलाई शक्तिहीन तुल्याए । फलस्वरूप उपत्यकाको प्रमुख राज्य कान्तिपुरको विजय गर्दा यहाँका मानिसहरूले विद्रोह गर्नुको सट्टा पृथ्वीनारायण शाहको खुला हृदयले स्वागत गरे । यसरी उपत्यकामा गरिएको आर्थिक नाकाबन्दीको कारणबाट पनि मल्लहरूको नाश हुन गएको हो ।

## ७. पृथ्वीनारायण शाहको क्षमता र कूटनीति

मल्लवंशको पतनको प्रमुख कारण पृथ्वीनारायण शाहको क्षमता र कूटनीति पनि हो । वास्तवमा तात्कालिक अवस्थामा गोरखाजस्तो सानो राज्यले नै नेपाल एकीकरणको भार बोक्नु इतिहासको एउटा रमाइलो पक्ष नै हो । उपत्यकाको मल्लराज्यसँग त गोरखाको कुनै तुलना हुनै सक्तैनथ्यो, उता लमजुङ आदि कतिपय चौबीसे राज्यहरूभन्दा पनि गोरखा निकै कमजोर राज्य मानिन्थ्यो । सैन्यशक्तिको आडमा उपत्यकामा विजय पाउने आशा गर्नु हास्यास्पद देखिन सक्थ्यो । उपत्यकाका मल्ल राजाहरूको उत्तर चीन, तिब्बत तथा दक्षिणको इस्ट इन्डिया कम्पनी (अङ्ग्रेज) सरकारसँग पनि राम्रो सम्बन्ध थियो । उपत्यकाको एउटै इशारामा उत्तर तथा दक्षिणतर्फबाट सेनाको लहर लाग्न सक्तथ्यो । यतागोरखाले केही बढ्ने प्रयत्न गरेमा लमजुङ आदि राज्यहरूले गोरखालाई दुःख दिने तथ्य पनि स्पष्ट नै थियो । यस्तो अवसमा गोरखाको पूर्वतिर बढ्ने प्रयास केल पृथ्वीनारायण शाहको कूटनीतिमा मात्र आधारित हुन सक्तथ्यो । यसैले पृथ्वीनारायण शाहले भक्तपुरसँग मितेरी साइनो जोडेर त्यसैको माध्यममा भक्तपुरलाई आफ्नो पक्षमा मिलाई उपत्यकामा फाटो गराइदिए । त्यसपछि आर्थिक नाकाबन्दीको नीतिको अनुसरण गरे । उपत्यकामा पनि मेल कायम हुन नदिने, लमजुङ आदि चौबीसे राज्यहरूसँग पनि सन्धि गरेर गोरखाको मेलमिलाप कायमै राख्ने नीति उनले लिई नै राखे । पृथ्वीनारायण शाहको कूटनीतिको अर्को महत्त्वपूर्ण पक्ष आर्थिक नाकाबन्दी हो । सीधै सैन्यशक्तिको भरमा उपत्यकासँग भिड्नु गोरखाको लागि सम्भव थिएन । त्यसैले पृथ्वीनारायण शाहले उपत्यकाका वासिन्दामा असन्तोष फैलाई त्यहाँका राजाहरूलाई शक्तिहीन पार्ने उद्देश्यले चारैतिर घेरा हाली कपास आदि पदार्थहरू उपत्यकाभित्र छिर्न नदिने गराए । उपत्यकाका धनी-मानी तथा प्रमुख व्यक्तिहरूलाई चिठ्ठी लेखेर आफ्नो पक्षमा मिलाउने कार्य गरे । यसरी पृथ्वीनारायण शाहले पच्चीस वर्षसम्म निरन्तर प्रयत्न गरेर मात्र उपत्यकामा विजय गर्न सकेका हुन् । यो सबै उनको क्षमता तथा कूटनीतिकै परिणाम हो ।

वास्तवमा मल्लहरूको पतन तथा नेपालको एकीकरण एउटा अनिवार्य आवश्यकता भइसकेको थियो । विस्तारवादी अङ्ग्रेज सरकारले भारतमा क्रमशः आफनो अधिकार कायम गरेपछि नेपालतर्फ पनि आँखा लगाउन थाललिसकेको थियो । धर्मप्रचार गर्ने निहुँमा हिन्दूधर्मका विरोधी तत्त्वहरू निकै अगाडिदेखि नै नेपालमा पस्न थालिसकेका थिए । यता नेपालभित्र साना-साना रजौटाहरू आपसमा लड्ने-भिड्ने काममा मात्र संलग्न थिए । यस्तो अवस्थामा अङ्ग्रेज सस्कारले सजिलैसित नेपालमा अधिकार कायम गर्न सक्तथ्यो । आफ्नो देशको अस्तित्वलाई कायमै राख्न पृथ्वीनारायण शाहले अँगालेको कूटनीति इतिहासको उल्लेखनीय पक्ष हो ।

यसरी उपत्यकाका मल्लहरूको पतनको निम्ति उपर्युक्त विभिन्न कारणहरू नै जिम्मेवार देखिन्छन् । माथिका विभिन्न कारणहरूमा कुनै एक मात्र जिम्मेवार नरही सबै नै कुनै न कुनै रूपमा एक-अर्कासँग सम्बद्ध छन् तापनि मल्लहरूबीच आपसी बेमेल तथा पृथ्वीनारायण शाहको क्षमता र कूटनीति विशेष उल्लेखनीय छन् ।

# मल्लहरूको शासन-प्रणाली

मल्लकालको शासन-व्यवस्थाबारे तात्कालिक विभिन्न अभिलेखहरू, हस्तलिखित ग्रन्थहरू एवं टिपोटहरू तथा विदेशीहरूको वर्णनबाट बुझ्न सकिन्छ। पाइएका सामग्रीहरूको आधारमा मध्यकालको शासन-प्रणालीको वर्णन यस प्रकार गर्न सकिन्छ।

## राजा

लिच्छविकालमा जस्तै मध्यकालमा पनि राजतन्त्रात्मक व्यवस्था नै कायम थियो। सम्पूर्ण क्षेत्रमा राजा नै सर्वेसर्वा हुन्थे। न्यायप्रमुख, सेनाप्रमुख तथा प्रशासनप्रमुख राजा नै हुन्थे। युद्धको नेतृत्व राजा आफै गर्थे। मल्ल राजाहरू टाढा-टाढासम्म पनि सेनाको नेतृत्व गरेर युद्ध-सञ्चालन गर्न गएका उदाहरणहरू पाइन्छन्। राजाहरू आफूलाई ठूलाठूला पदहरूले सम्बोधन गर्न रुचाउँथे। अधिकांश मल्ल राजाहरूले नेपालेश्वर, राजराजेन्द्र, सकलशस्त्रशास्त्रसङ्गीतादिविद्यापारङ्गत, कवीन्द्र आदि पदहरू लिने गरेका थिए। प्रताप मल्लले शानइलाही जहाँगीर जस्ता पदवीहरू पनि लिने गरेका थिए। राजाहरू धर्मकर्ममा लाग्ने, मन्दिर पाटीपौवाहरूको निर्माण एवं जीर्णोद्धार गर्ने तथा नाचगानमा समेत भाग लिने गर्दथे। राजाहरू प्रजाहरूको हितअनुरूप नै काम गर्नेगर्दथे। भक्तपुरका राजा रणजित् मल्ल त कुनै ठोस निर्णय लिनुपर्दा जनमत समेत लिने गर्दथे। राजा र प्रजाबीच लिच्छविहरूको जस्तो आदर्श सम्बन्ध नभए पनि मल्ल राजाहरू अभिलेख तथा सनदपत्रहरू निकाल्दा 'शुभविचार' - म तिमीहरूको शुभ चाहन्छु, तिमीहरूलाई दुःख कष्ट नहोस् भन्ने आशय व्यक्त गर्दथे।

राजापछि सामान्यतः राजाको जेठो छोरो नै राजा हुने चलन थियो तापनि यस सम्बन्धमा कुनै निश्चित नियम भने थिएन। सबै दाजुभाइहरूको संयुक्त शासन चल्ने गरेको उदाहरण निकै पाइएका छन्। राजाको छोरा नभएमा नजिकैको हकदारहरूलाई राजा बनाइन्थ्यो। यसरी मल्लकालमा राजकुलको भूमिका महत्त्वपूर्ण थियो।

## मन्त्रिपरिषत्

राजालाई राजकाजमा सहयोग गर्न केन्द्रमा मन्त्रिपरिषद् बनेको हुन्थ्यो। मन्त्रिपरिषत्मा प्रायः पाँच मन्त्री हुन्थे। तीमध्ये एकजना चौतारा (मुख्य मन्त्री) हुन्थे। त्यसबेला मन्त्रिमण्डल गठन गर्ने परम्परा आफ्नै किसिमको थियो। त्यसवेला राजधानी रहेका मूल शहरहरू प्रशासनको दृष्टिले विभिन्न टोलमा विभाजित थियो। यी सबै टोलको रेखदेख गर्न प्रधानहरू पनि भारादारी (राजसभा) मा स्थान पाउँथे। प्रायः यिनै प्रधानहरूबीचबाट चयन गरी राजा मन्त्रिपरिषत्को गठन गर्दथे। यी मध्ये चौताराको

छनौट गर्दा विशेष गरेर राजा र प्रजालाई रिझाउन सक्ने व्यक्ति नै छान्ने गरिन्थ्यो । राजा-प्रजालाई रिझाउन नसक्ता तथा आफ्नो कर्तव्यको पालन नगर्दा कतिपय चौताराहरू पदच्युत गरिएका उदाहरण पनि पाइन्छन् । चौतारा तथा मन्त्रीहरू पनि कम शक्तिशाली हुँदैनथे । वास्तवमा राजा कमजोर हुनेबित्तिकै उनीहरू शक्तिशाली भएर निस्कन्थे । विभिन्न गुटबन्दी भएको हुँदा एकले अर्कोलाई उचाल्ने, पदच्युत गराउने परिपाटी निकै देखिन्थ्यो । कहिलेकाहीं त राजालाई समेत दबाउन वा पदच्युत गराउन पनि यी चौतारा चुक्तैनथे । चौतारा देवीदास चिकुटी, लक्ष्मीनारायण, भगीरथ भैया, भागीराम आदि आफ्नो समयका प्रभावशाली चौताराहरू थिए । तर जे जस्तो भए पनि आफ्नो राज्यको गौरव कायम राख्नु नै मन्त्रीहरूको मुख्य कर्तब्य सम्झिन्थ्यो ।

## जिल्ला शासन

मध्यकालको पूर्वार्धसम्म (यक्ष मल्लको वेलासम्म पनि) मल्लहरूको प्रशासन-व्यवस्था केही बेग्लै प्रकारको थियो । राज्य अनेक विषय (जिल्ला) मा विभक्त भएको थियो । मल्ल राजाहरू भक्तपुरमा बसी शासन गर्दथे र कान्तिपुर, कलितपुर, फर्पिङ, दोलखा, नुवाकोट आदि क्षेत्रहरूको प्रशासन सामन्तरूपका तथा पुस्तैनी हक पाएका स्थानीय प्रशासकहरू चलाउँथे । तिनीहरू केन्द्रमा केही कमजोरी देखिनेबित्तिकै आफू स्वतन्त्र हुने ताकमा लागिहाल्दथे । राजाहरूले कुनै महत्त्वपूर्ण निर्णय लिनुपर्दा समेत यी सामन्त शासकहरूसँग सरसल्लाह र सम्झौता गर्नुपर्दथ्यो । यक्ष मल्लले आफ्नो विजयको अभियान चलाउनुभन्दा अघि सबै क्षेत्रका सामन्त शासकहरूलाई भेला पारेर सन्धि गरेका थिए । यसरी यक्ष मल्लको शासनकालसम्म उपत्यकामा प्रान्तीय शासनको अस्तित्व कायम थियो । तर यक्ष मल्लको अन्तपछि मल्लराज्य विशाल रूपमा नरहेर साना-साना अनेक राज्यहरूमा टुक्रे । फलस्वरूप प्रशासन-व्यवस्थामा पनि अन्तर आयो । सामन्त-शासनको व्यवस्था हराएर गयो । अब आएर राजधानी रहेका शहर बाहेक अरू ठूला-ठूला बस्तीहरू देउपाटन, ठिमी, कीर्तिपुर, नुवाकोट, दोलखा आदि क्षेत्रहरूमा स्थानीय प्रशासन चलाउन परमान (बडाहाकिम) नियुक्त गरिन थाले । यिनीहरूको नियुक्ति राजाद्वारा नै हुन्थ्यो । अन्य साना-साना बस्तीहरूको प्रशासन चलाउन भने 'द्वारे' नियुक्त गरिन्थे ।

## पञ्चायत व्यवस्था

पञ्चायत-व्यवस्था मल्लकालको शासनको अर्को महत्त्वपूर्ण पक्ष हो । गाउँ-गाउँ तथा टोल-टोलको व्यवस्था हेर्न पञ्चायतहरू थिए । वास्तवमा त्यसवेला पञ्चहरूको ठूलो स्थान थियो । सानातिना मुद्दा-मामिला पञ्चायतले नै हेर्ने तथा मिलाउने गर्दथ्यो । राजपरिवांरको अंशबन्डा गर्दा समेत पञ्चहरू साक्षी राख्ने चलन थियो । स्थानीय प्रशासन चलाउने कार्यको अतिरिक्त पाटीपौवा, बाटोघाटो, मन्दिर आदिको निर्माण गर्ने तथा विभिन्न धर्मसम्बन्धी कार्यहरूमा समेत पञ्चायतहरू सक्रिय हुन्थे । त्यसवेला पञ्चायतलाई 'पञ्चकचहरी' वा पञ्चसमुच्चय' भन्ने गरिन्थ्यो । प्रधान पञ्चलाई 'पञ्चथकाली' भनिन्थ्यो । महेन्द्र मल्लले टोल-टोलका पञ्चायतहरू र गाउँपञ्चायतहरूलाई यस्तो निर्देशन दिएका थिए – "सधैं प्रजाको हित गर्नु, सच्चा बोल्नू, टोल-गाउँको कचहरी

गाउँ-टोलमै मिलाइदिनू, न्यायको न्याय गर्नू ।" प्रजाहरूले खान पाए-पाएनन् भन्ने विषयमा पनि पञ्चहरूले ध्यान राख्नुपर्ने धारणा त्यसवेला थियो । प्रजाहरूले खान नपाएको खण्डमा पञ्चहरूले पापकोभागी बन्नुपर्ने धारणा त्यसबेला विद्यमान थियो । कुनै थिती बाँध्दा राजाहरू 'सबै पञ्चहरूसँगै सल्लाह गरी यो थिती बाँधिएको हो' भन्ने गर्दथे । यसरी मल्लकालको प्रशासनमा पञ्चहरूको भूमिका निकै महत्त्वपूर्ण मानिन्थ्यो ।

## टोल-टोलको व्यवस्था

मुख्य शहर प्रशासकीय दृष्टिकोणले विभिन्न टोलमा विभाजित गरिएको हुन्थ्यो । त्यसताका भक्तपुर, ललितपुर आदि शहरहरूमा प्रायः चौबीस टोल थिए; यी प्रत्येक टोलको रेखदेख गर्न 'प्रधान'हरू नियुक्त गरिएका हुन्थे । यी टोल-टोलका प्रधानहरूले भारादारी (राजसभा) मा पनि स्थान पाएका थिए । टोल-टोलमा रहेका 'पञ्चकचहरी' पनि टोलको व्यवस्था मिलाउन सक्रिय रहन्थे ।

यसको अतिरिक्त अन्य विभिन्न व्यक्तिहरू पनि प्रशासनमा सक्रिय थिए । जस्तै-राजोपाध्याय (राजगुरु), उमरा (सैनिक मुख्य तथा भूमिकर उठाउने अधिकृत), कोट्टनायक (किल्लाको रक्षक), छरिदार (दौडाहा) आदि । छरिदारहरूलाई देशका विभिन्न भागमा अन्याय वा गैर-कानून काम भएको उजूरी परेमा पठाएर बुझ्न लगाइन्थ्यो । मुद्दा-मामिलासम्बन्धी छानबिन गरेर तत्कालै निर्णय दिने तथा जग्गाको मोहियानी दर्ता गर्ने कार्य समेत यसले गर्दथ्यो । यसको अतिरिक्त ठाउँ-ठाउँमा प्रहरी ठानाहरू पनि राखिदिएका थिए ।

## न्यायव्यवस्था

मल्ल राजाहरू आपसमा जे-जस्तो झगडा गरे पनि जनतालाई निष्पक्ष न्याय दिलाउन प्रयत्नशील रहन्थे । सानातिना मुद्दा-मामिला र झैं-झगडा पञ्चहरूले नै मिलाउने गर्दथे । पञ्चायतको निर्णयमा चित्त नबुझे राजाकोमा उजूर गर्न पाइन्थ्यो । जगज्जय मल्लको एक ताम्रपत्रअनुसार 'आफूलाई मर्का परे फूल लिएर दरबारमा उपस्थित हुने र आफ्नो कुरो बताउने, उजूरीमा चित्त बुझे राजाले फूल ग्रहण गर्ने' यस्तो व्यवस्था त्यसवेला थियो । प्राचीन धर्म-शास्त्रहरूको आधारमा न्याय दिलाउने धारणा त्यसवेला विद्यमान थियो । जयस्थिति मल्लले सुधारको अभियान चलाउँदै न्यायिक सुधारमा पनि ध्यान दिएका थिए । सिद्धिनरसिंह मल्लले गोरखाका राम शाहको नीति लिएका थिए भने प्रताप मल्लले त यसमा निकै सुधारसमेत गरेका थिए । प्रताप मल्लको शासनताका कुनै अभियुक्तसँग बयान लिंदा आकाशभैरव वा कोटिलिङ्गेश्वरको फलक छोएर शपथ लिन लगाइन्थ्यो । पछि प्रताप मल्लले अभियुक्तको सट्टा न्यायाधीशहरूले निष्पक्ष न्याय दिन, शपथ खान कोटिलिङ्गेश्वरको फलक छुने नियम बसालिदिए । यसमा पनि चित्त नबुझेर उनले केही ठूला-ठूला अपराधहरूको अन्य अदालतहरूले गरेको फैसलामाथि फेरि छानबीन गर्न एक विशेष किसिमको अदालतको व्यवस्था गरेका थिए । सानातिना अपराधहरूमा आर्थिक दण्ड गर्ने तथा ठूला अपराध गर्नेहरूलाई मृत्युदण्ड दिने चलन थियो । कुनै

कर्मचारीले अन्याय गरेमा राजा विचार गर्थे । दोलखामा खटिएको उमराले कर उठाउँदा पिऱ्यो भन्ने उजूरी परेपछि जगज्जय मल्लले उमराको अधिकार सीमित गरेका थिए । यसरी मल्लकालको न्यायप्रणाली आफ्नै किसिमको थियो ।

## विदेश सम्बन्ध

प्राचीन कालमा स्थापित भएको नेपाल-भारत सम्बन्ध मध्यकालमा पनि विविध ढङ्गले कायमै रहेको देखिन्छ । यद्यपि यी दुई मुलुकहरूबीच मध्यकालको शुरुतिर भने त्यति राम्रो सम्बन्ध स्थापित भएको देखिँदैन । वास्तवमा उत्तर भारतमा भएको मुसलमानी आक्रमणको कारणले धेरै भारतीय विद्वान्हरू, भिक्षुहरू, व्यापारीहरू तथा सर्वसाधारण मानिसहरू समेत नेपालको विभिन्न भागमा शरणार्थीका रूपमा प्रवेश गरेका थिए । यी सबैलाई नेपालले शरण दिएको थियो ।

मध्यकालमा नेपाल-भारत सम्बन्ध राजनैतिक धारमा भन्दा बढी व्यापार सम्पर्कको कारणले नजिक भएको देखिन्छ । नेपालको बाटो भई तिब्बत जान सकिने भएको हुँदा भारतीय व्यापारीहरू काठमाडौंमा आउने-जाने गरिरहन्थे । विशेष गरेर नेपाल सिमानामा जोडिएका भारतीय क्षेत्रहरू देहरादून, गोण्डा, वस्ती, गोरखपुर, पूर्णिया, दरवंगा तथा पटन, बनारसका व्यापारीहरू नेपालको सिधा सम्पर्कमा थिए । मध्यकालमा नेपाल आएका युरोपियन धर्मप्रचारक पादरीहरूले समेत नेपालको भारतसंग व्यापार सम्पर्क भएको उल्लेख गरेका छन् ।

नेपालीहरूको विभिन्न काम विशेषले भारततर्फ गइरहनु पर्दथ्यो । नेपालीहरू तीर्थव्रत गर्न पनि भारत गइरहने गर्दथे । बनारसको विश्वनाथको दर्शन गर्न जाने देखिलिएर अन्य विभिन्न स्थानमा धर्मकर्म गर्न जाने चलन व्यापक थियो । मल्ल राजाहरू पनि बेलाबखतमा तीर्थ गर्न भारत जाने गर्दथे । नेपालीहरू अध्ययन गर्न पनि भारततर्फ गइनै रहन्थे । विशेष गरेर भारतको बनारस शिक्षाको महत्त्वपूर्ण केन्द्र थियो ।

प्राचीन कालमा स्थापित नेपाल-तिब्बत-चीन सम्बन्ध मध्यकालमा पनि अटुट रूपमा कायमै भएको देखिन्छ । पूर्वमध्यकालमा यी मुलुकहरू बीच शैक्षिक-सांस्कृतिक तथा व्यापारिक सम्बन्ध निकटरूपमा भएको देखिन्छ । तिब्बती ब्लु एनाल्सले नेपालबाट तिब्बत जाने तथा तिब्बतबाट नेपाल आउने धेरै पण्डितहरूको नाम उल्लेख गरेको छ । त्यस्तै नेपाल-तिब्बत व्यापार पनि निकै फष्टाएको थियो । पूर्वमध्यकालमा नेपाली धातुका मूर्तिहरू तिब्बतको बजारमा यति विघ्नरूपमा खपत भए कि तिब्बती शासक कुब्लाई खाँले नेपालबाट कलाकारको टोली नै झिकाए । ई. १२६१ मा नेपाली कलाकार अरनिको ८० जना कलाकार लिएर तिब्बतको ल्हासा पुगेका थिए ।

चीनबाट पनि समय-समयमा प्रतिनिधि मण्डल नेपाल आउने गर्दथ्यो । वि.सं. १४४१ मा आएको प्रतिनिधि मण्डलको स्वागत पलान्चोकका शक्तिसिंह रामले गरेका थिए भने वि.सं. १४७२ मा चीनका बादशाहले पठाएको पदवातामा प्रतिवर्ष शक्तिरामले उपहार सहित चीनमा दूत पठाउने गरेको तथ्य उल्लेखित छ ।

वि.सं. १७०० तिर भने नेपाल-तिब्बत बीच युद्ध भएको देखिन्छ । प्रतापमल्लका सहायेगी काजी भीम मल्लले सैनिक अभियानद्वारा तिब्बतमा आक्रमण गरेपछि तिब्बतले नेपालसंग सन्धी गरेको थियो । उक्त सन्धीमा परेका मुख्य कुराहरू निम्न बमोजिम थिए ।

(i) नेपाली व्यापारीहरूका बत्तीस कोठीहरू तिब्बतमा खोलिने

(ii) नेपाली व्यापारीहरूको रेखदेख गर्न एक वाणिज्य दूत (नायक = वकिल) तिब्बतमा रहने

(iii) भोटको निमित्त नेपालले मुद्रा बनाइ दिने, तथा नेपाली मुद्राहरू पनि भोटको बजारमा मान्य हुने

(iv) भोटमा नेपाली व्यापारीहरूको अपुताली परेमा त्यसको सम्पत्ति नेपाल सरकारलाई नै हस्तान्तरण गर्नुपर्ने ।

यसरी तिब्बतसँग भएको व्यापार सन्धिको कारणले नेपाल उपत्यकाको आर्थिक उन्नतिमा ठूलो सघाउ पुग्यो ।

यसरी मल्लकालको प्रशासनमा विभिन्न इकाइहरूका आफ्नै किसिमका विशेषताहरू थिए ।

# मध्यकालीन सामाजिक अवस्था

## सामाजिक बनोट

दशौं शताब्दीदेखि नेपालको इतिहासमा मध्यकालको आरम्भ भएको मानिन्छ । यो मध्यकाल पनि पूर्व मध्यकाल र उत्तर मध्यकालका रूपमा वर्गीकृत गरिएको छ । जयस्थिति मल्लको समयपूर्व मध्यकाल र त्यसपछि उत्तर-मध्यकाल भन्ने चलन छ ।

मध्यकालको आरम्भतिरको सामाजिक बनोटमा प्राचीनकालको भन्दा खास अन्तर देखिंदैन । लिच्छवि शासनव्यवस्थाको अन्त्य हुनथालेको भएं पनि नेपाली समाजको त्यो स्वरूप भने कायमै रह्यो । काठमाडौं उपत्यका बाहिर अनेक जनजाति बस्ने गर्थे, जसको सामाजिक बिवरण तयार गर्न स्रोतको अभाव छ । तर काठमाडौं राजनीतिक र सांस्कृतिक केन्द्र रह्यो । हाम्रो स्रोतले प्राय: यहींको समाजको बढी चित्रण गर्दछ । यस कालको समाजको चरित्र विशेष नयाँ थिएन । लिच्छवि शासकहरूले स्थापना गरेको सामाजिक मूल्य र मान्यता अनुरूपनै तत्कालीन समाज चलेको विश्वास गरिन्छ । वर्ण व्यवस्था नै सामाजिक वनोटको मूल आधार थियो । पूर्व मध्यकालका केही अभिलेखहरूले वर्ण व्यवस्थाको स्पष्ट उल्लेख नै गरेका छन् । ई. १३९२ को पाटन कुम्भेश्वर अभिलेख, ई. १४०३ को पाटन थम्बुटोलको अभिलेख, ई. १४०६ को फर्पिङको कोहु टोलको अभिलेख, आदिले त्यसवेला समाजमा चलेको वर्ण व्यवस्थाको चर्चा गर्दै चारै वर्णका मानिसहरूको सफलता र सद्भावनाको कामना गरेका छन् । चारै वर्णका मानिसहरूको भलाइका निमित्त धार्मिक कार्यहरू सम्पन्न गरेको उल्लेख ती अभिलेखहरूमा परेको छ । यसरी नेपालमा वर्ण व्यवस्था नै निरन्तर रूपमा चल्दै आएको बताउन खोजिएको छ ।

यक्षमल्ल, पार्थिवेन्द्रमल्ल आदि शासकहरूका अभिलेखहरूमा पनि वर्ण व्यवस्थाको चर्चा परेको छ । यक्षमल्लको ई. १४५२ को भक्तपुर दरवारको अभिलेखमा चारै वर्णका मानिसहरूको सहयोगमा भक्तपुर शहरलाई घेर्ने पर्खाल बनाइएको उल्लेख परेको छ भने पार्थिवेन्द्र मल्लको ई. १६७८ को पशुपति अभिलेखमा 'रत्नमल्लले कान्तिपुरलाई राम्रो वर्णाश्रम व्यवसायले बढिबढाउ भएको पार्नु भयो' भन्ने उल्लेख गरिएको छ । यी सवै तथ्यहरूबाट मध्यकालीन नेपालमा पनि प्राचीन हिन्दू परम्परा अनुरुपकै वर्ण व्यवस्था लागु गरिएको स्पष्ट हुन आउँछ । तर यो सबै हुँदाहुँदै पनि मध्यकालमा सामाजिक परिवर्तनको एउटा महत्त्वपूर्ण चरण भने तत्कालीन जनताले सामना गर्नुपरेको थियो । वास्तवमा पूर्व-मध्यकालमा भारत र नेपालमा धेरै घटनाहरू घटे । प्राचीनकालको विशाल नेपाल टुक्रिन थाल्यो भने भारतमा पनि मुसलमानी आक्रमण शुरु भयो । यसले गर्दा मानिसहरू शरणार्थीको रूपमा यत्रतत्र लाग्न थाले । नेपालमा पनि दक्षिणी भेकबाट धेरै राजनीतिक र अन्य शरणार्थीहरू पसे । यी जनसमूह विभिन्न धर्म र पेशाका अनुयायी

थिए । यस प्रवेशबाट नेपाली समाजको बनोट र व्यवस्थामा पनि गोलमाल हुने सम्भावना देखापऱ्यो । हिन्दू समाजमा एकातिर यस्तो थियो भने अर्कातिर बौद्ध धर्ममा आएको परिवर्तनले पनि समाजमा असर पार्न थाल्यो । बौद्ध धर्ममा बज्रयान सम्प्रदायको प्रवेशले भिक्षु भिक्षुणीहरू विवाह गरी गृहस्थीको रूपमा रहन थालेपछि रीतिस्थिति र सामाजिक संस्कारका कुराहरूमा अनेकता देखापर्न थाल्यो । अव समाज बौद्धमार्गी र शैव मार्गीका रुपमा चिनिन थाल्यो । यी दुवै सम्प्रदायका समुदायका वीचमा ठूला-ठूला झै-झगडा हुने गरेका तथ्यहरू केही स्रोतहरूले उल्लेख गरेका छन् । यसरी हिन्दू र बौद्ध दुवै सम्प्रदायमा कट्टर संस्कार वादिता (Ritualism) को बृद्धि भई समाजमा वर्ग भेद अझ कठोर बन्दै गइरहेको थियो । यी सबै कारणले गर्दा पूर्वमध्यकालको अन्त्यमा नेपाली समाजव्यवस्थाको पुनर्गठन गर्नुपर्ने आवश्यकता देखापऱ्यो । चौधौं शताब्दीको अन्ततिर राजा जयस्थिति मल्लले यही आवश्यकता महसुस गर्दै नेपाली समाजको पुनर्गठन गरे भन्ने भनाइ प्रचलित छ । जयस्थिति मल्लले 'चार वर्ण छत्तीस जातको व्यवस्था मिलाएँ' भनेर वंशावलीमा लेखिएको छ । वास्तवमा जयस्थिति मल्लको समयभन्दा धेरै अगाडिदेखि नै नेपालमा वर्ण व्यवस्था लागू थियो । हाम्रा लिच्छवि शासकहरू वर्णाश्रमव्यवस्थाको पालन गर्न इच्छुक रहेको धेरै उदाहरण लिच्छविकालीन शिलालेखहरूमा पाउन सकिन्छ । जयस्थिति मल्लले पुरानो परम्परालाई व्यवस्थित गर्न मात्र खोजेका हुन् । वर्ण व्यवस्था भन्नु नै पेशामा आधारित व्यवस्था हो । त्यसैले जयस्थिति मल्लले परम्परालाई पनि ध्यानमा राख्दै विभिन्न पेसा गर्ने समुदायका निमित्त विभिन्न निश्चित नियमहरू बनाइदिए । परम्परागत ब्राह्मण, क्षेत्री, वैश्य, शूद्रवर्गमा पर्ने जातिहरू पनि यहाँ बसोबास गर्दथे, कति विदेशबाट पनि आएका थिए । उपत्यकामा पनि पूजापाठ गर्ने वर्ग, शासकवर्ग, व्यापारीवर्ग तथा अन्य समुदायहरू थिए । यी सबैको परम्परागत पेशालाई व्यवस्थित गर्नका निमित्त जयस्थिति मल्लले जुन स्थिति बसाइदिए, पछि गएर तत्तत् पेशामा संलग्न सबै तत्तत् जातिका रूपमा चिनिन थाले । यिनीहरूमध्ये नेवार समुदायमा आचार्य, वैद्य, श्रेष्ठ र दैवज्ञ यी-चार थरी उच्च जातिमा गनिनथाले । साथै, तल्लो जात, अछूत जात भनेर विभिन्न जातिहरू पनि थिए ।

विभिन्न जातिहरूको लवाइ, खवाइ, रीतिस्थिति आदिमा पनि निश्चित नियमहरू तोकिए । यसअनुसार कसाईले बाहुला भएको लबेदा, पोडेहरूले टोपी, जुत्ता र सुनका गहनाहरू लगाउन नपाउने भए भने झिङ्गटीवाल घर बनाउन पनि अछूतवर्गलाई रोक लगाइयो । अछूत मानिएको समूहले शहरभित्र पस्न नपाउने भयो । शहरभित्र पस्नुपर्दा पोडेहरूले त कपाल केहीले छोपेर पस्नुपर्ने भयो । ठूला जातकी स्त्री तल्लो जातसँग पोइल गएमा तल्लो जात नै हुनुपर्ने भयो । भोजभतेरको नियम, विवाह, जन्म, मृत्यु आदि कार्यहरूमा पनि के-कसरी गर्ने तथा जुठो, सूतक कुन जातले कति दिन बार्ने आदि सम्बन्धमा पनि नियम बसाइयो । दण्ड सजाय गर्दा पनि जातअनुसार गर्न थालियो । राजाहरू मर्दा सबैले मलामी जानुपर्दथ्यो । त्यसमा जातीय उच्चताको आधारमा क्रम मिलाएर हिंडनुपर्दथ्यो ।

यसरी मध्यकालीन समाज अझ कठोर बन्दै गयो । वास्तवमा छुवाछुत र जातीय उच्चताको आडम्बर ज्यादै गहिरो रुपमा समाजमा देखापर्दै जान थाल्यो । वर्णव्यवस्था तथा प्राचीन शास्त्रीय परम्पराको नाममा यस्तै वर्गीय भेदभाव सिर्जना गर्ने नियमहरू नै

बन्दै गए । मध्यकालको यही क्रम आधुनिककालमा पनि कायमै रह्यो । आधुनिककालको सुरुतिर बनेको नियम यस्तै वर्णव्यवस्थाको संरक्षणमा बनेको देखिन्छ । यसको अन्तरालमा वर्तमान समयमा आएर वर्णव्यवस्थाको औचित्य त्यति देखिंदैन । अपितु परम्परागत संस्कारले अझै पूर्णरूपले छाड्न सकेको छैन ।

## समाजमा नारीहरूको स्थान

मध्यकालीन समाजमा नारीहरूको स्थितिबारे बताउने स्रोत सामग्रीहरू ज्यादै थोरै छन् । समष्टीगत रूपमा प्राप्त भएका सबै स्रोत सामग्रीहरूको अध्ययन गर्दा मध्यकालीन नारीहरूको स्थिति संतोषप्रद देखिदैन । वहुविवाह, सतीप्रथा, बालविवाह जस्ता कुरीतिहरूले समाजलाई पूर्णरूपमा जकडिसकेको थियो । बहुविवाह त तत्कालीन समाजको उल्लेखनीय पक्ष नै रहेको थियो । विशेषतः राजपरिवार र उनीहरूको सम्पर्कमा आएका उच्च व्यक्तिहरू अनेक पत्नीहरू राख्ने गर्दथे । मल्ल राजाहरूका पनि थुप्रै रानीहरू, रखौटीहरू रहन्थे । यसरी अत्यधिक मात्रामा पत्नीहरू राख्न पाउने परिपाटीले गर्दा स्त्री जातिले ज्यादै कष्टप्रद जीवन विताउनु परेको थियो । तत्कालीन समाजको अर्को कुरीति अथवा भनौं तत्कालीन स्त्री जातिको जीवनमा रहेको मुख्य अभिशाप सतीप्रथा हो । यद्यपि सतीप्रथा हिन्दू समाजमा प्राचीनकालदेखि नै चलिआएको भए तापनि मध्यकालीन भारतमा मुगलहरूको मारबाट बच्न राजपूत नारीहरूले आफ्ना योद्धा दिवंगत पतिहरूको चितामा हामफाल्ने प्रथा व्यापक भएपछि कुलीन हिन्दू समाजमा यस कुरीतिले जरा गाड्यो । फलस्वरूप मध्यकालीन नेपालमा सतीप्रथाले धार्मिक उपलब्धी कै रूपमा मान्यता पायो । ३३ जनासम्म एकै पटक सती गएका उदाहरण पनि भेटिन्छन् । छोरा नाबालक छन् भने चाहिं सती नगए पनि हुन्थ्यो ।

शिक्षा लिनपाउने अधिकार स्त्रीजातिलाई थिएन । तर पनि उच्च परिवारका महिलाहरूलाई केहीमात्रामा विभिन्न पक्षको जानकारी दिलाउने परिपाटी भने थियो । केही महिलाहरूले राजनैतिक बागडोर सम्हालेको प्रसंगबाट पनि यस सम्बन्धमा केही जानकारी पाउन सकिन्छ । केही मल्ल रानीहरूले लेखेका स्तोत्र पनि उपलब्ध छन् ।

राजनैतिक क्षेत्रमा अग्रसर हुने केही महिलाहरूको उल्लेख गर्दा देवलदेवी, गंगारानी, लालमती, ऋद्धिलक्ष्मी, योगमती, दयावती आदिको नाम अग्रपंक्तिमा राख्न सकिन्छ । यी रानीहरू मध्ये कसैले छोराको नायव भएर कसैले लोग्नेको बिद्रोही भएर तथा कसैले आफ्नै योग्यताबाट राज्य संचालनको कार्य समुचित ढंगले चलाएका थिए ।

त्यसवेलाका महिलाहरूले धार्मिक क्षेत्रमा पनि महत्त्वपूर्ण कार्य गरेका छन् । विभिन्न मठ मन्दिरहरू बनाउने, यज्ञहोम गर्ने, पाटीपौवा बनाउने जस्ता कार्यहरूमा नारीको संलग्नता रहेको पाइन्छ ।

समग्ररूपमा हेर्दा मध्यकालमा नारीहरूको अवस्था सन्तोषजनक देखिंदैन । वास्तवमा क्रमशः समाजमा नारीहरू प्रति कट्टर नियमहरू बन्दै गए । सतीप्रथा, बालविवाह, बहुविवाह जस्ता कुरीतिहरूको कारणले गर्दा नारीहरूको अवस्था ज्यादै सोचनीय बन्दै गयो ।

## सती प्रथा

नेपाली समाजको प्राचीन कालदेखि नै चल्दै आएको कुरीति सतीप्रथा हो । प्राचीन कालमा धार्मिक विधि अनुरूप विवाह गरी एक अर्काको पूरक अङ्ग भएका पति पत्नीमा पतिको देहान्तले आधा अङ्ग पत्नी जीवित रहिरहनु व्यर्थ छ भन्ने नैराश्यमूलक सामाजिक आस्थाको विकास भयो र हिन्दूसमाजमा सतीप्रथा प्रचलनमा आयो । प्राचीन नेपाली अभिलेखहरूबाट बुझिए अनुसार राजपरिवार र उच्च खानदानका नारीहरूमा लोग्नेको मृत्युपछि सती जानु त पर्दथ्यो तर अनिवार्य भने थिएन । सती जाने अथवा सतीब्रतमा रहने दुई मार्ग मध्ये एक रोज्न पाउने परिपाटी थियो । मानदेवकी आमा राज्यवती, भौमगुप्तकी आमा आभिरीआदि सती नगई सतीव्रतमा बसेको देखिन्छ ।यसरी सतीब्रतमा रहेपछि स्त्रीको स्वतन्त्रतामा निकै वन्देज लाग्दथ्यो । धर्म, कर्म वा अन्य कुनै पनि कार्य गर्दा मान्यजन वा छोराको अनुमति लिनु पर्दथ्यो ।

मध्यकालमा आएपछि सती प्रथा झन् व्यापक हुँदै गयो । मध्यकालीन भारतमा मुसलमानहरूको मारबाट बच्न राजपूत नारीहरूले आफ्ना दिवंगत पतिहरूको चितामा हाम फाल्ने प्रथा व्यापक भएपछि कुलिन हिन्दू समाजमा यस कुरीतिले जरो गाड्यो । फलतः प्राचीन कालको तुलनामा मध्यकालमा सती प्रथा बढी नै प्रचलित भयो । प्रतापमल्ल मर्दा ९ जना, रत्नमल्ल मर्दा १० जना तथा योगनरेन्द्र मल्ल मर्दा त ३३ जनासम्म सती गएको बुझिन्छ । छोरा नावालक भएको खण्डमा भने सती नगए पनि हुनसक्तथ्यो तर सतीव्रतमा बस्नुपर्दथ्यो ।

पृथ्वीनारायण शाहको एकीकरण अभियान पश्चात उनले समुच्च क्षेत्रमा समसामयिक सुधार गर्ने लक्ष्य राखेका थिए। उनी सती प्रथाका समेत विरोधी भएको महसूस हुन्छ । उनले आफ्नी जेठी सौतेनी आमा सन्तानविहीन भए पनि उनलाई र आफ्नी आमालाई समेत सती जानबाट रोकेका थिए । तर उनको दरवारमा त्यो भावनाको एकनास अनुसरण हुन सकेन । स्वयं पृथ्वीनारायण शाहको वि.सं. १८३१ मा देहावसान हुँदा रानी नरेन्द्रलक्ष्मी र केही केटीहरू सती गएका थिए । श्री ५ प्रतापसिंह शाहकी महारानी राजेन्द्रलक्ष्मी छोरा श्री ५ रणबहादुर शाह वाल्यावस्थामै भएका कारणले सती गइनन् । तर पछि स्वामी महाराज रणबहादुर शाहको वि.सं. १८६३ मा हत्या हुँदा उनका बडामहारानी राजराजेश्वरी र १४ केटीहरू साली नदीमा सती गएकाथिए । श्री ५ गीर्वाणको युवावस्थामै देहावसान हुँदा उनकी युवा रानीले भीनसेन थापाको करकापबाट अफ्नी बालिका छोरीलाई छोडी सती जानुपरेको थियो । यसरी स्वार्थसिद्धि गर्न करकापबाट सती जान वाध्य गराइएका उदाहरण पनि इतिहासमा पाइन्छन् । जनसाधारणमा आर्थिक स्वार्थसिद्धिका लागि नारीहरूलाई जबर्जस्ती सती लैजाने गरेका कथाहरू यत्रतत्र सुन्न पाइन्छ ।

सतीप्रथासित अनेक आस्था र भावना एवं इच्छाहरू पनि देखापर्छन् । पतिको देहान्त हुँदा कतिपय सतीहरू आफ्ना र आफ्ना पतिले प्रयोग गरेका भाँडाकुँडा, हातहतियार आदि आफ्ना इष्टदेवतालाई चढाई सती जाने पनि चलन थियो । पशुपति भण्डारमा रहेको एक लेखअनुसार एक महिलाले सती जाने निर्णय गरेपछि

पशुपतिनाथलाई पतिका ढाल-तरवारदेखि लिएर आफ्ना व्यक्तिगत प्रयोगका वस्तुहरू पनि भण्डारमा चढाएकी थिइन् । पशुपति मन्दिरको प्राङ्गणमा रहेको भोटु पाण्डेको शिलालेखमा "पतिव्रता रानी राजराजेश्वरी पनि रणबहादुर शाहसँग सती गइन्, छिटै शिवपदमा पुगिन्' भनिएको छ । राजपुरोहित राधावल्लभ अर्ज्यालको देहावसानमा उनका पाँच पत्नीहरू सती गएकाथिए भनी वि.सं. १८६९ को एक लेखमा उल्लेख गरिएको छ । यसरी आधुनिक कालको थालनीमा सतीप्रथा नेपाली समाजमा निकै व्याप्त थियो । वि.सं. १९०३ मा जङ्गबहादुरले नेपालमा एकतन्त्री राणाशासनको जग हालेताका सती प्रथाले नेपाली समाजको उच्च तथा उच्च-मध्यम वर्गीय समाजमा साह्रै नराम्रो सामाजिक कुरीतिका रूपमा स्थान पाएको थियो । माथिल्लो वर्गको अनुशरणमा तल्ला वर्गमा पनि यो प्रथा पुगेको थियो ।

जङ्गबहादुरले वि.सं. १९१० को मुलुकी ऐनद्वारा सर्वप्रथम सती प्रथालाई केही हदसम्म बन्देज लगाएका थिए । १६ वर्ष भन्दा कम उमेर हुने, गर्भवती, दासी तथा नावालक सन्तान हुने विधवालाई सती जान निषेध गरिएको थियो । यस्ता स्त्रीहरू सती गएमा, जाने र पठाउने दुवैलाई दण्डको व्यवस्था थियो । जङ्गबहादुरले आफ्नो भाइ बमबहादुरको मृत्युपछि बुहारीलाई सति जानबाट रोक लगाएका थिए । तर जंगबहादुरको मृत्युपछि उनकै श्रीमतीहरूले सती जानु परेको थियो । बीर शमशेरले श्री ३ अथवा न्याय विभागका उच्च अधिकारीलाई साधी मात्र सती जानु पर्ने व्यवस्था गरे । तर पनि इहलोक र परलोक सुधार्ने विधवाहरूलाई सती जान वाध्य गराइने प्रचलन जारी नै रह्यो । प्रायः संसारबाटलुप्त भैसकेको यस प्रथालाई वि.सं. १९७७ असार (१९२० जुन २८) मा चन्द्र शमशेरले कानूनद्वारा नै सतिप्रथा बन्द गरिएको घोषणा गरे । यस अवैध प्रथालाई प्रोत्साहन र कर गर्नेलाई ज्यानमारा सरह दण्डको व्यवस्था गरे । यस प्रकार सती प्रथा अन्त भयो ।

## खानपान र पहिरन

**खानपान–** मध्यकालीन खानपानको सम्बन्धमा त्यसबेला नेपाल आएका क्रिश्चियन धर्म प्रचारक पादरीहरूले वर्णन गरेका छन् । त्यसबेलाको मुख्य खान्की भात र भातपछि रोटीचिउरा आदि खाइन्थ्यो । राँगाको मासु बढी प्रयोग गन्थ्यिो । जाँड र रक्सी पनि पिउने चलन थियो । काठमाडौं उपत्यकाका वासिन्दाहरू अनेक प्रकारका खाद्य पदार्थ तयार पार्ने गर्दथे । मासु मात्रकै पनि थुप्रै प्रकारका चिजबिज बनाइन्थ्यो । चाडपर्वका बेला विभिन्न प्रकारका मिठाइ बनाइन्थ्यो । धनीमानी वर्गहरू माछा, मासु, दूध, घिउ हालेको भात खाने गर्दथे । साथै विभिन्न प्रकारका दाल सागसब्जी पनि खाइन्थ्यो । थुप्रै प्रकारका सागसब्जीहरू यहाँ उत्पादन गरिन्थे । यहाँ उत्पादन गरिने सागसब्जीहरूको सम्बन्धमा वर्णन गर्दै कर्कपेट्रिकले यहाँ केवल बन्दाकोपी, बोडी र केहीमात्रामा आलुमात्र उत्पादन हुने कुरा उल्लेख गरेका छन् । तर उनको यो वर्णन पूर्ण छैन । कारण, मध्यकालदेखिकै ऐतिहासिक प्रमाणहरूले यहाँ विभिन्न प्रकारका सागसब्जीहरूको उल्लेख गरेका छन् । कर्कपेट्रिककै समकालीन ह्यामिल्टनले पनि कर्कपेट्रिकको वर्णनको खण्डन गरेका छन् । ह्यामिल्टनको वर्णन अनुसार त्यसबेला धान, गहुँ, जौ, कोदो, मकै, काँक्रो,

आलु, टमाटर, अदुवा, मेथी, लसुन आदि थुप्रै प्रकारका खाद्य पदार्थहरू यहाँ उत्पादन गरिने तथा खाइने गरेको बुभिन्छ। तामा, कोइरालो, कर्कलो, पीना च्याउ, आदि पनि तरकारीको रूपमा प्रयोग गरिन्थे। पुगिसरी नआउनेहरू भने कोदो, तरुल, भ्याकुर, गुन्द्रुक, ढिंडो पनि खान्थे। इ. १७९३ तिरको एक अभिलेखमा नरीवल, सुपारी, घिउ, बोका खसी, चिउरा, भुटेको चिउरा, रक्सी, भटमास, माछा, अदुवा, हिङ्ग, जिरा, हाँसका फुल, साथ दही दूध विभिन्न प्रकारका फलफूलहरू, पान आदिको उल्लेख भएको पाइन्छ। यसर्थ मध्यकालको नेपाली समाजमा विविध प्रकारका खाद्य पदार्थहरू चलेको बुभिन्छ।

**पहिरन–** मध्यकालीन वेषभूषामा पनि समयानुसार अन्तर आउन थालेको थियो। शासक वर्गका मानिसहरू तत्कालीन भारतको मुगल संस्कृतिबाट प्रभावित थिए। त्यसैले मुगल शैलीका पोषाकहरू उनीहरूले प्रयोग गरेको देखिन्छ। मल्ल राजाहरूका शालिक तथा हस्तलिखित ग्रन्थहरूमा भएका उनीहरूका चित्रहरूको अधयन गर्दा उनीहरू जामा जस्तो घुँडासम्मआउने 'अंगरखा' लाउँथे, वत्तुवाल जुत्ता लगाउँथे, मोतीको माला लगाउँथे, प्राय दारी जुङ्गा पाल्दथे। सर्वसाधारण वर्गको वेषभूषा भने परम्परागत लवेदा सुरुवाल जामा नै थियो भने आइमाईहरू चोलो फरिया लगाउँथे र पटुका बाँध्थे। खास्टो ओड्ने चलन पनि थियो। त्यसबेला प्रयोग गरिने गहनाहरूमा टुकी, तायो, टिक, चुरा, कल्ली, औठी, पाउजेब प्रमुख थिए। भारतबाट आएका चुरौटेहरू गाउँ गाउँमा चुरा, पोते, सिन्दूर, टिका बिक्री गर्दै हिंड्ने गर्दथे।

## आस्था र विश्वास (Superstitution)

नेपाली समाज आरम्भदेखि नै धार्मिक आस्था र विश्वासको समाज रही आएको छ। मानिसहरू इहलोकमा सुख समृद्धि र परलोकमा शिवलोक र वैकुण्ठलोकको प्राप्तिको कामना गर्दथे। त्यसैले आफ्नो आम्दानीको केहीभाग धर्म, कर्म, मठमन्दिरको निर्माण तथा दान दातव्यमा खर्च गर्ने गर्दथे।

मानिसहरू अदृश्य शक्तिमा विश्वास गर्ने गर्दथे। मानिसको असामयिक मृत्यु, आर्थिक कमजोरी, रोग लाग्नु, खडेरी पर्नु, बाढी आउनु जस्ता घटनाहरूलाई दैवी खेल ठानेर विविध पूजाआजा गर्ने गर्दथे। यसका निमित्त ग्रह दशा हेर्ने, पुराणहरू वाचन गर्ने, यज्ञ ब्रत, दान आदिको व्यवस्था गर्ने गरिन्थ्यो। पूजापाठ, संस्कारका अतिरिक्त दैनिक घरेलु जीवनमा पनि धर्मको ठूलो महत्व थियो। घरायसी कागजपत्रहरूमा साक्षी राख्दा देवदेवीको नामका अतिरिक्त सो कार्य नगरेमा नरकवास होस्, पञ्चमहापातक लागोस्, नास होस्, जस्ता शब्दहरू पनि उल्लेख गरिन्थे।

ग्रहदशा विचार गर्ने तथा तिनबाट शान्ति पाउन विभिन्न जप आदि गर्ने चलन त्यसबेला निकै थियो। साइत नहेरी कुनै कार्य गरिंदैनथ्यो। लडाईमा प्रस्थान गर्दा तथा अन्य विभिन्न कार्यका निमित्त समेत ग्रहदशा विचार गर्ने गरिन्थ्यो। विवाह ब्रतबन्ध आदि कार्यहरूका अतिरिक्त नयाँ बाखा, भैंसी, गाई, गोरु, जमिन आदि किन्न तथा घरगोठ आदि बनाउन, परदेश जान तथा कोही विरामी भए भने पनि ग्रहदशा विचार गर्ने गरिन्थ्यो।

आरम्भदेखिनै नेपालीहरू पुराणमा विश्वास राख्दै आइरहेका छन् । प्राचीनकाल तथा मध्यकालका थुप्रै प्रमाणहरूले तत्कालीन समाजमा परेको पुराणको प्रभाव बारे जानकारी दिएका छन् । मानिसहरू पुराणमा अतिशय श्रद्धा राख्ने भएका हुनाले पुराण हेर्ने, भन्ने, सुन्ने तथा पढ्ने काम यहाँ गरिन्थ्यो । पुराणहरूको पाठ भइरहोस् भन्ने भावना व्यक्त गरिन्थ्यो । विभिन्न देवदेवीको पूजा गर्दा तथा जुनसुकै धार्मिक संस्कार सम्पन्न गर्दा विभिन्न पुराणहरू अर्थसहित वाचन गरिन्थ्यो । गाउँलेहरूलाई पुराण सुन्न पाए धर्म मिल्दछ भन्ने धारणा व्यापक थियो ।

पुराणहरू अठार छन् र सबै जस्तो पुराणहरूमा विभिन्न देवताहरूको महात्म्य र अवतारको वर्णन पाइन्छ । कुनै पुराणमा शिवलाई श्रेष्ठमानी शिव कै वर्णन गरिएको छ भने कुनैमा विष्णुलाई श्रेष्ठ मानिएको छ । त्यस्तै, कुनैमा गणेश, कुनैमा स्कन्द कुनैमा सूर्य र कुनैमा शक्तिको महत्व दर्शाइएको पाइन्छ । यसरी जसरी पुराणहरूले धार्मिक विषयमा जति उदार दृष्टिकोण अपनाएको छ नेपाली समाजमा पनि पौराणिक ग्रन्थबारे कुनै भेदभाव रहेको पाईदैन । मानिसहरू बिहान उठेर कुनै न कुनै यस्ता पौराणिक ग्रन्थहरू पाठ समेत गर्ने गर्दथे । आफ्नो घरमा पुराणका ग्रन्थ राखेर पूजा समेत गरिन्थ्यो । गृहस्थीहरूले प्रयोग गर्ने महत्वपूर्ण पुराणहरूमा सत्यनारायण ब्रत कथा, हरिवंश, भागवत पुराण, गीता, प्रज्ञापारमिता, स्वयम्भू पुराण, शिवधर्म शास्त्र देवीमहात्म्य, दुर्गासप्तसति, गरुड पुराण आदि प्रमुख थिए । मृत्यु शैय्यामा रहेको मानिसलाई समेतपुराण वाचन गरेर सुनाइने गरिएको पाइन्छ ।

पुराणहरूकै प्रभावबाट विभिन्न शुभदिनहरूमा ब्रत बस्ने गरिन्थ्यो । एकादशी ब्रत विशेष महत्वपूर्ण मानिन्थ्यो । साथै कृष्णाष्टमी, रामनवमी, शिवरात्री, आदि पर्वहरूमासमेत उपवास बस्ने चलन थियो । ब्रत लिएपछि पूजापाठ यज्ञयज्ञादि समेत सम्पन्न गरेर दान दिने कार्य गरिन्थ्यो । शासकवर्गका मानिसहरू विभिन्न प्रकारका होमहरू गर्दथे ।

दानको महिमा ठूलो थियो । आफूले दान दिएको वा उसले दान दिएको जमिन हर्‍यो भने साठीहजार वर्षसम्म नरकमा किरा भएर रहला, तथा देव मन्दिरलाई चढाएको सम्पत्ति नासेमा पञ्चपातक लागोस् भन्ने भावना व्यक्त गरिन्थ्यो । अर्को जन्ममा मिलोस् भनेर पनि दान गर्ने चलन थियो । साथै पितृहरूलाई उद्धार गर्न भनेर दशदान, वैतरणी गोदान, शैयादान आदि पनि गरिन्थ्यो ।

भूतप्रेम पिशाच आदिको प्रभाव तत्कालीन नेपाली समाजमा निकै गहिरो रूपमा परेको पाइन्छ । यस्ता तत्त्वहरू विभिन्न प्रकारका भएको विश्वास गरिन्छ । राँको लिएर हिंड्ने राँकेभूत, टाउको नभएको मुर्कट्टा, खुट्टा पछाडि फर्किएकी किचकिन्नी, ख्याक, प्रेत आदि विविध रूपमा प्रेतात्माहरूले प्राणी विशेषलाई दुःख दिन्छन् भन्ने धारणा त्यसबेला थियो । यस्ता भूतप्रेतले नै विरामी पार्ने, आमाहरू बच्चा जन्माउन नसक्ने, अकाल मृत्यु हुने आदि कुराहरू गर्दछन् भन्ने विश्वास गरिन्थ्यो । किचकन्नीहरूले सुन्दर स्त्रीको रूप लिएर राति बाटाघाटामा भेट्टिएका युवकहरूलाई आफ्नो प्रेमजालमा पारेर विस्तारै-विस्तारै उसलाई मार्ने गर्छन् भन्ने धारणाले गर्दा राति-राति एक्लैदुक्लै अँध्यारा सुनसान सडकतिर हिंड्न हिच्किंचाउँथे ।

भूतप्रेत पिशाच आदिमा विश्वास नगर्ने वर्ग त्यसबेला थिएन । भूतप्रेत आदिका अनेक प्रकारका कथाहरू बुढापाकाहरूले सानासाना नानीहरूलाई सुनाउँथे । जसले गर्दा साना नानीहरू समेत साँझ परेपछि घरबाहिर निस्कँदैनथे । भूतप्रेत पन्छाउन अनेक उपायहरू गरिन्थ्यो । धामी झाँक्री लगायत पूजापाठ गर्नका अतिरिक्त हरेक समुदायका परिवारहरूले आ-आफ्नो घरमा कतै हाँडीमा कतै बुईगलमा त कतै पूजाकोठामा आ-आफ्नो कूल अनुरुपमा यस्ता देवरूप बनाएका हुन्थ्यो । नयाँ अन्न खानुभन्दा अघि न्वागी गरेर तथा घरमा बनाइएका सबै नयाँ परिकारहरू यो देव विशेषलाई चढाएर मात्र खाने गरिन्थ्यो ।

टुना र मोहनीको चर्चा र विश्वास पनि नेपालीहरूमा प्राचीन कालदेखि नै रहिआएको छ । विस्तारै दुब्लाउँदै जानु, खानामा अरूचि हुनु, कुनै महिलातर्फ विशेष आकर्षित हुनुआदि घटनालाई कसैले मोहनी लगाइ दिएको मानिन्थ्यो । त्यति मात्र नभएर कुनै केटी कुनै केटासंग भागेर पोइल गएमा पनि टुना र मोहनी गर्ने गराउने दोष दिइन्थ्यो । गाउँमा टुनेहा भनी कहलिएका मानिसकहाँ मोहनी फर्काइ माग्न ती पोइल जाने छोरीका आमाबाबु धाउने गर्थे । कसैको पैतालाले टेकेको माटो उठाएर वा अक्षता फुकेर कसैको गोजिमा राखिदिएर मोहनीमा पार्न सकिने विश्वास नेपाली समाजमा केही वर्ष अगाडिसम्म पनि थियो ।

काँचो वायुको विश्वासपनि समाजमा निकै थियो । वायु रिसायो भने मानिसलाई तुरून्तै मारिदिन सक्छ भन्ने जनविश्वास भएकोले घरमा कुनै पनि कर्मकाण्ड गर्दा वायु र कुलदेवतालाई केही चामल र पैसा पोको पारेर राख्ने वा घर नजिकको कुनै रूख अथवा ठूलो ढुङ्गामा सालसाथै धूपबत्ती बाली परेवा, कुखुरा वा पाठा काटी वायु पूजा गर्दथे । वायु वा प्रेत आफ्नै मृत पुर्खा वा नातागोता पनि हुन सक्तथे । खासगरी मृत्यु संस्कार, श्राद्ध-तर्पण आदिमा शुद्धता नभएमा मृत आफन्तका वायु वा प्रेतले दुःख दिन्छ भन्ने विश्वास अद्यपि समाजमा पाइन्छ ।

## चाडपर्वहरू

नेपाली सांस्कृतिक पक्षको विकासको दृष्टिकोणले मध्यकाल अत्यन्तै महत्त्वपूर्ण युग देखिन्छ । यस युगमा यति धेरै मन्दिर र देव प्रतिमाहरू स्थापित भए कि 'घरभन्दा धेरै मन्दिर र मान्छेभन्दा धेरै देवता' भन्ने कथन प्रचलित भयो । यो सबै देवता र मन्दिरहरूसँग सम्बद्ध चाडपर्वहरूको शुरुआत गरियो । यसबाट मध्यकालमा यति धेरै जात्रा र पर्वहरू प्रचलित थिए कि कुनै एउटा यस्तो हप्ता हुँदैनथ्यो जसमा ३/४ वटा पर्वहरू नमनाइएको होस् । यस युगमा धेरै पर्वहरू विकसित भए । धार्मिक तथा लौकिक कारणहरूले त्यस युगमा निश्चित उद्देश्यविशेष, स्थानविशेष, जातिविशेष तथा राष्ट्रियस्तरका समेत गरी थुप्रै चाडपर्वहरू मनाइने गरेको पाइन्छ । त्यस युगका महत्त्वपूर्ण चाडपर्वहरूलाई निम्न रूपमा वर्गीकृत गर्न सकिन्छ ।

i. राष्ट्रियस्तरका पर्वहरू: दशै, तिहार आदि ।

ii. मृतकहरूको सम्झनामा सम्पन्न गरिने पर्वहरू: गाईजात्रा, बालाचतुर्दशी आदि ।

iii. अशुभ तत्त्वहरू तथा रोगव्याधि हटाउन सम्पन्न गरिने पर्वहरू: घण्टाकर्ण पिशाच चतुर्दशी आदि ।

iv. मान्यजनहरूप्रति सम्मान दर्शाउन सम्पन्न गरिने पर्वहरू: मातातीर्थ औंसी (आमाको मुख हेर्ने दिन), गोकर्णे औंसी (बाबुको मुख हेर्ने दिन), गुरुपूर्णिमा (गुरुको विशेष रूपमा पूजा गरिने दिन) आदि ।

v. विभिन्न सामाजिक क्रियाकलापसंग सम्बद्ध पर्वहरू: यसअन्तर्गत थुप्रै चाडपर्वहरू सम्पन्न गरिन्थे । जस्तै: बर्सात आरम्भ भएको सङ्केतस्वरूप मनाइने सिठीनख चाड, वसन्तऋतुको आगमनको सूचनाका रूपमा मनाइने वसन्तोत्सव (सरस्वती पूजा), बालीनाली भित्र्याइएको खुसीयालीमा मनाइने चाड धान्यपूर्णिमा (योमरीपुनी), बर्सातको देवताका रूपमा मनाइने मत्स्येन्द्रनाथको जात्रा आदि ।

vi. परम्परागत चाडपर्वहरू: नागपन्चमी, ऋषितर्पणी, विभिन्न संक्रान्तिहरू, एकादशी पर्वहरू, पूर्णिमाहरू आदि ।

vii. देवताको उत्पत्तिसँग सम्बद्ध पर्वहरू: कृष्णाष्टमी, रामनवमी, शिवरात्रि आदि ।

viii. विभिन्न देवदेवीहरूसित सम्बद्ध रथयात्राहरू: इन्द्रजात्रा, पनौती रथयात्रा, भीमसेनजात्रा, भोटो देखाउने जात्रा, गुह्येश्वरी जात्रा, चाँगुनारायणको जात्रा, विभिन्न देवीहरूको जात्रा आदि ।

मध्यकालीन प्रमाणहरूबाट के बुझिन्छ भने राजा प्रजा सबै उत्साहपूर्वक चाडपर्व मनाउँथे । वास्तवमा अधिकांश चाडपर्वहरू कुनै न कुनै विशेष घटनासंग सम्बन्धित भएका हुँदा, पुजाआजा, नाचगान, सरसफाइ जस्ता पक्षहरू हरेक चाडपर्वसंग सम्बन्धित थिए । देवताको रथयात्रा गरेर पर्व सम्पन्न गर्ने चलन व्यापक थियो । वास्तवमा जुनसुकै चाडपर्वका बेला उक्त पर्वसँग सम्बन्धित देवदेवीलाई रथमा राखेर शहर परिक्रमा गराउने परिपाटी त्यसबेला थियो ।

चाडपर्व, जात्रा उत्सव जस्ता समारोहको समुचित व्यवस्था गर्न सरकारीस्तरबाट गरिने प्रयत्नका अतिरिक्त जनमानसको तर्फबाट पनि संघसंस्थाहरू गठन गरिएका थिए । गुठी वा सेवा खलकको नामबाट हरेक पर्वसँग सम्बन्धित समुदायहरू बनेका हुन्थ्ये । जस्तै, गणेश पुजाको व्यवस्था गर्ने मंगलवार खलक, पूर्णिमा खलक, सरस्वती गुठी, इन्दुगुठी आदि ।

## मनोरञ्जनका साधन

मध्यकालीन नेपालका मनोरंजनका साधनहरू विविध थिए । त्यसबेला मुख्य गरेर नाचगान तथा नाटक प्रदर्शन त्यस युगमा बढी हुन्थ्यो । त्यसबेला जुनसुकै उत्सव आदिमा पनि नाचगानको प्रदर्शन गरिन्थ्यो । राजदबारमा हुने विवाह, व्रतबन्ध आदि उत्सवहरूमा त देशका कुनाकुनाका नृत्य टोलीहरू भेला भएर शहरको टोलटोलमा नाचगानको प्रदर्शन गर्दथे । देवदेवीका धार्मिक नृत्यहरू पनि त्यसबेला निकै प्रचलित थिए । हरिसिद्धि, भैरव, महाकाली, अष्टमातृका आदिका नृत्यहरू मल्लकालमा बढी लोकप्रिय थिए । जनतालाई नाचगान हेर्न सजिलो होस् भनेर टोलटोलमा भनेजस्तै डवलीहरू बनेका हुन्थे । मल्ल राजाहरू आफै नाटक लेख्ने तथा खेल्नेसमेत गर्दथे ।

उपत्यकाका तीनै शहरहरूमा नाचगानका देवता (नासः द्य) यत्रतत्र स्थापित हुनुबाट पनि मध्यकालीन नेपालीहरूको नाचगानप्रतिको मोह स्पष्ट हुन्छ । मल्ल राजाहरू आफैं नाटक लेख्तथे अभिनय गर्दथे । कुनै कुनै नाटक त महिनौं दिनसम्म टोल-टोलमा घुमाएर देखाइन्थ्यो ।

नाचगानका अतिरिक्त शासक वर्गमा सतरञ्ज (बुद्धिचाल) त्रिपासा आदि खेलहरू समेत प्रचलित थिए । साथै शिकार खेल्नु पनि शासकवर्गको महत्त्वपूर्ण मनोरञ्जनको साधन थियो । काठमाडौं उपत्यकाबाट तराइसम्म झरेर शिकार खेल्ने परिपाटी थियो ।

## शिक्षा व्यवस्था

दशौं शताब्दीको आरम्भका साथसाथै नेपालको इतिहासमा मध्यकाल आरम्भ भएको मानिन्छ । मध्यकालको आरम्भदेखि नै नेपालको शिक्षाव्यवस्थामा नयाँ आयाम थपियो । भारतको नालन्दा र विक्रमशीलाका प्रसिद्ध आचार्यहरू नेपालको बाटो भई तिब्बत जाने आउने गर्नथाले । यसले गर्दा नेपालमा बौद्ध धर्मसम्बन्धी शिक्षा दिने चलन एकाएक बढ्नगयो । तिब्बती भिक्षु, धर्मस्वामी नेपाल आएपछि स्वयम्भूमा बौद्ध शिक्षा दिने केन्द्र स्थापित भयो । त्यस बेलाका नेपाली बौद्ध शिक्षकहरूमा शान्तिभद्र, महकरूणा, पुण्याकरण भद्र आदि उल्लेखनीय छन् । तन्त्रको प्रभावले गर्दा थुप्रै तान्त्रिक दर्शनका ग्रन्थहरू यहाँ तयार भए । नामसङ्गीति, अष्टसहस्रिका प्रज्ञापारमिता, शतसहस्रिका आदि अनेकौं ग्रन्थहरू यहाँ लेखिए ।

जयस्थिति मल्लको उदयले नेपालको इतिहासमा नयाँ मोड ल्यायो । तत्कालीन नेपालमा व्यवस्थित स्थिति कायम गर्न उनले विभिन्न सुधार गरे । उनका पालामा शैक्षिक विकास पनि भएको थियो । उनको समयमा भाषा र साहित्यमा निकै उन्नति भयो । उनको समयमा आएर अधिकांश संस्कृतका आवश्यक ग्रन्थहरू नेवारी भाषामा उल्था गर्न थालियो । साथै, भैरवानन्द, अभिनय नाटक आदि मौलिक ग्रन्थहरू पनि तयार भए । 'मणिक' नामक प्रसिद्ध विद्वान्ले उनको दरबारमा आश्रय पाएका थिए । साथै, परम्पराको रक्षार्थ इतिहासको जगेडामा पनि यिनले ध्यान दिए । वर्तमान समयमा उपलब्ध 'गोपालराज वंशावली' उनैका पालामा उनैको आदेशले तयार पारिएको हो । उत्तर भारतमा मुसलमानको मारमा परेर यता प्रवेश गर्ने सम्पूर्ण विद्वान्मण्डलीले उनको दरबारमा आश्रय पाएको थियो । तत्कालीन अभिलेखहरू, उनका समयमा रचिएका ग्रन्थहरू एवं उनका छोराहरूका ब्रतबन्ध र विवाहमा नचाउनका लागि लेखिएका नाटकहरूको स्तरलाई हेर्दा निश्चय नै त्यस समयमा विद्याको स्तर माथि उठेको थियो ।

पछिल्लो मध्यकालमा यहाँ थुप्रै ग्रन्थहरू लेखिएका छन् । मल्ल राजाहरू प्रायः सबैलाई 'सकलशस्त्रशास्त्र संगीतादि विद्या पारंगत' भनिएको छ । उनीहरू गीत, नाटक आदिका ग्रन्थ लेख्ने तथा मञ्चन गर्नेसमेत गर्थे । त्यसबेला नेवारी, संस्कृत, नेपाली तथा मैथिली भाषाको बढी विकास भएथ्यो । राजा प्रताप मल्ल त आफूलाई कवीन्द्र (कविहरूमा श्रेष्ठ) समेत भनाउँथे । स्वयम्भू अनन्तपुरको अभिलेखमा उनलाई दोषरहित गद्य पद्य आदि अनेक थरी काव्यको रचना गर्नमा सिपालु सबै मीमांसा, न्याय, योग, वेदान्त,

वंशेषिक व्याकरण, काव्यकोष, अलङ्कार आदि सारा शास्त्रको अभ्यास गरेका समेत भनिएको छ। साथै, उनले केही पाश्चात्य ढङ्गको सङ्गीतको ज्ञान पाएको पनि अनुमान गरिएको छ।

पाठ्यविषय मध्यकालीन समाजको विस्तृत अध्ययन गर्दा त्यस बेला शिक्षा तीन प्रकारले दिइन्थ्यो- **(क) धार्मिक शिक्षा–** बौद्ध तथा सनातनी हिन्दू धर्मका विभिन्न सिद्धान्तहरूको धार्मिक शिक्षा विभिन्न विहारहरू तथा मठहरूमा दिइन्थ्यो। देश विदेशबाट विभिन्न विद्वान्हरू शिक्षाको प्रचार गर्न यहाँ आउने गर्दथे। **(ख) शास्त्रीय शिक्षा–** शास्त्रीय शिक्षाअन्तर्गत वेद, पुराण, धर्मशास्त्र, राजनीतिशास्त्र, दर्शनशास्त्र, ज्योतिष, आयुर्वेद आदिको अध्ययन भन्ने बुझ्नुपर्दछ प्रत्येक उच्चवर्गका व्यक्तिहरूले पण्डितहरूद्वारा आफ्ना छोराहरूलाई यस्ता शास्त्रीय ग्रन्थहरूको अध्ययन गराउने गर्दथे। **(ग) व्यावसायिक शिक्षा–** यस अन्तर्गत परम्परागत शिल्पसम्बन्धी शिक्षा, अर्थात् मूर्ति बनाउने, भाँडाकुँडा, गरगहना बनाउने तथा सिलाइ बुनाइ आदि आ-आफ्नो जातअनुसार गरिने कार्यहरूको व्यावहारिक ज्ञान दिने गरिन्थ्यो।

यसरी विकसित भएको शिक्षाप्रणाली समयानुक्रम क्रमशः परिवर्तित हुँदैगयो। क्रमशः अँग्रेजी शिक्षाको पनि प्रभाव पर्दैगयो। राणाकालमा आएर यसको स्वरूपमा परिवर्तन भयो भने २००७ सालपछि मात्र सबै विषयको शिक्षा ग्रहण गर्ने सहुलियत उपलब्ध भयो।

**पाठशालाहरू–** त्यसबेला मठ, मन्दिर तथा विहारहरूमा नै शिक्षा दिने गरिन्थ्यो। स्वयम्भू, पशुपति, ठमेलको विक्रमशील महाविहार, फर्पिङ आदि त्यस बेलाका उल्लेखनीय शिक्षा-केन्द्र थिए। साथै, बाहिरबाट पण्डित झिकाई आफ्ना सन्तानहरूलाई शिक्षा दिलाउने चलन पनि त्यस बेला थियो। मध्यकालको उत्तरार्द्धतिर आएर त पण्डितहरूले आफ्नो जीविकोपार्जनका निमित्त घरैमा पनि पढाउने गरेको पाइन्छ। उत्तर भारतमा मुसलमानी आक्रमण भएपछि नेपाल पसेका पण्डितहरूले मठ, विहार वा आफ्नै घरमा रहेर पनि अध्यापन गरेको बुझिन्छ।

पाठ्यमाध्यम मध्यकालमा आएपछि यहाँको भाषा-लिपिमा पनि परिवर्तन भएको छ। वास्तवमा मध्यकालको आरम्भदेखि नै यहाँ भूजिमोल, पन्चमोल, रञ्जना, नेवारी तथा देवनागरी लिपिहरूको विकास हुनआयो। भाषाको सन्दर्भमा हेर्दा यहाँ संस्कृत, नेवारी, नेपाली र मैथिली भाषाको चलन भएको देखिन्छ। नेवारी भाषा काठमाडौं उपत्यकाको भाषा थियो भने नेपाली भाषा पहाडी प्रदेशमा र मैथिली भाषा तराई इलाकामा प्रचलित थियो। काठमाडौं उपत्यकामा नेवारी बाहेक केही न केही रूपमा अन्य भाषाहरू पनि चलेका थिए। त्यसैले विविध भाषाको माध्यमबाट यहाँ शिक्षा दिने काम गरिन्थ्यो।

यसरी विविध रूपले विकसित भएको शिक्षाप्रणालीमा समयानुसार क्रमश परिवर्तन हुँदैगयो। राणाकालमा अँग्रेजी शिक्षाको प्रभाव नेपालमा बढ्नथाल्यो तर २००७ साल नआउन्जेल सबैका लागि शिक्षा सार्थक हुन सकेको थिएन।

## शैक्षिक केन्द्रको रूपमा काठमाडौं उपत्यका

प्राचीन नेपालमा शिक्षा दिने विभिन्न संस्थाहरू खुलेका थिए । अग्रहार जस्ता गाउँहरू तथा विभिन्न गोष्ठीहरू त्यसबेला पठन पाठनको व्यवस्था गर्न सक्रिय थिए । मध्यकालमा आएपछि यो प्राचीन परम्परामा परिवर्तन भयो । मध्यकालको आरम्भदेखि नै विभिन्न विद्वान्हरू विभिन्न मठ-मन्दिर तथा विहारहरूको माध्यमबाट अध्यापन कार्यमा संलग्न हुनथालेको बुझिन्छ । वास्तवमा पूर्व-मध्यकालमा नेपाल तान्त्रिक अध्ययनको केन्द्र नै बनेको थियो । भारतबाट भोट जाने अधिकांश विद्वान्हरू नेपालको बाटो भएर जाने गर्दाखेरी यहाँ स्वतः शैक्षिक विकास हुन गयो । यिनीहरूको प्रभावले गर्दा धेरै नेपालीहरू उनीहरूका शिष्य बने र उनीहरूले तन्त्र विद्याको राम्रो अध्ययन गरे । नेपाली पण्डितहरू भारतका विक्रमशील महाविहारमा पढन जाने पनि गर्दथे भने तिब्बतीहरू नेपालमा तान्त्रिक दर्शन पढन आउने गर्दथे । नेपालीहरू तिब्बतमा समेत पुगेर त्यहाँका मानिसहरूलाई शिक्षादीक्षा दिने गर्दथे ।

तिब्बती ब्लु एनाल्सले नेपालबाट तिब्बत जाने तथा तिब्बतबाट नेपाल आउने धेरै पण्डितहरूको नाम उल्लेख गरेको छ । नेपालका वागीश्वरकीर्ति, शान्तिभद्र, अतुल्यवज्र, अनुपातगुप्त, वज्रलोचन, वरेन्द्ररूचि, रविन्द्ररूचि, कनकश्री, बुद्धश्री, महाकरूणिका, रत्नकीर्ति आदि थुप्रै भारत तथा तिब्बतमा समेत प्रसिद्धि भएका विद्वान्हरू थिए । यी विद्वानहरूसँग तिब्बतका थुप्रै भिक्षुहरू पढन आएको कुरा ब्लु एनल्सले उल्लेख गरेको छ ।

भारतबाट पनि यहाँ थुप्रै विद्वानहरू आएको देखिन्छ । ब्लु एनल्सले दिएको विवरण अनुसार शान्तरक्षित, पद्मसम्भव, विक्रमशील विहारका पण्डित अतिशा दीपांकर, काश्मिरका ज्ञानकरण बाह्रौ शताब्दीतिरका वज्रपाणी, पन्ध्रौ शताब्दीतिर भारतको सद्नगर राज्यका राजकुमार वनरत्न आदि विद्वान पनि नेपालमा अध्ययन अध्यापनका निमित्त आएका थिए । यी वनरत्न त धेरै पल्ट नेपाल आएका थिए र उनको मृत्यु पनि ८५ वर्षको उमेरमा ई. १४६९ मा नेपालमा नै भयो ।

यसरी पूर्व-मध्यकालदेखि नै नेपाल अन्तराष्ट्रिय शिक्षा केन्द्र बन्न पुगेको थियो । तल त्यसवेला प्रसिद्ध भएका महत्त्वपूर्ण शैक्षिक केन्द्रहरूको परिचय दिइएको छ ।

**फर्पिङ्ग-** मध्यकालमा फर्पिङ्ग क्षेत्र नेपालको महत्त्वपूर्ण शैक्षिक केन्द्रको रूपमा विकसित भएको थियो । यो क्षेत्र तान्त्रिक विद्याको गढ जस्तै बनेको थियो । यस क्षेत्रका थुप्रै विद्वानहरूले देशविदेशमा ख्याति पाएका थिए । एघारौं शताब्दीका वागीश्वरकीर्ति नेपालमा मात्र नभएर भारत तथा तिब्बतमा समेत ख्याति प्राप्त थिए । यिनी र यिनका अन्य भाइहरू तन्त्रशास्त्रका ठूला विद्वान थिए । तिब्बती वंशावलीमा उल्लेख भए अनुसार उनी सम्बर तथा हेवज्र तन्त्रका विशेषज्ञ थिए र यिनी भारतको विक्रमशील विद्यालयका पश्चिम द्वारका द्वारपण्डित पनि भएका थिए । उनीसँग तिब्बतका अनेक विद्वानहरूले तन्त्रविद्या अध्ययन गरेका थिए त्यसैले तिब्बतीहरूमा यिनीहरूको ठूलो मान थियो र धेरै पछिसम्म पनि तिब्बती तीर्थयात्रीहरू नेपाल आएका समयमा वागेश्वरहरूका सन्तानको दर्शन गर्न फर्पिङ्ग जाने गर्दथे भन्ने कुरा ब्लु एनल्सबाट जान्न सकिन्छ ।

वागीश्वरकीर्तिका एक सन्तान अनुल्यवज्र पनि मानिएका विद्वान थिए । यिनीसँग फर्पिङमा अनेक तिब्बती पण्डितहरू पढ्न आउने गर्दथे । यिन्ले योगरत्नमाला हेवज्रपन्जिका आदि तान्त्रिक ग्रन्थ तिब्बती पण्डितहरूलाई पढाएका थिए ।

तान्त्रिक शिक्षादिक्षाका अतिरिक्त फर्पिङ्ग हिन्दू शिक्षाको पनि पठनपाठनका निमित्त प्रसिद्ध थियो । त्यहाँ स्थापना भएका विभिन्न सरस्वती मूर्तिहरू हाल प्राप्त छन् । सरस्वतीको मूर्तिको स्थापनाबाट प्रकारान्तमा विद्याको स्थितिबारे सकेत मिल्दछ ।

**ललितपुर-** मध्यकालीन नेपालमा अर्को महत्त्वपूर्ण शैक्षिक केन्द्र ललितपुर थियो । यो क्षेत्र हिन्दू तथा बौद्ध दुवै धर्म सम्बन्धी शिक्षादिक्षा दिनका निमित्त प्रसिद्ध थियो । त्यसबेला ललितपुरको गुइत विहार महत्त्वपूर्ण शैक्षिक केन्द्र थियो । एघारौं शताब्दीको गुइत विहारको एउटा अभिलेखमा महापण्डित शाक्य भिक्षु श्री गौतमश्रीको उल्लेख आउँछ । यिनले भोट क्षेत्रमा समेत प्रसिद्धी पाएका थिए । यिनले उक्त अभिलेखमा ललितपुरको सप्तपुरी महाविहार (गुइत वहिल) बनाएको उल्लेख छ । साथै यिनले महाविहार पनि बनाउन लगाएका थिए । उनी पछि यो विहारमा पठनपाठनको परम्परा लामो समयसम्म चलिरहेको जान्न सकिन्छ । २५५ वर्ष पछाडि राखिएको पाटन गुइत वहिल कै अर्को अभिलेखमा समेत यी गौतमश्रीको नाम आउँछ ।

पाटनका अर्का प्रसिद्ध विद्वान महाकरूणाको पनि भारतमा प्रसिद्धी थियो । उनको गणना भारतका दिग्गज पण्डितहरू मध्ये थियो । तिब्बतका प्रसिद्ध पण्डितहरू पाटनमा आई उनीसँग शिक्षा अध्ययन गर्ने गर्दथे । पुन्याकर भद्र नामक एक नेपाली विद्वानको उल्लेख पनि ब्लु एनल्समा भएको छ । यिनी पाटन क्षेत्रका नै भएको र यिनले आफ्ना तिब्बती चेलाबाट धन आर्जन गरेको थियो । उनीबाटै बज्रवाराही मण्डलको ज्ञान तिब्बतमा प्रचार भएको अनुमान गरिएको छ । त्यस्तै कालचक्रयानका विशेषज्ञ मानिएका समन्तश्री पाटनमा बस्दथे । यिनले पाटनमा नै बसेर धेरै शिष्यहरूलाई कालचक्रतन्त्र पढाएका थिए । उनले तिब्बतमा गएर पनि पढाएका गिए । उनैको सहयोगले कालचक्रतन्त्र तथा त्यसका टीकाको तिब्बती भाषामा अनुवाद गरिएको थियो । ईश्वीको वाह्रौं शताब्दीमा कपिलवस्तुबाट सुनयश्रीमिश्र नेपाल आई पाटन कुम्भेश्वर क्षेत्रमा बसेर अध्यापन कार्यमा लागेका थिए । यिनी बौद्ध न्याय एवं माध्यमिक दर्शनका ज्ञाता थिए । उनले एक विहार पनि बनाएका थिए जसलाई चम्पि विहार (ई वही) भनिन्छ । उनी पछि उनका चेला र परिवार पनि यहीं आएर बसी शिक्षा अध्यापन कार्यमा संलग्न भएका थिए । सुनयश्रीका चेला काश्यप मिश्रले पनि नापिचन्द्र महाविहार नामक एक विहारको निर्माण गरेका थिए जसलाई हिजोआज दुन्तु वहि भनिन्छ ।

बाह्रौ, तेह्रौ शताब्दीमा नेपालमा अनेक नाम चलेका पण्डितहरू थिए । यी मध्ये पाटनका पण्डित जगदानन्द जीवभद्र तथा उनका छोरा पण्डित महावोधि पनि अनेक तिब्बती विद्वानहरूलाई पढाउँथे र यी दुई बाबुछोराको तिब्बतमा ठूलो ख्याति थियो । यसरी पाटन मध्यकालमा महत्त्वपूर्ण तन्त्रशास्त्रको अध्यापन गर्ने केन्द्र थियो । ने.सं. १३४ (वि.सं. १०७१) को अष्टसहस्रिका प्रज्ञापारमिताको पुष्पिका वाक्यमा पाटन श्री ल्हं विहारमा बौद्ध ग्रन्थको पठनपाठन भैरहन्छ भन्ने उल्लेख गर्दै त्यहाँ विद्वानहरूको जमघट भैरहने कुरा उल्लेखित छ ।

बौद्ध धर्मको साथै हिन्दू धर्म र दर्शनको पठनपाठन पनि पाटन क्षेत्रमा हुने गर्दथ्यो । त्यसबेला देवालयहरूमा शिक्षा दिने चलन भएको बुझ्न सकिन्छ । ललितपुर गुइत विहारको ने.सं. ३९९ (वि.सं. १३३५) को एउटा अभिलेखमा चारै दिशाका देवालयहरूमा विद्याभ्यासमा लागेका विद्वानहरूले वास गरेको ललितपुर नगर भन्ने उल्लेख परेको छ । यस भनाईबाट मध्यकालीन भारतमा जस्तै यहाँ पनि मन्दिरमा शिक्षा दिने प्रचलन भएको देखिन्छ । यी कुराहरूबाट हेर्दा मध्यकालमा पाटन बौद्ध धर्मको साथै हिन्दू शिक्षाको पनि महत्त्वपूर्ण शैक्षिक केन्द्र भएको जान्न सकिन्छ ।

**भक्तपुर–** मध्यकालमा भक्तपुर पनि शैक्षिक केन्द्रको रूपमा प्रसिद्ध थियो । ने.सं. ५३० को भक्तपुर तौमडी टोलको अभिलेखमा "श्री त्रिपुरविद्यापिठ" को उल्लेख परेको छ । यस त्रिपुरविद्यापिठले तत् समयमा तान्त्रिक विद्याको सम्मुन्नतिको लागि सो विद्या पढाउने विद्यालयहरूको पनि स्थापना गरिएको कुरा अनुमान हुन्छ । उपर्युक्त विद्यापिठको द्वारमा आगमोक्त विधानद्वारा पूजा यज्ञ सम्पन्न गराई पादुका स्थापना गरेको कुराको उल्लेखले पनि उक्त विद्याको समुन्नतिलाई नै इङ्गित गरेको छ । यक्ष मल्लको ने.सं. ५८७ को भक्तपुर तुलाछेटोल अभिलेखमा यक्षमल्लले षडदर्शन पढेकाहरूलाई बस्न सतल, अग्नीशाला, कुवा, भान्साघर तथा टुटेधारा बनाएको कुरा उल्लेख छ । त्यस्तै भक्तपुरकै जगज्योतिमल्लले मैथिली विद्वानलाई बसोबास गर्न जग्गा दान गरेको कुरा एक ताडपत्र तमसुकबाट जान्न सकिन्छ ।

आधुनिककालको सुरूमा नेपाल आएका कमपेट्रिकले भक्तपुरमा भएको शैक्षिक विकासलाई देखेर "नेपालको बनारस" भनेर सम्बोधन गरेका छन् । यी सबै तथ्यहरूबाट हेर्दा भक्तपुरका मल्ल राजाहरूले लिएका पदवीहरू तथा उनीहरूले लेखेका ग्रन्थहरूको सूची अध्ययनबाट पनि भक्तपुर मध्यकालमा महत्त्वपूर्ण शैक्षिक केन्द्र भएको जान्न सकिन्छ ।

**कान्तिपुर–** मध्यकालीन नेपालमा काठमाडौंका विभिन्न क्षेत्रहरू पनि विद्या अध्ययनका केन्द्र बनेका थिए । हिन्दू तथा बौद्ध दुवै धर्मसँग सम्बन्धित पठनपाठन यहाँ हुन्थ्यो । विभिन्न मन्दिरहरू तथा स्वयम्भु विक्रमशील आदि क्षेत्रहरू त्यसवेला आ-आफ्नो धर्मसँग सम्बन्धित शिक्षा दिने गर्दथे । वास्तवमा एघारौ शताब्दीदेखि चौधौं शताब्दीसम्म नेपाल विद्याको ठूलो केन्द्र भएको हुनाले धेरै भारतीय पण्डितहरू नै नेपालमा आएर बसेका थिए यसै शिलशिलामा बौद्ध धर्म र दर्शनको शिक्षा दिने महत्त्वपूर्ण केन्द्र स्वयम्भू बनेको थियो । स्वयम्भूमा बसी अध्यापन कार्यमा संलग्न भएका रत्नरक्षित, वनरत्न आदिको नाम उल्लेखनिय छ । यी वनरत्न भारतको सद्नगरका राजकुमार थिए र नेपालमा ज्ञानोपार्जनका निमित आएका थिए ।

मध्यकालमा काठमाडौंमा विकसित भएको महत्त्वपूर्ण शैक्षिक केन्द्र ठमेलस्थित विक्रमशील महाविहार थियो । यसको उल्लेख वि.सं. १०९८ को सर्न्दभदेखि पाउन सकिन्छ । भारतको विक्रमशील महाविहारका पण्डित अतिश दीपांकर श्रीज्ञान नेपालको बाटो भएर तिब्बत जान आउँदा ने.सं. १६२ (वि.सं. १०९८) मा वर्ष भरि नै नेपालको ठमेलस्थित वर्तमान विक्रमशील महाविहार (थंवहि) मा बसेका थिए । डेनियल राइटले

छापेको वंशावलीमा "भारतको विक्रमशील महाविहारका पण्डित धर्मश्री मित्रले द्वादशाक्षरी मन्त्रको व्याख्या गर्न नजानेर नेपाल आएपछि मन्जुश्रीबाट उनलाई उक्त मन्त्रको अर्थ ज्ञान प्राप्त भएको र धर्मश्री मित्रको लागि मन्जुश्रीले नेपालको विक्रमशील महाविहार बनाइदिएको" कथा उल्लेख भएको छ । यस कथाले विक्रमशील महाविहारमा हुने अध्ययन अध्यापनको उच्चस्तरलाई इंगित गरेको देखिन्छ । तिब्बतबाट भारतमा अतिश दीपांकर श्रीज्ञानलाई लिन गएका तिब्बती विद्वान नग्छौ लोचवले पनि थंवहिका बौद्ध भिक्षुहरूको भोजन ग्रहण गर्ने र बौद्धशास्त्र अध्ययन गर्ने विधि असल थियो भनेर प्रशंसा गरेका छन् । अतिश दीपाङ्करले लेखेको शतशाहस्रिका प्रज्ञापारमिता हाल पनि ठमेलस्थित विक्रमशील महाविहारको संग्रहमा छ ।

तिब्बतमा हेवज्र तन्त्रको प्रसार गराउने ठोग्मी नामक तिब्बती विद्वानले पनि नेपालमा शिक्षा हासिल गरेका थिए । उनी भारततिर अध्ययन गर्न जान नेपाल आउंदा एक वर्षसम्म यहीं बसेर नेपाली विद्वान शान्तिभद्रसँग संस्कृत भाषा र वज्रयानी ग्रन्थहरू अध्ययन गरेका थिए । त्यसपछि पनि यी ठोग्मिले १३ वर्षसम्म भारत र नेपालको विभिन्न ठाउँमा विद्या अध्ययन गरेर बिताएका थिए । नेपाली विद्वान शान्तिभद्रको सहयोग लिएर एकजना तिब्बती विद्वान नागशोले निकै बौद्ध ग्रन्थहरू तिब्बती भाषामा अनुवाद पनि गरेका थिए ।

काठमाडौं यङ्गाल क्षेत्र पनि विद्याको केन्द्र भएको बुझिन्छ । मध्यकालमा दिवाचन्द्र नाम गरेका प्रसिद्ध पण्डित यङ्गाल क्षेत्रमा बसी अध्यापन गर्ने गर्दथे । यस्तै सोही ठाउँमा पुण्याकभद्र पनि बज्रवाराही मण्डलका विशेषज्ञ भएको र यिनले थुप्रै तिब्बती विद्वानहरूलाई पढाएका थिए । ने.सं. १८९ को शिवधर्म नामक हस्तलिखित ग्रन्थबाट राघवसिद्ध नामक विद्वान व्यक्ति यङ्गाल क्षेत्रमा बसेर अध्ययन अध्यापन कार्यमा संलग्न भएको बुझिन्छ । यिनलाई निकै ठूला विद्वानको रूपमा उक्त हस्तलिखित ग्रन्थको पुष्पिका वाक्यमा संबोधन गरिएको छ । यङ्गालका अर्का एक विद्वान त भारतको बनारससम्म अध्ययनार्थ पुगेका थिए । उनले कलोततन्त्र नामक ग्रन्थ पनि वनारसमा नै बसेर तयार गरेका थिए । यिनको नाम थियो भट्टश्री शैवाचार्य अमृतमित्र । बौद्ध क्षेत्र पनि महत्त्वपूर्ण शैक्षिक केन्द्र थियो । लिच्छविकालदेखि नै यो क्षेत्र बौद्ध दर्शनको अध्ययन केन्द्र बनेको थियो । मध्यकालमा पनि यो परम्परा कायम रह्यो ।

मध्यकालमा बाहिर गएर लेखपढ गरेर आएका विभिन्न विद्वानहरू घरघरमा बसेर पढाउने गर्दथे । यस किसिमका थुप्रै विद्वानहरू काठमाडौं उपत्यकामा यत्रतत्र थिए । उपत्यकामा आएका मौलवी या मुन्सीहरू पनि पछिल्लो मध्यकालतिर आएर पठनपाठनको कार्यमा संलग्न भएका थिए । विशेष गरेर काठमाडौं उपत्यकाको सम्भ्रान्त परिवार त्यस्ता व्यक्तिहरूसँग फारसी भाषा सिक्ने गर्दथे । सो समयमा भारत-तिब्बत गर्ने विद्वानहरू विशेष गरेर काश्मिरबाट आएका विद्वानहरू पनि आउँदा-जाँदा स्वतन्त्र रूपमा भए पनि नेपालमा बसेर अध्यापन कार्य संचालन गर्ने थर्दथे ।

त्यस्तै त्यसबेला सभाभवन र विद्वानहरूको छलफलका निमित्त मण्डपहरू बनाइने गरेको बुझिन्छ । त्यसवेला बनेका काष्ठमण्डप र अन्य मण्डपहरूबाट पनि विद्याको अवस्थाको अनुमान हुन्छ ।

यसरी मध्यकालमा नेपाल एउटा महत्त्वपूर्ण शैक्षिक केन्द्रको रूपमा विकसित भएको देखिन्छ। विशेष गरेर पूर्वमध्यकालमा नेपाल तान्त्रिक शिक्षाको गढ नै थियो।

## १९१० को मुलुकी ऐन र तत्कालीन सामाजिक परिस्थिति

पृथ्वीनारायण शाहले काठमाडौं उपत्यकामा विजय प्राप्त गरिसकेपछि नेपालको इतिहासमा आधुनिक कालको शुरुआत भएको मानिन्छ। आधुनिक कालको आरम्भतिरको नेपाली समाज हिन्दू शास्त्र, परम्परा र रीति एवं प्रचलित व्यवहारमा आधारित थिए। पृथ्वीनारायण शाहले आफ्नो छुट्टै थितिको व्यवस्था गर्न चाहेको थियो भन्ने कुरा उनको दिव्य उपदेशबाट जान्न सकिन्छ। तर उनीपछिका शासकहरूले समय-समयमा सुधार गर्ने गरेको भने देखिएको छ। रणबहादुर शाहले वि.सं. १८५५ मा राख्न लगाएको ताम्रपत्रमा व्यवस्था भए बमोजिम उनले घुसखोरी, ढिलासुस्ती, असत्य व्यवहारलाई नियन्त्रण गर्ने प्रयास गरिएको पाइन्छ। सो अभिलेखमा त "घूस खानेलाई एक धार्नी सिसा पगाली पियाउनु, मुख र गाला डाम्नु, दिशा खुवाउनु र कसैलाई आँखामा सिउँडीको दूध हाल्नु, गाईको वा मानिसको मासु खान लगाउनु" जस्ता कुराहरू पनि उल्लेख भएका छन्। वि.सं. १८६२ तिर भने जथाभावी खानपान, विवाहमा रोक, जुवामा प्रतिवन्ध, घूस खान जीउ मास्नमा रोक जस्ता व्यवस्था मिलाएर समाजलाई नियन्त्रित गर्ने सुधारात्मक कार्य गरिएको बुझिन्छ।

रणबहादुर शाहपछि समसामयिक शासन एवं समाजसुधार गर्ने शासकहरूमा प्रसिद्ध प्रधानमन्त्री भीमसेन थापाको नाउँ पनि महत्त्वपूर्ण रहेको छ। यिनले गरेका सुधारहरूमा नेवार समाजमा प्रचलित कुरीतिलाई हटाई सरलीकरण गर्नु, दाजुको मृत्युपछि भाउजु बेहोर्ने विभिन्न जातमा प्रचलित परम्पराको अन्त्य गर्नु, केही जैसी ब्राह्मणमा मामाकी छोरी विवाह गर्ने परम्परामा रोक लगाउनु, बालबच्चा बेच्न नपाउने तथा दास बनाउन नपाउने व्यवस्था गर्नु आदि मुख्य रहेका छन्। वि.सं. १८७३ मा उनले आफ्ना भतिजा उजीर सिंह थापालाई एक ऐनको मस्यौदा गर्न लगाएको बुझिन्छ, जसमा केही दण्ड सजायसम्बन्धी र बढी प्रशासनिक–जङ्गी कानूनी व्यवस्था छन्। तर सो विधान लागु भने भएन।

वि.सं. १९१० मा आएपछि मुलुकमा एउटै एकीकृत र वृहद कानूनको खाँचो महसूस गरी श्री ५ सुरेन्द्रले प्रधानमन्त्री जङ्गबहादुर राणालाई प्रचलित रीति-थिति, बन्देज-व्यवस्था, नीतिवचन आदि परम्परागत स्रोतलाई सङ्कलित गरी प्रचलित ऐन-नियममा आवश्यक संशोधनसमेत गरी वा कतिपय सान्दर्भिक ऐनहरूलाई कायमै राखी एक ऐनको मसौदा तयार गराए। वि.सं. १९१० पौष सुदी ७ का दिन श्री ५ सुरेन्द्रविक्रम शाहले लालमोहर लगाएपछि सो नेपालको पहिलो लिखित ऐन 'मुलुकी ऐन' को नामले नेपाल अधिराज्यभर लागू भयो। यस ऐनमा प्रस्तावनाका अतिरिक्त १६२ वटा महलहरू र सातवटा परिशिष्ट समाहित छन्।

१९१० को मुलुकी ऐनबाट तत्कालीन नेपालमा रहेका विविध जातिहरू र तिनको सामाजिक व्यवस्था तथा एकअर्काबीच हुनसक्ने सामाजिक सम्बन्धलाई शास्त्रहरूको

आधारमा नियमित गर्न खोजेको देखिन्छ । उन्नाइसौं शताब्दीको नेपालमा ब्राह्मण, राजपूत क्षेत्री आदि तागाधारी उच्च जाति, नमासिने मतवाली,. मासिने मतवाली, मुसलमान, छोइछिटो हाल्नुपर्ने र नपर्ने शुद्र जातिहरू रहेका थिए । यी जातिबीचको अन्तर्सम्बन्धमा शास्त्रसम्मत तथा रूढिवाद ग्रस्त नियमहरूले रोक लगाएका थिए । तल्लो जातको भातपानीको एवं शारीरिक सम्बन्धबाट जात जान सक्थ्यो । भूलले यस्तो भएको खण्डमा भने निश्चित विधि पुऱ्याएर पुनः शुद्ध हुन सकिन्थ्यो ।

यस ऐनले तत्कालीन नेपाली जनजीवनका विविध पक्षलाई समेट्ने प्रयास गरेको बुझिन्छ । खास गरी जातविशेषका काम तथा अन्तर्जातीय सम्बन्धलाई प्रष्ट पार्न पनि यस ऐनले ध्येय राखेको थियो । खानपान, विवाहजस्ता सामाजिक क्रियाकलापलाई प्राचीन हिन्दू धर्मशास्त्र अनुरूप जातिविशेषबीच सीमित गरियो । विविध अपराधका लागि सजायहरूको व्यवस्था हुनाले कानूनी समाजको स्थापनाका लागि बलियो आधार तयार भयो । तर अपराधीलाई दण्ड दिंदा अपराधको प्रकृति गौण र उसको जात मुख्य आधार मानियो । फलस्वरूप समान प्रकृतिका अपराधमा पनि फरक प्रकृति र मात्राको सजाय दिइने व्यवस्था भयो । यसरी ऐनले समाजमा विभेदको सिर्जना गऱ्यो एवं विषमता, मनोमालिन्यको बोलबाला भयो । मध्यकालीन सामन्ती धारणाले अझ बलियो हुने मौका पायो ।

यस ऐनले सर्वप्रथम सती प्रथालाई केही हदसम्म बन्देज लगाएको छ । १६ वर्षभन्दा कम उमेर हुने, गर्भवती, दासी तथा नावालक सन्तान हुने विधवालाई सती जान निषेध गरिएको थियो । यस्ता स्त्रीहरू सती गएमा, जाने र पठाउने दुबैलाई दण्डको व्यवस्था थियो ।

नयाँ र बृहत् नेपाललाई कानूनी राज्यको रूप दिने यस ऐनको लक्ष्य थियो । नेपालका हिन्दू, बौद्ध, इस्लाम तथा अन्य धर्म र धार्मिक विश्वासका अनुयायी जात-जातिहरू, सम्प्रदायहरू, बृहत् नेपालभित्रका सम्पूर्ण नेपालीको जीवनशैली र प्रवाहलाई यसले प्रभावित गऱ्यो । नेपालमा हजारौं वर्षदेखि कायम रहेको सामन्ती आर्थिक तथा सामाजिक सम्बन्धहरूलाई भने यस ऐनले थप बल प्रदान गऱ्यो । फलस्वरूप कतिपय कुरीतिहरूले कानूनी मान्यता पाए, अन्धविश्वासले जरो गाडेको समाजमा थप अन्ध विश्वासहरू फस्टाए । सतीप्रथा, दासप्रथा, बहुपत्नी विवाह, बोक्सी लगाउने प्रचलन जस्ता कुराहरूले प्रश्रय नै पाए । यो ऐनले कमारा कमारीलाई चौपायासरह बिक्री गर्न पाउने बन्धक राख्न पाउने र कमाउन सकिने सम्पत्तिको रूपमा स्थान दियो । उनीहरू भागेमा मालिकले ढिंगुरो ठोक्न पाउने व्यवस्था गऱ्यो । यसरी के देखिन्छ भने प्रस्तुत मुलुकी ऐन कालीन समाज मध्ययुगीन अनेक अन्धविश्वास र कुरीतिमा टिकेको समाज थियो । यो ऐनले केही पक्षमा सुधारात्मक कदम चालन खोजेको भएतापनि तत्कालीन सामाजिक परिस्थिति अनुरुप व्यवस्था सञ्चालन गर्नुपर्ने भएको हुदा परम्परागत मान्यतालाई लिपिवद्ध गर्नमात्र बढी प्रयत्न गरेको देखिन्छ ।

# मध्यकालीन आर्थिक व्यवस्था

मध्यकालीन युगमा नेपालीहरू विभिन्न पेशाहरूमा संलगन रहेका थिए । तत्कालिन आर्थिक व्यवस्थाबाट जानकारी पाउन त्यसबेलाका केही अभिलेखहरू हस्त-लिखित ग्रन्थहरू, विदेशी यात्रीहरूको वर्णन आदिले मद्दत गर्दछन् । त्यसबेलाका प्रमुख पेशाहरूमा कृषि, पशुपालन, उद्योग, व्यापार आदिको वर्णन तल गरिएको छ ।

## कृषि

नेपाल आरम्भदेखि नै कृषिप्रधान देश रहिआएको छ । मध्यकालको बहुसंख्यक जनताको पनि प्रमुख पेशा कृषि नै थियो । तत्कालीन विभिन्न स्रोतहरूको आधारमा हेर्दा मल्लशासकहरूले कृषि व्यवसायलाई प्रोत्साहन गर्न सिंचाईको व्यवस्था गर्नेदेखि लिएर कुलोको रेखदेख व्यवस्थित ढङ्गबाट गर्ने जस्ता काममा अनेक नियमहरू बनाएका थिए ।

**जमीनको स्वामित्व–** त्यसबेला जमीन विभिन्न प्रकारका हुन्थे । राजा र राज-परिवारका अधीनमा भएका जमीनलाई राजक्षेत्र भनिन्थ्यो भने धार्मिक मन्दिर संघसंस्थाको अधीनमा भएको जीन गुठी भनिन्थ्यो । त्यसबेला उच्च कर्मचारीहरूलाई जागीरको रूपमा जमीन नै दिइन्थ्यो र यस्ता जमीन 'जागीरविर्ता' कहिन्थ्यो । यसका अतिरिक्त विर्ता जमीन विभिन्न उद्देश्यले छुट्ट्याइएका हुन्थे । राजाले आफ्ना नातेदारहरूलाई, ब्राह्मणहरू-लाई, जागीरेहरूलाई तथा अरू केहीलाई विर्ता जग्गा दिने गर्दथे । त्यसबेला कुशविर्ता, सुनविर्ता, जागीरविर्ता आदिको उल्लेख पाइन्छ । विशेष शर्त कायम गरेर पनि विर्ता दिइन्थ्यो । नरभूपाल शाहले हिमाली क्षेत्रका वासिन्दाहरूलाई 'अवर परेको बेला सहयोग गर्नू' भन्ने शर्तमा तथा पृथ्वीनारायण शाहले माझीलाई 'सँधै आवत-जावत गर्ने मानिस-लाई नदी तार्ने काम गर्नू' भनेर विर्ता जमीन दिएका थिए । विर्ता जमीन किनबेच गर्न सकिंदैनथ्यो । सर्वसाधारण मानिसहरूका जमीन रैकर भनिन्थ्यो । यस्ता जमीन आवश्यक परेको बेलामा किनबेच गर्न सकिन्थ्यो ।

**जमीनको नाप–** मध्यकालमा जमीनको नापलाई 'रोपनी' नै भनिन्थ्यो तर यो 'रोपनी' शब्दको उल्लेख त्यसबेला काठमाडौं उपत्यकामा मात्र रहेको हुँदा यसले वास्तवमा कति क्षेत्रफल जमीन बुझाउँथ्यो स्पष्ट थिएन । इटालियन धर्म प्रचारकहरूले आफ्नो वर्णनमा यसको ब्याख्या गर्न खोजेका छन् तर स्पष्ट गर्न सकेका छैनन् । ई. १७९२ मा कर्कपेट्रिकले बंगालको बिघासँग तुलना गरेर १३ रोपनी बराबर एक बिघा हुने भन्ने ब्याख्या गरेर यसको वास्तविक क्षेत्रफल दिएका छन् । यसरी एक रोपनीमा एक एकड जमीनको तीन भागको एक भाग जति पर्ने मानिएको छ । रोपनीको चार भागको एक भागलाई 'जव' वा 'चुल' वा 'कर्ष' भनिएको छ ।

**सिचाइको व्यवस्था-** मधयकालमा विशेषतः खेतिपाती वर्षे पानीको भरमा गरिन्थ्यो । तापनि तत्कालीन शासकहरूले कुलो, बाँध आदि निर्माण गरेर जीर्णोद्धार गरेर तथा त्यसको सञ्चालन सम्बन्धी नियम बनाएर कृषि विकासमा सहयोग पुऱ्याएका थिए । राजाको संरक्षणमा बनेको कुलोलाई राजकुलो भनिन्थ्यो । भक्तपुरमा राजा जितामित्र मल्लले यस्तै राजकुलो निर्माण गरेर निश्चित नियम बनाइ दिएका थिए । कुलो मर्मत गर्न वर्षमा एक दिन श्रम गर्नुपर्ने, पानी पालै पालो लगाउनु पर्ने, एक रोपनी सिंचाइ गरेवापत एक दाम तिर्नुपर्ने कुलो सम्बन्धी रेखदेख ढलपाले गर्ने आदि कुराहरू सो स्थितिवन्देजमा लेखिएको छ । ढलपाले पानी बाँडफाँडमा कैफियत गरेमा उसलाई पनि दण्ड गरिन्थ्यो ।

**खेती गर्ने तरिका-** त्यसबेला आजकै जस्तो काठमाडौं उपत्यकामा हलो जोत्ने चलन थिएन । कुटे र कोदालोको भरमा खेती गरिन्थ्यो । ह्यामिल्टन (Hamilton) ले आफ्नो वर्णनमा कोदालोले खनेर खेती गरिने परम्पराको चर्चा गरेका छन् । यसरी खनेर एउटा कामदारले तीनदिनमा एक रोपनी जमीन बाली लगाउन लायक बनाउँथ्यो भनेर उनले लेखेकाछन् ।

काठमाडौं उपत्यका बाहेक अन्यत्र भने हलोगोरु नै प्रयोग गरिन्थ्यो ।

**बालीनाली-** त्यसबेला नेपाल अधिराज्यभर ठाउँ हेरी २ या ३ बाली लगाइन्थ्यो । काठमाडौं उपत्यकामा तीन वाली लगाइन्थ्यो । यहाँ विषेश गरेर धान गहुँ, कोदो लगाउने चलन थियो । फादर डेसिडेरीले धानका अतिरिक्त गहुँ, कोदो ऊखु र फलफूल काठमाडौंमा लगाइने गरेको उल्लेख गरेका छन् । त्यसबेला जिरसेरा, मार्सी धान आदिको विशेष मात्रामा उल्लेख आउँछ । साथै फलफूलहरूमा कागती, सुन्तोला, भुइकटहर र अन्यमा सिमि, फर्सी, काँक्रो, कपास तोरी आदिको पनि विशेष उत्पादन गरिन्थ्यो । भारतको पटनाबाट आलुको बीउ ल्याएर आलु खेती गर्ने चलन थियो ।

काठमाडौं उपत्यकामा त्यसबेला मकै लगाउने चलन थिएन । त्यसलाई यहाँ अशुभ अन्न मान्ने चलन थियो । उंपत्यकाबाहिर भने यो बाली निकै महत्त्वपूर्ण र लोकप्रिय मानिएको थियो ।

## पशुपालन व्यवसाय

मध्यकालीन नेपालीहरूको अर्को महत्त्वपूर्ण व्यवसाय पशुपालन थियो । राज्यले नै ठाउँठाउँमा गौचरन जमीन छुटचाइ दिएको थियो । जगज्जय मल्लले राखिदिएको यस्तै गौचरन जमीनमा 'किनबेच गर्न वा वन्धक राख्न नपाइने' वन्देज लगाइएको थियो ।

त्यसबेला पालिने जनावरहरूमा गाई, भैंसी, भेडा, च्यांग्रा, घोडा, चौंरी, सुंगुर, हाँस, कुखुरा, परेवा आदि विशेष उल्लेखनीय छन् । गाई तथा भैंसी पालनमा राज्यले पनि विशेष चाख लिएको थियो । नुवाकोट क्षेत्रमा थुप्रै सरकारी गोठहरू बनेका थिए । कर्कपेट्रीकले सो क्षेत्रमा असल-असल गाई देखेको कुरा उल्लेख गरेका छन् । यस्ता गोठहरूको रेखदेख गर्न 'मुखिया' नियुक्त गरिएको हुन्थ्यो । गाईलाई मार्नु वा चोट

लगाउनु त्यसबेला ठूलो अपराध मानिन्थ्यो । उत्तरी हिमाली भेगमा गाई मारिएको खवर सुनेर जगज्जय मल्लले तुरुन्त ती मानिसलाई पक्रेर ल्याउनु भन्ने आदेश गरेको प्रमाण उपलब्ध भएको छ ।

भेडा च्याग्राको पालन पनि प्रसस्त मात्रामा हुन्थ्यो । भेडा चयांग्राको विक्रीमा ५० वटा मा १ वटा करवापत लिने गरिन्थ्यो । विशेषगरेर हिमाली क्षेत्रमा भेडा च्यांग्रा पालन गरिन्थ्यो ।

घोडाको महत्त्व त्यसबेला निकै ठूलो थियो । त्यसबेला घोडाको व्यापार निकै फष्टाएको थियो । एक घोडाको मूल्य ५० रू. देखि ९५ रू सम्म थियो । जवकी कमारा कमारीको मूल्य रू. १५/१६ जति मात्र थियो । घोडा बेच्नु अघि काठमाडौं ल्याएर छाप लगाउनु पर्थ्यो । यसमा सयकडा रू. १.५० (डेढ रूपैया) भन्सार लाग्दथ्यो । नेपाली घोडाहरू भारततिर निकै मात्रामा पठाइन्थ्यो ।

जंगली पशुपक्षी पालनगर्ने तथा समातेर विक्रीगर्ने चलन पनि त्यसबेला प्रसस्त थियो । वाज, कस्तुरी, बँदेल आदि जंगली जनावर पनि वेचिन्थ्यो । एउटा वँदेललाई त्यतिबेला रू. १५ सम्म पर्दथ्यो ।

भोटे कुक्कुर, डाँफे, माछा, सुँगुर आदिको बिक्री पनि निक़ै हुन्थ्यो । राजामहाराजा हरू तथा धनीमानी वर्गहरू हात्ती पक्डेर ल्याई पाल्ने गर्दथे । हात्ती ब्राम्हणलाई दान पनि गरिन्थ्यो ।

यसरी मध्यकालमा पशुपालन व्यवसाय पनि निकै फष्टाएको थियो ।

## उद्योग धन्दा

मध्यकालीन नेपालीहरूको अर्को महत्त्वपूर्ण व्यवसाय उद्योगधन्दा थियो । त्यसबेला थुप्रै नेपालीहरू विभिन्न सानातिना उद्योगधन्दाहरू सञ्चालन गरेर बसेका थिए । तत्कालीन उद्योगहरूलाई तल वर्णन गरिएको छ ।

**वस्त्र उद्योग-** त्यसबेला कपास रोपेर आफैं कपडा बनाउने चलन थियो । तत्कालीन काठमाडौं उपत्यकाका प्रत्येक ज्यापू र उदासका घरमा कपडा बन्ने तान लागेका हुन्थे । घरायशी प्रयोगका कपडाका अतिरिक्त निकासी गर्न सकिने राडीपाखी आदिको पनि उत्पादन यहाँ हुन्थ्यो । दोलखाबाट प्राप्त ऐतिहासिक पत्रहरूमा यस्ता कपडाहरूमा भन्सार लाग्ने कुराको उल्लेख छ ।

**धातु उद्योग-** धातु उद्योगका लागि नेपाल प्राचीन समयदेखि नै प्रसिद्ध थियो । यसकिसिमका उद्योगहरू सञ्चालन गर्ने कंसाकार, ताम्राकार, लोहकर्मी, सुवर्णकर्मी आदि व्यवसायिक जातिहरू नै थिए । ढलौटका मूर्तिहरू तथा तामाका भाँडाकुँडाहरू भारत तथा तिब्बतको बजारमा खूब बिक्री हुन्थ्यो । धेरै नेपाली कालीगढहरूले तिब्बतमा गएर समेत काम गरेको कुरा इटालियन यात्री फादर डेसिडेरीले उल्लेख गरेका छन् ।

धातु उद्योग अन्तर्गत गरगहना बनाउने प्रचलनलाई पनि यहाँ उल्लेख गर्न जरूरी छ । त्यसबेला देवदेवीलाई विभिन्न अवसरहरूमा गहनाहरू बनाएर चढाउने चलन

थियो । नेपाली महिलाहरू पनि गहनाहरूले झकिझकाउ भएर हिंड्दथे । यस अर्थमा त्यसबेला गरगहना व्यवसायले निकै महत्त्व पाएको थियो । पी.सी. रायले उल्लेख गरेअनुसार नेपाली खुकुरीहरू भारतमा खूबै चलेका थिए । त्यस्तै नेपाली तावाका सामानहरूको माग भारतका विभिन्न शहरहरूमा निकै हुन्थ्यो ।

**खानी उद्योग-** कर्कपेट्रिकले उल्लेख गरेअनुसार नेपालमा खानी उद्योग निकै उन्नत अवस्थामा थियो । नुवाकोट, किटनी, चितलाङ आदि क्षेत्रहरू महत्त्वपूर्ण खानी भएका क्षेत्रहरू थिए । विशेष गरेर तावा खानी यहाँ सञ्चालित थिए । तावा भारततिर पनि निकासी गरिन्थ्यो । खानीमा काम गर्नेलाई आकरे भनिन्थ्यो र कार्यमा विशेष गरेर मगर र सुनवार जातिका मानिसहरू संलग्न थिए ।

**काष्ठ उद्योग-** त्यसबेला काष्ठ उद्योग निकै उन्नत व्यवस्थामा भएको तथ्य त्यसबेला बनेका काष्ठमूर्तिहरू, टुँडालहरू आदिबाट बुझ्न सकिन्छ । नुवाकोट, दोलखा आदि क्षेत्रहरूमा काठका राम्रा राम्रा ठेकीहरू नै बन्दथे । काठको काम गर्ने एक जातिगत समूह नै थियो जसलाई सिकर्मी भनिन्थ्यो । साथै भकारी, मान्द्रो, डोको, गुन्द्री जस्ता सामानहरू पनि त्यसबेला निकै बन्दथे र बिक्री पनि हुन्थ्यो ।

**कागज उद्योग-** कागज उद्योग नेपालमा प्राचीन युगदेखि नै सञ्चालित थियो । मध्यकालमा नेपाली कागजको माग उत्तर भारत तथा तिब्बतमा निकै बढेको थियो । नुवाकोट त्यसबेला उन्नत कागज उत्पादनमा प्रसिद्ध थियो ।

**विविध उद्योगहरू-** माथि उल्लेखित उद्योगहरूका अतिरिक्त माटाका भाँडावर्तन बनाउने उद्योग, ईंट-झिङ्गटी बनाउने उद्योग, तेल पेल्ने, रङ्ग बनाउने, घट्ट सञ्चालन गर्ने जस्ता उद्योगहरू पनि यहाँ चलेका थिए । मैन, जडिबुटी, मह आदि खोजी गर्ने कार्यमा पनि मानिसहरू संलग्न थिए ।

यसरी मध्यकालमा विभिन्न उद्योगहरू यहाँ सञ्चालन गरिएका थिए । विभिन्न उद्योगधन्दाको विकासमा मल्ल राजाहरू विशेष चाख दिने गर्दथे । राजा महेन्द्रमल्लले "ढिकी, जाँतो, लुगा बुन्ने तान, तुकी कहिल्यै खाली नराख्नू, पटासी, घरबुना खाँडी आदि मिही पारेर बुन्नु र विदेशमा लगेर बेच्नु" भनेर जनतालाई उर्दी दिएका थिए । साथै अरूको मुलुकमा गएर सीप सिकेर आए देशको धाक र प्रजाको रवाफ बढ्छ भन्ने उनको विचार थियो । यसबाट देशको उद्योगधन्दाको विकासमा मल्ल राजाहरूको चाख स्पष्ट हुन्छ ।

## व्यापार व्यवसाय

मध्यकालमा राजश्वको प्रमुख स्रोत बाह्य व्यापार थियो । त्यसबेला नेपालको भारत तथा तिब्बतसँग व्यापार सम्पर्क कायम थियो । नेपालमा उत्पादन भएका विभिन्न चीजहरू भारत तथा तिब्बतमा बिक्री गरिनुका साथै नेपालले अन्तर्राष्ट्रिय व्यापार केन्द्रको रूपमा पनि कार्य गरिरहेको थियो । तिब्बत तथा भारतको व्यापारको प्रमुख मार्ग नेपाल भएर नै थियो । यस अर्थमा नेपाल 'Highway of International Trade' को रूपमा

चलेको थियो । प्रतापमल्लको समयमा काजी भीममल्लको प्रयत्नले गर्दा तिब्बतमा व्यापारका ३२ कोठीहरू खुलेका थिए । नेपाली मुद्राहरू भोटको बजारमा चल्दथे भने नेपालले भोटका निमित्त मुद्रा समेत बनाइदिने गर्दथ्यो । यसबाट नेपाललाई प्रशस्त फाइदा हुन्थ्यो । नेपालले भारत पठाउने चीजहरूमा चमर, ऊन, घोडा, सून, धातुका भाँडावर्तनहरू, जडीबुटी आदि प्रमुख थिए भने नेपालले तिब्बततर्फ खाद्यान्न तथा तामाका भाँडाकुँडाहरू, मूर्तिहरू आदि पठाउँथ्यो ।

त्यसबेला बाह्य व्यापार गर्न सरकारबाट स्वीकृति प्राप्त गर्नुपर्दथ्यो । सरकारले दिने लाईसेन्सलाई त्यसबेला 'दस्तोक' भनिन्थ्यो । दस्तोक प्रदान गरिएबापत सरकारले निश्चित शुल्क उठाउने गर्थ्यो ।

नेपालले भारत पठाउने चीजहरूमा चमर, ऊन, घोडा, सून, धातुका भाँडावर्तनहरू, जडीबुटी आदि प्रमुख थिए भने नेपालले तिब्बततर्फ खाद्यान्न तथा तामाका भाँडाकुँडाहरू, मूर्तिहरू आदि पठाउँथ्यो । धातु मूर्तिको व्यापार मध्यकालीन आम्दानीको प्रमुख स्रोत थियो । मध्यकालको आरम्भ देखिनै धातुमूर्तिहरू अत्यधिम मात्रामा तिब्वती बजारमा बिक्रीहुन थाले । यसले गर्दा काठमाडौं उपत्यकाका धेरै नेपालीहरू यसको व्यापारमा संलग्न भए । फलस्वरूप राज्यले यसको व्यापारमा छुट्टै शुल्क लागु गरेको थियो ।

मध्यकालीन राज्यहरूको अर्को प्रमुख आम्दानीको स्रोत सूनको व्यापार थियो । राज्य आफै सूनको व्यापारमा संलग्न थियो । त्यसबेला तिब्बतबाट सून झिकाएर भारत निकासी गरिन्थ्यो । तिब्बतमा सून सस्तो भएको र भारतमा यसको ज्यादै ठूलो माग भएको हुँदा नेपालले यस मौकाबाट निकै फाइदा लिएको थियो । व्यक्तिविशेषले सूनको व्यापार गर्नलाई सरकारी स्वीकृति लिनुपर्दथ्यो र उसले तिब्बतबाट सून ल्याएपनि सो सून सरकारलाई नै बेच्नुपर्दथ्यो । सूनको व्यापारले त्यसबेला राज्यलाई निकै राम्रो आम्दानी हुन्थ्यो ।

व्यापारकै सन्दर्भमा मध्यकालमा नेपालको मुद्राबाट दोहोरो फाइदा लिएको थियो । एक त तिब्बतका निमित्त मुद्रा नेपालले नै बनाइदिन्थ्यो, यसबाट नेपाललाई निकै ठूलो आम्दानी हुन्थ्यो र अर्को नेपाली मुद्रा तिब्बती बजारमा ग्राह्य थियो ।

पछिल्लो मल्लकालतिर त मल्लराजाहरूले मिसावट भएको मुद्राहरू पनि तिब्बतलाई पठाएर प्रशस्तै फाइदा असुल्ने गरेका थिए । मुद्रा निकाल्न भारतबाट चाँदी झिकाइन्थ्यो र सो चाँदीको दाम पनि बढी मूल्यमा तिब्बतसँग लिने र मुद्रा बनाइदिए बापत त्यसको समेत रकम लिने गरेर नेपालले निकै आम्दानी गरेको थियो ।

तिब्बतसंगको व्यापार सम्पर्क र अन्तर्राष्ट्रिय व्यापार केन्द्र भएको कारणले नेपाललाई निकै आर्थिक लाभ भएको थियो ।

**ज्याला मजदूरी-** निम्नस्तरको आय हुने नेपालीहरू विभिन्न ज्याला मजदूरीको कार्य गरेर जिवीका सञ्चालन गर्दथे । त्यसबेला यातायातको कठिनाई भएको हुँदा सामान बोकेर भारत तथा तिब्बतको विभिन्न क्षेत्रमा मानिसहरू नै जानुपर्दथ्यो । फादर डेसिडेरीले

उल्लेख गरेअनुसार हिंड्न नसक्ने मानिसहरूलाई पनि भरिया लगाएर बोकाउने गरिन्थ्यो । यसरी एकथरी नेपालीहरू पूर्णरूपले श्रमजीवी थिए ।

यसका अतिरिक्त दासप्रथा, झाराप्रथा पनि समाजमा चलेको थियो । 'झाराप्रथा' भन्नाले सरकारी कामकाजको निमित्त गरिने निशुल्क श्रम हो । सरकारी भवन, मन्दिर, पाटीपौवा, कुलोपैनी बनाउनु परेमा जनताले निःशुल्क श्रम गर्नुपर्दथ्यो । यसका साथै राजदरबारमा हुने विवाह, व्रतवन्ध, दिक्षा, अन्त्येष्टी क्रिया आदि अवसरमा नगद र जिन्सी दुबै करको रूपमा पनि तिर्नुपर्दथ्यो । सामान्यतया झाराप्रथाद्वारा जनतालाई शोषण नै बढि गरिन्थ्यो । सरकारी कर्मचारीले आफ्नो स्वार्थका निमित्त पनि जनताको शोषण गर्ने गर्दथे ।

तत्कालीन समाजको अर्को दूषित आर्थिक प्रथा दास प्रथा हो । विविध कारणले मानिसहरू दास बन्थे वा बनाइन्थे । साहुको घरमा दासको रूपमा छोराछोरी राख्नुपर्ने वा आफै बस्नुपर्ने पनि गरिन्थ्यो । दासहरूको किनबेच हुन्थ्यो । त्यसबेला दासहरूको अवस्था जनावरहरूको भन्दा तल्लोस्तरको थियो । एउटा घोडा किन्नुपरे ५०/६० रू पर्दथ्यो जबकि एउटा दासको मूल्य १५/१६ रू मात्र थियो ।

मल्लहरूको अन्तिम समयतिर आएर त उपत्यकाको आर्थिक स्थिति ज्यादै लथालिङ्ग अवस्थामा पुगेको थियो । एकातिर आन्तरिक कलहले देशको शासन व्यवस्था स्थिर थिएन भने अर्कातिर पृथ्वीनारायण शाहले चारैतिर विजय गर्दैल्याएर उपत्यकालाई घेरेर आर्थिक नाकाबन्दी गरेपछि त यहाँको दैनिक जीवन नराम्रो हुँदैगयो ।

वि.सं. १८०१ मा नुवाकोट विजय गरेपछि पृथ्वीनारायण शाहले उपत्यकाको नुवाकोट भई तिब्बत व्यापार गर्ने मार्ग बन्द गरिदिए । त्यसपछाडि पनि क्रमशः उपत्यकाका मार्गहरू बन्द गर्दै गए । वि.सं. १८१९ मा मकवानपुर पृथ्वीनारायण शाहले विजय गरेपछि भने उपत्यकामा पूर्णरूपमा संकट शुरू भयो । उपत्यकामा आउने बाहिरी सामानहरू पूर्णरूपले बन्द भएपछि उपत्यकावासीहरूमा हाहाकार उत्पन्न भयो । नून, कपास आदिका अतिरिक्त दाउरा, अन्न, भेडा, बाखा आदि पशुसमेत उपत्यका भित्र लान निषेध गरियो । जबर्जस्ति लान खोज्नेलाई दण्ड गरिन्थ्यो । यसरी आर्थिक नाकाबन्दीमा पृथ्वीनारायण शाहले निकै कडा नीति अपनाएका थिए । फलस्वरूप उपत्यकामा हाहाकार उत्पन्न भयो । देशमा ठूलो आर्थिक संकट उत्पन्न भयो । सेनालाई तलब दिने पैसासम्म पनि राजढुकुटीमा रहेन । फलस्वरूप राजाहरू मठमन्दिरका देवस्व मास्न थाले । यतिले पनि नपुगेर एकअर्काको राज्यमा भोटे जातिलाई लगाई लुट्ने परिपाटी बनाइयो । यसबाट आतंक बढाउने काम मात्रै भयो । नून, कपास आदि सामानको पूर्ण अभावले गर्दा मानिसका लुगा झुत्राझात्रा भए । नून खान नपाएर मानिसहरू छटपटिन थाले ।

यसरी आरम्भमा निकै उन्नत अवस्थामा भएका मल्ल राज्यका जनताहरू एकीकरणको पूर्वभने निकै संकटमा परेका थिए । आरम्भमा मल्लाराजाहरूको आर्थिक अवस्था राम्रो भएको कुरा त्यसबेला बनेका मन्दिरहरू तथा पाटीपौवाहरूको अत्यधिकताले पनि स्पष्ट गर्दछ ।

## मध्यकालीन कर प्रणाली (Tax and Taxation Policy)

राज्यको आम्दानीको अर्को महत्वपूर्ण स्रोत कर व्यवस्था हो । जग्गा जमीन, उब्जाउ हुने वस्तुहरू, पशुपालन व्यवसाय तथा उद्योगधन्दामा विभिन्न रूपले कर लगाउने चलन प्राचीन कालमा नै शुरु भएको हो । तर मध्यकालीन नेपालको कर व्यवस्था बारे जानकारी दिने स्रोतहरू अत्यन्तै कम छन् । त्यसमा पनि काठमाण्डौ उपत्यकाको मल्ल राज्यको कर प्रणाली बारेमा प्रकाश पार्न त ज्यादै थोरै स्रोतहरू प्रकाशमा आएका छन् । जे जति सामग्रीहरू प्राप्त भएका छन् तिनैका आधारमा यहाँ प्रकाश पार्न प्रयत्न गरिएको छ ।

प्राप्त स्रोतहरू केलाएर हेर्दा मल्लकालीन कर व्यवस्थामा त्यति वैज्ञानिकता देखिंदैन । प्राचीन नेपालमा लिच्छवि शासकहरूले जनताहरूलाई पीरमर्का नपरोस् भन्ने उद्देश्य लिएर विभिन्न वस्तुमा कर निर्धारण गर्ने गरेका थिए। त्यसैले करहरूलाई नै स्थायी र अस्थायी रूपमा वर्गीकरण गरेका थिए । कुनै दैवी घटना घटेको खण्डमा वा जनताको कार्यबाट राजा प्रसन्न भएमा अस्थायी करहरू माफी पनि दिने गरिन्थ्यो तर मध्यकालमा यस किसिमको आदर्श देखिंदैन तत्कालीन कर प्रणालीलाई हेर्दा जनताहरू करको बोझबाट थिचिएका थिए भन्ने जान्न सकिन्छ । तत्कालीन स्रोतहरूबाट जानकारीमा आएका विभिन्न करहरूको परिचय तल दिइएको छ ।

**भूमिकर–** मध्यकालीन ऐतिहासिक स्रोतहरूमा भूमिकर शब्दको उल्लेख परेको छैन । त्यसो त लिच्छविकालीन स्रोतहरूले समेत भूमिकर शब्दको सट्टा 'भाग' शब्दको उल्लेख गरको हुन् । त्यसर्थ मध्यकालमा पनि अन्य विभिन्न नामहरूबाट भूमिकर लगाइने प्रचलन भएको बुझ्न सकिन्छ ।

मध्यकालीन केही स्रोतहरूले 'मूलपिण्ड' शब्दको प्रयोग गरेका छन् । यो मूलपिण्ड प्रत्येक जमीनबाट उठाइन्थ्यो । त्यस्तै पछिल्लो मल्लकालमा केही प्रमाणहरू ले पिण्ड शब्दको सट्टा लाफल वा साउनेकर शब्दको प्रयोग गरेर भूमिकर उठाउने गरेको पाइन्छ ।

भूमिकर के कसरी उठाउने भन्ने सम्बन्धमा मध्यकालनि कुनै पनि स्रोतहरूले स्पष्ट रूपमा उल्लेख गरेका छैनन् । ने.सं. ७७२ को एक प्रमाणले अर्धभागस शब्दको प्रयोग गरेको छ । यसरी हेर्दा 'अधियाँ' भाग उठाउने प्रचलन त्यसबेला थियो कि भन्ने देखिन आउँछ । तर त्यसबेला सबै स्रोतहरू केलाएर हेर्ने हो भने यो कर दरमा विविधता पाउन सकिन्छ । यो कर पनि कतिपय ठाउँमा सरकारलाई र कतिपय ठाउँमा व्यक्ति वा संस्थालाई बुझाइएका प्रमाणहरू पाइएका छन् । यी सबै तथ्याङ्कबाट के स्पष्ट हुन्छ भने राज्यले बेचेको वा गुठी राखेको जमीनहरूमा सम्पूर्ण अधिकार नयाँ मालिक कै हुने गर्दथ्यो र उसले सबै उब्जाउमा आफ्नो अधिकार राख्तथ्यो तर सरकारलाई जमीन बापत बुझाउने निश्चित कर भने सबैले बुझाउनु पर्दथ्यो । समयमा सबै कर नबुझाएमा जमीन फिर्ता गरिन्थ्यो ।

बाँझो-पर्ति जग्गाहरूमा कृषि कार्य गराउन राज्यले चाहेमा त्यस्ता जमनिमा खेती गर्दा केही वर्षसम्म भूमिकर छुट दिने चलन पनि मध्यकालमा कतैकतै देखिएको छ।

**सिंचाई कर–** मल्लकालमा खेती कार्य संचालनार्थ राज्यको रेखदेखमा कुलो-नहर पनि बनेका थिए । कुलो बनाएर त्यसको रेखदेख गर्न र पानीको बाँडफाँड व्यवस्थित गर्न कुलो अधिकारी पनि नियुक्त गरिएको हुन्थ्यो जसलाई 'ढलपा' भनिन्थ्यो । जनताले कुलो प्रयोग गरे वापत प्रतिरोपनी आधा दाम सिंचाई कर तिर्नु पर्दथ्यो । साथै वर्षमा १ दिन कुलो मर्मत गर्न श्रमदान गर्नुपर्दथ्यो ।

**साउने कर–** मध्यकालमा चलेको अर्को कर थियो साउने कर । कतै कतै यसलाई सगुने वा सगोन पनि भनिएको छ । घरैपिच्छे, जग्गैपिच्छे नगद कै रूपमा यो कर उठाउने चलन थियो ।

यो कर प्राचीन कालदेखि नै प्रचलित थियो । अंशुवर्माको संवत ३२ को हाँडीगाउँ अभिलेखमा "श्रावणिका' करको उल्लेख परेको छ । श्री धनवज्र वज्राचार्यले यही श्रावणिकाको अपभ्रंश भएर साउने कर बनेको मान्नु भएको छ । उक्त अभिलेखमा सो करको बारेमा चर्चा गर्दा **गृह क्षेत्रादिश्रावणिका दान** (घर, खेत आदिमा लाग्ने श्रावणिका कर) भनिएको छ । सो करबाट उठेको राजस्व विभिन्न थुप्रै मन्दिरहरू र अन्य व्यक्तिहरूलाई वितरण गर्ने बारे त्यहाँ उल्लेख भएको छ । यसबाट साउने कर निकै महत्वपूर्ण भएको जान्न सकिन्छ । दोलखामा प्राप्त एक प्रमाणमा यस्ता साउने कर तिर्ने गाउँलाई सगोन ग्राम भनिएको र त्यसबाट थप रू ५।- उठाउने गरेको पनि बुझिन्छ ।

**लाफल कर–** मध्यकालीन केही स्रोतहरूमा लाफल करको उल्लेख परेको छ । कतै कतै यसलई लाफ पनि भनिएको छ । यसको वास्तविक स्वरूप स्पष्ट भएको छैन । एउटा प्रमाणमा पशुहरू झिकाउने सम्बन्धमा लाफल करको उल्लेख परेको छ भने अर्को एक प्रमाणमा लाफल कर नबुझाए जग्गा खोसिने छ भन्ने उल्लेख परेको छ ।

**पशुपालनमा लागेको कर–** मल्लकालमा पशुपालन व्यवसाय निकै फस्टाएको थियो । नुवाकोट, दोलखा तथा अन्य ग्रामिण क्षेत्रहरूमा गाई, भैंसी, घोडा, भेडा र हाँस कुखुराको पालन गरिन्थ्यो । यस्ता पशुपंक्षी विंक्री गर्दा निश्चित रकम सरकारलाई बुझाउनु पर्दथ्यो । भेडा बिक्री गर्दा ५० भेडामा १ भेडा कर तिर्नु पर्दथ्यो भने घोडा बेच्दा सयकडा डेढ रुपैया सरकारलाई राजस्व बुझाउनु पर्दथ्यो ।

**जाथ्वं, केथ्वं कर–** मध्यकालमा प्रचलित कर जाथ्वं केथ्वं अस्थायी किसिमको कर थियो । यो कर राजाहरूको आफ्नो देशभन्दा बाहिर भ्रमण गर्ने बेलामा खर्च वापत उठाइने कर थियो । दोलखामा प्राप्त एक प्रमाणले यसबारे जानकारी दिएको छ ।

तिनताका मल्ला राजाहरू बेलाबखतमा भारततिर तिर्थाटनका निमित्त जाने गर्दथे । ललितपुरका मल्लराजा सिद्धिनरसिंह मल्लको लामो समय नै भारतमा बितेको थियो । त्यस्तै कान्तिपुरका मल्लराजा भूपालेन्द्र मल्लको त तिर्थ गर्न भारत जाँदा अयोध्या नजिक मृत्यु नै भएको थियो । साथै मल्ल राजाहरू मकवानपुर तथा गोसाईंकुण्ड पनि गइरहन्थे । यस्ता अवसरमा पनि जनताले कर बुझाउनु पर्दथ्यो । यो कर निकै कडाइका साथ उठाउने गरिन्थ्यो । दोलखाको उक्त प्रमाणले अरू कर माफी गरे पनि जाथ्वं केथ्वं कर माफ नहुने उल्लेख गरेको छ ।

मल्लहरूको पतनपछि पनि यस किसिमको करबाट जनता मुक्त भएनन् । रणबहादुर शाहले वि.सं. १८६० मा काशीवास बस्ता लिएको ऋण रू. ६०,०००।- तिर्न कर्मचारीबाट मात्रै सलामीस्वरूप उठइएको थियो । "श्री बुबाज्यूले चारवर्ष बनारस रहनु पर्दा लाग्याको कर्जा तिर्नाकना बमोजिम तपसिलमा सलामी हाम्रा हजुरमा चढाउन ल्याउ" भनेर श्री ५ गीर्वाणबाट गरिएको आदेशमा कसले कति तिर्ने भनेर दर नै तोकिएको छ । सो सूची अनुसार अढाइ रूपैयादेखि ५३५ रूपैयासम्म तिर्नु पर्ने भएको थियो ।

राणाहरूको हुकुमी शासनमा पनि यस्तो सलामी वापत प्रत्येक जागीरदारको तलबबाट एक रूपैया श्री ५ महाराजाको निमित्त र एक रूपैया श्री चीफ साहेब मिनिष्टरको निमित्त सालिन्दा कट्टी गरिलिने प्रथा पनि चलेको थियो ।

**चुमावन कर–** चुमावन कर राजा, युवराज वा अन्य राजकुमारको विवाहका निमित्त खर्चवापत उठाइने कर थियो । यो कर नगद वा जिन्सी दुबै तरिकाबाट उठाउने गरिन्थ्यो ।

राष्ट्रिय अभिलेखालयमा रहेको एक धरपौमा विभिन्न मल्लाराजाहरूको विवाहमा खर्च उठाउन गाउँ गाउँमा मानिसहरू गएको विवरण दिएको छ । युवराज भूपतीन्द्र मल्लको विवाह गर्ने बेलामा खर्च उठाउन दुई महिना पहिले नै राजा जितामित्र मल्ले ठाउँ ठाउँमा पत्र लेखेर ताकेता गरेका थिए । सो ताकितापत्रमा नगद तथा जिन्सी दुबै किसिमले खर्च करवापत पठाउन उल्लेख गरिएको छ । त्यस्तै अन्य थुप्रै सामानहरू पनि पठाइएको थियो । खसी, बोका, रांगा, हाँस, कुखुरा, फलफूल आदि सबै चिजबीज पठाइएको थियो । जिताभित्र मल्लका भाइ उग्रमल्लको विवाह गर्दा पनि गाउँ गाउँमा कर उठाउन पठाइएको थियो ।

वास्तवमा राजा र राजपरिवारको विवाहमा नयाँनयाँ गहना पोशाक बनाउन, पाहुनाहरूलाई खुवाउन तथा नाचगान जस्ता कार्यहरू संचालन गर्न अत्यधिक खर्च लाग्ने भएको हुँदा राजाले स्वयं व्ययभार धान्न नसक्ने भएकाले गाउँ गाउँबाट यस किसिमको कर उठाउने गरेका हुन् ।

यो परम्परा मध्यकालमा मात्र सीमित रहेन । आधुनिक काल लागेपछि कायमै रह्यो । श्री ५ सुरेन्द्रको विवाहका निमित्त खर्च उठाउन अधिराज्यभरी गाउँ गाउँमा कर्मचारी पसेको विवरण जानकारीमा आएको छ ।

**गादीम मारख–** गद्दीमा राजा फेरिंदा पनि जनताले कर तिर्नु पर्दथ्यो । यस्तो करलाई गादीम मारखं भनिएको छ । यस्तो कर नगद-जिन्सी दुबै प्रकारले उठाइन्थ्यो ।

**धीरकर-सुमाङ्गी–** दरवारमा मनाइने विभिन्न धार्मिक कार्य तथा चाडपर्वको अवसरमा पनि जनताले कर तिर्नुपर्दथ्यो । यस्तो करको उल्लेख पश्चिमी नेपालका प्रमाणमा पाइएको छ ।

मल्लकालीन स्रोतहरूमा यो धीकर सुमाङ्गी शब्दको उल्लेख त आएको छैन तर राजदरवारमा हुने गरेका समारोहहरूमा कर उठाइएका थुप्रै प्रसङ्गहरू भने जानकारीमा आएका छन् । राजदरवारमा हुने गरेका विवाह, व्रतबन्ध, दीक्षा, जन्मोत्सव आदि सबै अवसरमा जनताले कर तिर्नुपर्दथ्यो ।

**बेताली ग्रामबाट उठ्नेकर–** मल्लकालमा उच्च तहमा काम गर्ने राज कर्मचारीलाई तलब वापत जमीन नै दिने चलन थियो । आफू जागिरमा छउञ्जेल सो जमीनको सबै हकभोग गर्न पाउने अधिकार उसैको हुन्थ्यो । यस्ता जमीनलाई जागिर विर्ता भनिन्थ्यो र यस्ता विर्ताहरू भएका गाउँ क्षेत्रलाई भने वेताली ग्राम भनिन्थ्यो ।

यस्ता वेताली ग्रामबाट रू १।- कर वापत उठाउने चलन थियो । सो रू १।- तिरेपछि त्यस जग्गाको आम्दानी तथा दण्डकुण्ड पच्चखत सम्बन्धी सबै रकम जागिरवालाले नै खान पाउँथ्यो ।

**सामन्त राज्यबाट उठ्ने कर (सृष्टी)–** मध्यकालमा नेपाल विभिन्न राज्यहरूमा विभक्त थियो । यी राज्यहरू प्राय एक अर्कासंग युद्ध गरिरहन्थे र एकले अर्को राज्यलाई दबाई उक्त राज्यसंग कर असुल गर्ने गर्दथे ।

विजित राज्यसंग कर लिने परम्परा प्राचीनकालदेखि नै थियो । लिच्छवि शासक मानदेवले गण्डकी पारीको मल्लपुरी कब्जा गरेर कर तिर्ने शर्तमा छोडिदिएका थिए । मध्यकालमा पनि यस्तो स्थिति निकै प्रचलित देखिन्छ । विक्रमको पन्ध्रौं-सोह्रौं शताब्दीताका काठमाडौं उपत्यकामा पनि यस्तो स्थिति देखिन्छ । जयस्थितिमल्ल, यक्षमल्ल आदि शासकहरू केन्द्रमा बसेर शासन गर्दथे । ललितपुर, कान्तिपुर, वनेपा आदि क्षेत्रमा पुस्तौनी अधिकार पाएका सामन्तहरू केन्द्रलाई कर तिरी आफ्नो हुकुमी शासन जमाइरहेका थिए । उपत्यका बाहिरका विभिन्न राज्यहरूमा चौविसे राज्यहरूमा पनि यस्तैस्थिति थियो । यद्यपि उपत्यका बाहिरका कतिपय बाइसे चौबिसे राज्यहरूका आफ्नै नियम कानून थिए ता पनि समय समयमा नेपाल दरवार (कान्तिपुर) मा हाजिर भई समसामयिक उपहार र नजरानाहरू चढाउनु पर्दथ्यो र सालना तोकिएको द्रव्य बुझाउनु पर्दथ्यो । दोलखामा प्राप्त एक प्रमाणमा यस किसिमको सामान्य राज्यले तिर्ने करलाई सृष्टिकर भनिएको छ र यो प्रति गाउँ रू ११।- उठाएको बुझिन्छ । त्यस्तै, गोर्खा राज्यमा पनि जिल्ला-जिल्लाबाट यस्तो कर दुईप्रकारले उठाइएको बुझिन्छ । एक– महसुल भनेर र अर्को ठेक्काबाट । महसुल भनेर कतै रू ५०।- कतै रू ४३।- कतै रू ८०।- र ठेक्काबाट उठाउँदा कसैसंग रू ८।-, कसैसंग रू ५।- कसैसंग रू ४।- तथा कसैसंग रू १$\frac{१}{२}$ सम्म उठाइएको बुझिन्छ । कुनै बेला त वस्तुभाउका रूपमा पनि यस्तो कर उठाइन्थ्यो । रामशाहले विजय गरेको गोर्खाको उत्तरी क्षेत्र रूद्र कोटबाट भेडा र उनी कम्बलहरू उठाएर सरकारी कर्मचारीहरूलाई वितरण गरिएको थियो । यस किसिमको सामन्त राज्यहरूबाट उठ्ने करबाट पनि राजस्व संकलन हुन्थ्यो ।

**निर्माण कार्य गर्न लाग्ने कर–** मल्ल राजाहरू विविध कार्यका निमित्त कर उठाउने गर्दथे । देश संचालन गर्न तथा लडाई भिडाइ कार्यका निमित्त मात्र नभएर राजालाई कुनै मठ मन्दिर निर्माण गर्ने इच्छा भएमा वा त्यसलाई जीर्णोद्वार गर्ने इच्छा भएमा त्यसमा पनि जनताले कर तिर्नु पर्दथ्यो ।

ने.सं. ८०५ मार्ग नवमीको दिन भक्तपुरका राजा जितामित्र मल्ले आफ्नो शुभ जन्मोत्सवको अवसर पारेर भक्तपुरको तलेजुको मूल ढोकामा तोरण बनाई चढाएका थिए ।

सो अवसरमा भक्तपुरका विभिन्न गाउँहरूबाट कर वापत रूपैया ६८९४।- उठाइएको थियो ।

**राहदानी (पासपोर्ट) कर**– नेपालभित्र आउने विदेशीहरू तथा नेपालबाट बाहिर जाने स्वदेशी विदेशी सबैले राहदानी शुल्क तिर्नुपर्दथ्यो । मल्लकालमा आएका विभिन्न धर्मप्रचारक पादरीहरूको वर्णन अनुसार त्यसबेला नेपालबाट बाहिर जाने नेपालीहरूले दुई रूपैया पचास पैसा र यूरोपियनहरूले रू ५०।- (रुपैया पचास) राहदानी वापत तिर्नुपर्दथ्यो । यसरी राहदानी वापत लिने गरेको शुल्कबाट पनि राजस्व संकलन हुन्थ्यो । मध्यकालमा नेपालीहरू नै व्यापार गर्न बाहिरी मुलुकमा गइरहने हुँदा तथा विदेशीहरू पनि नेपालको बाटोगरी तिब्बत भारत गरिरहने गरेकोबाट राज्यलाई राहदानी वापत निकै आम्दानी हुने गरेको बुझिन्छ ।

**अन्य विभिन्न करहरू**– दोलखामा प्राप्त मल्लकालीन स्रोतहरूले अन्य केही करहरूको बारेमा जानकारी दिएका छन् । त्यसबेला दीपा, सेर्मा, फागु आदि विभिन्न करको उल्लेख पृथ्वीनारायण शाहले नुवाकोटका वासिन्दाहरूलाई कर माफी गरिदिएको पत्रमा परेको छ । दीपाकर नगद कै रूपमा उठाइने कर थियो । तर अन्य करहरूको परिचय पाउन सकिएको छैन ।

बाबुराम आचार्यले त्यसबेला प्रचलित जलकरको बारेमा उलेख गर्नुभएको छ । नदीको बालुवा धुँदा जो सुन निस्कन्थ्यो त्यसको र नदी पोखरी आदिमा भएका माछा मार्दा समेत कर लिइन्थ्यो र यसलाई जलकर भनिन्थ्यो ।

**सेवा कु (उपहारको रूपमा कर)**– मल्लकालमा उपहारको रूपमा पनि कर उठाउने परिपाटी थियो । यस्ता उपहारमा जिन्सी सामान र नगद दुवै हुन्थे र यस्तो कर वा उपहारलाई 'सेवा कु' भनिन्थ्यो । राजकूलमा कोही मर्दा राजदरवारमा हुने विवाह, व्रतवन्ध, आदि विभिन्न समारोहहरू, दीक्षा लिंदा, देशहितको लागि कुनै काम उठाउँदा तथा पुजापाठका अवसरमा अत्यधिक मात्रामा यस्तो जिन्सीकर प्राप्त गरिन्थ्यो । यसरी उठाइने वस्तुहरूमा चिउरा, दाल, तर्कारी, फलफूल, मसलाका प्रकारहरू तथा खसी बोका सुंगुर राँगो आदि भोजका निमित्त आवश्यक पर्ने सबै वस्तुहरू सेवा कु वापत उठाउने चलन थियो । यसका निमित्त गाउँ तोकेर यो यो सामान यति यति रूपमा पठाउनु भन्ने राजाज्ञानै जाने गर्दथ्यो ।

भक्तपुरका राजा जितामित्र मल्लले भूपतीन्द्र मल्लको विवाह गर्दा विस्तृत सूची सहित चिठी लेखेर पठाएका थिए र सो अनुसार सामान पनि प्राप्त भएको थियो । त्यस्तै जितामित्र मल्ल र उग्रमल्लले दीक्षा लिंदाखेरी पनि भक्तपुरका विभिन्न गाउँहरूबाट नगद र जिन्सी दुबैकर उठाएको थियो ।

शुभकार्यका निमित्त छिमेकी राज्यहरूबाट पनि जिन्सी सामान उपहारको रूपमा उठाइने गरिन्थ्यो । भक्तपुर राजदरवारमा भएका विभिन्न समारोहहरूमा कान्तिपुर तथा ललितपुर राज्यबाट पनि थुप्रै जिन्सी सामान उपहार स्वरूप पठाइएको विवरण प्राप्त भएका छन् ।

यसरी मल्लकालमा विविध किसिमले कर लगाइएको पाइन्छ। सबै करको स्वरूप हेर्दा कर निर्धारण प्रक्रिया र व्यवस्थापनमा वैज्ञानिकता देखिंदैन । जनताले हरेक अवसरमा कर तिर्न तयार भएर बस्नु पर्ने स्थिति भएको देखिन्छ।

## बाँधा र झारा श्रम व्यवस्था (Bonded and Free Labour System)

निम्न स्तरको आय हुने नेपालीहरू विभिन्न प्रकारको मजदूरी कार्य गर्ने गर्दथे। आफ्नो स्वेच्छाले गरिने श्रमलाई त जीविकोपार्जनको साधन मान्न सकिन्छ तर केही यस्ता श्रमका स्वरूप थिए जसलाई सामाजिक कुरीतिकै रूपमा लिन सकिन्छ। बाँधा श्रम यस्तै प्रकारको एक कुरीति हो।

रुपैयाँपैसा वा अन्नबाली पा पशुधन साहूकहाँबाट ल्याई चलाउँदा उक्त धनमाल तिर्न नसकेसम्म जमीन साहूकहाँ बन्धक राखेजस्तै मानिस नै श्रमिक-बन्धकका रूपमा राखिने प्रचलनलाई बाँधा भनिन्छ।यो दासप्रथाकै एक स्वरूप हो।तर फरक के छ भने दास पूर्णरूपले मालिकको स्थायी चल सम्पत्तिका रूपमा मालिककहाँ बस्छ भने बाँधाचाहिं धरौटी वा बन्धक राख्नेले ननिखनेसम्म मात्र बस्छ, निखनेपछि ऊ स्वतन्त्र हुन्छ। बाँधा यसैले कसैको ऋणी भएको प्रतीकको रूपमा रहेको छ। ऋणका सबै सर्तसहित ऋण चुक्ता नगरेसम्म व्यक्ति बाँधा नै रहिरहन्छ; किनभने साहूको ऋण लगानीको ऊमात्र एक ग्यारेन्टी हो। सामान्यतया यस्तो बाँधा बसेपछि ऋणी साउँधनको ब्याजबाट मुक्त गरिन्छ; किनकि उसले साहूकहाँ श्रम गर्नुपर्दछ। श्रमको ज्याला पनि नपाउने, ऋणको ब्याज पनि नलाग्ने हुनाले यो प्रथा ऋणी-धनी दुवैको पारस्परिक सम्झौता र समझदारीबाट विकास भएको हुनुपर्दछ। जमीनमा स्वामित्व नभएका नग्न नेपालीले विभिन्न परिस्थितिबाट साहूबाट ऋण लिनुपर्ने बाध्यता हुन्छ। यसरी ऋणका लागि बन्धक राख्ने जग्गा-जमीन नभएपछि परिवारको सक्षम सदस्यलाई साहूकहाँ बाँधा राख्नुबाहेक अरू विकल्प हुँदैन। कुनै समय साउँ नै कहिल्यै चुक्ता गर्न नसकेपछि ऋणीहरू बाँधा अर्थात् ऋण चुक्ता गरेपछि स्वतन्त्र हुनसक्ने अर्द्धदासको स्थितिबाट पूर्ण दास अथवा स्वतन्त्रतालाई नै तिलाञ्जली दिएको अवस्थामा पुग्न पनि वाध्य भएका घटना इतिहासमा पाइन्छन्। दोलखाका ऐतिहासिक सामग्री केलाउँदा त्यहाँ दास-दासीका मालिकले आफूलाई आवश्यक ऋण-सापट रकम अरूबाट लिंदा आफ्ना 'प्रजा' वा अर्द्धदास रैतीलाई धितोमा राखेको प्रमाण पाइएको छ। 'प्रजा' भन्नाले त्यहाँ आफ्नो बित्तिबस्ती वा जगाभित्रका बासिन्दालाई बुझाइएकोले बिर्तावाललाई प्राप्त यो कानूनी छुट यहाँ विशेष महत्त्वको देखापर्छ। यस्ता रैती वा प्रजा बाहेक निजी दासलाई बाँधा राख्ने प्रचलन पनि त्यसबेला थियो।

पश्चिम नेपालमा पहाड-तराई सर्वत्र बाँधाप्रथा व्याप्त थियो। बाँधाप्रथा मध्य तथा सुदूर पश्चिमाञ्चलका दाङ, बाँके, बर्दिया, सुर्खेत, कञ्चनपुर, कैलाली, डडेलधुरामा निकै व्याप्त र अन्यत्र पनि केही मात्रामा भएको बुझिएको छ। प्रायः बाँधाहरू जग्गाधनी साहूकहाँ बाँधा बस्ने गर्छन्। यसरी बाँधा बस्नुपर्ने कारण जग्गाधनीसित ऋण लिएको, अन्य रोजगार नपाएको, खान नपाएकोले पेट पाल्न वाध्य भएको भन्ने बाँधाहरूको व्याख्या पाइन्छ। कसैले त बाबु-बाजेले लिएको ऋणकै कारण पनि बाँधा बस्नु परेको

देखिन्छ । अतएव, रोजगारी पाएका र जग्गाको स्वामित्वसम्बन्धी न्यायिक व्यवस्था लागू भएमा यो प्रथा रोकिने देखिन्छ ।

बाँधा मजदूरी भन्दा भिन्न प्रकारको अर्को व्यवस्था झारा प्रथा हो । झाराप्रथा भन्नाले विशेष परिस्थितिमा राज्यले वा राज्यबाट विशेष सुविधाप्राप्त सङ्घ-संस्था, परिवार वा व्यक्तिले असुल गर्ने निःशुल्क श्रमसेवा भन्ने बुझिन्छ । नेपालको इतिहास हेरेमा प्राचीन कालदेखि नै यस्तो प्रथा प्रचलित रहेको देखापर्छ । उदाहरणका लागि काठमाडौं लगनको सं. ११९ को अभिलेखमा राजा शिवदेवले पाशुपत आचार्यहरूलाई त्यस क्षेत्रमा 'भोटमा जानका लागि प्रतिवर्ष कामदारहरूले पाँचजना भरिया झाराका रूपमा लिनू' भन्ने लेखिएको छ । प्राचीनकालदेखिको यो परम्परा मध्यकालमा पनि कायमै रह्यो । ललितपुरका राजा श्रीनिवास मल्लले वि.सं. १७२९ मा रातो मछिन्द्रनाथको मन्दिरमा 'संवत्सरलोहो' नामबाट राख्न लगाएको शिलालेख अनुसार गढको पर्खालको काममा पुल बनाउने काममा, राजकाज सम्बन्धी काममा अर्थात् कतै लड्न जानुपर्दा इत्यादि देशसंग सम्बन्ध राख्ने काममा राजाले अनिवार्य रूपमा प्रजासंग काम लिन पाइन्थ्यो भन्ने बुझिन्छ । यसमा ढाकछोप गर्ने व्यक्तिलाई पैसा दण्ड गर्ने, थुन्ने, देश निस्काशनसम्म गर्ने अधिकार राजालाई थियो । वास्तवमा मध्यकालमा राजाहरूका स्थायी सैनिक धेरै हुदैनथे । यसकारण देश रक्षाको काममा प्रजा पंचको पनि निकै हात रहन्थ्यो । आफ्नो देशमा शत्रुले आक्रमण गऱ्यो भने प्रजाहरू नै सैनिकको रूपमा लडाइको मैदानमा उभिन्थे । वि.सं. १७८९ तिर कान्तिपुर ललितपुर गोरखा तीन राज्यले मिली भक्तपुरको ओभुकिल्ला दख्खल गरी अगाडि बढी सोमलिङमा ठाना हाल्दा भक्तपुर र भक्तपुर राज्य क्षेत्र ठिमी, चोपुर नकदेश, बोडे आदिका प्रजाहरू उठी ती तीनै राज्यको संयुक्त सैन्यलाई हराई ओभू फिर्ता लिएका थिए । त्यस्तै ललितपुरका राजा योगनरेन्द्र मल्लको पालामा पनि यस्तै घटना घटेको थियो । भाषा वंशावलीबाट पनि यस बारे जानकारी मिल्दछ ।

युद्ध सम्बन्धी कार्यका अतिरिक्त देश सम्बन्धी अन्य विभिन्न कार्यहरूमा जनताले विना ज्याला काम गर्नुपर्दथ्यो । यक्ष मल्लले भक्तपुरमा गढ पर्खाल बनाउँदा ब्राम्हण, क्षेत्री, वैश्य, शुद्र आदि सबै जनताले प्रशस्त ढुङ्गा काठपात बोकेर ल्याई ठूलो कष्ट गरेर बनाउनु परेको थियो । यो कुरा यक्षमल्लको भक्तपुर राजदरवारको बाहिर भित्तामा रहेको वि.सं. १५१० को शिलालेखमा उल्लेख छ । यस गढको रक्षाको लागि भक्तपुरका सारा वासिन्दाहरूले अनिवार्य रूपमा केही कर्तव्य पूरा गर्नुपर्दथ्यो । प्रत्येक शहरवासीहरूले आ-आफ्नो टोलको नजीक इलाकाको गढको भागको रक्षाको लागि सावधान भएर बस्नु पर्दथ्यो । खाई पुरिए, पर्खाल भत्किए, किल्लाको छानाको भाग वा अरू भागमा टुटफुट भएमा मर्मत गर्नु पर्दथ्यो । सो पुरा नगरे राजदण्ड लाग्दथ्यो । त्यस्तै कुलो, मन्दिर आदिको निर्माणमा पनि पूर्ण जनसहभागिता रहन्थ्यो । वि.सं. १७४० मा भक्तपुरका राजा जितामित्र मल्लले कुलोको बन्दोबस्त बाँधी राखेको एउटा शिलालेखमा वर्षको एकदिन प्रजाहरूले कुलो बनाउन जानै पर्ने कुराको चर्चा परेको छ, नगए राजदण्ड लाग्दथ्यो । भूपतिन्द्र मल्लले न्यातपोल मन्दिर बनाउँदा स्वयं इट बोकेर श्रमदान गरी जनतालाई प्रभावित पारेका थिए । झारा श्रम मात्र नभएर राजकीय आवश्यक काम पर्दा चिजबिज पनि जनताबाट झारा लिने चलन थियो । आधुनिक काल शुरु भइसकेपछि पनि यस

किसिमका थुप्रै उदाहरणहरू पाइन्छन् । वि.सं. १८३६ र वि.सं. १८४३ मा काठमाडौंमा मन्दिर आदि निर्माण हुँदा दोलखाबाट जनताले ईंट पोल्ने दाउरा झाराका रूपमा काठमाडौं पुऱ्याउनु परेको थियो । वि.सं. १८३५ मा नुवाकोटका धामी खलकले झारा गरी चामल आदि राजधानी पुऱ्याउनु परेको थियो । आधुनिक कालको शुरुतिर लडाईको तयारी हुन लागेको ताका दोलखाका घरैपिच्छे १ धार्नीको दरले सल्लाहको खोटो झाराको रूपमा चीसापानीमा पुऱ्याउनु पर्ने इश्तिहार लागु भएको थियो । त्यस्तै दरवारमा विवाहका निमित्त पात चाहिंदा नुवाकोटबाट जनताहरूले घरैपिच्छे १/१ भारी पात झारा रूपमा काठमाडौं हनुमान ढोकामा ल्याएर बुझाउनु परेको थियो । केवल नेपाल उपत्यका र यसको आसपासको क्षेत्रमा मात्र नभएर तत्कालीन सम्पूर्ण बाइसे चौबीसे राज्यहरूमा पनि यस किसिमको झाराश्रमले आफ्नो जरा गाडिसकेको थियो । स्वयं गोरखाली सैनिकहरूले पनि नेपाल एकीकरणको सन्दर्भमा वाध्य भएर त्यहाँ आफ्नो शासनको शुरुवातमा लडाईमा व्यस्त फौजलाई अन्न र अरू आवश्यक मालसामानको आपूर्तिका निमित्त झारा श्रमिक र दासहरूको प्रयोग गर्नु परेको थियो । त्यसबेला हरेक वर्ग र जातिका प्रत्येक घरबाट सबै पुरुषहरूले अनिवार्य रूपमा झाराश्रम सरकारलाई दिनु पर्दथ्यो ।

यस किसिमले मध्यकालमा र शाहकालमा शुरुतिर पनि झारा श्रमको प्रथा निकै प्रचलित थियो । वास्तवमा आफ्नै इलाकामा श्रमदान गर्नु पर्दा त जनतालाई यति कष्ट हुँदैनथ्यो तर महीनौंको लागि सामल बोकी टाढाटाढा ठाउँमा झारामा जानु पऱ्यो भने चाहिं जनतालाई निकै कष्ट हुन्थ्यो । दोलखाबाट काठमाडौं झारा श्रममा कैयौं दिनको लागि आउनु तथा उता चिसापानीमा गढी बनाउनु जानु पर्दा त प्रजा निकै मर्कामा पर्दथे । अझ कतिपय क्षेत्रमा त झाराको नाउँमा शोषण समेत हुने गर्दथ्यो । जनताले स्थानीय सरकारी अधिकृतको समेत झारा गर्नुपरेको बुझिन्छ । कुलो रेखदेख गर्न नियुक्त ढलपाले जनतालाई आफ्नो काममा लगाएको खबर जितामित्र मल्लले सुनेपछि उनले प्रजाले ढलपाको झारा वेठी गर्नु पर्दैन । ढलपाहरूले प्रजाहरूबाट केही पनि लिन पाइन्न, ढलपाहरूकहाँ दाउरा पनि पुऱ्याउनु पर्दैन भनेर प्रजालाई सूचित गर्नु परेको थियो । त्यस्तै रणजित मल्लले उनीद्वारा नियुक्त प्रमान (बडा हाकिम) ले प्रजासँग केही चिज जबर्जस्ति लिएको सुनेर प्रमाणले हाकिम भनेर प्रजाको कुनै वस्तु जबर्जस्ति लिन पाइदैन जबर्जस्ति गरी लिए भने श्री श्री राजा कहाँ उजूर गर्न आउनु भनेर जनतालाई सूचना गरेका थिए । मध्यकालको यस किसिमको वेस्थिति देखेर नै श्री ५ पृथ्वीनारायण शाहले नुवाकोटमा आफ्नो अधिकार जम्ने बित्तिकै नुवाकोटे रैतानले अनेत्र झारा नजानु भनेर सुविधा प्रदान गरेकाथिए । तर यो नुवाकोटेहरूको लागि मात्रै थियो किन भने आधुनिक कालमा पनि यस्तो झारा प्रथा बन्द भएको थिएन भन्ने कुरामाथि नै चर्चा भइसकेको छ । अझ गोर्खालीहरूले नै कतिपय ठाउँमा जवर्जस्ति झारा श्रम लिएका थिए । यो बेथिति हटाउन वि.सं. १८५६ तिर केन्द्रबाटै सरकारी कामबाहेक अरू काममा कसैले झारा लगाएमा दण्ड गरिने बारे आदेश गरिएको थियो । यस किसिमले बीच-बीचमा केही शोषण प्रवृत्ति देखिए र राज्यले रोक्न खोजे तापनि राज्यलाई आवश्यक परेको बेलामा भने झाराश्रम अनिवार्य नै हुन्थ्यो । सरकारी सेवा, फौज र मन्दिरका देवताको सेवा गर्ने व्यक्तिहरू यस झारा प्रथाबाट मुक्त हुन्थे । विशेष गरेर पठन-पाठनमा लागेका ब्राम्हण वर्गलाई पठन-पाठनमा वाधा नपरोस् भनी झारा माफी दिने गरिन्थ्यो तापनि पर्वत

राज्यमा त ब्राम्हण र राजपूतहरूले पनि वि.सं. १८६० सम्म सरकारलाई झारा सेवा प्रदान गर्नु परेको देखिन्छ । शासकको कृपापात्र केही व्यक्ति भने यस झारा प्रथाबाट मुक्त हुन्थे ।

राणाकालमा झारा प्रथाको बढी प्रयोग भयो । काठमाडौं तथा अन्य ठाउँमा अनेक विशाल र भव्य दरबारहरू बने । तिनमा झाराको नै व्यापक प्रयोग गरियो । मदेशबाट शिकार, फलफूल, खाद्य-पेय तथा निजी वस्तु ओसार्न पनि राणाहरू झारा बोलाउँथे । यस बेला कैदीहरू जिल्लासारा गरी यताउता ओसारिन्थे । गाउँलेले झाराबाट तिनलाई पिठयूँमा बोकी ओसार्नु पर्थ्यो । त्यस्तै, सरकारी खजाना (रुपैयाँ-पैसा) पनि बोक्नु पर्थ्यो ।

झारा श्रम राज्यले सङ्टकालमा बेला-बेला सङ्कलन गरेको कुरालाई त्यस बेलाको परिप्रेक्ष्यमा अनुचित मान्न सकिन्न । तर यसको दुरुपयोग पनि व्यापक मात्रामा भएको देखिन्छ । सरकारी तिरो-राजस्व छुट पाएका बिर्तावाल, मुखिया, द्वारे आदि गैरसरकारी, सुविधाभोगीवर्गले पनि झारालाई दुहुना गाई सरह दुहुने गरेको तथ्यचाहिं मार्मिक छ । झारा श्रम जुनसुकै बेला, अनिश्चित समयका लागि लिइने र कुनै क्षतिपूर्ति नदिइने हुँदा कति श्रमिकले लामो समयसम्म परिवार, खेतीपाती वा अन्यअवसरबाट पनि अलग बस्नु पर्थ्यो । अतएव, यो प्रथाले समय-समयमा अमानवीय स्वरूप लिने गरेको पनि देखिन्छ । सरकारी कर्मचारीले झारालाई निजी लाभका लागि प्रयोग गर्थे र त्यसको विरुद्ध उजुर गर्ने ठाउँ थिएन । हिम्मत पनि मानिसहरूमा थिएन । यस्तो अत्याचारी प्रथाबाट बच्न मानिसहरू बेला-बेला गाउँ छाडेर भाग्थे । प्रजातन्त्रको आगमनपछि मात्र धेरै समयपछि गएर यो प्रथा अन्त हुँदै गयो ।

## नेपालमा दासप्रथा (Slavery in Nepal)

दास प्रथा नेपालको मात्र कुरीति नभएर संसारकै निमित्त एउटा समस्या बनेको थियो । प्राचीन तथा मध्य युगमा संसारका हरेक मुलुकमा दास प्रथा प्रचलित थियो । दासदासी विभिन्न किसिमले बनाइन्थ्यो । साहुको ऋण तिर्न नसक्ता, युद्धमा पराजित हुँदा, आफै छोराछोरी बिक्री गरेर, सरकारी राजस्व तिर्न नसक्ता आदि अनेक कारणले दास बनाइने चलन थियो ।

प्राचीन नेपालका केही स्रोतहरूले त्यसबेला समाजमा दास प्रथा भएको जानकारी दिएका छन् । चावहिलको अभिलेख तथा नरेन्द्रदेवको अनन्तलिङ्गेश्वर अभिलेखमा दास प्रथा सम्बन्धी जानकारी पाइन्छ ।

मध्यकालमा दासदासी सम्बन्धी उल्लेख भएका थुप्रै उदाहरणहरू पाइएका छन् । दास, दास गणपति, देवदास जस्ता शब्दहरू तत्कालीन स्रोतहरूले जानकारी दिएका छन् । आफ्नो ऋण चुक्ता गर्न केही समयसम्म अर्धदासको रूपमा साहुको घरमा काम गर्ने चलन पनि थियो । गाई मार्ने, उच्च वर्गको आइमाइसँग यौन सम्पर्क बनाउने व्यक्तिलाई पनि दास बनाइन्थ्यो । सामान्यतया बाहुन क्षेत्रीलाई दास बनाउने चलन थिएन तर ई. १८०३ सम्म पश्चिमी नेपालमा भेरी र महाकाली नदीबीचको इलाकामा बाहुन र राजपुतलाई पनि दास बनाइएको पाइन्छ ।

दासलाई व्यक्तिगत सम्पत्तिका रूपमा लिइन्थ्यो । एउटा घोडाको भन्दा तल्लो मूल्य दासको थियो । दासको किनबेच गर्दा यसको मूल्य पञ्चहरूले निर्धारण गर्दथे र दास हराएमा वा भागेमा सरकारले खोजी गरिदिनु पर्दथ्यो ।

नेपालमा आधुनिककालसम्म दासप्रथा कायम थियो । त्यसबेला धेरै पत्नीहरू तथा दास-दासी राख्नु कुलीन समाजको एक विशेषता र प्रतिष्ठाको प्रतीक मानिन्थ्यो । श्री ५ पृथ्वीनारायण शाहको शासन सुरु भएपछि यसमा केही सुधारको क्रम सुरु भयो । पृथ्वीनारायण शाह दासप्रथा, सतीप्रथाजस्ता कुरीतिलाई घृणा गर्थे । मानिसको पशुसरह खरीद-बिक्री गर्ने प्रथाको अन्त्य गर्न चाहन्थे । अतएव, गोरखा दरबार तथा शाही नातागोता, भाइ-भारदार, कसैले पनि कमारा-कमारी नराखून् भन्ने ध्येयले उनले भएका कमारा-कमारीको मुक्ति गरेका थिए । त्यस्ता कतिपय सक्षम दासलाई उनले गोरखा सैनिक र निजामती सेवामा पनि लिएका थिए । तर पृथ्वीनारायण शाहले आफैं उदाहरण बनी दासप्रथालाई कम गर्ने प्रयास गरेका भए पनि पछिका वर्षहरूमा त्यो उदाहरण कायम रहेन । समाजका उच्च वर्गमा विलासिता र सुखसयलको भावना बढ्दै गयो र कमाराकमारी राख्ने प्रथा पुनः व्यापक भयो । एकीकरण अभियानमा पश्चिमतर्फका लडाइँमा गएर फिर्ने गोर्खाली सैनिकहरू साथमा कमारा कमारीलिएर नेपाल फिर्थे । मुलुकभित्रै पनि केही जाति विदेशमा हाडनातामा परेकालाई पनि कमारा-कमारीवर्गमा राख्ने कानूनले गर्दा यिनीहरूको संख्यामा निरन्तर वृद्धि हुने गर्थ्यो ।

पशुपति भण्डारको पृथ्वीनारायण शाहका पालाको एक अभिलेख (वि.सं. १८३०) अनुसार एक दाताले भगवान् श्री पशुपतिनाथलाई १ दास र १ दासी चढाएका थिए । उनीहरूको काम मन्दिरमा नृत्य प्रस्तुत गर्नु थियो र तिनलाई घरेलु काममा प्रयोग गर्न रोक लगाइएको थियो । यसाट प्राचीन नेपालमा प्रचलित देवदास-देवदासी र पश्चिमनेपालका धार्मिक स्थलहरूमा प्रचलित देवकी प्रथाको स्मरण गराउँछ । पछि वि.सं. १८६५ मा श्री ५ गीर्वाणबाट एक रुक्का जारी गरी मानिस बिक्रीमा रोक लगाए । तर वि.सं. १९१० मा श्री ५ सुरेन्द्र र श्री ३ जङ्गका पालाको नेपालको मुलुकीऐनले पहिलोपल्ट मानिस-मानिसको किनबेचलाई कानूनी स्वरूप दियो । यस ऐनले कमारा-कमारीलाई चौपायासरह बिक्री गर्नपाउने बन्धक राख्न पाउने र कमाउन सकिने सम्पत्तिको रूपमा स्थान दियो र उनीहरूको लिंग र उमेर अनुसारको मोल पनि तोकियो । यसरी कमारा-कमारी सुगम चल सम्पत्ति भए । यद्यपि उक्त ऐनमा दास प्रथामा निकै बन्देज लगाएको पाइन्छ । यस ऐनमा १६ वर्षभन्दा कम उमेरकालाई बन्धक राख्न र दास-दासी बनाउन नपाउने, सन्तान बिक्री गर्न नपाउने तथा दास-दासी भागेर नयाँ मुलुक अथवा तराई पुगेमा स्वतन्त्र हुने जस्तो व्यवस्था थियो । देव शमशेरले कास्की र लमजुङमा दास-दासीहरूलाई अमलेख गराए । तर पनि यो प्रथा कायमै थियो ।

कमारा-कमारी प्रथाबाट केवल एक वर्ग – कमारा कमारीको मालिक वा कुलीनवर्ग – लाभान्वित थियो । मालिकवर्गका मनोमानी र क्रूरताका कथाले जसलाई पनि रोमाञ्च हुन सक्छ । दास बाबुआमा र बालक-छोराछोरीलाई छुट्टाछुट्टै ठाउँमा बिक्री गरिन्थ्यो । मालिकहरू कमारीहरूसित अनैतिक सम्बन्ध राख्थे र लाजबाट बच्न

हत्याजस्ता जघन्य अपराध गर्न पुग्थे । ससाना बालबालिकालाई बलजफ्ती बिक्री गर्नु पनि सामान्य कुरो थियो ।

यसरी समाजमा ज्यादै गहिरो रूपमा स्थापित भएको दासप्रथा उन्मूलन गर्न त्यति सजिलो थिएन । त्यसैले चन्द्र शमशेरले दास प्रथा सरकारी आदेशबाट मात्र पूर्ण उन्मूलन हुन नसक्ने देखी जनताहरूमा चेतनाको सञ्चार जगाई मानवधर्मको वोध गराई जनताहरूको मन जिती यस प्रथालाई उखेल्ने नीति थिए । यस उद्देश्यले चन्द्र शमशेरले वि.सं. १९८० मार्ग १४ गते टुडिखेलको खरीको बोटबाट एक सार्वजनिक महत्वको भाषण दिए। यसमा उनले दास-दासी प्रथा उन्मूलन गर्न दास-दासीका मालिकहरूसँग सहयोग माग गरेका थिए । धर्मशास्त्र र मानव धर्मको आधार दिई दास बनाउने घृणित कार्यप्रति सबैको उपेक्षा हुनुपर्ने तर्फ जोड दिए । यसै क्रममा उनले सरकारका दास र सर्वस्वहरण भएका व्यक्तिहरूलाई स्वतन्त्र घोषित गरे । पछि यस विषयमा कार्य गर्न उनले बेग्लै अड्डा खडागरे । सो अड्डाबाट अधिराज्यभरिका दास दासीको लगत लिने कामभयो जसमा देभर ५९,८७९ दास-दासी भएको तथ्याङ्क आयो । तत्कालीन नेपालको जनसंख्या ५५,७३,७८८ भएको अनुमान गरिएको छ । यसमा ४६५१ दासहरू मालिकहरूद्वारा स्वतन्त्र गरिए, १९८४ जना मरे, ११४ आफ्नो ऋण तिरी मुक्त भए, १३४२ भागे र ५१७८२ लाई सरकारले ३६,७०,०००।- रू तिरी स्वतन्त्र गरायो । दास अभिलेख गर्ने कार्यमा चन्द्र शमशेरले पशुपति ढुकुटीबाट खर्च गरे । पशुपतिको सम्पत्तिबाट स्वतन्त्र गरिएकाले ती व्यक्तिलाई 'शिवभक्ति' भनिने गरियो । अमलेख गरेका दास-दासीहरूलाई उनले गाँस र वासका लागि भिक्षाखोरीमा जग्गा दिए जुन स्थान हाल पनि अमलेखगंज भनिन्छ । यस प्रकार दास प्रथा उन्मुलन गरी चन्द्र शमशेरले स्वदेश र विदेशमा समेत ख्याती प्राप्त गरे ।

# मध्यकालीन नेपाली कला र वास्तुकला

## मध्यकालीन कला

नेपालमा दशौं शताब्दीको शुरूवातको साथै मध्यकालको आरम्भ भएको मानिन्छ। यो युगमा कलाको विकास उल्लेखनीय ढङ्गबाट भयो। मध्यकालको लामो समय (अठारौं शताब्दीको मध्यसम्मको समय) मा बनेका मूर्तिकला, चित्रकला, धातुकला, काष्ठकला तथा मन्दिर, बिहार आदिको अध्ययन गर्दा सो समय कलाको विकासले ज्यादै उल्लेखनीय मान्न सकिन्छ। यस युगको कलाको स्थितिबारे तल संक्षेपमा वर्णन गरिएको छ।

**प्रस्तर मूर्तिकला-** मध्यकालको आरम्भतिर यहाँ लिच्छविकालीन परम्परा अनुरूपकै मूर्तिहरू बन्ने गरेको देखिन्छ। साथै बंगालमा विकसित पाल कलाशैलीले पनि प्रवेश पाएको थियो। अत्यधिक मात्रामा गरगहनाको प्रयोग गर्नु, धेरै हात भएका र धेरै आयुध लिएका देवीदेवताका प्रतिमा निर्माण हुनु, स्वाभाविकताबाट कलात्मक वस्तु टाढा रहनु आदि पाल सेन कला र नेपाली कलाका केही समानताहरू हुन्।

मध्यकालमा बनेका मूर्तिहरूमा गुणकामदेवको पालामा बनको पाटन कुम्भेश्वरको उमामहेश्वरको मूर्ति र अन्य मूर्तिहरू विभिन्न सूर्य मूर्तिहरू, विष्णुका विभिन्न रूपका मूर्तिहरू, बुद्ध वोधिसत्वका मूर्तिहरू उत्कृष्ट ढङ्गबाट बनेका छन्। यद्यपि मध्यकालमा निरन्तर रूपमा प्रस्तर मूर्तिहरू बनेको देखिन्छ तापनि अब क्रमशः नेपाली कलाकारहरूको ध्यान धातु मूर्ति निर्माणमा लागेको देखिन्छ। वास्तवमा तिब्बती बजारमा नेपाली धातुमूर्तिको माग अत्यधिक बढ्न थालेपछि यहाँ प्रस्तर मूर्ति निर्माणमा कमि आउन थाल्यो। पछिल्लो मल्लकालमा आएर सिद्धिनरसिंह मल्ल प्रताप मल्ल तथा भूपतीन्द्र मल्लका पालमा प्रस्तर कलाले केही प्रगति गरेको देखिन्छ।

लिच्छविकालमा मूर्ति निर्माणका लागि कालो मास रंगको बलियो प्रस्तर छनोट गरिन्थ्यो। यस्ता प्रस्तरबाट निर्मित मूर्तिहरू आकर्षक र टिकाउ हुने गर्दथे। तर मध्य कालमा चाहिँ कलाकारले मूर्ति निर्माणका लागि फोस्रो र कमसल ढुङ्गा छनोट गर्न लागेको देखिन्छ। यस्ता ढुङ्गामा मूर्ति खोप्न सजिलो हुने भएकाले कलाकारको ध्यान त्यतातिर आकर्षित भएको हो। तान्त्रिक प्रभावका धेरै हात भएका र धेरै आयुध लिएका मूर्ति कडा प्रस्तरमा खोप्न धेरै परिश्रम पर्ने हुनाले पनि मध्यकालका मूर्ति निर्माताले कमलो प्रस्तर छनोट गरेको हुनुपर्दछ। अर्कातर्फ धातु पगालेर साँचोमा खन्याई धातुमूर्ति निर्माण गर्नु त्यति अप्ठ्यारो थिएन। मध्यकालमा यसै गरी धातु मूर्ति निर्माण गर्ने परम्पराको विकास भएकाले प्रस्तरका मूर्ति निर्माणमा कलाकारको ध्यान आकर्षित हुन नसकेको र कमसल प्रस्तर छनोट गरिएको हो। यसरी मध्यकालीन प्रस्तर मूर्तिकलामा ह्रास आएको देखिन्छ।

नेपालको मध्यकालीन मूर्तिकलालाई पछिल्लो युगमा मुगलकला र राजपुत कलाले समेत प्रभाव पार्न पुग्यो । यो समयमा प्रस्तर मूर्तिकलामा ह्रास आउन पुग्यो भने धातु मूर्तिकलाको चाहिँ अत्यधिक विकास भयो । तान्त्रिक प्रभाव र अत्यधिक गरगहनाको प्रयोगले यो युगका प्रस्तर मूर्ति स्वाभाविकता भन्दा टाढा नै रहे । फुस्रो र कमसल प्रस्तरको छनोटले त्यो समयमा निर्मित प्रस्तर मूर्तिहरू चाँडै जीर्ण हुन पुगे । यता मध्यकालमा बनेका धातुमूर्ति चाहिँ आकर्षक थिए । तर तिनीहरू धेरैजसो विदेशिन पुगे । यसरी मध्यकालमा प्रस्तर मूर्तिकलाको बदला धातु मूर्तिकलाको विकास भएको पाइन्छ । तर पनि त्यो युगका प्रस्तर र धातु दुवै वस्तुबाट निर्मित मूर्तिहरूका धेरैजसो विशेषताहरू चाहिँ मिल्दाजुल्दा छन् ।

**धातुकला–** नेपालमा लिच्छवि कालमा प्रस्तर मूर्तिकलाको अत्यधिक विकास भएको थियो । तसर्थ त्यो युगमा धातु मूर्तिहरू त्यति धेरै बनेका पाइँदैनन् । तर मध्यकालको सुरुवात भएपछि चाहिँ धातुमूर्ति कलाले फल्ने फुल्ने निक्कै मौका पायो । किनकि त्यो समयमा प्रस्तर मूर्ति कलाको अवनति भएको थियो । वास्तवमा मध्यकालको सुरुवात भएपछि नेपालमा तन्त्रको प्रभाव अत्यधिक बढ्न पुग्यो र धेरै हात भएका, धेरै आयुध लिएका एवं डरलाग्दा तान्त्रिक देवदेवीका मूर्तिहरू पनि बनाउन लागिए । एकतर्फ प्रस्तरमा त्यस्ता देवी देवताको स्वरूप उत्कीर्ण गर्नु निक्कै अप्ठयारो कार्य थियो भने अर्कातर्फ धातुलाई पगालेर साँचोमा राखी धातुमूर्ति निर्माण गर्नु धेरै सजिलो थियो । यसै कारणले गर्दा मध्यकालमा धातुकलाको निक्कै उन्नति भएको हो ।

मध्यकालमा प्रस्तरकलाको स्थान धातुकलाले लिन पुग्यो । तसर्थ यो युगमा धातुकलाको अत्यधिक विकास र प्रस्तर कलाको ह्रास हुँदै गएको पाइन्छ । तसर्थ मध्यकालभर नै अनेक विशेषतायुक्त धातु मूर्तिहरू बनी नै रहे । मध्यकालका धातु मूर्तिहरूमा पाल कलाशैलीको प्रभाव र नेपाली कलाकारको कलाकारिताको सम्मिश्रण भएको पाइन्छ । यो युगमा बनेका धातुका बुद्ध मूर्तिमा समेत तीन चोसो परेको मुकुट लगाएको देखाउन लागियो । साँखुमा प्राप्त भई हाल राष्ट्रिय संग्रहालयमा संग्रहित ईश्वी बाह्रौं-तेह्रौं शताब्दीतिरको बुद्ध मूर्तिको मुकुट यस प्रकारको बनेको देखिन्छ । तर यो युगमा बुद्धको शिरमा विन्दुयुक्त उष्णिष देखाउने पुरानो परम्परा पनि धातुकलामा चाहिँ केही मात्रामा विद्यमान रहेको थियो । न्यूयोर्कको संग्रहालयमा संग्रहित ईश्वी चौधौं-पन्ध्रौं शताब्दीको बुद्ध मूर्तिमा यस्तो उष्णिष देख्न सकिन्छ ।

मध्यकालीन धातुकलामा तन्त्रको प्रभावले गर्दा त्यो युगमा थुप्रै हात भएका, हातमा थुप्रै आयुध लिएका, अनेक अलंकरणयुक्त एवं अश्लील स्वरूपका धातु मूर्तिहरू समेत बन्न लागे । तर त्यो युगका अश्लील स्वरूपका धातु मूर्तिहरू अश्लीलता झल्काउन नभएर तान्त्रिक विधान अनुसार निर्माण गरिएका हुन् । मध्यकालका धातु मूर्तिहरूमा केही लाम्चो मुखाकृति, आँखाका कोशा लामा र मास्तिर उठेका, कानमा कुण्डल, गलामा हार र लामो माला, पाखुरामा केयूर, नाडीमा बाला लगाएको देखिन्छ । उँभोतिर चुच्चो हुँदै गएको अग्नि ज्वालावलीयुक्त प्रभामण्डल देखाउनु, घुँडामाथिसम्म लगिएको पटुका बाँधेको देखाउनु, कसैले यज्ञोपवित लगाएको एवं कुनै देवताले यज्ञोपवित

जस्तै गरी लामो माला लगाएको देखाउनु पनि मध्यकालीन धातुमूर्तिकलाका महत्त्वपूर्ण विशेषताहरू हुन् ।

शरीरको तल्लो भागमा मात्र कपडाको प्रयोग भएको देखाउनु, धोतीको मुजा आकर्षक तलसम्म लत्रिएको देखाउनु, मुकुट लगाएका मूर्तिहरूमा दुवै कानको पछाडि केही उठेको बुट्टा आकृति देखाउनु, लचकदार शरीर निर्माण गर्नु आदि यो युगका धातु मूर्ति कलाका थप विशेषताहरू हुन् । यसरी मध्यकालका धातु मूर्तिकलामा अलंकरणलाई ज्यादै महत्त्व दिइएको भए तापनि यो युगका मूर्तिहरूमा आंगिक अनुपातको बेमेल देखिन्छ एवं यो युगका धातु मूर्तिहरू स्वाभाविकताको धेरै नजिक पुग्न सकेका देखिँदैन ।

नेपालमा मध्यकालमा देवीदेवताका मात्र नभएर राजा, रानी र अन्य मानिसहरूका पनि धातुका सालिकहरू बन्न लागे । मध्यकालमा काठमाडौं उपत्यका त्यहाँको उर्वरा जमीनको कारणले र तिब्बतसँगको व्यापार फस्टाएकाले निक्कै सम्पन्न अवस्थामा थियो । यस्तो अवस्थामा देवीदेवतालाई पूजा गर्नु र सौखको रूपमा पनि अनेक प्रकारका धातु मूर्तिहरू निर्माण गर्नु स्वाभाविक थियो । यसैले गर्दा मध्यकालमा बनेका मान्न सकिने धातु मूर्तिहरू काठमाडौं उपत्यकाभित्र हालसम्म पनि यत्रतत्र पाउन सकिन्छन् ।

**काष्ठकला–** कला-वास्तुकलाको निर्माणमा काठको प्रयोग अत्यन्तै प्राचीन समयदेखिनै भएको हो । मानवले प्रागैतिहासिक कालमा काठलाई उपकरण निर्माण गर्ने र सभ्यताको युगदेखि कलात्मक सामग्री उत्पादन गर्ने कार्यमा पनि प्रयोग गरेको विश्वास गरिन्छ । तर काठ नासवान वस्तु भएकोले काष्ठकलाका प्राचीनतम नमूनाहरू पाउन सकिएका छैनन् । नेपालमा इशापूर्व कालदेखि नै काष्ठकलाको सुरुवात भएको कुरा विभिन्न प्रमाणहरूले इंगित गर्ने एवं लिच्छविकालका अभिलेखहरूले समेत संकेत गर्ने भए तापनि लिच्छविकाल एवं त्यो भन्दा अगाडिका मान्न सकिने काष्ठकलाका नमुनाहरू चाहिँ हालसम्म प्राप्त गर्न सकिएका छैनन् । तर पनि तत्कालका विभिन्न विवरणहरूको आधारमा त्यो समयमा काष्ठकलाको पनि निक्कै विकास भएको एवं कालक्रमले गर्दा ती काष्ठकलाका नमुना नासिएर हाल उपलब्ध हुन नसकेको यथार्थता चाहिँ स्वीकार गर्नुपर्दछ ।

नेपालमा पूर्वमध्यकालदेखिका काष्ठकलाका नमुनाहरू प्राप्त भएका छन् । मध्यकालमा काठलाई तोरण, टुँडाल, झ्यालढोका, झ्यालढोकाका पखेटा (door wings), खम्बा एवं मूर्ति निर्माण गर्ने काममा प्रयोग गरिन्थ्यो । झ्यालढोकालाई देवीदेवताका आकृति, अष्टमंगल आकृति एवं अन्य विविध प्रकारका आकृति निकालेर सजाउने, खम्बामा पूर्ण कलश, फूलबुट्टा र लहराका आकृति निकाल्ने, तोरणमा मकरामुखाकृति, देवीदेवताका आकृति र फूलबुट्टा एवं लहराका आकृति बनाउने, टुँडालमा देवी देवताका आकृति र फूलबुट्टा एवं लहराका आकृति बनाउने, टुँडालमा देवीदेवता, फूलबुट्टा र सामान्य जनजीवन सम्बन्धी आकृति बनाउने एवं तला छाप्न बिछ्याइएका र भवनको पर्खाल बाहिर निस्किएका काठका भागमा समेत अनेक आकृति निकालेर आकर्षक बनाउने चलन मध्यकालभर नै काठमाडौं उपत्यका र आसपासका क्षेत्रमा चलेको देखिन्छ । मध्यकालमा बनेका संझ्या, मयूर झ्याल, सूर्य झ्याल आदि पनि त्यो समयका काष्ठकलाका उत्कृष्ट नमुनाहरू हुन् ।



*नृत्यदेवी, राष्ट्रिय संग्रहालय*

नेपालका हालसम्म पाइएका विद्वान्हरूद्वारा समेत स्वीकारिएका काष्ठकलाका प्राचीनतम नमुनाहरू पूर्वमध्यकालमा बनेका पनौतीको इन्द्रेश्वर, पाटनको उकुवहाल (रुद्रवर्ण महाविहार) र कान्तिपुरको इटुम्बहालका टुँडालहरू हुन् । यी टुँडालहरू साधा, एउटै काठबाट निर्मित र रतासनको अभावयुक्त छन् । तर ईश्वीको चौधौं-पन्ध्रौं शताब्दी पछि चाहिँ टुँडाल निर्माण गर्दा दुई या दुईभन्दा बढी काठ जोड्ने, रतासनयुक्त बनाउने र ज्यादा अलंकरणको प्रयोग गर्ने चलन चलेको पाइन्छ ।

मध्यकालमा ईश्वीको पन्ध्रौं शताब्दीपछि ढोकाको चौकोस माथि बाहिरपट्टि भित्तामा दुवैतिर आकर्षक ध्वजाकार भाग (Door Wings) निकाल्न लागियो । उक्त भागहरूमा

समेत अनेक प्रकारका आकृतिहरू अंकित गर्ने चलन चल्यो । त्यस्ता आकृतिहरूले पनि तत्कालको काष्ठकलाको नमुना प्रस्तुत गर्दछन् । साथै मध्यकालमा झ्यालहरू निक्कै आकर्षक र अनेक आकृतियुक्त बनाउन लागिए । काठमाडौं कुमारीघरका चन्द्रसूर्य झ्याल, भक्तपुर पूजारी मठको मयूर झ्याल, भोटाहिटीको षट्कोण झ्याल उक्त समयका विशेष आकर्षणका केन्द्रविन्दु मानिन्छन् ।

मध्यकालमा काष्ठकलाको विकासले गर्दा नेपालमा आकर्षक तोरण, टुँडाल, खम्बा र झ्यालढोका मात्र निर्माण नगरी काष्ठमूर्तिहरू पनि निर्माण गर्न लागियो । यो युगमा बनेका बनेपाको चण्डेश्वरीको काष्ठमूर्ति, हनुमान ढोका दरवारको मूलढोका माथिको विश्वरूप भैरवको काष्ठ मूर्ति, भक्तपुर भैरव चोकका भैरवका काष्ठमूर्तिहरू त्यो युगका उल्लेखनीय काष्ठमूर्तिहरू हुन् । यसरी मध्यकालमा नेपालमा काष्ठकलाको विकास चरम विन्दुमा पुगेको देखिन्छ । त्यो युगमा बनेका काष्ठकलाका धेरैजसो विशिष्ट नमुनाहरू हालसम्म देख्न सकिन्छ भने कतिपय नमुना चाहिं चोरिएका, मासिएका र नष्ट भएका छन् ।

**चित्रकला–** मानिसले आफ्ना विचारहरू अभिव्यक्त गर्ने माध्यमको रूपमा चित्रकलाको विकास प्राचीन पाषाण युगमा नै गरेको हो । युरोपका प्राचीन पाषाणकालीन गुफाहरूको अध्ययन गरेको खण्डमा यो कुरा स्पष्ट हुन सक्तछ । नेपालमा पनि प्राचीन समयदेखि नै चित्रकलाको विकास हुन थालेको बुझिन्छ तर हाल एघारौं शताब्दी पूर्वका यस्ता नमूनाहरू भने प्राप्त हुन सकेको छैन ।

नेपालमा पाइएका सर्वप्राचीन चित्रहरू ग्रन्थ चित्र हुन् । ईश्वीको एघारौं शताब्दीको मध्यताकादेखिका ग्रन्थचित्रहरू हाल उपलब्ध छन् । यहाँका प्रारम्भिक ग्रन्थ चित्रहरू साधा तर आकर्षक छन् । मध्यकालमा बनेका केही उत्कृष्ट ग्रन्थचित्रहरूमा पञ्चरक्षा, विष्णुधर्मशास्त्र, हरिवंश, हितोपदेश आदि उल्लेखनीय छन् । पूर्वमध्यकालतिरको पञ्चरक्षा नामक ग्रन्थको गातामा देवीहरूको भव्य चित्र बनाइएको छ जसमा देवीहरू महिषासुर राक्षसलाई मार्न तल्लीन भएको देखाइएको छ । त्यस्तै, हरिवंशनामक ग्रन्थको गातामा कृष्णको जन्मदेखि उनले कंशको वध गरेसम्मको कथालाई चित्रण गरिएको छ । सत्रौं शताब्दीको हितोपदेश ग्रन्थ ग्रन्थचित्रको उल्लेखनीय उदाहरण भएको ग्रन्थ हो । भित्र कथालाई बुझाउन पानाहरूमा अनेक प्रकारका चित्रहरू बनाइएका छन् ।

पछि गएर मध्यकालतिरका नेपालका पौभा चित्र र भित्ते चित्र पनि पाइएका छन् । पौभाचित्रको उत्पत्ति चीन, तिब्बत वा नेपालमा कहाँ पहिलो पटक भयो भन्ने सम्बन्धमा केही विवाद पाइन्छ । विद्वान्हरूको निष्कर्ष के छ भने पौभाचित्रको प्रारम्भ नेपालीहरूकै मौलिक उपज हो तापनि यसको प्रेरणा भने उनीहरूले तिब्बतीहरूको कपडाहरूमा धार्मिक कुराहरू लेख्ने परिपाटीबाट पाएका हुन् । तिब्बतीहरूकै शैलीलाई अनुसरण गरेर नेपालीहरूले जब कपडामा धार्मिक चित्रहरू लेखी तिनलाई रेशमले चारैतिरबाट ढाकी टुप्पो र फेदमा गोलो काठ राखी सजिलैसित बेर्न तथा झुन्डयाए पनि हुने बनाए र त्यस्तो पौभाचित्र तिब्बतमा लैजाँदा जब तिब्बतमा यसको अत्यधिक खपत हुन गयो तब नेपाली कलाकारहरूले पनि विभिन्न मोडले यसको विकास गर्दै गए । आज संसारभरि नै

नेपाली पौभा चित्रकलाका नमुनाहरू पुगेका छन् । लैनसिंह वाङ्गदेलको उल्लेखअनुसार त नेपालको सर्वप्राचीन पौभाचित्र नै विदेशमा रहेको छ । अमेरिकाको लस एन्जलस काउन्टी म्यूजियममा रहेको तेह्रौं शताब्दीको अन्त्यतिरको मानिएको अमिताभको चित्रलाई नै हालसम्म प्राप्त सर्वप्राचीन पौभाचित्र मानिन्छ । लगभग यसै समयतिरको मानिएको रत्नसम्भवको चित्र, ने.सं. ४२० को विष्णुमण्डल, ने.सं. ५५६ तिरको अमोघपास अवलोकितेश्वर आदिका पौभाचित्रहरू उल्लेखनीय नमुना मान्न सकिन्छ । यी सबै चित्रहरूमा मूल देवताका साथै अन्य सहायक देवताहरू र यी देवरूपको पृष्ठभूमिमा अनेक प्राकृतिक दृश्य, रूख, लहरा, पहाड-पर्वत, खोलानाला र जीवजन्तुको समेत चित्र उत्कृष्ट ढङ्गले बनाइएको छ । भक्तपुर चित्र संग्रहालयमा विभिन्न उत्कृष्ट पौभाचित्रहरू संग्रहित गरिएका छन् ।


नेपाली पौभाचित्रहरूको अध्ययन गर्दा के देखिएको छ भने कलाका अन्य विधामा जस्तै पौभा चित्रकलामा पनि समयक्रमअनुसार परिवर्तन देखिँदै गयो । यसैअनुरूप सोह्रौं शताब्दीपछि बनेका पौभाचित्रहरू अनेक तान्त्रिक देवदेवीको चित्रणले भरिन थाले । अठारौं शताब्दीपछिका पौभाचित्रहरू भने पूर्णरूपले राजपूत र मालवा शैलीबाट प्रभावित भएका छन् । इश्वीको पन्ध्रौं शताब्दीभन्दा अगाडिसम्म यहाँका पौभा चित्र र ग्रन्थचित्रमा मूल देवतालाई पूर्ण चेहरा र सहायक देवतालाई सपाद अर्ध चेहरामा प्रस्तुत गर्ने र देवताको पछाडि फूल बुट्टा र प्रभामण्डल अंकित नगरी साधा छाड्ने चलन थियो । तर ईश्वीको पन्ध्रौं शताब्दी पछाडिका पौभा चित्रहरूमा मुगल र राजपुत कलाशैलीले प्रभाव पारेकाले मूल देवतालाई पनि अर्ध चेहरामा प्रस्तुत गर्ने, देवताको शिरको पछाडि प्रभामण्डल र अनेकौं फूल बुट्टाहरू अंकित गर्ने, ज्वालावली देखाउने, शरीरको माथ्लो भागमा लामो जामा जस्तो लुगा र तल्लो भागमा टम्म मिलेको सुरुवाल लगाएको देखाउने आदिजस्ता प्रचलनहरू विकसित भए ।

सुरु-सुरुमा नेपाली थाङ्का चित्रले तिब्बती चित्रलाई प्रभाव पारेको थियो । तसर्थ त्यो समयमा नेपाल र तिब्बतमा एकै प्रकारका थाङ्का चित्रहरू बनाइन्थे । तर पछि गएर तिब्बती थाङ्कामा उज्जड र भडि्कलो रंग संयोजन गर्दै डरलाग्दा मुखाकृतिका देवीदेवताका चित्रहरू बन्न लागे । ईश्वीको सत्रौं शताब्दी पछाडि भने तिब्बती थाङ्का चित्रकै प्रभाव नेपाली चित्रमा पऱ्यो र तिब्बती शैलीका थाङ्काहरू बनाउन लागिए । त्यो समयमा नेपाली थाङ्कामा तिब्बती प्रभावले देवीदेवताको शिर पछाडि ज्वालावलीको प्रयोग गर्ने, बादलको दृश्य अंकित गर्ने, उत्ताउला लुगा लगाएको रूपमा प्रस्तुत गर्दै भड्किलो रंगको प्रयोग गर्ने आदि स्वरूपका देखा परे । तर नेपालमा बनेका त्यो युगसम्मका बौद्ध थाङ्का चित्रलाई चाहिँ मुगल र राजपुत कलाले प्रभाव पार्न नसकेकाले बौद्ध देवीदेवताका चित्रहरू पूर्ण चेहरामा नै निर्माण गर्ने गरिन्थ्यो ।

मध्यकालीन केही दरबारहरू र मन्दिरहरूमा भित्ते चित्रकला अंकित गरिएको पाइएको छ । काठमाडौंको कुमारीघर, भक्तपुरको पचपन्न झ्याले दरबार तलेजु मन्दिर भित्रका भित्ताहरूमा विभिन्न देवदेवीका भित्ते चित्रहरू अंकित गरिएको छ ।

## मध्यकालीन वास्तुकला


**मन्दिर वास्तुकला–** मध्यकालमा नेपालमा मन्दिरहरू अत्यधिक मात्रामा बने। यी मन्दिरहरू मुख्य रूपले तल्ले शैली (Multy roofed style) र शिखर शैली (Sikhar Style) दुई रूपका छन्।



*कृष्णमन्दिर, पाटन।*

लिच्छविकालमा सुरु भएको तल्ले शैलीका मन्दिरहरू निर्माण गर्ने नेपाली परम्पराको पूर्वमध्यकालमा अत्यधिक विकास भयो। यो युगमा शिखर शैलीका मन्दिरको बदलामा तल्ले शैलीका मन्दिरहरू नै बन्न लागेको पाइन्छ। यो युगमा लेखिएको शिवधर्म शास्त्र नामक ग्रन्थमा तल्ले शैलीको मन्दिरको एक चित्र पाइएको छ, जसले तत्कालका

त्यस्ता मन्दिरहरूको स्वरूप प्रस्टयाउने गर्दछ । बेलाबेलामा हुने जीर्णोद्धारको कारणले प्रारम्भिक युगका तल्ले शैलीका मन्दिरको स्वरूपमा ठूलो परिवर्तन आएको छ । तर पनि मध्यकालमा नेपालमा शिखरको तुलनामा तल्ले शैलीका मन्दिरहरूको निर्माण कार्यमा बाहुल्यता आएको देखिन्छ । यो युगमा लिच्छविकालमा बनेका कतिपय शिखर मन्दिरहरूलाई समेत तल्ले शैलीमा परिणत गरियो ।




*भक्तपुरको न्यातपोल मन्दिर*


प्रारम्भिक युगका तल्ले शैलीका मन्दिरहरू साधा थिए, जसमा धेरै अलंकरणको प्रयोग गरिएको थिएन । त्यस्ता मन्दिरहरूको आकार पनि त्यति ठूलो हुँदैनथ्यो । तर बिस्तारै देवतामाथि आकाश या स्वर्गमा बस्तछन् भन्ने भावनाले तथा देवता बस्ने घर मानवको भन्दा ठूलो हुनुपर्दछ भन्ने सोचाइबाट मन्दिरहरू अग्ला-अग्ला बनाउन लागिए । भक्तजनहरूले एवं राज्यको तर्फबाट राजा महाराजाले समेत मन्दिरहरू अलंकरण गर्न लागेकाले तल्ले शैलीका मन्दिरहरूमा विशिष्टता आउन लागेको पाइन्छ । प्रारम्भमा तल्ले शैलीका मन्दिरमा साधा र सामान्य देवीदेवताका आकृति अंकित टुँडाल राख्ने चलन थियो । पूर्वमध्यकालतिरको मान्न सकिने पनौतीको इन्द्रेश्वर मन्दिरका टुँडालहरूले यस

कुराको संकेत गर्दछन् । तर पछि गएर मध्यकालमा टुँडालहरूलाई अलंकरण गर्ने, धेरै हात भएका देवीदेवताका आकृति र रतासनयुक्त आकृति टुँडालहरूमा घट्ने आदि कार्यले गर्दा प्रारम्भिक युग र पछिल्लो युगका यस्ता मन्दिरहरूमा स्वतः अन्तर देखा पर्न लागेको पाइन्छ । मल्लकालको अन्त्यसम्ममा मन्दिरलाई अलंकरण गर्न तल्ले शैलीका मन्दिरहरूमा टुँडाल मात्र नभएर तोरण एवं अन्य अंगहरूमा समेत विशिष्टता आएको देखिन्छ ।

मध्यकालमा शिखर शैलीमा मन्दिरहरू पनि अत्यधिक बनेका छन् । शिखर शैली त्यस्तो शैली हो जसको स्वरूप पहाडको चुचुरो जस्तै गरी उभो तर्फ साँघुरो र चुच्चो पर्दै गएको हुन्छ । नेपालमा शिखर शैलीका मन्दिरहरू प्राचीनकाल देखि नै बन्ने गरेको अनुमान गरिएको छ तापनि दशौं शताब्दी पूर्वका यस्ता मन्दिरहरू हाल उपलब्ध भएका छैनन् । नेपालका प्राप्त हालसम्मका जानकारीमा आउन सकेको सबैभन्दा पुरानो शिखर शैलीको मन्दिर काठमाडौं पशुपतिनाथको उत्तर पश्चिम प्रांगणमा रहेको ढुंगै ढुङ्गाले बनेको एक सानो ब्रह्माको मन्दिर मानिएको छ । यसलाई कलाका पारखीहरूले ईश्वीको दशौं शताब्दीतिर निर्माण भएको हुन सक्ने मानेका छन् । नेपालमा मध्यकालदेखि चाहिँ अनेक प्रकारका शिखर मन्दिरहरू निर्माण गरिए, जुन हालसम्म नेपालका विभिन्न भागमा पाउन सकिन्छन् । मध्यकालमा शिखर मन्दिरलाई मुगल राजपुत शैलीले पनि प्रभाव पारेको देखिन्छ । शिखरको माथिल्लो भाग गुम्बज बनाउने परम्पराले समेत यसै युगमा प्रश्रय पाएको थियो । पाटनका कृष्ण मन्दिर र महाबौद्ध जस्ता अति विशिष्ट प्रकारका मन्दिरहरू यसै युगका उपलब्धि हुन् ।

सामान्यतया विभिन्न तहका पेटीमाथि शिखर मन्दिर स्थापना गर्नु, मन्दिर अगाडि एउटा मात्र मण्डप निर्माण गर्नु, प्रदक्षिणापथको व्यवस्था गर्नु, बत्ती बाल्ने दियाहरू राख्नु, गर्भगृहमा मन्दिरका मूल देवताको प्रतिमा स्थापना गर्नु, धेरै तलाहरू निर्माण नगर्नु, मन्दिरमा छानाको आवश्यकता महसुस नगरी शिखरलाई नै छानाको रूपमा प्रयोग गर्नु, शिखर उँभोतिर सानो हुँदै गएको बनाउनु, विभिन्न रथहरूको प्रयोग गर्नु, उरुश्रृङ्गको प्रयोग गर्नु, त्रिरथ, पंचरथ र सप्तरथको कल्पना गर्नु, आमलक, छत्र र गजुरको प्रयोग गर्नु आदि नेपाली शिखर मन्दिरहरूका प्रमुख विशेषता हुन् । शिखर मन्दिरलाई तल्ले मन्दिर एवं राजपुत मुगल मन्दिरको मिश्रित स्वरूपमा निमाण गर्नु पनि नेपाली कलाकारहरूका आफ्ना क्षमता र विशेषता मानिन्छन् । यहाँका शिखर मन्दिरहरूमा काठको बदला ईंटा र प्रस्तरको प्रयोगलाई प्राथमिकता दिएको पाइन्छ । पाटनको कृष्ण मन्दिर प्रस्तरबाट र महाबौद्ध मन्दिर ईंटाहरूद्वारा निर्मित छन् । शिखर मन्दिरहरूमा विभिन्न प्रकारका चित्रहरू अंकित गर्ने परम्परालाई पनि नेपाली कलाकारहरूले मान्यता दिएको देखिन्छ । पाटनको कृष्ण मन्दिरमा रामायण र महाभारतका कथामा आधारित चित्रहरू कुँदिएका छन् भने महाबौद्ध मन्दिरका हरेक ईंटामा बुद्धका आकृति अंकित छन् ।

**स्तूप वास्तुकला–** स्तूप निर्माण गर्ने तथा पुराना स्तूपहरू जीर्णोद्वार गर्ने परम्परा मध्यकालमा निकै भयो । पुराना स्तूपहरू स्वयम्भू, बौद्ध, चावहील आदिका साथै अन्य थुप्रै साना ठूला स्तूपहरू यस युगमा जीर्णोद्वार भएका छन् ।



*बौद्धनाथ स्तूप*

मध्यकालमा नेपालमा मृतकको स्मरणस्वरूप प्रशस्त मात्रामा स-साना चैत्यहरू निर्माण गरियो । मृतकको सम्झनामा त्यो युगमा प्रस्तरका स-साना चैत्यहरू बनाउने चलन थियो, जसमा धर्मग्रन्थहरू पुरिन्थे । काठमाडौं उपत्यकाभित्र घरका आँगन, गल्ली र सडकका छेउछाउमा यस्ता अनगिन्ती चैत्यहरू अझसम्म पनि देख्न सकिन्छन् । मध्यकालका यस्ता चैत्यहरूको प्रमुख विशेषता नै यो रहेको छ । त्यस्ता प्रायः सबैजसो चैत्यहरू प्रस्तरबाट निर्मित छन् ।

अभिलेख र तिथिमिति भएका तथा नभएका मध्यकालमा निर्मित ढुङ्गे चैत्यहरूको बारेमा हालसम्म राम्रोसँग खोज पनि हुन सकेको छैन । यस्ता चैत्यहरूको संख्या अनगिन्ती भएकाले नै यिनीहरूको बारेमा राम्रोसँग खोज हुन नसकेको हो । आधुनिक

कालमा समेत त्यस्ता चैत्यहरू निर्माण गर्ने परम्परा विद्यमान रहेको र दुवै युगका त्यस्ता चैत्यहरूमा समानता रहेको हुनाले पनि यिनीहरूको अध्ययनमा व्यवधान उत्पन्न हुने गर्दछ ।

मध्यकालका स्मारकस्वरूप बनाइएका चैत्यहरू जमिनमाथि पेटी र त्यसमाथि चतुष्कोणाकार आकृतिमा निर्माण गरिएका छन् । त्यस्ता चतुष्कोणाकार आकृतिमा पंचध्यानी बुद्धका लागि चार दिशामा गवाक्ष छाडी तिनमा पंचध्यानी बुद्धका मूर्ति राखिएका अवस्थामा छन् । मध्यकालीन कतिपय यस्ता चैत्यहरूमा त दक्षिणपूर्वी कुनामा वैरोचन बुद्धका लागि गवाक्ष खाली छाडिएका तथा अन्य कतिपयमा त्यस्ता गवाक्षमा यिनका मूर्ति नै बनाइएका पनि पाइन्छन् । उक्त चतुष्कोणाकार आकृतिमाथि चारपाटे आधार, त्यसमाथि गर्भ, गर्भ माथि त्रयोदश भुवन र सबैभन्दा माथि प्रस्तरकै साधा गजुर राखेर मध्यकालीन चैत्यहरू निर्माण गरिएका पाइन्छन् । तसर्थ मध्यकालका स्मारकस्वरूप बनाइएका कतिपय चैत्यको स्वरूप केही मात्रामा छ्योरतेनसँग पनि मिल्दोजुल्दो रहेको देखिन्छ ।

**विहार वास्तुकला–** मध्यकालमा नेपालमा अत्यधिक मात्रामा विहारहरू बनेका छन् । उत्तर भारतमा मुसलमानी अक्रमण भएपछि त्यहाँबाट भागी नेपाल पसेका बौद्ध पण्डितहरूले काठमाडौं उपत्यकामा विभिन्न विहार बनाइ बसेका थिए । पाटन शहरको प्रशासनीक वर्गीकरण नै पनि विहारहरूकै नामबाट भएको थियो । पाटनको रुद्रवर्ण महाविहार, हिरण्यवर्ण महाविहार, काठमाडौंका इटुम्बहाल र छुस्याबहाल एवं भक्तपुरको चतुरवर्ण महाविहार त्यसबेलाका कलाकारिताले पूर्ण विहार मानिन्छन् ।

विहारहरू एक या दुई तलाका चतुष्कोणाकार स्वरूपका भिरालो छानो भएका र छानालाई अड्याउन टुँडालको प्रयोग गरिएका हुन्छन् । विहारहरूका टुँडालमा देवी-देवता र सामान्य जनजीवनसँग सम्बन्धित आकृतिहरू निकाल्ने, पर्खाल बाहिर निस्किएका दलिनमा समेत विभिन्न प्रकारका आकृतिहरू निकाल्ने, विहारभित्र पस्ने एउटै मात्र ढोका निर्माण गर्ने एवं ढोकाको दायाँ बायाँ दुवैतिर दुई वटा सिंहका मूर्तिहरू स्थापना गर्ने चलन रहेको पाइन्छ । विहारका ढोकामा बलिया द्वारपालको रूपमा र शाक्यसिंहको प्रतीकको रूपमा समेत सिंहका मूर्तिहरू राख्ने चलन चलेको हो ।

विहार भित्र पस्ने द्वारको ढोकामाथि तोरण राख्ने चलन छ । सामान्यतया तोरणहरू काठबाट निर्मित हुने गर्दछन्, तर कतैकतै काठका तोरणका धातुका पाता मोरिएको पनि देख्न सकिन्छ । तोरणमा छेपु र विभिन्न देवदेवीका आकृति अंकित गर्ने परम्परा छ, जसको बीच भागमा चाहिँ विहारका मुख्य देवता अंकित गरिएका हुन्छन् । विहारको मूलढोकाबाट भित्रपट्टि दायाँ बायाँ काठका चौका देख्न सकिन्छ । प्रारम्भमा यी चौकामा द्वारपण्डित बस्ने एवं विहारमा अध्ययन गर्न आउने शिक्षार्थीको प्रवेश परीक्षा लिने गर्दथे । तर पछि गएर यी चौकाहरू विहारको सुरक्षाका लागि बस्ने मानिसहरू सुत्ने प्रयोजनमा प्रयोग हुन लागे ।

विहारभित्र चारैतिर भवनका लङ बनाएर बीचमा खाली आँगन छाडिएको हुन्छ । उक्त स्थान धर्म देशना गर्ने क्रममा मानिसहरू जम्मा हुन प्रयोग गरिन्छ । ढुङ्गा या ईंटा


छापेर बनाइने त्यस्ता चोकको बीचमा एक सानो चैत्य निर्माण गरिएको हुन्छ । विहारमा ढोकाको सिधा अगाडि मूल गन्धकुटी रहने गर्दछ । यसलाई भगवान् बुद्धको बासस्थान मानी खाली नै छाडिन्छ । तर आज आएर चाहिँ मूलगन्ध कुटीमा भगवान् बुद्धको मूर्ति नै स्थापना गर्न पनि थालिएको छ । प्रारम्भमा मूलगन्धकुटीमाथि छानामा सामान्य स्वरूपको केही सामग्री र त्यसपछि एक, तीन र पाँच जस्ता बिजोर संख्याका गजुर राख्न थालियो । पछि गएर कतिपय स्थानमा त मूलगन्धकुटीमाथि तले शैलीको मन्दिर नै बनाउने चलन चलेको पाइन्छ ।

विहारमा मूल चोकको तीनतिर (मूल गन्धकुटीलाई छाडेर) भिक्षुभिक्षुणी बस्न स-साना कोठाहरू बनाउने चलन छ । ती कोठाहरूमा झ्यालहरू भित्रपट्टि मात्र फर्काइएका हुन्छन् । मूल आगनको तीनतिर बरण्डा धर्म देशना गर्नका लागि तथा चक्रमणका पथको रूपमा निर्माण गरिएका हुन्छन् । विहारभित्र नै भण्डार कोठा, ढल र इनार पनि निर्माण गर्ने चलन छ । विहारमा गणेश, महांकाल र अजिमाका मूर्ति र चित्रहरू बनाउने गरिन्छ ।

## दरबार वास्तुकला

प्राचीन धर्मग्रन्थहरूमा दरवार कुन रूपमा निर्माण गर्नु पर्दछ भन्ने वास्तुविधान दिइएको पाइन्छ । नगरको बीचमा दरवार स्थापना गर्ने, दरवारलाई वन, नहर आदि किल्ला या दुर्गले घेरी सुरक्षा पर्खालसमेत लगाउनु पर्ने, दरवार वरपर विभिन्न देवी-देवताका मन्दिरहरू निर्माण गर्नुपर्ने, दरवारको द्वारमा रक्षक या द्वारपाल बस्ने फलैंचा निर्माण गरिनु पर्ने र दरवारका झ्यालहरू बाहिरपट्टि नभएर भित्री चोकपट्टि फर्किएका हुनुपर्ने आदि जस्ता विधानहरू दरवार निर्माणका लागि दिइएका पाइन्छन् । यस्तै विधानलाई अनुसरण गर्दै नेपालमा पनि मध्यकालताका दरवारहरू बनाइन्थे । तर नेपालका मध्यकालीन दरवारहरू प्राचीन वास्तुविधान अवलम्बन गरी निर्माण गरिएका भए तापनि दरवारको वरिपरि जंगल, पर्वत र खाडीहरू खन्नुको बदला सुरक्षा पर्खालले मात्र घेरिएको पाइन्छ ।

मध्यकालमा काठमाडौं उपत्यकामा तीनवटा मल्ल राज्य थिए, जुन राज्यहरूमा एकै प्रकारका दरवारहरू बनाइएका पाइन्छन् । ती तीन दरवारमध्ये कान्तिपुर राज्यको दरवार हनुमानढोका राजदरवार थियो । प्रतापमल्लको समयभन्दा अगाडि गुन्पो दरवारको नामले चिनिने उक्त दरवारको द्वार नजिकै प्रतापमल्लले हनुमानको मूर्ति स्थापना गराएपछि मात्र यसलाई हनुमानढोका दरवार भन्ने गरिएको हो । यो दरवार प्रारम्भमा कसले र कहिले निर्माण गराए एवं यसको प्रारम्भिक स्वरूप कस्तो थियो भन्ने कुरा हालसम्म स्पष्ट हुन सकेको छैन । बेलाबेलामा हुने पुनर्निर्माणमा र जीर्णोद्धारको कारणले यसको स्वरूपमा परिवर्तन हुँदै गएकाले वर्तमान स्वरूपलाई यसको प्रारम्भिक स्वरूप मान्न मिल्दैन । लिच्छविकालताका त्यो क्षेत्रमा के थियो भन्ने कुरा पनि स्पष्ट भएको छैन । तसर्थ हनुमान ढोका दरवारको वर्तमान स्वरूपलाई प्रतापमल्ल र उनी पछाडि निर्मित स्वरूप मान्नुपर्दछ ।



*पाटन दरवार, पाटन ।*

मध्यकालमा दरवारलाई 'लायकु' भन्ने चलन थियो । लायकुभित्रै पनि अनेकन् स्वरूप र मन्दिरहरू निर्माण गरिन्थे । यस दरवारको पश्चिमपट्टिको लंग चाहिं जंगबहादुर राणाको समयमा मात्र थपिएको हो । यसै गरी यसको पूर्वपट्टिको नौतले अग्लो दरवार पृथ्वीनारायण शाहको पालामा थपिएको हो । यी दुई स्वरूपबाहेक अन्य चोकहरू, मन्दिरहरू र दरवारका लङ्ग मध्यकालताका निर्माण गरिएका हुन् । हनुमानढोका दरवारमा प्रतापमल्लले के के कुरा थप गरे या दरवारको पुरानो खण्ड के कति कुन रूपमा जीर्णोद्धार गरे भन्ने कुरा पनि हालसम्म स्पष्ट हुन सकेको छैन । हालसम्म जानकारीमा आएसम्म यहाँका सबैभन्दा पुराना स्वरूप महेन्द्रमल्लको समय (ई. १५६०-१५७४) मा बनेका थिए । उनको समयमा त्यहाँ जगन्नाथ, कोटीलिङ्गेश्वर र महेन्द्रेश्वरका मन्दिरहरू बनेका थिए । यसै गरी पहिलेको तलेजु मन्दिरलाई महेन्द्रमल्लले जीर्णोद्धार गरी ठूलो बनाएको विवरण पाइन्छ । हनुमानढोका दरवार क्षेत्रमा राजा शिवसिंह मल्लले देगुतलेजुको मन्दिर बनाएका थिए । पछि प्रतापमल्लले त्यसको जीर्णोद्धार गराए ।

कला एवं वास्तुकलाको दृष्टिले हनुमानढोका दरवार निकै महत्त्वपूर्ण छ । यो दरवार पश्चिमपट्टि फिरेको छ, जसको मूलढोकादेखि उत्तर-पश्चिम दिशामा बाहिरपट्टि केही पर कालभैरवको मूर्ति राखिएको छ । प्रस्तरकलाको दृष्टिले यो मूर्ति निकै महत्त्वपूर्ण छ । मूलद्वारमाथि राखिएको काठको विश्वरूप भैरवको मूर्ति पनि काष्ठकलाको दृष्टिले त्यत्तिकै महत्त्वपूर्ण मानिन्छ । दरवारको मूलढोकाबाट भित्र पस्नासाथ प्राचीन परम्पराअनुरूपका द्वारपाल बस्ने फलैंचाहरू बनाइएको पाइन्छ । मूलद्वारबाट भित्रपट्टि नै बायाँपट्टि आकर्षक नरसिंहको प्रस्तर मूर्ति राखिएको छ । प्रतापमल्लद्वारा निर्माण गर्न लगाइएको त्यस मूर्तिमा लौहलेप लगाइएको अनुमान छ । यसले गर्दा नरसिंहको उक्त प्रस्तर मूर्ति ज्यादै चिल्लो एवं आकर्षक देखिन्छ । यो दरवारभित्र अनेकौं चोकहरू छन् । मूलद्वारबाट भित्र पस्नासाथ पुगिने एवं नरसिंहको मूर्ति राखिएको स्थान चाहिं नासलचोक

हो । यस दरवारभित्रको पुरानो चोक चाहिं कसेल (मसान) चोक मानिएको छ । हनुमानढोका दरवारभित्रका विभिन्न चोकहरू दरवारका लङ्ग र पर्खालद्वारा घेरिएका छन् । एक चोकबाट अर्को चोकमा छिर्न ढोकाहरू राखिएका छन् । यहाँको भण्डारखाल सम्पत्ति राख्न बनाइएको मानिन्छ । सुरक्षाको दृष्टिकोणले यो दरवारमा यस्ता अलग-अलग चोकहरू बनाइएका हुन् ।

हनुमानढोका दरवारभित्रै प्राचीन परम्पराअनुरूप अनेकन् देवीदेवताका मूर्ति एवं मन्दिरहरू स्थापना गरिएका देखिन्छन् । यो दरवारको नासलचोकको पूर्वोत्तर कुनामा हनुमानको पाँचतले मन्दिर छ । त्यो मन्दिर वर्तुलाकारको छ जसको गर्भगृहमा पंचमुखी हनुमानको मूर्ति राखिएको देखिन्छ । उक्त मन्दिरमा सर्वसाधारणलाई जान एवं हनुमानको दर्शन र पूजाआजा गर्न बन्देज लगाइएको छ । पुजारीद्वारा मात्र त्यहाँका हनुमानको पूजा हुने गर्दछ । नासलचोकको उत्तरपट्टि मोहनचोक अवस्थित छ, जसमा पनि अनेकन् देवीदेवताका मूर्तिहरू राखिएका छन् । दरवारभित्रै राजामहाराजालाई नुहाउन सुन्धारा बनाउने मध्यकालीन परम्पराअनुरूप हनुमानढोका दरवारको मोहनचोकमा नै सुन्धारा पनि बनाइएको देखिन्छ । राजामहाराजाको अन्य कसैसँग सम्बन्ध जोड्नु पर्दा यसै चोकमा बसेर त्यस्तो कार्य सम्पन्न गर्ने चलन थियो ।

मध्यकालमा नेपालमा दरवार निर्माण गर्दा त्यसभित्र मूलचोक निर्माण गर्ने परम्परासमेत चलेको पाइन्छ । हनुमान ढोका दरवारको नासलचोकको पूर्वोत्तर कुनामा मूलचोक रहेको छ । वंशावलीले वर्णन गरेअनुसार उक्त मूल चोकको निर्माण महेन्द्रमल्लले गराएका थिए । मध्यकालमा मूलचोकमा नै तलेजुको मन्दिर निर्माण गर्ने परम्परा थियो । यसै परम्पराअनुरूप उक्त स्थानमा तलेजुको मन्दिर बनाइएको हो । त्यहाँको तलेजु मन्दिरको निर्माण तिथि यकिन गर्न सकिएको छैन । तर पनि उक्त तलेजु मन्दिरमा द्वारको दायाँबायाँ गंगा जमुनाका मूर्ति चाहिं सन् १७६५ मा भाष्कर मल्लले स्थापना गराएको प्रमाण पाइएको छ । यहाँको मूलचोकको उत्तरपट्टि त्रिशूल चोक छ । त्यहाँका चोकहरूका वरिपरि दुईतले दरवारका लङ्गहरू छन् ।

हनुमानढोका दरवारभित्र मात्र नभएर दरवार बाहिरसमेत कला एवं वास्तुकलाका अनेकन् नमुनाहरू रहेका छन् । प्रतापमल्लले यो दरवारलाई सुन्दर बनाउन दरवार वरपर यस्ता थुप्रै कला र वास्तुकलाका नमुनाहरू निर्माण गराएका थिए । अन्य शासकहरूले समेत यो दरवारको सुन्दरतामा अत्यधिक चासो देखाएको पाइन्छ । दरवारवरिपरिका कुमारीघर, कृष्णमन्दिर, इन्द्रपुर, शिवमन्दिर आदि वास्तुकलाका नमुना तथा कालियदमन, कालभैरव, हनुमान, नरसिंह, विश्वरूप भैरव आदि जस्ता कलाका नमुनाले यो मन्दिरको भव्यतामा थप वृद्धि गरेको देखिन्छ । यी विभिन्न नमुनाहरूमध्ये हनुमान ढोका दरवारको दक्षिण-पश्चिम प्राङ्गणमा अवस्थित कुमारी घर अझ विशेष आकर्षणको केन्द्रको रूपमा रहेको छ । यो घरका बाहिरपट्टिका मयूरझ्याल, सूर्यझ्याल र चन्द्रझ्याल मध्यकालीन काष्ठकलाका विशिष्ट नमुना मानिन्छन् । कुमारीघरका विभिन्न झ्याल, तोरण र टुँडालहरू तथा हनुमानढोका दरवारका झ्याल र टुँडालले यहाँको आकर्षणमा थप टेवा पुऱ्याएका छन् । कुमारीघरको माथ्लो तलामा जयप्रकाश मल्लको समयमा बनेका अनेकन् भित्ते चित्रहरू हालसम्म सुरक्षित छन् । नेपाली चित्रकलाको इतिहासमा यिनीहरूको महत्त्व

अग्रस्थानमा रहेको छ । यसरी कान्तिपुरको मध्यकालीन दरवार हनुमानढोका कला, वास्तुकला एवं आकर्षणको दृष्टिले ज्यादै महत्त्वपूर्ण एवं उल्लेखनीय रहेको स्पष्ट हुन्छ ।

काठमाडौं उपत्यकाका मध्यकालीन तीनवटा दरवारमध्ये पाटन दरवार पनि निकै महत्त्वपूर्ण छ । मध्यकालमा यसलाई चौकोट दरवार भनिन्थ्यो । ईश्वीको सत्रौं शताब्दीमा शिवसिंह मल्लले किल्लाको रूपमा दरवारको चारकुनामा चौकोट बनाएपछि यसको नाम चौकोट दरवार राखिएको हो । पाटन दरवार प्रारम्भमा कसले र कहिले कुन रूपमा स्थापना गरेका हुन् भन्ने कुरा हालसम्म स्पष्ट हुनसकेको छैन । पाटनदरवार क्षेत्रमा लिच्छविकालका समेत अभिलेखहरू पाइएबाट त्यो क्षेत्रमा लिच्छविकालदेखि नै बसोबास भएको कुरा स्पष्ट हुन आउँछ । तर पाटन दरवारको प्रारम्भिक स्वरूप लिच्छविकालमा नै निर्माण भएको कुरा मान्ने आधारहरू चाहिं छैनन् । तसर्थ यो दरवारलाई पनि मध्यकालीन उपज नै मान्नुपर्दछ ।

पाटन दरवारलाई बेलाबेलामा जीर्णोद्धार गरियो । सिद्धिनरसिंह मल्ल, श्रीनिवासमल्ल, योगनरेन्द्र मल्ल आदिले यसको जीर्णोद्धार गरेका थिए । यसको पुनर्निर्माण र जीर्णोद्धारको क्रममा पाटन दरवारभित्र र वरपर अनेकन् कला र वास्तुकलाका नमुनाहरू थपिएका थिए । पाटन दरवार क्षेत्रमा त्यहाँका महापात्रहरूले तलेजुको मन्दिर बनाएका थिए । यसै गरी पुरन्दर सिंहले सन् १५६६ मा विष्णुको चारनारायण मन्दिर र नरसिंहको शिखर नारायण मन्दिर स्थापना गराएका थिए । पछि सिद्धिनरसिंह मल्लले देगुतले मन्दिरलाई पाँचतले बनाउनुको साथै दरबारभित्र सुन्दरीचोकमा तुषाहिटी निर्माण गराएका थिए ।


पाटन दरवार उत्तरपट्टि फर्किएको छ, जुन बौद्धविहारसँग मिल्दोजुल्दो वास्तु शैलीमा निर्माण गरिएको देखिन्छ । दरवारको मूलढोका बाहिर रक्षकको रूपमा हनुमान, नरसिंह र पाँच टाउका भएको गणेशका मूर्तिहरू राखिएका छन् । मूलद्वारको दुवैतिर रक्षकको रूपमा सिंहका मूर्ति पनि राखिएका देखिन्छन् । यो दरवारभित्र पस्ने ढोका आकर्षक तोरणयुक्त छ । प्राचीन परम्पराअनुरूप नै पाटन दरवारभित्र पस्ने ढोकाको भित्रपट्टि दुवैतिर द्वारपालमा द्वारपण्डित बस्ने चौकाहरू बनाइएका छन् । मूलद्वारबाट भित्र पस्ता पुगिने पहिलो आँगन तुषाहिटी चोक हो । तुषाहिटी गहिरो र अण्डाकार स्वरूपको छ । धाराको वरिपरि दुई तह पारेर अनेकौं देवीदेवताका प्रस्तर मूर्तिहरू राखिएका छन्, जुन तान्त्रिक छन् । ती मूर्तिहरू इश्वीको सोह्रौं शताब्दीतिर बनेका हुन् । यहाँको टुटेधारा छेउमा गरुडसहितको लक्ष्मीनारायणको मूर्ति देखिन्छ ।

पाटन दरवारको सुन्दरीचोक तीनतला भएको भवनको लङ्गले घेरिएको छ । यो दरवारका तल्लो भुइँ तलामा काठका कलात्मक खम्बाहरू छन् । दरवारका माथ्लो तलाका झ्याल चाहिं भित्र चोकपट्टि फर्काएर निर्माण गरिएका छन् । उक्त झ्यालहरू पनि ज्यादै आकर्षक एवं अलंकृत बुट्टा निकालेर आकर्षक तुल्याइएका देखिन्छन् । दरवारभित्र पस्ने द्वारमाथिको तोरण सुनौलो रंगले पोलिस गरिएको छ । यो दरवारको अगाडिको खण्ड नेपाली तले शैलीको मन्दिरको स्वरूपमा निर्माण गरिएको छ ।

पाटन दरवारलाई बेलाबेलामा जीर्णोद्धार र पुनर्निर्माण गर्ने क्रममा यसभित्र र बाहिर वरिपरि अनेकन् कला र वास्तुकलाका नमुनाहरू थपिएका पाइन्छन् । सिद्धिनरसिंह

मल्लले पाटन दरवार क्षेत्रमा तलेजुको सम्मानमा एक बगैंचा बनाएका थिए । त्यस्तै उनले ठूलो धारा विश्वनाथको मन्दिर र एक्काइस गजुर भएको प्रस्तरबाट निर्मित कृष्णमन्दिर पनि पाटन दरवारको प्राङ्गणमा निर्माण गर्न लगाएका थिए । उक्त भवनहरू वास्तुकलाको दृष्टिले ज्यादै महत्त्वपूर्ण छन् । तलेजुको मन्दिर आगो लागेर नष्ट भएकाले त्यहाँ देगुतलेजुको मन्दिर पनि सिद्धिनरसिंह मल्लले नै स्थापना गराएको पाइन्छ । पाटन दरवार प्राङ्गणमा मूलचोक पुनर्स्थापना गराउने र तलेजु मन्दिरको ढोकाको दायाँबायाँ गंगा-जमुनाका मूर्ति स्थापना गराउने शासक श्रीनिवास मल्ल थिए । उनले सन् १६७९ मा पाटन दरवारको उत्तर कुनामा आगमछें पनि बनाएका थिए । योगनरेन्द्र मल्लले पाटन दरवार प्राङ्गणमा मणिमण्डप बनाए भने दरवार अगाडि प्रस्तर खम्बामा आफ्नो सालिक स्थापना गर्न पनि लगाए । यसले गर्दा पाटन दरवारको भव्यता अझ बढेर गयो । यसरी पाटन दरवार र यसको वरिपरिका विशिष्ट र वास्तुकलाका नमुनाहरू मध्यकालीन उपज नै थिए भन्ने स्पष्ट छ ।

काठमाडौं उपत्यकाका तीनवटा मध्यकालीन दरवारहरूमध्ये सबैभन्दा पुरानो भक्तपुर दरवार थियो । उपत्यकाको विभाजन हुनुभन्दा पहिलेको सिंगो मल्लराज्यको राजधानी भएकाले उपत्यकाका अन्य दरवारभन्दा भक्तपुर दरवार पुरानो हुनु स्वाभाविक थियो । यो दरवारको निर्माण प्रारम्भमा लिच्छविकालमा नै भएको पनि हुन सक्दछ । तर यस सम्बन्धी प्रमाणहरूको चाहिं अभाव छ ।



*पचपन्नझ्याले दरबार, भक्तपुर ।*

भक्तपुर दरवारको ऐतिहासिकता खोजी गरेको खण्डमा इश्वीको बाह्रौं शताब्दीसम्म पुग्न सकिन्छ । बाह्रौं शताब्दीको मध्यताका आनन्ददेवले त्रिपुरको स्थापना गरेको विवरण पाइन्छ । यसर्थ भक्तपुर दरवारलाई त्रिपुरा लायकु भन्ने चलन थियो ।

प्रारम्भमा उनान्सय चोक भएको मानिने यो दरवारलाई यक्ष मल्लले किल्लाको रूपमा विकास गरेका थिए। यो दरवार क्षेत्रमा किल्लाका अवशेषहरू हालसम्म पाउन सकिन्छन्। तर त्यहाँका चोकको संख्या चाहिं उनान्सय नभएर त्यो भन्दा ज्यादै कम मात्र छ।

उपत्यकाका अन्य दुई दरवारसरह भक्तपुर दरवारलाई पनि बेलाबेलामा जीर्णोद्धार र पुनर्निर्माण गरियो । यो दरवारको पुनर्निर्माणमा भूपतीन्द्रमल्ल, जीतामित्र मल्ल र रणजीत मल्लको उल्लेखनीय भूमिका रहेको छ। यसरी बेलाबेलामा गरिने पुनर्निर्माणले गर्दा यो दरवारको स्वरूपमा समेत परिवर्तन हुँदै गयो । उपत्यकाभित्र सबैभन्दा पहिले भक्तपुर दरवारको प्राङ्गणमा नै तलेजुको मन्दिर पनि बनेको थियो । यो दरवारभित्र मूलचोक, भैरवचोक आदिजस्ता चोकहरू छन्। उक्त चोकहरू दरवारका दुई तले लङले घेरिएका देखिन्छन्। पुरानो परम्पराअनुरूप यो दरवार प्राङ्गणमा अनेक देवीदेवताका मूर्ति र मन्दिरहरू पनि स्थापना गरिएका छन् । मूलदरवार, तलेजु मन्दिर क्षेत्र र भूपतीन्द्र मल्लद्वारा स्थापना गर्न लगाइएको पचपन्न झ्याले दरवार गरी भक्तपुर दरवार तीन भागमा वर्गीकृत छ। यहाँको पुरानो दरवार दुई तलाको छ र दक्षिणतर्फ फर्किएको छ। दरवारको द्वारभित्र पस्ने स्थानमा ढोकाको दुवैतिर हनुमान र नरसिंहका प्रस्तर मूर्तिहरू राखिएका छन् । उक्त दरवार क्षेत्रलाई हाल संग्रहालयमा परिणत गरिएको छ । यो दरवारको माथ्लो तलामा भूपतीन्द्र मल्ल र उनको समयभन्दा पछाडि बनेका थुप्रै भित्ते चित्रहरू छन्।

भक्तपुर दरवारको बीच भागमा तलेजुतर्फ छिर्ने द्वार रहेको छ। उक्त द्वार सुनको लेप लगाएर आकर्षक ढङ्गमा निर्माण गरिएको छ । त्यसलाई सुवर्णद्वार भन्ने गरिन्छ । सुवर्णद्वार रणजीत मल्लले बनाउन लगाएका थिए । मूलद्वारबाट घुम्दै भित्र मूलचोकमा जाने ढोकाहरू बनाइएका छन्। मूलचोक दुईतले भवनद्वारा घेरिएको छ र उक्त भवनका भित्रपट्टि काठका तोरण, टुँडाल एवं झ्यालहरू आकर्षक ढङ्गमा कलाकृतिले भरिपूर्ण बनाई निर्माण गरिएका छन्। मूलचोकको उत्तरपट्टिको लङ्गमा नरेश मल्लले बनाउन लगाएका दुईवटा श्रीखण्डका झ्यालहरू छन्। त्यहाँ वरिपरि भित्तामा इश्वीको पन्ध्रौं शताब्दीदेखिका भित्तेचित्रहरू पनि छन्। तलेजुको मन्दिर पनि यही मूलचोकमा अवस्थित छन्। यहाँको कुमारी मन्दिरको द्वार दायाँ-बायाँसमेत गंगा र जमुनाका धातुका मूर्तिहरू राखिएका देखिन्छन्।

भक्तपुर दरवार प्राङ्गणको दरवारको सबैभन्दा पूर्वको लङ्ग चाहिं राजा भूपतीन्द्र मल्लले निर्माण गर्न लगाएको पचपन्न झ्याले दरवार हो । काष्ठकलाको क्षेत्रमा यसको विशेष महत्त्व रहेको छ । भक्तपुर दरवार प्राङ्गणमा च्यासिंगदेग, यक्षेश्वर महादेव र भीमसेनका मन्दिर पनि छन्। अनेकन् काष्ठकलाका नमुनाले सुसज्जित यी वास्तुकलाका नमुनाहरू मध्यकालका विशिष्टतम् नमुना हुन्।

काठमाडौं उपत्यकाका तीनवटै मध्यकालीन दरवारहरू करिब-करिब एकै प्रकारका छन्। हनुमानढोका दरवार पश्चिम, पाटन दरवार उत्तर र भक्तपुर दरवार चाहिं दक्षिणतर्फ फर्किएका छन्। यी तीनवटै दरवारका छानाहरू झिंगटीले छाएका देखिन्छन्। यी दरवारका झ्यालढोका, तोरण, टुँडाल आदि ज्यादै आकर्षक छन् भने यिनीहरूले विशिष्ट काष्ठकलाका नमुना प्रस्तुत गरेको देखिन्छ । तीनवटै दरवारभित्र विभिन्न

चोकहरू, नुहाउने तथा पानी खाने ढुङ्गेधारा, तलेजुका मन्दिर एवं विभिन्न देवदेवीका मूर्ति र मन्दिरहरू छन् । भक्तपुर दरवार क्षेत्रमा भित्तेचित्रका मध्यकालीन नमुना पनि पाइन्छन् भने पाटनमा चाहिं त्यस्ता चित्रहरूको अभाव छ । काठमाडौंको हनुमानढोका दरवारभित्र पनि त्यस्ता भित्तेचित्र त देखिंदैनन् तर दरवार छेउको कुमारी घरमा त्यस्ता चित्रहरू रहेकाले चित्रकलाको दृष्टिले समेत यी दरवारहरू उल्लेखनीय छन् । उपत्यकाका तीनवटा मध्यकालीन दरवारहरूमध्ये सबैभन्दा पुरानो भक्तपुर दरवार हो भने सबैभन्दा ठूलो चाहिं हनुमानढोका दरवार हो । जे भए तापनि यी तीनवटै दरवारका धेरै विशेषताहरू एकअर्कामा मिल्दाजुल्दा खालका छन् ।

# वाइसी चौबीसी राज्यहरू

## उत्थान र पतन

दशौं-एघारौं शताब्दीतिर विशाल नेपाल राज्यको केन्द्रीय शासनमा कमजोरी देखिने बित्तिकै राज्य विभाजनको क्रम शुरु भयो । यही अवस्थाको फाइदा उठाई बाह्रौं शताब्दीको मध्यतिर खारीप्रदेशका नागराजले कर्णाली प्रदेशमा झरेर विशाल खस राज्यको स्थापना गरे । उनी पछि तीनसय वर्षसम्म उनको वंशले कर्णाली प्रदेशमा शासन गर्दा सो राज्यले निकै उन्नति गरेको थियो । पूर्वमा गोर्खासम्म उक्त राज्यको सिमाना फैलिएको थियो । त्यहाँका शासकहरूले काठमाडौं उपत्यकामा समेत बारम्बार आक्रमण गरेर हैरान पारेको थियो । तर चौधौं शताब्दीको उत्तरार्धतिर देखिभने यो अवस्था रहेन । खस राज्यका राजा पृथ्वीमल्ल तथा अभयमल्लको समयमा शासन सञ्चालनमा सामन्तहरूको ठूलो हात थियो । राजा कमजोर भएको मौकापारी सामन्त मलयवर्माले राज्यमा नै आफ्नो एकाधिकार कायम गरे । उनीपछि उनका छोराहरू खस राज्यलाई टुक्र्याई विभिन्न क्षेत्रको राजा बन्न पुगे । यसरी क्रमश: विभिन्न राज्यहरू देखापर्दै गए र पछि अझ कर्णाली प्रदेशमा बाइस राज्यहरू देखा पर्न गए । यी राज्यहरू एकै चोटी बाइस संख्याको रूपमा स्थापना भएको नभएर समय समयमा थपघट भएको हो । मलय वर्माको मृत्युभएको लगत्तै पछाडि नै उनका छोराहरूले सल्यान, जाजरकोट, रुकुम र दैलेख राज्य स्थापना गरे भने कल्याल वंशका वलिराजले वि.सं. १४५५ तिर जुम्लामा आफ्नो हैकम जमाएका थिए ।

जुम्लामा स्थापना भएको बाइसी राज्य निकै शक्तिशाली थियो । जुम्ला राज्यको अधिपत्य अरू धेरै साना-साना राज्यहरूले मान्दथे । जुम्लाका राजा सुरथ शाहले पूर्वतर्फ राज्य विस्तार गरेका थिए । यस क्रममा यिनले प्रभावक्षेत्र बढाउन मुस्ताङतिर आँखा गाडेका थिए । भोट जाने मार्गमा पर्ने मुस्ताङको क्षेत्र कब्जा गरी कर उठाउने जस्तो काम पनि जुम्लाले गरेको थियो । रास्कोटी वंशजहरूले पनि दुल्लु, दैलेख लगायत विभिन्न क्षेत्रहरूका स-सानो राज्यहरू खडा गरे भने चन्द परिवारले प्यूठानमा राज्य गरे । अनेक परिवारहरूमध्ये समाल पनि एक परिवार थियो । यस वंशका व्यक्तिहरूले अछाम, रुकुम, सल्यान, गोताम, वागलुङ, गलकोट, जाजरकोट आदि राज्यहरूमा शासन गरेका थिए ।

एघारौं बाह्रौं शताब्दीतिर उत्तर भारतमा भएको मुसलमानी आक्रमणबाट बच्न जुन विभिन्न समुदायहरू समय समयमा नेपाल पसेका थिए पन्ध्रौं शताब्दीतिर आएर तिनै समुदायहरूले स्थानीय समुदायहरूको नेतृत्व लिई आ-आफ्नो भुरे राज्यहरू खडा गरेका

थिए । यसरी खडा भएका राज्यहरू थुप्रै थिए । कुनैबेला यी राज्यहरूको संख्या बाइस पुगेको कारणले नै बाइसी नाम रहेको हुनसक्तछ । बाइसी राज्यभित्र पर्ने प्रमुख राज्यहरूमा जुम्ला, बझाङ, बाजुरा, अछाम, डोटी, रुकुम, मुसिकोट, रोल्पा, जाजरकोट, दुल्लु, दैलेख, बाजकोट, साततला, गलकोट आदि प्रमुख थिए ।

यता बाइसी राज्यहरू स्थापना हुने, टुक्रिने आदि स्थितिमा थिए भने यी कुनै पनि राज्यहरूले पुरानो खस मल्लराज्य इलाका समेट्न सकेनन् । फलतः खस राज्यको पूर्वतिर गण्डकी क्षेत्रमा समेत अनेक राज्यहरू विकसित हुनथाले । गण्डकी क्षेत्रमा विकसित भएका राज्यहरूलाई चौबीसी राज्य मान्ने चलन छ । यो क्षेत्रका महत्त्वपूर्ण राजवंश र तिनका राज्य क्षेत्र सेन, शाह-शाही र समालहरूको रहेको देखिन्छ । सेन वंशका रुद्रसेनले पाल्पामा राज्य स्थापना गरेका थिए । यिनका छोरा मुकुन्द सेनले पाल्पा वरीपरि ठूलो क्षेत्रमा राज्य बढाई पछि दक्षिण-दक्षिण हुँदै पूर्वका दूधकोशीसम्म विजय गरेका थिए । पछि उनको विशाल राज्य आफ्ना छोराहरूमां विभाजन गर्दा बुटौल, पाल्पा, तनहुँ र मकवानपुर राज्य खडा भए । मकवानपुरबाट पनि छुट्टिएर पछि विजयपुर र चौदण्डी राज्य बने । उता रिसिङ, घिसिङ, जाजरकोट आदि क्षेत्रमा पनि सेनहरूले राज्य स्थापना गरेका थिए ।

चौबीसी राज्यमा शासन गर्ने अर्को वंश शाह-शाही थियो । काली गण्डकीको रिडी र आसपासलाई समेटेर ई. १५०१ तिर भीरकोट राज्य स्थापना भएको थियो । शाह राजवंशको पहिलो राज्य यही थियो । यसैवंशका अरू राजकुमारहरूले पनि नुवाकोट, गरहुँ, ढोर, सतहुँ कास्की र लमजुङ्ग छुट्टाछुट्टै राज्य स्थापना गरेका थिए । समालहरूको शासन पर्वत राज्यमा भएको थियो । यो राज्य ई. १५०० तिर हिजो आजको म्याग्दी, डोल्पा, वाग्लुङ र पर्वत भेक समेटेर बनेको थियो । पछि यही वंशको एक शाखाले गलकोटमा स्वतन्त्र राज्य स्थापना गरेको मानिन्छ ।

यसरी गण्डकी क्षेत्रमा विकसित चौबीसी राज्यभित्र लमजुङ्ग, तनहुँ, पर्वत, कास्की, गलकोट, नुवाकोट, पैयुँ, सतहुँ, गरहुँ, रिसिङ, घिसिङ, पाल्पा, गुल्मी, मुसिकोट, इस्मा, प्युठान, भीरकोट, धुरकोट, अर्घा खाँची, छिल्ली, ढोर, सल्यान र दाङ पर्दथे ।

चौबीसी राज्यहरू संख्यामा बढी भए पनि स-साना थिए । यिनीहरू परस्परमा लडाई-भिडाई गरिरहन्थे । एक राज्यले अर्को राज्यको विरुद्ध अर्कालाई सहयोग गर्ने चलन थियो । त्यसैले पृथ्वीनारायण शाहले यी राज्यहरूलाई 'हात्ती हउवा' शब्दले व्यङ्ग गरेका छन् ।

बाइसी-चौबीसी राज्यहरूको बीचमा विविध प्रकारको सम्बन्ध स्थापित थियो । विभिन्न राज्यहरू र विभिन्न राजवंशहरू देखिए पनि उनीहरूको पारिवारिक सम्बन्ध तथा सम्पर्क कायम थियो । विशेष गरेर वैवाहिक सम्बन्ध यी राज्यहरू बीचमा कायम थियो । कतिपय राज्यहरू बाह्य व्यापार मार्गमा पर्ने हुँदा यस्ता राज्यहरूसंग विशेष सम्पर्क राख्ने विशेष प्रयत्न गरिन्थ्यो ।

बाइसी-चौबीसी राज्यहरू विशेष गरेर एक अर्कासंग लडाइ-भिडाइ गर्नमा नै व्यस्त रहन्थे । आफ्नो गठवन्धन बनाएर एकले अर्कालाई दबाउने योजना बढी हुन्थ्यो ।

त्यसताका एक राज्यलाई अर्को राज्यसंग मिलाई सन्धि गराउने तथा सन्धि भङ्ग गराउने काममा निश्चित व्यक्तिहरू नै नियुक्त गरिएका हुन्थे। जुम्लाको प्रभाव कम गरी आफ्नो प्रभाव फैलाउन पर्वतका राजा मलेवमले डोटीलाई आफ्नो पक्षमा ल्याउँदा यस्तै व्यक्तिलाई प्रयोग गरेका थिए।

बाइसी चौबीसी राज्यहरूको पतन भने गोर्खाको शक्ति बढ्न थालेपछि नै शुरु भयो। काठमाडौं उपत्यकामा विजय प्राप्त गर्ने वित्तिकै पृथ्वीनारायण शाहले पश्चिमका राज्यहरूलाई समेत एकीकृत नेपालमा गाभ्ने योजना बनाए। यसै उद्देश्यले उनले काजी वंशराज पाण्डे, सरदार केहरसिंह बस्नेत र अन्य सेनानायकको नेतृत्वमा नेपाली फौज चौबीसीतर्फ दौडाए। केहरसिंहको नेतृत्वमा गएको फौजले छ्याँगा, मनपाङ आदि बस्ती कब्जा गर्दै तनहूँको राजधानी सुरमा घेरा हाल्यो। तनहूँका राजा कामारिदत्त सेनले आत्महत्या गरें। उनी निःसन्तान भएकाले उनका भाइ हरकुमारदत्त सेनले पृथ्वीनारायण शाहको आश्रय स्वीकार गरी नेपाली सेनालाई सहयोग गर्ने प्रण गरेकाले तनहूँको राजा उनैलाई बनाइयो। तनहूँले आत्मसमर्पण गरेकोले लमजुङका राजा वीरमर्दन शाह डराई आफ्ना छोरा वीरभूपाललाई काठमाडौं पठाई पृथ्वीनारायण शाहको आधिपत्य स्वीकार गरे।

वंशराज पाण्डेको फौज कास्कीतर्फ बढ्यो। कास्कीका राजा सिद्धिनारायण शाह पनि टिक्न सकेनन्, पृथ्वीनारायण शाहको आधिपत्य स्वीकार गरे। यसपश्चात् पश्चिम नुवाकोटका राजा भागी भीरकोट गएकाले पश्चिम नुवाकोट सजिलैसित वंशराजले सर गरे। केहरसिंह बस्नेतको मातहतको नेपाली फौज रिसिङ, ढोर कब्जा गर्दै वंशराजको फौजसँग मिसिन पुग्यो। संयुक्त फौजले अन्य चौबीसी राज्य भीरकोट, गरहुँ, पइयुँ आदिमा अधिकार जमायो। यसप्रकार नेपालीहरूको बढ्दो शक्तिबाट पर्वतका राजा कीर्तिबम मल्ल र पाल्पामा राज मुकुन्द सेन द्वितीय तर्से। उनीहरूको संयुक्त फौजसँग नेपाली फौजको भिडन्त तनहूँमा भयो। केहरसिंहले युद्धस्थलमा वीरगति पाए भने वंशराज कैदी बनाइए। चौबीसीको पुनः एकपटक भाग्योदय भयो। नेपाली फौजको यस युद्धमा पराजय भएपछि लमजुङ, कास्की, तनहूँ र अन्य राज्यहरूले समेत स्वतन्त्रता घोषित गरे। यसप्रकार पृथ्वीनारायण शाहको चौबीसी अभियान सफल हुन सकेन।

श्री ५ पृथ्वीनारायण शाहको मृत्युपछि उनैका छोरा प्रतापसिंह शाह नेपालको राजगद्दीमा बसे। उनको शासनकालमा दाङ, कविलासपुर गढी, सुनेश्वर गढी आदि सर गरी चितौन समेत नेपाल अधिराज्यमा गाभिएको थियो। अल्पायुमा नै वि. सं. १८३४ मा उनको मृत्यु भएको हुँदा वि. सं. १८३४ मार्ग ५ गते उनका अढाई वर्षका छोरा रणबहादुर शाह नेपालका राजा बनाइए। बालक राजा हुँदा शासनभार भने राजमाता राजेन्द्रलक्ष्मीले सम्हालिन्। शक्ति-सुदृढीकरण गर्नेबित्तिकै राजमाता राजेन्द्रलक्ष्मीले एकीकरणको क्रमलाई जारी राख्न विजय-अभियानको सन्चालन गरिन्। काठमाडौंमा भएको गृह-कलहबाट फाइदा उठाई तनहुँका राज हरकुमारदत्त सेनले प्रतापसिंह शाहको राज्यकालमा गुमेका पहाडी भू-भाग पुनः कब्जा गरे। पाल्पा, तनहुँ र लमजुङका राजाहरु पनि नेपालको विरोधमा सङ्गठित भए। यस गुटलाई अन्य स-साना चौबीसी राज्यहरुको अतिरिक्त पर्वतको पनि समर्थन थियो। लमजुङ र कास्कीको आपसी वैमनस्यले गर्दा कास्कीका राजा सिद्धिनारायण शाह शुरुमा यस गुटमा सरीक भएनन्। तर कीर्तिबम

मल्लको साम, दान दण्ड, भेदको नीतिबाट कास्की पनि यसबाट पृथक् रहन सकेन । यो संयुक्त गुट तनहुँका गरुडध्वज पन्तलाई सेनापति बनाई नेपालविरोधी सैनिक कारबाईको लाथि तत्पर भयो ।

चौबीसीको कार्यकलापदेखि सतर्क भई राजेन्द्रलक्ष्मी तनहुँको शक्ति नष्ट पार्ने प्रयत्न गर्न थालिन् । यसै उद्देश्यले तनहुँतिर फौज दौडाइन् । नेपाली फौज तनहुँ नपुग्दै, तनहूँको सहयोगको लागि पर्वतको फौज आइपुगेकोले नेपाली फौज अगाडि बढ्न सकेन । यसै समयमा गरुडध्वज पन्तले लमजुङ र तनहुँका सैनिकहरुको नेतृत्व गर्दै सिह्रानचोकमा आक्रमण गरे । कीर्तिबम मल्लको जोडले गर्दा कास्कीको फौज लिएर स्वयं सिद्धिनारायण शाह संयुक्त फौजको सहयोगको लागि आएका थिए भने चौबीसी संयुक्त फौजको मुकाबिला गर्न काठमाडौंबाट राजेन्द्रलक्ष्मीले काजी बलभद्र शाह, काजी देवदत्त थापा, दामोदर पाण्डे र अमरसिंह थापाजस्ता योद्धाको नेतृत्वमा फौज पठाइन् । अमरसिंहले कास्कीको सुरक्षाको आश्वासन पाएपछि सिद्धिनारायण शाह आफ्नो दलबलसहित कास्की फर्के ।

गरुडध्वज पन्त आफ्नो फौजसाथ भीमयाकमा ठाना हालेर बसेका थिए । सोही स्थानमा नेपाली सेनाले अचानक आक्रमण गऱ्यो र चौबीसी फौजलाई पराजित गरी नेपाली सेना तनहुँ घुस्यो । नेपाली सेनासँग मुठभेड नै नगरी तनहुँका राजा हरकुमारदत्त सेन लमजुङ भागे । तनहुँ नयाँ नेपालमा पुनः गाभियो ।

संयुक्त फौज पराजित भएको र तनहुँ पनि नेपालको हात लागेपछि पर्वतको राजा कीर्तिबम मल्ल ताते । यस पराजयको मुख्य कारण कास्कीको धोका भन्ने ठानी कीर्तिबम मल्लले कास्कीमै आक्रमण गरे । कास्कीका राजा भागेर नेपाली फौजको आश्रयमा आए । नेपाली सेनाले पर्वतको सेनालाई पराजित गरी सिद्धिनारायण शाहलाई पुनः स्थापित गरिदियो । यसको केही समयपश्चात् नेपाल र कास्कीबीच धर्मपत्र भयो । यसमा कास्कीले नेपालको आज्ञापालन गर्ने तथा कास्कीको सुरक्षा नेपालले गरिदिने शर्तहरु थिए । यसरी कास्की पनि अप्रत्यक्ष रुपले नेपालभित्र समाविष्ट भयो । यसरी कास्कीको समुचित व्यवस्था मिलाई राजेन्द्रलक्ष्मीले वंशराज पाण्डेलाई लमजुङ सर गर्न पठाइन् । वंशराज पाण्डेले सानोतिनो सङ्घर्षद्वारा नै लमजुङमा अधिकार जमाए । लमजुङका राजा वीरमर्दन शाह तनहुँका राजा हरकुमारदत्तसित भागेर रामनगरतिर लागे ।

लमजुङ र तनहुँको विजय तथा कास्कीलाई आश्रित राज्य बनाएपछि पाल्पा र पर्वत मात्र त्यस क्षेत्रका प्रभावशाली राज्य बाँकी रहे । पर्वत अब एक्लै परिसकेको थियो र मुकुन्द सेन द्वितीयको मृत्युपछि पाल्पा पनि पहिलेको जस्तो शक्तिशाली भएन । यसै मौकामा राजेन्द्रलक्ष्मीले नुरु शाह र अभिमानसिंह बस्नेतको नेतृत्वमा क्रमशः पर्वत र पाल्पामा चढाइ गर्न फौज पठाइन् । दुवै योद्धाहरु मार्गमा पर्ने स्थानहरु जित्दै पहिले पर्वत र पछि पाल्पाको राजधानी तानसेन पुगे । पाल्पाली राजा महादत्त सेन भागेर बुटवल पुगे ।

नेपाली फौजको अभूतपूर्व विजयबाट तर्सेर कीर्तिबम मल्लले कास्कीलाई विभिन्न प्रलोभन दिई पुनः आफ्नो पक्षमा मिलाए । पर्वत र कास्कीको संयुक्त फौज मिलेर लमजुङमा आक्रमण गरे । लमजुङ आफ्नो हातबाट खुस्केमा चौबीसी अभियान अपूर्ण हुने देखी नुरु शाह र अभिमानसिंह बस्नेतलाई राजेन्द्रलक्ष्मीले लमजुङ पुग्ने आदेश दिइन् ।

वि. सं. १८४१ आषाढ महीनामा नेपाली फौज र कास्की तथा पर्वतको संयुक्त फौजको सङ्घर्ष मकैडाँडामा भयो । यस लडाइँमा विजय नेपालकै भयो । पर्वतका राजाको चाल भताभुङ्ग भयो । सिद्धिनारायण शाह भुमरीमा परे । यसको एक वर्षपछि नेपाली फौजले कास्कीमा आक्रमण गऱ्यो । सिद्धिनारायण शाह भागेर पल्लो नुवाकोट पुगे । पल्लो नुवाकोटलाई पनि नेपाली फौजले आक्रमण गरी आफ्नो अधीनमा ल्याए । सिद्धिनारायण शाह त्यहाँबाट पनि कुलेलम ठोके । कास्की विजयपछि गरहुँका राजा भक्त खान, रिसिङका राजा वेणीप्रसाद, भीरकोटका राजा चक्रपति, सतहुँका राजा भूपनारायण आदिले नेपालसँग युद्ध नै नगरी आश्रित राजा हुन सहर्ष स्वीकार गरे । यी राज्यहरु पनि अब अप्रत्यक्ष रुपमा नेपालमा सम्मिलित हुन गई विशाल नेपालको निर्माण हुँदै गयो ।

राजेन्द्रलक्ष्मी देवीले पूर्वी नेपाललाई पनि एकीकृत नेपालमा गाभ्ने निर्णय गरेर अभियान सञ्चालन गरिन् । विजयपुरका बासिन्दा किरातीहरु पनि लडाइँ-भिडाइबाट दिक्क भइसकेका थिए । अतः त्यहाँका ठूला-ठालुहरु काठमाडौं आई नेपालका राजासमक्ष भक्ति देखाए । नेपाल सरकारले पनि किरातहरुले परम्परागत रुपमा उपभोग गरी आएका सहुलियतहरु यथावत् नै राख्ने वचन दियो । यसप्रकार पूर्वको समस्या पनि सुल्भियो ।

यसरी राजमाता राजेन्द्रलक्ष्मीको नायबीकालमा पूर्वमा विजयपुरको विजय स्थायी भयो र पश्चिममा बहुसङ्ख्यक राज्यहरु नेपालमा गाभिए । वि. सं. १८४२ श्रावण २ गते राजमाता राजेन्द्रलक्ष्मीको देहावसान भयो । राजमाताको मृत्युपछि बहादुर शाहले प्रशासनको बागडोर आफ्नो हातमा लिए । आफ्नो हातमा शासन आउनेबित्तिकै बहादुर शाहले आफ्नो बाबुको सपना र राजेन्द्रलक्ष्मीले अधुरा छाडेर गएका कार्यहरु पूरा गर्न एकीकरणको अभियानलाई व्यापक रुपमा सन्चालन गर्ने विचार गरे ।

राजेन्द्रलक्ष्मीको नायबीकालमा पाल्पा-विजयको अभियान अधुरो नै छाड्नुपरेको थियो । पाल्पा-विजयको विषयमा छलफल गर्न बहादुर शाहले आफ्नी दिदी विलासकुमारीलाई सल्यानबाट काठमाडौं भिकाए । (विलासकुमारीको विवाह पृथ्वीनारायण शाहले सल्यानी राजासँग गरिदिएका थिए ।) विलासकुमारीले आफू नआई छोरा रघुनाथ शाहलाई काठमाडौं पठाइन् । यी दुवैको सल्लाहबाट पाल्पासँग वैवाहिक सम्बन्ध गरे मात्र चौबीसी राज्यको विजय पूरा हुने निर्णय भयो । यी सबै कुराको विचार गरी बहादुर शाहले पाल्पाका राजा महादत्त सेनकी छोरीसँग विवाह गरे । यो सम्बन्ध कायम भएपछि नेपाल र पाल्पाबीच नेपालको सैनिक अभियानमा पाल्पाले सहयोग दिने र विजित क्षेत्र बराबर बाँडेर लिने सम्झौता भयो । यसपछि गुल्मीका राजाका काका जीव शाहकी नातिनी विद्यालक्ष्मीसँग पनि आफ्नो आकाङ्क्षामा सहयोग पुग्ने अपेक्षा गरी बहादुर शाहले विवाह गरेको वर्णन पाइन्छ । यसरी वैवाहिक सम्बन्ध कायम भएपछि बहादुर शाहले सैनिक सुदृढीकरण गरे । देवीदत्त जस्ता पल्टनहरु खडा गरे । सैनिक अभियान प्रारम्भ गर्नुअगाडि उनले आफ्नो नीतिसम्बन्धमा सेनापतिहरुलाई दुई मुख्य निर्देशन दिए (१) आश्रित भइसकेका भीरकोट, तनहुँ, गरहुँ रिसिङजस्ता राज्यहरुको सुरक्षको राम्रो प्रबन्ध गर्ने र अरु राज्य पनि आश्रित हुन चाहन्छन् भने ती राज्यहरुमा सैनिक कार्यवाही नगर्ने र (२) जितिएका र जितिने राज्यका जनताहरुप्रति कुशल व्यवहार गर्ने तथा उनीहरुलाई पूर्ण सुरक्षाको आश्वासन दिने । यस नीतिले गर्दा नै कालान्तरमा नेपालको विजयलाई स्थायी रुप दिन सकिएको हो ।

यी पूर्वाधार र नीति निर्धारित गरी वि. सं. १८४३ जेठमा बहादुर शाहले जीव शाह, शिवनारायण खत्री, सरदार पारथ भण्डारी आदि कुशल योद्धाको नेतृत्वमा काठमाडौंबाट फौज पठाए । यो फौज कालीगण्डकी पार गरी गुल्मी दाखिल भयो । नेपाली सेनाको अगाडि केही नलाग्ने देखी गुल्मीका राजा भागे । गुल्मी सहजै नेपालमा गाभियो । गुल्मीपछि नेपाली सेनाले अर्घामा दखल गऱ्यो । अर्घामा गोरखालीले कब्जा गरेको थाहा पाई खाँचीका राजा भागे । खाँची पनि युद्धविना नै नेपालमा मिल्यो । खाँचीबाट नेपाली फौजले धुरकोट कब्जा गऱ्यो । यसप्रकार साधारण मुठभेडमै नेपालले गुल्मी, अर्घा, खाँची र धुरकोट चार महीनामा नै विजय गऱ्यो ।

चारैतिर विजयी हुँदै गएको नेपाली फौजलाई चौबीसी सबल राज्य पर्वतले रोक्ने प्रयास गऱ्यो । तर यसपालि युद्धको मैदानमा एक्लो पर्वतको केही लागेन र वि. सं. १८४३ आश्विनको दोस्रो हप्तामा पर्वत पनि नेपालमा आबद्ध हुन पुग्यो । सोही वर्ष नेपाली सेनाले प्यूठान, दाङ र रोल्पा पनि कब्जा गऱ्यो । यसप्रकार अभियान शुरु भएको छ महीनामा नै नेपालको सिमाना पश्चिम भेरी नदीसम्म पुग्यो । जाजरकोट भने वार्षिक तिरो रु. ७,०००।- बुझाउने गरी आश्रित राज्य भयो ।

जाजरकोटसँग सम्झौता भएपछि नेपाली सेनाको एक टोली कर्नाली-क्षेत्रतर्फ बढ्यो । यस फौजले भेरीनदी पार गरी दैलेख र अछाम विजय गरी बाइसी राज्यहरुमा शक्तिशाली राज्य डोटी र जुम्ला सर गर्ने निधो गऱ्यो । जुम्लाका राजा शोभान शाहीले २२०० फौज जम्मा गराएका थिए । दुई वर्षसम्म युद्ध हुँदा पनि नेपालले जुम्लालाई कज्याउन सकेको थिएन । सैन्यबलबाट मात्र विजय गर्नु सम्भव नभएकोले कुमाउँसँग मित्रता गरी यी क्षेत्र दखल गर्ने योजना नेपालले बनायो । सोही अनुरूप कुमाउसंग सन्धि गरी वि.सं. १८४६ मा जुम्ला र डोटीमा नेपालले अधिकार कायम गऱ्यो । वि.सं. १८६४ मा पाल्पा विजय भएपछि भने बाइसी चौबीसी राज्यहरू पूर्णरूपले विशाल नेपालमा एकीकृत भए ।

# बाइसी चौबीसी क्षेत्रको सामाजिक अवस्था

**सामाजिक संरचना–** बाइसे-चौबीसे राज्यहरू भन्ने बित्तिकै पश्चिम नेपालको सम्पूर्ण भू-भाग ओगटेको क्षेत्र बुझ्नु पर्दछ । यो क्षेत्रमा विभिन्न जातिहरूको बसोबास भएको थियो । हिमालदेखि लिएर तराइसम्मको विस्तृत फैलिएको भूभाग भएको हुँदा यी राज्यहरूमा अनेक जात-जातिहरूको बसोबास भएको देखिन्छ । यो क्षेत्रमा दक्षिण भारतीय भूभाग तर्फबाट तथा उत्तर तिब्बततिरबाट पनि बसाइँ सराइको लहर चलेको थियो । विशेषतः एघारौं शताब्दीतिर उत्तर भारतमा भएको मुसलमानी आक्रमण एवं आधिपत्यको कारणले सो क्षेत्रमा बसेका गैरमुसलमान बासिन्दाहरू नेपालको पहाडतर्फ बसाइँ सर्दै आएको मानिन्छ । यो परिपाटीले गर्दा तत्कालीन पश्चिम पहाडको नेपाली समाजमा ठूलो परिवर्तन हुँदै गयो । त्यहाँका वासिन्दाहरूमा भारततिरबाट आएका जमातहरूको सांस्कृतिक प्रभाव पर्न गई तत्कालीन सामाजिक संरचनामौ प्रभाव परेको विश्वास गरिन्छ ।

प्राप्त प्रमाणहरूको आधारमा हेर्दा सो इलाकामा ब्राम्हण, क्षेत्री, विभिन्न व्यावसायिक जातिहरू मगर, गुरुङ, तामाङ आदिको बसोबास भएको देखिन्छ। ब्राम्हणहरूमा प्युठानमा प्राप्त प्रमाणहरूमा उपाध्याय, सुवेदी, पोखऱ्याल, गोतामे, तिम्सिना, कोइराला, लामिछाने, रेग्मी, जैशी आदिको उल्लेख पाइएको छ भने पाल्पाली राजाहरूबाट विर्ता पाई विभिन्न क्षेत्रमा तिवारी, रेग्मी, भट्टराई, काफ्ले, गौतम, नेपाल, खनाल, घिमिरे, पाण्डे, बस्याल आदि अनेक थरका ब्राम्हणहरू बसोबास गरेको पाइन्छ। उदयपुर राज्यमा त कार्की थरका ब्राम्हणहरू पनि थिए। गुल्मी राज्यमा उपाध्याय, पाँडे, जैशी, आचार्य आदिको बढी उल्लेख आएको छ भने बझाङमा सबै ब्राम्हणहरूलाई 'जोशी' भनिएको छ। अन्य क्षेत्रमा सरह यो इलाकामा पनि ब्राम्हणहरूलाई राजाले विर्ता दिने तथा लेखक, पुजारी, पुरोहित आदि बनाइ आदर गर्ने गरेको पाइन्छ।

पश्चिम नेपलमा रजपुत क्षत्रीयहरूको प्रभाव बढी मात्रामा परेको हुँदा शाह, चन्द, रावल, कुँवर जस्ता ठकुरीहरूको उल्लेख बढी पाइन्छ। साथै खडका, राउत, महतारा, विष्ट, बोहोरा, कार्की, घर्ती आदि क्षत्रीय पनि विभिन्न क्षेत्रमा बसोबास गर्दथे। इतिहास शिरोमणि बाबुराम आचार्यका अनुसार यहाँका क्षत्रीयहरूमा आर्य परमपरा अनुसार व्रतवन्त्र आदि संस्कार गरेमा खस क्षत्री र नगरेमा 'खवास' भनिन्थ्यो।

मर्स्याङ्गदीदेखि भेरी नदीसम्मको इलाकामा मगरहरूको प्रभुत्व बढी थियो। यी क्षेत्रहरूमा मगरहरूको घनाबस्ती थियो। यी सबैका अतिरिक्त व्यावसायिक जातिहरू कामी, दमाइ, सार्की, गाइने, वादी, सुनार, टोमटो आदिको पनि बसोबास रहेको पाइन्छ। हिमाली क्षेत्रहरूमा तामाङ-गुरुङहरूको बसोबास थियो।

यी सबै तथ्याङ्कहरूबाट के देखिन्छ भने मध्यकालमा पश्चिम नेपालको समाज विभिन्न जातिहरूको मिश्रणबाट बनेको थियो।

**चाडपर्वहरू–** मध्यकालीन पश्चिमी नेपालमा अनेक चाडपर्वहरू मनाइन्थ्यो। दशैं, तिहार, तीज, साउने संक्रान्ति, माघे संक्रान्ति, कृष्णअष्टमी, शिवरात्री, राम नवमी, चैत्राष्टमी, फागु पूर्णिमा आदि पर्वहरू सर्वत्र नै मनाइन्थ्यो। श्रावण संक्रान्तिलाई साउने तिहार भनेर रमाइलो गरी मनाइन्थ्यो। राति सल्लाका दाउरा बालेर अनिकाल लगिदे, लुतोपिलो रोग व्याधि लगिदे, सहकाल ल्याइदे भन्दै दोबाटोतिर सल्लाको अगुल्टो फाल्ने गरिन्थ्यो। माघे संक्रान्तिलाई 'माघे तिहार' का रूपमा मनाइन्थ्यो। श्रीपञ्चमीको दिन सरस्वती पूजा गर्ने चलन पश्चिमी पहाडी इलाकामा त्यति थिएन। यसदिन घोडा रंगाउने, घोडा दौडाउने, गाइवस्तुका सिङ्गमा तेल लगाउने भने गरिन्थ्यो।

यहाँका ठकुरीहरूले मनाउने जातिय पर्वमा 'दोबाटो' मुख्य हो। यो चाड ऋषिपञ्चमीका दिन पातिको गौर र महेश्वर बनाई सिंगारपटार गरेर पूजा गरिन्थ्यो। बूढापाकाहरू मिलेर धार्मिक गाथालाई गाउने तथा युवायुवतीहरू प्रेमभावयुक्त चुट्किलाहरू गाएर मनाउँथे। दोबाटोमा लगेर यो सबैपूजा विसर्जन गरिने भएकोले नै दोबाटो भनिएको विश्वास छ।

बाइसे राज्यहरूमा दशैं र तिहार त्यति रमाइलो गरेर मनाउने चलन थिएन र वर्तमान समयमा पनि जमरा लगाउने, घर-घरमा गई टिका थाप्ने चलन त्यति देखिंदैन।

यस क्षेत्रको प्रमुख चाड मध्ये विसु पनि हो । यो नव वर्षारम्भको शुरुकै दिनमा मनाइन्थ्यो । यसमा जात्रा हुने ठाउँमा लिङ्गो गाडिन्थ्यो । लठ्ठीलाई सिंगारेर देवतालाई चढाइन्थ्यो । त्यसदिन चावललाई दहीमा भिजाएर त्यसमा गुड (एक किसिमको शख्खर) मिलाएर खाइन्थ्यो ।

दहरा (दशहरा) जेष्ठ शुक्ल दशमीमा पर्ने यो दिनमा नजिकैका नदीमा गएर स्नान गरेर गंगा पूजा गरिन्थ्यो । स्थानीय रूपमा सेती नदीलाई गंगा भन्ने चलन अहिले पनि छ । खप्तडमा दशहराको मेला लाग्दथ्यो ।

भदौ १ गते लाई भाण्या संक्रान्ति मानेर भाण (वादी) जातिले गाएर रमाइलो गर्ने र गाउँमा माग्ने काम गर्थे । गाउँ घरमा बिहानै दही, भात, वारा आदि मिष्ठान पकाएर खाइन्थ्यो ।

चैत्र महिनाको चैत्राष्टमीमा करीव ४५-५० फिट अग्लो लिङ्गो गाडेर चैताली चाड मनाइन्थ्यो । लिङ्गो ल्याउन औंसीको दिनमै गएर जंगलमा वास बसेर २-३ दिन पछि ल्याई पुऱ्याउने चलन थियो । यस लिङ्गोलाई काकर भनिने हुँदा लिङ्गो लिन जाने औंसीलाई कार्के औंसी भनिन्थ्यो ।

होली खेल्ने चलन पनि यो क्षेत्रमा थियो । भाषा वंशावलीमा उल्लेख भएअनुसार बाइसे चौबीसे राज्यहरूमा तथा गोरखामा समेत मिहेलको लिङ्गो गाडी होली खेल्ने चलन थियो । पर्वतका राजाले एक छते चीर गाडी होली खेल्थे, अरूले त्यसो गरेमा पर्वतका राजाले चीर खोसी च्यातेर ल्याउँथे भन्ने उल्लेख पाइन्छ । यो कथनबाट होलीपर्व रमाइलो साथ मनाइन्थ्यो भन्ने बुझिन्छ ।

पश्चिम नेपालमा मनाइने पर्वको विशेषता के भने प्राय हरेक पर्वहरूको बेलामा नजिकैको तीर्थस्थलमा मेला लाग्दथ्यो । बेला-बेलामा नाचगानको व्यवस्था पनि गरिन्थ्यो । धामीहरूले आफ्नो नृत्य प्रदर्शन गर्दथे भने भारततिरबाट पनि नाचटोली झिकाइन्थ्यो ।

**पहिरन–** यहाँका बाइसे राज्यका लोग्ने मानिसहरूले उनीका बाक्ला वख्खु, कम्मल, राडीपाखी तयार गरी दौरा सुरुवाल, कोट, टोपी स्वीटर गलबन्दी लगाउने गर्दथे । स्वास्नी मानिसहरूको भेषभूषामा गुन्यू, चोलो, मन्याठो (टाउकोमा बाँध्ने ३, ४ हातको सेतो कपडा) लगाउँथे । त्यस्तै प्रकारले चद्दर (तन्ना) लाई दुवैतिरको काँधमा तन्नाको दुवै टुप्पा बाँधेर पछाडि पट्टी झुण्डयाउने र घुँडासम्म पुग्ने गरी बाँध्ने गर्दथे । विवाह नभएकी केटीहरू चोलो र गुन्यू एउटैमा जोडिएको 'भोटे' भन्ने लामो लुगा लगाउँथे । त्यस्तै प्रकारले सुनका गहना; तिलहरी, विज (सुनको वर्गाकार टुक्रो) छातीमा पोतेमा उनेर झुण्डयाउने गर्दथे । कानमा वाली (कानका माथिल्लो भागमा) र मुद्रुणा (मुन्द्रा) तल्लो भागमा लगाउँथे । यस्तै प्रकारले हातमा चाँदीको वाला, कपालमा सूनको फूल र गलामा नौगेडी-नाकमा खन्टो (फूली) आदि गहनाहरू लगाउँथे । तल्लो भेग चौबिसे राज्यहरूमा आइपुग्दा यो पोषाकमा केही भिन्नता आउँदै गरेको देखिन्छ । केही पातला लुगाहरू यी क्षेत्रहरूमा प्रयोग गरिन्थ्यो ।

**खानपान–** पश्चिम नेपाल पहाडी जीवनमा नुन, खोर्सानीसँग गहुँ, जौको रोटी खाने चलन आदिकालदेखि नै चलिआएको मानिन्छ । यहाँका गहुँका रोटी बाक्ला

बनाइन्थ्यो । अन्य खाद्य वस्तुमा चिनोको भात, फापरको रोटी, उसिनेको आलु, भुटेको गहुँ, भुटेको जौ, भटमास आदि प्रमुख थिए। सागसब्जीको चलन त्यति देखिंदैन । तल्लो भेगतिर धानु, गहुँ, रहर, मास, मकै, कोदोका साथै सागसब्जी पनि खाने गरेको देखिन्छ ।

मासुको चलन पनि सबै क्षेत्रमा देखिन्छ । पाल्पामा राजा गन्धर्व सेनको वि.सं. १७८३ को विर्तापत्र, प्युठानका राजा पृथ्वीपति शाहको वि.सं. १७६० को ताम्रपत्र लगायत अन्य प्रमाणहरूमा समेत 'हिन्दु हरे त गौ खाई, तुरक (मुसलमान) हरे त सुवर (सुँगुर) खाई' भन्ने वाक्यांश परेको हुँदा हिन्दूहरूले गाइ खानु र मुसलमानहरूले सुँगुर खानु ज्यादै ठूलो अपराध मानिन्थ्यो भन्ने बुझिन्छ । राजा महाराजाहरू शिकार खेल्न जाने र शिकार गरेको मासु खान्थे भन्ने पनि बुझिन्छ । राजा शिकारमा जाँदा पनि प्रजाले दूध, दही, घ्यू, खसी, फलफूल आदिद्वारा राजालाई खुसी पारी अनेक विर्तासमेत पाएका थिए ।

**नारीको अवस्था–** मध्यकालीन समाज रूढीवादी र धार्मिक कट्टर भावनाले ग्रसित समाज थियो । वैदिक संस्कृतिको समाज भएपनि पछिल्लो समयमा लेखिएका धार्मिक ग्रन्थहरूको प्रभावले गर्दा समुच्चा समाज नै रूढीवादी भावनाले ग्रसित थियो । यसले गर्दा समाजमा नारीहरूको अवस्था राम्रो थिएन । समाजमा बहुविवाह, बालविवाह, सतीप्रथा जस्ता अनेक कुरीतिहरू विद्यमान थिए । राजा महाराजाहरू त धेरै विवाह गर्थे नै । पाल्पाली राजा रूद्रसेनका दुई तथा मुकुन्द सेनका चार, लोहाङ्गसेनका सात तथा तनहुँका राजा दामोदर सेनका त दश रानीहरू समेत थिए । नारीहरूले सामान्य धर्म कर्म, पूजापाठ गरेको भए तापनि शिक्षा लिन पाउने अधिकार भने उनीहरूलाई थिएन । त्यस्तै प्रशासनिक क्षेत्रमा समेत समुच्चा पश्चिम नेपालमा नारीहरू संलग्न भएको तथ्य पाइएको छैन ।

**शिक्षा–** बाइसे-चौबीसे राज्यहरूमा फाटफुट शिक्षाको व्यवस्था भएको पाइएको छ । ती क्षेत्रहरूबाट पुराण, ज्योतिष, आयुर्वेद, नीतितन्त्र, पूजाविधि, स्तुति आदिका अनेक ग्रन्थहरू पाइएका छन् । राजाहरू विद्वानहरूको आदर गर्दथे । उनीहरूको दरवारमा विद्वान्हरूले आश्रय पाएका थिए । राजपुत्रहरूलाई पढाउन दरवारमा नै जोशीहरू नियुक्त गरिएका थिए । राजाहरू आफूलाई विभिन्न विद्यामा निपुण भएको भन्ने गर्दथे । काशी गएर विद्या अध्ययन गर्ने चलन पनि व्यापक थियो ।

# आर्थिक अवस्था

बाइसे-चौबीसे राज्यका वासिन्दाहरू विभिन्न पेशामा संलग्न थिए । त्यसबेलाका प्रमुख पेशाहरूमा कृषि, पशुपालन, उद्योग, व्यापार आदि प्रमुख थिए ।

**कृषि–** नेपाल प्राचीन समयदेखि नै कृषिप्रधान देश रहिआएको छ । मध्यकालीन पश्चिमी राज्यहरूमा पनि बहुसंख्यक जनताको मुख्य पेशा कृषि नै थियो । त्यसबेला जमीनको स्वामित्व रैकर, गुठी, विर्ता आदि विभिन्न रूपमा विद्यमान थियो ।

**रैकर जमिन–** बाइसे-चौबीसे राज्यक्षेत्रमा रैकर जमिनको प्राधान्यता बढी रहेको देखिन्छ । यस्ता जग्गामा राज्यको सोझै अधिपत्य रहेको हुन्थ्यो । राजालाई राज्य संचालन

गर्न खर्चको आवश्यकता पर्दा यस्तो जमिन बन्धक राखी अथवा बेची रकम व्यवस्था गर्ने गरिन्थ्यो । अन्य अवस्थामा जनताले सरकारलाई कर तिर्ने शर्तमा यस्तो जमिन आवाद गरी आफ्नो जिविका चलाउँथे । यसरी राजालाई कर तिर्नेगरी भोगचलन गरेको हुँदा नै यस्तो भूमिलाई रैकर भनिएको हो । सोही समयताका मल्लराज्य काठमाडौंमा भने राजा र राजपरिवारका अधीनमा भएका जमिनलाई राजक्षेत्र भन्ने गरिन्थ्यो ।

**गुठी जमिन**– जमीनको स्वामित्वको दृष्टिकोणले धार्मिक मन्दिर तथा संघसंस्थाको अधीनमा भएको जमीनलाई गुठी भनिन्थ्यो । यसप्रकारको जग्गा बिक्री गर्न पाइँदैनथ्यो । गुठी जमीनको आम्दानीबाट देवमन्दिरमा पूजाआजा तथा यात्रा संचालन गरिन्थे । गुठी जमीन सरकारी तथा गैरसरकारी दुवै प्रकारका थिए ।

**विर्ता जमीन**– राजका प्रिय व्यक्तिहरू, पण्डित वा सेवकहरूलाई जीवन निर्वाहका निमित्त राजाले विर्ता जमीन दिने गर्दथे । विर्ता जमीनका कुश विर्ता, पोता विर्ता, सुना विर्ता आदि विभिन्न प्रकारहरू थिए । यस्तो विर्ता जग्गा जसलाई दिएको हुन्थ्यो स्वामित्व पनि उसैको हुन्थ्यो । यस्तो जमीन किनबेच गर्न पनि सकिन्थ्यो । विर्ता जमीन पाएवापत कतिले राज्यलाई कर तिर्नु पर्दथ्यो भने कति विर्ता करमुक्त हुन्थे । तर सो विर्ता जमीनभित्र बसोबास गर्ने सबैले विर्तावालालाई भने कर तिर्नुपर्दथ्यो । पुरै गाउँ नै विर्ता स्वरूप दिने पनि चलन थियो । सरकारी कर्मचारीलाई नगदको रूपमा तलव नदिई जागीरको रूपमा जग्गा दिने प्रथा पनि त्यसबेला थियो । यस्तो जमीन भने जागीर छउञ्जेल मात्र भोग गर्न पाइन्थ्यो ।

**सिंचाइको व्यवस्था**– बाइसे-चौबीसे राज्यहरूमा विशेषतः खेतिपाती वर्षे पानीको भरमा गरिन्थ्यो तापनि तत्कालीन शासकहरूले कुलो, बाँध आदि निर्माण गरेर, जीर्णोद्धार गरेर तथा त्यसको सञ्चालनसम्बन्धी नियम बनाएर कृषि विकासमा सहयोग पुऱ्याएका थिए । तत्कालीन थुप्रै प्रमाणहरूमा विभिन्न कुलोको नाम परेको छ ।

**खेती गर्ने तरिका र बालीनाली**– त्यसबेला खेति गर्ने तरिकामा आजको भन्दा केही पनि भिन्न थिएन । हलो र कोदालोकै भरमा खेती गरिन्थ्यो । त्यसबेला उब्जाइने बालीनालीहरूमा पनि धान, मकै, गहुँ, जौ, फापर, कोदो, आलु, मास, मस्याङ, अदुवा, घैया, गहत प्रमुख थिए । कर्कपेट्रिकले उल्लेख गरे अनुसार दूधकोशी पश्चिम, भेरीपूर्वको क्षेत्रमा धान, गहुँ, कोदो, कपास, उखुको राम्रो उत्पादन हुन्थ्यो ।

**पशुपालन व्यवसाय**– बाइसे चौबीसे राज्यका वासिन्दाहरूको अर्को मुख्य व्यवसाय पशुपालन थियो । राज्यले नै ठाउँठाउँमा गौचरन जमीन छुट्ट्याइ दिएको थियो । पर्वतका राजा प्रियव्रत मल्लले वि.सं. १७८९ मा चरनका लागि रूब्बा चौर खर्क स्वरूप प्रदान गरी पशुपालन व्यवसायलाई प्रोत्साहित गरेका थिए । पाल्पामा प्राप्त एक प्रमाणमा मुकुन्दसेनप्रथम र उनका उत्तराधिकारीले गौचरनका निमित्त विर्ता नै दिएको बुझिन्छ । त्यस क्षेत्रका प्राप्त धेरै प्रमाणहरूमा 'गौचरन बाँझो' जग्गा भनी उल्लेख भएको पनि पाइन्छ । यस्ता जग्गाबाट जीउकर उठाइने गरेको बुझिन्छ । साथै मौसमअनुसार पहाड र वेशीका आफ्ना भेडा, च्याङ्ग्रा, घोडा, खच्चर लिई हिंड्नेहरूसंग 'खर्चरी' (एकप्रकारको शुल्क) उठाइन्थ्यो जसलाई स्याफल कर पनि भनिएको पाइन्छ ।

त्यसबेला पालिने वस्तुहरूमा गाई, भैंसी, बाखा, भेडा, च्याङ्ग्रा, घोडा, खच्चर आदि प्रमुख थिए । पर्वतीय क्षेत्रमा आवागमनको माध्यम घोडा खच्चर आदि नै प्रमुख मानिन्थ्यो भने सामान ढुवानीका निमित्त समेत यी जनावरका साथै भेडा च्याङ्ग्राको प्रयोग गरिन्थ्यो ।

ती क्षेत्रहरूमा ठूला साना सरकारी गोठहरू पनि भएको बुझिन्छ । बेलाबेलामा गोठहरूको आकस्मिक निरीक्षण पनि गरिन्थ्यो । कपर्दारले गोठ् जाँच्ने अधिकारी नियुक्त गर्दथ्यो । यसमा अनियमितता भएको पाइएमा दण्ड गर्ने व्यवस्था थियो । यस्ता गोठहरू ठेक्कामा दिने गरेको पनि पाइन्छ ।

**उद्योगधन्दा–** मध्यकालीन नेपालमा सर्वत्र नै साना-ठूला घरेलु उद्योगहरू सञ्चालित थिए । यो क्षेत्रमा ऊन, राडी, पाखी तथा अन्य वस्तु उत्पादन हुने गर्दथ्यो । त्यस्तै, वेत र बाँसबाट बन्ने घरायसी सामानहरू पनि उत्पादन गरिन्थ्यो । कागत बनाउने काममा पनि गुरुङ, मगर आदि समुदाय सक्रिय थिए । ताडपत्र तथा हरिताल लगाएर बनाएका नेपाली कागतमा लेखेका अनेक ग्रन्थ पाइएका छन् र यस्ता ग्रन्थहरूको अध्ययनबाट नेपाली कागत बनाउने, सो कागतलाई अझ बाक्लो र चिप्लो बनाउने पक्की कालो र सुनौला मसी बनाउने आदि काममा समेत मानिसहरू सिपालु भएको जान्न सकिन्छ ।

बाइसे चौबीसे क्षेत्रहरू खानी उद्योगका निमित्त प्रसिद्ध थिए । यी राज्यहरूका चट्टानदार पहाडहरूमा तामा, फलाम, शीशा आदि विभिन्न खनिज पदार्थका खानीहरू थिए । यस्ता खनिज पदार्थबाट राज्यलाई आवश्यक पर्ने हातहतियारहरू एवं कृषि औजारहरू तयार गरिन्थ्यो । खानी खनाउने काम सरकारी तवरबाट वा निजी तवरबाट पनि हुन्थ्यो । सरकारी तवरले खानी खनाएको भए आग्रीहरू (खानी खन्नेहरू) ले पारिश्रमिक वापत धातुको केही अंश पाउँथे भने नीजि तवरबाट खानी खने बापत तिरो माफी दिने वा खानीबाट निकालिएको धातु नै तिरोको रूपमा बुझाउने चलन पनि थियो । नेपाल एकीकरण पछि पर्वतमा 'बाइसे खानी' अड्डा नै स्थापना गरेर खानी सञ्चालन गरिएको थियो ।

यसका अतिरिक्त अन्य विविध उद्योगधन्दाहरू पनि सञ्चालित थिए । काली गण्डकी, म्याग्दी आदि नदीका किनारमा सुन खोज्ने, शालीग्राम खोज्ने, मैन, जडिबुटी, मह आदि खोजी गर्ने कार्यमा पनि मानिसहरू संलग्न थिए ।

**व्यापार व्यवसाय–** मध्यकालीन चल्तिको एउटा व्यवसाय व्यापार पनि थियो । बाइसे चौबीसे राज्यहरूमा पनि व्यापार निकै फष्टाएको थियो । त्यसबेला बाह्यव्यापार भारत तथा तिब्बत दुवैतर्फ हुन्थ्यो । मध्यकालका नेपालबाट तिब्बत जाने प्रसिद्ध मार्गहरूमा भारतबाट पर्वतको वेणी भई जाने बाटो पनि पर्दथ्यो । वेणीबाट दक्षिणमा बाग्लुङ्ग, कुश्मा, रिडी, पाल्पा, मोह्याक, नुवाकोट, बुटवल हुँदै भारत जान सकिन्थ्यो भने उत्तरतर्फ मुस्ताङ हुँदै तिब्बत गइन्थ्यो । तिब्बतबाट नेपाल पसी काली गण्डकीको तिरैतिर पाल्पा भई भारतको गोरखपुर जान सकिन्थ्यो । हेमिल्टनले पाल्पा राज्यअन्तर्गत

पर्ने व्यापारिक बाटोतर्फ संकेत गर्दै रिडीबाट तानसेन-रामपुर आदि हुँदै देवघाट निस्कने पूर्वपश्चिम सजिलो बाटो भएको उल्लेख गरेका छन् । रिडीबाट कालीगण्डकीको जलयात्रा गर्दै नारायणी निस्कन सकिने बाटोको पनि हेमिल्टनले उल्लेख गरेका छन् । यी विभिन्न मार्गहरूको बाटो पश्चिमी नेपालको व्यापार व्यवसाय चलेको थियो ।

त्यसबेला नेपालबाट भारततिर निकासी हुने वस्तुहरूमा चौंरीको पुच्छर, जरीबुटी, मैन, टाँगन घोडा, भोटे नून, कृष्टल, ऊन आदि प्रमुख थिए भने भारततर्फबाट कपास, सीसा, मसला आदि पैठारी गरिन्थ्यो ।

यसरी व्यापार व्यवसायबाट राज्यलाई पनि केही आम्दानी हुने गर्थ्यो ।

**विविध–** यी माथिका व्यवसायका अतिरिक्त निम्नस्तरको आय हुने नेपालीहरू विभिन्न ज्याला मजदूरीको कार्य गरेर जीविका सञ्चालन गर्दथे । त्यसबेला यातायातको कठिनाइ भएको हुँदा सामान बोकेर भारत तथा तिब्बतको विभिन्न क्षेत्रमा मानिसहरू नै जानुपर्दथ्यो । यसका साथै राजकाज सम्बन्धी विशेष काम, बाटो, पुल, कुलो आदि सार्वजनिक काम पर्दा जनताले विना ज्याला अनिवार्य रूपमा श्रमदान गर्नुपर्दथ्यो । यस्तो झाराश्रमका निमित्त आफ्नो इलाका छोडेर ३/४ दिनसम्म टाढा समेत जनताले जानु पर्दथ्यो । बाइसे-चौबीसे राज्यमा लडाइ झैझगडा भइरहने हुँदा यस्ता काममा सेनाको सहयोगार्थ रसद पानी बोकेर पनि झाराश्रममा जानु पर्दथ्यो । बाइसे चौबीसे राज्यहरू विशाल नेपालमा गाभिएपछि पनि यो झाराश्रम बन्द भएको देखिंदैन । काठमाडौं उपत्यकामा श्रम गर्न पर्वत राज्यबाट मानिसहरू गएको उदाहरण पनि पाइन्छ । यसरी झारा श्रममा जाँदा आफूलाई चाहिने रसद, पानी, कुटो कोदालो आफै बोकी जानुपर्दथ्यो ।

# शाह्-राजवंश

## शाह्-राजवंशको परिचय

शाह-राजवंशको प्राचीन इतिहासबारे स्पष्ट जानकारी दिने स्रोत पाउन सकिएको छैन । विभिन्न वंशावलीहरूले अलग-अलग रूपको वर्णन गरेका छन् तापनि हालसम्म प्राप्त विविध तथ्यहरूको आधारमा हेर्दा गोरखा-राजवंशको सम्बन्ध भारतको चितौडका सिसौदिया राजपूतहरूसित कायम रहेको बुझिन्छ ।मुसलमानीआक्रमणबाट चिताडको पतन भएपछि त्यहाँका शासकहरू पनि भागेर यत्रतत्र लागे । केही वर्षपछि यही राजवंशका भूपालले नेपालको रिडी र पछि भीरकोटामा बसोबास गरेको बुझिन्छ । यी भूपालका दुई छोराहरू हरिहरसिंह र अजयसिंहले पहिलोपल्ट आएर पहाडी इलाकामा आ-आफ्नो स्वतन्त्र राज्यको स्थापना गरे । यी दुवै भाइहरूले तात्कालिक भारतवर्षका शासकहरूले लिएसरह 'खान' पदवी धारणा गरेका थिए । त्यसैले इतिहासमा यिनीहरू खाँचा खान र मिचा खान भनेर पनि चिनिन्छन् । कान्छा अजयसिंहको वंशमा उनीपछि विचित्र खान, कुलमण्डन आदि भए । यी कुलमण्डनले दिल्लीका बादशाहबाट शाह पदवी पाएको कुरा वंशावलीमा उल्लेख गरिएको छ । यसर्थ कुलमण्डनको पालादेखि नै यस राजवंशले आफ्नो नामको साथ 'शाह' प्रयोग गर्न थालेको मानिन्छ । यी कुलमण्डन शाहको समयमा लमजुङको राजगद्दी खाली भएकोले लमजुङेहरूको अनुरोधमा यिनका कान्छा छोरा यशोब्रम्ह शाह लमजुङका राजा बनाइए । यी यशोब्रम्ह शाहका दुई भाइ छोराहरू थिए - जेठा नरहरि शाह र कान्छा द्रव्य शाह । यिनै यशोब्रम्ह शाहका कान्छा छोरा द्रव्य शाहले नै गोरखामा विजय गरेर आफ्नो राज्य स्थापित गरेका हुन् ।

## गोरखा राज्यको स्थापना र द्रव्य शाह

गोरखाको उल्लेख प्राचीन कालदेखिकै स्रोतहरूमा पाइन्छ । प्राचीन कालमा यो क्षेत्र लिच्छविहरूको राज्यभित्र पर्दथ्यो । मध्यकालको शुरूतिर पश्चिम कर्णाली-प्रदेशमा खस मल्लहरूले राज्यस्थापना गरेपछि भने गोरखामा समेत उनीहरूकै नियन्त्रण कायम भयो । पन्ध्रौं शताब्दीको मध्यतिर काठमाडौंका मल्ल राजा यक्ष मल्लले गोरखामा आफ्नो नियन्त्रण कायम गरेपछि फेरि एकपल्ट गोरखा केन्द्रको अधीनमा रहन पुग्यो । तर उसको यो नियन्त्रण स्थायी भएन । उनको मृत्युपछि उनका छोराहरूको महत्त्वाकांक्षी स्वभावले गर्दा मल्ल राज्य टुक्रन गएपछि गोरखामा उनीहरूले नियन्त्रण राख्न सकेनन् । पाल्पामा स्थापना भएको सेनराज्य मुकुन्द सेनले बढाउँदै लाँदा गोरखा पनि सेनराज्यअन्तर्गत हुन

गयो । तर सेन राज्य पनि मुकुन्द सेनको मृत्युपछि नै टुक्रन पुग्यो । वास्तवमा यस समयमा नेपालको कुनै पनि क्षेत्रमा शक्तिशाली शासक थिएन । फलस्वरूप नेपालभित्र साना-साना अनेक राज्य-रजौटाहरू देखा पर्न थालेका थिए । गोरखा पनि सेनराज्यको नियन्त्रणबाट छुट्टिएर एक स्वतन्त्र राज्य बन्न पुग्यो । द्रव्य शाहले विजय गर्ने वेलामा त्यहाँ खड्का राजाको शासन कायम थियो ।

द्रव्य शाह लमजुङ राज्यअन्तर्गत रागिनास मुहडाको भार सम्हालेर बसेका थिए । तर उनी विजिगीषु स्वभावका भएका हुँदा बाबुको राज्यको एउटा साधारण पदको भरमा मात्र उनी बस्न चाहेनन् । छुट्टै राज्यको स्थापना गर्ने उनको प्रबल इच्छा थियो । त्यसैताका उनको नारायण अर्याल र गणेश पाण्डेसँग सम्पर्क कायम भयो र गोरखा-विजय गरेर द्रव्य शाहलाई राजा बनाउने योजना बन्यो । पहिले मुकुन्द सेनको सेनामा रहेर काम गरिसकेका गणेश पाण्डेले अन्य केहीलाई पनि आफ्नो अभियानमा संलग्न गराए । यसलाई मूर्त रूप दिनु अघि गोरखाको विजय गर्नुअघि बाटोमा पर्ने लिगलिगको नियन्त्रण गर्ने योजना बन्यो । लिगलिगमा घलेहरूको शासन चल्दथ्यो । उनीहरू बर्सेनि राजा फेर्दथे । बर्सेनि दशैंको टीकाको दिनमा दौड्दा जो चाँडै लिगलिगकोट पुग्न सक्तथ्यो, त्यसवर्ष त्यही राजा हुने चलन थियो । यस्तै रूपमा वि.सं. १६१५ को दशैंमा घलेहरू राजा छान्ने काममा विनाहात-हतियार भेला भएको मौकामा द्रव्य शाहले लिगलिगकोटमा हमला गरेर त्यहाँ आफ्नो अधिकार कायम गरे ।

लिगलिगकोटमा विजय गरेपछि द्रव्य शाहको सबै शक्ति गोरखा-विजय गर्ने कार्यमा संलगन भयो । गणेश पाण्डले भित्रभित्रै गोरखाका धेरै मानिसहरूलाई आफ्नो पक्षमा मिलाए । वि.सं. १६१६ को भाद्र महीनामा द्रव्य शाहको फौजले गोरखामा हमला गऱ्यो । त्यहाँका खड्का राजा शक्तिशाली नै भएको हुँदा १५ दिनसम्म लडाइँ भयो, तर विजय गर्न सकिएन । पछि खड्का राजालाई आत्मसमर्पण गराउन खोजियो । त्यसमा पनि सफलता नमिलेपछि नारायण अर्ज्यालको साइतमा फेरि आक्रमण गरियो । यसपल्ट भने द्रव्य शाहको हातबाट खड्काराजा मारिए र गोरखामा नियन्त्रण कायम भयो । द्रव्य शाह गोरखाको राजगद्दीमा वि.सं. १६१६ भाद्र २५ गते बिहान सूर्योदयको समयमा विराजमान भएको मानिन्छ । गोरखामा आफू मजबूत हुने बित्तिकै द्रव्य शाहले सिह्रानचोक,आजिरगढ आदि क्षेत्रहरूमा पनि विजय गरे । यसबाट गोरखाको उत्तरीभेकसम्म द्रव्य शाहको प्रभाव फैल्यो ।

गोरखा राज्यको स्थापना भएपछि 'यो लमजुङभित्र नै पर्दछ' भनेर द्रव्य शाहका दाजु नरहरि शाहले झगडा उठाउँदा उनीहरूको आमाले चेपे नदीमा आफनो दूधको धारा बगाएर दुवैको राज्यको सीमा निर्धारित गरिदिएकी थिइन । आमाको मृत्युपछि बाबुको श्राद्ध गर्ने निहुँमा द्रव्यशाहलाई मार्ने षडयन्त्र फेरि लमजुङेहरूले गरे । तर समयमा नै थाहा पाएर द्रव्य शाहले ज्यान बचाए । त्यसपछि यी दुवै राज्यबीच कहिल्यै मेल भएन । पछि नेपाल एकीकरण अभियानमा त लमजुङ सधैं तगारो बनेर आएको थियो ।

यसरी गोरखामा शाह-राजवंशको स्थापना गरेर १५ वर्षजति शासन गरी द्रव्य शाह स्वर्गे भए । उनको राज्यकाल र स्वर्गारोहणको निश्चित समय भने ज्ञान हुन सकेको छैन ।

## राम शाह

मध्यकालीन नेपालको इतिहासमा गोरखाका राजा राम शाहको विशेषस्थान छ। यिनी न्यायी, वीर, दयालु तथा सुधारवादी राजाको रूपमा चिनिन्छन्। यी राम शाह गोरखा राज्यका संस्थापक द्रव्य शाहका नाति र पूर्ण शाहका कान्छा छोरा थिए। बाबु पूर्ण शाहको मृत्युपछि छत्र शाह राजा भएका थिए। तर यी छत्र शाह निःसन्तान भई दिवङ्गत भएकोले उनी पछि उनकै भाइ राम शाह गोरखाको राजगद्दीमा बसे। राम शह राजा भएको निश्चित प्रमाण त पाइएको छैन, तर पनि वि.सं. १६६६ वा त्यो भन्दा १/२ वर्षपछि यिनी गोरखाको राजा भएको बुझिन्छ।

राम शाह गोरखाको राजगद्दीमा बस्नेबित्तिकै उनले बाह्य सम्पर्क बढाएको बुझिन्छ। उनले दिल्लीका बादशाह जहाँगीरसँग तथा उपत्यकामा ललितपुरका राजा सिद्धिनरसिंह मल्लसँग सम्बन्ध कायम गरेका थिए। उनले आफ्ना दूतहरूलाई विभिन्न क्षेत्रहरूमा पठाएर त्यहाँको रीतिस्थिति नियम-कानून आदिको व्यवस्था बुझ्न समेत पठाएका थिए। उनले आफ्नो वंश र कुलदेवताको निक्र्योल गर्न आफ्ना दूतहरूलाई भारतका विभिन्न भागमा पठाएका थिए। परिणामस्वरूप पछि राम शाहले चितौडका राणाहरूसँग आफ्नो वंशक्रम जोडेर एक राजवंशावली पनि लेख्न लगाएका थिए।

## राम शाहको विजय

राम शाह एक विजयी राजाको रूपमा पनि इतिहासमा अङ्कित छन्। यिनको समयमा निकै क्षेत्रहरूमा गोरखाको नियन्त्रण कायम भएको थियो। राम शाहले सर्वप्रथम लिगलिगनजिकै रहेका विभिन्न थुमहरू तथा मझुवामा आफ्नो नियन्त्रण बनाए। यी क्षेत्रहरू पहिले लमजुङअन्तर्गत भएका हुँदा लमजुङले गोरखामाथि आक्रमण गऱ्यो, तर लडाइँमा लमजुङेको हार भयो। यसरी लडाइँमा हार खाएपछि लमजुङले भर्खरै गोरखाको नियन्त्रणबाट छुटेको वारपाकलाई गोरखाको विरोधमा उचाले। वारपाकीहरूले पनि राम शाहलाई शिकारमा गएको बेलामा मार्ने योजना बनाए। राम शाह शिकार खेल्न बालुवा-व्यासी गएको वेलामा उनीमाथि आक्रमण पनि गरियो, तर गोरखालीहरूले वारपाकीहरूलाई पराजित गरे। लमजुङ्गेको षडयन्त्र थाहा पाएर राम शाहले वारपाकीहरूलाई त्यसै छोडिदिए। यसबाट प्रभावित भएर वारपाकका शासकले राम शाहसँग सन्धि गर्न चाहे। दुवै पक्ष हात-हतियारसहित भएर बालुवा-व्यासीमा भेला भएको वेलामा गोरखालीहरूले एकाएक हमला गरेर वारपाकका शासकलाई मारिदिए। यसरी पूर्ण शाहले नियन्त्रणमा ल्याएको वारपाक स्वतन्त्र हुन खोज्दा राम शाहले फेरि फिर्ता लिए। वारपाकपछि स्यार्तान र आठ सय खोलामा समेत राम शाहको आधिपत्य कायम भयो। त्यसपछि गोरखाली फौज रुइभोट कब्जा गर्दै केरुङसम्म पुग्यो। केरुङबाट कुकुरघाटतर्फ लाग्दा भोटे फौजले आक्रमण गरी गोरखालीलाई भगायो। यसरी रसुवाभन्दा उता गोरखाली सीमा बढ्न सकेन।

पूर्ण शाहको समयमा गोरखाले जितेका केही क्षेत्रहरू छत्र शाहको समयमा स्वतन्त्र हुने ताकमा थिए। त्यसैले राम शाहले यिनीहरूलाई तह लगाउने विचार लिए। यीमध्ये सल्यान केही शक्तिशाली थियो। पहिलोपल्ट गोरखाको आक्रमणमा सल्यानले

विजय पाए पनि दोस्रो पल्ट सल्यानको हार भयो । त्यसपछि खरी, मैधी तथा धादिङमा पनि गोरखाले नियन्त्रण कायम गऱ्यो । राम शाहले तनहूँमा समेत आक्रमण गरेका थिए । सो आक्रमणमा तनहूँका राजा तुला सेन लडाइँमा अड्न नसकी रिसिङ भागे । गोरखाली फौज त्यहाँ लुटपिट गरी फर्क्यो । यसरी राम शाह एक विजयी शासकको रूपमा पनि चिनिन्छन् ।

## राम शाहका धार्मिक र अन्य कार्यहरू

राम शाह युद्धप्रेमी शासक मात्र थिएनन्; उनी कलामर्मज्ञ पनि थिए । उनले वि.सं. १६७१ मा गोरखाको पोखरीथोकमा मुरलीधर नारायणको स्थापना गरे । सो मन्दिर गोरखामा प्राप्त शाह राजाहरूको सर्वप्राचीन मन्दिर हो । यसबाट पनि सो मन्दिरको विशेष महत्त्व रहेको छ । सो मन्दिरमा गणेश आदि पाञ्चायत देवताहरू पनि स्थापित छन् । वि.सं. १६९३ मा पोखरीथोकमा नै राम शाहले रामेश्वर महादेवको स्थापना गरेका थिए ।

## राम शाहका सुधारहरू

राम शाहले अनेक प्रकारका सुधारहरू गरेको चर्चा विभिन्न वंशावलीहरूमा पाइन्छ । राम शाहकै समयको यससम्बन्धी लिखत त उपलब्ध भएको छैन, तर पछिल्ला केही स्रोतहरूले भने यसको उल्लेख गरेका छन् । श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले समेत 'राजा राम शाहले बाँध्याको स्थिति हेरिसकें' भनेर उल्लखे गर्नु तथा त्यसपछिका अन्य स्रोतहरूले समेत राम शाहले विभिन्न सुधार गरेको वर्णन गर्नुबाट राम शाहले केही व्यवस्था गरेको स्पष्ट हुन्छ । उनका सुधारहरूबाट तात्कालिक सामाज निकै लाभान्वित भएको थियो भने आधुनिक दृष्टिले विचार गर्दा पनि ती सुधारहरू उत्तिकै महत्त्वपूर्ण भएको अनुभव हुन्छ । उनका प्रमुख सुधारहरू निम्नबमोजिम छन् ।

## (क) आर्थिक सुधार

**(अ) नापतौलको व्यवस्था–** राम शाहले गरेको महत्त्वपूर्ण सुधार नाप-तौलको व्यवस्था पनि हो । उनीभन्दा अघि समाजमा निश्चित नापजोख गर्ने साधनहरू नभएका हुँदा साहु-महाजनहरू तौलमा मनोमानी गर्ने गर्दथे । बाँस वा काठका ढुङ्ग्रा, आरी, डालो आदि अप्रामाणिक साधनहरूले सोझासाझा जनतालाई झुक्याई, दिनुपरे सानो भाँडो र लिनुपरे ठूलो भाँडोको प्रयोग गर्दथे । यसैले राम शाहले माना, पाथी तथा ढक तराजुमा नयाँ व्यवस्था कायम गरिदिए । यसअन्तर्गत १० मुठीको १ माना, ८ मानाको १ पाथी र २० पाथीको एक मुरी तथा १० लालको १ मासा, १० मासाको १ तोला, २७ तोलाको १ बोडी, ४ बोडीको १ बिसौली तथा २ बिसौलीको १ धार्नी निर्धारित भयो । माना, पाथी, ढक, तराजु धातुका हुनुपर्ने र सरकारी मोहर छाप लागेका हुनुपर्ने पनि बनाइयो ।

**(आ) व्यापारमा नयाँ व्यवस्था–** राम शाहले व्यापारको उन्नतिको लागि गोरखाको बाह्य क्षेत्रसँग व्यापार-सम्पर्क पनि कायम गरेका थिए । सर्वप्रथम उनी

गोरखाली फौज लिएर बाटामा पर्ने साना-साना क्षेत्रको विजय गर्दै केरुङसम्म पुगे र तिब्बतको नयाँ मार्ग कायम गरे । पछि उनले केरुङबाट हारेर रसुवा फर्कनुपरे पनि व्यापार गर्ने मार्ग भने सो कायमै भयो । उनले यता उपत्यकाका राजा सिद्धिनरसिंह मल्लसँग समेत सन्धि गरी व्यापारमा सिपालु ललितपुरका महाजनहरूलाई गोरखाको पोखरीथोकमा लगेर राखेका थिए । ललितपुरका नेवारहरूको सम्पर्कमा आएपछि गोरखामा समेत पित्तल, काँस आदिका भाँडावर्तनहरू तथा विभिन्न प्रकारका कपडाहरू बनाउने उद्योग खुल्न गएका थिए ।

**(इ) भूमिसम्बन्धी सुधार–** राम शाहधको उदयपूर्व कसैलाई बिर्तादिंदा वा दान दिंदा निश्चित सीमा तोकिंदैनथ्यो । यसले गर्दा जमीनको साँधलाई लिएर जमीनसम्बन्धी कचिङ्गल बराबर भइरहन्थ्यो । राम शाहले यसमा सुधार गरेर 'राजाले भाइभारादारको सिफारिसविना कसैलाई बिर्ता नदिनू, बिर्ता दिंदा पनि जमीनको क्षेत्रफल, चार किल्ला सबै खुलएर पञ्चहरू राखी साँधसिमाना समेत छुट्ट्याइदिनू' भन्ने नियम बसाए । राम शाहको सुधारपछि जग्गाधनीलाई तल्सिङ र खेत जोत्नेलाई मोहीको संज्ञा प्रदान गरियो । बाँझो जमीन कसैले खनजोत गरेर उब्जाउ बनाएमा तीन वर्षसम्म उसैको हक हुने र चौथो वर्ष मात्र जग्गाधनीको भाग तिर्नुपर्ने व्यवस्था भयो ।

## (ख) सामाजिक सुधार

**(अ) कुलो-पैनीमा नयाँ व्यवस्था–** पानीको बाँडफाँडमा झैं-झगडा नहोस् तथा सबैले समान रूपले पानीको प्रयोग गर्न पाऊन् भनेर राम शाहले कुलोको पानी पालैसित व्यवहारमा ल्याउनुपर्ने बनाए । साथै कुलो, पैनी तथा पनेराको पानीसम्बन्धी झैं-झगडा स्थानीय पञ्चहरूले नै मिलाउनु पर्ने व्यवस्था पनि बनाइयो ।

**(आ) गहनाको प्रयोगमा नयाँ व्यवस्था–** राम शाहको सामाजिक सुधारले गर्दा गहनाको सम्बन्धमा पनि नयाँ व्यवस्था कायम भयो । यसअन्तर्गत राजपरिवारले पाउसम्म र राजपरिवारका सगोत्रीहरूले राजाज्ञा लिएर मात्र पाउसम्म सुनका गहना लगाउन पाउने भए । उनीहरूका केटाकेटीले मात्रै खुट्टामा लगाउन पाए । ब्राम्हण र अन्य जातले राजाज्ञा लिएर मात्र हातमा सुनका गहना लगाउन पाए ।

**(इ) बोक्सीको विषयमा–** बोक्सीका विषयमा राम शाहको व्यवस्था अनुसार कसैलाई बोक्सी आरोप लगाएपछि प्रमाणित गर्नुपर्दथ्यो । सो सम्बन्धी मुद्दास्थानीय पञ्चहरूले नै छिन्नुपर्ने र पञ्चद्वारा केही गरी छिनिन सकेन भने बोक्सीमाथि लागेको आरोप असत्य ठहर्दथ्यो र आरोप लगाउने व्यक्तिलाई आर्थिक दण्ड गरिन्थ्यो । तर बोक्सी भनेर कुनै महिलालाई प्रमाणित गरिएको खण्डमा भने उसलाई गाउँ निकाला गरिन्थ्यो ।

**(ई) लेनदेनमा नयाँ व्यवस्था–** राम शाहको समयमा विद्यमान प्रमुख सामाजिक कुरीति महाजनको गरीब जनताप्रतिको शोषण थियो । साहु र ऋणीबीच लेनदेनसम्बन्धी झैं-झगडा सधैं भइरहन्थ्यो । महाजनहरू आफ्ना ऋणीहरूसँग मनमानी रूपमा ब्याज लिने गर्दथे । त्यसैले राम शाहले यस सम्बन्धमा नयाँ व्यवस्था लागू गरी नगद ऋणको कारोबारमा १०प्रतिशत भन्दा बढी र जिन्सी ऋणको कारोबारमा २५

प्रतिशतभन्दा बढी व्याज लिन नपाइने तथा यस्तो व्याज जोडिंदै गएमा नगदमा मूलधनभन्दा बढी र जिन्सीमा मूलधनको दोव्वरभन्दा बढी लिन नपाइने व्यवस्था मिलाए ।

## (ग) न्यायसम्बन्धी सुधार

राम शाहको न्यायको परिपाटी निकै प्रसिद्ध थियो । त्यसैले 'न्याय हराए गोरखा जानू' भन्ने उखान समाजमा प्रसिद्ध हुँदै गएको थियो । राम शाहको सदय हुनेताका सानातिना मुद्दा-मामिलाहरू पनि केन्द्रको न्यायालयमा नै प्रस्तुत गरिन्थे, जसले गर्दा प्रजाहरूले बढी समय र खर्चको सामना गर्नुपर्दथ्यो । राम शाहले यस प्रथामा सरलीकरण गरेर सानातिना मुद्दा-मामिलाहरू गाउँमा पञ्चहरूले हेर्ने र छिन्ने व्यवस्था मिलाए । वादी-प्रतिवादीको झगडाको सत्यासत्य निर्णय गर्नुभन्दा पूर्व दुवै पक्षले न्यायालयसमक्ष शालिग्राम छोएर किरिया हाल्नुपर्ने प्रथा पनि कायम भयो । मुद्दा जित्ने अभिप्रायले हाकिमको चाकरी गर्ने व्यक्तिलाई देशनिकाला दिने व्यवस्था भयो ।

राम शाहले प्राणदण्डको सम्बन्धमा पनि नयाँ व्यवस्था कामय गरे । कसैको ज्यान मारेकै प्रमाणित भएको खण्डमा मात्र प्राणदण्ड दिइने नियम बन्यो । तर यसमा पनि राजवंशका सगोत्री दाजुभाइहरू भए देशनिकाल दिने, ब्राम्हण, सन्यासी, वैरागी तथा भाटहरू भए टाउको मुडी देशनिकाला दिने र काजी, चौतारा (प्रधानमन्त्री) तथा अन्य कुनै पनि सरकारी पदाधिकारीहरू र सर्वसाधारणलाई भने प्राणदण्ड दिने नियम बन्यो । साथै, कसैलाई अपराधी भनेर आरोप लगाएपछि त्यो प्रमाणित नभएको खण्डमा आरोप लगाउने व्यक्तिलाई आर्थिक दण्ड गरिने भयो ।

## (घ) प्रशासनिक सुधार

राम शाहले गरेको प्रशासनिक सुधारअन्तर्गत प्रधानमन्त्रीको काम गर्न चौतारा, सेनापतिको काम गर्न सरदार, राजकोष हेर्न खजान्ची आदिको व्यवस्था पनिगरेका थिए । राजाका सगोत्री तथा भाइ-खलकहरूले अङ्गरक्षक झैं राजाको चारैतिर बस्नुपर्ने भयो । राम शाहको प्रशासनिकसुधारको महत्त्वपूर्ण पक्ष शासनको विकेन्द्रीकरण हो । उनले विशेष गरेर स्थानीय पञ्चहरूलाई सक्रिय पार्न खोजेका थिए ।

यसरी राम शाहले विविध प्रकारका सुधारहरू गरेको बुझिन्छ । उनका सुधारहरू यति समसामयिक थिए कि गोरखा राज्यको अतिरिक्त तात्कालिक सबै पहाडी राज्यहरूले समेत ती सुधारहरूको अनुसरण गरेका थिए । यसरी विविध कार्यहरू गरेर २७ वर्षसम्म गोरखाको शासन गरेर वि.सं. १६९३-९४ तिर मर्स्याङ्दी र दरौंदीको दोभानमा रहेको मझुवा खैरेनीमा उनको स्वर्गारोहण भएको थियो ।

# आधुनिक काल

## नेपालको एकीकरण

अठारौं शताब्दीको मध्यसम्म नेपाल साना-साना राज्यहरूमा विभाजित थियो । तर लिच्छविकालमा नेपालको अवस्था यस्तो थिएन । त्यसवेला नेपालको सीमा वर्तमानकालकै सरह थियो । मध्यकालको शुरूतिर नै कर्नाली-प्रदेश र दक्षिण तराईक्षेत्रमा दुई विशाल राज्यहरू खडा भए । केन्द्रमा पनि आन्तरिक कलह बढेको हुँदा काठमाडौंमा बसेका शासकहरूले यी राज्यहरूलाई दबाउन सकेनन् । पछि यी दुवै राज्यहरू काठमाडौं उपत्यकाभन्दा शक्तिशाली भएर निस्के र धेरैपल्ट यहाँ आक्रमण पनि गरेका थिए । तर पन्ध्रौं शताब्दीमा आइपुग्दा-नपुग्दै यी सबै राज्यहरू टुक्रने अवस्थामा पुगे । फलस्वरूप कर्नाली-प्रदेशमा बाइस राज्यहरू देखा परे भने गण्डकी-प्रदेशमा चौबीस राज्यहरू । काठमाडौं उपत्यका नै तीन राज्यमा विभाजित भयो । यसरी लिच्छविकालको विशाल नेपाल पचास टुक्राभन्दा बढी भागमा विभाजित हुनपुग्यो । यी राज्यहरू पनि सधैं एक अर्कालाई दबाउने उद्योगमा लागिरहन्थे । काठमाडौं उपत्यकामा शासन गर्ने तीनै मल्ल राजाहरू एकै वंशका दाजु-भाइ थिए तापनि सबै एक अर्को राज्यमा आक्रमण गरेर अराजकता फैलाउने चेष्टा गरिरहन्थे । यसले गर्दा नेपालको अस्तित्व नै हराउने सम्भावना बढ्न थाल्यो । छिमेकी मुलुक भारतमा अङ्ग्रेजहरूले अधिकार जमाउँदै आइरहेका थिए भने नेपालमा पनि उनीहरूको आँखा पर्न थालिसकेको थियो । धर्मको प्रचार गर्ने निहुँमा नेपाल पसेका क्रिस्चियन धर्मका पादरीहरू जबर्जस्ती आफ्नो धर्मको प्रभाव फैलाउन लागेका थिए । यसरी नेपालको अस्तित्व नै हराउन लागेको देखेर गोरखाराज्य विशेष चिन्तनशील देखियो र नेपाल राज्यको एकीकरण गर्ने उद्योगमा अग्रसर भयो । एकीकरण अभियान एक/दुई वर्षको प्रयत्न थिएन । ७० वर्षसम्मको लामो समयसम्म नेपालको सम्पूर्ण शक्ति यसै अभियानमा लागेको थियो ।

नेपालको एकीकरण अभियानलाई तीन चरणमा विभाजित गरेर अध्ययन गर्न सकिन्छ । पहिलो चरण श्री ५ पृथ्वीनारायण शाहकोपालमा, दोस्रो चरण राजमाता राजेन्द्रलक्ष्मी र बहादुर शाहको पालमा तथा तेस्रो चरण रणबहादुर शाहका पालामा भएको पाल्पाविजय । यी सबैको तल क्रमशः वर्णन गरिएको छ ।

## श्री ५ पृथ्वीनारायण शाह र एकीकरणको अभियान

हाल नेपालको मध्यभागमा अवस्थित गोरखा राज्य वि.सं. १६१६ मा द्रव्य शाहले स्थापित गरेका थिए । द्रव्य शाहद्वारा स्थापित सानो राज्य गोरखामा सामजिक सदृढीकरण राम शाहद्वारा भयो । गोर्खाली अर्का राजा पृथ्वीपति शाहले सैनिसङ्गठन गरी विभिन्न

छिमेकी राष्ट्रहरू सम्बद्ध गराए । गोरखाको पूर्वतर्फ बढ्ने प्रयास नरभूपाल शाहको राज्यकालमा भएको थियो । यसै शाहवंशको दसौं राजा पृथ्वीनारायण शाहले छरिएर रहेका विभिन्न राज्यलाई एक सूत्रमा बाँधी नेपालको निर्माण गरेका हुन् ।

**बाल्यकाल–** राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको जन्म वि.सं. १७७९ पौष २७ गते नरभूपाल शाहकी माहिली रानी कौसल्यावतीको गर्भबाट भएको थियो । उनको पालन-पोषण शिक्षा-दीक्षा तालिम आदिको भार भने जेठी महारानी चन्द्रप्रभावतीलाई सुम्पिएको थियो । चन्द्रप्रभावतीकै रेखदेखमा पृथ्वीनारायण शाहले विभिन्न प्राचीन राजनीतिशास्त्रहरू तथा युद्ध-कौशलमा राम्रो ज्ञान प्राप्तगरेका थिए । पृथ्वीनारायण शाहको बाल्यावस्थाबारे वंशावलीमा विभिन्न किसिमका कथाहरू लेखिएका छन् । तीमध्ये एउटा प्रमुख घटना गोरखनाथसँगको उनको भेटघाट भनिन्छ । बाल्यकालमा खेल्दै गोरखनाथको गुफामा पुगेका पृथ्वनिारायण शाहलाई गोरखनाथले दर्शन दिएर आफ्नो जूठो दही खान दिएका थिए । तर पृथ्वीनारायण शाहले खान सकेनन् र सो दही उनको खुट्टामा पऱ्यो । त्यसपछि 'तिमी जुन भूमिमा टेक्तछौ, त्यहाँ तिम्रो विजय हुनेछ' भन्ने वरदार दिएर गोखनाथ अन्तर्धान भए भनेर वंशावलीमा लेखिएको छ । तर यस्ता कथाहरूको ऐतिहासिक तथ्य भने स्वीकार्य छैन । उनको पहिलो विवाह मकवानपुरका राजा हेमकर्णकी छोरीसँग भएको थियो, तर ससुरालीसँग खटपट परेको हुँदा उनी दुलही नलिई फर्के । मकवानपुरसँग खटपट परेको केही समयपछि पृथ्वीनारायण शाहको दोस्रो विवाह काशीका अहिमानसिंह राजपूतकी छोरी नरेन्द्रलक्ष्मीसँग सम्पन्न भएको थियो ।

**पृथ्वीनारायण शाहको उपत्यका भ्रमण–** आफ्नो ससुराली मकवानपुर गएर फर्कंदा पृथ्वीनारायण शाहले चन्दागिरी डाँडाबाट पहिलोपल्ट नेपाल उपत्यका देख्नेबित्तिकै उनमा सबै राज्यलाई समेटेर विशाल नेपालको निर्माण गर्ने विचार उत्पन्न भयो । उनले उपत्यकाको राजनीतिक स्थिति बुझ्ने विचार लिएर बाबु नरभूपाल शाहको ओदश लिई वि.सं. १७९८ तिर उपत्यकाको भ्रमण गरे । उनी राम शाहको पालामा खुलेका बाटो लाभिडाँडा, कोल्पु, दहचोक र कीर्तिपुर हुँदै ललितपुर पुगे र केही दिन ललितपुरका राजा विष्णु मल्लको पाहुना भई ठिमीको बाटोबाट भक्तपुर पुगे । भक्तपुर पुगी राजा रणजित् मल्ललाई गोरखाका राजा नरभूपाल शाहको मगरी दिई गोरखा र भक्तपुरबीच मित्रता कायम गर्दै युवराज वीरनरसिंह मल्लसँग मीत लगाए । निकै समयसम्म भक्तपुरमा बसेर पृथ्वीनारायण शाहले उपत्यकाको राजनीतिक, आर्थिक तथा सामाजिक अवस्थाको अध्ययन गरे । पछि फर्कंदा कान्तिपुरका राजा जयप्रकाश मल्लसँग पनि मीत लगाई केही दिन त्यहाँ बसी नुवाकोटबाट गोरखा फर्के ।

**राज्यारोहण र नुवाकोटको प्रथम आक्रमण–** वि.सं. १७९९ चैत्र २५ गते नरभूपाल शाहको मृत्यु भएपछि पृथ्वीनारायण शाह गोरखाको राजगद्दीमा विराजमान भए । राजगद्दीमा बस्नेबित्तिकै पृथ्वीनारायण शाह नेपालको एकीकरण गर्न विशेष आतुर बन्न थाले । उनले आफ्नो एकीकरण-अभियान नुवाकोटबाट आरम्भ गर्ने विचार लिए । नुवाकोटमा नरभूपाल शाहको पालामा पनि आक्रमण गरिएको थियो , तर सफलता पाउन सकिएको थिएन । वास्तवमा नुवाकोट विभिन्न दृष्टिकोणले महत्त्वपूर्ण क्षेत्र थियो । सामाजिक दृष्टिकोणले यो क्षेत्र कान्तिपुरको सुरक्षाको महत्त्वपूर्ण किल्ला नै थियो ।

नुवाकोटको पहाडी ठाउँमा बनेका वनदुर्गहरू गुरिल्ला लडाइँको लागि उपयोगी थिए । यस बाहेक काठमाडौंको भोटव्यापार नुवाकोटबाट केरुङ भएर प्रवाहित थियो । कान्तिपुर आर्थिक दृष्टिकोणले सम्पन्न हुनाको कारण यही भोटव्यापार थियो । कृषि क्षेत्रमा पनि नुवाकोटको स्थिति कम थिएन । यी सबै कारणले गर्दा गोरखाका आँखा नुवाकोटमा गाडिएका थिए । पृथ्वीनारायण शाहले राजा हुनेबित्तिकै वि.सं. १८०० मा नुवाकोटमा आक्रमण गर्न विराज थापालाई पठाए । गोरखाली फौज नुवाकोटतर्फ बढेको चाल पाउनासाथ त्यहाँका उपराव जयन्त रानाले नुवाकोटमा बलियो सुरक्षाको प्रबन्ध गराए । जयन्त राना स्वयं गोरखाली सेनानायक भइसकेकाले गोरखाको युद्ध-प्रविधिसँग परिचित थिए । (नरभूपाल शाहको नुवाकोट आक्रमणमा सेनानायक जयन्त राना नै थिए । पछि नुवाकोट हारको उत्तरदायी उनलाई ठहऱ्याउन खोजेकोले गोरखा छाडेर उनी जयप्रकाश मल्लको सेवामा लागेका थिए ।) गोरखाली फौजलाई त्रिशूली पार गर्न जयन्त रानाले मौका नै दिएनन् । पृथ्वीनारायण शाहले बली पाण्डे र महेश्वर पन्थहरूको नेतृत्वमा थप फौज पठाए । यो संयुक्त फौजले आक्रमण गर्दा पनि गोरखाको केही लागेन । यसप्रकार नुवाकोटउपर गोरखाको दोस्रो र पृथ्वीनारायण शाहको पहिलो आक्रमण असफल नै रह्यो ।

**सैनिक तथा प्रशासनिक सदृढीकरणको योजना–** नुवाकोटको पराजयपछि पृथ्वीनारायण शाहले एउटा राम्रो अनुभव पाए । प्रशस्त युद्ध-सामग्री नजुटाई तथा कूटनीतिको अनेक प्रयोग नगरी उपत्यका जित्न सकिँदैन भन्ने कुरा उनले बुझे । अतः उनी सर्वप्रथम गोरखालाई हात-हतियारले आत्मनिर्भर बनाउने उद्योगमा लागे । हात-हतियार पनि ल्याउने, तीर्थाटन पनि गर्ने उद्देश्यले उनी काशीतर्फ लागे । त्यहाँ उनले जाजरकोटका राजा हरि शाहसँग भेटेर धर्मपत्र गर्ने, उत्तर भारतको राजनीतिक स्थिति बुझ्ने केही हतियार खरीद गर्ने तथा हात-हतियार मर्मत एवं सैनिक तालीम दिन सक्ने मुसलमान कालिगढ समेत लिएर उनी स्वदेश फर्के । स्वदेश फर्केपछि पृथ्वीनारायण शाहले आन्तरिक प्रशासनको सुदृढीकरण गर्ने सिलसिलामा नरभूपालको राज्यकालमा अन्यत्र गई बसेका राजपरिवार, भाइ-भारादार सबैलाई ससम्मान फिर्ता बोलाई उचित जिम्मेवारी दिने, गोरखाका प्रसिद्ध योद्धा वर्ग पाण्डे र बस्नेतबीचको मनोमालिन्य हटाउन कालु पाण्डेकी छोरीको विवाह शिवराम सिंह बस्नेतका छोरा केहर सिंहसँग गर्ने तथा कालु पाण्डेलाई मूल काजीमा नियुक्त गर्ने जस्ता कार्यहरू पनि गरे ।

**लमजुङसँग मित्रता–** वाराणसी-यात्रापछि हात-हतियारको बन्दोबस्त भएकोले सैनिक तालीमतर्फ पृथ्वीनारायण शाहले ध्यान दिए । सैनिक तालीम गरिनासाथ पृथ्वीनारायण शाह काठमाडौंमा आक्रमण गर्न हतारिन थाले । तर गोरखाली फौज पूर्वतर्फ बढ्दा लमजुङले गोरखामा धावा बोल्ने डर थियो । गोरखाली फौज पूर्वतर्फ लाग्नुअघि चिरशत्रु लमजुङबाट सुरक्षित हुनु आवश्यक थियो । यस विषयमा पृथ्वीनारायण शाहका मामा उद्योत सेनले पनि लमजुङसँग मित्रता राख्ने सल्लाह दिएका थिए । यसैअनुरूप कालु पाण्डेको सत्प्रयास र कौशलबाट लमजुङका राजा रिद्रमर्दन शाह र पृथ्वीनारायण शाहको चेपे नदी किनारमा भेटघाट भयो र 'गोखा पूर्व बढेको खण्डमा लमजुङले तटस्थता नीति अपनाउने, लमजुङले चौबीसे राज्यमा आक्रमण गर्दा गोरखाले सघाउने' तय गरियो ।

लमजुङलाई आफ्नो पक्षमा मिलाएपछि तनहूँ, कास्की र पाल्पामा पनि पृथ्वीनारायण शाहले दूतहरू पठाएको उल्लेख पाइन्छ ।

**नुवाकोट विजय–** गोरखाको आन्तरिक अवस्था मिलाई लमजुङसँग मैत्री कायम गरेपछि पृथ्वीनारायण शाहले नुवाकोटमा आक्रमण गर्ने विचार गरे । तर अर्को एक समस्या उनको अगाडि थियो । वास्तवमा 'उपत्यका सङ्गठित हुन्जेल त्यहाँ विजय प्राप्त गर्न सकिंदैन' भन्ने कुरा उनले बुझेका थिए । त्यसैले उनी उपत्यकामा फाटो गराउने उद्योगमा लागे । वि.सं. १८०१ को शुरूतिर कान्तिपुर र ललितपुरको मेल थिएन । आफूसँग झगडा गरी गएका भाइ राज्यप्रकाशलाई ललितपुरपुरका राजा विष्णु मल्लले शरण दिई आफ्नो उत्तराधिकारीसमेत बनाएका हुँदा जयप्रकाश मल्ल र विष्णु मल्लको बीचमा फाटो परेको थियो । यसकारण गोरखाले नुवाकोटमा आक्रमण गरेको वेला कान्तिपुरलाई गुहार दिन ललितपुर नआउने निश्चित थियो । आफ्ना मीतबाबा भएको हुँदा पृथ्वीनारायण शाहले साँखु, चाँगु, महादेवपोखरी, नालदुम, दोलखा आदि कान्तिपुरका प्रदेशहरू जिती भक्तपुरलाई दिलाइदिने प्रलोभनमा रणजित् मल्ललाई पनि आफ्नो पक्षमा मिलाए । रणजित् मल्लले पृथ्वीनारायण शाहको योजनाको भेउ पाउन सकेनन् र पृथ्वीनारायण शाहले दोस्रो पल्ट नुवाकोटमा आक्रमण गर्दा उपर्युक्त प्रदेश पाउने लोभले उनी तटस्थ बस्ने भए । यसरी सबै व्यवस्था मिलाएर पृथ्वीनारायण शाहले वि.सं. १८०१ असोज १५ गते शनिबार नुवाकोटमा आक्रमण गरे । गोरखाली फौज किसानको भेषमा नुवाकोटतर्फ बढेको थियो । मध्यवर्षाको समयमा त्रिशुलीको उर्लंदो भेल पार गरेर नुवाकोटमा आक्रमण गर्नु जोखिमपूर्ण कार्य थियो । मल्ल फौज पनि वर्षाकालमा कतैबाट हमला नहुने कुरामा विश्वस्त थिए । उता नुवाकोटका रक्षक सेनानायक जयन्त राना इनद्रजात्राको अवसरमा काठमाडौं गएका थिए । यही मौका उपयुक्त ठहऱ्याई गोरखाली फौजले नुवाकोटमा आक्रमण गऱ्यो । यस आकस्मिक हमलाको सामना गर्न शङ्खमणि राना (जयन्त रानाका पुत्र) ले हतारमा सैनिक बढाए, तर पृथ्वीनारायण शाहका भाइ दलमर्दन शाहको तरवारद्वारा काटिए ।

नुवाकोटमा गोरखाली आक्रमणको खबर पाएर काठमाडौंबाट जयन्त राना बेलकोटतर्फ दौडे । पृथ्वीनारायण शाहले जयन्त रानालाई आफ्नो पक्षमा मिलाउन प्रयास गरे, तर जयन्त 'नूनको सोझो' गर्ने अनुरोध गरी युद्धको मैदानमा नै उत्रे । तब बेलकोटमा पनि गोरखाली फौजको आक्रमण गऱ्यो जयन्त राना पक्रिए । पछि उनको छाला काढियो । जयन्तलाई दिएको दण्डबाट एकातिर पृथ्वीनारायण शाह कठोर शासकका रूपमा देखिन्छन् भने अर्कोतिर राजीतिक दूरदर्शक । यस दण्डले गर्दा भविष्यमा गोरखाली भारदारहरू शत्रुपक्षसँग मिल्न सकेनन् । आफ्नो राजा र राज्यप्रति धोका दिने कसैको साहस भएन र अनुशासन कायम हुनसक्यो ।

**गोरखाको नुवाकोट विजय कान्तिपुरलाई आर्थिक दृष्टिले घातक सिद्ध भयो । भोट जाने मार्ग बन्द भई व्यापारमा ह्रास भयो र उर्वरा भूमिगुमाउनु पऱ्यो । यसबाट मल्लहरूको मनोबल गिर्न गयो भने गोरखालीको मनोबल बढ्यो । पछि एकपल्ट फेरि जयप्रकाश मल्लले काशीराम थापालाई पठाएर नुवाकोट फिर्ता लिन खोजेका थिए, तर**

सफलता मिल्न सकेन । युद्धमा हारेर भागी हिंडेका काशीराम थापालाई जयप्रकाश मल्लले मार्न लगाए ।

**उपत्यकाको पूर्वतिरका इलाकाको विजय–** नुवाकोटको विजयपश्चात गोरखाली फौजको महत्त्वाकांक्षा बढेर गयो । उनीहरू कान्तिपुरवरिपरिका किल्लाहरूमा आक्रमण गर्ने योजना बनाउन थाले । यसको निम्ति सर्वप्रथम पृथ्वीनारायण शाहले जयप्रकाश मल्लद्वारा मारिएका काशिराम थापाका भाइ परशुरामलाई आफ्नो पक्षमा मिलाउने कार्य गरे । पृथ्वीनारायण शाहले परशुराम थापालाई बोलाएर हत्याको बदला लिने आश्वासन दिए र साँखु र चाँगु कान्तिपुरबाट खोसी भक्तपुरलाई दिने वचन दिए । परशुराम भक्तपुरका उमराव थिए । उनले भक्तपुरका राजा रणजित् मल्ललाई पृथ्वीनारायणको योजनामा सरीक गराए । फलस्वरूप गोरखा र भक्तपुरको संयुक्त फौजले १८०३ भाद्र १८ गते साँखु, चाँगु र पछि महादेवपोखरी, नालदुम आदि क्षेत्रमा पनि कब्जा गरेर दोलखासम्मका कान्तिपुरका प्रदेश जिती भक्तपुरलाई दिए । यसैबीच कान्तिपुरमा एक थरी भारादारले जयप्रकाश मल्ललाई पदच्युत गरी उनैका छोरा ज्योतिप्रकाश मल्ललाई गद्दीमा राखेका थिए । ज्योतिप्रकाश मल्ल राजा बनाइने बित्तिकै कान्तिपुरले चाँगु, साँखु आदि क्षेत्र भने फिर्ता लियो । दोलखा, नालदुम, महादेवपोखरीमा भने वि.सं. १८०० सम्म भक्तपुरको अधिकार कायम भयो । यसै समयताका कान्तिपुरका राजा जयप्रकाश मल्ल फेरि राजगद्दीमा बसेपछि भने ती प्रदेश कान्तिपुरले फिर्ता लियो । वि.सं. १९११ मा फेरि गोरखाले तिनीहरूमा नियन्त्रण गरेपछि भक्तपुरलाई दिएन ।

**चौबीसीसँग संघर्ष–** गोरखालाई चौबीसी राज्यहरूबाट सदैव डर थियो । चौबीसेहरूले संयुक्त रूपमा गोरखामा आक्रमण गर्न सक्छन् भन्ने आशङ्का पृथ्वीनारायण शाहलाई थियो । चौबीसी समूहका शक्तिशाली राज्यहरूलाई धन दिएर भए पनि आफ्नो पक्षमा मिलाउने पृथ्वीनारायणको नीति थियो । उनले कालु पाण्डेलाई पर्वतलाई धन दिई आफ्नोतर्फ पार्न अह्राएका थिए । यस्तै प्रयास कास्की, भीरकोट र पाल्पासँग पनि भएको देखिन्छ । लमजुङ र तनहूँलाई एक गुट हुन नदिने प्रयास निरन्तर चलेको थियो । लमजुङसँग देखावटी रूपमा भए पनि राम्रो सम्बन्ध राख्ने नीति गोरखाले चालू नै राखेको थियो । तर यस नीतिले दीर्घकालसम्म गोरखा सुरक्षित हुन सकेन । पृथ्वीनारायण शाहले लामिडाँडाको विजय गरेपछि भने तनहूँ भस्क्यो । लामिडाँडा तनहूँको लागि सन्धि-सर्पन थियो । अरू चौबीसी राज्य पनि गोरखाको बढ्दो शक्तिबाट सशङ्क थिए । फलत: लमजुङ, तनहूँ, पर्वत र कास्की गोरखाको विरुद्ध एक भए र वि.सं. १८१२ मा यी चारै राज्यहरू मिली गोरखाको दश माइल उत्तर-पश्चिममा रहेको सिह्रानचोक दखल गरे । पछि गोरखालीको अथक परिश्रम गरेर सोही वर्ष सिह्रानचोकबाट चौबीसी फौजलाई हटाउन सके ।

चौबीसी फौजलाई थान्को लगाएपछि पृथ्वीनारायण शाहको ध्यान पुन: उपत्यका तर्फ नै गयो । यसबखत कान्तिपुर र ललितपुरबीच पेचापेच चलिरहेको थियो । यस अवसरको फाइदा उठाई गोरखाली फौज चितलाङबाट पूर्वतिर बढ्दै फर्पिङसम्म पुग्यो । यसपछि पृथ्वीनारायण शाह ललितपुर घुस्न कीर्तिपुरमा आक्रमण गर्ने तरखरमा लागे ।

**कीर्तिपुरको प्रथम आक्रमण–** पृथ्वीनारायण शाह यथाशीघ्र उपत्यकाको विजय गर्न चाहन्थे । त्यसैले उनी कीर्तिपुर हान्ने विचारमा लागे । तर कालु पाण्डे लगायत केही भारादारहरू तुरुन्त युद्ध गर्नु हुन्न भन्ने पक्षमा थिए । यसको विशेष कारण पनि थियो । यसवेला उपत्यकामा तीनै राज्यहरू मिलेका थिए । यस्तो अवस्थामा आक्रमण गरेको खण्डमा ठूलो हानि हुन सक्तथ्यो । तर पृथ्वीनारायण शाहको अटल निर्णयप्रति कसैको केही लागेन । फलस्वरूप वि.सं. १८१४ जेठ १९ गते गोरखालीहरूले कीर्तिपुरमा आक्रमण गरे । तर उपत्यकाका मल्ल राजाहरूले एक भएर आक्रमणको सामना गर्दा गोरखालीहरूको ज्यादै नराम्रोसँग हार भयो । गोरखाली वीर कालु पाण्डे लगायत अन्य ठूला-ठूला भारादारहरू समेत ४०० भन्दा बढी गोरखालीहरू सो युद्धमा मरे । पृथ्वीनारायण शाहलाई पनि मार्छु भनी एउटा सिपाहीले हात उठाएको बेलामा अर्को सिपाहीले राजालाई मार्नु हुन्न भनी रोकेकोले मात्रै उनी बचे ।

तर यरी एउटा युद्धमा सङ्गठित भए पनि मल्ल राजाको मेल दिगो भएन । आपसी खिचातानीको लहर बनिरह्यो । उपत्यकालाई फुटाउन पृथ्वीनारायण शाहले जयप्रकाश मल्लसँग व्यापार सन्धिगर्ने विचार लिए । उपत्यकाको आर्थिक स्थिति ज्यादै बिग्रेको हुँदा जयप्रकाश मल्लले पनि पृथ्वीनारायण शाहसँग मिलेर व्यापार गर्ने विचार लिए । दुवैमा सन्धि पनि भयो । 'कान्तिपुर र गोरखाले संयुक्त रूपमा तिब्बतसँग व्यापार गर्ने र सो व्यापारबाट हुने फाइदा बराबर बाँकी लिने' भनेर उक्त सन्धिपत्रमा उल्लेख गरिएको छ । तर उपत्यकाका राजाहरूबीच चलिआएको आपसी सङ्घर्ष तथा कान्तिपुरको बिग्रँदो आर्थिक स्थितिले गर्दा जयप्रकाश मल्लले यस सन्धिको पालन लामोसमयसम्म गर्न सकेनन् । यस्तै परिस्थितिको फाइदा उठाई पृथ्वनिारायण शाहले वि.सं. १८१६ असारतिर शिवपुरी र ६ महिनापछि काभ्रेपलाञ्चोक कब्जा गरे ।

यसरी उपत्यकाको चारैतिर आफ्नो विजय हुँदै गएपछि पृथ्वीनारायण शाहले उपत्यकामा आर्थिक नाकाबन्दी गर्न थाले । विशेष गरेर नून र कपास उपत्यकामा लान पूर्ण रूपले रोक लगाइयो, जसले गर्दा उपत्यकाको दैनिक जीवन अस्तव्यस्त हुन थाल्यो ।

**मकवानपुर विजय–** उपत्यकाको घेराबन्दीपछि पृथ्वीनारायण शाहले मकवानपुर तर्फ ध्यान दिए । गोरखाले मकवानपुरमा आक्रमण गर्नाका धेरै कारणहरू थिए । एकातिर पृथ्वीनारायण शाह उपत्यकामा आर्थिक नाकाबन्दीगरेर उपत्यकामा हाकाकार मचाइरहेका थिए भने अर्कोतिर मकवानपुरकाराजा दिग्बन्धन सेनले उपत्यकामा मल्ल राजाहरूको पक्षलिई बङ्गाल र उपत्यकाबीचको व्यापार मकवानपुरतर्फबाट सञ्चालन गर्न दिई उपत्यकाका जनतालाई आवश्यक पर्ने सामानहरूको पूर्ति गराइराखेका थिए । अर्को कुरा त्यस बेलासम्म पृथ्वीनारायण शाहले जितेका क्षेत्रहरू पहाडी प्रदेश मात्र थिए । मकवानपुरभित्र तराईका क्षेत्रहरू पनि पर्ने हुँदा त्यसबाट निकै आर्थिक लाभ हुन सक्तथ्यो । त्यसैले पृथ्वीनारायण शाहले यिनै विविध कारणहरूबाट मकवानपुरमा आक्रमण गर्ने अठोट गरेपछि आफ्ना जेठान दिग्बधन सेनसमक्ष नौलाख हार, एकदन्ते हात्ती र यस्तै अरू बहुमूल्य वस्तुको माग गरे । यी मागहरू अस्वीकृत गरिए । यसै बहानामा पृथ्वीनारायण शाहले आफ्ना चार भाइको नेतृत्वमा मकवानपुरमा आक्रमणगर्न वि.सं. १८१९ भाद्र महिनामा फौज पठाए । गोरखालीको शक्तिअगाडि दिग्बधन सेन टिक्न

सकेनन् । दिग्बन्धन र उनका मन्त्री कनकसिंह भागेर हरिहरपुर पुगे । मकवानपुर गोरखालीको हात लाग्यो । गोरखाली फौजले मकवानपुरमा विजय गरेको केही दिनमा नै हिमालकोट र सिन्धुलीमा कब्जा गऱ्यो । यसपछि गोरखालीले हरिपुरमा धावा बोल्यो । घमासान युद्धपश्चात विजय गोरखाकै भयो । दिग्बन्धन सेन भागेर भारत पसे ।

**गुरगिन खाँको पराजय–** दिग्बन्धन सेनले बङ्गालका नबाब मीर कासिमसँग सहयोग मागे । त्यसवेला मीर कासिम अँगङ्ग्रेजसँग लड्ने तयारीमा लागेका थिए । उनले आफ्ना फौजको तालीमका लागि अर्मिनियाका गुरगिन खाँलाई नियुक्त गरेकाथिए । आफ्नो सैनिक तयारी अङ्ग्रेजले चाल नपाऊन् भन्ने उनको इच्छा थियो । अतः उनी उत्तरको कुनै सुरक्षितस्थानमा सैनिक तालीम गराउन चाहन्थे । ठीक यसैसमयमा दिग्बन्धन सेनले सहयोग मागे । आफ्नो फौजलाई अभ्यास गराउने उचित अवसर ठानी, धन-सम्पत्ति बटुल्ने आन्तरिक इच्छाले भीर कासिमले सेन राजालाई सहयोग दिने विचार गरे । फलस्वरूप गुरगिन खाँ २५ देखि ३० हजार (?) फौज लिएर दिग्बन्धन सेनलाई सहयोग गर्न आए । नबाबको यो फौज वि.सं. १८१९ पौष २७ मा मकवानपुर आइपुग्यो । बङ्गाली सेना आएको खबर पाउनेबित्तिकै पृथ्वीनारायाण शाहले गोरखाली सेना बढाए । शुरूमा नबाबकै फौजले गोरखालीलाई घेरामा पारेको भए तापनि गोरखाली फौजको अगाडि गुरगिन टिक्न सकेनन् । यस मुठभेडमा १७०० बङ्गाली मारिए र उनीहरूका हातहतियार पनि गोरखाले हात लगायो । गोरखालीतर्फ २५/३० जना मारिएको उल्लेख छ । उता गोरखाली फौजले दिग्बन्धन सेनको पिछा छाडेन । दिग्बन्धन उम्कन सके तापनि उनका परिवार कैद गरिएपछि केही सीप नलागी सेनराजाले आत्मसमर्पण गरे । पृथ्वीनारायण शाहले नुवाकोटमा उनलाई कैद गरे । यसप्रकार मकवानपुर-विजयले बारा, पर्सा, सर्लाही, महोत्तरी आदि तराई प्रदेश गोरखामा गाभिए । यसपछि धुलिखेल, पनौती, बनेपा, नाला आदि प्रदेशप्रति पृथ्वीनारायण शाहले दखल गरे । पूर्वतिरका यी क्षेत्रहरूको आधिपत्य पछि उपत्यकाको आर्थिक नाकाबन्दी झन् दरिलो भयो ।

**तनहूँसँग खटपट–** गोरखाको बढ्दो प्रभावबाट चौबीसी राज्यहरूमा चिसो पस्यो र लामिडाँडा गोखाको आधिपत्यमा जाने भएपछि तनहूँलाई असह्य भयो । तनहूँका राजा त्रिविक्रम सेनले लामिडाँडामा आँखा गाडेका थिए । उपत्यकाको राजनीतिक अस्थिरताको फाइदा उठाई उनी लामिडाँडा कब्जा गर्ने उद्योगमा लागेका थिए । तर गोरखाले यसको सुइँको पाइहाल्यो । दूरदर्शी पृथ्वीनारायण शाह त्रिविक्रम सेनलाई आफ्नो विजयमार्गबाट पन्छाउने विचार गर्न थाले । तर तनहूँमा आक्रमण गर्दा गोरखा एकातिर सम्पूर्ण चौबीसी राज्यको कोपभाजन हुन सक्दथ्यो भने अर्कोतिर तनहूँलाई तह नलगाई उपत्यका विजय गर्नु सम्भव पनि थिएन । यस स्थितिमा कूटनीतिद्वारा नै त्रिविक्रम सेनलाई आफ्नो पक्षमा ल्याउने विचार गरे । पण्डित गौरेश्वगर पाण्डे गोरखा र तनहूँ दुवै राज्यका राजगुरु थिए । यिनै गुरुमार्फत पृथ्वीनारायण शाहले त्रिविक्रमलाई ज्यामीरघाटमा भेट्ने सन्देश पठाए । गोरेश्वरले सम्झाई-बुझाई त्रिविक्रम सेनलाई पृथ्वीनारायण शाहसँग भेट्ने राजी गराए । निश्चित मिति र समयमा गोरखा र तनहूँका राजाहरूको ज्यामीरघाटमा भेट भयो । यी दुवै राजाहरू भलाकुसारी गरिरहेका बखत गोरखाली फौजले त्रिविक्रमलाई कैद गरी गोरखा ल्याए । अब त त्रिविक्रम सेनले वाध्यतावश गोरखासँग सन्धि गरे । यस

सन्धिअनुसार तनहूँले कास्की र लमजुङ विजय गर्न गोरखालाई सघाउने, यस्तै गरी गोरखाले तनहूँलाई पाल्पा र भीरकोटको अभियानमा सघाउने निर्णय भयो । यस सन्धिपश्चात् त्रिविक्रम सेन छाडिए । उनी तनहूँ पुग्ने बित्तिकै गोरखाको विरोधमा चौबीसीहरूको सङ्गठन गर्न थाले । तनहुँ, लमजुङ र पर्वतले गठबन्धन गरी गोरखामा आक्रमण पनि गरे । यस आक्रमणको सामना गर्न पृथ्वीनारायण शाहले शूरप्रताप शाहको नेतृत्वमा फौज पठाए । गोरखाली फौजको सामना गर्न चौबीसी फौजले सकेन । फलतः चौबीसीको पुनः पराजय भयो ।

**कीर्तिपुरको दोस्रो युद्ध–** उपत्यकाका छेउछाउका प्रदेशहरू गोरखाको अधीनमा पर्न गएकोले उपत्यकामा आर्थिक सङ्कट मात्र नपरेर उपत्यकावासीहरू एक किसिमले आ-आफ्ना शहरभित्र नजरबन्द जस्तो भएको थिए । त्यसैले उपत्यकावासीहरू गोरखाकै पक्षमा मिल्न गए सङ्कटबाट मुक्ति मिल्थ्यो कि भन्ने सोचाइ राख्न थाले । ललितपुरे प्रधानहरूले त स्वयं पृथ्वीनारायण शाहलाई नै राजा हुन पनि निम्त्याएका थिए । तर उनले भाइ दलमर्दन शाहलाई पठाइदिएका थिए । दलमर्दन शाहकै समयमा वि.सं. १८२१ को भाद्र महीनामा शूरप्रताप शाहको नेतृत्वमा गोरखाली फौजले कीर्तिपुरमा आक्रमण गऱ्यो । तीनै मल्लराज्यहरूले यसवेल कीर्तिपुरलाई सहयोग गरेनन् । ललितपुर राज्यकोक्षेत्र भएकोले ललितपुरले लड्नु पर्नेमा पृथ्वीनारायणशाहका भाइ दलमर्दन शाह ललितपुरका राजा भएका हुँदा उनी लड्ने कुरै भएन; अरू राजाहरूले वास्तै गरेनन् । तर कीर्तिपुरेकै वीरताबाट यसपल्ट पनि गोरखालीहरूको हार भयो । शूरप्रताप शाहको आँखा नै फोडियो ।

**कीर्तिपुर विजय–** कीर्तिपुरउपर गोखाका दुवै हमलाहरू घातक सिद्धभए । अब कीर्तिपुर दखल गर्न पृथ्वीनारायण शाहले अर्कै उपाय निकाले । त्यो हो सबैतिरबाट कीर्तिपुरसँगको सम्बन्ध विच्छेद गराई आत्मसमर्पण गर्न बाध्य गराउनु । यसैअनुरूप गोरखाली फौजले चारैतिरबाट कीर्तिपुर घेराउ गर्न शुरू गरे । कीर्तिपुरको सम्बन्ध बाह्य जगत्सँग टुट्न गयो । पाँगा र चोभार पनि गोरखाको अधीन भएकोले ललितपुरले सैनिक सहयोग गर्न सकेन । आफ्नो केही जोड नचल्ने देखी अन्य दुई राज्य पनि चुप रहे । छ महीनासम्म कीर्तिपुरको घेराउ हुँदा त्यहाँको स्थिति नाजुक हुन गयो । यसमा पनि झन् कुलो बन्द गरिदिंदा पानीको समस्या पनि विकट भयो । कीर्तिपुरका धनवन्त काजीलाई पनि साम, दान, दण्ड, भेदको नीति अँगाली गोरखाले आफ्नो हातमा लियो । कीर्तिपुरले अब आत्मसमर्पण गर्नुबाहेक अरू विकल्प भएन । फलस्वरूप वि.सं. १८२२ चैत्र ३ गते शक्तिबाट नहारेको कीर्तिपुर कूटनीतिबाट पराजित भयो । दुई-दुईपल्ट पराजित भएर आफ्नो धेरै धनजनको क्षति भएको रिसमा पृथ्वीनारायण शाहले ठूला-ठूला भारादारसमेत सबै कीर्तिपुरेहरूको नाक काट्ने आदेश दिए ।

**अङ्ग्रेजसँग संघर्ष–** कीर्तिपुर-विजयपश्चात् उपत्यकाका मल्ल राजाहरू तर्से । तीनै राज्यको संयुक्त शक्तिबाट पृथ्वीनारायण शाहलाई पराजित गराउनु सम्भव नभएको बुझी जयप्रकाश मल्लले हिन्दूस्थानबाट अङ्ग्रेजको सहयोग प्राप्त गर्ने विचार गरे । जयप्रकाश मल्ललाई इसाई पादरीहरूले सहयोगको याचना गर्न उक्साएका थिए । अङ्ग्रेजले नेपालमा आफ्नो प्रभाव-विस्तारगर्ने सुनौलो अवसर ठानी जयप्रकाश मल्ललाई सहयोग गर्ने निधो गऱ्यो । यसपछि ललितपुरका अङ्ग्रेज हाकिम रम्मोल्डले पृथ्वीनारायण

शाहलाई आर्थिक नाकाबन्दी तोडी मल्लहरूको राज्यबाट हटेर जान आदेशात्मक पत्र पठाए । तर पृथ्वीनारायण शाहले उक्त पत्रको वास्ता नै नगरेकोले १८२४ भाद्रमा अङ्ग्रेजले कप्तान किनलोकको नेतृत्वमा २४०० हिन्दूस्थानी सिपाहीको एक दल पटनाबाट रवाना गरायो । यो फौज दरभङ्गा हुँदै आश्विनमा सिन्धुलीगढी पुग्यो । पटनाबाट अङ्ग्रेज फौज बढेको खबर पाउनेबित्तिकै पृथ्वीनारायण शाहले आफ्नो फौज सिन्धुलीतर्फ पठाए । सिन्धुलीमा अङ्ग्रेज फौज आउने बित्तिकै गोरखाली फौजले धावा बोले । गुरिल्ला युद्धमा पोख्त गोरखाली फौजको सामुन्ने हिन्दूस्थानी दल टिक्न सकेन । किनलकको फौजको ठूलो नोक्सान भयो । किनलक बाँकी फौज लिएर जनकपुर पुगे । उनले पूर्व योजनामा परिवर्तन गरी जनकपुरबाट हरिहरपुर, मकवानपुर हुँदै काठमाडौं घुस्ने विचार गरे । गोखाली फौज रामकृष्ण कुँवरको नेतृत्वमा मकवानपुरतर्फ बढ्यो । कप्तान किनलकले काठमाडौं घुस्ने साहस गर्न सकेनन् । बरू थप सहायताको लागि सरकारसमक्ष तरताकेतागर्नथाले । उनले आफ्नो कार्यकुशलता देखाउन मुश्किलले बारा, पर्सा आदि केही जिल्लाहरू आफ्नो कब्जामा राखे । उता दक्षिणी भारतमा हैदरहलीको सामना गर्न व्यस्त हुनुपरेकोले अङ्ग्रेजले यसतर्फ अभियानको सञ्चालन गर्नसकेन । फलतः कब्जा गरिएका प्रदेश नछोड्ने र दोस्रो अभियान स्थगित गर्ने निर्णय अङ्ग्रेजले गऱ्यो । यसप्रकारअङ्ग्रेजको गोरखालीविरुद्ध गरिएको सैनिक कारवाई पूर्णतया विफल भयो । नेपाली दूतहरूको अपूरो सूचना, फौजको समुचित प्रबन्ध नहुनु, गोरखाली युद्धप्रविधि नबुझ्नु, भौगोलिक स्थितिकै जानकारी नहुनु, मौसम प्रतिकूल हुनु आदि किनलक अभियानको पराजयका कारणहरू बन्न गए ।

**कान्तिपुरमा आक्रमण र विजय–** किनलकलाई लघारेपछि पृथ्वीनारायण शाहको महत्त्वकांक्षा बढेर आयो । उनी काठमाडौं उपत्यका हात पार्न हतारिन थाले । आर्थिक नाकाबन्दीलाई झन् दरिलो बनाए । उपत्यकाको चारैतिर गोरखालीले विजय गरेकोले नाकाबन्दी प्रभावकारी भयो । पृथ्वीनारायण शाहले आफ्ना दूतमार्फत जयप्रकाश मल्ललाई आत्मसमर्पण गर्न सन्देश पनि पठाएका थिए । तर जयप्रकश मल्ल हिम्मतहारा व्यक्ति थिएनन् । अन्तिम दमसम्म स्वतन्त्र राजा हुने उनको दृढ आकांक्षा थियो । अतः कान्तिपुरेहरू इन्द्रजात्राको पर्वमा मस्त भइरहेको बेला वि.सं. १८२५ असोज १३ गते आइतवार गोरखाली फौजले तीनतिरबाट कान्तिपुरमा हमला गऱ्यो । नरदेवीको मार्गबाट आएको फौजको नेतृत्व स्वयं पृथ्वीनारायण शाहले गरेका थिए र भीमसेनस्थान र टुँडिखेलबाट आएका दुई दलको नेतृत्व पृथ्वीनारायण शाहका भाइहरूले गरेका थिए । दुवैतर्फको सामान्य मुठभेडमा मल्लफौजको पराजय भयो । जयप्रकाश मल्ल तलेजुको मन्दिरमा लुक्न गए । तर त्यहाँ पनि गोरखाली फौजले पिछा गरेकोले जयप्रकाश मल्ल आफ्ना केही अङ्गरक्षकका साथ पचलीको बाटोबाट बाग्मती पार गरी ललितपुरको शरण लिन गए । पृथ्वीनारायण शाह राजदरबारको अगाडिको चौतारामा जयप्रकाश मल्लको निमित्त बनाइएको सिंहासनमा विराजमान भए । पछि पृथ्वीनारायण शाह आफै बसेर इन्द्रजात्रा सम्पन्न गराए ।

**ललितपुर विजय–** कान्तिपुर विजयपछि पृथ्वीनारायण शाहले ललितपुर तथा भक्तपुरमा पनि तुरुन्तै विजय गर्ने विचार लिएर श्रीहर्ष पन्तलाई दूत बनाएर उनले

ललितपुर पठाए । ललितपुरे प्रधानहरूले आत्मसमर्पण गर्ने निर्णय गरेपछि तेजनरसिंह मल्ल र जयप्रकाश मल्ल भक्तपुरतर्फ भागे । यसरी विनारक्तपात कान्तिपुर-विजय गरेको ११ दिनपछि वि.सं. १८२५ असोज २४ गते ललितपुरमा पनि पृथ्वीनारायण शाहको अधिकार कायम भयो ।

**भक्तपुर विजय–** कान्तिपुर र ललितपुर जितिएपछि पृथ्वीनारायण शाहको ध्यान भक्तपुरतर्फ लाग्यो । सर्वप्रथम उनले रणजित् मल्ललाई जयप्रकाश मल्ल र तेजनरसिंह मल्ललाई कान्तिपुर फिर्ता पठाउन अनुरोध गरे । त्यसलाई रणजित् मल्लले अस्वीकार गरेपछि आत्मसमर्पण गर्न अनुरोध गरे । तर जयप्रकाश मल्लले त्यहाँ चौदण्डीका राजा कर्ण सेनसँग र अङ्ग्रेजसँग सहायता मागी पठाएका थिए । उनी उक्त सहायताको आडमा पुनः पृथ्वीनारायण शाहसँग युद्ध गर्ने विचारमा थिए । साथै उनले रणजित् मल्लका मठचाहा छोराहरू अजितसिंह र अवधूतसिंहलाई भक्तपुरको उत्तराधिकारी शासक बनाउने वचन दिई आफ्नो पक्षमा मिलाएका थिए । यस्तो अवस्थामा रणजित् मल्लले आत्मसमर्पण गर्न चाहेनन् । भक्तपुरलाई आत्मसमर्पण गराउन पृथ्वीनारायण शाहले ठिमीलाई आफ्नो पक्षमा मिलाउने तथा भक्तपुर शहरलाई चारैतिरबाट घेर्ने काम गरे । वि.सं. १८२६ वैशाखको शुरूमा नै गोरखाली फौजले ठिमीमा कब्जा गऱ्यो । तर भक्तपुरले आत्मसमर्पण गर्न चाहेन । फलस्वरूप यसैवर्ष कार्तिकको अन्ततिर गोरखाली फौजले भक्तपुरमा चढाइगऱ्यो । दुई दिनसम्म भयङ्कर युद्ध भयो । २००० सैनिक मारिए, ५०० घरहरू नष्ट भए । यस युद्धमा जयप्रकाश मल्लले ठूलो वीरता प्रदर्शनगरे, तर उनको खुट्टामा गोली लागेकोले मल्ल फौज तितरवितर भयो । रणजित् मल्लले भक्तपुरको ठूलो नोक्सानी भइसकेकोले आत्मसमर्पण गरे । यसरी वि.सं. १८२६ मार्ग १ गते आइतबार भक्तपुरमा पृथ्वीनारायण शाहको अधिकार कायम भयो । पछि पृथ्वीनारायण शाहले भक्तपुरमा तीनै राजालाई भेटेर जयप्रकाश मल्ललाई उनैको इच्छाअनुसार पशुपतिमा पठाइदिए । उनको खुट्टामा गोली लागेको थियो । खुट्टाको घाउको पीडाले त्यहीं वि.सं. १८२६ मार्ग १४ गते उनको मृत्यु भयो । तेजनरसिंह मल्लले केही माग गर्न नसक्ता उनी कैद गरिए । रणजित् मल्ल काशीवास गर्न जाने भए ।

यसरी उपत्यकामा विजयपछि पृथ्वीनारायण शाहले काठमाडौंलाई राजधानी बनाए, वसन्तपुर-दरबारको निर्माण गराए । यसरी नयाँ नेपालको निर्माण शुरू भयो ।

**अङ्ग्रेजसँग सम्झौता–** उपत्यका विजयपश्चात पृथ्वीनारायण शाहको विजयाकांक्षा रोकिएन, झन् बढेर गयो । गोरखालीबाट नेपाली भैसकेका नयाँ नेपालका राजा पृथ्वीनारायण शाहले बाइसी चौबीसी राज्यहरूलाई तह लगाउनु आवश्वयक ठाने । यस बाहेक किनलकले कब्जा गरेका प्रदेशहरू पनि पुनः प्राप्त गर्नु उचित ठाने । अङ्ग्रेजसँग शान्तिपूर्ण ढङ्गले व्यवहार गरी गुमेका क्षेत्र प्राप्त गर्ने उनको उद्देश्य थियो । यसैकारण मकवानपुरका रकमी दीनानाथ उपाध्यायलाई झिकाएर बुझ्दा सेन राजाहरूले मुगल बादशाह औरङ्गजेबको पालादेखि नै १४ हातको एक हात्ती बुझाउँदै आएका र मुगल साम्राज्यपछि पनि सोही बमोजिम बङ्गालका नबाबलाई बुझाई तराई-प्रदेश मकवानपुर चर्चेको स्रेस्ता देखियो । यसैअनुसार गर्ने शर्तबमोजिम अङ्ग्रेजसँग सन्धि गर्न पृथ्वीनारायण शाहले दीनानाथलाई दूत बनाई खटाए । दीनानाथ उपाध्याय पटना गएर

अङ्ग्रेज हाकिमसँग कुरा मिलाई ५ वर्षको बक्यौता अङ्ग्रेज सरकारको मागबमोजिम रू. १५,०००/- बुझाई कुरा मिलाए । यसप्रकार शान्तिपूर्ण ढङ्गबाट पर्सादेखि महोत्तरीसम्मका प्रदेशहरू नेपालका अभिन्न अङ्ग बन्न गए ।

**पश्चिमी अभियान–** अङ्ग्रेजसँगको टन्टा पन्छ्याई पृथ्वीनारायण शाहले पश्चिमतर्फ बढ्ने योजना बनाए । यसै उद्देश्यले उनले काजी वंशराज पाण्डे, सरदार केहरसिंह बस्नेत र अन्य सेनानायकको नेतृत्वमा नेपाली फौज चौबीसीतर्फ दौडाए । केहरसिंहको नेतृत्वमा गएको फौजले छ्याँगा, मनपाङ आदि बस्ती कब्जा गर्दै तनहूँको राजधानी सुरमा घेरा हाल्यो । तनहूँका राजा कामारिदत्त सेन (त्रिविक्रम सेनका छोरा) ले आत्महत्या गरे । उनी निःसन्तान भएकाले उनका भाइ हरकुमारदत्त सेनले पृथ्वीनारायण शाहको आश्रय स्वीकार गरी नेपाली सेनालाई सहयोग गर्ने प्रण गरेकाले तनहूँको राजा उनैलाई बनाइयो । तनहूँले आत्मसमर्पण गरेकोले लमजुङका राजा वीरमर्दन शाह डराई आफ्ना छोरा वीरभूपाललाई काठमाडौं पठाई पृथ्वीनारायण शाहको आधिपत्य स्वीकार गरे ।

वंशराज पाण्डेको फौज कास्कीतर्फ बढ्यो । कास्कीका राजा सिद्धिनारायण शाह पनि टिक्न सकेनन्, पृथ्वीनारायण शाहको आधिपत्य स्वीकार गरे । यसपश्चात् पश्चिम नुवाकोटका राजा भागी भीरकोट गएकाले पश्चिम नुवाकोट सजिलैसित वंशराजले सर गरे । केहरसिंह बस्नेतको मातहतको नेपाली फौज रिसिङ, ढोर कब्जा गर्दै वंशराजको फौजसँग मिसिन पुग्यो । संयुक्त फौजले अन्य चौबीसी राज्य भीरकोट, गरहुँ, पइयुँ आदिमा अधिकार जमायो । यसप्रकार नेपालीहरूको बढ्दो शक्तिबाट पर्वतका राजा कीर्तिबम मल्ल र पाल्पामा राज मुकुन्द सेन द्वितीय तर्से । उनीहरूको संयुक्त फौजसँग नेपाली फौजको भिडन्त तनहूँमा भयो । केहरसिंहले युद्धस्थलमा वीरगति पाए भने वंशराज कैदी बनाइए । चौबीसीको पुनः एकपटक भाग्योदय भयो । नेपाली फौजको यस युद्धमा पराजय भएपछि लमजुङ, कास्की, तनहूँ र अन्य राज्यहरूले समेत स्वतन्त्रता घोषित गरे । यसप्रकार पृथ्वीनारायण शाहको चौबीसी अभियान सफल हुन सकेन ।

**पूर्वी अभियान–** चौबीसीहरू एक ढिक्का भइदिंदा पश्चिमी अभियान स्थगित राखी पृथ्वीनारायण शाहले पूर्वतर्फ बढ्नु श्रेयस्कर ठाने । पूर्वमा स्वतन्त्र दुई सेनराज्य थिए – कमलाक्षेत्रमा चौदण्डी र कोसीक्षेत्रमा विजयपुर । यी इलाका जित्न पृथ्वीनारायण शाहले अभिमानसिंह बस्नेत र पारथ भण्डारीलाई पठाए । नेपालीहरूको सम्भावित आक्रमणले चौदण्डीका राजा कर्ण सेन भागेर विजयपुर पुगेका हुँदा विनायुद्ध नै चौदण्डी विजय भयो । विजयपुरको राजगद्दी त्यसवेला रिक्त नै रहेकोले कर्ण सेनलाई त्यहाँका सर्वेसर्वा मन्त्री बुद्धिकर्ण राईले राजा घोषित गरे । चौदण्डी विजय भएको एक वर्षपछि नेपाली फौजले विजयपुरमा धावा बोल्यो । कर्णसेन र बुद्धिकर्ण भागेर सिक्किमका राजाको शरणमा पुगे ।

पूर्वतिरको विजयाकाङ्क्षा अधुरो नै छाडी पुनः चौबीसी क्षेत्रमा सैनिक अभियान चलाउन पृथ्वीनारायण शाह नुवाकोटतिर लागे । तर ठीक यसैबखत पृथ्वीनारायण शाह अस्वस्थ भए । केही दिन अस्वस्थतापश्चात् वि.सं. १८३१ मार्ग १ गते ५२ वर्षको उमेरमा उनको देवीघाटमा देहावसान भयो । नेपालको एकीकरणको प्रथम चरण पनि समाप्त भयो ।

# राजेन्द्रलक्ष्मी र एकीकरणको अभियान

श्री ५ पृथ्वीनारायण शाहको मृत्युपछि उनैका छोरा प्रतापसिंह शाह नेपालको राजगद्दीमा बसे । उनको शासनकालमा दाङ, कविलासपुर गढी, सुनेश्वर गढी आदि सर गरी चितौन समेत नेपाल अधिराज्यमा गाभिएको थियो । उनकै कालमा भौटसँग सन्धि गरी पुरानो समस्या हल गर्ने प्रयत्न भएको थियो । अल्पायुमा नै वि. सं. १८३४ मा उनको मृत्यु भएको हुँदा वि. सं. १८३४ मार्ग ५ गते उनका अढाई वर्षका छोरा रणबहादुर शाह नेपालका राजा बनाइए । बालक राजा हुँदा शासनभार भने राजमाता राजेन्द्रलक्ष्मीले सम्हालिन् । तिनताका बहादुर शाह 'राजा प्रतापसिंह शाहको विरोध गरेको' आरोपमा बेतियामा निर्वासित जीवन बिताइरेका थिए । राजमाता राजेन्द्रलक्ष्मीले शासनको अभिभारा आफै लिएपछि बेतियामा निर्वासित देवर बहादुर शाहलाई काठमाडौं बोलाइन् । देवर-भाउजूको आपसी सल्लाहद्धारा केही समय नेपालको प्रशासन संयुक्त रुपमा चल्यो । तर दरबारियाहरुको कुचक्रले गर्दा दुवैमा मनोमालिन्य भई बहादुर शाह नजरबन्द गरिए । राजगुरु गजराज मिश्रको अनुरोधमा बहादुर शाह केही समयपछि मुक्त गरिए । तर आफू मुक्त भएपछि बहादुर शाहले झुट्टो आरोप लगाई राजमातालाई नै दरबारमा कैद गरे । राजेन्द्रलक्ष्मीलाई कैद गरी बहादुर शाह विजय-अभियानको लागि सैनिक सन्चालनमा व्यस्त भए । यसै सिलसिलामा बहादुर शाह गोर्खा गएको मौका पारी राजेन्द्रलक्ष्मीले भाइभारादारहरुलाई आफ्नो हातमा लिई कैदबाट उम्की शासनको बागडोर हातमा लिइन् । यो खबर सुनी बहादुर शाह गोरखाबाटै पुन: बेतियातर्फ लागे ।

शक्ति-सुदृढीकरण गर्नेबित्तिकै राजमाता राजेन्द्रलक्ष्मीले एकीकरण्को क्रमलाई जारी राख्न विजय-अभियानको सन्चालन गरिन् । काठमाडौंमा भएको गृह-कलहबाट फाइदा उठाई तनहुँका राज हरकुमारदत्त सेनले प्रतापसिंह शाहको राज्यकालमा गुमेका पहाडी भू-भाग पुन: कब्जा गरे । पाल्पा, तनहुँ र लमजुङका राजाहरु पनि नेपालको विरोधमा सङ्गठित भए । यस गुटलाई अन्य स-साना चौबीसी राज्यहरुको अतिरिक्त पर्वतको पनि समर्थन थियो । लमजुङ र कास्कीको आपसी वैमनस्यले गर्दा कास्कीका राजा सिद्धिनारायण शाह शुरुमा यस गुटमा सरीक भएनन् । तर कीर्तिबम मल्लको साम, दान दण्ड, भेदको नीतिबाट कास्की पनि यसबाट पृथक् रहन सकेन । यो संयुक्त गुट तनहुँका गरुडध्वज पन्तलाई सेनापति बनाई नेपालविरोधी सैनिक कारबाईको लाथि तत्पर भयो ।

चौबीसीको कार्यकलापदेखि सतर्क भई राजेन्द्रलक्ष्मी तनहुँको शक्ति नष्ट पार्ने प्रयत्न गर्न थालिन् । यसै उद्देश्यले तनहुँतिर फौज दौडाइन् । नेपाली फौज तनहुँ नपुग्दै, तनहूँको सहयोगको लागि पर्वतको फौज आइपुगेकोले नेपाली फौज अगाडि बढ्न सकेन । यसै समयमा गरुडध्वज पन्तले लमजुङ र तनहुँका सैनिकहरुको नेतृत्व गर्दै सिह्रानचोकमा आक्रमण गरे । कीर्तिबम मल्लको जोडले गर्दा कास्कीको फौज लिएर स्वयं सिद्धिनारायण शाह संयुक्त फौजको सहयोगको लागि आएका थिए भने चौबीसी संयुक्त फौजको मुकाबिला गर्न काठमाडौंबाट राजेन्द्रलक्ष्मीले काजी बलभद्र शाह, काजी देवदत्त थापा, दामोदर पाण्डे र अमरसिंह थापाजस्ता योद्धाको नेतृत्वमा फौज पठाइन् । अमरसिंहले कास्कीको सुरक्षाको आश्वासन पाएपछि सिद्धिनारायण शाह आफ्नो दल- बलसहित कास्की फर्के ।

गरुडध्वज पन्त आफ्नो फौजसाथ भीमयाकमा ठाना हालेर बसेका थिए । सोही स्थानमा नेपाली सेनाले अचानक आक्रमण* गऱ्यो र चौबीसी फौजलाई पराजित गरी नेपाली सेना तनहुँ घुस्यो । नेपाली सेनासँग मुठभेड नै नगरी तनहुँका राजा हरकुमारदत्त सेन लमजुङ भागे । तनहुँ नयाँ नेपालमा पुनः गाभियो ।

संयुक्त फौज पराजित भएको र तनहुँ पनि नेपालको हात लागेपछि पर्वतको राजा कीर्तिबम मल्ल ताते । यस पराजयको मुख्य कारण कास्कीको धोका भन्ने ठानी कीर्तिबम मल्लले कास्कीमै आक्रमण गरे । कास्कीका राजा भागेर नेपाली फौजको आश्रयमा आए । नेपाली सेनाले पर्वतको सेनाली सेनालाई पराजित गरी सिद्धिनारायण शाहलाई पुनः स्थापित गरिदियो । यसको केही समयपश्चात् नेपाल र कास्कीबीच धर्मपत्र भयो । यसमा कास्कीले नेपालको आज्ञापालन गर्ने तथा कास्कीको सुरक्षा नेपालले गरिदिने शर्तहरु थिए । यसरी कास्की पनि अप्रत्यक्ष रुपले नेपालभित्र समाविष्ट भयो । यसरी कास्कीको समुचित व्यवस्था मिलाई राजेन्द्रलक्ष्मीले वंशराज पाण्डेलाई लमजुङ सर गर्न पठाइन् । वंशराज पाण्डेले सानोतिनो सङ्घर्षद्वारा नै लमजुङमा अधिकार जमाए । लमजुङका राजा वीरमर्दन शाह तनहुँका राजा हरकुमारदत्तसित भागेर रामनगरतिर लागे ।

लमजुङ र तनहुँको विजय तथा कास्कीलाई आश्रित राज्य बनाएपछि पाल्पा र पर्वत मात्र त्यस क्षेत्रका प्रभावशाली राज्य बाँकी रहे । पर्वत अब एक्लै परिसकेको थियो र मुकुन्द सेन द्वितीयको मृत्युपछि पाल्पा पनि पहिलेको जस्तो शक्तिशाली भएन । यसै मौकामा राजेन्द्रलक्ष्मीले नुरु शाह र अभिमानसिंह बस्नेतको नेतृत्वमा क्रमशः पर्वत र पाल्पामा चढाइ गर्न फौज पठाइन् । दुवै योद्धाहरु मार्गमा पर्ने स्थानहरु जित्दै पहिले पर्वत र पछि पाल्पाको राजधानी तानसेन पुगे । पाल्पाली राजा महादत्त सेन भागेर बुटवल पुगे ।

नेपाली फौजको अभूतपूर्व विजयबाट तर्सेर कीर्तिबम मल्लले कास्कीलाई विभिन्न प्रलोभन दिई पुनः आफ्नो पक्षमा मिलाए । पर्वत र कास्कीको संयुक्त फौज मिलेर लमजुङमा आक्रमण गरे । लमजुङ आफ्नो हातबाट खुस्केमा चौबीसी अभियान अपूर्ण हुने देखी नुरु शाह र अभिमानसिंह बस्नेतलाई राजेन्द्रलक्ष्मीले लमजुङ पुग्ने आदेश दिइन् । वि. सं. १८४१ आषाढ महीनामा नेपाली फौज र कास्की तथा पर्वतको संयुक्त फौजको सङ्घर्ष मकैडाँडामा भयो । यस लडाइँमा विजय नेपालकै भयो । पर्वतका राजाको चाल भताभुङ्ग भयो । सिद्धिनारायण शाह भुमरीमा परे । यसको एक वर्षपछि नेपाली फौजले कास्कीमा आक्रमण गऱ्यो । सिद्धिनारायण शाह भागेर पल्लो नुवाकोट पुगे । पल्लो नुवाकोटलाई पनि नेपाली फौजले आक्रमण गरी आफ्नो अधीनमा ल्याए । सिद्धिनारायण शाह त्यहाँबाट पनि कुलेलम ठोके । कास्की विजयपछि गरहुँका राजा भक्त खान, रिसिङका राजा वेणीप्रसाद, भीरकोटका राजा चक्रपति, सतहुँका राजा भूपनारायण आदिले नेपालसँग युद्ध नै नगरी आश्रित राजा हुन सहर्ष स्वीकार गरे । यी राज्यहरु पनि अब अप्रत्यक्ष रुपमा नेपालमा सम्मिलित हुन गई विशाल नेपालको निर्माण हुँदै गयो ।

**पूर्व-विजय–** राजमात राजेन्द्रलक्ष्मीले आफ्नो नायबीकालमा पूर्वको समस्या सुल्झाउनेतिर ध्यान दिइन् । विजयपुरमा गुमेको राजपाट फिर्ता ल्याउन कर्ण सेनकी विधवा रानी प्रयास गरिरहेकी थिइन् । नेपाली फौजले कर्ण सेनकी विधवाको धर्मपुत्र पाल्पाली राजकुमार ध्वजवीर सेनलाई तह लगाई पूर्वको समस्याबाट सदाको लागि मुक्त

हुने विचार गऱ्यो । यसैअनुरुप नेपाली सैनिक दलले ध्वजवीर सेन रहेको धुमगढमा आक्रमण गऱ्यो । ध्वजवीरले भाग्ने प्रयत्न गरे, तर सफल हुन सकेनन् । उनका अनुयायीहरु धेरै मारिए । विजयपुरका बासिन्दा किरातीहरु पनि लडाइँ-भिडाइबाट दिक्क भइसकेका थिए । अतः त्यहाँका ठूला-ठालुहरु काठमाडौं आई नेपालका राजासमक्ष भक्ति देखाए । नेपाल सरकारले पनि किरातहरुले परम्परागत रुपमा उपभोग गरी आएका सहुलियतहरु यथावत् नै राख्ने वचन दियो । यसप्रकार पूर्वको समस्या पनि सुल्भ्यो ।

यसरी राजमाता राजेन्द्रलक्ष्मीको नायबीकालमा पूर्वमा विजयपुरको विजय स्थायी भयो र पश्चिममा बहुसङ्ख्यक राज्यहरु नेपालमा गाभिए । वि. सं. १८४२ श्रावण २ गते राजमाता राजेन्द्रलक्ष्मीको देहावसान भयो ।

नेपालको एकीकरणको इतिहासमा राजेन्द्रलक्ष्मीको स्थान ज्यादै महत्त्वपूर्ण छ । पृथ्वीनारायण शाहद्वारा थालनी भएको कार्यलाई उनले सुदृढीकरण र विस्तार गरिन् । नेपालको एकीकरण-कार्यको लागि उनले महत्त्वपूर्ण पूर्वाधार तयार गरी कार्यान्वित गरेकी थिइन् । यस्तै पृष्ठभूमिमा बहादुर शाह विजयको अभियानलाई व्यापक रुपमा परिचालन गर्न सक्षम भएका हुन् । यस अर्थमा बहादुर शाहका मार्गदर्शकको रुपमा राजेन्द्रलक्ष्मीलाई लिन सकिन्छ । बहादुर शाह जस्ता 'महारथी' लाई तह लगाई सम्पूर्ण भारादारहरुलाई राष्ट्रिय हित र स्वार्थमा सरीक गराउने जस्ता कार्यबाट राजमाताको कार्यकुशलता र क्षमताको परिचय पाइन्छ । वास्तवमा नेपालका वीराङ्गनाहरुको इतिहासमा राजमाता राजेन्द्रलक्ष्मीको सर्वाधिक महत्त्वपूर्ण स्थान रहेको छ ।

## बहादुर शाह र एकीकरणको अभियान

राजेन्द्रलक्ष्मीको देहावसान भएताका रणबहादुर शाह केवल दश वर्षका थिए । अतः प्रमुख भारादारहरुको ध्यान बहादुर शाहतर्फ गयो । वास्तवमा तात्कालिक परिस्थतिमा राजाका सबैभन्दा नजीकका नातेदार पनि बहादुर शाह नै थिए । अतः राजमाताको मृत्युपछि बहादुर शाहले प्रशासनको बागडोर आफ्नो हातमा लिए । आफ्नो हातमा शासन आउनेबित्तिकै बहादुर शाहले आफ्नो बाबुको सपना र राजेन्द्रलक्ष्मीले अधुरा छाडेर गएका कार्यहरु पूरा गर्न एकीकरणको अभियानलाई व्यापक रुपमा सन्चालन गर्ने विचार गरे ।

**बाइसी-चौबीसीतिरको अभियान–** राजेन्द्रलक्ष्मीको नायबीकालमा पाल्पा-विजयको अभियान अधुरो नै छाड्नुपरेको थियो । पाल्पा-विजयको विषयमा छलफल गर्न बहादुर शाहले आफ्नी दिदी विलासकुमारीलाई सल्यानबाट काठमाडौं झिकाए । (विलासकुमारीको विवाह पृथ्वीनारायण शाहले सल्यानी राजासँग गरिदिएका थिए ।) विलासकुमारीले आफू नआई छोरा रघुनाथ शाहलाई काठमाडौं पठाइन् । यी दुवैको सल्लाहबाट पाल्पासँग वैवाहिक सम्बन्ध गरे मात्र चौबीसी राज्यको विजय पूरा हुने निर्णय भयो । यी सबै कुराको विचार गरी बहादुर शाहले पाल्पाका राजा महादत्त सेनकी छोरीसँग विवाह गरे । यो सम्बन्ध कायम भएपछि नेपाल र पाल्पाबीच नेपालको सैनिक अभियानमा पाल्पाले सहयोग दिने र विजित क्षेत्र बराबर बाँडेर लिने सम्झौता भयो । यसपछि गुल्मीका राजाका काका जीव शाहकी नातिनी विद्यालक्ष्मीसँग पनि आफ्नो आकाङ्क्षामा

सहयोग पुग्ने अपेक्षा गरी बहादुर शाहले विवाह गरेको वर्णन पाइन्छ । यसरी वैवाहिक सम्बन्ध कायम भएपछि बहादुर शाहले सैनिक सुदृढीकरण गरे । देवीदत्त जस्ता पल्टनहरु खडा गरे । सैनिक अभियान प्रारम्भ गर्नुअगाडि उनले आफ्नो नीतिसम्बन्धमा सेनापतिहरुलाई दुई मुख्य निर्देशन दिए (१) आश्रित भइसकेका भीरकोट, तनहुँ, गरहुँ रिसिङजस्ता राज्यहरुको सुरक्षको राम्रो प्रबन्ध गर्ने र अरु राज्य पनि आश्रित हुन चाहन्छन् भने ती राज्यहरुमा सैनिक कार्यवाही नगर्ने र (२) जितिएका र जितिने राज्यका जनताहरुप्रति कुशल व्यवहार गर्ने तथा उनीहरुलाई पूर्ण सुरक्षाको आश्वासन दिने । यस नीतिले गर्दा नै कालान्तरमा नेपालको विजयलाई स्थायी रुप दिन सकिएको हो ।

यी पूर्वाधार र नीति निर्धारित गरी वि. सं. १८४३ जेठमा बहादुर शाहले जीव शाह, शिवनारायण खत्री, सरदार पारथ भण्डारी आदि कुशल योद्धाको नेतृत्वमा काठमाडौंबाट फौज पठाए । यो फौज कालीगण्डकी पार गरी गुल्मी दाखिल भयो । नेपाली सेनाको अगाडि केही नलाग्ने देखी गुल्मीका राजा भागे । गुल्मी सहजै नेपालमा गाभियो । गुल्मीपछि नेपाली सेनाले अर्घामा दखल गऱ्यो । अर्घामा गोरखालीले कब्जा गरेको थाहा पाई खाँचीका राजा भागे । खाँची पनि युद्धविना नै नेपालमा मिल्यो । खाँचीबाट नेपाली फौजले धुरकोट कब्जा गऱ्यो । यसप्रकार साधारण मुठभेडमै नेपालले गुल्मी, अर्घा, खाँची र धुरकोट चार महीनामा नै विजय गऱ्यो ।

चारैतिर विजयी हुँदै गएको नेपाली फौजलाई चौबीसी सबल राज्य पर्वतले रोक्ने प्रयास गऱ्यो । तर यसपालि युद्धको मैदानमा एक्लो पर्वतको केही लागेन र वि. सं. १८४३ आश्विनको दोस्रो हप्तामा पर्वत पनि नेपालमा आबद्ध हुन पुग्यो । सोही वर्ष नेपाली सेनाले प्यूठान, दाङ र रोल्पा पनि कब्जा गऱ्यो । यसप्रकार अभियान शुरु भएको छ महीनामा नै नेपालको सिमाना पश्चिम भेरी नदीसम्म पुग्यो । जाजरकोट भने वार्षिक तिरो रु. ७,०००।- बुझाउने गरी आश्रित राज्य भयो ।

जाजरकोटसँग सम्झौता भएपछि नेपाली सेनाको एक टोली कर्नाली-क्षेत्रतर्फ बढ्यो । यस फौजले भेरीनदी पार गरी दैलेख र अछाम विजय गरी बाइसी राज्यहरुमा शक्तिशाली राज्य डोटी र जुम्ला सर गर्ने निधो गऱ्यो । जुम्लाका राजा शोभान शाहीले २२०० फौज जम्मा गराएका थिए । दुई वर्षसम्म युद्ध हुँदा पनि नेपालले जुम्लालाई कज्याउन सकेको थिएन । सैन्यबलबाट मात्र विजय गर्नु सम्भव नभएकोले कुमाउँसँग मित्रता गरी यी क्षेत्र दखल गर्ने योजना नेपालले बनायो ।

**कुमाउँ गढवालतिरको अभियान–** चौबीसी र बाइसीतिरको अभियानपश्चात् बहादुर शाहले नेपाली फौजलाई काली नदी तरी पश्चिम बढ्ने आदेश दिए । काजी जगजित् पाण्डे, सरदार अमरसिंह थापा, रणवीर खत्री आदि काली नदी पार गरी कुमाउँमा चढाइ गर्ने योजना बनाउन थाले । यसवेला कुमाउँमा राजनीतिक स्थिरता थिएन । कुमाउँमा यसताका मोहनचन्द राज्य गर्दै थिए । मोहनचन्दलाई वि. सं. १८३६ मा प्रभावशाली मन्त्री जयकृष्ण जोशीले पदच्युत गरेका थिए । वि. सं. १८४३ मा मोहनचन्दले आफ्नो राज्य फिर्ता लिन सके पनि उनलाई सदैव जयकृष्णको डर भयो । यस्तो परिस्थितिमा वि. सं. १८४४ फागुनमा कुमाउँ र नेपालबीच एक सन्धि भयो । त्यसमा 'गोर्षाधिषको मित्र हाम्रो मित्र कमाृचलाधिश (कुमाउँका राजा) को शत्रु गोर्षाधिषको

शत्रु गोर्षाधिषको हित चितानमा हामीले रहनुपर्छ, हाम्रो हित चितानमा गोर्षाधिष रहनुपर्छ' आदिं उल्लेख गरिएको थियो । तर यस सन्धिको केही समयपति जयकृष्ण जोशी र उनका भतिजा हर्षदेव जोशीले गडवालका राजाको सहयोगबाट मोहनचन्दलाई दोस्रोपटक पदच्युत गरे । गढवालका राजा जयकीर्ति शाहका भाइ प्रद्युम्न शाह कुमाउँका राजा घोषित गरिएका थिए । यसवेलासम्म नेपाली फौजले जुम्ला जित्न सकेको थिएन । अत: स्थितिको फाइदा उठाउन नेपालले कुमाउँको नयाँ सरकारसँग अर्को सन्धि गर्‍यो । यस सन्धिअनुसार कुमाउँको पूर्वपट्टिका राज्यहरु (जुम्ला र डोटी) नेपालले कब्जा गर्ने र पश्चिमतिरका राज्य कुमाउँलाई दिने व्यवस्था भयो । अब कुमाउँबाट जुम्ला र डोटीलाई सहयोग नहुने हुँदा वि. सं. १८४६ मा नेपाली फौजले दुवै राज्यमा आक्रमण गर्‍यो र विजयप्राप्ति पनि भयो ।

जुम्ला र डोटी नेपालले जितेताका पुन कुमाउँमा सत्ता-परिवर्तन भयो । मोहनचन्दका भाइ लालसिंहले शक्तिशाली जोशीहरुलाई हराई प्रद्युम्न शाहलाई लखेटी भतिजा महेन्द्रचन्द (मोहनचन्दका छोरा) लाई राजा बनाए । यस घटनापछि कुमाउँका नरेशसँग सम्झौता नगरी नेपाललीले जोशी वन्धुहरुसँगको मित्रता कायमै राखे । यी दुवै थरी मिली वि. सं. १८४७ चैत्रमा कुमाउँको राजधानी अलमोडा जिते । महेन्द्रचन्द भागेर रुद्रपुर पुगे । यसपछि त्यहाँका प्रशासक जोग मल्ललाई बनाई नेपाली फौजले गढवाल सर गर्ने योजना बनायो ।

नेपाली फौजले वि. सं. १८४८ आषाढमा गढवालको राजधानी श्रीनगर जित्यो । त्यहाँका राजा प्रद्युम्न शाह भागेर अलमनन्दा पुगे । (प्रद्युम्न शाहलाई जोशीहरुले कुमाउँका राजा बनाएका थिए । पछि लालसिंले धपाएपछि उनी गढवाल आए । गढवालका राजा जयकीर्ति शाह नि:सन्तान भई मरेका हुँदा यिनै प्रद्युम्न शाह गढवालका राजा भएका हुन् ।) श्रीनगर दखल गरेपछि नेपाली फौजले सङ्घर्ष गरी सिरमोरका प्रान्तीय शासक जगत्प्रकाशलाई तह लगाए । ठीक यसै बखत प्रद्युम्न शाह फौज जम्मा गरी नेपाली सेनाउपर खनिए, तर सफलता पाउन भने सकेनन् ।

यसप्रकार नेपाली फौज गढवाल-क्षेत्रमा आफ्नो विजय-अभियानको सन्चालन गर्दै थियो । सम्पूर्ण क्षेत्रमा पूरा अधिकार जमाउन सकेको थिएन । यसैबखत यता काठमाडौंमा नेपाल-भोट युद्ध चर्केर गएकोले थप फौजको आवश्यकता हुन गयो । यसैले बहादुर शाहले गढवालसँग सन्धि गरी तुरुन्तै फर्कन नेपाली फौजलाई आदेश पठाए । राजधानीको आदेशअनुसार गढवालसँग एक सम्झौता भयो, जसअनुसार गढवालले नेपालको आश्रय स्वीकार गर्ने, वार्षिक नौ हजार रुपैयाँ नेपाल सरकारलाई नजराना चढाउने, नेपालको राजदूत गढवालमा रहने आदि प्रावधान रहे । यसपछि नव-विजित क्षेत्रको सुरक्षहेतु केही नेपाली त्यहाँ राखी बाँकी फौज काठमाडौं फर्‍यो । नेपाल-भोट युद्धपछि नै बहादुर शाहको अवसान भएकोले बहादुर शाहको नायवीकालमा गढवालको विजय-अभियान पूरा हुन सकेन ।

नेपाल-भोट युद्ध पनि यहाँ उल्लेखनीय छ । तिब्बतले नेपालसँग गरेको सन्धिको उल्लङ्घन गरेको निहुँमा बहादुर शाहले तिब्बतमा आक्रमण गरे । नेपाली फौज तिब्बतका विभिन्न भागहरु कब्जा गर्दै ह्लासानजीक पुगेको थियो । तिब्बतले डराएर सन्धि गर्‍यो ।

यसअनुसार वर्षको पचास हजार रुपैयाँ तिब्बतले नेपाललाई तिर्नुपर्ने भयो । तर एक वर्ष मात्र सो रकम तिरी तिब्बत चुप लागेर बस्यो । फलस्वरुप फेरि युद्ध शुरु भयो । यसपालि चीनले समेत तिब्बतलाई सहयोग गरेको हुँदा युद्ध निकै चर्क्यो । अन्तमा वि. सं. १८४९ मा चीनले दुवै देशको सन्धि गराइदियो । त्यस सन्धिअनुसार नेपालले जितेका तिब्बतका प्रदेशहरु फिर्ता गरिए । अब नेपालको सीमा तातोपानीसम्म कायम भयो ।

यसरी उत्तर तातोपानीदेखि पश्चिम गढवालसम्मको विशाल भू-भाग नेपालमा गाभेर बहादुर शाह इतिहासमा अमर भएका छन् । नेपालको एकीकरणमा राजकुमार बहादुर शाहको ठूलो देन छ । उनले उचित शिक्षा प्राप्त नगरेका भए तापनि योग्य पिताबाट राम्रो दीक्षा तालीम पाएका थिए । उनका कार्यहरुमा पृथ्वीनारायण शाहको उत्साह र साहसको सन्चार भएको पाइन्छ । पृथ्वीनारायण शाहको पालामा तथा राजेन्द्रलक्ष्मीको पालामा सफल हुन नसकेको चौबीसी विजय उनैले सम्पन्न गरी विशाल नेपाल बनए । आश्रित राज्य बनाई नेपाल अधिराज्यमा गाभ्ने उनको प्रशंसनीय नीतिले गर्दा नै नेपालको विजय दिगो भयो । "दुईतिर युद्ध नखोल्नू" भन्ने पृथ्वीनारायण शाहको उपदेशमुताबिक कार्य गर्न सफल भएका भए उनको नायबीकालमा नेपालले अझ विस्तृत र सुदृढ हुने मौका पाउने थियो । उनको मृत्यु भने भारादारी षड्यन्त्रमा परेर रणबहादुर शाहले जेलमा थुनेपछि वि. सं. १८५४ तिर भएको थियो । यसरी बहादुर शाहको अन्तपछि नेपालको एकीकरणको दोस्रो चरणको पनि अन्त भयो ।

## रणबहादुर शाह तथा भीमसेन थापा र एकीकरणको अभियान

बहादुर शाहको अवसान भएपछि नेपालको राजनीतिक परिस्थिति डामाडोल हुँदै गयो । रणबहादुर शाहले कान्तिमतीको वशमा परी डेढ वर्षका छोरा गीर्वाणयुद्धलाई राजपाट दिई आफू संन्यासी 'निर्वाणानन्द' भई पशुपति क्षेत्रमा बसे । संन्यासी भए तापनि उनी प्रशासनमा हस्तक्षेप गरि नै रहन्थे । कान्तिमतीको मृत्युपछि त स्थिति त झन् भयानक भयो । गृहयुद्धको सम्भावना देखियो । तर रणबहादुर शाहको बनारस आगमनबाट फाइदा उठाई अङ्ग्रेज सरकारले दोहोरो चाल चल्यो । रणबहादुर शाहलाई नेपाल आउन रोक लागोस् भनेर वि. सं. १८५८ को कार्तिक महीनामा दुवै देशबीच सन्धि भयो । यस सन्धिअनुसार कप्तान नक्स प्रथम आवासीय दूत भई नेपाल आए । उता स्वामी महाराज यस सन्धिबाट अप्रसन्न भए । राजराजेश्वरीले नेपाल आई नक्सलाई फिर्ता पठाउने स्थितिको सृजना गराई उक्त सन्धिलाई भङ्ग गरिन् । वि. सं. १८५८ को सन्धिभङ्गपछि स्वामी महाराजलाई नेपाल आउन असजिलो भएन र आफ्नो दलबलसहित उनी काठमाडौं फर्के । स्वामी महाराजलाई पक्री नजरबन्द गर्ने उद्देश्यले दामोदर पाण्डे थानकोट पुगेका थिए । तर सम्पूर्ण फौजले स्वामीकै साथ दिएका हुँदा उनी सरासर दरबार पुगे र दामोदर पाण्डेजस्ता उनका विरोधीहरुलाई कठोर दण्ड दिई बालक गीर्वाणयुद्धको मुख्तियार भई शासन चलाउन थाले । रणबहादुर शाहका विश्वासी भारादार भीमसेन थापाको शक्तिमा पनि अभिवृद्धि भयो ।

रणबहादुर शाहले शासन आफ्नो हातमा लिएपछि स्थगित रहेको एकीकरणको अभियान शुरु गरे । पश्चिमतिरका केही राज्यहरु दखल गर्न काठमाडौंबाट फौज

पठाइयो । बहादुर शाहको नायबी कालमा नेपाल-भोटयुद्ध चर्केकोले गढवाल पुगेका नेपाली फौजले गढवाललाई आश्रित राज्य बनाई काठमाडौं फर्केको चर्चा माथि भइसकेको छ । गढवालले नेपाललाई तिर्नुपर्ने वार्षिक रकम रु. ९,०००।- बुझाउन छाडेकोले वि. सं. १८६१ को असार महीनामा नेपाली फौजले गढवाल पुनः दखल गरी देहरादूनसम्म अधिकार जमायो । यसपश्चात् त्यस क्षेत्रमा रहेका बाह्र स-साना राज्यहरु र अठार ठकुराईहरु कब्जा गर्दै नेपाली फौजले सतलज पार गरी काँगडामा आक्रमण गऱ्यो । नेपाली सेना र काँगडाका राजा संसारचन्दको सेनाबीच धेरै पटक युद्धहरु भए । संसारचन्दले नेपालीहरुको आक्रमण रोक्न पन्जाबका महाराज रणजित् सिंहसँग पनि अनुरोध गरे । यस युद्धको दौरानमा नेपाली फौजको मुकाबिला रणजित् सिंहको सेनासँग पनि भयो । नेपाली सेनाले अथक परिश्रमको बावजूद पनि काँगडा-विजय गर्न सकेनन् ।

**पाल्पाविजय–** नेपालको पश्चिमतिरको सिमाना काँगडासम्म पुगे तापनि चौबीसी शक्तिशाली राज्य पाल्पा दखल हुन सकेको थिएन । पाल्पा नेपाल अधिराज्यमा नमिलुन्जेल एकीकरणको अभियान अधुरो नै रहने हुनाले नेपालका प्रशासकहरुको ध्यान त्यसतर्फ गयो । बहादुर शाहले पाल्पा राजवंशसँग वैवाहिक सम्बन्ध कायम गरेका हुँदा नेपालको एकीकरणको अभियानमा पाल्पा सहयोगी हुन पुगेको थियो । बहादुर शाहले आफूले जितेका प्रदेशहरुमध्ये गुल्मी, अर्घा र खाँची पाल्पालाई दिएका थिए । तर बहादुर शाहको पतनपछि दिइएको क्षेत्र गुल्मी फिर्ता लिए । गीर्वाणयुद्धलाई श्रीपेच पहिराउन पाल्पाका राजा पृथ्वीपाल सेनलाई काठमाडौं आमन्त्रण गरी उनलाई केही महीनासम्म रणबहादुर शाहले काठमाडौंमा नै रोकी राखे । रणबहादुर शाहले आफ्नो बनारस-प्रवासको समयमा पृथ्वीपाल सेनबाट सहयोगको आशा गरेका थिए । तर सहयोग नपाउँदा रणबहादुर शाह पृथ्वीपाल सेनसँग रुष्ट भएका थिए । अब उनमा बदला लिने भावना आयो ।

रणबहादुर शाहले काठमाडौं आई, शक्ति-सुदृढीकरण गरेपछि पृथ्वीपाल सेनकी बहिनीसँग विवाह गर्ने बहानामा पृथ्वीपाललाई काठमाडौं बोलाए । तर काठमाडौं आइ नपुग्दै उनी नजरबन्द गरिए । यसपछि भीमसेन थापाले आफ्ना पिता अमरसिंह थापालाई पाल्पा हान्न पठाए । अमरसिंहले पाल्पाले सम्पूर्ण पहाडी र तराईको अधिकांश भू-भाग दखल गरे । यसैबीच वि. सं. १८६४ को वैशाखमा रणबहादुर शाहको हत्या भयो । सो हत्याकाण्डमा पृथ्वीपाल सेनको पनि हात रहेको अभियोग लगाई भीमसेन थापाले पृथ्वीपालको वध गराए । पृथ्वीपालको हत्यापछि अमरसिंह थापाले सम्पूर्ण पाल्पा अधीन गरी नेपाल अधिराज्यमा मिलाए । यसरी पाल्पाविजय भएपछि नेपालको एकीकरणको अभियान पनि लगभग सकियो । नेपालको सिमाना पूर्व टिस्टा नदीदेखिपश्चिम सतलजसम्म कायम भयो ।

यसपछि पनि नेपालको सिमानामा हेरफेर भएको छ । एकीकरण-अभियानकै सिलसिलामा चर्चा नगरी नहुने घटना नेपाल-अङ्ग्रेज युद्ध र सुगौलीसन्धि पनि हो । सो सन्धिले गर्दा नेपालले धेरै विजित प्रदेशहरु गुमाउनुपऱ्यो । यससम्बन्धी विस्तृत चर्चा केही अगाडि परेको छ ।

## नेपाल-अङ्ग्रेज युद्ध (वि. सं. १८७१-१८७३)

श्री ५ पृथ्वीनारायण शाहले थालनी गरेको एकीकरण-कार्यक्रमलाई राजमाता राजेन्द्रलक्ष्मी, राजकुमार बहादुर शाह तथा श्री ५ रणबहादुर शाहले प्रभावकारी ढङ्गले सन्चालन गरी विशाल नेपालको निर्माण गरे । बेलायतबाट व्यापारको निहुँमा हिन्दुस्थान पसी आफ्नो प्रभाव-विस्तार गर्न सक्षम भएको इस्ट इन्डिया कम्पनी पनि नेपालीहरुको शक्तिबाट उत्तेजित भयो । अङ्ग्रेजहरुले यसरी नेपालीहरुको विजय र शक्ति बढिरहेमा हिन्दुस्थानमा आफ्नो अस्तित्व खतरामा पर्ने सम्भावना देखे । यसकारण नेपालको विजय-अभियानमा रोक लगाउने प्रयत्न गर्न थाले । यस उद्देश्यको लागि कुमाउँ गढवालका राजाहरुलाई नेपालको विरोधमा उचाल्ने कोशिश पनि गरेर, तर सफलता पाउन सकेनन् । यस्तैमा, पश्चिमी नेपालमा बुटवल र स्यूराज भन्ने ठाउँहरुको विवाद उत्पन्न भयो । ती दुवै ठाउँहरु दुवै देशहरुले आ-आफ्नो अधीन भएको दाबी गरे । सो विवादले गर्दा प्रतीक्षामा रहेका अङ्ग्रेजहरुलाई मौका मिल्यो र शक्तिबाटै नेपाललाई दबाउने विचारले नेपालविरुद्ध युद्धको घोषणा गरे । सीमाविवादको समाधान आपस छलफलद्वारा नै हुन सक्थ्यो, तर अङ्ग्रेजले युद्ध गर्ने निश्चय गरेकोले वार्ताद्वारा समस्या-समाधान गर्न नचाहेको देखिन्छ ।

नेपाल र इस्ट इन्डिया कम्पनीबीच सीमा-विवाद पृथ्वीनारायण शाहकै राज्यकालदेखि नै प्रारम्भ भएको पाइन्छ । मकवानपुर गोरखालीले जितेपछि मकवानपुरले चर्चेको सम्पूर्ण तराई क्षेत्रहरुमा पृथ्वीनारायण शाहले आधिपत्य जमाए । यी तराईक्षेत्रको विषयमा विवाद हुँदा पृथ्वीनारायण शाहले दीनानाथ उपाध्यायलाई आफ्नो दूत बनाएर कलकत्ता पठाई कुरा मिलाएका थिए । पछि मोरङ भीमनगरको विषयमा विवाद चल्यो । यस क्षेत्रका पुराना कागजातको आधारमा अङ्ग्रेजले दाबी गरेकोले नेपालले जिद्दी गरेन । कम्पनीलाई नै छाडिदियो । पुनः रुद्रपुर र काशीपुरक्षेत्रको विषयमा लामो विवाद चल्यो । यी क्षेत्र पनि अङ्ग्रेजले आफ्नै ठहराए । नेपालले ती क्षेत्र कम्पनीलाई नै हस्तान्तरित गऱ्यो । बुटवल, स्यूराज र रौतहटका केही क्षेत्रलाई लिएर सीमा-विवादले उग्ररुप लियो । बुटवल पाल्पा राज्यअन्तर्गत थियो । पृथ्वीपाल सेनको हत्यापछि अमरसिंह थापाले बडाहाकिम भई त्यस क्षेत्रको प्रशासन चलाएका थिए । तर अङ्ग्रेज सरकारले उक्त क्षेत्रहरु अबधका नवाबको भएको र अवधको क्षेत्र कम्पनीअन्तर्गत परेकोले बुटवल पनि आफ्नै हुने दाबी गऱ्यो । यस समस्याको समाधानको लागि दलभञ्जन पाण्डे, रङ्गनाथ आदिलाई भारत पठाइयो । वार्ताको लागि कम्पनी सरकारका अधिकारी मेजर ब्राड सालै नेपाली प्रतिनिधिको अपमान गरेकोले नेपालीहरु वार्तामा भाग नलिई काठमाडौं फर्के ।

वि. सं. १८७० फाल्गुनको अन्तितिर इस्ट इन्डिया कम्पनीका गभर्नर जनरलले नेपाललाई एक पत्र पठाई बुटवल र स्यूराज कम्पनी सरकारको भएकोले त्यस क्षेत्रबाट २५ दिनभित्रै नेपाली फौज हटाउने आदेश दियो । अर्कोतिर २५ दिनभित्र नेपाली फौज त्यस क्षेत्रबाट नहटेको खण्डमा शक्तिप्रयोग गरी खाली गराउने आदेश गोरखपुरका कलेक्टरलाई पनि गभर्नर जनरलले दिए । १५ दिनभित्रमा नेपालबाट यस विषयमा न त कुनै जबाफ गयो, न उक्त क्षेत्र खाली नै गऱ्यो । यसपछि अङ्ग्रेज फौजले त्यस क्षेत्रमा प्रवेश गऱ्यो । अङ्ग्रेज फौजको प्रतिरोध गर्दा १६ जना नेपाली सैनिकको ज्यान गयो र

नेपाली सेना त्यस क्षेत्रबाट हट्यो । नेपाली सेनालाई हटाई कम्पनी सरकारका सैनिक तैनाथ गरिए । औलोको प्रकोपले गर्दा थोरै फौज त्यहाँ बसी बाँकी गोरखपुरतर्फ लागे ।

नेपाल-दरबारमा अङ्ग्रेजसँग युद्ध गर्ने-नगर्ने विषयमा लामो छलफल भयो । कैयौं भारादार अङ्ग्रेजसँग सन्धि गर्ने पक्षमा थिए । तर भीमसेन थापा युद्धको पक्षमा भएकाले कसैको केही लागेन । नेपालले युद्ध गर्ने नै निर्णय गऱ्यो । नेपाल सरकारको आदेशअनुसार पाल्पामा तैनाथ अमरसिंह थापाले बुटवल-क्षेत्रमा फौज पठाए । नेपाली फौजले कम्पनी सरकारको फौजमाथि धावा बोल्यो । यस मुठभेडमा कम्पनीतर्फका केही सैनिक मारिए । अङ्ग्रेज फौज नेपाली सेनासामु टिक्न सकेन र फर्केर गयो । नेपालबाट भएको यस घटनालाई नेपालको आक्रमण भन्ने संज्ञा दिई वि. सं. १८७१ कार्तिक ११ गते इस्ट इन्डिया कम्पनीका गभर्नर जनरलले नेपालविरुद्ध युद्धको विधिवत् घोषणा गरे ।

नेपाल-अङ्ग्रेज युद्ध दुई वर्षसम्म चल्यो । नेपालीहरुले यस युद्धमा ठूलो वीरता देखाए । खास गरी बलभद्र कुँवरले नालापानी युद्धमा देखाएको बहादुरी, अमरसिंह थापाले मलाउँको युद्धमा देखाएको बहादुरी तथा भक्ति थापाले देउथलको युद्धमा देखाएको बहादुरी अविस्मरणीय छन् । बलभद्र कुँवर युद्धको बेलामा देहरादूनदेखि लगभग ५ मील टाढा नालापानी भन्ने ठाउँमा बनेको कलङ्गा किल्लाको सुरक्षा गरी बसेका थिए । त्यस किल्लामा एक तोपको अतिरिक्त उनको साथमा सिपाही, महिला र केटाकेटी गरेर जम्मा ६ सय जति मानिसहरु थिए । यिनै सबैको सहयोगमा बलभद्रले किल्लाको द्वार बन्द गरी त्यसअगाडि ढुङ्गामूढाको एउटा बलियो पर्खाल तयार पार्न लगाएका थिए । त्यसतर्फको युद्ध सञ्चालन गर्ने अङ्ग्रेज सेनानायक जिलेस्पीले सर्वप्रथम बलभद्रलाई आत्मसमर्पण गर्न अनुरोध गरेका थिए । तर उनले दूतकै अगाडि चिट्ठी च्यातेर 'जवाफ यही हो' भनेर सुनाइदिए । फलस्वरुप युद्ध शुरु भयो । किल्लाभित्र रहेका आइमाई केटाकेटीहरुले समेत बलभद्रलाई ठूलो सहयोग गरे । सो युद्धमा अङ्ग्रेज लेफ्टिनेन्ट एलिस तथा स्वयं जनरल जिलेस्पीले समेत ज्यान गुमाउनुपऱ्यो । त्यसपछि दिल्लीबाट आएको शक्तिशाली फौजसँग पनि नेपालले मुकाबिला गरि नै रह्यो । अङ्ग्रेज शक्तिले युद्धबाट नेपालीहरुलाई पराजित गर्न नसकेर किल्लाभित्र गएको पानीको नाला बन्द गरिदिए । पानीको अभावले गर्दा भोक प्यासले छटपटिन थालेका आइमाई केटाकेटीको रक्षा गर्नु बलभद्र कुँवरले आफ्नो जिम्मेवारी सम्झे । फलस्वरुप उनले हातमा नाङ्गो खुकुरी लिएर एकाएक किल्लाको ढोका खोले । अङ्ग्रेजहरुकै अगाडिबाट उनी खोलातिर लागे । उनको यस्तो अदम्य साहसप्रति अङ्ग्रेजहरु मूक दर्शक बने । उनीहरुले बलभद्र कुँवर र उनको साथमा भएका महिलाहरु र केटाकेटीहरुप्रति केही गर्ने हिम्मत गर्न सकेनन् । यसरी अन्तिम चरणसम्म पनि 'नेपाली वीरले आत्मसमर्पण गरेनन् । ३।२ जना अङ्ग्रेज अफिसरलाई मारेर आफ्नो सुरक्षामा रहेका जनतालाई बचाएर जुन बहादुरी उनले देखाए, यसबाट नेपालको इतिहासमा उनी अमर बनेका छन् ।

यस्तै बहादुरी अमरसिंह थापा तथा भक्ति थापाले पनि देखाएका छन् । तर अन्तमा देशकै अस्तित्व खतरामा पर्न जाने सम्भावना देखेर अङ्ग्रेजहरुद्वारा राखिएका शर्तहरु स्वीकार गरी अपमानजनक असमान सन्धि गर्न नेपाल बाध्य भयो । सुगौली भन्ने ठाउँमा सो सन्धि भएकोले नै यसलाई सुगौलीसन्धि भनिएको हो ।

## सुगौलीसन्धिका धाराहरु

नेपाल र इस्ट इन्डिया कम्पनीबीच भएको सुगौलीसन्धिका धाराहरु यसप्रकारका थिए-

१. नेपालका राजा र इस्ट इन्डिया कम्पनीबीच सदाकाल मैत्री र शान्तिसम्बन्ध कायम हुने ।

२. युद्धपूर्व झगडा उठेका सम्पूर्ण भू-भागउपर नेपालका राजाले आफ्नो दाबी छाड्नुपर्ने र ती क्षेत्र सदाकालको लागि इस्ट इन्डियाकै प्रभुत्वमा रहने ।

३. नेपालका राजाले निम्नलिखित क्षेत्र सदाकालको लागि इस्ट इन्डिया कम्पनीलाई सुम्पने-
   (क) काली र राप्तीबीचको तराई,
   (ख) बुटवल खासबाहेक राप्ती र गण्डकीबीचको तराई,
   (ग) गण्डकी र कोसीबीचको तराई,
   (घ) मेची र टिस्टाबीचको तराइ,
   (ङ) नगरकोट र त्यसको समस्त इलाका एवं मोरङबाट पहाडतिर जाने नगरकोटघाटीको साथै त्यस नजीकका सम्पूर्ण स्थल एवं मेची नदीपूर्वका सम्पूर्ण पहाही क्षेत्र ।

४. माथि (३) मा लिइएका भू-भागद्वारा हानिमा परेका नेपाल राज्यका भारादारहरुको क्षतिपूर्ति गर्न ब्रिटिश-सरकारले बर्सेनि दुई लाख रुपैयाँ दिने र नेपालका राजा सो रकम आफ्नो तजबीजअनुसार बितरण गर्न स्वतन्त्र हुने ।

५. नेपालका राजाले कालीदेखि पश्चिमका प्रदेश र त्यहाँका बासिन्दाहरुसित भविष्यमा कुनै सरोकार राख्न नपाउने ।

६. नेपालका राजाले सिक्किमका राजाको अधीन भएको भागउपर दाबा गर्न नपाउने र पछि यी दुवै राजा वा राज्यबीच केही विवाद उत्पन्न भएमा त्यसको निर्णय ब्रिटिश सरकारले मात्र गर्ने ।

७. ब्रिटिश सरकारको अनुमतिविना नेपालको राजाले कुनै ब्रिटिश, यूरोपीय वा अमेरिकीलाई आफ्नो सेवामा राख्न नपाउने ।

८. दुवैको शान्ति र सुरक्षाको निमित्त दुवै सरकारले मिनिस्टर (राजदूत) हरुको आदान-प्रदान गर्ने ।

९. यस सन्धिपत्रउपर पन्ध्र दिनभित्रैमा नेपालका राजाले हस्ताक्षर गरी लेफ्टिनेन्ट कर्नेल ब्राड सालाई बुझाउने र निजले बीस दिनभित्र कम्पनीका गभर्नर जनरलको हस्ताक्षर गराउने ।

यस सन्धिमा निर्धारित समयमा नेपालका राजाको हस्ताक्षर हुन नसक्ता युद्धको पुनरावृत्ति भयो । तर पछि पुनः वार्ता भई सन्धिका शर्तमा छूट भयो, जस अनुसार धारा ३ मा उल्लेख गरिएका कोसी र गण्डकी तथा गण्डकी र राप्ती बीचको तराई नेपालले कम्पनीलाई सुम्पनु नपर्ने र धारा ४ मा उल्लेख गरिए अनुसार ब्रिटिश सरकारले वार्षिक दुई लाख रुपैयाँ दिनु नपर्ने भयो ।

यस सन्धिबाट इस्ट इन्डिया कम्पनी एकतर्फी उपलब्धिहरु हासिल गर्न सफल भयो । यस सन्धिमा नेपालले आफ्नो क्षेत्रको एक-तिहाइ भू-भाग गुमाउनुपऱ्यो । परराष्ट्र-नीतिमा आँच आयो । नेपाल आफ्नो मुलुकमा रेजिडेन्सी राख्न बाध्य भयो । सुगौलीबाट नेपालको एकीकरण-अभियानको पूर्णतया अन्त भयो, गङ्गासम्म सीमा पुऱ्याउने सपना सपना नै भई अधुरो भयो, नेपालको तीनैतिर अङ्ग्रेज सीमा भएकोले नेपाल खुम्चेर रहन बाध्य भयो । सन्धि पश्चात् नेपालले सैनिक क्षमतामा वृद्धि गर्दै लग्यो, तर विनाउद्देश्य र दिशाहीन भएर । नेपाली योद्धा र भारादारहरुले काम पाएनन् । पृथ्वीनारायण शाहको मृत्युपछि देखा परेको षड्यन्त्रकारी राजनीति र एकीकरण-कार्यले त्यति चर्को रुप लिन पाएको थिएन । तर यो युद्ध पश्चात् नेपाली भारादारले समय पाएका हुँदा उनीहरु षड्यन्त्रकारी राजनीतिमा लागे । षड्यन्त्रको प्रतिस्पर्धा हुन थाल्यो । विभिन्न महत्त्वाकाङ्क्षी व्यक्तिहरु अचानक शक्तिमा आए र गए पनि । कालान्तरमा यस्तै षड्यन्त्रको क्रममा कोतपर्व, भण्डारखाल-पर्व, अलौपर्व जस्ता घटनाहरु घटी राणाशासनको उदय भयो । नेपालको राजनीतिमा हस्तक्षेप गर्न र अङ्ग्रेजको स्वार्थ नेपालमा पूरा गर्न नेपालमा आवासीय दूत (रेजिडेन्ट) राख्न ब्रिटिश सरकार सक्षम भयो । शुरुमा रेजिडेन्टले यी सम्पूर्ण कुरामा सफलता हासिल गर्न नसके तापनि कालान्तरमा यी दूतहरुले नेपालको राजनीतिमा समेत आफ्नो प्रभावविस्तार गर्न सके ।

नेपाल-अङ्ग्रेजयुद्धमा नेपालीहरुले स्वदेशको रक्षार्थ देखाएको वीरता अन्तिम हुन पुग्यो । नेपालमा अङ्ग्रेजको घूसपैठ भएपछि नेपालीहरुले आफ्नो वीरता आफ्नो मातृभूमिमा देखाउने अवसर पाएनन् । नेपाली वीरताबाट अत्यधिक उपलब्धि अङ्ग्रेजले नै पायो । यस्तो गतिविधि हुनुमा अप्रत्यक्ष रुपमा सुगौलीसन्धि नै उत्तरदायी छ ।

यस सन्धिमा नेपालले सिक्किमसँगको झगडामा मध्यस्थता गर्न कम्पनीसरकार-समक्ष पेश गर्नुपर्ने र विदेशीहरुको सेवा नेपालले लिन नपाउने जस्ता प्रतिबन्ध रहेबाट नेपालको स्वतन्त्र अस्तित्वमा आँच आयो । हुनत नेपालको सिक्किमसँगको विवाद मध्यस्थताको लागि कहिले पनि पेश गरेन, चीन र भोटसँगको सम्बन्धमा अङ्ग्रेजसँग कुनै सरोकार राखेन । तर यस सन्धिको आधारमा स्वतन्त्र अस्तित्वको मान्यता अङ्ग्रेज सरकारबाट पाउन नेपालले ठूलो मूल्य चुकाउनुपऱ्यो । नेपालले अङ्ग्रेजका धेरै सङ्कटका घडीमा सहयोग गरी, अनुगृहीत गराई वि. सं. १९८० को सन्धि भएपछि मात्र स्वतन्त्र राज्यको मान्यता पायो ।

यसप्रकार यस युद्धबाट नेपालको इतिहासमा ठूलो प्रभाव परेको पाइन्छ । सुगौलीसन्धिपछि कायम भएको नेपालको सिमाना पछि जङ्गबहादुरको पालामा केही थप भयो । वि.सं. १९१४ मा भारतमा सिपाही विद्रोह भएको मौकामा जङ्गबहादुरले अङ्ग्रेज सरकारलाई सहयोग गरेको हुँदा अङ्ग्रेज सरकारले नेपाललाई पुरस्कारस्वरूप बाँके, बर्दिया आदि क्षेत्रहरू फिर्ता दियो । यसरी वर्तमान सीमा कायम भयो ।

# राणा शासनको उदय र पतन

## राणाहरूको उदयका कारणहरू

राणहरूले नेपालमा १०४ वर्षसम्म शासन गरे । यस वंशको शासन व्यवस्थाका संस्थापक जंगबहादुर राणा थिए । उनी एक वीर साहसी र चतुर व्यक्ति थिए । उनैको साहस र चतुऱ्याईंबाट नेपालमा शासनाधिकार श्री ५ बाट प्रधानमन्त्रीको हातमा आयो र राणा परिवारमा वंशानुगत प्रधानमन्त्री हुने क्रम जारी भयो । व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका, सैनिक संगठन आदि जे भनेपनि राणा प्रधानमन्त्री सर्वेसर्वा भए । यसरी १०४ वर्षसम्म नेपाल राष्ट्र राणाहरूको व्यक्तिगत सम्पत्ति मात्र बन्न गयो ।

जंगबहादुरकै प्रयत्नबाट राणाहरूको शासनमा उदय भएको भएपनि सजिलै जंगबहादुरले अधिपत्य जमाउन सकेका भने होइनन् । वास्तवमा धेरै समय पहिलेदेखिनै नेपालको राजनैतिक परिपाटी नराम्रोसँग बिग्रिरहेको थियो । यसरी अस्थिर वातावरणको कारणले गर्दा एउटा शक्तिशाली व्यक्ति शासनमा उदाउने अनेक कारणहरू पहिलेदेखि नै बन्न थालिसकेका थिए । ती कारणहरूलाई तल वर्णन गरिन्छ ।

**(क) नाबालक राजा हुनु–** पृथ्वीनारायण शाहको मृत्युपछि प्रतापसिंह शाह नेपालको राजगद्दीमा बसे तर उनको असामयिक मृत्युको कारणले गर्दा उनका अढाइवर्षका छोरा रणबहादुर शाह गद्दीमा बसे । यसले गर्दा नायबी पदका निमित्त झैं-झगडा उत्पन्न भयो । राजेन्द्रलक्ष्मी र बहादुर शाहका बीचमा उत्पन्न भएको मनोमालिन्यले गर्दा अनेक गुटबन्दी देखापर्न थाले । यसले गर्दा शासनमा स्थिरता आएन । पछि रणबहादुर शाह वालिग भएर शासन चलाउन थालेपछि झन् राजनैतिक अस्थिरता बढ्न थाल्यो । रणबहादुर शाहले सन्यास ग्रहण गरेर आफ्ना जेठा छोरा रणद्योत शाह छँदाछँदै कान्तवतीका डेढवर्षका छोरा गीर्वाणयुद्ध विक्रमलाई राजगद्दी दिंदा झन् नेपालको राजनैतिक स्थिति बिग्रन गयो । दरबारभित्रै अनेक गुटबन्दी देखापऱ्यो । रणबहादुर शाह, राजराजेश्वरी देवी तथा गीर्वाणकोपक्ष गरी अनेक गुट शासन हत्याउने ताकमा रह्यो । गीर्वाणयुद्ध विक्रम नावालक भएको हुँदा उनका समर्थक भारदारहरू सक्रिय हुनथाले । यस्तै झैंझगडा कै कारणले आफ्नै भाइबाट रणबहादुर शाहको हत्या समेत हुनपुग्यो । गीर्वाणयुद्ध विक्रम पछि राजगद्दीमा बस्ने राजेन्द्र विक्रम शाह पनि केवल ३ वर्षका मात्रै थिए । उनको समयमा झन अनेक गुटहरू देखापरेका थिए । यसरी नावालक राजाहरू भएको कारणले गर्दा विभिन्न समस्याहरू उत्पन्न भए, जस्तै- नायवी पदको निमित्त झैंझगडा, शासनमा राजनीति अकुशल नारीहरूको प्रवेश, विभिन्न गुटबन्दीहरूको उदय, आदि । यी कुराहरूले गर्दा शासनमा स्थिरता आएन र जङ्गबहादुर जस्तो चतुर व्यक्तिलाई अवसर छोप्ने स्थिति सिर्जना हुँदैगयो ।

**(ख) विभिन्न गुटवन्दी–** दरबारभित्र नै विभिन्न समूह बनेपछि बाहिर भारदारहरूमा झन् अनेक गुटहरू देखापर्न थालेका थिए । यस्तै गुटहरूको सहयोग लिएर शासनमा एकले अर्कोलाई थुन्ने हटाउने आदि कार्यहरू हुने गरेको थियो । यी गुटहरू पनि सँधै एक अर्कोलाई दबाउने षडयन्त्रमा लागिरहन्थे । राजा वा रानीलाई आफ्नो प्रभावमा पारेर सत्तामा आउन जुनसुकै किसिमका कार्यहरू पनि उनीहरू गर्दथे । भीमसेन थापा, दामोदर पाण्डे, माथवरसिंह थापा आदिले यस्तै षडयन्त्रमा परेर ज्यान गुमाएका थिए । झन् जङ्गबहादुरको उदय हुने समयताका त अनेक गुटहरू अस्तित्वमा थिए । दरवारभित्र नै तीन गुट भएको हुँदा राज्य व्यवस्था राम्रोसँग चल्न सक्ने कुरै भएन । यस्तो अवस्थामा जङ्गबहादुर जस्तो शक्तिशाली व्यक्तिलाई अग्रसर हुन झन् संजिलो हुँदैगयो ।

**(ग) राजा राजेन्द्रको डरपोक तथा कमजोर नीति–** राजेन्द्र विक्रम शाह ज्यादै डरपोक र कमजोर राजा थिए । उनी शासन व्यवस्था सुचारू रूपले चलाउन सकिरहेका थिएनन् । भारदारहरू पहिलेदेखि नै विभिन्न गुटवन्दीमा लागेका थिए, ती कुनै पनि गुटलाई आफ्नो शक्तिले राजाले दबाउन सकेनन् । उनी आफै सत्तासीन हुन पनि चाहन्थे तर उनमा दृढ विश्वास, अनुभव तथा योग्यताको कमी थियो । यसले गर्दा उनी धेरै गलत कार्यहरू गर्न पुगे । एकातिर युवराज सुरेन्द्रलाई नानी महाराजको पद दिएर उनले राजाको रूपमा उठाउन खोजे भने अर्कोतिर रानी राज्यलक्ष्मीलाई आफ्नो सम्पूर्ण अधिकार दिएर परस्पर विरोधी कार्य गरे । रानी राज्यलक्ष्मी सुरेन्द्रको सट्टा आफ्नै छोरो रणेन्द्रलाई राजा बनाउन चाहन्थिन् । यसले गर्दा दरवारमा शक्तिशाली तीन गुट र अर्को कान्छी रानी राज्यलक्ष्मीको गुट । राजा केही गर्नसक्ने अवस्थामा थिएनन् भने उता कान्छी रानी राज्यलक्ष्मी आफ्नो छोरो रणेन्द्रलाई राजा बनाउन जुनसुकै कार्य पनि गर्ने पक्षमा थिइन् । त्यसैले भरसक आफ्नो पक्षको व्यक्ति मात्र प्रधानमन्त्री बनोस् भन्ने उनी चाहन्थिन् । यस्तो अवस्थामा कुनै पनि चतुर व्यक्ति रानी राज्यलक्ष्मीलाई हातमा लिएर आफ्नो स्वार्थ सिद्ध गर्न सक्तथ्यो । यस्तै कमजोरीहरूको फाइदा उठाएर जङ्गबहादुर अगाडि बढ्न सकेका हुन् ।

**(घ) रानी राज्यलक्ष्मी देवीको अव्यवहारिक नीति–** जङ्गबहादुरलाई शासनमा उदय गराउने अर्को प्रमुख कारण रानी राज्यलक्ष्मी देवीको अव्यवहारिक नीति पनि हो । वास्तवमा एकातिर राजा कमजोर थिए भने अर्कातिर राजाबाट अधिकार प्राप्त रानी अव्यवहारिक थिइन् । ठीक बेठीक छुट्ट्याउन सक्ने क्षमता उनमा थिएन । यसले गर्दा शासन व्यवस्था ज्यादै नराम्रोसँग बिग्रन गयो । उनी युवराज सुरेन्द्रलाई हटाएर आफ्नै छोरो रणेन्द्रलाई राजा बनाउन चाहन्थिन् र यसका निमित्त उनी हरेक प्रयत्न गर्ने विचारमा थिइन् । तर उनको यो कमजोरीको फाइदा उठाएर भारदारहरू केवल आफ्नो स्वार्थ सिद्ध गर्न मात्र प्रयत्नशील थिए । जङ्गबहादुर पनि रानीको प्रिय पात्र बनेको नाटक रचेर आफ्नो स्वार्थपूर्ति गर्ने ताकमा थिए । गगनसिंहको हत्या पछि रातको समयमा कोतमा भारदारहरूको संगठन गरेर रानीले ज्यादै अव्यवहारिक कार्य गरिन् । जङ्गबहादुरको लहैलहैमा लागेर जङ्गबहादुरको समूहले त्यत्रो मानिसको नरसंहार गर्दा पनि उनी जङ्गबहादुरलाई आफ्नो पक्षको मान्छे ठानेर उसलाई अझ प्रोत्साहन गर्न थालिन् ।

आफ्नो छोरो रणेन्द्रको पक्षको जङ्गबहादुर मात्र ठानेर रानीले "मेरा शत्रूलाई खतम गर" भनेर जङ्गबहादुरलाई हौसला प्रदान गरिन् । फलस्वरूप जङ्गबहादुरले कोतमा कैयौं भारदारहरूको हत्या गरेर रानीबाट प्रधानमन्त्रीको अधिकार हत्याउन सकेका हुन् । यसरी रानीको अव्यवहारिक नीतिले गर्दा पनि जङ्गबहादुरलाई शासनमा उदाउन सजिलो पर्नगयो ।

**(ङ) कोतपर्व–** जङ्गबहादुरको उदयको प्रत्यक्ष कारण कोतको हत्याकाण्ड हो । कान्छी रानीका प्रियपात्र गगनसिंहको १४ सेप्टेम्बर, १८४६ मा हत्या भएपछि लक्ष्मीदेवीको मनोरथ पुरा गर्ने प्रयासमा वज्रपऱ्यो । त्यसैले रानी क्रोधले उत्तेजित भै यस हत्यामा सम्मिलित सबैलाई खतम गर्ने प्रण गरिन् र अभिमान सिंहलाई बोलाई तुरून्तै सबै निजामति फौजी र भाइभारदारलाई कोतमा सामेल हुन विगुल फुकाउने आदेश दिइन् । रातमा एक्कासी विगुल बजेपछि भाई भारदार, फौजी अधिकारी र अन्य अधिकारीहरू कोतमा जम्मा भए । जङ्गबहादुर पनि आफ्ना भाइहरू सहित कोतमा आए । जङ्गबहादुरलें स्थिति बुझेपछि शोक प्रकट गरी हत्यारालाई तुरून्तै सजायँ नगरे महारानी स्वयं र उनका छोराहरूको ज्यानको भय भएको शङ्का निवेदन गरे । कोतमा सबैको उपस्थिति पश्चात् रानीले हत्यारा तुरून्तै पत्ता लगाई वध गर्ने आदेश दिइन् । रानीको शङ्का वीरकिशोर माथि परेकोले तुरून्त काट्ने आदेश दिइन् । यसमा अभिमानसिंहले राजाको आदेश आवश्यक पर्ने विन्ति गरे । राजा राजेन्द्रले यस संगित विषयमा फत्तेजङ्गको राय आवश्यक ठानी चौतरियाको घरतर्फ लागे । जङ्गबहादुरका साहिला भाइ बद्रीनरसिंह राजासँगै लागे । रानीले हत्यारा पत्ता नलगाई कोही पनि कोत बाहिर जान नपाउने आदेश दिइन् ।

राजा राजेन्द्रले फत्तेजङ्गलाई कोततर्फ पठाई आफू ब्रिटीश दूतावासतर्फ लागे । रातिको समयमा भेट्ने दस्तुर नभएको जानकारी रेसिडेन्टबाट पाएपछि राजा पुनः कोततर्फ आए । कोतमा नरसंहारको प्रकोप देखेर फत्तेजङ्गको घरतिर सुरक्षाको लागि गए ।

यता, फत्तेजङ्ग कोत आएपछि जङ्गबहादुरले वस्तुस्थिति अवगत गराई वीरकिशोर र अभिमान सिंहलाई महारानीबाट तुरून्तै काट्ने आदेश भएको जानकारी दिए । फत्तेजङ्गले यस विषयमा तुरून्तै निर्णय गर्न चाहेनन् । रानी उत्तेजित भै वीरकिशोरलाई आफै तरवारले काट्ने प्रयास गरिन् । रानीलाई सम्झाउन फत्तेजङ्ग, अभिमान सिंह, दलभन्जन पाण्डे त्यसतर्फ लागे । त्यसैबीच अज्ञात व्यक्तिहरूले चलाएको गोलीबाट दलभन्जन र फत्तेजङ्गको मृत्युभयो र अभिमानसिंह घाइते भए । घाइते अभिमान सिंहले गगनसिंहको हत्यारा 'जङ्गबहादुर नै हो' भनी चिच्याई आफ्नो फौजसँग भेट्न बाहिर जाने प्रयास गरे । यस्तैमा फत्तेजङ्गका छोरा खड्ग विक्रमले "अभिमानको अन्तिम वाक्य साँचो हो" भनी बहादुरी साथ ज्यान फाल्न सबैलाई अनुरोध गरी कृष्णबहादुर र वमबहादुर (जङ्गका भाइ) उपर खनिए । त्यो देखी जङ्गबहादुरका कान्छा भाइ धीर शमशेरले खड्ग विक्रमलाई तरवार प्रहार गरी सिद्धाए । यसपछि कोतमा आम हत्या भयो । जङ्गबहादुर र उनका भाइहरूले आफ्ना विरोधी र सक्षम भारदारहरू सबैलाई सखाप पारे । यो हत्याकाण्ड पश्चात् जङ्गबहादुर कम्यान्डर-इन-चीफ बनाइए । (धेरै इतिहासकारहरूले जङ्गबहादुर यसै बखत कम्यान्डर-इन-चीफ र प्राइम-मिनिष्टर भए भनेका छन् तर जङ्गबहादुर भण्डार खाल पर्वपछि मात्र प्राइममिनिष्टर भएका हुन् ।)

यस कोत हत्याकाण्डको उत्तरदायी र गगन सिंहको हत्यारा सम्बन्धमा निकै नै मतभिन्नता भएको पाइन्छ । कसैले जङ्गबहादुरले नै गगन सिंहको हत्या गरेका हुन् भनेका छन् भने कसैले राजा, युवराज वा फत्तेजङ्गले लाल झाद्वारा गगन सिंहको हत्या गरेको मानेका छन् । गगन सिंहको हत्या वद्रीनरसिंहले जङ्गबहादुरको निर्देशनमा गरेका हुन् भन्ने तर्क पनि छ । भविष्यमा घटेको घटनाका आधारमा गगनसिंहको हत्या जङ्गबहादुरले गरेको देखिएता पनि यस हत्यामा राजा राजेन्द्र, युवराज वा फत्तेजङ्गको प्रमुख हात रहेको कुरा अड्कल गर्न सकिन्छ ।

यथार्थमा कोत हत्याकाण्ड एक सुनियोजित हत्याकाण्ड पश्चात घटेको एक आकस्मिक घटना थियो । तत्कालीन समयमा गगनसिंहको बढ्दो प्रभाव र उसको रानीसँगको विशेष सम्बन्धको चर्चाले सबै भाइ भारदार, युवराज र राजा स्वयं जलेका थिए । अतः यी सबैको संयुक्त योजनाद्वारा गगनसिंहको हत्या भयो । यस सुनियोजित घटनापछि परिस्थितिले तीव्ररूप लिई कोतमा नरसंहारको रूप लियो । गगनसिंहको हत्याको एकै रातमा यत्रो भयङ्कर काण्ड हुने परिकल्पना कसैले पनि गरेकै थिएनन् । एकै रातमा यत्रो भयङ्कर काण्ड हुने परिकल्पना कसैले पनि गरेकै थिएनन् । एकै रातको घटनाबाट यत्रो ठूलो परिवर्तन हुने विश्वास कोतपर्वका नायक जङ्गबहादुर समेतलाई थिएन, यो घटनाका लागि कुनै एक व्यक्ति वा समूह उत्तरदायी नभई सबै व्यक्ति वा समूहको जिम्मेवारी रहेको छ ।

श्री ५ राजेन्द्रको कायरता र शासन सञ्चालनमा असक्षमताले गर्दा नै कोतमा नरसंहार हुन गएको थियो । गगनसिंहको हत्या पश्चात उत्पन्न विषाक्त परिस्थितिमा लक्ष्मीदेवीलाई सम्हाल्न प्रयास नै नगरी कोतबाट बाहिर गई आफ्नो उत्तरदायित्वबाट पृथक रहन खोज्नु शासकको रूपमा राजेन्द्रको ठूलो भुल थियो । राजाले रानीहरूलाई आफ्नै नियन्त्रणमा राखी सम्प्रभुसत्ता आफ्नो हातमा लिई रानी र भारदारहरूको अनावश्यक हस्तक्षेप रोकेको भए यस्तो अप्रिय घटना घट्ने नै थिएन ।

कोतमा भएको उच्च भारदारहरूको निर्मम संहार, गगनसिंहको हत्याबाट प्रज्वलित रानी लक्ष्मीदेवीको क्रोध र उत्तेजनाको उपज थियो । राज्यको बागडोर आफ्नो हातमा लिएकी महारानीबाट एक भारदारको हत्यामा शंकैको भरमा वीरकिशोरलाई मार्ने प्रयास गर्नु निश्चय नै ठूलो भूल थियो । आफ्नो छोरा रणेन्द्रलाई राजा बनाउने मृगतृष्णा ले हत्या जनित राजनीतिको प्रादुर्भाव भयो जसको चरमोत्कर्षको रूपमा आयो कोतपर्व ।

जङ्गबहादुरको पनि यो नरसंहार गराउनमा ठूलो भूमिका रहेको देखिन्छ । उनी जस्ता भारदारले रानीलाई शान्त गराउनुका बदला रानी र उनका दुई छोराहरूको ज्यान खतरामा भएको गलत आशंका देखाई परिस्थितिलाई गम्भीर बनाए जसले गर्दा यो नरसंहार काण्ड रचियो । त्यस्तै महारानी लक्ष्मीदेवीलाई राज्यशक्ति दिलाई आफ्नो व्यक्तिगत स्वार्थ पूर्ति गर्ने प्रयास गरी अस्थिर राजनीतिक वातावरण श्रृजना गर्ने भारदारहरूको पनि यस काण्डमा आंशिक दायित्व रहेको देखिन्छ । तर यस कोतपर्वमा तात्कालीक अँग्रेज रेसिडेन्टको हात भएको चर्चा भने सत्य देखिँदैन ।

**(च) भण्डारखाल काण्ड (वस्नेत पर्व)–** कोतपर्वपछि नेपालको राजनीतिमा जङ्गबहादुर कुंवर एक प्रमुख हस्ति हुन पुगे । उनले सर्वप्रथम कोतमा मारिएका र यस

पर्वको दौरानमा देश छाडी गएका सबैको सर्वस्वगरी उनीहरूका परिवार समेतलाई देशनिकाला गर्ने आदेश जारी गरे । यस अतिरिक्त पजनीको समयमा जङ्गबहादुरले आफ्ना सम्भावित विरोधीहरूलाई हटाई आफ्ना भाइ भतिजाहरूलाई महत्त्वपूर्ण पदहरूमा आसीन गराए । कान्छी महारानीले पनि जङ्गबहादुरद्वारा आफ्नो इरादा पुरा हुने आशालिई उनका प्रत्येक कार्यलाई समर्थन गर्दै रहिन् ।

लक्ष्मीदेवीले आफ्नो छोरा रणेन्द्रलाई गद्दीमा राख्न जङ्गबहादुरलाई दवाव दिन थालिन् । यसमा जङ्गबहादुरले रानीको आग्रहलाई अनेकौं बहानामा टाल्दै गए । अन्तमा रानीले एक पत्र पठाई युवराजको हत्या गराउन जङ्गबहादुरलाई आदेश दिइन् । जङ्गबहादुरले आफ्नो स्थान सुरक्षित बनाइसकेका थिए । यसको जवाफमा जङ्गबहादुरले युवराजको ज्यानलिने कुरामा रानीले जिद्दी गरिरहेमा उनीमाथि हत्याको अभियोग लाग्न सक्ने चेतावनी दिई पत्र पठाए । अब लक्ष्मीदेवीले जङ्गबहादुरद्वारा आफ्नो कार्यसिद्धि नहुने देखी, उनैलाई पन्छाउने उद्योगमा लागिन् । रानीको यस कार्यमा वस्नेतहरू अगाडि आए जसको नेतृत्व वीरध्वज वस्नेतले गर्ने भए । सर्वप्रथम यो गुटले जङ्गबहादुर र उसका भाइहरूलाई राजदरवारमा सुत्न लगाई सोही राती युवराजको हत्या गरी, हत्याको आरोप जङ्गबहादुर र भाइहरूलाई लगाई, मृत्युदण्ड दिने योजना बनाए । तर पछि यो योजनामा खतरा ज्यादा भएकोले भण्डारखालमा भोजको आयोजना गरी जङ्गबहादुरलाई विष ख्वाई मार्ने र भोज नखाएमा त्यहीं हत्या गर्ने योजना भयो । यो योजना पश्चात वीरध्वज प्रधानमन्त्री बनाइने भए । तर यो षडयन्त्रको योजना सफल हुन सकेन । यस षडयन्त्रको खबर जङ्गबहादुरलाई रानीकै दासी र विजयराज पण्डितले दिए । (भनिन्छ कि पछि दासीलाई जङ्गबहादुरले आफैले राखे र पण्डितलाई राजगुरू बनाए ।)

उक्त योजना अनुरूप भण्डारखालमा सम्पूर्ण व्यवस्था मिलाई जङ्गबहादुरलाई बोलाउन वीरध्वज आए । जङ्गबहादुरले यस प्रस्तावित षडयन्त्रको सामना गर्न भाइहरू तथा सेनालाई ठीकठाक पारिसकेका थिए । वीरध्वजले बाटैमा भेटी महारानीबाट भण्डारखालमा भेट गर्ने आदेश दिएको सुनाए । "तपाई प्रधानमन्त्री भएपछि मसित भेट्ने प्रयोजन रह्यो र" भनी जङ्गबहादुरले उनलाई मार्ने इसारा गरे । वीरध्वज त्यही धरासायी भए । यसपछि जङ्गबहादुर हनुमान ढोका राजदरवार गई युवराजका शत्रुलाई नाश गर्ने राजाज्ञा लिई भण्डारखाल पुगे । भण्डारखाल पुग्ने वित्तिकै आत्मसमर्पण गर्ने कैद भए र प्रतिरोध गर्ने १५ जना भुटिए । गगनसिंहका छोरा बजिर सिंह जुन यस षडयन्त्रका एक सहभागी थिए भागेर मुगलान पसे । अब जङ्गबहादुर राजाद्वारा प्रधानमन्त्री बनाइए । यस घटनामा अधिकांश बस्नेतहरू संलग्न भएकोले यसलाई बस्नेतपर्व पनि भन्नेगरिएको हो ।

सोही दिन एक भारदारी सभा बोलाई जङ्गबहादुरले कोत हत्या काण्ड गराई अनेकौं निर्दोष व्यक्तिको हत्या गराएको, युवराज र प्रधानमन्त्रीको गाथा ताकेको आदि अपराध लगाई कान्छी महारानी राज्यलक्ष्मी देवीलाई देश निकाला गर्ने फैसला गराए । यसै अनुरूप महारानी राज्यलक्ष्मी देवीले आफ्ना दुई पुत्रका साथ बनारस जाने इच्छा गरिन् । यसप्रकार छोरालाई राजा बनाउने कान्छी महारानीको इच्छामा तुषारापात भयो भने अर्कोतिर लक्ष्मीदेवीलाई समेत आफ्नो मार्गबाट हटाई जङ्गबहादुर अरू शक्तिशाली भए ।

**(छ) अलौ पर्व–** श्री ५ राजेन्द्र, सुरेन्द्रको निमित्त उत्तराधिकार सुरक्षित बनाउने इच्छा राखेर, कान्छी महारानी राज्यलक्ष्मी देवीका कृत्यहरूका लागि स्वयं अप्रत्यक्ष रूपमा भागी भएको बहाना राखी, महारानीसँगै काशीतिर लागेका थिए । तर राजेन्द्रको यो पलायनवादी नीति लामो समयसम्म टिकेन । काशी पुगेको केही महिनापछि नै पुनः शासनमा आफू हर्ताकर्ता हुन सक्रिय भए । राजेन्द्रलाई काशी पुगेपछि जङ्गबहादुरद्वारा निर्वासित भारदारहरूले उकास्न थाले । राजेन्द्रलाई प्रोत्साहन गर्नेहरूमा फत्येजङ्गका भाइ चौतारीया, गुरूप्रसाद शाह, काजी जगत्वम पाण्डे र गुरू रङ्गनाथ पौड्याल मुख्य थिए । यी निर्वासित भारदारहरूले राजेन्द्र फर्केको खण्डमा रणबहादुर शाहकै घटनाक्रम दोहोरिने आशा राखेका थिए ।

राजा काशी गएपछि जङ्गबहादुर कुंवर चुप लागेर बसेनन् । राजालाई निर्वासित भारदारहरूले उक्साउन सक्ने आशंका देखेका थिए । यस किसिमको सम्भावित खतरा उत्पन्न हुनै नदिन श्री ५ सुरेन्द्रलाई संवैधानिक रूपले राजा घोषित गर्न हतारिए । रणबहादुर शाह बनारस गएको अवस्थामा अँग्रेजले पारेको अप्ठ्यारो स्थिति पनि जङ्गबहादुरले राम्ररी बुझेका थिए । जङ्गबहादुरले त्यस्तो स्थिति आउन नदिन तत्कालीन ब्रिटीश आवासीय दूतसँग राम्रो सम्बन्ध राखेका थिए ।

उता बनारसमा राजा राजेन्द्र र उनका सहयोगीहरू जङ्गबहादुरलाई पतन गराउने कार्यमा योजना बनाउँदै गए । यस उद्देश्यका लागि सर्वप्रथम नेपाली जनताको सहयोग र सद्भावना पाउने प्रयास गरे । अर्कोतिर सैनिक सङ्कलन गर्ने कार्य पनि उक्त गुटले प्रारम्भ गऱ्यो । यसैबीच जङ्गबहादुरको हत्या गराउनका निमित्त नेपाली जनता र सेनालाई प्रोत्साहन गराउँदै पठाएको राजा राजेन्द्रको लालमोहर सहित दुई व्यक्ति समातिए ।

सुरेन्द्र र जङ्गबहादुरले राजा राजेन्द्रलाई फर्की काठमाडौं आउन पनि पटक पटक अनुरोध पत्र पठाउन थाले । तर राजेन्द्र फर्केर नआएकोले र षडयन्त्रमा सरीक भएको आरोप लगाई वि.सं. १९०४ (१२ मइ १८४७) मा राजेन्द्रलाई बरखास्त गरी सुरेन्द्रलाई गद्दिमा आरोहण गराए । राजेन्द्रले यो कार्यको विरोध जनाउँदै अँग्रेजबाट सहयोग मागे । तर अंग्रेज सरकारले पनि कमजोर गुटलाई मद्दत गरी जङ्गबहादुर स्थापित भैसकेको शक्तिलाई चिढयाउन चाहेनन् । अंग्रेजले उल्टो आफ्नो राज्य क्षेत्रबाट नेपालबाट सैनिक कार्यवाही गर्न रोक लगायो ।

अंग्रेज नीतिबाट निराश भई राजेन्द्र अब आफ्नै क्षमताबाट जङ्गबहादुरलाई दण्ड गर्न अग्रसर भए । यस प्रयोजनका लागि सानो फौज लिई राजेन्द्र नेपाल राज्य क्षेत्रको अलौमा आए । जङ्गबहादुरले राजेन्द्रको फौजलाई हराउन सनक सिंहको नेतृत्वमा वमबहादुर समेत सम्मिलित एक फौज पठाए । यो दलमा स्थानीय जनताको सहानुभूति प्राप्त गर्न राजा सुरेन्द्रका भाइ राजकुमार उपेन्द्रलाई जङ्गबहादुरले पठाएका थिए । राजेन्द्रको फौजको केही लागेन उनी कैद गरिए । कैदीको रूपमा ल्याई भक्तपुर दरबारमा उनलाई नजरबन्द गरियो । यसप्रकार राजेन्द्रको अत्मि प्रयत्न पनि असफल भयो ।

यसप्रकार जङ्गबहादुरले कोतपर्वबाट समस्त भारदारलाई खतम गरे । भण्डारखाल पर्वबाट महारानीको शक्ति समाप्त गरे र अलौ पर्वबाट राजाको शक्तिलाई खतम गरी चारैतिरबाट आफ्नो अस्तित्व सुदृढ गराए । यसरी जङ्गबहादुरले बसाएको राणा शासनको जग १०४ वर्षसम्म रह्यो ।

## राणाशासनको पतनका कारणहरू

राणाहरूले नेपालमा १०४ वर्षसम्म शासन गरे । श्री ५ भन्दा तल्लो तहमा रहेका भए पनि शासनमा आफ्नो अधिकार कायम गरेर राणाहरूले नेपालमा आफ्नो पारिवारिक एकाधिकार कायम गरे । प्रधानमन्त्री (श्री ३ महाराज) को पददेखि लिएर सेना, न्याय व्यवस्था, प्रहरी, आदि सबै उच्च पदहरू तथा अन्य सबै महत्त्वपूर्ण पदहरूमा राणाहरूको मात्र नियुक्ति हुन सक्तथ्यो । जिल्लाका बडाहाकिम तथा अन्य पदहरूमा समेत राणाहरू वा राजाका नातेदारहरू नियुक्त थिए । यसरी एक शताब्दीभन्दा बढी समयसम्म शासनमा अधिपत्य जमाएर बसेका राणाहरूलको पतन २००७ सालमा भयो । त्यस्तो शक्तिशाली भएर बसेका राणाहरूको एकाएक पतन हुनु वास्तवमा आश्चर्यकै कुरो हो, तर निकै अगाडिदेखि नै राणाहरूको पतनको पृष्ठभूमि तयार हुन थालिसकेको थियो । विभिन्न कारणहरू राणाको विरोधमा देखिएका हुँदा नै राणाहरूको पतन हुन गएको हो । राणाहरूको पतनका विभिन्न कारणहरूलाई तल वर्णन गरिन्छ ।

**१) राणा परिवार भित्रको अन्तर्विरोध–** राणा शासन व्यवस्थाको पतनको एउटा प्रमुख कारण राणा परिवार भित्रकै भैंभगडा वा अन्तर्विरोध हो । राणा शासन व्यवस्थाको शुरूवात जङ्गबहादुरले आफ्ना भाइहरूको सहयोगले गरेका थिए । जङ्गबहादुर एक्लैबाट यत्रो काम हुन सम्भव थिएन । त्यसर्थ शासन हत्याउने काममा राणा दाजुभाइहरू सबैको संयुक्त प्रयास थियो । तर शासनमा पूर्ण अधिकार कायम भएको लगत्तै पछिदेखि नै राणा परिवार भित्र ठूलो मनोमालिन्य शुरू भयो । जङ्गबहादुरको व्यक्तित्वको कारणले उनको अगाडि विरोध गर्ने साहस कसैको नभए पनि भित्र-भित्रै जङ्गबहादुर विरूद्ध गुटबन्दी सिर्जना भइरहेको थियो । स्वयं जङ्गबहादुर पनि अन्तिम समयमा गोप्य रूपमा शयन कक्ष बदली बदली सुत्ने गर्थे । जङ्गबहादुरको मृत्यु समेत संदिग्ध अवस्थामा बारा जिल्लाको पत्थर घाटमा भएको र उनको मृत्युको खबर तुरून्तै काठमाडौं नपठाई रणोद्विप सिंहलाई प्रधानमन्त्री बनाएको घटनाबाट पनि राणा दाजुभाइ बीच उत्पन्न भगडा स्पष्ट हुन्छ । यो भैंभगडा रणोद्विप सिंहको समयमा झन् चर्कियो । पछि रणोद्विप सिंह र जङ्गबहादुरका छोरा जगतजङ्ग धीर शम्शेरका छोराहरूद्वारा मारिए । काकाको हत्या गरेर पहिलेका सबै नियमहरूको उल्लङ्घन गरेर वीर शमशेर आफै प्रधानमन्त्री बने । तर यिनको पनि दाजुभाइहरूसँग मेल भएन । वीर शमशेर पछि देव शमशेर प्रधानमन्त्री बने तर उनी आफ्नै भाइ चन्द्र शमशेरद्वारा पदच्युत गरिए । चन्द्रशमशेर प्रधानमन्त्री बनेपछि यिनले सम्पूर्ण राणा परिवारलाई ए, बी र सी, तीन गुटमा विभाजन गरेर राणाहरूमा कहिल्यै नमेटिने शत्रुताको वीजारोपण गरे । उनको नियमले आफ्नै छोराहरू मात्र प्रधानमन्त्रीको उम्मेदवार बन्न सक्ने भए । यसले गर्दा अरू वर्गका राणाहरू उनको विरूद्धमा भए । पछि भीम शमशेर प्रधानमन्त्री भएपछि उनले फेरी चन्द्र शमशेरको नियम बदलेर आफ्नै किसिमको अर्को व्यवस्था गरे । भीम शमशेर पछि प्रधानमन्त्री बनेका जुद्ध शमशेरले वाध्य भएर पद्म शमशेरलाई प्रधानमन्त्री बनाउनु पर्‍यो भने पद्म शमशेरले त भारततिर पलायन हुनुपर्‍यो । यसरी राणाहरू बीच भएको मनोमालिन्यको कारणले गर्दा राणाहरू नै राणाहरूका विरोधी भएर निस्किए । सुवर्ण शमशेर, महावीर शमशेर, रूद्र शमशेर आदिले त खुल्ला रूपले क्रान्तिमा भाग पनि

लिए । यसरी राणाहरू बीचको मनोमालिन्य नै राणाहरूको पतनको एउटा प्रमुख कारण बन्न गयो ।

**(२) दक्षिण एशियाबाट ब्रिटीश सरकारको पलायन–** सन् १९४७ सम्म एशिया, यूरोप तथा अफ्रिकाका धेरै देशहरूमा ब्रिटीश सरकारको अधीन थियो । दक्षिण एशियाका विभिन्न मुलुकहरू, विशेषतः भारतमा भएको ब्रिटीश सरकारकै भरमा नेपालमा राणा शासन टिकेको थियो । अँग्रेजहरूले पूर्ण संरक्षकत्व राणाहरूलाई प्रदान गरेका थिए । तर ई.सं.१९४७ मा भारतबाट ब्रिटीश साम्राज्यको पतन भएपछि नेपालका राणाहरू स्वतः कमजोर बन्न गए । अतः राणाहरूको पतनमा दक्षिण एशियाबाट अँग्रेज सरकार हट्नु पनि एउटा महत्त्वपूर्ण कारण बन्न गयो ।

**(३) भारतको राणाविरोधी नीति–** नेपालमा राणाशासन टिकिराख्ने एउटा महत्त्वपूर्ण कारण भारतको अँग्रेज शासन नै थियो । भारतको अँग्रेज शासन नै राणाहरूको रक्षक बनेको थियो । अतः भारतमा अँग्रेज शासन कायम भएसम्म उनीहरूले राणाविरोधी क्रियाकलाप र गतिविधिमा नियन्त्रण गरिरहे । नेपालबाट निष्काशित र निर्वासित व्यक्तिहरूले भारतमा अँग्रेजको निगरानीमा बस्नुपर्ने वाध्यता थियो । अँग्रेज सरकारले रणवीरजंग, खड्ग शमशेर, देव शमशेरलाई पनि राणा शासन हितविरूद्ध कार्य गर्न रोक लगाएका थिए । भारतबाट निस्कने पत्रपत्रिकाहरूमा राणा विरोधी समाचार र लेखको प्रकाशनमा अँग्रेजले बन्देज लगाएका थिए । भारत स्वतन्त्र भएपछि यस स्थितिमा परिवर्तन भयो । भारतमा राणाविरोधी संघसंस्थाहरूको जन्म भयो । पत्रपत्रिकाहरूमा राणाशासनको भर्त्सना र समाचार छापिन थाले । स्वतन्त्र भारतले राणाशासकहरूलाई समयानुसार शासन सञ्चालन गर्न दवाव दिन थाले । २००४ सालको विधान तर्जुमा गर्न सहयोगका लागि भारतबाट एक टोली आयो । विश्वेश्वर प्रसाद कोइरालालाई रिहा गर्न महात्मा गान्धीले दवाव दिए ।

स्वतन्त्र भारतका नेपालस्थिति राजदूत चन्द्रेश्वर प्रसाद नारायण सिंह र श्री ५ त्रिभुवनबीच सम्पर्क स्थापना भयो । यिनै राजदूतको प्रयासबाट श्री ५ त्रिभुवन दिल्ली पुगे । भारतले श्री ५ ज्ञानेन्द्रलाई नेपालको राजाको रूपमा मान्यता दिएन । भारतले राणाविरोधी जनआन्दोलनमा प्रत्यक्ष सहयोग नगरे तापनि भारतीय भूमिबाट भएको राणाविरोधी कार्यकलापमा हस्तक्षेप गरेन । अन्ततोगत्वा भारत सरकारकै मध्यस्थतामा दिल्ली वार्ता सम्पन्न भई जहाँनिया शासनको अन्त भयो ।

भारत सरकारले नेपालको गृहकलह समाप्त गर्न खोज्नुमा तत्कालीन अन्तर्राष्ट्रिय परिस्थिति पनि उत्तरदायी भएको पाइन्छ । यस समयमा चीनमा साम्यवादी सरकार गठन भई भोटसम्म प्रभाव विस्तार हुनगयो । यसस्थितिमा नेपालको आन्तरिक स्थिति गडबड भइरहेमा चीनको प्रभाव नेपालमा पर्नसक्ने सम्भावना भारत सरकारले देख्न थाले । यसकारण नेपालको अशान्त वातावरण समाप्त गर्न भारत सरकारले कोशीस गऱ्यो ।

**(४) नेपाली जनतामा आएको जागृति–** प्रारम्भिक समयदेखि नै नेपाली जनताहरू राणाहरूको विरोध गरिरहेका थिए । जङ्गबहादुरकै समयमा अलौ भन्ने ठाउँमा

नेपाली जनताहरूले श्री ५ राजेन्द्रको नेतृत्वमा विरोध अभियान चलाएका थिए भने वि.सं. १९३३ तिर गोरखामा लखन थापाको नेतृत्वमा जङ्गबहादुरको विरोध अभियान नै चलाइएको थियो तर कुनै योजना विनाको अभियान भएको हुँदा सो अभियानमा सबै पक्राउ परे । लखन थापा र उनका सहयोगीहरू सबै काटिए । पछि क्रमशः अनेक संस्थाहरू गोप्य रूपमा खोल्ने र राणा विरोध अभियान चलाउने कार्यमा नेपाली जनताहरू सक्रिय हुनथाले ।

त्यसबेला नेपाली जनमानस अत्यन्तै दयनीय अवस्थामा थियो । राणाहरूबीचको प्रतिस्पर्धा र आपसी खिचातानीले गर्दा देशको राजनीतिक व्यवस्था ठीक थिएन भने अर्कोतिर राणाहरूको आर्थिक शोषण गर्ने नीतिले गर्दा सामान्य सामाजिक जीवन नराम्रो अवस्थामा गुज्रिरहेको थियो । जनता शोषित, पीडित र दु:खी-दरीद्र थिए भने राणाहरू र उनीहरूका चाकडीबाजहरू धनी र विलासी हुँदै गइरहेका थिए । शिक्षाको उचित व्यवस्था थिएन । पढन् पढाउन समेत राणा प्रधानमन्त्रीको स्वीकृति लिनुपर्दथ्यो । यसरी शोषण प्रवृत्ति चरम सीमामा पुगिसकेको हुँदा विस्तारै नेपाली जनमानसमा विद्रोहको भावना उत्पन्न भयो र उनीहरूको संघर्षतिर लम्किए ।

प्रथम र द्वितीय विश्वयुद्धमा अँग्रेज सरकारको सहयोग गर्न पठाइएका नेपाली जवानहरू फर्कंदा नवीन विचार, यूरोपियन सभ्यता, संस्कृति उन्नति र सुधारबाट प्रेरित भई आफ्नो संस्मरण पहाडका कुनाकाप्चासम्म पुऱ्याए जसबाट राणाहरू विरूद्ध चेतना संचार गरायो । यस्तै हिन्दूस्तानबाट "गोर्खा साथी" जस्तो पत्रपत्रिकाका माध्यमले नेपाली जनतालाई स्वतन्त्रताको जनमहत्त्व र युगवोध गराइरहेका थिए । हिन्दुस्तानमा आएको सत्याग्रह जस्ता जनआन्दोलनका घटनाबाट नेपालीहरू प्रेरित हुँदै आए ।

माधवराज जोशीले चन्द्र शमशेरको राज्यकालमा "आर्य समाज" स्थापना गरी समाजमा विद्यमान कु-संस्कार र अन्धविश्वास हटाउने प्रयत्न गरे । यसको शीघ्र नै दमन भयो । यसपछि समाजमा जागरण ल्याउन सिद्धिचरण श्रेष्ठको सक्रियतामा खुलेको "मलामी गुठी" पनि दमन भयो । सुब्बा कृष्णलाल अधिकारीले "मकैको खेती" लेखेबापत ९ वर्ष कैद पाए ।

हिन्दुस्तानको देहरादूनबाट प्रकाशित "गोर्खा संसार", "तरूण गोर्खा", पटनाको "जनता" आदि पत्रपत्रिकाहरू र धरणीधर कोइरालाका कविता, सूर्यविक्रम ज्ञवालीका ऐतिहासिक लेख र कृष्णप्रसाद कोइरालाका गान्धीवादी लेखहरूले नेपाली जनतालाई राजनीतिक जागरण ल्याउन सहयोग गरे । स्वदेशमा "आडम्बरी मत" र पुस्तकालय जस्ता संस्था खोल्नेहरूले सजायको भागी हुनुपऱ्यो ।

भीम शमशेरको राज्यकालमा "प्रचण्ड गोर्खा" नामक संस्थालाई गर्भमै हत्या गरी यसमा सरीक भएका खडगमान सिंङ, रङ्गनाथ, उमेशविक्रम आदिले कडा सजाय पाए । यसमा परेका कोही त प्रजातन्त्रपछि मात्र जेलबाट छुटे । जुद्ध शमशेरको राज्यकालमा नागरिक अधिकार समिति र प्रजापरिषद जस्ता संगठनहरू स्थापित भए । प्रजापरिषदले राणाहरूको विरोधमा पर्चा छरे । यी संस्थाहरू पनि बर्बरतापूर्वक दबाइए । प्रजापरिषद काण्डमा गंगालाल, धर्मभक्त, दशरथचन्द र शुक्रराज शास्त्रीलाई मृत्युदण्ड दिई अरू

कैयौंलाई कारावासको दण्ड दिइयो । "जयतु संस्कृतम्" जस्ता आन्दोलनले जनसाधारणको ध्यान आकर्षित गऱ्यो ।

नेपालमा सबल संस्था स्थापना हुनै नसकेकाले हिन्दुस्तानमा नै नेपाली राष्ट्रिय कांग्रेसको जन्म भयो । यसै संस्थाको सक्रियतामा विराटनगरमा मजदूर हडताल भयो जसले गर्दा २००४ सालको संविधान घोषणा हुनगयो । भारतमा स्थापित नेपाल प्रजातान्त्रिक कांग्रेस र नेपाली राष्ट्रिय कांग्रेस एक भई नेपाली कांग्रेसको स्थापना भयो जसले कालान्तरमा क्रान्तिको विगुल फुक्यो । काठमाडौंमा स्थापित नेपाल प्रजा पञ्चायतले र भारतमा स्थापित नेपाल कम्युनिष्ट पार्टीले पनि जनतामा उत्साह सञ्चार गऱ्यो । यसप्रकार जङ्गबहादुरदेखि नै राणाशाही विरूद्ध आन्दोलनहरू शुरू भई लामो संघर्ष गरी २००७ सालमा एकतन्त्री शासन खतम पाऱ्यो ।

**(५) दयनीय आर्थिक अवस्था–** राणाकालीन नेपालको आर्थिक अवस्था पनि गए-गुज्रेको थियो । देशको आीर्थक विकासका लागि औद्योगिकरण र कृषि व्यवसायलाई प्रोत्साहन भएको थिएन । वैदेशिक व्यापारमा ह्रास आएको थियो । देशको सम्पूर्ण आय श्री ३ को निजी सम्पत्ति सरह उपभोग हुन्थ्यो । सबै श्री ३ हरू आफ्नो राज्यकालमा अत्यधिक धन संग्रह गरी विदेशका बैंकमा राख्ने गर्दथे । चन्द्र शमशेरले मात्र आफ्ना छोराहरूलाई जग्गा, जवाहरात बाहेक नगद ७ करोड अंशमा दिएका थिए भन्ने भनाइ छ । भीम शमशेरले श्री ३ हुनेबित्तिकै चन्द्र शमशेरले भोट युद्धको लागि राखेको रकम आफ्नै ढुकुटीमा भित्र्याए । अधिराज्यका उर्वरा जमीनहरू तथा जङ्गलहरू राणाहरूले आफ्नै परिवारमा सीमित राखेका थिए । राणाहरूले आ-आफ्नो भाइछोराहरूको विलासिताका लागि प्रशस्त खर्च हुन्थ्यो । कृषकको अवस्था सुधार्न न त कुनै योजना थियो न त नासो नै देखिए । जुद्ध शमशेरले आर्थिक सुधार गर्ने प्रयास गरे तापनि उनका उत्तराधिकारीहरूले यसतर्फ उचित ध्यान दिएनन् ।

राणाकालमा नेपाल-भोट व्यापारमा ह्रास हुनगयो । राष्ट्रिय स्वार्थभन्दा निजी स्वार्थलाई राणाहरू प्राथमिकता दिने गर्दथे । केही राणाहरू त ल्हासास्थित वकिल मार्फत अफीम जस्ता लागू पदार्थहरूको व्यापारमा लागेका थिए । राणाहरूको यस नीतिले गर्दा भोटमा नेपाली व्यापारीको प्रतिष्ठामा आँच आयो । यस्ता नेपाली व्यापारीलाई वकिल तथा सरकार दुबैले प्रोत्साहन दिंदा भोटका र नेपालका व्यापारीहरूबीच तनाव आउन थाल्यो । फलतः नेपालको व्यापारमा नोक्सान भयो ।

ग्रामीण जनताको आर्थिक स्थिति झन दयनीय थियो । एकातिर राष्ट्रिय ढुकुटीमा राजपरिवारहरूको अधिपत्य जमेको थियो भने अर्कातिर गाउँ-गाउँमा उनीहरूकै हजुरिया तथा चाकरीदारहरूले कथित जमिन्दारीको नाममा सर्वसाधारण जनतालाई शोषण गर्ने गरेका थिए । उब्जाउको अत्यधिक भाग साहु महाजनहरूलाई बुझाउनु परेपछि तल्लो वर्गका नेपालीहरूको उन्नति हुनसक्ने कुरै भएन । अधिकांश नेपालीहरू भोक र रोगले ग्रसित थिए भने राणा परिवार र उनका चाकुकदारहरू विदेशी महंगा वस्तुहरूको मात्र प्रयोग गर्दथे । जागीर दिंदा पनि राणा परिवार र गैर-राणा वर्ग भनेर छुट्टयाइएको हुँदा तत्कालीन आर्थिक भिन्नता स्वतः स्पष्ट हुन्छ ।

यस पृष्ठभूमिमा मुठ्ठीभरमा सम्पन्न राणावर्ग र बहुसंख्यक विपन्न जनताबीच संघर्ष अनिवार्य हुनगयो ।

**(६) श्री ५ त्रिभुवनको देन–** राणाहरूको एकाधिकार समाप्त गर्ने कार्यमा राष्ट्रपिता श्री ५ त्रिभुवनको देन पनि उल्लेखनीय छ । त्यसो त राणाशासनको स्थापना कालदेखि नै नेपालका श्री ५ हरू राणाविरोधी अभियानमा संलग्न नै रहिरहेका थिए । राणाशासन स्थापना भएको लगभग एक वर्षपछि नै अलौ भन्ने ठाउँबाट श्री ५ राजेन्द्र विक्रम शाहले राणाहरूको विरोधमा अभियान चलाएका थिए । पछि श्री ५ त्रैलोक्य र अरूबाट पनि राणाहरूको विरोध भइनै रहेको थियो । तर सफलता पाउन भने सकेका थिएनन् । यस सम्बन्धमा श्री ५ त्रिभुवनको देन भने विशेष उल्लेखनीय छ । दरबारबाट गोप्य रूपमा बाहिर निस्केर क्रान्तिकारी समूहसँग मिल्ने, विभिन्न सरसल्लाह गर्ने र उनीहरूलाई प्रोत्साहन गर्ने तथा राजगद्दीको बाजी समेत राखेर भारतको शरणमा गई भारतलाई समेत राणाहरूको विरोधमा सक्रिय गर्ने जस्ता कार्यहरू गरेर जुन भूमिका श्री ५ त्रिभुवनबाट निभाइयो यसबाट पनि राणाहरूको पतन गराउन सहयोग पुग्न गयो ।

यस संयुक्त विभिन्न कारणहरूबाट नै राणाहरूको पतन हुनगएको हो ।

# नेपालको इतिहासमा श्री ५ त्रिभुवनको देन

नेपालको इतिहासमा श्री ५ त्रिभुवनको स्थान विशेष उल्लेखनीय छ। १०४ वर्ष सम्म नेपालमा निरंकुश शासन गर्ने राणाहरूको पतन गराउन विशेष भूमिका खेलेर प्रजातन्त्रको स्थापना गरेको हुँदा श्री ५ त्रिभुवनलाई नेपालका राष्ट्रपिताको रूपमा चिनिन्छ। श्री ५ त्रिभुवनको जन्म वि.सं. १९६३ मा र राज्यारोहण केवल ५ वर्षको उमेरमा वि.सं. १९६८ मा भएको थियो । त्यसबेला राणा प्रधानमन्त्री चन्द्रशमशेरको शासन कायम थियो । श्री ५ कै त्रिभुवनको समयमा चन्द्रशमशेर, भीमशमशेर, जुद्ध शम्शेर, पद्म शमशेर र मोहन शमशेर पाँच जना राणा प्रधानमन्त्रीहरूले शासन गरेका थिए। १०४ वर्षसम्म शासन गर्ने ९ जना राणा प्रधानमन्त्रीहरूमा ५ जना त श्री ५ त्रिभुवनकै शासनकालमा कार्यरत थिए। अन्त्यमा गएर निरंकुश राणा शासनको अन्त्य पनि श्री ५ त्रिभुवनकै समयमा भयो। श्री ५ त्रिभुवनलाई अमर बनाउने उनका महत्त्वपूर्ण देनहरू निम्न बमोजिम छन्।

**(१) निरंकुश राणातन्त्रको पतनमा विशेष योगदान–** राणा शासनको पतनका निमित्त श्री ५ त्रिभुवनको देन विशेष उल्लेखनीय छ। त्यसो त राणाशासनको स्थापना कालदेखि नै नेपालका श्री ५ हरू राणाविरोधी अभियानमा संलग्न नै रहेका थिए। राणाशासन स्थापना भएको लगभग एक वर्षपछि नै अलौ भन्ने ठाउँबाट श्री ५ राजेन्द्रविक्रम शाहले राणाहरूको विरोधमा अभियान चलाएका थिए। पछि श्री ५ त्रैलोक्य र अरूबाट पनि राणाहरूको विरोध भई नै रहेकोथियो । श्री ५ त्रिभुवन भने स्पष्ट रूपले आन्दोलनकारीहरूसँग सम्पर्क बढाएर अगाडि बढेको देखिन्छ। राणाकालमा राजालाई धार्मिक सभासमारोहमा उपस्थित हुने, सन्देश र घोषणाहरू गर्ने, विदेशी दूतहरूको स्वागत गर्ने, महत्त्वपूर्ण ऐन नियममा लालमोहर लगाउने कार्यमा मात्र सीमित राखिएको थियो । दरबारमा राजाका कार्यमा दृष्टि दिन गुप्तचर राखी राजालाई राजपरिवारकै सदस्यहरूले भेट्न पनि नियन्त्रण गरिन्थ्यो । श्री ५ हरूलाई दरबारमा कैदीको रूपमा राखी रसरङ्गमा भुलाउने राणाहरूको नीति थियो। राजा नाबालक नै भएमा राणाहरू दङ्ग पर्दथे। तर पाँच वर्षमा राजाभएका श्री ५ त्रिभुवनले "पिंजडाको सुगा" हुन चाहेनन् र उनी भित्रभित्रै राणाविरोधी अभियानमा लागे । जुद्ध शमशेरको राज्यकालमा गठित प्रजापरिषदसंग श्री ५ त्रिभुवनको सम्पर्क उनका व्यायाम गुरू धर्मभक्त र कम्पाउण्डर चन्द्रमान मार्फत भएको थियो । श्री ५ त्रिभुवनको प्रजापरिषदसंगको सम्बन्ध बारेमा यथार्थ कुरा जान्न नसके तापनि राजाको शुभेच्छा परिषदप्रति भएको तथ्य नकार्न सकिंदैन । प्रजापरिषद काण्डमा श्री ५ को त्रिभुवनको संलग्नता भएको आशंका गरी राणाहरूले राजालाई चेतना दिई यसका सदस्यहरूलाई कडा सजाय दिए। यसबाट श्री ५ त्रिभुवनमा राणाविरोधी भावनाले उग्ररूप लियो। नेपाली कांग्रेसप्रति श्री ५ त्रिभुवनको पूर्ण

सहानुभूति थियो । भनिन्छ श्री ५ त्रिभुवनले सम्पूर्ण राणाहरूलाई खतम गर्ने एक गोप्य योजना पनि बनाएका थिए ।

भारत स्वतन्त्र भएपछि श्री ५ त्रिभुवन राणाशासनलाई खतम गराउन हतारिन थाले । तत्कलिन भारतका नेपालस्थित चन्द्रेश्वरप्रसाद नारायण सिंहसंग श्री ५ त्रिभुवनको सम्पर्क हुनगयो । सुन्दरराज चालिसेको गिरफ्तारीबाट राजाको नेपाली कांग्रेससंग सम्बन्ध रहेको कुरा राणाले आशंका गरी राजाको कार्यमा राणाले नियन्त्रण गर्न थाले । यसैबीच बैरनियामा नेपाली कांग्रेसले एक अधिवेशन गरी राणाविरूद्ध सशस्त्र संघर्ष गर्ने निधो गऱ्यो । नेपाली कांग्रेसले राजालाई पाल्पा भगाई समानान्तर सरकार स्थापना गर्ने योजना बनाएका थिए । वि.सं. २००७ सालमा आफ्नो सम्पूर्ण राजपरिवार साथ (माहिला नाती श्री ५ ज्ञानेन्द्र बाहेक) श्री ५ त्रिभुवन भारतीय राजदूतावास शरण लिनपुगे । दूतावासबाटै राजपरिवारलाई भारतीय विमानले दिल्ली पुऱ्यायो । यता मोहन शम्शेरले श्री ५ ज्ञानेन्द्रलाई राजगद्दीमा राखे । तर राणाको यस कदमलाई अन्तर्राष्ट्रिय जगत्‌बाट मान्यता प्राप्त भएन ।

श्री ५ त्रिभुवन दिल्ली पुगेपछि तत्कालीन भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूको मध्यस्थताबाट दिल्ली वार्ता भयो । यस सम्झौताले श्री ५ त्रिभुवनलाई गुमेको सत्ता फिर्ता दियो र राणा शासन अन्त गऱ्यो । यस प्रकार श्री ५ त्रिभुवनले राजगद्दीको वास्ता नगरी ऐतिहासिक कदम लिएकाले सम्पूर्ण जनताहरू राणाविरोधी भई जहाँनिया शासन खत्तम गरे ।

**(२) प्रजातान्त्रिक शासनव्यवस्थाको स्थापना–** निरंकुश राणाशासन व्यवस्थाको अन्त्य गरेर नेपालमा प्रजातन्त्रको स्थापना गर्नमा पनि श्री ५ त्रिभुवनको विशेष योगदान छ । श्री ५ त्रिभुवन सपरिवार भारततिर लागेपछि तत्कालीन राणा प्रधानमन्त्री मोहन शमशेरले अधिराजकुमार ज्ञानेन्द्रलाई राजगद्दीमा बसालेका थिए । उता श्री ५ त्रिभुवनको दिल्लीमा बसेर क्रान्तिकारी समुदायहरूसँग सरसल्लाह गरी प्रजातान्त्रिक शासन व्यवस्था स्थापना गर्ने प्रयत्न जारी नै थियो । राणाहरूले सानातिना सम्झौता गरेर आन्दोलनलाई टार्न अनेक प्रयत्न गरे तर श्री ५ त्रिभुवनको प्रजातन्त्रप्रतिको प्रेमको अगाडि उनीहरूको केही लागेन । फलस्वरूप उनीहरूले श्री ५ त्रिभुवनको शर्तमुताविक शासनबाट आफ्नो अधिकार छोड्नु पऱ्यो । २००७ साल फागुन ४ गते स्वदेश फिर्ती भई २००७ साल फागुन ७ गते श्री ५ त्रिभुवनबाट नेपालमा प्रजातन्त्रको स्थापना घोषणा भयो । जनता नै शासन व्यवस्थाको मेरूदण्ड हो भन्ने सिद्धान्त व्यवहारमा लागू भयो । जनताको विश्वासप्राप्त व्यक्तिमात्र प्रधानमन्त्री हुने भयो र जनआवाजको विरूद्ध कोही पनि जानसक्ने भएन । यसको निमित्त जनप्रतिनिधिहरूको संविधान सभाले संविधान नबनाउन्जेल शासन व्यवस्था चलाउन श्री ५ त्रिभुवनबाट "अन्तरिम शासन विधान २००७" को घोषणा भयो । यसरी प्रजातान्त्रिक शासन व्यवस्थाको स्थापनामा विशेष योगदान दिएकोले पनि इतिहासमा श्री ५ त्रिभुवनको स्थान उल्लेखनीय छ ।

**(३) शैक्षिक जागरण र जनचेतनाको विकासमा देन–** श्री ५ त्रिभुवनको देन शैक्षिक जागरणमा पनि छ । त्रिचन्द्र कलेजको स्थापना श्री ५ त्रिभुवनकै पालामा चन्द्र शमशेरले गरेका भए पनि त्यसमा पूर्ण नियन्त्रण राणा प्रधानमन्त्रीकै हुन्थ्यो । तर नेपालमा

**प्रजातन्त्रको स्थापनापछि भने यो रहेन । अब आएर देशभरी अनेक स्कूल, कलेजहरूको स्थापना हुनथाल्यो । राणाहरूले निषेध गरेका भूगोल, इतिहास, राजनीतिशास्त्र आदि विषयहरू पनि पढाउन छूट भयो । यसका अतिरिक्त अनेक पत्रपत्रिकाहरूको प्रकाशन हुनथाल्यो । सामाजिक महत्त्वका विषयहरूमा वादविवाद, छलफल, गोष्ठी, प्रवचन आदि चल्यो । जनतामा जनचेतनाको अभिवृद्धि भई नारी शिक्षा तथा अन्य सुधारमा ध्यान जानथाल्यो ।**

**(४) सामाजिक कुरीतिहरूको निराकरणमा देन–** श्री ५ त्रिभुवनबाट सामाजिक कुरीतिको निराकरणमा पनि विशेष ध्यान दिएको पाइन्छ । राणातन्त्रमा नारी शिक्षाको व्यवस्था थिएन भने धार्मिक अन्धविश्वासमा नेपाली जनमानस जकडिएको थियो । एकातिर बालविवाह व्यापक थियो भने अर्कोतिर विधवाहरूलाई कडा नियमहरू लगाइएका थिए । छुवाछुटको भावना पनि विद्यमान थियो । सामन्ती प्रथा भएको कारणले गाउँघरमा सोझासाझा जनतालाई अनेक प्रकारले शोषण गर्ने चलन थियो । छोरीबेटीहरू पनि सुरक्षित थिएनन् । विलासितामा डुबेका राणाहरूको सेवामा उनीहरू जुनसुकै बेला पनि हरण गर्न सक्तथे । तर श्री ५ त्रिभुवनबाट पूर्ण रूपले आफैले शासनभार सञ्चालन गर्न थालेपछि भने यी कुरीतिहरूमा निराकरण हुँदै गयो ।

**(५) शासनव्यवस्थाको आधुनिकीकरणमा देन–** राणाकालीन शासन व्यवस्था राणाशासकका चाकडीबाजहरू र उनीहरूका नातेदारहरूबाट चलेको निरंकुश तानाशाही व्यवस्था थियो । राणा प्रधानमन्त्रीको मुखको भरमा कसैको पदोन्नति तथा बर्खास्ती हुनसक्थ्यो । योग्य कर्मचारी छान्ने कुनै नियम कानून थिएन । तर श्री ५ त्रिभुवनले आफै शासन चलाउन थालेपछि सर्वप्रथम पजनी प्रथा र चाकडी प्रथा हट्यो । कुनै किसिमको भेदभाव नराखी निस्पक्ष रूपले योग्यताको आधारमा योग्य कर्मचारीहरू भर्ना हुनथाले ।

**(६) अन्तर्राष्ट्रिय जगतमा नेपालको प्रवेश–** श्री ५ त्रिभुवनको प्रयत्नबाट नेपाल अन्तराष्ट्रिय जगतमा परिचित हुनपुग्यो । राणाहरूको सम्बन्ध केवल ब्रिटिश सरकारसंगमात्र थियो भने अब आएर नेपाल विश्वमा नै एक प्रजातान्त्रिक स्वतन्त्र राष्ट्रको रूपमा चिनिन थाल्यो ।

**यसरी संयुक्त विभिन्न कारणले नेपालमा राणाशासन तन्त्रको अन्त्य गरी प्रजातान्त्रको स्थापना तथा नेपाली समाजको आधुनिकीकरणमा विशेष भूमिका भएको कारणले नै इतिहासमा श्री ५ त्रिभुवनको विशेष स्थान भएको हो ।**

# सहायक ग्रन्थहरूको सूची


| | |
|---|---|
| दाहाल, पेशल | – नेपालको मल्लकालीन इतिहास |
| नेपाल, ज्ञानमणि | – नेपाल-निरुक्त |
| नेपाल, ज्ञानमणि | – प्राचीन नेपालको इतिहासमा नयाँ प्रकाश |
| पन्त, दिनेशराज | – नेपालको इतिहास, प्रथम भाग |
| रेग्मी, जगदीशचन्द्र | – प्राचीन नेपालको राजनैतिक इतिहास |
| वज्राचार्य, धनवज्र | – लिच्छविकालका अभिलेख |
| वज्राचार्य, धनवज्र र श्रेष्ठ, टेकबहादुर | – दोलखाको ऐतिहासिक रुपरेखा |
| – | – नुवाकोटको ऐतिहासिक रुपरेखा |
| संशोधन-मण्डल | – इतिहास-संशोधनमण्डलद्धारा 'पूर्णिमा' मा प्रकाशित विभिन्न लेखहरु |
| – | – इतिहास संशोधनमण्डलको प्रमाण प्रमेय |
| नरहरिनाथ | – इतिहास-प्रकाशमा सन्धिपत्र-सङ्ग्रह |
| Regmi, D. R. | – Ancient Nepal |
| Regmi D. R. | – Medieval Nepal (all volumes) |
| Shakya, Hemaraj & Vaidya, T. R, | – Medieval Nepal |


•